# “प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण”

विद्यावारिधि (डक्टर अफ् फिलोसफी आर्ट्स्)
उपाधिका निम्ति उत्तरबङ्ग विश्वविद्यालयमा प्रस्तुत
शोधप्रबन्ध

शोधकर्ता
गोपालप्रसाद भण्डारी
उर्लाबारी बहुमुखी क्याम्पस
उर्लाबारी, मोरङ
सन् २०११

# कृतज्ञता ज्ञापन

४/१२/२००६ मा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निमित्त शोधकार्य गर्न उत्तरबङ्ग विश्वविद्यालयमा मेरो नाम दर्ता हुँदा म खुसी थिएँ र अहिलेसम्म पनि खुसी नै छु। आदरणीय गुरू प्राध्यापक डा.भीमकान्त उपाध्यायज्यू को कुशल निर्देशनमा शोधकार्य गर्न पाउनु मेरो लागि गरिमाको बिषय हो । आफ्नो कार्यव्यस्तताका बीचमा पनि उहाँले यस शोधप्रबन्धको परिमार्जन एवम् परिस्कारिताका निम्ति गहन परिश्रम गरिदिनुभएको हुँदा म प्रथमतः उहाँप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

यसैगरी जीवनको पहिलो प्रभातसँगै स्नेह, सद्भाव र प्यार प्रदान गर्दै मलाई बोल्न सिकाउने प्रथम गुरू मेरी परमपूजनीय माता बेदमाया भण्डारी र जीवनको बाटामा हिँड्न सदैव सत् प्रेरणा प्रदान गर्नुहुने परमपूज्य पिता पं. महेश्वर भण्डारी तथा हजुरबुबा पं. अविचन्द्र भण्डारीप्रति आभार व्यक्त गर्दछु । बालशिक्षादेखि नै पढाइमा अभिप्रेरणा प्रदान गर्नुहुने मेरा आदरणीय दाजुहरू ईश्वरीप्रसाद, केशवप्रसाद र मोहनप्रसाद भण्डारी तथा दिदीहरूप्रति पनि म आभारी छु। बाल शिक्षा प्रदान गर्नुहुने श्री छिरिङ् लामा, राधिका लामा, ठाकुरप्रसाद खतिवडा, मन्त्रगुरू गुरूप्रसाद वस्ती, वेदगुरू भीमप्रसाद गौतम, व्याकरणगुरू उमानाथ पोखेल, दर्शनशास्त्रगुरू रङ्गलाल भट्टराइ तथा काशीराज सुबेदी, साहित्यशास्त्रगुरू दामोदर भारद्धाज, ज्योतिषशास्त्रगुरू कृष्णप्रसाद ढुङ्गाना, नेपाली साहित्यका मार्गदर्शक डा.डिल्लीराम तिम्सिना र डा. गोबिन्द सुबेदी, राजनीतिकशास्त्रगुरू मोदनाथ प्रश्रित, अंग्रेजी भाषा तथा समाजशास्त्रगुरू मोहन चापागाई, साहित्य सिद्धान्त र समालोचनाका गुरू बासुदेब त्रिपाठी, भाषा विज्ञानगुरू चूडामणी बन्धु, देबी गौतम तथा विद्यावारिधिका सन्दर्भमा सर सल्लाह एवम् सहयोग पुऱ्याउनुहुने प्रा.डा.घनश्याम नेपाल, प्रा.डा.मोहन दाहाल, प्रा.नरेशचन्द्र खाती लगायत सम्पूर्ण विद्वत् जनहरूप्रति उच्च सम्मानको भाव प्रकट गर्न चाहान्छु।

मानवीयमूल्यको खोजी गर्ने सन्दर्भमा आफ्ना अभिमतहरू प्रदान गरी शोधकार्यका लागि उत्साह प्रदान गर्नुहुने राष्ट्रकवि माधवप्रसाद घिमिरे, बरिष्ठ समालोचक गोबिन्द भट्ट, प्रगतिवादी कवि आनन्ददेव भट्ट, पटना विश्वविद्यालय हिन्दी विभागका प्रमुख प्रा.डा. बलराम

तिवारी, त्रिभूवन विश्वविद्यालय नेपाली विभागका प्रमुख राजेन्द्र सुवेदी, बामपन्थी चिन्तक प्रदीप नेपाल र साहित्यकार मुकुन्दशरण उपाध्यायहरू प्रति पनि म आभारी छु ।

यसैगरी शोधसामाग्री सङ्कलन र शोधकार्य सम्पादनमा सहयोग पुऱ्याउने मेरी जीवन सँगिनी रञ्जु नेपाल (भण्डारी), भाइहरू भानु र कृष्ण भण्डारी, छोरा ई. प्रणव भण्डारी, छोरी प्रज्ञा भण्डारी र कम्प्यूटर गरी शोधप्रबन्ध तयार गर्न सहयोग पुऱ्याउने छोरा आयुष भण्डारी र भाइ अञ्जय नेपाल, पुस्तकालयहरूमा पुस्तक उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने पुस्तकालयध्यक्ष तथा कर्मचारीहरू समेत सबैलाइ म हार्दिक धन्यावाद दिन चाहान्छु ।

शोधकर्ता
गोपालप्रसाद भण्डारी
दमक, झापा
नेपाल

# शोध-निर्देशकको मन्तव्य

"प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण" शीर्षकको प्रस्तुत शोधप्रबन्ध गोपालप्रसाद भण्डारीजयूले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोधप्रबन्धमा जम्मा सात अध्याय छन् । पहिलो अध्याय"शोधकार्यको परिचय" सँग सम्बन्धित छ र यसमा शोधकर्ता श्री भण्डारीज्यूले शोधप्रबन्धको शीर्षक, समस्या कथन, शोधकार्यको उद्देश्य, सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा, शोधकार्यको क्षेत्र र सीमा, शोधकार्यको औचित्य, भावी शोध कार्यका निम्ति सुझाव, शोधप्रबन्धको रूपरेखा,जस्ता विषयहरूमा प्रकाश पार्नु भएको छ । "प्रगतिवादको सैद्धान्तिक परिचय"नामक दोस्रो अध्यायमा शोधकर्ताले, प्रगतिवादको अर्थ र परिभाषा स्पष्ट पारेर प्रगतिवादका मूलभूत मान्यता,प्रगतिवादका सैद्धान्तिक आधार,साहित्यमा प्रगतिवादी चिन्तन परम्परा र विकास जस्ता विषयहरूमा प्रकाश पार्नुभएको छ । प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्याय "प्रगतिवादी कविता सम्बन्धी मान्यता" सँग सम्बन्धित छ र यस अध्यायमा शोधकर्ताले कविताको अर्थ र परिभाषा आदिमा प्रकाश पारेर कवितामा भौतिकवाद,कवितामा प्रतिबिम्बित सामाजिक जीवन,समाजको आर्थिक झलक, सँस्कृतिजस्ता विषयहरूको प्रकाश पारेर मार्क्स, एङ्गेल्स लेनिन र माओका कविता सम्बन्धी मान्यताहरूको चर्चा गर्नुभएको छ र प्रगतिवादी कविताको भाषा, शिल्पशैलीबारे पनि यथासम्भव संमत ढङ्गमा चर्चा-विवेचना गर्नु भएको छ । चौथो अध्याय "प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रम" सँग सम्बन्धित रहेको छ । यस अध्यायमा शोधकर्ताले प्रगतिवादी नेपाली कविताका ऐतिहासिक, सामाजिक, राजनीतिक, आर्थिक जस्ता पृष्ठभूमिहरूमा प्रकाश पार्दै प्रगतिवादी नेपाली कविताको विकासक्रमको चर्चा विवेचना गर्नुभएको छ । प्रगतिवादी नेपाली कविताको विकासक्रमको चर्चा गर्दा शोधकर्ताले नेपाल र भारत दुवैलाई यथासम्भव स्पष्ट पार्ने प्रयास गर्नुभएको छ । यस शोधप्रबन्धको पाँचौं अध्याय "मानवीयमूल्य सम्बन्धी धारणा" सँग सम्बन्धित रहेको छ । यस अध्यायमा मानवीयमूल्यहरूलाई विभिन्न शीर्षक, उपशीर्षकहरूमा बाँडेर चर्चा गर्नुभएको छ र मानवीयमूल्यका ह्रासोन्मुख अवस्थाका कारणहरू पनि दर्शाउनु भएको छ । छैटौं अध्याय "प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण" सँग सम्बन्धित छ र यस

अध्यायमा- शोधकर्ताले विभिन्न शीर्षक, उपशीर्षकहरूमा बाँडेर प्रगतिवादी नेपाली कवितामा अभिव्यक्त मानवीयमूल्यको सोदाहरण विवेचना गर्नुभएको छ । सातौँ अध्याय यस शोधप्रबन्धको अन्तिम अध्याय हो र यस अध्यायको "उपसंहार" अंशमा शोधकर्ताले प्रस्तुत शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका चर्चा विवेचनाहरूको सारांश प्रस्तुत गर्नुभएको छ भने "निष्कर्ष" अंशमा प्रस्तुत शोधकार्यको निछ्रोडलाई केही बुँदाहरूमा समेटेर प्रस्तुत गर्नुभएको छ । शोधकर्ताले प्रस्तुत शोधप्रबन्धको प्रत्येक अध्यायको अन्त्यमा त्यस अध्यायमा गरिएका चर्चा-विवेचनाको निष्कर्ष पनि दिनुभएको छ ।

सातौँ अध्यायपछि "परिसिष्ट" रहेको छ र यसमा प्रस्तुत शोधप्रबन्ध तयार पार्दा उपयोग गरिएका पुस्तक एवम् पत्र-पत्रिकाहरूको सूची विवरण दिइएको छ र त्यसपछि शोधकर्ता श्री गोपालप्रसाद भण्डारीज्यूले प्रस्तुत शोधकार्यका निम्ति चाहिने सामग्री वा तथ्य सङ्कलन गर्दा उपयोग गरेका पुस्तकालयहरूको नाम एवम् स्रोतव्यक्तिहरूको नाम पनि उल्लेख गर्नुभएको छ ।

शोधकर्ताले यथासम्भव शोधविधिहरूको पालन गरेर प्रस्तुत शोधप्रबन्ध तयार पार्नुभएको छ । शोधप्रबन्धको भाषाशैली साधारणतः शोध विषय अनुरूप रहेको छ ।

अन्त्यमा नेपाली विषयमा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोधप्रबन्धको समीचीन मूल्याङ्कनका निम्ति उत्तरबङ्ग विश्वविद्यालयलाई समूचित व्यवस्था मिलाइदिनुहुन म सिफारिस गर्दछु ।

दिनाङ्क २४/११/२०११ — प्रा.डा.भीमकान्त उपाध्याय

शोध निर्देशक

# बिषयसूची


| | | |
|---|---|---|
| कृतज्ञता ज्ञापन | | पृ. |
| बिषयसूची | | |
| प्रस्तुत शोधप्रबन्धमा प्रयोग गरिएका संक्षिप्त शब्दसूची | | |
| १. प्रथम अध्याय: शोधकार्यको परिचय | | १-९ |
| १.१ | शोधप्रबन्धको शीर्षक | १-१ |
| १.२ | समस्या कथन | २-२ |
| १.३ | शोधकार्यको उद्देश्य | २-२ |
| १.४ | सामाग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा | २-३ |
| १.५ | शोधकार्यको क्षेत्र र सीमा | ३-३ |
| १.६ | शोधकार्यको समयावधि | ३-४ |
| १.७ | पूर्वकार्यको समीक्षा | ४-६ |
| १.८ | शोधकार्यको औचित्य | ६-६ |
| १.९ | भावि शोधकार्यका निम्ति सुझाव | ६-७ |
| १.११ | शोध प्रबन्धको रूपरेखा | ७-९ |
| २. दोस्रो अध्याय : प्रगतिवादको सैद्धान्तिक परिचय | | १०-८० |
| २.१ | प्रगतिवादको अर्थ, परिभाषा एवम् पृष्ठभूमि | १०-१७ |
| | २.१.१ प्रगतिवादको अर्थ | १०-११ |
| | २.१.२ प्रगतिवादको परिभाषा | ११-१४ |
| | २.१.३ प्रगतिवादको पृष्ठभूमि | १५-१७ |
| २.२ | प्रगतिवादका मूलभूत मान्यता | १७-२४ |
| | २.२.१ सामन्तवाद विरोधी | १८-१९ |
| | २.२.२ साम्राज्यवाद र पूँजीवाद विरोधी | १९-१९ |
| | २.२.३ वर्गसङ्घर्षको विश्लेषण | १९-२० |
| | २.२.४ अन्धवाद तथा रूढिवाद विरोधी | २०-२१ |
| | २.२.५ महिला शोषण विरोधी | २१-२२ |
| | २.२.६ परिवर्तनकारी शक्तिप्रतिको विश्वास | २२-२२ |
| | २.२.७ सर्वहारा मानवतावादी विश्व दृष्टिकोण | २२-२३ |
| | २.२.८ समतामूलक समाज निर्माणको आग्रह | २३-२४ |
| | २.२.९ राष्ट्रवादी स्वर | २४-२४ |
| २.३ | प्रगतिवादका सैद्धान्तिक आधार | २४-५४ |
| | २.३.१ वर्गीय आधार | २६-२७ |
| | २.३.२ सामाजिक आधार | २७-२८ |
| | २.३.३ प्रगतिवादको राजनीतिक आधार | २९-३१ |
| | २.३.४ साहित्यिक आधार | ३१-३४ |
| | २.३.५ दार्शनिक आधार | ३४-५१ |

२.३.५.१ द्वन्द्वात्मक भौतिकवाद ३५-३८
२.३.५.२ विरोधी पक्षहरूबीच एकता र सङ्घर्षको नियम ३९-४१
२.३.५.३ परिमाणात्मकताबाट गुणात्मकतातर्फ परिवर्तनको नियम ४१-४३
२.३.५.४ निषेधको निषेध नियम ४३-४५
२.३.५.५ पदार्थ र त्यसको अस्तित्व ४५-४६
२.३.५.६ ऐतिहासिक भौतिकवाद ४६-५१
२.३.६ मार्क्सवादी जीवन दर्शन ५१-५४
२.४ साहित्यमा प्रगतिवादी चिन्तन परम्परा र विकास ५४-७०
२.४.१ राजनीतिज्ञहरूद्धारा विकसित प्रगतिवादी चिन्तन परम्परा ५५-५९
२.४.२ लेखक तथा समीक्षकहरूद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा ५९-६८
२.४.२.१ रूसी प्रगतिवादी चिन्तन परम्परा ६०-६२
२.४.२.२ बेलायती प्रगतिवादी चिन्तन परम्परा ६२-६३
२.४.२.३ चिनियाँ प्रगतिवादी चिन्तन परम्परा ६३-६४
२.४.२.४ अमेरिकाली प्रगतिवादी चिन्तन परम्परा ६४-६६
२.४.२.५ फ्रान्सेली प्रगतिवादी चिन्तन परम्परा ६६-६६
२.४.२.६ हङ्गेरियाली प्रगतिवादी चिन्तन परम्परा ६७-६७
२.४.२.७ अष्ट्रियाली प्रगतिवादी चिन्तन परम्परा ६७-६८
२.४.२.८ भारतीय प्रगतिवादी चिन्तन परम्परा ६८-६८
२.४.३ सङ्घ संस्था र सङ्गठनद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा ६९-७०
२.५ साहित्य तथा कलाप्रति मार्क्स तथा एङ्गेल्सको धारणा ७१-७७
२.६ निष्कर्ष ७७-८०
३. तेस्रो अध्याय : प्रगतिवादी कविता सम्बन्धी मान्यता ८१-११४
३.१ कविताको अर्थ र परिभाषा ८१-८५
३.२ कवितामा भौतिकवाद ८६-८७
३.३ कवितामा प्रतिबिम्बित सामाजिक जीवन ८७-८९
३.४ कवितामा प्रतिबिम्बित समाजको आर्थिक झलक ८९-९०
३.५ कवितामा प्रतिबिम्बित सँस्कृति ९१-९१
३.६ मार्क्स, एङ्गेल्स, लेनिन र माओका साहित्य (कविता) सम्बन्धी मान्यताको परिचय ९२-१०५
३.६.१ मार्क्स तथा एङ्गेल्सका साहित्य सम्बन्धी मान्यता ९२-९६
३.६.२ लेनिनका साहित्य सम्बन्धी मान्यता ९६-१००
३.६.३ माओत्सेतुङका साहित्य सम्बन्धी मान्यता १०१-१०५
३.७ प्रगतिवादी कवितामा भाषिक प्रयोग १०५-१०८
३.८ प्रगतिवादी कवितामा लय विधान १०८-११२
३.९ निष्कर्ष ११२-११४

४. चौथो अध्याय : प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रम ११५-१७९
४.१ प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि ११५-१३३
४.१.१ प्रगतिवादी नेपाली कविताको ऐतिहासिक पृष्ठभूमि ११६-१२४
४.१.२ सामाजिक पृष्ठभूमि १२४-१२५
४.१.३ राजनैतिक पृष्ठभूमि १२६-१३०
४.१.४ आर्थिक पृष्ठभूमि १३०-१३३
४.२ प्रगतिवादी नेपाली कविताको विकासक्रम १३४-१५१
४.३ भारतीय प्रगतिवादी नेपाली कविताको विकासक्रम १५१-१६०
४.४ प्रगतिवादी नेपाली कविताको स्वरूप एवम् विशेषता १६०-१६५
४.५ प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय जीवनदृष्टि १६६-१७०
४.६ प्रगतिशील युग चेतनाको विकासमा नेपाली कविताको भूमिका १७१-१७७
४.६.१ शास्त्रीयतावादी धाराको भूमिका १७१-१७२
४.६.२ स्वच्छन्दतावादी धाराको भूमिका १७२-१७४
४.६.३ प्रगतिवादी धाराको भूमिका १७५-१७७
४.७ निष्कर्ष १७७-१७९
५. पाँचौं अध्याय: मानवीयमूल्य सम्बन्धी धारणाहरू १८०-२५१
५.१ मानवीमूल्यको अर्थ र परिभाषा १८०-१८८
५.२ मानवीयमूल्य सम्बन्धी विभिन्न विद्धानहरूका धारणा १८८-१९३
५.३ मानवीयमूल्य सम्बन्धी सार्वभौम धारणा १९४-१९९
५.४ मानवीयमूल्य सम्बन्धी सामाजिक धारणा १९९-२०३
५.५ मानवीयमूल्य सम्बन्धी साँस्कृतिक धारणा २०३-२०५
५.६ मानवीयमूल्य सम्बन्धी धार्मिक धारणा २०६-२१९
५.७ मानवीयमूल्य सम्बन्धी नैतिक धारणा २१९-२२३
५.८ मानवीयमूल्य सम्बन्धी वैचारिक धारणा २२३-२२५
५.९ मानवीयमूल्य सम्बन्धी आर्थिक मान्यता २२६-२२९
५.१० जैविक दृष्टिमा मानवीयमूल्य २२९-२३३
५.११ नयाँ मूल्यको निर्माण २३३-२३५
५.१२ मानवीयमूल्यका ह्रासोन्मुख अवस्थाको कारणहरू २३५-२४९
५.१२.१ प्राचीन दासप्रथा २३५-२४१
५.१२.२ पितृसत्तात्मक समाज २४१-२४३
५.१२.३ सामन्तवाद र पूँजीवाद २४३-२४४
५.१२.४ धार्मिक तथा वैचारिक पूर्वाग्रह २४४-२४८
५.१२.५ विभिन्न युद्धका कारण २४८-२४९
५.१३ निष्कर्ष २४९-२५१

६. छैटौं अध्याय: प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण २५२-३३७

६.१ प्रगतिवादी नेपाली कवितामा मानवतावाद र मानवीयमूल्य सम्बन्धी मान्यता २५३-२५८

६.२ प्रगतिवादी नेपाली कवितामा व्यक्त सर्वहारावादी मानवतावाद २५८-२६२

६.३ प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीय जीवनपद्धति र उत्पीडनका स्वरहरू २६२-२७१

६.४ प्रगतिवादी नेपाली कवितामा व्यक्त महिला, किसान, मजदूर तथा छुवाछूत प्रतिको दृष्टिकोण २७२-२९५

६.४.१ महिला प्रतिको दृष्टिकोण २७२-२८१

६.४.२ छुवाछूत प्रतिको दृष्टिकोण २८१-२८६

६.४.३ किसान तथा मजदूर प्रतिको दृष्टिकोण २८६-२९५

६.५ प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्य २९५-३३५

६.५.१ गोपालप्रसाद रिमालका कवितामा व्यक्त मानवीयमूल्य २९५-२९७

६.५.२ कृष्णचन्द्र सिंह प्रधानका कवितामा व्यक्त मानवीयमूल्य २९७-२९९

६.५.३ केवलपुरे किसानका कवितामा व्यक्त मानवीयमूल्य २९९-३००

६.५.४ गोकुलप्रसाद जोशीका कवितामा व्यक्त मानवीयमूल्य ३००-३०२

६.५.५ भूपि शेरचनका कवितामा व्यक्त मानवीयमूल्य ३०२-३०४

६.५.६ जनकप्रसाद हुँमागाईका कवितामा व्यक्त मानवीयमूल्य ३०४-३०५

६.५.७ आनन्ददेव भट्टका कवितामा व्यक्त मानवीयमूल्य ३०५-३०७

६.५.८ युद्धप्रसाद मिश्रका कवितामा व्यक्त मानवीयमूल्य ३०७-३१२

६.५.९ मोदनाथ प्रश्रितका कवितामा व्यक्त मानवीयमूल्य ३१२-३१६

६.५.१० कृष्ण भूषण बलका कवितामा व्यक्त मानवीयमूल्य ३१६-३१६

६.५.११ भवानी घिमिरेका कवितामा व्यक्त मानवीयमूल्य ३१६-३१७

६.५.१२ विकास गोतामेका कवितामा व्यक्त मानवीयमूल्य ३१७-३२०

६.५.१३ इश्वरचन्द्र ज्ञवालीका कवितामा व्यक्त मानवीयमूल्य ३२०-३२०

६.५.१४ भवानी थापाका कवितामा व्यक्त मानवीयमूल्य ३२०-३२१

६.५.१५ पारिजातका कवितामा व्यक्त मानवीयमूल्य ३२१-३२२

६.५.१६ मोहन दुखुनका कवितामा व्यक्त मानवीयमूल्य ३२३-३२३

६.५.१७ गोपी नारायण प्रधानका कवितामा व्यक्त मानवीयमूल्य ३२३-३२४

६.५.१८ पी. अर्जुनका कवितामा व्यक्त मानवीयमूल्य ३२४-३२४

६.५.१९ जस योञ्जनका कवितामा व्यक्त मानवीयमूल्य ३२४-३२५

६.५.२० भक्त राईका कवितामा व्यक्त मानवीयमूल्य ३२५-३२५

६.५.२१ पवन चाम्लिङका कवितामा व्यक्त मानवीयमूल्य ३२५-३२६

६.५.२२ कृष्ण सेन इच्छुकका कवितामा व्यक्त मानवीयमूल्य ३२६-३२९

६.५.२३ जगदीशचन्द्र भण्डारीका कवितामा व्यक्त मानवीयमूल्य ३२९-३३०

६.५.२४ खगेन्द्र संग्रौलाका कवितामा व्यक्त मानवीयमूल्य ३३०-३३१

६.५.२५ उपेन्द्र पागलका कवितामा व्यक्त मानवीयमूल्य ३३२-३३३
६.५.२६ अजम्बर काङ्वाङका कवितामा व्यक्त मानवीयमूल्य ३३३-३३३
६.५.२७ हृदयचन्द्र सिंह प्रधानका कवितामा व्यक्त मानवीयमूल्य ३३३-३३४
६.५.२८ के.पी. ढकालका कवितामा व्यक्त मानवीयमूल्य ३३४-३३५
६.५.२९ मिश्र वैजयन्तीका कवितामा व्यक्त मानवीयमूल्य ३३५-३३५
६.६ निष्कर्ष ३३५-३३७
७. सातौँ अध्याय : उपसंहार तथा निष्कर्ष ३३८-३५२
७.१ उपसंहार ३३८-३५०
७.२ निष्कर्ष ३५०-३५२
परिशिष्ट :
क) सन्दर्भ ग्रन्थ विवरण ३५३-३६०
ख) भेटवार्ता विवरण ३६०-३६०
ग) पुस्तकालयको प्रयोग ३६०-३६०

# सारांश-पत्र

"प्रगतिवादी नेपाली कवितामा पाइने मानवीयमूल्यबोधको निरूपण" शीर्षमा विद्यावारिधि ( डक्टर अफ फिलोसफी आर्टस्) उपाधिका निम्ति उत्तरबङ्ग विश्वविद्यालयको कला संकाय अन्तर्गत नेपाली विभागमा प्रस्तुत शोधप्रबन्धमा जम्मा सात अध्याय रहेका छन् । जसमध्ये प्रथम अध्यायमा शोधप्रबन्धको परिचय र सातौं अध्यायमा निष्कर्ष प्रस्तुत गरिएको छ भने दोश्रो देखि छैटौं अध्यायसम्ममा विषयवस्तुको उठान र विश्लेषण गरिएको छ । मानवीयमूल्यको खोजी गर्ने सन्दर्भमा खासगरी पाँचौं तथा छैटौं अध्यायलाई मूल समस्याका रूपमा लिँदै प्रगतिवादी नेपाली कविताको भावभूमिमा रहेको मानवीयमूल्यको निरूपण गर्ने प्रयत्न भएको छ । यहाँ प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि र परम्परा केलाउने सन्दर्भ सँगै शोधकार्यको परिचय, प्रगतिवादको सैद्धान्तिक स्वरूप, प्रगतिवादी नेपाली कविता सम्बन्धी मान्यता, प्रगतिवादी नेपाली कविताको विकासक्रम, मानवीयमूल्यसम्बन्धी मान्यताको परिचय तथा प्रगतिवादी नेपाली कवितामा पाइने मानवीयमूल्यबोधको निरूपण गर्ने प्रयत्न गरिएको छ ।

प्रगतिवादको सैद्धान्तिक परिचय प्रस्तुत गर्ने सन्दर्भमा प्रगतिवादको अर्थ तथा परिभाषा एवम् पृष्ठभूमि केलाउने प्रयत्न हुनुका साथै प्रगतिवादको मूलभूत मान्यता, प्रगतिवादको सैद्धान्तिक आधार र साहित्यमा प्रगतिवादी चिन्तन परम्पराको विकासतर्फ पनि दृष्टि पुऱ्याइएको छ ।

प्रगतिवादी कवितासम्बन्धी मान्यताको अध्ययन गर्ने सन्दर्भमा कविताको अर्थ, परिभाषा, भौतिकवादी धारणा कवितामा सामाजिक, आर्थिक, साँस्कृतिक तथा भौतिक प्रतिबिम्बको खोजी र मार्क्स, एङ्गेल्स लेनिन र माओका साहित्य (कविता) सम्बन्धी मान्यताको परिचय, भाषिक प्रयोग लयात्मक शिल्प जस्ता विषयबस्तुमाथि पनि संक्षिप्त दृष्टिगोचर गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धभित्र प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रम केलाउने सन्दर्भमा प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि, विकासक्रम, जीवनपद्धति र प्रगतिशील युग चेतनाको विकासमा नेपाली कविताको भूमिका जस्ता विषयहरूलाई संक्षेपमा देखाउने प्रयत्न भएको छ ।

यसमा मानवीयमूल्यसम्बन्धी मान्यताको परिचय गराउने सन्दर्भसँगै मानव हुनुको अर्थ, अस्त्वि र मूल्य केलाउने प्रयत्न भएको छ । यहाँ मानवीयमूल्यको अर्थ, परिभाषा, विभिन्न विद्वानहरुका धारणा सामाजिक, साँस्कृतिक, धार्मिक, नैतिक, वैचारिक आदि मान्यताहरू र

नयाँ मूल्यको निर्माण एवम् मूल्यका ह्रासोन्मूख अवस्थाको कारण जस्ता विषयवस्तुलाई समेट्ने प्रयत्न भएको छ ।

मानवीयमूल्यबोधको निरूपण गर्ने क्रममा प्रगतिवादी नेपाली कविताभित्र मानवतावाद, मानवीयमूल्य र सर्वहारावादी मानवतावादको खोज, कवितामा व्यक्त हुन सकेको मानवीय जीवन पद्दति र उत्पीडनका स्वरहरू, नेपाली समाजका विद्यमान किसान, मजदूर, महिला एवम् छुवाछूतको सामाजिक दृष्टिकोण खोज्दै केही प्रतिमिधिमूलक प्रगतिवादी कविहरूका कवितामा बोध हुन सकेका मानवीयमूल्यको निरूपण गर्ने प्रयत्न भएको छ ।

खासगरी प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्य पहिल्याउने प्रयत्न हुँदा बहुजातीय, बहुसाँस्कृतिक, बहुल विचार भएको वहुवर्गीय समाजमा रहेका रीतिरिवाज, सँस्कार, संस्कृति र राजनैतिक आस्थाद्धारा सिर्जित मानवीय चेतनाको अनेकताबाट भिन्न भिन्नमूल्यसम्बन्धी मान्यताहरू स्थापित भएर आएको देखियो । कविको समाजलाई हेर्ने, मूल्याङ्कन र विश्लेषण गर्ने आ-आफ्नै दृष्टिकोण हुन्छ, प्रगतिवादी कविहरूद्धारा समाजको सूक्ष्म विश्लेषण गर्दा कवि भावनाभित्र समय सान्दर्भिक कलात्मक काव्य माधुरी सिर्जना भएर आउँदा मात्र कविताले मूर्त आकार ग्रहण गर्न सकेको हुन्छ भन्ने पाइयो ।

प्रगतिवादी कविता, मार्क्सवादी दर्शनका मूल प्रस्थावनाको सैद्धान्तिक आधारमा खडा भएको साहित्यिक विधा हो । यसले समाजलाई अँध्यारोबाट उज्यालोतर्फ, प्राचीनतावाट नवीनतातर्फ, कुरूपताबाट सुन्दरतातर्फ, अकर्मण्यताबाट क्रियाशिलतातर्फ रूपान्तरित गराउँछ र युगानुकूल परिवर्तनका लागि प्रेरणा प्रदान गर्दछ भन्ने देखियो । मानवीयमूल्यसम्बन्धी मान्यताको खोजी गर्ने सन्दर्भमा मानव जीवन र त्यसको सारभूत मान्यतालाई केलाउँदा प्रकृति प्रदत्त सिर्जनामा सर्वश्रेष्ठ वस्तु मानव रहेको देखियो भने अझ यो विशाल बह्माण्डमा प्रकृतिका लागी सबै प्राणी समान छन् तर चेतनाको उच्चस्तरिय परिणाम चाहिँ मानव जातिले मात्र प्राप्त गर्न सकेको देखियो ।

मानिस एउटा सामाजिक प्राणी हो । उसले समाजमा रहँदा समाजका उच्च आदर्श नीति नियमहरू, लोकव्यवहारहरू, सँस्कृति र सभ्यताहरू चाडपर्व सम्बन्धी सामाजिक मान्यताहरूको पालना गर्नुपर्ने हुन्छ । हरेक व्यक्तिले सामाजिक सम्बन्धका क्रममा अनेक नैतिक कर्तव्य,

उत्तरदायित्व अनुशासन र आचार संहिताको पालना गर्नुपर्छ । तिनै आचार, अनुशासन र कर्तव्यबोधको व्यवहारिक प्रयोगबाट मानवीयमूल्य निर्धारण हुन सकेको देखियो । अर्थात मानवीयमूल्यको कसी उसको व्यवहार हो भन्ने देखियो ।

मानवीयमूल्यलाई मनुष्यसँग रहेको नैतिकता, अनुशासन, कर्तवयबोध, सद्भाव, प्रेम, सौर्य, पराक्रम, बीरता, करूणा जस्ता मानवीय गुणहरूको व्यवहारिक प्रयोगको तराजुबाट मापन गर्न सकिन्छ सही अर्थमा समाजमा विद्यमान व्यक्तिको अस्तित्व वा मानवहुनुको अर्थ नै उसको मूल्य हो भन्ने देखियो ।

विश्वका मानवजातिको गुण, कर्म र परम्परा केलाउँदै संसारभरिका मानवहरूको एउटै रक्तसम्बन्ध रहेको बोध गराउने तथा राज्यविहिन, वर्गविहिन साम्य समाजको बाटो देखाउने एवम् "सहना ववतु सहनौं भुनक्तु" को आदर्श सिद्धान्तद्धारा निर्देशित भएको शुद्ध भौतिकवादी मानवीय चैतन्यबाट उत्भुत प्रगतिवादी कविता नै मूल्यबोधको सूचक हो भन्ने देखियो ।

कविताको गुढ भाव चैतन्य वा मूलभाव, व्यङ्ग्य विधान, प्रतीक वा बिम्बका रूपमा उद्भुत भएर मानवीय समवेदनालाई समुद्घाटित गर्दा मानवीयमूल्यबोधको स्थिति सिर्जना भएको पाइयो । मानवीयमूल्य मानवको अर्थ वा अस्तित्व हो । कविता जीवन जगतको यथार्थ र कलात्मक प्रस्तुति हो भने जीवन जगतको प्रतिनिधि पात्र चाहिँ मानिस हो । त्यसैले कवितामा मानवीयमूल्यबोधका अनेक लक्षणहरू मुखरित भएर आएका देखिन्छन् । यस अध्ययनमा प्रगतिवादी काव्य साधकहरूका केही प्रतिनिधिमूलक कविताहरूले कहीँ क्रान्तिरागभित्र मानवीयमूल्यबोध गराएका छन् भने कहीँ शोषण, दमन र उत्पीडनका स्वरहरूभित्र मानवीयमूल्यबोधको सिर्जना गराएका छन् । कविताको सामाजिक तथा यथार्थवादी स्वरूपलाई नबिगारी स्रष्टाहरूले कहीँ व्यङ्ग्य, प्रतीक, कहीँ ध्वनी, कहीँ प्रेम, रतिरागात्मक भाव एवम् बिम्ब विधान भित्र मानवीयमूल्यलाई बोधगम्य तुल्याएका छन् । यही पत्थरमा आगो लुकेझैं प्रगतिवादी नेपाली कविताका गर्भमा लुकेर रहेको मानवीयमूल्यलाई टिप्ने, खोज्ने र उजागर गर्ने सन्दर्भमा प्रस्तुत शोधकार्य सम्पन्न गर्दा मानवीयमूल्यबोधक कवितालाई उदाहरणको रूपमा प्रस्तुत गरी मूल्यबोधको अवस्था पहिल्याउने प्रयत्न गरिएको छ ।

# प्रथम अध्याय

## १. शोधकार्यको परिचय :

जीवन र जगतलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट हेरिने, मूल्याङ्कन गरिने,समाज केन्द्रित क्रान्तिकारी विश्वदृष्टिकोणमा आधारित मार्क्सवादको साहित्य सम्बन्धी अवधारणा नै प्रगतिवाद हो । यसले मान्छे-मान्छेबीच हुने शोषण, दमन तथा थिचोमिचोको कडा विरोध गर्दै सु-सभ्य समाजको निर्माणतर्फ मानवीय चेतनालाई उन्मुख गराउँछ । प्रगतिवादले समाजलाई अँध्याराबाट उज्यालातर्फ, प्राचीनताबाट नवीनतातर्फ, कुरूपताबाट सुन्दरतातर्फ, अकर्मण्यताबाट क्रियाशिलतातर्फ रूपान्तरित गराउँछ र मानवीय विश्वदृष्टिकोणको आधारमा चेतनाको विश्लेषणगरी युगानुकूल परिवर्तनका लागि प्रेरणा प्रदान गर्दछ त्यसैले प्रगतिवाद परिवर्तनको सिद्धान्त हो ।

नेपाली साहित्यको सन्दर्भमा भने प्रगतिवाद समकालीन विश्व परिवेश अर्थात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाचक्रहरू (भारतीय स्वतन्त्रता संग्राम, चिनियाँ जनवादी क्रान्ति, सोभियत रूसी क्रान्तिको सफलता, नेपालमा आधुनिक शिक्षाको प्रवेश र नेपाल कम्युनिष्ट पार्टीको स्थापना) बाट अभिप्रेरित भई जहानियाँ राणा शासनको निरङ्कुशतापूर्ण दमनकारी चक्रबाट नेपाली समाजलाई मुक्त गराउने परिवर्तनकारी नवक्रान्ति चेतना तथा एशिया महाद्वीप भरी नै जागृत हुँदै आएको सामन्तवाद, पूँजीवाद एवं साम्राज्यवाद विरोधी जनभावना मुखरित भएर जनजीवनमा आउँदा नेपाली साहित्याकाशमा प्रगतिवादको बीजारोपण भएको हो । यहाँ त्यही प्रगतिवादी नेपाली कविताका अन्तर्गभमा रहेको मानवीय मूल्यको निरूपण गर्ने प्रयत्न गरिएको छ । युगबोधक प्रगतिवादी कविताहरूलाई मूल आधार मानी मानवीय मूल्यको निरूपण गर्नु यस शोध कार्यको मूल आशय हो ।

### १.१ शोध प्रबन्धको शीर्षक

प्रस्तुत शोध कार्यले प्रगतिवादी नेपाली कवितामा पाइने अन्तर्वस्तु, मानवीयमूल्य बोधलाई मूल समस्याको रूपमा व्यक्त गर्ने हुँदा यस शोध प्रबन्धको शीर्षक "प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण" रहेको छ ।

### १.२. समस्या कथन

(क)प्रगतिवादी नेपाली कविताको भावभूमिमा रहेको मानवीय मूल्यबोधको पहिचान नहुनु ।

(ख)प्रगतिवादी नेपाली कवितामा मानवीयमूल्यको खोजी नहुनु ।

(ग) प्रगतिवादी नेपाली कविताको भावभूमि, पृष्ठभूमि र परम्परा के-कस्तो छ? भन्ने अनुशीलन गरी कवितामा व्यक्त मानवीय मूल्य बोधको निरूपण हुन नसक्नु ।

(घ) प्रगतिवादी नेपाली कविता कृतिको स्वरूप, काव्यात्मक बैशिष्ठ्य एवम् मूल्य के कस्तो छ ? भन्ने समस्याहरूको प्राज्ञिक अध्ययन सँग यो शोधकार्य सम्बन्धित छ ।

### १.३. शोधकार्यको उद्देश्य

माथि समस्या कथनमा उल्लेख गरिएका समस्याहरूप्रति सचेत रही ती समस्याहरूको समाधान गर्नु र प्रगतिवादी नेपाली कविताको महत्व र मूल्य दर्शाउदै मानवीय मूल्यको खोजी गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य रहेको छ । यसका साथै प्रगतिवादी नेपाली कविताका उत्प्रेरक कारणहरूको विवेचना गर्नु, नेपाली कविता यात्राका परिप्रेक्ष्यमा प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रमको सर्वेक्षण गर्नु, प्रगतिवादी नेपाली कविता कृतिहरूको स्वरूपको विश्लेषण गरेर तिनीहरूका गुणस्तरको निरूपण गर्नु आदि पनि यस शोधकार्यको उद्देश्य भित्रै पर्दछन् । यिनै उद्देश्यहरूलाई संक्षेपमा केही बुँदाहरूमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क)प्रगतिवादी नेपाली कविताका अन्तर्वस्तुबाट अभिव्यक्त भएका मानवीयमूल्यको निरूपण गर्नु,

(ख)नेपाली कवितामा प्रगतिवादी मान्यताको अनुशीलन गर्नु,

(ग) प्रगतिवादी नेपाली कवितालाई मार्क्सवादी दृष्टिकोणका आधारमा विश्लेषण गरी मानवीयमूल्य पत्ता लगाउनु,

(घ) प्रगतिवादी कवितामा शोषण, दमन तथा उत्पीडनका स्वरहरू कसरी मुखरित भएका छन् भन्ने विषयको अध्ययन गर्नु,

(ङ) मानवीय मूल्य सम्बन्धी मान्यताको निरूपण गर्नु,

### १.४.सामग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यका लागि चाहिने सामग्रीहरू मूलतः पुस्तकालयीय अध्ययनबाट सङ्कलन गरिएका छन् । यस क्रममा मुख्यरूपमा उत्तरबङ्ग विश्वविद्यालयको पुस्तकालय, काठमाण्डौं नेपालको

त्रिभूवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, केशर पुस्तकालय (काठमाण्डौं), मदन पुस्तकालय (ललितपुर),पटना विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, दिल्ली विश्वविद्यालयको पुस्तकालय तथा गुरूनानक विश्वविद्यालयको पुस्तकालय जस्ता पुस्तकालयहरूको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा केही व्यक्तिहरूलाई स्रोत व्यक्तिका रूपमा लिएर तिनीहरूसँग भेटघाट गरी तिनीहरूबाट केही जानकारी पनि लिने काम गरिएको छ । यस्ता स्रोत व्यक्तिहरूमध्ये मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, गोविन्द भट्ट, प्रा. राजेन्द्र सुवेदी, चूडामणि बन्धु, पटना विश्वविद्यालयका हिन्दी विभागका विभागीय अध्यक्ष डा. बलराम तिवारीहरू विशेष उल्लेख योग्य छन् ।

यसरी सङ्कलन गरीएका सामाग्रीहरूलाई सामान्यीकरण गरेर निष्कर्षमा पुग्ने क्रममा सङ्कलित सामाग्रीहरूको अध्ययन विश्लेषण मुख्यतः भौतिकवादी सिद्धान्तका आधारमा गरिएको छ । भौतिकवादका आधारभूत सिद्धान्तहरू मध्ये मूलतः द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको अध्ययन पद्धति अङ्गालिएको छ ।

## १.५. शोध कार्यको क्षेत्र र सीमा

प्रस्तुत शोध कार्यको प्रमुख क्षेत्र प्रगतिवादी नेपाली कविता हो र त्यसमा पाइने मानवीय मूल्यको खोजी गर्नु हो । यस क्रममा गोपालप्रसाद रिमाल, कृष्णचन्द्र सिंह प्रधान, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, भूपि शेरचन, जनकप्रसाद हुमागाई, आनन्ददेव भट्ट, युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, कृष्णभूषण बल, भवानी घिमिरे, विकास गोतामे, ईश्वरचन्द्र ज्ञवाली, भवानी थापा, पारिजात, मोहन दुखुन, गोपीनारायण प्रधान, पी. अर्जुन, जस योञ्जन, भक्त राई, पवन चाम्लिङ, कृष्णसेन इच्छुक, जगदीशचन्द्र भण्डारी, खगेन्द्र संग्रौला, उपेन्द्र पागल, हृदयचन्द्रसिंह प्रधान जस्ता प्रगतिशील सर्जकहरूका योग्यतम कविता सिर्जनाको अध्ययन गर्दै त्यसका गर्भमा रहेको मानवीय जीवन दृष्टि र मूल्य बोधलाई उजागर गरी निरूपण गरिएको छ ।

## १.६. शोध कार्यको समयावधि

यस शोध कार्यमा प्रगतिवादी कविताको अन्तर्भाव चैतन्यभित्र प्रवेश गरी मानवीय मूल्य र मान्यताको अनुशीलन गर्दै भौतिकवादी विश्वदृष्टिकोणबाट मानवीय जीवन जगतको समुद्घाटन गर्नु र कविताको अन्तगर्भबाट मानवीय सूक्ष्म चैतन्यको उजागर गर्दै मानवीयमूल्यको

निरूपण गर्नुपर्ने भएकाले यसका लागि सामाग्री सङ्कलन र विश्लेषणात्मक अध्ययन गरी शोध कार्य पुरा गर्न साधारणतः पाँच वर्ष समय निर्धारित गरिएको छ ।

## १.७. पूर्वकार्यको समीक्षा

मार्क्सवादी दर्शनमा आधारित तथा प्रगतिवादी दृष्टिकोणमा केन्द्रित भएर गरिएको कविता विधाको अध्ययन नेपाली अनुसन्धानको क्षेत्रमा कमै पाइन्छ । नेपालमा प्रजातन्त्रको आगमन अर्थात् वि.सं.२००७ पछि आएर प्रगतिवादी साहित्यका सम्बन्धमा केही अध्ययन, चिन्तन र अनुसन्धान गर्ने काम शुरू भएको पाइन्छ तापनि यो क्षेत्र अनुसन्धानको कार्यमा निकै पछि परेको देखिन्छ । पूर्वकार्यको समीक्षा गर्ने सम्बन्धमा प्रगतिवादसँग सम्बन्ध राख्ने केही अध्ययनहरू पाइए तापनि "प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्यबोधको निरूपण" शीर्षकमा यसअघि कहीँबाट वा कुनै विश्वविद्यालयबाट पनि शोध कार्य हुन सकेको पाइएन  यहाँ त्यस्ता केही पूर्व कार्यहरूको समीक्षा गरिएको छ :

(१) भरतमणि सुवेदीले "कवि भूपि शेरचनको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकमा त्रिभूवन विश्वविद्यालयबाट स्नातकोत्तर शोधपत्र (वि.सं.२०३७) तयार गरेको पाइन्छ । यो शोधपत्र मूलतः प्रगतिवादी कवि भूपिको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित छ र यसमा प्रगतिवादी दृष्टिकोण र कवितामा अन्तर्निहित मानवीय मूल्य र मान्यताको निरूपण चाहिँ गरिएको छैन ।

(२) डा. विश्वनाथ भण्डारीले "देवीप्रसाद किसानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकमा त्रिभूवन विश्वविद्यालयबाट स्नातकोत्तर शोधपत्र (वि.सं.२०४०) तयार गरेका छन् । यस शोधपत्रमा भण्डारीले कवि देवीप्रसादको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् तर यसमा पनि सम्पूर्ण प्रगतिवादी नेपाली कविताहरूको चर्चा गरिएको छैन ।

(३) ताराराज पौडेलले "गोकुल जोशीको :जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" शीर्षकमा त्रिभूवन विश्वविद्यालयबाट स्नातकोत्तर शोधपत्र (वि.सं.२०४१) तयार पारेको पाइन्छ । यस शोधपत्रमा शोधार्थी ताराराजले कवि जोशीको जीवनी, कवित्व, व्यक्तित्व र कृतित्वको विश्लेषण प्रगतिवादी जीवन दृष्टिका आधारमा गरेका छन् तापनि अरू कवि वा कविताहरूको विश्लेषण वा विवेचना चाहिँ गरेका छैनन् ।

(४)कृष्णप्रसाद आचार्यले साहित्यकार "कृष्णचन्द्रसिंह प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषणात्मक अध्ययन" शीर्षकमा त्रि.वि.बाट स्नातकोत्तर शोधपत्र (वि.सं.२०४३) प्रस्तुत गरेका छन् । यस पत्रमा कवि प्रधानको जीवनी, व्यक्तित्व र कृतित्वलाई प्रगतिवादी दृष्टिबिन्दुका आधारमा विश्लेषण गरिएको छ, तर अन्य कवि वा कविता कृतिको चाहिँ चर्चा गरिएको छैन ।

(५) मिन्साङ डोल्माले "विद्रोह र क्रान्ति चेतनामूलक नेपाली कविता" नामक स्नातकोत्तर लघुशोध पत्र (सन् २००१) उत्तरबङ्ग विश्वविद्यलायबाट तयार गरेको पाइन्छ । यस लघु शोधपत्रमा प्रगतिवादी नेपाली कविताको विद्रोहात्मक क्रान्ति चेतनाको उठान तथा परम्पराको विश्लेषणात्मक अध्ययन गरिएको छ, तर प्रगतिवादी नेपाली कविता बारे अन्य विषयमा चर्चा गरिएको पाइन्न ।

(६) ललिता कार्कीले "प्रगतिवादी नेपाली कविता" नामक स्नातकोत्तर लघुशोध पत्र, उत्तरबङ्ग विश्वविद्यालय (सन् २०१०) मा तयार गरेको पाइन्छ । यस लघुशोध पत्रमा प्रगतिवादी नेपाली कविताको परिचय,पृष्ठभूमि र प्रगतिवादी नेपाली कविताको सामान्य विवेचनात्मक अध्ययन मात्र गरिएको छ ।

(७) नारायणप्रसाद ढकालले "जनकप्रसाद हुमागाईं : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" नामक स्नातकोत्तर शोधपत्र (त्रि.वि.बाट वि.सं.२०४४) तयार गरेका छन् । यस शोधपत्रमा कविको वैचारिक प्रतिबद्धता, प्रगतिवाद, सामाजिक यथार्थता, मानवतावाद र राष्ट्रवाद जस्ता पक्षहरूलाई प्रगतिवादी जीवनदृष्टिका आधारमा विश्लेषण गर्ने जमर्को गरेका छन् तापनि प्रगतिवादी कविता कृतिको बस्तुगत चर्चा चाहिँ हुन सकेको पाइन्न ।

(९) डा.जगदीशचन्द्र भण्डारीले "प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास"(२०००-२०१७) शीर्षकमा विद्यावारिधि शोधपत्र (वि.सं.२०५२) त्रिभूवन विश्वविद्यालयबाट तयार गरेको पाइन्छ । यस शोध प्रबन्धमा उनले प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि, प्रगतिवादी नेपाली कविताको आरम्भ र विकासको चर्चा तथा प्रगतिवादका प्रमुख प्रवृत्तिहरूको चर्चा गरेका छन् तापनि यस शोधप्रबन्धमा प्रगतिवादी नेपाली कवितामा मानवीयमूल्यको खोजी चाहिँ हुन सकेको छैन ।

(१०) डा. ताराकान्त पाण्डेको "प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ" नामक विद्यावारिधि शोधप्रबन्धमा त्रि.वि.बाट (वि.सं.२०५५) प्रगतिवादी कवितासम्बन्धी निकै खोजपूर्ण अध्ययन गरिएको छ । यहाँ प्रगतिवादको सैद्धान्तिक स्वरूप, प्रगतिवादको मूल आधार, प्रगतिवादका साहित्यिक मान्यता, कवितासम्बन्धी प्रगतिवादी मान्यता, वि.सं. २०१७ सालदेखि २०३५ सम्मका प्रगतिवादी कवितामा अभिव्यञ्जित यथार्थको अध्ययन आदि विषयहरूलाई समाविष्ट गरिएको भएपनि मानवीयमूल्यका खोजीको अध्ययन भने हुनसकेको पाइन्न ।

(११) डा. रविलाल अधिकारीले "प्रगतिवादी नेपाली समालोचनाको प्रवृत्तिगत विश्लेषण" नामक विद्यावारिधि शोधप्रबन्धमा त्रि.वि.बाट (वि.सं.२०५५) प्रगतिवादी साहित्यिक मान्यताको अध्ययन गरेका छन् तापनि प्रगतिवादी नेपाली कविता एवम् प्रगतिवादी नेपाली कवितामा अभिव्यक्त मानवीय मूल्यको चर्चा चाहिँ गरेका छैनन् ।

यसरी पूर्वकार्यको समीक्षाबाट प्रगतिवाद र प्रगतिवादी नेपाली कविता सम्बन्धी केही चर्चा भएका पाइन्छन् तापनि प्रगतिवादी नेपाली कविताको प्राज्ञिक विश्लेषण गरी ती कविताहरूमा अभिव्यक्त मानवीय मूल्यको निरूपण चाहिँ हुन सकेको पाइन्न । त्यसैले प्रस्तुत शीर्षकमा विद्यावारिधि शोधकार्यको प्रासङ्गिकता देखापर्छ ।

## १.८. शोध कार्यको औचित्य:

नेपाली कविता परम्परामा प्रगतिवादी नेपाली कविताको एउटा आफ्नो छुट्टै विशेषता रहेको छ । अनुसन्धानको क्रममा प्रगतिवादी कविता बारे केही चर्चा हुन सकेको कुरा पूर्वकार्यको समीक्षाबाट देखिन्छ तर प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण चाहिँ यसअघि कसैबाट हुन नसकेकाले प्रस्तुत शोध प्रबन्धको शीर्षक "प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण" को औचित्य पुष्टि हुन्छ ।

## १.९. भावि शोध कार्यका लागि सुझाव

प्रगतिवादी कविता कृतिको अध्ययन गर्ने सन्दर्भमा पाइएका अनेक विषयहरूलाई भावि शोध सुझावका रूपमा प्रस्तुत गर्न सकिन्छ । प्रगतिवादी नेपाली कवितामा जीवन दर्शनका अनेक अनुभूतिलाई ग्रहण गर्न सकिने अवस्था रहेको पाइन्छ । शोध समस्या, विषयवस्तुको

क्षेत्र र शोध सम्भावनाका पक्षहरूलाई केलाउँदा विद्यावारिधिका निम्ति शोधकार्य गर्न भावि शोधार्थीहरूलाई निम्न विषयहरू सुझावका रूपमा उल्लेख गरिएका छन् ।

(१) प्रगतिवादी नेपाली कविताको सामाजिक उपयोगिता :

(२) प्रगतिवादी नेपाली कवितामा व्यक्त सर्वहारावादी मानवतावाद ।

(३) युग चेतनाको विकासमा प्रगतिवादी कविताको भूमिका ।

(४)प्रगतिवादी भारतीय नेपाली कविताको उद्भव र विकास ।

(५) प्रगतिवादी नेपाली कवितामा व्यक्त मार्क्सवादी जीवन दृष्टि ।

(६) प्रगतिवादी नेपाली कविताको शिल्पविधान ।

## १.१०. शोध प्रबन्धको रूपरेखा

प्रस्तुत शोध प्रबन्धलाई सात अध्यायमा विभक्त गरिएको छ र ती अध्यायहरू अन्तर्गत शोधप्रबन्धको परिचय, प्रगतिवादको सैद्धान्तिक परिचय, प्रगतिवादी कविता सम्बन्धी मान्यता, प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रम, मानवीयमूल्य सम्बन्धी धारणाको परिचय, प्रगतिवादी नेपाली कवितामा पाइने मानवीयमूल्य बोधको निरूपण र उपसंहार तथा निष्कर्ष रहेका छन् । अन्त्यमा परिशिष्ट राखिएको छ ।

प्रस्तुत शोधप्रबन्धका सात अध्यायहरूमध्ये प्रथम अध्याय शोधकार्यको परिचयसँग सम्बन्धित रहेको छ । यसमा मूलतः शोधकार्यको परिचय प्रस्तुत गर्ने कार्य भएको छ र यहाँ शोधकार्यको परिचय, शोध प्रबन्धको शीर्षक, शोधसमस्या कथन, शोधकार्यको उद्देश्य, सामाग्री सङ्कलन विधि र सैद्धान्तिक ढाँचा, शोधकार्यको क्षेत्र र सीमा, शोधकार्यको समायावधि, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, भावि शोध कार्यका लागि सुझाव, शोधकार्यको रूपरेखा र शोध कार्यको निष्कर्ष जस्ता सैद्धान्तिक विषयहरू रहेका छन् ।

प्रस्तुत शोध प्रबन्धको दोस्रो अध्याय प्रगतिवादको सैद्धान्तिक परिचयसँग सम्बन्धित छ । यस अध्यायभित्र प्रगतिवादको अर्थ, परिभाषा एवम् पृष्ठभूमि, प्रगतिवादका मूलभूत मान्यता, प्रगतिवादका सैद्धान्तिक आधार, साहित्यमा प्रगतिवादी चिन्तन परम्परा र विकास, संङ्घ, संस्था र सङ्गठनद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा, साहित्य तथा कला प्रति मार्क्स तथा एङ्गेल्सको धारणा र निष्कर्ष जस्ता विषयहरू रहेका छन् ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्याय प्रगतिवादी कविता सम्बन्धी मान्यतासँग सम्बन्धित रहेको छ। यस अध्यायमा कविताको अर्थ र परिभाषा, कवितामा भौतिकवाद, कवितामा प्रतिबिम्बित सामाजिक जीवन, कवितामा प्रतिविम्बित समाजको आर्थिक झलक, कवितामा प्रतिविम्बित सँस्कृति, मार्क्स, एङ्गेल्स, लेनिन र माओका साहित्य सम्बन्धी मान्यताको परिचय, प्रगतिवादी कवितामा भाषिक प्रयोग, प्रगतिवादी कवितामा लय विधान जस्ता विषयको अनुशीलन गरी निष्कर्ष निकालिएको छ।

प्रस्तुत शोधप्रबन्धको चौथो अध्याय प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रमसँग सम्बन्धित रहेको छ। यस अध्यायमा प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि, प्रगतिवादी नेपाली कविताको विकासक्रम, भारतीय प्रगतिवादी नेपाली कविताको विकासक्रम, प्रगतिवादी नेपाली कविताको स्वरूप एवम् विशेषता, प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय जीवनदृष्टि, प्रगतिशील युग चेतनाको विकासमा नेपाली कविताको भूमिका आदिको अध्ययन गर्दै निष्कर्षमा पुग्ने प्रयत्न भएको छ।

प्रस्तुत शोधप्रबन्धको पाँचौं अध्याय मानवीयमूल्य सम्बन्धी धारणाको परिचय गर्ने कार्यसँग सम्बन्धित रहेको छ। यस अध्यायभित्र रहेका उप शीर्षकहरूमा मानवीयमूल्यको अर्थ र परिभाषा, मानवीयमूल्य सम्बन्धी विभिन्न विद्वानहरूका अवधारणा, मानवीयमूल्य सम्बन्धी सार्वभौम धारणा, मानवीयमूल्य सम्बन्धी सामाजिक, साँस्कृतिक, धार्मिक, नैतिक, वैचारिक, आर्थिक तथा जैविक धारणाहरू, नयाँ मूल्यको निर्माण, मानवीयमूल्यका ह्रासोन्मुख अवस्थाका कारणहरूको अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ।

छैटौं अध्याय 'प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपण' गर्ने कार्य सँग सम्बन्धित रहेको छ। यस अध्यायमा प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवतावाद र मानवीयमूल्य सम्बन्धी मान्यता, प्रगतिवादी नेपाली कवितामा व्यक्त सर्वहारावादी मानवतावाद, प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीय जीवन पद्धति र उत्पीडनका स्वरहरू, प्रगतिवादी नेपाली कवितामा व्यक्त महिला, किसान, मजदूर तथा छुवाछूत प्रतिको दृष्टिकोण र प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्यबोधको चर्चा-बिबेचना गरिएको छ यहाँ केही प्रगतिवादी काव्य साधकहरूका प्रतिनिधिमूलक फुटकर कवितामा व्यक्त हुन सकेको मानवीयमूल्यबोधको

अवस्थालाई खोजी गर्ने प्रयत्न भएको छ । प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्यको विवेचना गर्दा मूलतः गोपालप्रसाद रिमाल, कृष्णचन्द्र सिंह प्रधान, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, भूपि शेरचन, जनकप्रसाद हुमागाईं, आनन्ददेव भट्ट, युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, कृष्णभूषण बल, भवानी घिमिरे, विकास गोतामे, ईश्वरचन्द्र ज्ञवाली, भवानी थापा, पारिजात, मोहन दुखुन, गोपीनारायण प्रधान, पी अर्जुन, जस योञ्जन, भक्त राई, पवन चाम्लिङ, कृष्णसेन इच्छुक, जगदीशचन्द्र भण्डारी, खगेन्द्र संग्रौला, उपेन्द्र पागल, प्रभृत्ति कविहरूका कवितालाई लिइएको छ ।

सातौँ अध्याय प्रस्तुत शोधप्रबन्धको अन्तिम अध्याय हो । यस अध्यायमा उपसंहार, तथा निष्कर्ष गरी दुइ खण्ड रहेका छन् । उपसंहार खण्डमा प्रस्तुत शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यको सारांश प्रस्तुत गरिएको छ भने निष्कर्ष खण्डमा प्रस्तुत शोधकार्यका आधारभूत प्राप्तिलाई केही बुँदाहरूमा समेटेर देखाइएको छ ।

परिशिष्ट खण्डमा प्रस्तुत शोधप्रबन्ध तयार पार्दा उपयोग गरिएका प्रमुख पुस्तकहरूको विवरण लेखकहरूको नामसहित प्रस्तुत गरिएको छ । यसै क्रममा प्रस्तुत शोधप्रबन्ध तयार पार्दा भेटघाट गरिएका केही स्रोतव्यक्तिहरू र स्रोतकेन्द्र (पुस्तकालय)का नाम समेत उल्लेख गरिएका छन् ।

# दोस्रो अध्याय

## २. प्रगतिवादको सैद्धान्तिक परिचय

प्रगतिवाद विश्व साहित्यकै सन्दर्भमा एक बहुचर्चित साहित्य सिद्धान्त हो । यो मार्क्सवादी जीवन दृष्टिबाट निर्देशित छ । प्रगतिको साधारण अर्थ हो वैज्ञानिक तौर तरिकाबाट भाव, विचार वा कार्यलाई गतिशीलता प्रदान गर्नु, वा चलायमान गर्नु हो । साधारणतः प्रगति भन्नु विकास, अग्रगति वा उन्नति हो । विकास जीवनको भौतिक, आर्थिक र मानसिक पक्षमा हुने गर्छ र साहित्यका सन्दर्भमा प्रगतिबादले मानव जीवनको भौतिक तथा आर्थिक विकासमा विशेष जोड दिएको हुन्छ । अध्यात्मवादी चिन्तनलाई यसले जीवनको नैसर्गिक सत्य मान्दैन । 'प्रगतिवाद' शब्द 'प्रगति' र 'वाद' मिलेर बनेको हुँदा यसलाई खास समाज विज्ञानमा आधारित मार्क्सवादी दर्शनसँग सम्बद्ध साहित्यिक चिन्तन वा साहित्यिक मान्यताका रुपमा व्याख्या गरिएको छ । यसरी प्रगतिवाद शब्दको अर्थ र तात्पर्य विवेचना गर्दा प्रगतिवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनमा आधारित एउटा साहित्यिक सिद्धान्त हो भन्ने बुझिन्छ । 'प्रगतिशील' तथा 'प्रगतिवाद' उस्तै उस्तै रुपमा प्रयोग हुन आए पनि यी दुवै शब्दले भिन्नभिन्न अर्थ बुझाउँछन् ।

प्रगतिशील साहित्यले यथास्थितिका विरुद्ध आलोचना तथा विद्रोह गरे तापनि त्यस्तो साहित्य मार्क्सवादी दार्शनिक मान्यता र द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित भएको पाइन्न तर प्रगतिवाद चाहिँ मार्क्सवादकै दार्शनिक मान्यतामा आधारित भएको पाइन्छ । प्रगतिवादले विश्व सहित्यमा एउटा छुट्टै स्थान ओगटेकोछ । मार्क्सवादी जीवन दर्शनको संवाहकका रुपमा यस सिद्धान्तले आफूलाई स्थापित गरेको देखिन्छ ।

## २.१ प्रगतिवादको अर्थ, परिभाषा एवम् पृष्ठभूमि

### २.१.१ प्रगतिवादको अर्थ

प्रगतिवादलाई अर्थ्याउने र परिभाषित गर्ने सन्दर्भमा विभिन्न विद्वानहरुमा मतभिन्नता रहेको पाइन्छ । साधारणतः साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई वढी महत्व दिने, मार्क्सवादवाट प्रभावित भै समाजको विकास उन्नति र

प्रगतिमा विश्वास गर्ने साहित्यिक सिद्धान्त नै प्रगतिवाद हो भनेर अर्थ्याएको पाइन्छ[१]। कलात्मक रुपको वस्तुगत गुण र वस्तुगत यथार्थको कलात्मक प्रतिविम्वन नै प्रगतिवादको मूलभूत मान्यता हो भनेर पनि अर्थ्याएको छ[२]।

प्रगतिवादी साहित्यमा मानवचरित्रका उज्याला पक्षको मात्र नभएर अँध्यारा पक्षको चित्रणमा समेत वास्तविक यथार्थको कलात्मक अनुभूति पाइन्छ । मानव हृदयको अन्तराल भित्र अवस्थित सहज प्रवृत्तिलाई निष्ठापूर्वक अभिव्यक्त गर्ने लेखक तथा कविहरु नै मानवीय सचेतनाका उच्चस्तरीय प्रतिनिधि मानिन्छन् । यस्तो यथार्थतामा आधारित प्रत्यक्ष जीवन जगतसँग सम्वन्ध राख्ने कलाकृति नै प्रगतिवादी काव्य कला हो भनेर पनि प्रगतिवादलाई अर्थ्याइउको पाइन्छ[३]।

### २.१.२ प्रगतिवादको परिभाषा

साहित्य र कलालाई मानवीय यथार्थतासँग जोड्ने मार्क्सवादी चिन्तनद्वारा नै प्रगतिवादको स्वरुप निर्माण भएको हो । अर्को शब्दमा भन्नु हो भने-साहित्यमा जसलाई प्रगतिवाद भनिन्छ यथार्थतः त्यो मार्क्सवादी सौन्दर्यशास्त्रको साहित्यिक अवतरण हो । प्रगतिवादी साहित्यले मानव समाजको इतिहास वर्गसङ्घर्षका स्वरहरु, सर्वहारा वर्गको पक्षपोषण, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचारको विरोध गर्दै विद्रोह तथा आमूल परिवर्तनकारी क्रान्तिको आव्हान गर्दछ[३]। प्रगतिवादी साहित्यले एउटा वर्गको पक्ष लिने र अर्को वर्गका विरुद्ध विद्रोह गर्ने मात्र होइन, त्यसले त नवीन समाज सिर्जनाका निम्ति सहयोग पनि गर्दछ । युग निर्माणका असंख्य श्रमजीवी तथा शोषित, उत्पीडित जनताको न्यायिक सङ्घर्ष र उनीहरुको सुनौलो भविष्यलाई निर्देशित गर्दछ[४]।

प्रगतिवादी समालोचक गोविन्द भट्टले “प्रगतिवादी साहित्य वास्तविक यथार्थ र वैज्ञानिक पद्धतिद्वारा संसार प्रतिको दृष्टिकोणलाई औँल्याउने शोषित, पीडित वर्गको हित-रक्षा र मार्क्सवादी विश्व दृष्टिको आधारबाट संरचित हुने साहित्यिक मान्यता हो भनेका

---

१ बासुदेव त्रिपाटी,कृष्ण प्रसाद पराजुली (सम्पा.) नेपाली बृहद शब्दकोश नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं, वि.सं. २०६० पृ. ८१३
२ बेलेन्स्की तथा दोब्रोल्युबोव ‘दर्शन साहित्य और आलोचना’ (अनुवादक नरोत्तम नागर) परिकल्पना प्रकाशन, लखनउ, सन् १९७१, पृ.१३५
३ डा. ॠषिराज बराल, प्रगतिवादी काव्यिक आन्दोलन, पूर्वाञ्चल साहित्य प्रतिष्ठान, बिराटनगर, वि.सं. २०५२, पृ ५०१
४ कृष्णचन्द्रसिंह प्रधान, भन्ज्याङनिरै, कविता सङ्ग्रहको भूमिका, वि.सं.२००८, पृ.४२

छन् । प्रगतिवादी साहित्यले शोषक, सामन्त तथा चुसाहा वर्गप्रति घृणा र उत्पीडित वर्ग प्रति स्नेह, श्रद्धा र सहयोग जागृत गराउन सहयोग पुऱ्याउँछ । प्रगतिवादी साहित्य जीवन मूलक साहित्य हो, यसले मानवीय जीवनको अग्रगामी चिन्तन अँगालेको हुन्छ । प्रगतिवाद द्वन्द्वात्मक भौतिककवादको आधारमा जीवन जगतको व्याख्या गर्ने र जीवन सङ्घर्षका माध्यमबाट सामाजिक सुधार तथा समुन्नतिको स्वप्न साकार पार्न चाहने जीवनवादी साहित्यिक मान्यता हो[५]।

सर्वहारा वर्गीय दृष्टिकोण अँगाल्नु, सामूहिक उन्नतिमा विश्वास गर्नु, व्यक्तिगत स्वार्थको विरोध गर्नु, शोषक वर्गका विरुद्ध हुने संङ्घर्षको दृढतापूर्वक समर्थन गर्नु नै प्रगतिवाद हो भन्ने निनु चापागाईको भनाइ पाइन्छ[६]। प्रगतिवादी साहित्यकार पारिजातले साहित्य र राजनीतिमा पाइने भिन्नतालाई प्रष्ट्याउने सन्दर्भमा समाजको गतिशीलता, उत्पादन सम्वन्ध, परिवर्तनकारी चाहना, निर्णायक त□व तथा वर्गसङ्घर्षको समग्ररुप मुलुकको राजनीतिमा आधारित हुन्छ र त्यही राजनीतिबाट निर्देशित गतिशील विचार प्रवाहकका रुपमा प्रगतिवादी साहित्यलाई लिइएको छ । प्रगतिवादी साहित्य सर्वहारावर्गको साझा उद्देश्यको एउटा अंश हो जहाँ सम्पूर्ण मजदूरवर्गको वर्गचेतना सशक्त भएर मुखारित भएको हुन्छ । यसले महान जनवादी क्रान्तिका लागि एक मिसायलको काम गर्दछ । यो जनवादी पार्टीको सङ्गठित योजनावद्ध र समायोजित कार्यको उपादान पनि हो । क्रान्तिकारी परिवर्तनका लागि साहित्य र कलाको महत्वपूर्ण भूमिका हुन्छ । उसलाई अझ प्रभावकारी र गुणात्मक वनाउन पार्टी प्रतिवद्धताको आवश्यकता पर्दछ । राजनीतिका क्षेत्रमा साम्यवाद सामाजिक क्षेत्रमा समाजवाद र दार्शनिक क्षेत्रमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको परिमार्जित विचार धारा नै साहित्यका क्षेत्रमा प्रगतिवाद हो[७]।

प्रकृति र सामाजिक जीवनको व्याख्या र विश्लेषणमा मार्क्सवादले द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादलाई आधार वनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनवाट प्रभावित र अनुप्राणित साहित्य सिद्धान्त नै प्रगतिवादी सिद्धान्त हो भनेर

---

५ हीरामणी शर्मा पौडेल रचना विवेचना प्रकाशक इन्दिरा शर्मा पौडेल, वि.सं. २०४६, पृ १२४
६ निनु चापागाई यथार्थवादी रचना दृष्टि र विवेचना वि.सं. २०५०, पृ.४२
७ नेपाली साहित्य कोश नेपाल राजकीय प्रज्ञा. प्रतिष्ठान,काठमाण्डौं वि.सं.२०५६ पृ.४९३

पनि प्रगतिवादको परिभाषा गरिएको पाइन्छ[८]। कुनै लेखक होस वा कलाकार जसले जनताको सेवा गर्ने, जनतालाई सचेत एंवम् संङ्घर्षशील वनाउने, क्रान्तिलाई सहयोग गर्ने, नौलो जनवाद, समाजवाद, र साम्यवादको उद्देश्यप्रति निष्ठावान एंवम् प्रतिवद्ध भएर अघि वढ्ने चाहना राख्छ उसका लागि साहित्यमा राजनैतिक मापदण्ड मूख्य भएर आउनु अनौठो कुरा होइन । मार्क्सवादी, भौतिकवादी सामाजिक तथा राजनैतिक चेतनाको भावात्मक या सौन्दर्यात्मक अभिव्यक्ति नै प्रगतिवाद हो[९]। साहित्य र कलालाई मानवीय यथार्थसँग जोड्ने मार्क्सवादी साहित्य चिन्तनले प्रगतिवादको स्वरुप निर्धारण गरेको छ । साहित्यमा जसलाई प्रगतिवाद भनिन्छ यथार्थमा त्यो मार्क्सवाद कै साहित्यिक अवतरण हो[१०]। प्रगतिवादले मार्क्सवादलाई नै आफ्नो दार्शनिक धरातल बनाएको र त्यस दर्शन अनुरुप मानव समाजको इतिहास वर्गसङ्घर्ष युक्त भएको तथा त्यस वर्गसंङघर्षमा सर्वहारा वर्गको पक्ष लिने शोषण, उत्पीडन, दमन अन्याय अत्याचारका विरुद्ध विद्रोह र क्रान्तिको आव्हान गर्ने साहित्य सिद्धान्त नै प्रगतिवाद हो[११]।”

साहित्य एंवम् कला विचारधारा कै एक रुप हो । कला साहित्य समाजको आर्थिक तथा भौतिक जीवनबाट उत्पन्न हुने र त्यसैमा आधारित हुने गर्छ[१२]। साहित्य हाम्रो उद्देश्य प्राप्त गर्ने सिद्धान्तका प्रचार क्षेत्रको एउटा सशक्त साधन हो, यस्तो साहित्य सर्वहारावर्गको लागि वैचारिक तथा सैद्धान्तिक अस्त्र पनि हो[१३]। निरङ्कुशता विरुद्व, शोषण, दमन र उत्पीडन विरुद्व अर्थात् नौलो जनवादी क्रान्तिको पक्षमा मार्क्सवादको सौन्दर्यशास्त्रमा आधारित, वैचारिक कलात्मक तथा सैद्धान्तिक विचारलाई प्रत्येक लेखक तथा कलाकारको कलमले समुद्घाटित गर्नु पर्छ त्यही नै प्रगतिशीलता हो भन्ने विचार प्रगतिशील लेखक सङ्घको प्रथम अधिवेशनको उद्घाटन भाषण गर्दै कवि युद्धप्रसाद मिश्रले व्यक्त गरेका छन् ।

---

८ देवि प्रसाद गौतम प्रगतिवादः परम्परा र मान्यता, प्रकाशक मुना गौतम,काठमाण्डौं, वि.सं. २०४९, पृ. ४९
९ चैतन्य कमल, साहित्यिक त्रैमासिक पत्रिका, अंक ४, पृ ६८
१० डा. ॠषिराज वराल, प्रगतिवाद, हाम्रो साहित्य सदन विराटनगर, वि.सं.२०४९, पृ.४८
११ डा. जगदिश चन्द भण्डारी,**प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि,** (प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण, वि.सं.२०५५, काठमाण्डौं पृ. २५
१२ मार्क्स,एङ्गेल्स, ‘लिट्रेचर एण्ड आर्ट’ करेन्ट बुकहाउस बम्बइ, सन् १९५६, पृ.४०
१३ माओत्सेतुङ, मार्क्सवाद समाज र साहित्य, (अनुवादक शक्ति लम्साल) ऐरावती प्रकाशन, काठमाण्डौं, वि.सं. २०६३, पृ १०९-१११

कला साहित्यका उद्भवको स्रोत समाज हो । समाजवादी मार्क्सवादी विश्वदृष्टिकोणबाट उद्भव साहित्य नै प्रगतिवादी साहित्य हो । जसमा द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादको सौन्दर्य चेतना कलात्मकताका साथ अभिमुख भएको हुन्छ । प्रगतिवादी लेखक तथा कलाकारहरुका साहित्यमा ऐतिहासिक परम्पराको बोध, विश्व साहित्यिक रुपरेखाको ज्ञान, मानवीय इतिहास, श्रम र कलाचैतन्यको सम्वन्ध, वर्ग प्रतिनिधि र व्यक्ति प्रतिनिधि पात्रका बीचको द्वन्द्वात्मक सम्बन्ध, शिल्प सम्वन्धी साहित्यिक दृष्टिकोण, मानव चरित्रको विस्तारमा, लोक जीवनमा प्रतिविम्वित सामाजिक, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवाद वीचको सम्वन्धमा पूर्ण ज्ञान गराइएको हुनुपर्छ भन्दै म्याक्सिम गोर्कीले प्रगतिशील रुसी लेखकहरुको प्रथम अधिवेशन सन् १९३४ मा समाजवादी यथार्थवादको व्याख्या गर्दै आफ्नो धारणा व्यक्त गरेका छन्[१४] ।

प्रगतिवादी साहित्य मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित शाश्वत सत्य र जनजीवनको यथार्थतासँग जोडिएको हुन्छ[१५]।"अष्ट्रियाली काव्य चिन्तन परम्पराको प्रगतिवादसम्वन्धी मान्यतामा "आर्न्स्ट" फिसरको अवधारणलाई अग्रस्थानमा लिन सकिन्छ । उनले पूँजिवादी समाज व्यवस्था भित्र देखा परेका कलावादी आन्दोलन तथा कला प्रवृत्तिहरुको मार्क्सवादी व्याख्या गरेका छन् । उनका अनुसार मानवीय श्रम र कला साहित्यको उद्भव आदिम भाव र आदिम कला साहित्यका बीचको सम्वन्धवाट प्राप्तभएको हो जसमा पूँजीवादी समाज व्यवस्था हुँदै पूँजीवादी कला साहित्य र समाजवादी सामाजिक व्यवस्था हुँदै समाजवादी कला साहित्यको उद्भव र विकास हुँदै आएको देखिन्छ । चिनियाँ चिन्तन परम्परामा वस्तुगत सौन्दर्यवादी लेखक तथा कलाकार एंवम् कविहरु देखापरेपनि, उनीहरुले वस्तु यथार्थलाई सैद्धान्तिक (दार्शनिक) प्रतिवद्धता पूर्वक प्रदान गरिने विशिष्ट आदर्श नै प्रगतिवादको स्वरुप हो भन्ने कुरा स्वीकार गरेका छन् । उनीहरुले सर्वहारा मानवतावादमा विशेष जोड दिएको देखिन्छ[१६] ।

---

१४ नारदमनी हर्तमुछ्याली, केही प्रगतिशील प्रतिमाहरू, (संकलन) प्रगति प्रकाशन काठमाण्डौं, वि.सं.२०४५, पृ.३०
१५ क्रिष्टोफर कडवेल, बिभ्रम औ यथार्थ, राजकमल प्रकाशन, नयाँदिल्ली, सन् १९९०, पृ १७
१६ देवीप्रसाद गौतम, प्रगतिवाद परम्परा र मान्यता, पूर्ववत्, पृ.७८

### २.१.३ प्रगतिवादको पृष्ठभूमि

प्रगतिवादी कला साहित्यसम्वन्धी चिन्तन भनेको मार्क्सवादी साहित्य चिन्तन हो । तसर्थ स्वाभाविक रुपले प्रगतिवादी साहित्य चिन्तनको आरम्भ मार्क्स तथा एङ्गेल्सका दार्शनिक प्रयासका प्रभावबाट भएको हो भन्न सकिन्छ तापनि साहित्य चिन्तनका सन्दर्भमा मार्क्स एङ्गेल्सका वैज्ञानिक अवधारणाहरु आउनुभन्दा अघि नै दर्शन र साहित्यको क्षेत्रमा यथार्थवादी चिन्तन परम्पराको थालनी भै सकेको थियो र यसैबाट प्रगतिवादी साहित्य चिन्तनको पृष्ठभूमि पनि निर्माण हुन सकेको थियो । त्यसैले यथार्थवाद नै प्रगतिवादको निकटतम सैद्धान्तिक तथा प्रायोगिक पृष्ठभूमि हो[१७]। यसले आफ्नो सैद्धान्तिक स्वरुप चाहिँ उन्नाइसौं शताव्दीको उत्तरार्ध्दमा आएर ग्रहण गरेको देखिन्छ । प्राचीन ग्रीसेली दार्शनिकहरु 'डेमोक्रेट्स' तथा एपिक्युरसका साहित्यिक चिन्तन तथा पूर्वेली भोगवादी दार्शनिक चार्वाकको भौतिकवादी मान्यताभित्र यथार्थवादको बीज खोज्न सकिन्छ तापनि दर्शन तथा साहित्यका क्षेत्रमा यथार्थवादले खास अस्तित्व ग्रहण गरेको चाहिँ सत्रौं शताव्दी देखि मात्र हो । यसै सन्दर्भमा वेलायती दार्शनिकहरु फ्रान्सिस बेकन र जोन लेक तथा फ्रान्सेली दार्शनिक रेनेडेकार्ट र अगस्तस् काम्टका दार्शनिक चिन्तनबाट यथार्थवादले आफ्नो स्वरुप ग्रहण गरेको हो भनिएको छ [१८]।"

सत्रौं शताव्दीबाट सैद्धान्तिक रुपमै सुरु भएको यथार्थवादी साहित्य चिन्तन परम्पराले अठारौं शताव्दीमा आएर नयाँमोड लिएर, नयाँ नयाँ रुप र आकार ग्रहण गर्न सक्षम भएको देखिन्छ । अठारौं शताव्दीको यथार्थवादी मान्यताले व्यक्तिलाई सामाजिक परिवेशसँग जोड्दै साहित्यमा सामाजिक यथार्थताको प्रतिविम्व उतार्ने प्रवृत्तिलाई आत्मसात गरेको छ । फ्रान्सेली राज्यक्रान्तिले सन् १७८९ मा सामन्तवादको अन्त्य गरी स्थापना गरेको पूँजीवादले नयाँ युगको आमन्त्रण मात्र नगरेर नयाँ पुस्ताको प्रगतिशील विशेषता सँगसँगै पूँजीवादका नव विसङ्गतिहरु तथा अनेक अन्तर विरोधहरुलाई पनि अगाडि ल्याउन सफल भएको थियो । यथार्थवादी दृष्टि र परम्पराले गर्दा अठारौं शताव्दीको

---

१७ घनश्याम कँडेल, पाश्चात्य यथार्थवादी नाटक, प्रकाशक श्रीमती सुभद्रा उपाध्याय, काठमाण्डौं, वि.सं.२०४६, पृ.४८
१८ शिवकुमार मिश्र, मार्क्सवादी साहित्य चिन्तन, हिन्दी ग्रन्थ अकादमी, मध्यप्रदेश, भोपाल, सन् १९७३, पृ.४०

सामाजिक, साहित्यिक तथा दार्शनिक सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेको विचार "राल्फ फक्स" ले व्यक्त गरेका छन्*। उनका अनुसार यथार्थवादले सामन्तवादी समाजका भ्रष्ट आदर्शहरु तथा पतनशील आचरणहरुको भण्डाफोर गर्दै नव पूँजिवादका नकारात्मक प्रवृत्तिहरुको आलोचना र पर्दाफास गर्ने कार्यमा महत्वपूर्ण उपलव्धि हासिल गरेको छ, तर युगीन सङ्घर्षको वैज्ञानिक विवेचना तथा रचनात्मक समाधान खोज्न भने सकेको छैन ।

वास्तवमा अठारौँ शताव्दीका यथार्थवादले समाजका द्वन्द्वात्मक संरचनाको विश्लेषणात्मक अध्ययन गर्न नसक्दा त्यही रिक्तताको पृष्ठभूमिवाट प्रगतिवादको जन्म भएको हो । समग्र मानव चेतना र मानवीय सामर्थताका दृष्टिले उन्नाइसौँ शताव्दी युगान्तकारी तथा क्रान्तिकारी शताव्दीका रुपमा स्थापित भएको मानिन्छ । यसै शताव्दीमा मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले समाज विज्ञानको विकासका सर्न्दभमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । डार्विनको विकासवादले जीव विज्ञानका क्षेत्रमा नवीन क्रान्तिकारी सिद्धान्तको प्रतिपादन गरे झैँ दर्शनका क्षेत्रमा विकसित भएको द्वन्द्वात्मक भौतिकवादको वैज्ञानिक तथा क्रान्तिकारी दृष्टिकोणले पुराना आदर्शवादी र भाववादी चिन्तन परम्परालाई खण्डित तुल्याएको छ । यस्तो वैज्ञानिक तथा यथार्थपरक चिन्तनको प्रभाव कला र साहित्यको क्षेत्रमा पनि पर्याप्त मात्रामा परेको र यसको परिणाम स्वरुप सत्रौँ तथा अठारौँ शताव्दीमा अस्तित्वमा आएको यथार्थवादले उन्नाइसौँ शताव्दीमा आएर पूर्णतः विज्ञान सम्मत रुप प्राप्त गर्न सफल भएको र समृद्ध तथा परिस्कृत पनि हुन सकेको बोध हुन्छ ।

यसरी उन्नाइसौँ शताव्दीको उत्तरार्द्धमा विशेष गरी मार्क्स तथा एङ्गेल्सका द्वन्द्वात्मक भौतिकवादी दार्शनिक मान्यताबाट अनुप्राणित भै यथार्थवादको नयाँ परिष्कृत रुप देखा पर्‍यो । त्यही यथार्थवादको परिस्कृत रूप मार्क्सवादबाट सर्वस्वीकृत भई प्रगतिवादका रूपमा विश्व साहित्यको क्षेत्रमा देखा परेको हो । प्रगतिवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित, साहित्य सिद्धान्त हो । यसले सामाजिक यथार्थतालाई द्वन्द्वात्मक सन्दर्भबाट विश्लेषण गर्दछ । यही विशेषताका कारण प्रगतिवादलाई यथार्थवादको उत्तराधिकारी भनिएको हो ।

---

* राल्फ फक्स, उपन्यास और लोक जीवन (अनुवादक), नरोत्तम नागर, पिपुल्स पब्लिसिङ हाउस, नयाँदिल्ली, सन् १९५७, पृ.२०१

प्रगतिवादको पृष्ठभूमिको चर्चा गर्दा स्वाभाविक रुपमा यथार्थवादको प्रयोग अगाडि आउन सक्छ । मार्क्स पूर्व अर्थात् भौतिकवादी दर्शनको विकास पूर्व पनि भौतिकवादी चिन्तनका प्रयासहरु नभएका होइनन् र त्यसैबाट भौतिकवादको विकासमा सहयोग पुगेको देखिन्छ । कला तथा साहित्यको विकासमा मार्क्स पूर्वको प्रगतिवादले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसै सन्दर्भमा जीवन दर्शन र सामाजिक यथार्थताका दृष्टिले कला साहित्यका संरचनाको अध्ययन गर्दा फ्रान्सेली चिन्तक सेन्टव्यूभ र हिप्पोलाइट टेन तथा रुसी चिन्तकहरु वेलिन्सकी चर्निशेव्सकी, द्रोब्रोल्यूवोव, तथा तोल्सतोयको प्रयासबाट यथार्थवादले उचाई ग्रहण गरी प्रगतिवाद तर्फ उन्मुख भएको हो भन्ने थाहा पाउन सकिन्छ । कला साहित्यको क्षेत्रमा मार्क्सवादी दर्शनका अवधारणाको उठान पूर्व नै अस्तित्वमा आइसकेको यथार्थवादी चिन्तन परम्परा प्रगतिवादको पृष्ठभूमिका रुपमा आएको देखिन्छ । उन्नाइसौं शताव्दीका वहुचर्चित प्रतिभाहरु तोल्सतोय, वेलिन्सकी, चर्निशेव्सकी र दोब्रोल्यूबोब जस्ता मार्क्स-एङ्गेल्सका पूर्ववर्ती चिन्तक एवम् सर्जकहरुको श्रेष्ठतम वैचारिक प्रयासबाट कला साहित्यमा भौतिकवादी चिन्तनको विकास भएको हो । यी चिन्तकहरुले मानवीय जीवनदेखि भिन्न वा असम्बद्ध साहित्यप्रति आस्था प्रकट गरेको पाइन्न । कला साहित्यले मानव जीवनलाई सम्पन्न बनाउँछ र लक्ष्यमा पुऱ्याउँछ भन्ने उनीहरुको मान्यता रहको देखिन्छ । उनीहरुले समग्र मानव जीवनको संवेदनात्मक अवस्थालाई प्रभावकारी ढङ्गले आ-आफ्ना कृतिमा प्रतिविम्वित गरेका छन् । यसरी भौतिक जगत्को यथार्थतालाई विज्ञान सम्मत दर्शनका धरातलमा उभ्याएर यथार्थवादका मूल्य र मान्यतालाई सामाजिक जीवनको सम्वद्धतामा लोक कल्याणकारी वनाउँदै जीवन प्रतिको निष्ठा र सौन्दर्यको पृष्ठभूमिबाट प्रगतिवाद अथवा मार्क्सवादी कला चिन्तन समुन्नत हुँदै आएको देखिन्छ ।

## २.२ प्रगतिवादका मूलभूत मान्यता

सामन्तवादी जीवन दर्शनको विरुद्ध विश्वमा देखापरेका विभिन्न आन्दोलन र त्यसका प्रभाववाट प्रगतिवादी धाराको जन्म भएको हो । यसले विश्वव्यापी रुपमै सामन्तवाद तथा साम्राज्यवादको विरोध गर्दछ । प्रगतिवादी साहित्यले सामाजिक, आर्थिक, राजनैतिक, तथा साँस्कृतिक क्षेत्रमा हुँदै र गरिँदै आएका शोषण, दमन, उत्पीडन तथा अन्याय, अत्याचार

भ्रष्टाचार आदिका विरुद्ध सर्वसाधारण जनतालाई सचेत र सङ्गठित रहन प्रेरित गर्दछ भन्ने डा.जगदीशचन्द्र भण्डारीको मत रहेको छ*। युग जीवनका यथार्थताबाट निकट रहेको प्रगतिवादले सामन्तवाद र साम्राज्यवादको विरोध गर्दै अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनलाई आफ्नो विषयवस्तु वनाएर विश्वका भोका, नाङ्गा तथा सर्वहारा वर्गप्रति आस्था तथा सहानुभूति प्रकट गर्दछ भन्ने रत्न वान्तवाको भनाइ पनि उल्लेखिय छ।

प्रगतिवादले परम्परागत रुपले समाजमा विद्यमान सामाजिक कु-संस्कार र असमान प्रवृत्तिको घोर भर्त्सना गर्दछ र मार्क्सवादी सौन्दर्यशास्त्र अनुसार साहित्य तथा कलाको सिर्जना गर्न चाहन्छ। प्रगतिवादी साहित्य जनताको साहित्य भएकाले यस्तो साहित्य सरल, सहज तथा सर्व संवेद्य हुनुपर्छ।

मार्क्सवादी दृष्टिकोण प्रगतिवादको आफ्नो दार्शनिक धरातल भएको हुनाले सामन्तवादी सामाजिक व्यवस्थाको तीव्र विरोध तथा साम्राज्यवाद एंवम् पूँजीवादका नकारात्मक प्रवृत्तिहरुको विरोध नै यसका मूलभूत विशेषता रहेका पाइन्छन्। त्यस्तै सामाजिक यथार्थता र वर्गसङ्घर्षको चित्रण, बालबालिका तथा जाति-जनजातिप्रतिका शोषणको विरोध यसका विशेषता हुन्। त्यस्तै राष्ट्र, राष्ट्रियता र राष्ट्रिय जागरणप्रति सचेतता, समतामूलक समाजको सिर्जनामा जोड, आमूल परिवर्तनकारी क्रान्ति र शक्तिमा विश्वास, मानवतावादप्रति विश्वास, जस्ता विशेषताहरुद्वारा पनि प्रगतिवादी साहित्यको स्वरुप सिर्जना भएको पाइन्छ। यसका मूलभूत विशेषता, प्रवृत्ति र स्वरूपको चर्चा यहाँ निम्न प्रकारले गरिएको छ।

### २.२.१ सामन्तवाद विरोधी

प्रगतिवाद मूलतः सामन्तवादी सामाजिक संरचनालाई सहयोग पुऱ्याउने राजनैतिक व्यवस्थाको विरोधी हो। यो निरङ्कुश शासकहरुद्वारा शासित समाजको जीवन कष्टकर हुन्छ भन्ने विचार प्रवाह गर्ने साहित्यिक सिद्धान्त हो। यसले सामन्त वर्ग र अभिजात्य वर्ग वीचको द्वन्द्व प्रस्तुत गर्दै सर्वहारा वर्गले भोग्नु परेका उत्पीडनका स्वरुपलाई व्यक्त गरेको छ। प्रगतिवादद्वारा समता मूलक समाज निर्माणका लागि आग्रह गरिएको पाइन्छ। प्रगतिवादले

* जगदीशचन्द्र भण्डारी, प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास, (अप्रकाशित) विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. वि.सं. २०५३, पृ. २३५

समाजमा रहेका शोषक वर्गप्रति घृणा र आक्रोशको भावना व्यक्त गरेको हुन्छ र विद्रोहात्मक क्रान्तिराग उरालेको हुन्छ ।

### २.२.२ साम्राज्यवाद र पूँजीवाद विरोधी

प्रगतिवादले, पूँजीवादको उन्नत रुप साम्राज्यवादलाई बहु-सङ्ख्यक मानवजातिको लागि एउटा त्रासदीय व्यवस्थाका रुपमा स्वीकार गरको छ । आर्थिक क्षेत्रमा विश्वलाई पराधीन बनाएर विस्तार गरेको साम्राज्यवादको विरोध गर्दै प्रगतिवादले साम्राज्यवाद तथा पूँजीवादका नाइकेहरू प्रति घृणा र विद्रोहभाव प्रकट गर्दछ । मान्छेको सामूहिक उन्नति र प्रगतिको भावनालाई नष्टगरी मान्छेलाई व्यक्तिवादी सङ्कीर्णता तर्फ उन्मुख गराउने, समाजमा शोषक–शोषित, धनी-गरीव ठूलो-सानो र विभिन्न जात जाति तथा छुत अछूतको पर्खाल उभ्याएर सामाजिक स्वार्थलाई धराशायी पारी व्यक्तिवादी हित स्वार्थको संवर्धन गर्ने पूँजीवादी वा सामन्तवादी, साम्राज्यवादी वा विस्तारवादी धारणाको विरोध र विद्रोह नै प्रगतिवादको मूल प्रवृत्ति वा बिषेशता हो भन्न सकिन्छ ।

### २.२.३ वर्गसङ्घर्षको विश्लेषण

सामन्तवादी पूँजीवादी शक्तिद्वारा सिर्जित असमान वर्ग व्यवस्था, शोषक र शोषितवर्ग वीचको भिन्नता, छुत र अछूत ,वीचको वैषम्यता, समाजमा बढ्दै गरेको वर्ग तथा वर्ग सङ्घर्षको चित्रण गरी समतामूलक समाजको सिर्जना तर्फ मानवीय चेतनालाई जागृत गराउनु प्रगतिवादको मूल प्रवृत्ति रहेको पाइन्छ । युगौँयुग देखि सामन्ती व्यवस्थाद्वारा उत्पीडित जीवन पद्धतिको आर्थिक, सामाजिक, साँस्कृतिक, नैतिक तथा धार्मिक प्रयोगको चित्रण र पूँजीवादी शोषणका विभिन्न स्वरुपहरुको समुद्घाटन गर्नु पनि प्रगतिवादको कार्यक्षेत्र हो ।

आदिम युगदेखि विद्यमान अवस्था सम्मको सामाजिक संरचनालाई कालक्रमिक रुपले विश्लेषण गर्दा सामन्त वर्गबाट गरिँदै आएका निर्दयी, क्रूर तथा दानवी व्यवहार र पूँजीको आधारमा गरिने विभेद तथा श्रमजीवी वर्गका श्रम र पसिनाको शोषण जस्ता प्रवृत्तिबाट आक्रान्त भएको समाजलाई नवीन युग चेतनाद्वारा ब्युँझाउँदै पूँजीवादी तथा सामन्तवादी शक्तिप्रति विद्रोहात्मक क्रान्ति चेतना फैलाउने र संसारका बहुसंख्यक श्रमजीवीवर्गको सङ्घर्षलाई सङ्गठित गराउने कार्यमा प्रगतिवाद सदा समर्पित रही आएको देखिन्छ ।

प्रगतिवादको कथ्य वा अन्तर्वस्तु काल्पनिक वा अयथार्थमा आधारित हुँदैन । यो सामाजिक, वास्तविक र यथार्थ घटना, परिघटनामा आधारित हुन्छ । प्रगतिवादी साहित्यले समाजका निम्न वर्ग जस्तै किसान, मजदूर, ज्यामी, हली, खेताला, गोठाला आदिजस्ता जीवनभर पसिना चुहाइ यस धर्तीलाई सिँगार्न जुटेकाहरुको जीवन कथालाई उजागर गरेको पाइन्छ । त्यस्ता भोका, नाङ्गा, गरीव र सर्वहारावर्गको जनजीवनमा प्रवेश गरी प्रगतिवादले यथार्थको चित्रण गरेको देखिन्छ भने त्यस वर्ग भित्र रहेको मानसिक विद्रोह र आक्रोश समेतको सूक्ष्मढङ्गबाट प्रतिविम्वित गर्न सफल रहेको छ । यसरी प्रगतिवादले समाजमा विद्यमान वर्ग र वर्गसङ्घर्षको चित्रण गर्दै समाजमा समतामूलक सामाजिक सुव्यवस्था कायम गर्ने प्रयत्न गरेको देखिन्छ । उदाहरण

छाप्रो चाहिँ हुँदैछ दिन दिन खतम दर्बार चाहिँ खडा
बारीका तटबाट बग्दछ कुलो रित्तो छ हाम्रो घडा

युद्धप्रसाद मिश्रका कविताहरू क्रान्तिकारीको नाउँमा एउटा तार पृ.२०

### २.२.४ अन्धवाद तथा रुढिवाद विरोधी

प्रगतिवाद सामन्तवादी सामाजिक संरचनाद्धारा सिर्जित धार्मिक अन्धवाद, आडम्वरपूर्ण धार्मिकता तथा रुढिवादी धार्मिकतामा विश्वास गर्दैन । धर्मका नाममा गरिने मान्छे मान्छे वीचको भेदभाव, छुवाछूत, सतीप्रथा, वोक्सीप्रथा, दासप्रथा वालविवाह, कुमारीप्रथा, विधवाप्रथा, अनेकथरी टुना मुना र मन्त्र तन्त्रहरु सामन्तवादी व्यवस्थाले आफ्नो वर्ग हितको लागि सिर्जना गरेको हुँदा यस्ता अवैज्ञानिक प्रथाहरुको प्रगतिवादले पूर्णतया विरोध गर्दै प्रगतिशील जनवादी तथा विज्ञान सम्मत सभ्यता र सँस्कृतिको स्थापना गर्न चाहन्छ । परम्परागत अन्ध धारणा तथा भाग्यवादका विरुद्ध विश्व मानवसमुदायलाई जागरुक गराउनु वर्गीय भावनाको उठान गर्नु, नारी शोषण, स्वर्ग–नर्क सम्बन्धी भावना, भाग्य प्रतिको आस्था सामाजिक अज्ञानता आदिबाट विद्यमान समाजलाई सचेत गराउनु पनि प्रगतिवादको कार्य हो ।

आजको विश्वमा देखिएका अनेक प्रकारका धर्महरुले मानवीय समाजलाई विखण्डित तुल्याएको छ । सवै धर्मावलम्वीहरु आफ्नो धर्म र आफू मात्र ठूलो भन्दै विश्व मानव समुदायलाई दिग्भ्रमित गरिरहेका छन् । यसले गर्दा समाजमा धार्मिक विभेदको स्थिति

सिर्जना भएको छ । पूँजीवादीहरु सामन्तवादी सँस्कृतिको रक्षागर्न कम्मर कसेर लागेका हुन्छन् भने प्रगतिवादीहरु यस्तो अन्धवादको विरोध गर्दै वैज्ञानिक तथा सुसंस्कृत जनवादी सँस्कृतिको स्थापनातर्फ सङ्घर्षशील रहेका देखिन्छन् । उदाहरण

छेक्ने जागृति कर्मकाण्डहरूका पाना उडाई दिने
सारा दूषण सम्प्रदाय मतका छाना उडाई दिने
आँधि बर्बर नीतिका बिबिध छौं वाना उडाई दिने
दर्बारी जय गीत बाद्यहरूका ताना उडाई दिने 		युद्धप्रसाद मिश्र, ब्युँझेको व्यथा १/५

### २.२.५ महिला शोषण विरोधी

सामन्तवादी, पूँजीवादी व्यवस्थाले महिलाप्रति गरेको दुर्व्यवहार र महिलालाई उपभोग्य साधनका रुपमा प्रयोग गर्दै आएको सामाजिक संरचनाप्रति प्रगतिवाद तीव्र विरोध गर्दछ । सामन्ती समाजमा रहेका कुसंस्कार रुढिवादी चाल-चलन, आचार-विचार र संस्कारले गर्दा समाजमा महिलाहरु यन्त्रवत भएका देखिन्छन् । उनीहरु स्वतन्त्र देखिँदैनन्  खासगरी पूँजीवादी व्यवस्थाबाट सञ्चालन भएका अविकसित तथा अल्पविकसित मुलुकहरुमा त महिलाहरुको कुनै अस्तित्व रहेको पाइन्न । समाजका हर्ताकर्ताको रुपमा रहेका पुरुषवर्गले नारीलाई पर्दा भित्र दासी वनाई गरेको शोषण वर्तमान युगसम्म आइपुग्दा पनि पर्दा बाहिर आउन सकेको छैन । समाजका नियम कानून, विधिविधानहरू पुरुषकै पक्षमा संरचित छन् । नगरवधूका रुपका गरिएको नारी शोषणले हालसम्म मुक्ति पाउन नसकेको स्पष्ट छ । विधवाप्रथा, कुमारीप्रथाको असङ्गति पूर्ण व्यवहारले पनि महिला वर्गप्रतिको शोषण पराकाष्ठामा पुगेको देखिन्छ । त्यस्तै घुम्टो प्रथामा बस्नु पर्ने प्रथाले पनि नारीहरुको मानवीय अस्तित्व छोपिएको अनुभव हुन्छ ।

यसरी शोषित भएका संसारका नारीहरुलाई आफ्नो अधिकारका लागि सङ्गठित भएर सङ्घर्ष गर्न प्रगतिवादले आव्हान गर्दछ । विश्वबासी नारीहरुले स्वतन्त्रता र न्यायिक अधिकार प्राप्त नगरी प्रगतिशील सामाजिक रुपान्तरण हुन सक्तैन भन्ने निष्कर्षका साथ प्रगतिवादले संसारका सबै नारीहरुले न्याय, सामाजिक स्वतन्त्रता र मुक्ति पाउनु पर्छ भनेर शङ्खघोष गरेको पाइन्छ ।

उदाहरण

बन्द पर्खालभित्र थुनिएका

ए ! विश्वबासी नारीहरू हो ।

युगले शङ्खनाथ गरिसकेको छ ।

घुम्टोभित्र रहेका,

जाली प्रथालाई फाली

न्याय, स्वतन्त्रता र मुक्तिका लागि

आफ्नो अधिकार र अस्तित्वका लागि

एक भएर

सङ्घर्षको मैदान तर्फ लाग । जी. भण्डारीका कविताहरू पृ. १९

### २.२.६ परिवर्तनकारी शक्ति प्रतिको विश्वास

प्रगतिवादले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणलाई आत्मसात गरी त्यसकै आधारमा समाजमा रहेको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन, वर्गीय द्वन्द्व तथा विभेद आदिको पर्यवेक्षण तथा विश्लेषण गरेको छ । मान्छेद्वारा नै मान्छेको शोषण गरिने प्रथाको अन्त्य गर्न सर्वहारा वर्गीय क्रान्तिकारी शक्तिबाट राज्य शासनप्रणाली संञ्चालित हुनुपर्छ अनिमात्र सर्वहारावर्गको मुक्ति हुन सक्छ भन्ने प्रगतिवादको धारणा रहेको पाइन्छ ।

मार्क्स-लेनिन तथा माओका सैद्धान्तिक अवधारणाबाट समुन्नत हुन पुगेको प्रगतिवादले आमूल परिवर्तनकारी शक्ति प्रति पूर्ण भरोसा व्यक्त गरी विश्व मानव समुदायमा मार्क्सवाद भोका, नाङ्गा तथा सर्वहारा वर्गलाई गोलबन्ध गरी आमूल परिवर्तनकारी दिशा तर्फ अग्रसर हुन आव्हान गर्दछ । उदाहरण

सक्ने भै तिमी रक्तक्रान्ति गरने नीति छ नेता उठ

साँच्चै शोषणमुक्त बन्नु छ भने यौटै मियोमा जुट ॥

युद्धप्रसाद मिश्र क्रान्तिकारीको नाउँमा एउटा तार पृ.२०

### २.२.७ सर्वहारा मानवतावादी विश्व दृष्टिकोण

सामन्तवादी पूँजीवादद्वारा संरचित व्यक्तिवाद र त्यसकै आदर्शतामा संस्थापित बुर्जवा मानवतावाद भन्दा पूर्णतया भिन्न रहेको सर्वहारा मानवतावादले वर्तमान विश्वमा मान्छेमाथि

मान्छेबाट हुने अन्याय, अत्याचार, असमानता, वेथिति र थिचोमिचोबाट संसारका किसान, मजदूर, गरीव तथा सर्वहारा वर्गलाई मुक्ति दिलाउने मार्गको खोजी गर्दछ । समाजवादी कम्यूनिज्मले वास्तविक सर्वहारा मानवतावादको व्यावहारिक रुपले संरक्षण गरेको छ भने प्रगतिवादले सर्वहारा मानवतावादको विश्व दृष्टिकोणलाई आफ्नो आदर्श मान्यता वनाई विश्वसामु प्रस्तुत गरेको देखिन्छ । उदाहरण

सुन मानिस हो ! हाम्रो हैन जातीय दुस्मनी
कालो गोरो पहेलाको रङ्गको हैन शत्रुता
हो हाम्रो शत्रुता खाली दुई सिद्धान्त बीचमा
अर्काको श्रम लुट्ने र लुटिनेहरू बीचमा
अर्काको देश मिच्ने र मिचिनेहरू बीचमा
रङ्गको भेद मान्ने र नमान्नेहरू बीचमा
जातीय श्रेष्ठता मान्ने, नमान्नेहरू बीचमा
दासत्व लाद्न खोज्ने र नमान्नेहरू बीचमा

देवासुर सङ्ग्राम, पेज नं. १०७

संसारका सबै मानव समुदायलाई वास्तविक स्वतन्त्रता र सामाजिक उत्पीडनबाट मुक्ति प्रदान गर्नु नै साम्यवाद हो । वस्तुतः साम्यवादी समाजको निर्माण नै मानवताबादको उत्कृष्ट लक्ष्य हो । सर्वहारा मानवतावादी विश्व दृष्टिकोणले मानवीय मूल्यका भावचैतन्यद्वारा मानव समाजमा अग्रगामी रुपान्तरण ल्याउन सकिन्छ भन्ने निर्देश गरेको छ । त्यो मानव मूल्यवादी विश्व दृष्टिकोणको पूर्ण अभिव्यक्ति हो ।

### २.२.८ समतामूलक समाज निर्माणको आग्रह

प्रगतिवादले विद्यमान समाजमा व्याप्त रहेको अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, सामाजिक तथा आर्थिक विभेद, छुवाछूत, जातपात, धार्मिक आडम्वर तथा विभेद आदिको विरोधमा मात्र जोड नदिएर नयाँ सामाजिक संरचनाको निर्माण गर्ने कुरामा पनि जोड दिन्छ। समाजलाई पुरानै रुप, रङ्ग तथा चाल ढालमा राखी आफ्नो स्वार्थपुरा गर्ने सामन्तवर्गको वर्गीय सोचलाई ध्वस्त पारी विद्यमान समाजको स्वरुपमा पूर्ण क्रान्तिकारी रुपान्तरण गरेर माात्र संसारका बहुसंख्यक श्रमजीवी जनतालाई न्याय दिलाउन सकिन्छ

भन्ने मार्क्सवादी विश्व दृष्टिकोण कै आधारमा प्रगतिवादले आफ्नो जीवन दृष्टि विश्व साहित्यको फाँटमा प्रस्तुत गरेको छ ।

प्रगतिवादले सामाजिक व्यवस्था परिवर्तनका लागि जनतालाई जागरुक गराउँछ । पुरानो व्यवस्थाप्रति वितृष्णा जगाउँछ, आमूल परिवर्तनकारी सङ्घर्षमा जनतालाई उत्प्रेरित गर्छ, जनतालाई आफ्नो कर्तव्यप्रति सजग गराउँछ । सामन्तवादी सँस्कृतिद्वारा उपेक्षित जनसमुदायलाई नयाँ सर्वहारावादी सामाजिक सँस्कृति प्रति सम्मोहित गराउँछ र समता मूलक समाजको सिर्जनामा सहयोग पुऱ्याउँछ ।

### २.२.९ राष्ट्रवादी स्वर :

प्रगतिवादले देशप्रति अनन्य भक्तिभाव पनि प्रकट गरेको हुन्छ । राष्ट्रलाई आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक तथा राजनीतिक रुपमा जर्जरपारी आफ्नो स्वार्थ पुरागर्ने शासक वर्गको विरोध गर्दै साम्राज्यवादी, उपनिवेशवादी तथा विस्तारवादी शक्तिका कारण राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमान माथि कुठाराघात भएको छ । यसरी आफ्नै राष्ट्रप्रति कुठाराघात गर्ने शासकवर्ग प्रति घृणाको भाव सिर्जना गर्दै राष्ट्रवादी भावनालाई उजागर गर्नु प्रगतिवादको अर्को विशेषता हो । उदाहरण

सम्प्रभुता महाप्राण राष्टको ढुकढुकी छ जो
पीडाले धरती छाम्दै आफैंभित्र हराइयो
म छैन देशमा आज देशका लागि छैन म
स्वार्थको जाल फालेर खोज्दैछु देशलाई म

जी. भण्डारीका कविताहरू, देशको खोजी,कविता, पृ.२९

## २.३ प्रगतिवादको सैद्धान्तिक आधार

प्रगतिवादी साहित्यका सैद्धान्तिक मान्यताहरु मार्क्सवादी मूल प्रस्थापनासँग सम्वद्ध रहेको पाइन्छ । मार्क्स, एङ्गेल्सले समाजको आर्थिक संरचनालाई मूल आधार मानी समाजका विभिन्न रुपहरुलाई यसै माथि उभिएको अधिरचना हो भन्ने ठानेका छन् । उनीहरुले कला साहित्य एंवम् सौन्दर्यशास्त्र सम्वन्धी धारणालाई विभिन्न वैचारिक रुपहरु मध्ये एउटा रुप हो भन्ने ठानेका छन् । सामाजिक रुपान्तरणले सौन्दर्य सम्बन्धी आवधारणा माथि प्रभाव

परेको हुन्छ र आर्थिक आधारले विकासको आधारभूत पक्ष अथवा निर्धारक शक्ति माथि प्रभाव पार्दछ । आर्थिक आधार नै समाज रुपान्तरणको प्रमुख आधार पनि हो भन्दै समाजको आरोह, अवरोह, उत्थान, पतन, कला, सँस्कृति, सभ्यता, शिक्षा, र स्वास्थ्य जस्ता मानवीय आधारभूत आवश्यकताका वस्तुहरु तथा साहित्य एंवम् कलाको सिर्जना आदि सबै समाजको आर्थिक आधारशिलामा खडा भएका हुन्छन ।

मार्क्स, एङ्गेल्सका अनुसार सामाजिक चेतना भनेको मानवीय समाजको विचार, दृष्टिकोण सैद्धान्तिक अवधारणा, वानी, व्यहोरा, रीति, सँस्कृति र शिक्षाको समुच्चय रुप हो । सामाजिक जीवनयापनका सन्दर्भमा समाजका प्रत्येक व्यक्तिहरु उत्पादनका विभिन्न गतिविधिमा संलग्न रहेका हुन्छन् । उत्पादनका सर्न्दभमा व्यक्तिहरु आर्थिक उत्पादनमा मात्र संलग्न हुदैंनन् अपितु शैक्षिक, बौद्धिक, सांस्कृतिक र राजनैतिक चेतनाको अभिवृद्धिका लागि पनि क्रियाशील रहेका हुन्छन् । यसै क्रममा व्यक्तिले अनेक प्रकारका सैद्धान्तिक, दार्शनिक विचारहरु र नैतिक दृष्टिकोणहरुको पनि अनुशरण गरिरहेको हुन्छ । जीवनमा भौतिक साधनहरुको उत्पादन गर्ने प्रकृयाबाट सामाजिक, राजनैतिक तथा बौद्धिक जीवनका सवै प्रकृयाहरु प्रभावित हुन्छन । मानवीय चैतन्यबाट नै उसको अस्तित्व निर्धारण हुन्छ । मानिसको सामाजिक अस्तित्वबाट नै उसको चैतन्य निर्मित हुन्छ । मार्क्सका यिनै भनाइहरु बाट प्रगतिवादको मूल सैद्धान्तिक आधार निर्माण भएको हो ।

प्रगतिवादको सैद्धान्तिक आधारसम्बन्धी मूल प्रस्थापनामा मार्क्सका कृतिहरु खासगरी राजनैतिक, अर्थशास्त्रको समीक्षात्मक भूमिका, जर्मन विचारधारा र कम्युनिष्ट पार्टीको घोषणापत्र तथा मार्क्सवादी कला साहित्य आदिमा उल्लेख गरिएको पाइन्छ र यसको विस्तृत व्याख्या एङ्गेल्स र उनी पछिका मार्क्सवादी साहित्य चिन्तक र समालोचकहरुले गरेका छन् । वस्तुतः साहित्य र कला भनेको सामाजिक विचार तथा धारणाहरुको एउटा रुप हो । यसमा रचना र कलाको भौतिक सम्बन्ध रहेको हुन्छ । लेखक तथा पाठक वीचको अन्तरसम्वन्ध रहेको हुन्छ । वर्गीय पक्ष पोषण, यथार्थ रुप रचना पद्धति र अन्तर्वस्तु सम्बन्धलाई सुदृढ वनाउँदै मानव जीवनका सत्यको कटु यथार्थतालाई अभिव्यक्त गरिएको

हुन्छ र यिनै मान्यताहरूबाट प्रगतिवादको सैद्धान्तिक आधारशीला खडा भएको देखिन्छ। यहाँ यस्ता केही प्रमुख आधारहरूको चर्चा गर्ने प्रयास गरिएको छ।

### २.३.१ वर्गीय आधार

मार्क्स तथा एङ्गेल्सले समाजका वर्गसङ्घर्षको स्वरुपसित कला तथा साहित्यको वर्गीय स्वरुप पनि मिल्दो हुन्छ। वर्गयुक्त समाजको साहित्य पनि वर्गीय नै हुन्छ, प्रत्येक वर्गले आ-आफ्नो स्वार्थका लागि साहित्यको प्रयोग गर्दछन भन्ने धारणा व्यक्त गरेका छन्। समाजमा जस्को वर्गीय प्रभुत्व रहेको हुन्छ कला साहित्य र सँस्कृति पनि उस्कै हुन्छ। साहित्य र कलाले वर्गीय स्वरुप ग्रहण गरेर जहिले पनि सत्ताधारीहरुलाई सहयोग पुऱ्याइरहेको हुन्छ। पूँजीँवादी समाजका सत्ताधारीहरुले आफ्नो स्वार्थ पूर्तिका लागि सम्भ्रान्तसाहित्यको पक्षपोषण गर्दछन् भने समाजवादी समाजका सत्ताधारीहरुले सर्वहारा साहित्यको संरक्षण गर्न चाहन्छन। वर्गीय समाजमा अग्रगामी प्रगतिशील शक्ति र पूँजीवादी यथास्थितिवादी शक्तिवीच द्वन्द्वात्मक सङ्घर्ष चलि रहेको हुन्छ। प्रतिगामी र उर्ध्वगामी शक्तिहरुका वीचको सङ्घर्ष नै साहित्य, कला, सँस्कृतिको ऐतिहासिक द्वन्द्वात्मक समुच्चय हो। वर्गीय समाजमा साहित्य र कलाको भूमिका प्रष्ट पार्ने सम्वन्धमा कार्लमार्क्सको भनाइ यस्तो देखिन्छ। सत्ताधारी वर्गको विचार हरेक युगमा सत्ताधारी नै हुने गर्छ, । सत्ताधारी वर्गले आफ्नो स्वार्थरक्षाका लागि आफूसँग रहेको वौद्धिक शक्तिको प्रयोग गर्न चाहन्छ भने सर्वहारा वर्गले पनि आफूसँग रहेको वौद्धिक क्षमताको भरपुर उपयोग गर्न चाहन्छ। साहित्य र कला सर्वहारा वर्गको बौद्धिक हतियार हो[१९]। यसले आम जनमानसमा सामाजिक यथार्थ र शाश्वत सत्यपरक चैतन्यको अभिवृद्धि गराउँछ। यसबाट व्यक्तिलाई आफू र आफ्नो सामाजिक चरित्र तथा वर्ग एंवम् वर्गशत्रु छुट्याउन र त्यस विरुद्ध क्रियाशील हुन सहयोग पुऱ्याउँछ। यस्तो क्रियाशीलताले व्यक्तिलाई एउटा निश्चित वर्गको निकट पुऱ्याउँछ।

साहित्य तथा कला स्वयम् परिवर्तनकारी शक्ति होइनन्, तर जव त्यस्को सैद्धान्तिक विचार मानवीय मस्तिष्कमा पुग्छ तव उसको मानसिकता रुपान्तरित हुन्छ। त्यही मानसिक रुपान्तरणलाई नै मार्क्स तथा एङ्गेल्सले वर्गीय चरित्रको निर्धारक मानेका छन् र पूँजीवादी

---

१९ कार्लमार्क्स,मार्क्सका सङ्कलित रचनाहरू, (भाग ४), प्रगति प्रकाशन, मास्को, सन् १९५७, पृष्ठ ६११

समाजमा सर्वहारावर्गका साहित्यको भूमिका सम्वन्धी आफ्नो अभिमत पनि प्रकट गरेका छन । जुन समाजमा वर्गीय विभेद रहन्छ त्यहाँ वर्गीय साहित्य हुन्छ । जहाँ सर्वहारा समाज रहन्छ त्यहाँ साहित्य पनि सर्वहारावादी हुन्छ । सर्वहारा वर्गको मुक्तिका लागि लेखक तथा कलाकारहरुमा वर्गीय भुमिका रहनु अनिवार्य मानिन्छ[२०] ।"

### २.३.२. सामाजिक आधार

सामाजिक सम्वन्धहरुको विश्लेषणले समाज र साहित्यको अन्योन्याश्रित सम्वन्धलाई प्रष्ट पारेको हुन्छ । कुनै पनि कला साहित्य भनेको शून्यमा सिर्जित हुने विषय होइन । कला साहित्यमा कलाकारको आत्मगत अभिव्यक्ति मात्र हुँदैन । हरेक व्यक्तिमा सामाजिक पर्यावरणको प्रभाव पर्ने हुँदा लेखक तथा कलाकारको चेतना पनि समाजद्वारा नै सिर्जित भएको हुन्छ । साहित्यकार समाजको एउटा प्रमुख अङ्ग हो त्यसैले समाजको आँसु हाँसो, आवेश, संवेग र आर्थिक समता तथा विषमता आदिको सूक्ष्म विश्लेषण साहित्यकारले आफ्ना कृतिमार्फत गरिरहेको हुन्छ ।

अठारौँ शताव्दीमा भिसोले होभरका कृतिको अध्ययनद्वारा प्राचीन ग्रीक समाजको विश्लेषण गरेबाट साहित्यमा समाजपरक दृष्टिकोणको सूत्रपात भएको हो। समाज विश्लेषणको साहित्यिक अवधारणा अन्तर्गत उन्नाइसौँ शताब्दीमा आएर 'हेर्डर' ले प्राचीन ग्रीक नाटकमा पाइने सामाजिक जातीय तथा भौगोलिक पर्यावरणको भिन्नतालाई औँल्याउँदै साहित्यकार आफ्नो जाति र युगको चैतन्यबाट प्रभावित हुन्छ भन्ने धारणा व्यक्त गरेका छन । यसैबाट साहित्यमा सामाजिक विश्लेषणको आधार तयार भएको हो भन्न सकिन्छ । समाज परक साहित्यिक अवधाणाको सैद्धान्तिक आधार चाहिँ लेखक तथा समालोचक 'टेन' बाट शुरू भएको हो । उनी सामाजिकता, व्यवहारिकता र समाजपरक यथार्थताका पक्षपाति साहित्यकार तथा समालोचक हुन । सेण्टव्यूभ र इडमण्ड भिल्सनका समाजपरक सैद्धान्तिक आवधारणाबाट पनि समाजको विश्लेषणात्मक साहित्यको सैद्धान्तिक स्वरुपको थालनी भएको हो ।

समाजवादी साहित्यको विश्लेषण गर्ने परम्पराको सूत्रपात चाहिँ मार्क्स पूर्व 'वेलिन्स्की र चेरेन्स्कीबाट' भएको देखिन्छ । त्यसपछि धार्मिक व्याख्यानद्वारा मानवतावादको व्याख्या गर्ने

---

२० कार्ल मार्क्स, मार्क्सका संकलित रचनाहरू, पूर्ववत् , पृष्ठ ३०७

'टाल्स्टाय' ले आफ्ना रचनामा सामाजिक उदारताको विश्लेषण गरेबाट समाजपरक साहित्यले आफ्नो स्वरुप निर्धारणमा निश्चित मार्ग ग्रहण गरेको हो । ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादका द्रष्टा तथा स्रष्टा कार्लमार्क्सले आफ्नो राजनैतिक समाजपरक व्याख्याका क्रममा साहित्यमा स्थूल भन्दा सूक्ष्म अन्तर्निहित सामाजिक अभिव्यक्ति पाइन्छ भन्ने धारणा व्यक्त गरेका छन् भने यसलाई अघिबढाउने श्रेय चाहिँ प्लेखानोभ, हर्जन र दोब्रोल्यूवोव, स्मिर्न, ग्रीन, चास्की र म्याक्सिम गोर्की आदिलाई दिइएको पाइन्छ ।

एङ्गेल्सको भनाइमा कला र साहित्यको मूल आधार आर्थिक तथा भौतिक जगत हो । परन्तु समाजवादी साहित्य भौतिक जगतको कोरा फोटोग्राफीकल प्रतिविम्व मात्र होइन, यो त समग्र समाज विश्लेषणको आधार पनि हो । यही आधार र अधिरचना वीचको सम्वन्धलाई एकोहोरो र निरपेक्ष रुपमा नवुझी दोहोरो र द्वन्द्वात्मक किसिमले वुझ्नु पर्छ भन्ने कुरामा एङ्गल्सले जोड दिएका छन*। समाजको प्रगतिशील रुपान्तरण राजनैतिक विकासक्रममा सबैभन्दा परिमार्जित, परिस्कृत तथा तथ्यपरक साहित्यिक धारा हो । यसको अझ परिस्कृत रुप चाहिँ प्रगतिवाद हो । प्रगतिवाद भनेको समाजवादी यथार्थवादी मान्यता हो र यसको आरम्भ मार्क्स, एङ्गेल्सका सामाजिक तथा राजनैतिक दर्शनको पृष्ठभूमिबाट भएको हो । यस धाराको विकास तथा समृद्धि चाहिँ बीसौं शताव्दीको पूर्वार्धबाट भएको देखिन्छ । यसको सूक्ष्म अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने प्रगतिवाद र सामाजिक यथार्थवाद सजातीय सम्वन्ध राख्ने वस्तुनिष्ठ, सत्यपरक, सामाजिक यथार्थतामा सम्वद्ध साहित्यिक धारा हुन् ।
यस धारणाले यथार्थवाद र आलोचनात्मक यथार्थवादका सम्पूर्ण सबल, सकरात्मक तथा गतिशील प्रवृत्तिहरुलाई आफूभित्रै समावेश गरेको छ । त्यही गतिशील तथा द्वन्द्वशील यथार्थ प्रतिको समाजिक चैतन्य नै समाजवादी यथार्थवादको उर्वर भूमि हो र यो प्रगतिवादको मूल आधार पनि हो ।

* कार्ल मार्क्स र फेडरिक एङ्गेल्स, साहित्य र कला, प्रगति प्रकाशन, मास्को, सन् १९८९, पृ. १२४

### २.३.३ प्रगतिवादको राजनीतिक आधार

प्रगतिवादका राजनैतिक पृष्ठभूमिलाई अवलोकन गर्दा मार्क्स-एङ्गेल्स पछि वैचारिक तथा राजनैतिक रुपमा देखापर्ने महत्वपूर्ण व्यक्ति, सोभियत समाजवादी क्रान्तिका प्रखर नेता भी. लेनिनको नाम अग्रपङ्क्तिमा आउँछ । लेनिनको मूल कार्य क्षेत्र चाहिँ राजनीति र दर्शन हो तापनि उनले कला साहित्यसँग सम्वन्धित सामाजिक जीवनको चर्चा गर्ने सन्दर्भमा कला साहित्य र मानवजीवन तथा सामाजिकताको अत्यन्त सूक्ष्म ढङ्गले व्याख्या गरेका छन् । लेनिनले खासगरी सामाजिक रुपान्तरणका लागि गरिने क्रान्तिका लागि साहित्यको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ भन्ने विचार व्यक्त गर्दै त्यस्तो परिवर्तनको संवाहक चाहिँ प्रगतिवादी मूल चरित्रको साहित्य हुनुपर्ने कुरामा जोड दिएका छन्[*]। मार्क्स-एङ्गेल्स पछि प्रगतिवादी साहित्य चिन्तनमा लेनिनको उल्लेखनीय भूमिका रहेको पाइन्छ ।

कला तथा साहित्यलाई क्रान्तिको पेच तथा किलाका रुपमा हेर्ने, क्रान्तिको लागि सर्वहाराहरुको आणविक औजारको रुपमा साहित्यलाई ग्रहण गर्ने, दृष्टिकोण सर्वप्रथम लेनिनद्वारा नै संस्थापित गरिएको हो । उनका विचारमा साहित्यले यस प्रकारको भूमिका निर्वाह गर्न तथा गराउन स्रष्टाहरुमा राजनैतिक प्रतिवद्धताको आवश्यकता पर्छ । उनले प्रतिवद्धताको व्याख्या गर्दा राजनैतिक दर्शन प्रतिको प्रतिवद्धता, आमूल परिवर्तनकारी क्रान्ति र क्रान्तिकारी विचार प्रतिको प्रतिवद्धता तथा देश र जनता प्रतिको प्रतिबद्धताका रुपमा लेखकले आफ्नो प्रतिबद्धतालाई प्रष्ट रुपमा दर्शाउन सक्नु पर्छ भन्ने राय व्यक्त गरेको पाइन्छ[♣] ।

वर्गसङ्घर्षका दृष्टिले लेनिनको युग जटिल द्वन्द्वात्मकतापूर्ण युग मानिन्छ । रुसी जारशाहीको विरोधमा संञ्चातिल महान् बोल्सेविक क्रान्तिको नेतृत्व गर्ने लेनिनले क्रान्तिसञ्चालन कै सन्दर्भमा कला-साहित्य सम्वन्धी आफ्नो विचार व्यक्त गरेको पाइन्छ[२१]। त्यसैकारण लेनिनका साहित्यिक मान्यताहरुमा बढी राजनैतिक दार्शनिक र क्रान्तिकारी अवधारणाहरु अभिमुख भएर आएका छन् । उनको साहित्य कला सम्वन्धी महत्वपूर्ण रचना 'पार्टी सङ्गठन र पार्टी साहित्य' हो । यस कृतिमा उनले कला तथा साहित्यमा लेखकको राजनैतिक प्रतिबद्धता

---

[*] शशीभुषण पाण्डे,"मार्क्सवादी समाजशास्त्रीय और ऐतिहासिक आलोचना  राधाकृष्ण प्रकाशन, नयाँ दिल्ली, सन् १९९२, पृष्ठ २७
[♣] भी. आइ लेनिन, संकलित रचनाएँ, (भाग १,दोश्रो संस्करण), प्रगति प्रकाशन, मास्को, पृष्ठ ९१
२१ शशीभुषण पाण्डे, "मार्क्सवादी समाजशास्त्रीय और ऐतिहासिक आलोचना,  राधाकृष्ण प्रकाशन, नयाँ दिल्ली, सन् १९९२, पृष्ठ १४

एवंम् साहित्यको क्रान्तिकारीभूमिका, लेखकको सिर्जनशीलता तथा कलागत स्वतन्त्रता जस्ता विषयमा सूक्ष्म चर्चा गरेका छन् । प्रगतिवादको राजनैतिक पृष्ठभूमिको सैद्धान्तिक प्रतिबद्धतालाई बुझ्न संसारका शोषित,पीडित, गरीव, दुःखी तथा सर्वहारा वर्गको वर्गसङ्घर्ष र वर्गीय मुक्ति आन्दोलनका द्वन्द्ववादी स्वरुपलाई लेखक तथा कलाकारहरुले बुझ्नु पर्छ[२२] भन्ने आशय लेनिनले व्यक्त गरेका छन् ।

लेखक तथा कलाकारले आफ्नो लेखन तथा कला प्रस्तुत गर्दा द्वन्द्ववादमा आधारित उद्देश्यपरक योजनाबद्ध, तथा सुसङ्गठित रुपमा प्रस्तुत गर्नु पर्छ भन्ने विचार पनि लेनिनले व्यक्त गरेका छन् । संसारका बहुसंख्यक शोषित, पीडित जनताहरु वर्गीय मुक्तिको क्रान्तिकारी अभियानमा गोलवद्ध भै रहेको अवस्थामा त्यही क्रान्तिको नेतृत्व गर्ने नेताबाट साहित्य कला सम्वन्धी व्यक्त विचार नै मार्क्सवादी प्रगतिवादी साहित्य कलाको राजनैतिक आधार हो भन्न सकिन्छ । लेनिनले जन साहित्यको चर्चागर्दा जनताको अर्थ संसारका शोषित, पीडित, दलित असहाय गरीव तथा श्रमजिवी जनसमुदाय हो भनेका छन् । यही जनसमुदाय आफ्नो हक र अधिकारको रक्षार्थ ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारशिलामा खडा भै प्रगतिशील शक्तिका रुपमा अघिवढी रहेको छ ।

लेनिनको साहित्य कला सम्बन्धी प्रगतिवादी मान्यतालाई चिनियाँ जनक्रान्तिका अग्रणी नेता माओत्सेतुङ्ले पनि समाजको वर्गीय विश्लेषण गर्ने क्रममा समाजमा विद्यमान वर्ग र वर्ग वीचको द्वन्दात्मकतालाई केलाउँदै वर्ग अनुसार कै कला, सँस्कृति र साहित्य हुन्छ अनि वर्ग अनुसारकै जीवन शैली, शिक्षा, स्वास्थ्य र चेतना पनि विकसित भएर आएको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

सन् १९४२ मा ऐनान्मा भएको चिनियाँ लेखक तथा कलाकारहरुको राष्ट्रिय सम्मेलनमा माओत्सेतुङ्द्वारा दिइएको प्रवचन प्रगतिवादी कला, साहित्य सम्बन्धी नयाँ राजनैतिक आधार हो । माओले त्यस प्रवचनद्वारा कला-साहित्यको वर्गीय स्वरुपबारे आफ्नो धारणा प्रष्ट पारेका छन् । जसमा वर्गीय समाजमा कला र साहित्य पनि वर्गीय नै हुन्छ भन्ने धारणा व्यक्त

---

२२ भी. आइ लेनिन, 'संकलित रचनाएँ' (भाग-१, दोस्रो संस्करण), प्रगति प्रकाशन, मास्को, सन् १९७४, पृष्ठ ६५

गरिएको छ । माओका अनुसार शोषित, पीडित, गरीब तथा सर्वहारा वर्गको मुक्तिका लागि लेखिएको साहित्य नै जन साहित्य हो[२३] र त्यही जनसाहित्यलाई नै प्रगतिवादी साहित्यको रुपमा विश्व साहित्यले सम्मान गरेको छ ।

माओले लेनिनकै विचारलाई परिमार्जित रुप प्रदान गर्दै साहित्यकारलाई साँस्कृतिक सैन्यको नाम दिएका छन् र क्रान्तिका लागि मानसिक योद्धा तयार गर्ने काममा साहित्यको अहम् भूमिका हुन्छ भन्ने कुरा पनि स्वीकारेका छन् ।

कला साहित्यवारे आफ्ना धारणा प्रस्तुत गर्दा माओले अत्यन्त द्वन्द्ववादी तथा भौतिकवादी भएर सन्तुलित रूपमा प्रस्तुत गरेका छन् । उनले अत्यन्त सचेतता का साथ साहित्यका कलात्मक मूल्य र मान्यताको व्याख्या गरेको पाइन्छ । उनले साहित्यलाई कलात्मक चैतन्यद्वारा वैचारिक चेतना भर्ने अमोघ औषधि मानेका छन् । प्रगतिवादी साहित्य कलाको सम्वन्धमा लेनिनका यथार्थवादी तर घुमाउरो क्लिष्ट भाषामा अभिव्यक्त विचारहरुलाई माओले सरल, शिष्ट र बोधगम्य भाषा शैलीद्वारा अभिव्यक्त गरेका छन् । यही वैचारिक मान्यता नै प्रगतिवादको राजनैतिक आधार हो ।

### २.३.४. साहित्यिक आधार

प्रगतिवादले अन्तर्वस्तु (विषय वस्तु) र रुपको द्वन्द्वात्मक एकत्वलाई साहित्यको निर्माता मानेको छ । त्यसैले कृति मूल्याङ्कनको मापदण्डका लागि त्यही एकता अर्थात् अन्तर्वस्तु र रुपको योगलाई नै प्रमुख आधार वनाइएको पाइन्छ । वस्तुतः साहित्यिक सौन्दर्य पहिलो आधार हो भने विषय वस्तुको समुचित, यथार्थपरक, कलात्मक प्रस्तुति चाहिँ दोस्रो आधार हो । माओत्सेतुङ्ले यी दुबैको योगले सिर्जित साहित्य नै प्रगतिवादी साहित्य हो भन्ने विचार व्यक्त गरेका छन्[♥] ।

अन्तर्वस्तुले कला साहित्यमा प्राणको काम गरिरहेको हुन्छ भने रुप पक्षले त्यसलाई भौतिक कलाको प्रतिविम्वन दिने काम गर्दछ । जव अन्तर्वस्तु र रुपका बीचमा तुलनात्मक महत्वको कुरा उठ्छ प्रगतिवादी साहित्य कला चिन्तनले यी दुवैका बीचमा रुपका तुलनामा अन्तर्भाव पक्षलाई निर्णायक ठान्दछ । रुपलाई मात्र महत्व दिने रुपवादी प्रवृत्तिको

२३ माआत्सेतुङ्ग, संकलित रचना (हिन्दी संस्करण) प्रगति प्रकाशन, मास्को, सन् १९६९, पृ.८४

♥ शिव कुमार मिश्र, मार्क्सवादी साहित्य चिन्तन, हिन्दी ग्रन्थ अकादमी, मध्यप्रदेश, भोपाल, सन् १९७३, पृ. २०२

विकासले कला कलाको लागि भन्ने वैचारिकताको विकास गरेको छ भने कला जीवनको लागि भन्ने साहित्यिक मान्यताले कला र जीवन दुबैलाई आत्मसात् गर्दै अघि बढेको देखिन्छ । प्रगतिवादले चाहिँ जहिले पनि अन्तर्वस्तुलाई महत्व दिदैं आएको छ । यसले अन्तरवर्स्तुलाई महत्वदिनुको अर्थ यथार्थ, मूर्त र ठोस रुपमा युगसत्यलाई चिन्नु र प्रष्ट रुपले मानवीय मूल्यको पक्षधर हुनु हो भन्ने विचार भारतीय प्रगतिवादी विचारक "नामवर सिंह" ले व्यक्त गरेका छन् [२४]।

प्रगतिवादी कला मान्यता अनुसार साहित्य भनेको मानव जीवनका यथार्थको कलात्मक प्रतिविम्वन हो । कुनैपनि साहित्यिक कृतिको निर्माण अन्तर्वस्तु र रुपको अन्योन्याश्रित सम्वन्धबाट हुने गर्छ । अन्तर्वस्तु र रुपको एकता प्रक्रिया र त्यसबाट प्राप्त परिणाम नै कृति मूल्याङ्कनको मापदण्ड हो । कुनै पनि कृतिमा प्रतिविम्बित कलात्मक यथार्थता जसले संज्ञानात्मक, विचारात्मक तथा सौन्दर्यात्मक गुण प्राप्त गरिसकेको हुन्छ त्यो नै कृतिको अन्तर्वस्तु हो । अनि कलात्मक उपकरण (छन्द, अलङ्कार, ध्वनि, भाषा शैली) आदिका योगबाट सिर्जित हुने चाहिँ कृतिको रुप पक्ष हो । यी दुबै तत्व (अन्तर्वस्तु र रुप) को समुच्चय नै साहित्यिक कला कृति हो । त्यसैले साहित्यिक कला कृतिका मूल्याङ्कनको मूल आधार कृतिभित्र रहेको अन्तर्वस्तु र रुप तत्व हो ।

माओत्सेतुङ्को भनाइ अनुसार अन्तर्वस्तु र रुपलाई कलाको मूल्याङ्कनको आधार मान्नु पर्छ, र त्यसमा अन्तर्निहित सूक्ष्म विषय वस्तुको प्रतिपादनमा राजनीति सम्मत दर्शनको विषयवस्तु समाविष्ट गरिएको हुनु पर्छ तथा कान्तिकारी राजनीतिक अर्न्तवस्तुलाई कलात्मकताद्धारा कृतिका रुपमा प्रतिविम्बित गराउनु पर्छ[२५]"। तसर्थ हरेक प्रगतिवादी कला साहित्यले क्रान्तिकारी राजनीतिक अर्न्तवस्तु ग्रहण गरी त्यसको सही मूल्याङ्कन गरेर राजनैतिक मापदण्डको आधारमा जनतालाई जागृत गराउँदै ल्याएको देखिन्छ । त्यसैगरी राजनीति र कलावीचको सम्वन्धलाई राजनैतिक एवं कलात्मक मापदण्डका आधारबाट मूल्याङ्कन गरिनु पर्छ ।

---

२४ नामवर सिंह, इतिहास और आलोचना, राजकमल प्रकाशन, नयाँ दिल्ली, सन् १९५७, पृष्ठ ३१
२५ माओत्सेतुङ् संकलित रचना (हिन्दी संस्करण) प्रगति प्रकाशन, मास्को, सन् १९६९, पृष्ठ ४७

**माओले साहित्य-कलालाई युग सापेक्ष परिवर्तन भै रहने मानेका छन्[•]। युग र युगवासीहरुको माग समय सान्दर्भिक राजनैतिक, आर्थिक वा साँस्कृतिक हुन्छ। युगको परिर्वतन सँगसँगै मानवीय इच्छा र चाहनामा पनि परिवर्तन आउँछ। त्यसैले साहित्य परिवर्तनशील हुन्छ। यी सबैका परिवर्तनको कारक तत्व चाहिँ राजनीति हो। त्यसैले असल राजनैतिक व्यवस्था संस्कार र शासनको चाहना हरेक प्रगतिशील देशवासीमा रहनु स्वाभाविक हो। जनवादी कला र साहित्यमा राजनीति र कलाको एकता, विषयवस्तु र रुपको एकता क्रान्तिकारी विषय वस्तु र सौन्दर्यशास्त्रीय कलात्मताको एकता हुन्छ भन्ने माओको भनाइ रहेको पाइन्छ[२६]।**

**यसैगरी उत्तर आधुनिकतावादी वेलायती चिन्तक टेरी इगल्टनले पनि राजनीतिलाई छोडेर कुनै पनि साहित्य सिद्धान्त पूर्ण हुन सक्तैन भनेका छन। उनका विचारमा सामाजिक जीवनलाई सङ्गठित गर्ने पद्धति र त्यस पद्धतिमा गोलबन्द भएको शक्ति नै राजनीति हो। यो मानवीय जीवन र जीवन पद्धति सँग पनि "नीर–क्षीर न्याययोग" भएर जोडिएको हुन्छ। कुनै पनि राजनीतिक विचारसँग संमिश्रण नभएको विशुद्ध साहित्य भनेको एक प्राज्ञिक मिथक मात्र हो भन्ने विचार इगल्टले व्यक्त गरेको पाइन्छ। उनले राजनीतिलाई कुनै पनि साहित्यमा जवर्जस्ती थोपर्नु चाहिँ कदापि हुँदैन भनेका छन्।**

**भारतीय समाजवादी साहित्य चिन्तक नामबर सिंहले पनि कवितामा प्रत्यक्ष वा परोक्ष रुपमा राजनीति संम्मिलित भएको हुन्छ भन्ने विचार व्यक्त गरेका छन्। कविले कवितामा राजनीतिको प्रत्यक्ष चर्चा गर्नु आवश्यक छैन, तर कवितामा ध्वन्यात्मक रूपमा राजनीति प्रस्तुत भइरहेको हुन्छ। त्यसैले प्रायजसो कविता भित्र राजनैतिक विषय वस्तु रहेको पाइन्छ। कविता भित्र कतै न कतै राजनीति अभिव्यञ्जित भइरहेको हुन्छ। त्यसलाई कुनै पार्टी विशेषको राजनीतिक नभई वर्ग तथा समाजका सम्वन्धसँग गाँसिएको वैचारिक आधार मान्नु पर्छ भन्ने नामबर सिंहको भनाइ रहेको पाइन्छ [२७]।**

**यसरी विभिन्न विद्वानहरुका अवधारणाहरुको अध्ययन गर्दा रूसी साहित्यका चिन्तक प्लेखानोभले वस्तुलाई उपयोगितावादी दृष्टिले हेरेको पाइन्छ र संसारमा जे जति वस्तु,**

---

• माओत्सेतुङ्, संकलित रचना (हिन्दी संस्करण), पूर्ववत् पृ. ४८

२६ माओत्सेतुङ, संकलित रचना, पूर्ववत्, पृष्ठ ४९

२७ नामबर सिंह, वादविवाद संवाद, राजकमल प्रकाशन, नयाँ दिल्ली, सन् १९९१, पृष्ठ ३

पदार्थको उद्भव हुन्छ त्यो सवै उपयोगिताका लागि हुनु पर्छ भन्ने विचार व्यक्त गर्दै साहित्य पनि जीवन उपयोगी हुनु पर्नेमा उनले जोड दिएका छन् । यसको तात्पर्य साहित्यमा कला पक्ष भन्दा अर्न्तवस्तु पक्ष वलवान सार्थक तथा यथार्थ परक हुनुपर्छ भन्ने हो । मार्क्सवादी कला मान्यताले पनि यसै कुरालाई जोड दिएको छ । मार्क्सवाद स्वभावत भौतिकवादी तथा वस्तुनिष्ठ दर्शन हो । त्यसैले साहित्यबाट प्राप्त हुने आनन्दानुभूतिलाई पनि यसले सामाजिक अनुभूति जस्तै गरी स्वीकार गरेको पाइन्छ । मानव समाज र मानव जीवनकै समुच्चय र विकासमा विश्वास गर्ने मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दर्शनले विश्व मानव समाजको हिजो,आज र भोलिलाई ऐतिहासिक, द्वन्द्वात्मक भौतिकवादी दृष्टिले विश्लेषण गरेको पाइन्छ । त्यही विश्व दृष्टिकोणलाई आधार मानी सिर्जना गरिने साहित्यिक दृष्टिकोण नै प्रगतिवादी मान्यता हो। राजनीतिको क्षेत्रमा साम्यवाद, सामाजिक रुपान्तरणको क्षेत्रमा समाजवाद र दर्शनका क्षेत्रमा द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी विचारधारा नै साहित्यको क्षेत्रमा प्रगतिवाद हो ।

### २.३.५ दार्शनिक आधार

द्वन्द्वात्मक भौतिकवादमा आधारित प्रगतिवाद, मार्क्सवादी, लेनिनवादी विश्व दृष्टिकोणको साहित्यिक र साँस्कृतिक आधार हो । यो सर्वहारा वर्गको मुक्ति आन्दोलनको मार्गदर्शक सिद्धान्त पनि हो । यसले द्वन्द्वात्मक पद्धतिबाट प्राकृतिक घटना तथा परिघटनाहरुको अध्ययन, मनन र विश्लेषण गर्दछ । प्राकृतिक घटनाहरु र तिनका सिद्धान्तको भौतिकवादी विश्लेषण गर्ने भएकाले नै यसलाई द्वन्द्वात्मक भौतिकवाद भनिएको हो । यस सम्वन्धमा स्टालिनले "मार्क्सवाद केवल समाजवादको मार्ग निर्दिष्ट गर्ने सिद्धान्तमात्र नभएर संसारलाई रुपान्तरण गर्ने एक अविभाज्य दृष्टिकोण पनि हो र यो एउटा विशिष्ट भौतिकवादी दर्शन पनि हो भन्ने कुरा आफ्नो सर्वहारा समाजवाद मार्फत व्यक्त गरेका छन [२८]।" यहाँ लेनिनले प्रकृति र घटनालाई हेर्ने पारख गर्ने तथा बुझ्ने तरिकालाई द्वन्द्वात्मक र घटनाको व्याख्या विश्लेषण र सैद्धान्तिक

---

२८ स्टालिन, 'सर्वहारा समाजवाद' (अनुवादक कृष्ण दास श्रेष्ठ) तुलरत्न तुलाधर, काठमाण्डौ, वि.सं.२०४७, पृष्ठ १४७

विवेचना गर्ने तरिकालाई भौतिकवादी ढङ्गले प्रस्तुत गरेको हँदा यसलाई द्वन्द्वात्मक भौतिकवाद भनिएको हो भन्ने विचार स्टालिनको सर्वहारा समाजवादमा पाइन्छ[२९] ।

द्वन्दात्मक भौतिवादका सार्वभौम सिद्धान्तहरुले सामाजिक जीवनको सूक्ष्म विश्लेषण गर्दछन् । समाज तथा समाजिक जीवनका अनेक आरोह अवरोहहरुको अध्ययन गर्दछन् र त्यसको इतिहास पत्ता लगाँउदछन् । यसले समाजमा विद्यमान अनेक वर्ग र वर्गद्वन्द्वको मार्ग निर्दिष्ट गर्छ । जीवन जगतको समग्रतालाई भौतिकवादी दृष्टिले द्वन्द्वात्मक पद्धतिद्वारा अतित देखि भविष्य सम्मको अवलोकन गदर्छ । संसारका शोषित पीडित तथा सर्वहारा जनताको मुक्ति आन्दोलनलाई प्रश्रय दिन्छ । मानव जीव, प्रकृति र चेतना सम्वन्धी आफ्नो प्रष्ट भौतिकवादी दृष्टिकोण प्रकट गर्छ । त्यसैले यस दर्शनलाई ऐतिहासिक द्वन्द्वात्मक भौतिकवाद भनिएको हो ।

द्वन्द्वात्मक भौतिकवादको ऐतिहासिक पृष्ठभूमिलाई केलाउँदा द्वन्द्ववादका क्षेत्रमा हेगेल र भौतिकवादका क्षेत्रमा फायरवाखाको नाम उल्लेखनीय मानिन्छ । हेगेल र फायरवाखाका दार्शनिक चिन्तनहरु र मार्क्स तथा एङ्गेल्सका दार्शनिक चिन्तनमा भिन्नता पाइन्छ । हेगेल र फायरवाखाका दर्शनमा आदर्शवादी धार्मिक नैतिकता पाइन्छ भने मार्क्स तथा एंङ्गेल्सले त्यसको आदर्शवादी धार्मिक नैतिकताको आवरण हटाएर वस्तुनिष्ट, सुसङ्गत वैज्ञानिक तथा क्रान्तिकारी आवरण प्रदान गरेका छन । यहाँ उनीहरुले प्रकृति र समाजलाई चेतनाको उत्पति र सौन्दर्य सम्वन्धी अवधारणाको आधार तथा परिवर्तनको प्रकृयालाई वस्तुगत तथा वैज्ञानिक पद्धत्तिद्वारा अध्ययन गर्ने थलो हो भन्ने कुरामा जोड दिएका छन, तर त्यसलाई पुरै क्रान्तिकारी रुपान्तरण गर्न चाहिँ मार्क्सवादबाट मात्र सम्भव भएको देखिन्छ । द्वन्द्वात्मक भौतिकवाद यही परिवर्तन सम्वन्धी नियम र पद्धत्तिलाई बुझ्ने एउटा वैज्ञानिक दृष्टिकोण हो ।

### *२.३.५.१ द्वन्द्वात्मक भौतिकवाद*

द्वन्द्वात्मक भौतिकवादको विश्लेषणात्मक अध्ययन गर्दा प्रथमतःद्वन्द्ववाद-शब्द ग्रीक भाषाको डाइलेगोबाट विकसित भएको देखिन्छ । यसलाई अङ्ग्रेजीमा “डाइलेक्टिस” भनिन्छ । यसले विपक्षको कथनमा भएको अन्तर्विरोधलाई खोजेर खण्डन गर्दै सत्य कुरा पत्ता लगाउँछ । आजभोलि दर्शनको क्षेत्रमा द्वन्द्ववादको अर्थ भिन्नरुपता अर्थात विपरित धार्मिकताका रुपमा

---

२९ स्टालिन, सर्वहारा समाजबाद, पूर्ववत, पृष्ठ ११

लगाउन थालिएको छ। परन्तु द्वन्द्ववादका अनुसार कुनै पनि घटनालाई वातावरणीय प्रभावबाट मुक्त गर्न सकिदैन सामाजिक पर्यावरण र समाजमा घटित घटनाका वीचमा द्वन्द्वात्मक सहभागिता रहेको हुन्छ । प्रकृतिको पर्यावरणमा घटित हुने सम्पूर्ण घटनाहरु र तिनका बीचको अन्तर्सम्वन्ध परस्पर द्वन्द्वको आधारमा घटित तथा विकसित हुने गर्छ । प्रकृतिको सम्पूर्णता भित्र विद्यमान सबैभन्दा सानु वस्तु (पदार्थ) देखि लिएर सबैभन्दा ठूलो वस्तु, ( पदार्थ) सम्म सवै परिवर्तनशील तथा नाशवान हुन्छन[३०]। द्वन्द्ववादका अनुसार वस्तु र तिनिहरुका धारणागत रुपहरुको अध्ययन गर्दा त्यसको अर्न्तसम्वन्ध श्रृङ्खला, गति, उदय र अस्तयको द्वन्द्वात्मकता भित्र समग्र जीवनजगतको गति र स्रोतको पहिचान गर्नु पर्ने हुन्छ ।

प्राच्यविद्या धर्मविज्ञानले भौतिक विकासको प्रकृयालाई संख्यात्मक परिवर्तन भएर पनि गुणात्मक परिवर्तन नहुने एउटा साधारण विकासको गति मानेको छ भने द्वन्द्वावादले चाहिँ भौतिक विकासको प्रकृयालाई गुणात्मक परिवर्तन हुने विशिष्ट विकासको प्रकृया ठानेको छ । द्वन्द्ववादले विशेषत: के कुरामा जोड दिएको छ भने विकासको कम कुमालेको चक्र जस्तो एक पटक घटित भइ सकेपछि फेरि दोहोरिदैन । विकास भनेको त अगाडि वढिरहने, माथिचढिरहने निरन्तर गति हो । यो त पुरानो अवस्थाबाट नयाँ अवस्थामा रुपान्तरित भईरहने कम हो । साधारणबाट विशिष्टता तर्फ विकास भइरहने द्वन्द्वात्मक प्रणाली हो । यो नै भौतिकवादको मूल आधार पनि हो । एङ्गेल्सले द्वन्द्वात्मक विकासलाई सङ्ख्यात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनमा हुने संक्रमणको रुपमा व्याख्या गरेका छन । द्वन्द्ववादले सबै वस्तुहरु तथा प्रकृतिका हरेक घटनाहरुमा आन्तरिक अन्तर्विरोधहरु हुन्छन भन्ने ठान्दछ । किनभने ती सवैका नकारात्मक तथा सकारात्मक पक्षहरु बीच, भूत र भविष्य बीच, जीवन र मृत्यु बीच ,पुरानो र नयाँको बीच, निर्धन र धनवान बीच, बुढो र केटो बीच, पठित अपठित बीच भएको सङ्घर्ष तथा जन्मदै आउने र मर्दैजानेका बीचमा भएको सङ्घर्षनै विकास प्रकृयाको मूल कारण हो । संङ्ख्यात्मक परिवर्तनहरु गुणात्मक परिवर्तनहरुमा फेरिने भित्रि कारण नै द्वन्द्ववाद हो । तल्लो तहबाट उर्ध्वगामी हुदैँ माथिल्लो तह सम्म रुपान्तरित हुने विकासका घटनाहरु एकै चोटी समग्रतामा देखिने

३० जो सेफ स्टालिन, प्रोव्लेम्स अफ लेनिनज्म फर्हेन लङ्वेज, प्रेस पेकिङ, सन् १९७६, पृष्ठ ७७

होइनन् यी त प्रत्येक घटनाहरुमा भएका अन्तर्विरोधहरु अभिमुख भएर आएपछि त्यसकै आधारमा हुने विरोधी प्रवृत्तिहरुका बीचमा सङ्घर्ष हुँदा विकासको गति अघि बढन सक्छ। लेनिनका अनुसार–द्वन्द्ववाद वास्तवमा पदार्थहरुको सबैभन्दा भित्री तहमा हुने अन्तर विरोधहरुको अध्ययन हो । विरोधी पक्षहरुका बीचको सङ्घर्षं नै विकासको गति हो । पुरानो मर्दै जानु र नयाँ देखापर्दै जानु नै विकासको नियम हो अर्थात्- सुस्त संख्यात्मक परिवर्तनहरु द्रुत गुणात्मक परिवर्तनमा फेरिनु नै विकासको नियम हो। त्यसैले पूँजीवादबाट समाजवादमा हुने संक्रमण र पूँजीवादको थिचो मिचोबाट सर्वहारा मजदूरवर्गको मुक्तिगामी परिवर्तन नै विकासको बाटो हो [३१]।

द्वन्द्वात्मक भौतिकवादले यथार्थ वस्तु तथा जीवन जगतलाई द्वन्द्वात्मक छ भन्ने ठान्दछ। त्यसैले सामाजिक जीवन तथा समाज विकासको प्रकृया र इतिहासको अध्ययन पनि द्वन्द्वात्मक पद्धत्तिबाट गरिनुपर्छ भन्ने ठानिएको छ । समग्र मानव जीवनको, प्रगति र सामाजिक विकासलाई मानवीय चेतनाको मूलकारण ठान्ने अध्यात्मवादी दृष्टिको खण्डन गर्दै यो समग्र ब्रह्माण्डनै एउटा भौतिक वस्तु हो र यसमा सिर्जित भूत, प्राणी, पदार्थ तथा चेतना मानवीय सभ्यता सँस्कृति आदि सबै भौतिक जगतका उपज हुन भन्ने मार्क्स तथा एङ्गेल्सले– मानवीय सभ्यताको इतिहासलाई पनि भौतिकवादी दृष्टिले व्याख्या गरेका छन। आत्मवादी, आदर्शवादी तथा ईश्वरवादी दर्शनका अभौतिक पक्ष तथा विषय वस्तुहरुको खण्डनगर्दै यन्त्रिक भौतिकवादको समेत खण्डन गर्न पुगेका मार्क्स तथा एङ्गेल्सले भौतिकबादको वैज्ञानिक अवधारणा प्रस्तुत गरेका छन। उनीहरुले "वस्तु जगत वा पदार्थ र यसको गति, पदार्थ र चेतनाको अर्न्तसम्वन्ध माक्सवादी भौतिकवादमा जोडिएको कुरा बताएका छन् [३२]।" यसरी मार्क्स एङ्गेल्सद्वारा नयाँ दृष्टि प्रदान गरिएको भौतिकवादमा पदार्थ र त्यसको परिवर्तन अत्यन्त घनिष्ठ रुपमा गाँसिएको छ। एङ्गेल्सको भनाइमा पदार्थ विनाको गति र गति विनाको पदार्थ कल्पना गर्न सकिदैन।

३१ जो सेफ स्टालिन – प्रोव्लेम्स अफ लेनिनज्म, पूर्ववत, पृष्ठ १४१
३२ फेडरिक एङ्गेल्स–प्रकृतिको द्वन्द्वात्मकता, पूर्ववत, पृ. ४७

एङ्गेल्सको यसभनाइबाट पदार्थ र गति बीचको द्वन्द्वात्मक सम्वन्ध नै वस्तु जगतको यथार्थ र भौतिकवादी चिन्तनको सार हो भन्ने बुझिन्छ । चेतना र पदार्थका बीचको सम्वन्धलाई वैज्ञानिक दृष्टिले अध्ययन गर्नु नै भौतिकवादको उद्देश्य हो । यस सम्बन्धमा मार्क्स पूर्वका चिन्तकहरुले पनि प्रसस्त चिन्तन गरी एउटा निष्कर्ष ननिकालेका होइनन तर पनि उनीहरुले पदार्थ र चेतना बीचको अन्तर्सम्बन्धलाई छुट्याउन चाहिं सकेका थिएनन् ।

अध्यात्मवादी चिन्तन बोकी दर्शनको क्षेत्रमा देखा परेका हेगेलका मतको खण्डन गर्दै मार्क्स भन्दछन चेतना र अस्तित्वको प्रश्नमा अस्तित्व वा पदार्थ नै प्रमुख कुरा हो र मान्छेको मानसिकतामा क्रियाशील हुने चेतना त्यही पदार्थको उपज हो । यही  अवधारणामा आधारित भएर मार्क्सवादी भौतिकवाद पूर्ववर्ती भौतिकवादी चिन्तन भन्दा पूर्णतया फरक र अध्यात्मवादी दार्शनिक विचार भन्दा ठिक उल्टो भौतिकवादी, विकासवादी तथा द्वन्द्ववादी दर्शन सावित हुन पुगेको देखिन्छ ।अध्यात्मवाद केवल चैतन्यलाई मात्र साश्वत, सत्य ठान्दछ भने भौतिकवाद चाहिँ भौतिक संसारको सत्ता मानवीय चेतना भन्दा स्वतन्त्र छ भन्ने ठान्दछ । आधुनिक, वैज्ञानिक अर्थात मार्क्सवादी भौतिकवादले चाहिँ झन सम्पूर्ण संवेदना, कल्पना, विचार, भावना, सिर्जना र कार्य तथा मानवीय मन एंव अवधारणाहरुको उद्‌गम विन्दूको आधार नै भौतिक संसारलाई ठानेको छ ।

भौतकवादका अनुसार विचार वा चेतना भौतिक संसारको उपज हो । किनभने मन र मस्तिष्क मानवीय उपज हो भने मानव चाहिँ प्रकृतिको उपज हो । चेतनाको अस्तित्व मानवीय मस्तिष्कसँग संबन्धित छ भने त्यो मस्तिष्क भनेकै भौतिक तत्व हो । त्यसैले चेतना भौतिक पदार्थको उपज हो । यसरी अध्यात्मवाद वा आदर्शवाद भन्दा भिन्न मान्यता भएको मार्क्सवादी भौतिकवादले चेतना भन्दा भौतिक संसारको यथार्थतालाई बढि महत्व दिएको छ । द्वन्द्ववादी मान्यताको आधारमा विकास प्रकृयाका नियमहरुको अध्ययन गर्दा ती नियमहरु तीन प्रकारका मानिन्छन् ।

(क) विरोधी पक्षहरु बीचको एकता र सङ्घर्षको नियम

(ख) परिमाणात्मकबाट गुणात्मकता तर्फ परिवर्तनको नियम

(ग) निषेधको निषेध नियम

### २.३.५.२ विरोधी पक्षहरु बीच एकता र सङ्घर्षको नियम

**मार्क्सवादी दर्शन अनुसार प्रकृति, जीव र पदार्थहरुको हरेक कृया प्रतिकृयामा अन्तर्विरोध रहेको हुन्छ। त्यही अन्तर्विरोध तिनिहरुका विकासको लागि प्रेरक शक्ति पनि हो। द्वन्द्ववादका अनुसार परिवर्तनको मूल स्रोत प्रकृति भित्रै रहेको हुन्छ। विपरित तत्वहरुको एकता तथा सङ्र्घषको द्वन्द्वात्मक नियमद्वारा त्यसको व्याख्या गर्नु पर्ने हुन्छ। यस्तो द्वन्द्वात्मक नियम अनुसार सम्पूर्ण वस्तु र त्यसको क्रियाकलाप भित्र परस्पर विरोधी तथा अन्तर्विरोधी पक्षहरु रहेका हुन्छन्। ती दुबै पक्षहरुका बीचमा अन्तर्सम्बन्ध र एकता तथा निरन्तर संङ्घर्ष भइरहेको हुन्छ। एकता र सङ्घर्षको यस्तै नियमबाट सम्पूर्ण वस्तु तथा जीवन जगतमा परिवर्तन आउँछ। यसरी "परस्पर विरोधी पक्षहरुका बीच हुने एकता र सङ्घर्षको नियम नै भौतिक जगतका विकासको मूल कारण हो [३३]।"**

**विश्वमा काहिँ पनि प्रकृतिका दुई एकै रुप र गुणका वस्तु पाइदैनन्। दुई भन्नासाथ असमानताको वोध हुन जान्छ। समान वस्तुहरुमा पनि असमानता रहेको हुन्छ। यसरी एउटै वस्तु भित्र पनि एकता र अनेकताको एकत्व रहेको हुन्छ। एउटा वस्तु अर्को वस्तुसँग मात्र भिन्न नभई आफ्नो सम्वन्धमा आफैँ सँग भिन्न रहन्छ। द्वन्द्ववादमा कुनै वस्तु छ वा छैन भन्नु को अर्थ त्यो वस्तुमा स्थायित्व र परिवर्तनको एकत्व छ वा छैन भन्नु हो। सकारात्मकता तथा नकारात्मकता छ, जीवन र मृत्यु छ भन्नु हो।**

**एउटा निश्चित समय र स्तरमा रहेको इकाई वा एउटा परिघटना नै विरोधी पक्षहरुका बीचको एकता हो। विरोधी गुण, चरित्र, गति र दिशा भएका पक्षहरको एकता हो। विरोधी शव्दले कुनै दुई परस्पर नमिल्दा विपरीत धर्मी गुण भएका पक्षहरुलाई वुझाँउछ। यस्ता विपरीत तत्व भएका दुई पक्षहरुले एक अर्का वीच अन्तर्विरोध खडा गर्दछन। यस्ता तीन पक्ष भए तीन अन्तर्विरोध र चार पक्ष भए चार अर्न्तविरोध खडा भएर आउँछन्। यसको अर्थ के हो भने प्रत्येक वस्तु, प्रत्येक परीघटना कुनै दुई पक्ष बीचको एकत्व हो तथापी ती दुई परस्पर विरोधी पक्षहरुमा अनेक अन्तर्विरोधहरु लुकेका हुन्छन्। यस प्रस्थापनाले के जानकारी गराउँछ भने सवै भूत द्रव्य अर्थात् वस्तु पदार्थको संरचनामा एउटा यस्तो अन्तर्विरोध हुन्छ त्यो वस्तु,**

---

३३ फेडरिक एङ्गेल्स – ड्युहरिक मत खण्डन दोस्रो सँस्करण, सन् १९८०, पूर्ववत, पृष्ठ ३३२

रुप, गुण र परिघटनाको जस्ले निर्धारण गर्दछ उसले त्यो वस्तु तथा परिघटनामा असङ्ख्य गौण अन्तर्विरोधहरु पाउन सक्दछ । जस्तै - हाइड्रोजन तत्वका परमाणुको केन्द्रमा एक प्रोटोन धन विद्युत्को एक एकाई र त्यसको चारैतिर परिक्रमा गर्ने एक ऋण विद्युत ईलेक्ट्रोन हुन्छ तथापि इलेक्ट्रोन र प्रोटोन आफैंमा विभाजित हुन सक्छन् । तसर्थ हाइड्रोजनको परमाणुमा एक प्रोटोन एक इलेक्ट्रोनको बीच हुने अन्तर्विरोधले त्यो पदार्थलाई संरचनात्मक रुप दिन्छ र मूल गुणलाई निर्धारित गर्दछ ।

यस्तै - अक्सिजनको परमाणुका न्यूक्लियसमा प्रोटोन र केन्द्रको परिक्रममा आठ ईलेक्ट्रोन हुन्छन । आठ प्रोटोन हरुका बीच र आठ ईलेक्ट्रोनहरुका बीच प्रत्येक  प्रोटोन र प्रत्येक ईलेक्ट्रोनका बीच अन्तर्विरोधहरु हुन्छन तर अक्सिजन परमाणुको संरचना र स्वत्वको निर्धारण आठ प्रोटोन भएका केन्द्रको+धन विद्युत र आठ ईलेक्ट्रोनमा रहेका–ऋण विद्युतका बीच विद्यमान अन्तर्विरोधले काम गर्दछ । अन्तर्विरोधको सबभन्दा महत्वपूर्ण पक्ष परस्पर विरोधी पक्षहरका बीचको सम्बन्ध र अन्तर्क्रिया हो । यस्ता विरोधी पक्षहरुको गुण र गति एकदमै भिन्न भएपनि तिनीहरु आफ्नो निरन्तर अस्तित्वको निमित्त आफ्नो प्रतिद्वन्दी प्रतिपक्षमाथी नै निर्भर रहन्छन । यस्तो एकताबाट नै त्यो वस्तुले सम्पूर्णता प्राप्त गरेको हुन्छ । यस्तो अर्न्तसम्बन्ध, अन्तनिर्भरता तथा अन्तर्विरोधबाट प्रतिपक्षहरुमा प्रवृत्तिगत गुणको विकास हुन्छ र एक आपसमा खप्न सक्ने क्षमताको पनि विकास हुन्छ ।

सामन्तवादी समाजमा अनेक अन्तर्विरोधहरु हुन्छन् तर त्यो समाजको आधारभूत संरचना सामन्तवादी संस्कार, संकृति र राजनैतिक धरातलमा खडा भएको हुन्छ । यस्तो सामाजिक संरचनागत चरित्रलाई मालिक र नोकर, जग्गा धनी र मोही बीचको सम्बन्ध र अन्तर्विरोधले निर्धारण गर्दछ । यसैगरी पूँजीवादी समाजको मूल चरित्र पूँजी र श्रमको बीच उधोगपति र सर्वहारा मजदूर वर्ग बीच भएको एकत्व र सङ्घर्षले निर्धारण गर्दछ ।

वर्गीय समाजमा आधारभूत वर्गहरुको बीच हुने गरेको दासी-स्वामी, ठूला जमिन्दार र जग्गा कमाउने मोही, उधोगपति तथा पूँजीपतिवर्ग र सर्वहारा मजदूरवर्ग बीचको अन्तर विरोध नै समाजको उर्ध्वगामी विकासको प्रेरक शक्ति हो । त्यस्तो अन्तर्विरोधलाई आधारभूत अन्तर्विरोध भनिन्छ । यस वाहेकका अन्तर्विरोधलाई गौण अन्तर्विरोध भनिन्छ । कुनै बस्तु र

**परिघटनाको अरु वस्तु र परिघटना वा सामाजिक, आर्थिक, साँस्कृतिक, प्राकृतिक तथा राजनैतिक वातावरणको अन्तर्विरोधलाई वाह्य अन्तर्विरोध भनिन्छ । यस्तो अन्तरविरोधको उपस्थितिले आन्तरिक अन्तर्विरोधहरुको समाधानमा अनुकूल वा प्रतिकुल अवस्थाको सृजना गर्दछ । जस्तै - साम्राज्यवादको उपस्थितिले स्थानीय सामन्तवाद वा पूँजीवाद विरोधी सङ्घर्षको विकासमा प्रतिकूल अवस्थाको सृजना गर्दछ तर समाजवादी व्यवस्थाको उपस्थितिले श्रमिक तथा सर्वहारा वर्गको वर्गीय आन्दोलनलाई अनुकूल स्थितिको सृजना गर्दछ । वर्गीय समाजमा मैत्रिपूर्ण अन्तर्विरोधहरु पनि हुन्छन । समान आर्थिक अवस्था र स्वार्थ तथा समान सामाजिक जीवन भएका वर्ग र उपवर्गहरु बीचको अन्तर्विरोधलाई मैत्रिपूर्ण अन्तर्विरोध भनिन्छ । जस्तै : सामन्ती समाजमा सामन्त जमिन्दार नोकरशाही पूँजीपति तथा दलाल व्यापारी बीचको अन्तर्विरोध र समाजवादी समाजमा किसान मध्यवर्ग तथा राष्ट्रिय पूँजीपति वर्ग बीचको मैत्रिपूर्ण अन्तर्विरोधहरु हुन्छन तर पनि त्यस समाजमा सर्वहारा मजदूर वर्गको शोषणचाहिँ केही मात्रामा भईरहेको हुन्छ ।**

**कहिलेकाहीँ समाजमा सवै खाले अन्तर्विरोधहरुको तिव्रतर विकास भएर जान्छ । अन्तर्विरोधहरुको विकास भन्नाले परस्पर विरोधी तत्व अर्थात प्रतिपक्षहरुको मात्रात्मक विकास हुनु हो । अन्तर्विरोधको पक्षमा भएको मात्रात्मक वृद्धिले अर्को प्रतिपक्षमा पनि मात्रात्मक वृद्धि ल्याँउछ । जस्तै : पूँजीवादी समाजमा पूँजीको मात्रात्मक वृद्धिले मजदूरहरुको सँख्यामा पनि वृद्धि गरि कुल शोषणको परिमाणमा वृद्धि गर्दछ । यही नै विपरीत पक्षहरुको बीच एकता तथा संङ्घर्षको नियम हो ।**

२.३.५.३ परिमाणात्मकताबाट गुणात्मकता तर्फ परिवर्तनको नियम

**कुनै पनि वस्तु पात्र वा घटनाका गुण र मात्रा गरी दुई पक्ष मानिन्छन । कुनै पनि द्रव्यमा रहेको घनत्व लचिलोपना, पग्लीने विन्दु, ताप र विद्युत् सम्वाहन आदिलाई गुण तत्व भनिन्छ । तापको घटवढले, घनत्व, लचकपन, द्रवित विन्दु र सम्वाहनको शक्तिमा फेर वदल आउँछ । त्यस कारण वस्तुको गुणले मात्र त्यस वस्तुको यथार्थ ज्ञान हुन सक्दैन । गुणले एउटा वस्तुलाई अर्को वस्तुसँग समान वा भिन्न रुपमा परिचित गराउँछ । हेगेलका अनुसार गुण भनेको कुनै पनि वस्तुको स्वात्व हो । त्यसैले गुणमा परिवर्तन भएपछि त्यो**

वस्तु अर्को वस्तुमा रुपान्तरीत हुन्छ । गुण पदार्थको संरचनासँग "दधिघृतन्याय योग"जस्तै रुपमा सम्वन्धित हुन्छ अर्थात् सरंचनामा त्यो गुण वस्तु तत्वसँग जोडिन जान्छ । त्यसैले गुणमा परिवर्तन हुनासाथ संरचना र त्यसको गुण धर्ममा समेत परिवर्तन हुन्छ । समाज विकासका क्रममा पूँजीवादका केही गुणहरुमा परिवर्तन आएर सार वस्तु उत्पादन हुन्छ र पूँजीवादी वस्तु उत्पादनमा रुपान्तरित हुन्छ । त्यसपछि त्यो औद्योगिक तथा वित्तीय पूँजी र अन्त्यमा वहुराष्ट्रिय पूँजीमा रुपान्तरित हुन पुग्छ । यसरी पूँजीवादको संरचना र गुण धर्ममा परिवर्तन भईरहन्छ तर मूलभूत गुणमा चाहिँ कुनै परिवर्तन हुँदैन ।

मात्राले कुनै पनि वस्तुको समानता एक रुपता वा अनेकरुपतालाई बुझाउँछ । जसले वस्तुको संख्यात्मकतालाई विशेष जोड दिएर जोड, घटाउ, गुणा तथा भाग गराउन सहयोग पुऱ्याउछ । मात्रात्मक परिवर्तनले कुनै पनि वस्तुमा भएको गुण विशेषलाई परिवर्तन गराउँदैन । तर त्यो वस्तुले न्यूनतम सीमाको उल्लङ्घन गरेपछि भने अर्कै वस्तुमा रुपान्तरित हुन्छ । जस्तै –पानीमा तापको मात्रालाई ९९.९ डिग्री सेण्टीग्रेड सम्म बढाउँदा पानी पानी नै रहन्छ तर त्योभन्दा अधिक तापक्रम दिनासाथ पानीको गुणमा परिवर्तन भै वाफमा परिवर्तन हुन्छ । त्यस्तै हाइड्रोजनपरमाणुको केन्द्रमा एक प्रोटोन थपिना साथ त्यो हिलियममा बदलिन्छ । वस्तुको गुण  मात्रामा रहेको सम्बन्ध र अन्तर्निभरतालाई "माप" भनिन्छ[३४]।

कुनै वस्तु परिघटना र प्रकृयामा भै रहने मात्रात्मक परिवर्तनले जब त्यो वस्तुको निश्चित "माप"को विन्दुलाई उल्लङ्घन गर्दछ तब त्यो वस्तुको गुणमा परिवर्तन आएर नयाँ वस्तुमा रुपान्तरित हुन्छ । मात्रात्मक परिवर्तनले गुण र मात्रामा रहेको सन्तुलनलाई क्रमशः असन्तुलित पारिरहेको हुन्छ ।

एउटा निश्चित विन्दुमा पुगेपछि पुरानु माप नयाँ मापमा, पुरानु वस्तु नयाँ वस्तुमा परिवर्तन हुन्छ । यस्तो गुणात्मक परिवर्तनलाई फड्को छलाङ्ग वा क्रान्ति भन्ने गरिएको छ । यसरी पुरानो संरचना नयाँमा, पुरानु व्यवस्था नयाँ व्यवस्थामा फड्को मार्छ र गुणात्मक परिवर्तनले क्रान्ति ल्याएपछि पुनः मात्रात्मक परिवर्तनको सिलसिला सुरु हुन्छ । मात्रात्मक

३४ जोसेफ स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, (अनुवादक रुकुश), प्रगति प्रकाशन, काठमाण्डौं, वि.सं. २०४७, पृष्ठ ८

परिवर्तन निरन्तर रुपमा भइरहने प्रकृया हो । गुणात्मक परिवर्तनले चहिँ क्रान्ति नै ल्याउँछ, पुरानु क्रमलाई तोड्छ, फोड्छ र नयाँमा रुपान्तरित गर्छ । पुरानु आधारभूत अन्तर्विरोधको ठाउँमा नयाँ आधारभूत अन्तर्विरोध जन्मन्छ । पूँजीवादी उत्पादन सम्बन्ध सामन्ती उत्पादक शक्तिहरु पूँजीवादी उत्पादक शक्तिको रुपमा परिवर्तन हुन्छन् । यस्तो प्रकृया एउटा निश्चित विन्दुमा पुगेपछि वा मात्रात्मक परिवर्तन गुणात्मक परिवर्तनमा पुगेपछि मात्र क्रान्ति सम्भव हुन्छ । अनिमात्र पूँजीको मात्रात्मक वृद्धि हुन्छ । सर्वहारा मजदूरवर्गको विकास गराउँछ । पूँजीको विकासले औजार, उपकरण र प्रविधिको विकास हुन्छ । यसरी उत्पादनको व्यवस्थापनमा आएको परिपक्वताले पूँजी र श्रमको नयाँ नयाँ वैज्ञानिक व्यवस्थापनको माग गर्छ । शिक्षित तथा प्रविधियुक्त श्रमिकहरुको आवश्यकता महशुस गर्छ अर्थात् मात्रात्मक वृद्धि गर्दछ । यसरी समाजका सबै पक्षहरुलाई विकसित परिमार्जित र परिपक्व बनाउँदै नयाँ युगमा प्रवेश गर्न सहयोग पुऱ्याउँछ [३५]।

परिमाणात्मकताबाट गुणात्मकता तर्फ हुने परिवर्तनको सिद्धान्त द्वन्द्ववादको आधारभूत सिद्धान्त हो । यहाँ गुणले कुनै पनि वस्तुको चिनारी गराउँछ भने परिमाणले वस्तुको बाहिरी आवरणलाई बुझाउँछ । समग्र भौतिक पदार्थका परिवर्तनको क्रममा परिमाण गुणमा रुपान्तरित हुन्छ तर त्यस्तो रुपान्तरण एकै पल्ट नभएर क्रमशः हुने गर्दछ । परिमाणात्मक परिवर्तन नभए नयाँ वस्तुको उत्पत्ति पनि हुदैन । यसरी परिवर्तन हुने प्रकृयालाई गुणात्मक परिवर्तनको नियमले देखाउँछ ।

२.३.५.४ निषिधको निषिध नियम :-

यस वस्तु जगत अर्थात् भौतिक संसारमा जुन प्रकारका परिवर्तनहरु आउँछन् तीनबाट के कुरा प्रष्ट हुन्छ भने यस संसारका कुनै पनि वस्तु, प्राणी, पदार्थ अपरिवर्तनीय छैनन् । प्रत्येक वस्तुको उत्पत्ति हुन्छ र विनाश हुन्छ । प्रत्येक अवस्थामा तिनीहरुका स्वरुपमा परिवर्तन आउँछ। निषेधको निषेध नियमले यही वस्तु जगत्मा देखिने विकासको नियमलाई बुझाउँछ । यस नियम अनुसार परिवर्तनको स्वरुप अग्रगामी अर्थात् प्रगतिशील हुन्छ ।

---

३५ मार्क्सवादी अध्ययनका लागि केही सन्दर्भ सामग्रीहरु–२०५६, ने.क.पा. एमाले केन्द्रिय पार्टी स्कूल विभाग, काठमाण्डौ

यस्तो परिवर्तन सामान्यबाट विशिष्टता तर्फ, सरलताबाट जटिलतातर्फ र निम्नताबाट उच्चता तर्फ हुने गर्छ । क्रान्ति, परिवर्तन वा विकास भनेको प्राचीनतम प्रथा वा परम्पराको समाप्ति र नयाँ आधुनिक तथा वैज्ञानिक युग सापेक्ष परम्पराको थालनी हो । यहाँ पुराना वस्तुको निषेध गरी नयाँ वस्तुको उद्भव हुन्छ । निषेध भन्नाले पुराना सबै कुराको निषेध भन्ने चाहिँ होइन । पुराना वस्तुहरुमा अनुत्पादक, रुढी, अन्ध धार्मिकता, अवैज्ञानिक, अवैधानिक तथा खराव कुराहरुको मात्र निषेध गर्नु हो । विकासको अनन्त प्रकृया अनुसार पुरानु चरणको निषेध गरी नयाँ चरणको थालनी गर्नु हो । यस नियमले वस्तु जगतमा देखिने परिवर्तनको क्रमबद्धतालाई देखाउँछ र प्रगतिशील प्रवृत्तिलाई अग्रता प्रदान गदर्छ । निषेधको नियम जहाँतहिँ दिनप्रतिदिन घटिरहने सरल व्यवहारिक तथा प्राकृतिक घटना तथा परिघटनाबाट सिक्न सकिन्छ । जस्तै : एकमुठी गहुँका दानाहरुलाई लिऊँ, यदि ती दनाहरुले उचित मल, जल, हावा र माटो पाएमा त्यसबाट विशिष्ट प्रकारको परिवर्तन आउँछ । दानाहरु जमिनमा छरिन्छन्, अंकुरित हुन्छन् र लहलहाउँदै विरुवाको रुप ग्रहण गर्दछन् । त्यसबेला ती गहूँका दानाको अस्तित्व स्वयंम् समाप्त भैसकेको हुन्छ । गहूँको बोटले दानालाई निषेध गरिसकेको हुन्छ । त्यसपछि ती गहूँका टुसाहरु विरुवा, बोट, हुँदै फेरी गहुँकै रुपमा रुपान्तरित हुन्छन् तर पुरानै अवस्थामा हैन धेरै बढी मात्रात्मक वृद्धि भएर परिवर्तन भएका हुन्छन् । मानवीय इतिहासमा पनि यही नियम लागु भएको पाइन्छ । जस्तै मानव सभ्यताको अभ्यूदय संगसगैं मानिसले जमिनमाथिको सामूहिक स्वामित्वबाट आफ्नो यात्रा सुरु गरेको पाइन्छ । जुन मानव समाज र सभ्यता एउटा खास अवस्थाबाट निस्केर आएको हो । त्यस यात्राको क्रममा देखिएका अवरोध, वाधा, हाँक र चुनौतिको निषेध गर्दै इतिहासको यात्रा अघि बढिरहेको हुन्छ । अनावश्यक वस्तुको निषेध गर्दै नयाँ वस्तु संस्थापित हुँदै आउँछन् । अनेक वस्तु, व्यवस्था, रीति, सँस्कृतिको रुपान्तरण पनि यही निषेधको निषेध नियम अन्तर्गत भएको हो ।

निषेधको निषेध नियम प्रकृति इतिहास र चिन्तनका विकासको एउटा अति सामान्य नियम हो । यसले समाज रुपान्तरणमा अत्यन्त महत्वपूर्ण र दुरगामी प्रभाव पारेको छ । यसले समाज विकासको स्थिति र नयाँ तथा पुराना बीचको अर्न्तसम्वन्धलाई निर्दिष्ट गर्दछ ।

निषेधका नियमको प्रथम पक्षले नयाँ उच्चत्तर र बढी महत्वपूर्ण सकारात्मक रुपहरुको सिर्जना गर्छ । त्यसैले यसलाई सकारात्मक निषेध भनिन्छ । निषेधको प्रथम पक्ष भनेको विकासको स्थिति हो । निषेधवाट जन्मिएको निषेधले पुरानोलाई निषेध मात्र गर्ने होइन अपितु माथि पनि उठाउँछ । माथि उठाउनुको द्वन्द्वात्मक अर्थ पहिलेको स्थिति नकारात्मक हुँदाहुँदै पनि त्यसका सकारात्मक पक्षहरुको संरक्षण र विकास गर्नु हो ।

आदिम साम्यवादी समाजमा श्रमिकहरुसँग श्रमको औजार रहने गर्थ्यो तर पछि उत्पादक शक्तिहरुको विकासले उत्पादनका सम्वन्धमा वाधा पुग्न थाल्यो । जसले गर्दा प्रथम निषेधले श्रमिक र श्रमका औजारको बीचमा भिन्नता ल्याइदियो । त्यसको परिणाम स्वरुप शोषक समाजको जन्म हुन पुग्यो तर उत्पादन शक्तिहरुको अझ विकासले शोषक समाजलाई निषेध गरिदियो र श्रमिक र औजारमा पुनः एकात्मकता कायम हुन पुग्यो ।

विकास भनेको द्वन्द्वात्मक निषेधहरुको एउटा श्रृंङ्खला हो । यसले विकास प्रकृयामा रहेका पहिलेका सम्बन्धहरुको निषेध मात्र नगरी पूर्ववर्ती वस्तुमा रहेका यावत् सकारात्मक पक्षहरुलाई अत्मसात् गर्दै माथिल्लो चरण सम्म पुऱ्याउँछन् । जस्तै :– समाजवादले पूँजीवादको निषेध गर्दा त्यसको आर्थिक शोषणका चरित्रले व्यक्तिवादीताको निषेध गर्दछ । तर पूँजीवादी समाजको व्यवस्थापन, भाषा, मानवअधिकार तथा वैज्ञानिक उत्कर्ष आदि जस्तो सकारात्मक पक्षको निषेध नगरी तिनीहरुलाई अझ बढी विकसित तथा उच्चतर बनाउँदै लैजान्छ ।

यसै प्रसङ्गमा लेनिनले "कुनै पनि घटना प्रकृति र समग्र जीवन जगत्लाई हेर्ने एउटा प्रस्थापना विन्दु तयार गर्नु पर्छ र त्यसको सामाजिक जीवनका विभिन्न आरोह अवरोहहरुबाट परीक्षण गरी त्यसमा भएका सकारात्मक तथा नकारात्मक पक्षलाई कसीबद्ध गरी छुट्याउनु पर्छ । नकारात्मक पक्षलाई निषेध गर्दै जानु पर्छ तथा निषेधबाट निषेधित प्रस्थापना सित एकत्व कायम गनुपर्छ [३६]भनेका छन् ।

### २.३.५.५ पदार्थ र त्यसको अस्तित्व

पदार्थ एउटा दार्शनिक प्रवर्ग हो । यसले वस्तुगत यथार्थलाई जनाउँछ । जुन कुरा मनुष्यलाई आफ्नो चैतन्यद्वारा प्राप्त हुन्छ । आफू स्वतन्त्र अस्तित्वमा रहेर चेतनाद्वारा

३६ मार्क्सवादी लेनिनवादी दर्शनशास्त्र (नेपाली रुपान्तरण–नारायण प्रसाद आचार्य), इन्द्रेणी अपसेट प्रेस, काठमाण्डौ, वि.सं.२०५५,पृ. १३७

अनुगृहित, छायाङ्कीत तथा प्रतिविम्वित गर्दछ त्यही नै पदार्थ हो । पदार्थको एकमात्र गुणधर्मसँग दार्शनिक भौतिकवादी मान्यता गाँसिएको छ । त्यो गुणधर्म भनेको वस्तुगत यथार्थ हो । मस्तिष्क देखि वाहिरी अस्तित्वमा रहेको वस्तु हो ।

अर्थात् पदार्थ त्यही हो जसले मनुष्यका ज्ञानेन्द्रीयहरुमा रही चेतना उत्पादन गर्दछ तर पदार्थको अस्तित्व चेतनामा भरपर्दैन । त्यसैले पदार्थ प्रथम वस्तु हो भने चेतना, चिन्तन र ज्ञान चाहिँ पदार्थका सर्वोत्कृष्ट उत्पादन हुन । द्वन्द्वात्मक भौतिकवादको पहिचानले प्रकृति र समाजमा एक रुपता, कार्यकारण सम्वन्ध र आवश्यकताको वस्तु परक स्वभावलाई व्याख्यागर्न संम्भव तुल्याएको छ । वस्तुपरक रुपमा अस्तित्वमा रहेका पदार्थहरुका विविध गुणपक्षलाई यसले आफ्ना सिद्धान्तहरुमा प्रतिविम्वित नगरेको भए आज कुनै पनि विज्ञानले उन्नति गर्न सक्ने थिएन । गतिशुन्य पदार्थ हिजो, आज न भोलि न थियो, न छ, न हुनेछ । ब्रम्हाण्डीय अन्तरिक्षको गति एकल आकाशीय पिण्डका स-साना खण्डहरुमा रहेको यान्त्रिक गति, तापका रुपमा अणुहरुको कम्पन विद्युतीय तरंगहरुमा हुने तनाव, चुम्वकीय ध्रुविकरण, रासायनिक विच्छेदन र मिलन, आफ्नो उच्चतम परमाणु गतिकै रुपमा आउँछ । गतिहीन पदार्थ र पदार्थहीन गति अकल्पनीय हुन्छ । तसर्थ गति पनि स्वयम् पदार्थ जस्तै अनादि तथा अनन्त हो यसलाई पुन : सिर्जना गर्न सकिदैन[३७]।"

२.३.५.६ ऐतिहासिक भौतिकवाद

अठारौँ शताव्दीको अन्त्यतिर अर्थात वेलायती क्रान्तिको सफलता पछि अझ विशेप गरेर फ्रान्सेली क्रान्ति (सन् १७८९–१७९४) पछि सामाजिक विकासको गति र घटनाहरुमा आएको तीव्रता एंवम् वर्गीय अन्तर्विरोधहरुको उत्कर्षले ऐतिहासिक भौतिकवादको पूर्वाधार तयार गरेको हो । त्यस ताका अर्थात सामन्ती युगमा इतिहासको गति पनि अत्यन्त मन्द भएर आएको देखिन्छ । त्यसबेला सामाजिक विकासको उर्ध्वगामी स्वरुपको गति तथा दिशा पत्ता लगाउन पनि कठिन थियो ।

मार्क्सपूर्व भौतिकवादको प्रारुप अवस्था मात्र भएकाले यसको सामाजिक भौतिक तथा ऐतिहासिक व्याख्या पनि सुसङ्गठित तथा वैज्ञानिक ढङ्गले गर्न सकेको थिएन । ऐतिहासिक

---

३७ द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, पूर्ववत्, पृष्ठ २७८

प्रकृयामा निहित द्वन्द्ववादको समुद्घाटन पनि भैसकेको थिएन । मार्क्स भन्दा अगाडिका समाजशास्त्री दार्शनिकहरुले समाज, सामाजिक जीवन र समाज विकासको इतिहासलाई राम्रोसँग बुझ्नको लागि द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अपनाउन पूर्ण रुपमा सकिरहेका थिएनन् । सामन्ती चिन्तनले नै युगलाई प्रभाव पारिरहेका थियो । त्यसको विरोधमा दार्शनिक मान्यता पाउन सकिरहेको थिएन ।

त्यस्तो सामन्ती युग चेतनाको कालखण्ड (सन् १८४५–१८४६)मा आएर नयाँ ऐतिहासिक भौतिकवादका प्रणेता पाश्चात्या चेतनाका प्रदीप काल मार्क्सले आफ्नो "जर्मन विचारधारा"भन्ने कृतिमा पहिलो पटक ऐतिहासिक भौतिकवादको वैज्ञानिक पद्धत्ति अनुसार सूक्ष्म व्याख्या गरेका छन । मार्क्सको ऐतिहासिक भौतिकवादले  वैज्ञानिक चिन्तनको महान् उपलब्धी हासिल गरेको मानिन्छ । इतिहास र राजनितिसँग सम्बन्धित विचारका क्षेत्रमा जुन अस्तव्यस्तता थियो । त्यसको ठाँउमा पूर्णतया वैज्ञानिक सिद्धान्तको स्थापना हुन पुग्यो । ऐतिहासिक भौतिकवादका सामान्य नियमहरु सबै खाले समाज विकासको क्रममा लागु भएका छन । तिनिहरुको स्वरुप चाहिँ आफ्नै प्रकारका विशेषताले भरिएको छ । त्यसैले मानवीय समाज विकासका क्रमहरुलाई बुझ्न केवल भौतिकवादका सिद्धान्त र द्वन्द्ववादका नियमको अध्ययन गरेर पुग्दैन अपितु यी सिद्धान्त र नियमहरु समाजका कुन विशिष्ट परिस्थितिमा लागु हुन सक्दछन् भन्ने पनि बुझ्न उत्तिकै जरुरी छ । जस्तै आदिम युगदेखि हाल सम्मका समाज विकासको इतिहासलाई हेर्दा वर्गीय समाजमा वर्ग सङ्घर्षको स्वरुप प्रत्येक युगमा देश, काल, परिस्थिति अनुसारको व्यवस्था, रुप, दिशा र प्रयोगविधिका आधारमा भिन्न भिन्न थियो र हुनेछ भन्ने कुरा वुझ्नु पनि नितान्त आवश्यक देखिन्छ ।

ऐतिहासिक भौतिकवादका कुनै नियमहरु सामाजिक विकासका सवै चरणमा लागु हुन्छन भने कुनै नियमहरु चाहिँ कुनै कुनै विशिष्ट चरणमा मात्र लागु हुन्छन । जस्तै सामाजिक चेतनाको सम्वन्धमा सामाजिक जीवनवृत्तिको निर्णायक भूमिकाको नियम तथा समाज विकासमा उत्पादन पद्धत्तिका निर्णायक भूमिकाको नियम सर्वकालिन तथा सर्वदेशिक हुन्छ भने वर्ग सङ्घर्षको नियम चाहिँ सत्रुतापूर्ण वर्गहरुको विभाजित समाजमा मात्र अर्थात निश्चित चरणमा मात्र लागु हुन्छ । समाज विकासको अध्ययन गर्ने सन्दर्भमा ऐतिहासिक

भौतिकवादले सामाजिक विकासका सामान्य तथा मूलभूत पक्षहरुको स्वरुपलाई प्रष्ट पारेको छ। जस्तै–सामाजिक तथा आर्थिक व्यवस्था, सामाजिक चेतना, उत्पादन शक्ति, उत्पादन सम्वन्ध, उत्पादन पद्धत्ति र आधार आदि ऐतिहासिक भौतिकवादका नियम र प्रवर्गहरुको समग्रताले मात्र सामाजिक विकासको सुसङ्गठित सुस्पष्ट तथा पूर्ण चित्र प्रस्तुत गर्न सक्दछ[३८]।

ऐतिहासिक भौतिकवादका अनुसार समाजको उत्पादन प्रणाली जे-जस्तो हुन्छ मूलतः त्यसैसँग मिल्दो समाज, समाजको विचार, समाजको राजनैतिक, आर्थिक तथा साँस्कृतिक सम्पन्नता रहेको हुन्छ अर्थात मानिसको जीवन जीउने क्षमता जे–जस्तो हुन्छ उसको विचार गर्ने क्षमता पनि उस्तै हुन्छ । समाज विकासको इतिहास नै मूख्यतया उत्पादन विकासको इतिहास हो। युग युगमा एकपछि अर्को रुपमा फेरिदै आउने उत्पादन प्रणालीको इतिहास हो । उत्पादन शक्ति र उत्पादन सम्वन्धको इतिहास हो । समाज विकासको इतिहास आफैमा भौतिकवस्तु उत्पादनको इतिहास हो । सामाजिक अर्थ र अस्तित्वलाई सदैव उत्कर्षका साथ वचाइ राख्न चाहिने भौतिक वस्तुको उत्पादन गर्न सर्वहारा श्रमिक वर्गको महत्वपूर्ण भूमिका रहने हुँदा यो सर्वहारा मजदूर तथा श्रमिक वर्गको इतिहास पनि हो।

इतिहासलाई शास्वत सत्य तथा विज्ञान सम्मत बनाउन समाज विकासको इतिहासलाई कुनै पनि हालतमा राजामहाराजा, प्रमुख शासक, साम्राज्यवादी, उपनिवेशवादी नोकरशाही, पूँजीपति, दलाल, सामन्तवर्गको अधिनायकत्वबाट मुक्त गरी साँचो अर्थमा कामको इतिहास, मानवमूल्यको इतिहास समृद्ध भएको हुनुपर्दछ। यहाँ मानवीय सभ्यता, सँस्कृति र आर्थिक पक्ष पनि समृद्ध हुनुपर्दछ । मानवमूल्यको इतिहासलाई श्रमिक, सर्वहारा, मजदूरहरु र राष्ट्रिय मुक्ति आन्दोलनमा संलग्न सम्पूर्ण जनताहरुको इतिहास वनाउनु पर्छ अनिमात्र साँचो अर्थमा मानवमूल्यको इतिहास इतिहास वन्न सक्छ। यो नै भौतिकवादको इतिहास सम्वन्धी अवधारणा हो[३९]।

३८ मार्क्सवादी लेनिनवादी दर्शनशास्त्र, (सम्पादन डाइवानुन)अंग्रेजी रुपान्तरण गनिनास्तोविनको, प्रगति प्रकाशन, मास्को, सन् १९५७ पृ. २१५
३९ ऐतिहासिक भौतिकवाद अनुवादक (कृष्णदास श्रेष्ठ), जनसाहित्य प्रकाशन, काठमाण्डौ, वि.सं. २०६०, पृष्ट २२०

समाज विकासका इतिहासको क्रमलाई हेर्दा समाजको उत्पादक शक्तिहरुमा आएको परिवर्तन र विकास सँग मिल्ने गरी मानिसहरुका उत्पादन सम्वन्ध र आर्थिक सम्वन्धहरु पनि उत्कर्षता तर्फ परिवर्तन हुँदै आएको देखिन्छ।

समाज विकासका इतिहासमा मुख्यगरी पाँच प्रकारका उत्पादन सम्वन्धहरु रहेका देखिन्छन् :–

(१) साम्यवादी उत्पादन सम्वन्ध

(२) दास प्रथात्मक उत्पादन सम्बन्ध

(३) सामन्तवादी उत्पादन सम्बन्ध

(४) पूँजीवादी उत्पादन सम्बन्ध

(५) समाजवादी उत्पादन सम्वन्ध[४०]"

(१) साम्यवादी उत्पादन सम्वन्ध :–

उत्पादनका साधनहरुमाथि सम्पूर्ण समाजको सामूहिक स्वामित्व भएको अवस्थालाई साम्यवादी उत्पादन सम्वन्धको युग भनिन्छ। यस्तो समाजमा समाजका सवै सदस्यहरु बीच समान सहयोगी सम्वन्ध रहेको हुन्छ।

(२) दास प्रथात्मक उत्पादन सम्वन्ध :–

यस सम्वन्धमा श्रमका साधनहरु र माध्यमहरु जस्तै भूमि, जङ्गल, खानी, उद्योग औजार आदिलाई निजी स्वामित्वका वस्तु बनाएर श्रमजीवी, सर्वहारा मजदूर वर्गलाई आफ्नो शक्तिद्वारा दास दासी वनाई निर्जीव वस्तु सरह आफ्नो सम्पत्तिको रुपमा लिने र आवश्यकता पर्दा किन वेच समेत गर्ने, आफ्नो काममा निरन्तर लगाई राख्ने र पारिश्रमिक पनि दिनु नपर्ने उत्पादन र उत्पादकको सम्बन्धलाई दास प्रथात्मक सम्वन्ध भनिएको छ।

(३) सामन्तवादी उत्पादन सम्वन्ध

यस सम्वन्ध अन्तर्गत अधिकाँश भूमि अल्पसँख्यक व्यक्तिहरुको हातमा रहने र वहुसंख्यक जनताले त्यो भूमि, ती जमिन्दार भूमिपतिहरुवाट कुत वा ठेक्कामा लिएर खेति गरी आफ्नो जीवन निर्वाह गर्ने जग्गाको मालिक भएबापत उसलाई सवै मोही अथवा

---

४० कार्लमार्क्स फेडरिक एङ्गेल्स, कम्युनिष्ट पार्टीको घोषणा पत्र (अनु.कृष्ण प्रकाश श्रेष्ठ) प्रगति प्रकाशन, मास्को, सन् १९७७, पृष्ठ १९६

भूमिहीन, किसानहरुले मान, सम्मान इज्जत र पैसा उत्पादन गरी पुऱ्याउनु पर्ने उत्पादन र उत्पादकको सम्वन्धलाई सामन्तवादी उत्पादन सम्वन्ध भनिन्छ ।

(४) पूँजीवादी उत्पादन सम्वन्ध

यहाँ उत्पादनका आधारभूत साधनहरु (उद्योग, व्यापार, भूमि, खानी ) माथि सवै ठाउँमा पूँजीपतिहरुको स्वामित्व रहेको हुन्छ । श्रमिकको आफ्नो केही हुँदैन उ स्वतन्त्र तथा मुक्त हुन्छ । उसको वाँच्न अन्य सहारा केही नभएकाले उ वाँच्नको लागि आफ्नो श्रम शक्तिलाई पूँजिपति वर्गको हातमा बेच्न वाध्य हुन्छ । यहाँ श्रमिकहरुको श्रमशक्ति वस्तुमा परिवर्तन हुन्छ । यसरी श्रम दिने र लिनेको सम्वन्धलाई  पूँजीवादी युगको उत्पादन सम्वन्ध भनिएको छ ।

(५) समाजवादी उत्पादन सम्वन्ध

समाजवादी उत्पादनको सम्वन्ध मानिसको मानिसबाटै गरिने शोषणको अन्त्य गराउने दिशा तर्फ उन्मुख भएको हुन्छ । उत्पादनका आधारभूत साधनहरुमाथि समाजको सामूहिक स्वामित्व रहेको हुन्छ । निजी स्वामित्वलाई राज्यले गौण रुपमा मात्र स्वीकार गरको हुन्छ । यसकारण समाजवादी व्यवस्था समानतामा आधारित हुन्छ । वर्गहरुमा मित्रवत व्यवहार गरिन्छ । वर्गहरुवीचको मित्रवत सम्वन्ध सहयोग र प्रतिस्पर्धामा परिणत हुन्छ । समाजमा सम्पत्तिको स्वामित्व जस्तो विधिद्वारा निर्धारण गरिएको छ व्यक्तिको आर्थिक अवस्था पनि त्यस्तै हुन्छ । यसरी सामूहिक श्रम परिचालन गरी आफ्नो समाज आफैँ निर्माण गर्ने उत्पादन प्रणालीलाई समाजवादी उत्पादन सम्बन्ध भनिएको देखिन्छ[४१]।

यसरी उत्पादन र उत्पादकका सम्वन्धहरुको अवलोकन गर्दा सामाजिक जीवनका सबै पक्षहरु आंशिक रुपमै भए पनि अन्तर्सम्बन्धित नै हुन्छन । यी सवै उत्पादनका सम्बन्धहरु नै समाजका भौतिक र आर्थिक आधार हुन । त्यसले समाजको सम्पूर्ण आन्तरिक बनोटलाई निर्धारण गर्दछ । त्यसले ऐतिहासिक चरणमा सामाजिक जीवनका सवै पक्षहरु (आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, शैक्षिक) लाई अभिव्यक्त गरेको हुन्छ । यो मार्क्सवादी सामाजिक सिद्धान्तले सबै खाले सामाजिक सम्वन्धहरु भध्ये उत्पादनका सम्वन्धहरुलाई निर्णायक मानेको छ ।

४१ मार्क्सवादका विचारधारात्मक श्रोतहरु, (अनुवादक कृष्णदास श्रेष्ठ), प्रगति प्रकाशन, काठमाण्डौ, वि.सं.२०४५, पृष्ठ ९१

ऐतिहासिक भौतिकवादका आधारमा सामाजिक, आर्थिक ढाँचाको वनोटलाई हेर्दा भौतिक र विचारधारात्मक गरी दुई प्रकारका सम्वन्धरु पाइन्छन । भौतिक सम्वन्धहरु समाजको आधार हुन भने विचारधारात्मक सम्वन्धहरु चाहिँ समाजका अधिसंरचना हुन[४२]।

भौतिक सम्बन्धहरु भौतिक उत्पादनको प्रकृयासँग सम्वन्धित हुन्छन । मानिस प्रकृति, उत्पादन, उपभोग, नाता, सम्वन्ध र परिवार आदि सबै भौतिक सम्वन्धहरु हुन । यसको विशेषता तिनीहरुको स्वाधीन अस्तित्व हो । अधिसंरचना सम्वन्धहरु भौतिक सम्बन्धहरुबाट नै विकसित भएका हुन्छन । यस भित्र तीन प्रकारका सामाजिक परिघटना देखिएका छन ।

पहिलोमा सामाजिक चैतन्य, चिन्तन, चित्तवृत्ति तथा सामाजिक मनोविज्ञान, आदि पर्दछन । दोस्रोमा विभिन्न सामाजिक सङ्घसङ्गठनहरुका अभिलेख भावनात्मक कृयाकलापहरु दस्तावेजहरु, योजना, परियोजना र प्रकृयाहरु साहित्यिक संरचनाहरु संविधान, कानून, नियम, धार्मिक आलेखन र त्यसबाट संरचित राज्य, सेना, प्रहरी, न्यायलय आदि पर्दछन भने तेस्रोमा बाह्य संरचनात्मक सम्वन्धहरु अर्थात अधिसंरचना सामाजिक चिन्तनबाट सिर्जित सामाजिक सङ्गठनहरु र सम्वन्धहरुको योग पर्नआउँछ जुन निश्चित आर्थिक आधारमा खडा भएको हुन्छ ।

### २.३.६ मार्क्सवादी जीवन दर्शन

"समाजको आर्थिक आधार जुन वर्गको (दास, स्वामी, सामन्त पूँजीपति वा श्रमदास)प्रभुत्वकारी ढाँचामा अडिएको हुन्छ । त्यसले त्यस्तै अर्थात आफ्नो अनुकूल राजनैतिक व्यवस्था नियम, कानून, विचार, व्यवहार नैतिकता तथा धार्मिकता कायम गर्दछ । पूँजीवादी समजमा समाजवादी नैतिकता र समाजवादी समाजमा पूँजीवादी नैतिकता प्रमुख वन्न सक्तैन वर्गीय समाजमा प्रभुत्वकारी वर्गले आफ्नो हित अनुकुल सामाजिक सम्बन्धहरु (विचारधारा चिन्तन, आदर्श, नैतिकता तथा राज्य सञ्चालनको व्यवस्था) स्थापना गर्छ तर त्यहाँ पनि गैह्र प्रभुत्ववादी वर्गको शोषण चाहिँ भै रहेको हन्छ । तसर्थ शोषक र शोषित वर्गहरुका विचारधारा चिन्तन, आकाङ्क्षा र आवश्वकताहरुको वीच जहिले पनि द्वन्द्वात्मक सङ्घर्ष चलिनै रहेको हुन्छ । अन्तर्विरोधहरु चर्किनै रहेको हुन्छ ।

---

४२ कार्लमार्क्स फ्रेडरिक एङ्गेल्स,कम्युनिष्ट पार्टीको घोषणापत्र, (अनु.कृष्ण प्रकाश श्रेष्ठ), प्रगति प्रकाशन, मास्को, सन् १९७९, पृष्ठ ७

आधार र अधिरचना दुवैमा भूतकालको अवशेष र भविष्यका आकाङ्क्षाले गर्दा आन्तरिक अन्तर्विरोध जन्मिरहेका हुन्छन । जस्तै :–पूँजीवादी समाजमा सामन्ती अवशेष (भूतकालको अवशेष) र उत्पादन प्रकृयामा सामाजिकरणको स्थिति (भविष्यको आकाङ्क्षा) उपस्थित भएको हुन्छ[४३]।"यसरी मार्क्सवादी जीवन दर्शनको आधारमाथि उभिएको अधिरचनाको आर्थिक आधारले समाजको राजनैतिक चैतन्य, विचारधारात्मक संरचना तथा त्यसका सवै अङ्गहरुको सारलाई निश्चित आकार प्रदान गर्दछ । अधिसंरचनाले वर्गहरुको आर्थिक र राजनैतिक पक्षलाई विभिन्न रुपद्वारा मनोविज्ञानका प्रभावको स्तर सम्म पुऱ्याउँछ । त्यसमा सामाजिक विचारहरु, कानून, संविधान, नीति, नियम र सामाजिक सङ्गठनका दस्तावेजहरु, सङ्गठन, पार्टी, राज्य, सेना, प्रहरी अदालत आदि सवै पर्न आउँछन् । समाजको आर्थिक ढाँचामा आधार र अधिसंरचना आधारभूत तत्व मानिन्छ ।

ऐतिहासिक भौतिकवादको दार्शनिक तथा राजनैतिक समन्वयको विश्लेषणबाट समाजमा विद्यमान वर्ग र वर्गसङ्घर्षको अध्ययनगर्दा विभिन्न खाले वर्ग वर्गहरु वीच प्रतिकूल सामाजिक अवस्था र परस्पर विरोधी स्वार्थ रक्षाबाट वर्गहरुको जन्म र वर्गसङ्घर्षको स्थिति सिर्जना भएको पाइन्छ । वर्गीय हीत, वर्ग चेतनाको स्तरबाट मात्र सिर्जना र निर्धारित हुने वस्तु होइन यो त सामाजिक उत्पादनमा वर्गहरुको स्थिति र भूमिकाबाट निर्धारित हुन्छ ।

वर्गीय स्वार्थ रक्षाद्वारा वर्ग वर्ग बीच सङ्घर्षको स्थिति सिर्जना हुन्छ । सामूहिक स्वार्थको स्थिति सिर्जना भए धेरै वर्गहरु एकै ठाउँ मिलेर जान सक्ने सम्भावना पनि आउन सक्दछ तर समाजमा विद्यमान वर्गहरुको स्वार्थ, सवैको आ-आफ्नौ किसिमको हुन्छ । जुन क्रान्तिवाहेकको सामान्य अवस्थामा समिकरण हुन सक्दैन । जस्तै :– दासहरु वन्धनबाट मुक्त हुन चाहन्छन भने स्वामीहरु अझ उनिहरुलाई साँघुरो परिधिमा वाँध्न चाहन्छन । मोही किसानहरु जग्गा धनीहरुलाई कुत वा ठेक्का तिर्नु नपरोस भन्ने चाहन्छन भने जग्गाधनीहरु चाहिँ अझ बढी लिन चाहन्छ । पूँजीपति तथा उद्योगीहरु मजदूरलाई कम भन्दा कम पारिश्रमिक दिएर धेरै भन्दा धेरै नाफा कमाउन चाहन्छ भने त्यो कामदार सर्वहारा मजदूरचाहिँ आफूले श्रम गरी आर्जनगरेको सम्पूर्ण आम्दानी लिन चाहन्छ ।

४३ ऐतिहासिक भौतिकवाद, (अनु.कृष्णदास श्रेष्ठ), जनसाहित्य प्रकाशन केन्द्र, काठमाण्डौं, वि.सं.२०५६,पृ.४०

वर्गीय समाजमा विकासको प्रेरक वर्गसङ्घर्ष नै हो। समाजको वर्गीय संरचना र त्यसले जन्माउने वर्ग सङ्र्घष स्वंयमा उत्पादक शक्ति र उत्पादनका सम्वन्धहरुको विकासद्वारा निर्धारित हुन्छ। वर्ग संङ्घर्षले ऐतिहासिक विकासका प्रेरकको रुपमा काम गर्छ किनभने त्यसको माध्यमबाट पुराना परम्परागत सामाजिक प्रणालीको अन्त्य भएर नयाँ उच्चरत सामाजिक प्रणालीको स्थापना हुन सक्छ। उत्पादन शक्तिहरु र उत्पादन सम्बन्धहरुको तिव्रतर अन्तर्विरोधले (अन्याय, अत्याचार, शोषण र दमन) शोषितहरु असाध्य आक्रोशित चेतनशील र सुसङ्गठित हुन पुगेका देखिन्छन्। जव यसरी शोषित वर्गहरु बढी चेतनशीत र सङ्गठित भएर आफ्नो आर्थिक स्तर वृद्धिका लागि अगाडि वढ्छन तव मात्र समाजमा आर्थिक तथा सामाजिक क्रान्ति सफल हुन सक्छ [४४]। जव सर्वहारा श्रमिकवर्गले आफ्नो वर्गसङ्घर्षलाई आर्थिक, राजनैतिक र विचारधारात्मक क्षेत्रमा सञ्चालन गर्छ तव आर्थिक सङ्घर्षको प्रारम्भिक रुप तयार हुन्छ। आर्थिक सङ्घर्षमा सर्वहारा मजदूर वर्गले आफ्नो दैनिक जीवनमा आउने अनेक आरोह अवरोहका वावजुद आफ्नो आर्थिक जीवनलाई सुदृढ वनाउने प्रयास गर्दछ। जस्तै :– सर्वहारा श्रमिक वर्गले आफ्नो मजदूरी बढाउने, औषधि उपचार भत्ता, असहाय भत्ता, वृद्ध भत्ता, निवृत्तिभरण, वेरोजगारी भत्ता, मंहगी भत्ता, आवास सुविधा, शिक्षा तथा स्वास्थ्यमा निशुल्कता पाउँ भन्ने अनेक प्रकारका दवाव मुलक गतिविधिहरु संचालन गर्दछन, जस्तै हडताल, घेरावन्दी नारा, जुलुस, आदि आदि। यी सवै आर्थिक सङ्घर्षका विविध रुप हुन।

सर्वहारा मजदूरवर्गले आफ्नो राजनैतिक सङ्घर्ष अन्तर्गत मतदानको अधिकार, मौलिक अधिकारको रक्षा, मानवधिकार, गाँस, वास, कपास, शिक्षा र स्वास्थ्य सम्वन्धी अधिकार शान्ति सुरक्षाको अधिकार, पेशागत सङ्घ सङ्गठनहरु खोल्न पाउने अधिकार, राज्यमा भएका नियम कानून संविधानहरुबाट सुसुचित हुन पाउनु पर्ने अधिकार, आ-आफ्नो विचार तथा अवधारणा अनुसारको पार्टी खोल्न र सञ्चालन गर्ने अधिकारलाई सुरक्षित र संरक्षित गर्न पाउनका लागि गरिएको सङ्घर्षलाई राजनैतिक सङ्घर्ष भनिन्छ।

विचारधारात्मक सङ्घर्ष अन्तर्गत शोषित जनसमूदायलाई आफ्नो वर्गानुकुल ( राजनितिक पार्टीहरुले राज्यको कानून, नियम, कार्यक्रम र वर्गीय चरित्रको वारेमा) जानकारी

४४ जोसेफ स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, प्रगति प्रकाशन, काठमाण्डौं, वि.सं.२०४७, पृ. २४

गराउँछन् । वर्गीय आधारमा समाज, वर्ग, राज्य, राजनीति र राजनीतिक दलहरु एवं त्यसको आर्थिक सम्वन्धहरुको विवेचना गरिएको हुन्छ । यथार्थमूलक जानकारीद्वारा शोषित वर्गमा आएको मानसिक परिवर्तनले विचारधारात्मक सङ्घर्षलाई उत्कर्षता तर्फ उन्मुख गराउँछ[४५]।

## २.४ साहित्यमा प्रगतिवादी चिन्तन, परम्परा र विकास

साहित्यलाई समाजको उपज ठान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैचारिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्व दिने मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त नै प्रगतिवादी साहित्य हो । यथार्थवाद प्रगतिवादको उपजीव्य श्रोत हो भने वैचारिक क्षेत्रमा चाहिँ मार्क्सवाद नै यसको मूल आधार हो । यस साहित्य सिद्धान्तलाई प्रगतिशील समाजवादी यथार्थवाद, प्रगतिवाद तथा जनवादी साहित्य सिद्धान्तका नामले विश्व साहित्यको क्षेत्रमा सुपरिचित गराउँदै ल्याएको छ । यो मानव समाज, मानवीय चैतन्य र सामाजिक अवधारणाको यथार्थपरक प्रस्तुति हो । यस सिद्धान्तले भाग्यवाद, निराशवाद, पलायनवाद, आदर्शवाद, अनास्था, अनैतिकता, शोषण, दमन, उत्पीडन, जातीय, देशीय, लिङ्गीय तथा क्षेत्रीय भेदभाव प्रति पटक्कै विश्वास गर्दैन[४६]। यसले मनुष्यमा मानवीय सम्वेदना, सौन्दर्यावोध, कर्मशक्ति, चेतना र तर्कशक्ति वढाउँछ । आशा र उत्साहको संञ्चार गरी व्यक्तिगत जीवनमा आउने क्षुद्रता तथा संङ्कीर्णतावाट मानसिक रुपमा मुक्त गरेर उच्च विचारवान नैतिक एवम् सामाजिक मूल्य र मान्यताले युक्त व्यक्तिको रुपमा रुपान्तरित गर्छ ।
यो साहित्यिक सिद्धान्त आनन्दवादी मूल्यमा मात्र आधारित नभएर मानवीय चेतना विकासको नैतिक मूल्य र मान्यतामा आधारित रहेको छ । यस्तो मार्क्सवादी मानवीयमूल्य र मान्यतावाट सिर्जित प्रगतिवादी साहित्यको ऐतिहासिक विकासको सन्दर्भलाई अवलोकन गर्दा यसको उद्गम र उत्कर्षकाल देखि हाल सम्मको ऐतिहासिक यात्राको विश्लेषणात्मक अध्ययन गर्नु पर्ने हुन्छ ।

प्रगतिवादको वास्तविक उठान विन्दुलाई पहिल्याउँदा रुसी क्रान्ति अर्थात (सन् १९१७) भन्दा पहिले मार्क्सवाद पूर्णतया दर्शनको रुपमा मात्र प्रतिस्थापित थियो भने साहित्य

---

४५ कृष्णदास श्रेष्ठ, ऐतिहासिक भौतिकवाद,जनसाहित्य प्रकाशन केन्द्र, काठमाण्डौं, वि.सं.२०६१, पृ.९७
४६ मार्क्सवादका आधारभूत सिद्धान्तहरु, (अनु. रमेश सुनुवार), प्रगतिपुस्तक सदन,काठमाण्डौं, वि.सं.२०६१, पृ ९७

कलाको व्यवहारिक पक्षमा रुपान्तरित भै सकेको थिएन । रुसी क्रान्तिपछि विशेषत मार्क्सवादी दर्शनले कला साहित्य र साहित्यकारलाई सामाजिक चेतना निर्माणको क्षेत्रमा अग्रसरित गराउँदै ल्याएको हो । हुनत मार्क्स पूर्वका विद्वान समीक्षक तथा दार्शनिकहरुले प्रगतिवादको थालनी मार्क्सपूव नै भएको हो भन्ने देखाएका छन् तर द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादका आधारमा कला साहित्यको विश्लेषणात्मक चिन्तन चाहिँ मार्क्सवादी कला मान्यताले आफ्नो रुप ग्रहण गरिसकेपछि मार्क्सवादी दर्शनकै अनुकूलतामा प्रगतिवादी साहित्यका सैद्धान्तिक मान्यताहरु विश्व साहित्य सामु देखा परेका हुन । युग र मानव चेतनाको विकासँग सँगै प्रगतिवादी परम्परा एकातिर नेतृत्व तथा राजनीतिक मूल्य र मान्यताबाट प्रभावित, निर्देशित तथा प्रदर्शित हुँदै आयो भने अर्कातिर लेखक तथा कलाकारहरुका वैचारिक चिन्तन परम्पराबाट विकसित हुँदै आएको देखिन्छ । यो परम्परा साङ्गठनिक स्वरुप निर्माणका क्रमबाट पनि विकसित हुदैं आएको देखिन्छ । विशेषत राजनैतिक चिन्तकहरुले कला साहित्यको जीवन मूल्य सम्वन्धी विशेष चर्चा गरी समकालिन तथा उत्तर्वती लेखक तथा कलाकारहरुलाई राजनितिक सचेतताका साथ सामाजिक चेतनाको उठान गर्न निर्देशन दिएबाट मार्क्सवादी साहित्यिक परम्परामा खासगरी निम्न अनुसार तीनवटा विकास प्रकृयाका बाटाहरु देखा परेका छन् ।

(क) राजनीतिज्ञहरुद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा

(ख) लेखक तथा समीक्षकहरुद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा

(ग) संङ्घ संस्था र सङ्गठनद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा

### २.४.१ राजनीतिज्ञहरुद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा

मार्क्सवादको स्थापना पछि समाज परिवर्तन र सामाजिक चिन्तनको रुपान्तरणका लागि संस्थापित प्रगतिवादी परम्परा, पूँजीवादी समाजमा विद्यमान वर्गविषमता सामाजिक अराजकता, आर्थिक समता र विषमताका वीचमा रहेको अन्तर्विरोध आदिवाट सुरुभएको हो । यहाँ समाजवादी व्यवस्थाका उज्याला पक्षहरुको विश्लेषण गर्दै समाजवादी र पूँजीवादी व्यवस्था भित्र कवि तथा कलाकारहरुको स्थान के कस्तो हुन्छ भन्ने सम्बन्धमा चर्चा गरिएको छ ।

यसैक्रममा मार्क्सवादलाई व्यववहारिक रुपान्तरण गरी सिर्जनात्मकतामा परिणत गर्न चाहने राजनीतिज्ञ तथा सामाजिक दर्शनका द्रष्टा लेनिन राजनीतिक क्षेत्रमा पूर्ण सक्रियताका साथ संलग्न भएका भए पनि कला साहित्य चिन्तकका रुपमा पनि उत्तिकै क्रियाशील देखिन्छन । उनका साहित्यिक चिन्तनले प्रगतिवादी साहित्यिक परम्परालाई नयाँ मार्ग निर्देशित गरेकाछन ।

लेनिनका अनुसार व्यक्तिगत सम्पत्तिमा आधारित पूँजीवादी व्यवस्थाले कवि तथा कलाकारलाई वजारमा विक्रि गर्नका लागि नै कला साहित्यको सिर्जना गर्ने जिम्मा दिएको थियो र कविहरुले आफ्ना सृजनालाई वजार वजार गएर ग्राहक खोजी खोजी वेच्दै हिड्नु पर्ने स्थिति थियो । समाजवादी क्रान्तिले ल्याएको परिवर्तन पछि कवि कलाकारहरु यस विवसताबाट मुक्त भएका छन । अव राज्यले नै कवि तथा कलाकारहरुको संरक्षण गर्ने, प्रकाशन गर्ने, वितरण गर्ने काम गर्छ भने कवि कलाकारलाई समाजवादी कला साहित्य र सँकृतिको निर्माण गर्ने अविभारा प्रदान गरिएको छ[४७]। यस्तो अभिव्यक्तिबाट समाजवादी व्यवस्थामा कवि तथा कलाकारलाई सम्मानजनक प्रोत्साहन हुन्छ भन्ने प्रष्ट भएको देखिन्छ । प्रगतिवादी परम्परामा पार्टी सङ्गठन र पार्टी साहित्य सम्वन्धी लेनिनको अवधारणा निकै सहत्वपूर्ण मानिन्छ ।

समाजको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षबाट साहित्यको विश्लेषण गर्ने लेनिनले संयुक्तमोर्चा, जनसाहित्य र स्वतन्त्र साहित्य सम्वन्धी आफ्ना अभिव्यक्ति तथा अभिलेखहरुमा प्रगतिवादी, जनवादी साहित्यका विविध पक्ष माथि प्रकाश पार्दै टाल्स्टायका साहित्यिक संरचनालाई रुसी समाजको दर्पण भनेका छन् ।

समाजवादी व्यवस्थामा लेनिन पछि स्टालिनको समय आउँछ तर स्टानिलले आफ्नो नेतृत्वदायी समयमा खासै साहित्य कला सम्वन्धी सिर्जनात्मक अभिव्यक्तिहरु दिएको पाइँदैन । उनको समय अतिनै राजनीतिक संकटग्रस्त अवस्था थियो त्यसैले पार्टी, सङ्गठन सञ्चालन गर्नु नै स्टालिनले आफ्नो दायित्व ठानेको देखिन्छ । त्यस समयमा उनका अनुयायी, लेखक तथा कलाकारहरुले पनि सृजनात्मक रुपबाट कला साहित्यको विकास

४७ लेनिन, लेनिन संकलित रचनाए, प्रगति प्रकाशन, मास्को, सन् १९८८, पूर्ववत्, पृ. ८४

गरेनन् । त्यसताका लेनिनको पार्टी साहित्य सम्वन्धी अवधारणालाई समेत गलत अर्थमा प्रयोग गर्न थालियो । यसो हुनुमा तत्कालिन ऐतिहासिक परिस्थिति पनि जिम्मेवार मानिन्छ । राज्यबाट निष्काशन गरिएका स्टालिनका प्रतिद्वन्द्वी ट्राटस्कीले आफ्नो "साहित्य र क्रान्ति" नामक कृति मार्फत कला साहित्य सम्वन्धी आफ्ना महत्वपूर्ण विचारहरु अभिव्यक्ति गरेका छन । उनको प्रगतिवादी यथार्थवादी दृष्टिले प्रगतिवादी साहित्यिक चिन्तनमा एउटा नयाँ आयम थपेको देखिन्छ ।

स्टालिन पछि रुसी सामाजवादी क्रान्तिको नेतृत्व खुश्चेभको काँधमा आयो । उनी सत्तामा आएपछि सोभियत रुसको राजनीतिमा केही परिवर्तनका स्वरुप देखा पर्न थाले । तत्कालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा पनि केही परिवर्तन आउन थाले पनि खुश्चेभले साहित्य कला सम्बन्धी आफ्नो धारणा त्यति प्रष्ट रुपमा व्यक्त गर्न सकेनन् । उनले साम्यवादी मार्ग परिलक्षित गर्न प्रत्येक कवि तथा कलाकारले पार्टीलाई साथ दिनु पर्छ, पार्टी आदर्श र जनता प्रति जिम्वेवार रहनु पर्छ भन्ने मात्र संकेत गरे । यसरी हेर्दा खुश्चेभले पार्टी प्रतिबद्धता, सर्वहारावादी विश्व दृष्टिकोणको स्वीकार पूँजीवादी सँस्कृतिको विरोध र समाजवादी सँस्कृतिको समर्थन गर्नु पर्छ भन्ने कुरालाई चाहिँ आफ्नो क्रियाकलापद्वारा प्रष्ट पारेका छन् । यसबाट प्रगतिवादको संरक्षण र संम्बर्धनमा केही सहयोग पुगेको देखिन्छ । यसरी राजनीतिज्ञहरुको प्रगतिवाद सम्वन्धी चिन्तन परम्परामा समाजवादी गणतन्त्र चीनका संस्थापक नेता माओत्सेतुङ्गको नाम विशेष उल्लेखनीय मानिन्छ । माओ, स्टालिन कै समयुगीन भए पनि स्टालिनको मृत्यु पछि खुश्चेभ सत्तामा आएपछि विश्व कम्युनिष्ट चिन्तन परम्परामा नै भिन्नता आउन थाल्यो । विश्व साम्यवादी आन्दोलनकै क्रममा रुस विरोधी खेमामा चीन देखा पर्न आयो । त्यस पछि मात्र चिनियाँ नेतृत्व चर्चामा आएको हो ।

सन् १९४२ मा माओले येनान प्रान्तमा आयोजित चिनियाँ साहित्यकारहरुको गोष्ठीलाई सम्वोधन गर्दै कला साहित्य सम्वन्धी आफ्नो धारणा व्यक्त गरेका छन । त्यस गोष्ठीमा माओले साहित्यमा वर्गीय दृष्टिकोण, कला साहित्यको प्रवृत्तिगत स्वरुप र साहित्यको सिर्जना कस्तो वर्गका जनताका लागि हुनु पर्छ भन्ने सन्दर्भमा गहनतम विचार व्यक्त

गरेको पाइन्छ[४८]। उनले कला साहित्यको मूल्याङ्कनमा कलात्मकता तथा वैचारिक प्रतिवद्धतालाई प्रमुख आधार वनाएका छन । उनका विचारमा कला साहित्य समग्र मानव चेतनाको उत्कर्षता हो । जीवन दर्शनको अभिव्यक्ति हो । सामाजिक वस्तुनिष्ठताको मानवीय अवधारणा हो । उत्कृष्ट मानसीक चैतन्य र सौन्दर्यताको संयोगबाट सिर्जित कला साहित्य यथार्थ परक जीवन जगत्को कलात्मक प्रस्तुति हो भन्ने माओले निरन्तर लामो संङ्घर्ष पछि अर्थात् चिनियाँ जनताको नयाँ जनवादी आन्दोलन सफल गराए पछि "सयौँ फूलहरुलाई फूल्न दिनु पर्छ सयौँ सयौँ विचारलाई फक्नदिनु पर्छ[४९]" भन्ने आफ्नो धारणा व्यक्त गरेको पाइन्छ । माओको यस्तो विचारले उत्तर्वती कला साहित्यलाई समेत मार्ग दर्शन गराएको देखिन्छ ।

माओत्सेतुङ्ग भन्दा पछि आएर चीनिया साहित्याकासमा चाउ एन लाइको नाम पनि चर्चामा आएको देखिन्छ । उनले साहित्यिक कला सिर्जनालाई मानवीय चैतन्यको साङ्गठनीक श्रमका रुपमा स्वीकार गर्दै साहित्यमा सामाजिक जीवनका जीवन्त यथार्थको प्रस्तुतिकरण हुनु पर्नेमा जोड दिएका छन् । उनी कवि तथा कलाकारहरुको दायित्व साहित्यकार र सामाजिक जनजीवन वीचको अन्तर्सम्वन्धलाई प्रष्ट पार्नु पर्छ भन्ने कुरामा जोड दिन्छन । साहित्य जनता मुखी राष्ट्रवादी भावनाले ओत प्रोत हुनु पर्छ भन्दछन् ।

यसपछि प्रगतिवादी चिन्तन परम्परामा चिनियाँ राजनैतिक विश्लेषक कू-मो जो को नाम आउँछ । उनी कवि कलाकार र जनजीवनका बीचको सम्बन्ध रचनात्मक तथा मूलभूत प्रेरकको रुपमा रहनु पर्छ भन्दछन । समाजको यथार्थ चित्रणमा कवि तथा कलाकारले आफ्नो प्रतिवद्धता प्रदर्शीत गर्नु पर्छ । जन सङ्घर्षका अनेक परिघटनाहरु र प्रगतिवादी साहित्य बीच अनन्य सम्वन्ध रहनु पर्छ । समाज विकासको ऐतिहासिक चित्रण यथार्थवादी अवधारणा र प्रगतिवादी शिल्पशैली आदिका आधारमा समायोजित गरिनु पर्छ भन्दछन् । यसैगरी कला साहित्य सम्बन्धी आफ्नो अभिमत प्रकट गर्ने अर्का राजनीतिक विश्लेषक माओटुनको नाम पनि प्रगतिवादी चिन्तनका क्षेत्रमा आउने गरेको पाइन्छ । उनी

---

४८ शिवकुमार मिश्र, मार्क्सवादी साहित्य चिन्तन, हिन्दी ग्रन्थ अकादमी, मध्यप्रदेश, भोपाल, सन् १९७३, पृ.५८
४९ माओत्सेतुङ्ग का संकलित रचनाएँ, पूर्ववत, पृ. ९१

कला साहित्य र राजनीति बीचको सम्बन्धलाई प्रष्ट पार्दै रुपवादी चिन्तनका आधारभूत कारकहरुको चर्चा गर्न पुगेका छन । उनी कृतिमा रचनाकारको जीवन्तदृष्टि, सर्वहारावादी विश्व दृष्टिकोण र सामाजिक रुपान्तरणको लक्ष्य हेर्न चाहन्छन ।

मार्क्सवादी राजनीति र कला साहित्यको मान्यता एंवम् प्रवर्द्धनका सम्वन्धमा त्यसका आधारभूत वस्तुवादी दृष्टिकोणको विश्लेषण गर्दै कला साहित्य तथा समाजवादी राजनीतिक दर्शनलाई सिर्जनात्मक रुपमा विकास गरी उत्तर्वती कला साहित्य र राजनैतिक विचारहरुका लागि मूख्यतयाः पथ प्रदर्शकको कार्यमा लेनिन र माओत्सेतुङ्गको भूमिका प्रमुख रहेको देखिन्छ । यो प्रगतिवाद सम्वन्धी राजनैतिक चिन्तन परम्परा वर्तमानमा आएर प्रवुद्ध राजनीतिज्ञहरुको संरक्षणबाट खासै संरक्षित छैन । वर्तमानमा यो प्रगतिवादी परम्पराले स्वतहःनै पाठक वर्गको मनलाई यथार्थवादी खुराकद्वारा संन्तुष्ट पारिरहेको हुँदा यो स्वयमं संस्थापित हुन पुगेको देखिन्छ ।

२.४.२ लेखक तथा समीक्षकहरुद्वारा विकसित प्रगतिवादी चिन्तन, परम्परा

मार्क्सवादको स्थापना पछि साहित्यको जनवादी, समाजवादी तथा प्रगतिवादी परम्परामा मार्क्सवादी लेखक कवि तथा कलाकारहरुको अतुलनीय भूमिका रहेको पाइन्छ । यसै कालमा प्रगतिवादको वास्तविक स्वरुपको निक्यौंल गरी कला साहित्य सम्वन्धी मार्क्स एङ्गेल्सका धारणा र मार्क्सउत्तर प्रगतिवादी राजनैतिक चिन्तक तथा विचारकहरुका लेख, भाषण तथा अभिव्यक्तिलाई तदनुरुप व्याख्या गरी ती राजनीतिज्ञहरुका विचारलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट सौन्दर्य चेतनाको विकास पथमा अग्रसर गराउन र साहित्यको विधागत विकास गरी जनजीवनको यथार्थतालाई द्वन्द्वात्मक रुपले प्रस्तुत गर्नमा मार्क्सवादी लेखक कलाकार तथा समीक्षकहरुको उल्लेख्य योगदान रहेको पाइन्छ । मार्क्सवादी चिन्तन परम्पराको विकासमा विश्वका हजारौं हजार लेखक कवि तथा समालोचकहरुको उल्लेख्य भूमिका रहिआएको पाइन्छ । तथापि यहाँ सवै लेखक समीक्षक तथा कवि कलाकारहरुको स–विस्तार नाम र कार्यको विवेचना गर्न सम्भव नभएकाले त्यस मध्ये प्रतिनिधिलेखक कवि तथा कलाकारहरुलाई मात्र यहाँ समाविष्ट गर्ने प्रयत्न गरिएको छ । त्यसमा पनि खास गरी रुसी, वेलायती, चिनियाँ, फ्रान्सेली, अमेरिकी,

हँगेरीयाली, अष्ट्रियाली र भारतीय साहित्य चिन्तन परम्पराका प्रगतिवादी लेखक चिन्तक, विचारक तथा समीक्षकहरुको चिन्तन परम्परालाई संक्षेपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

२.४.२.१ रुसी प्रगतिवादी चिन्तन परम्परा

रुसी प्रगतिवादी साहित्य र कलाको सम्वन्धमा प्रगतिशीलताका पक्षधर रुसीक्रान्तिका समर्थक जारशाही शासनकालमा देश निकाला गरिएका समाजवादी चिन्तक लेखक समीक्षक जी.वी.प्लेखानोवको विशेष योगदान रहेको पाइन्छ । उनले आफ्नो सङ्घर्षशील जीवनमा मार्क्सवादी विश्व दृष्टिकोणको आधार भूमिमा खडा भएर सोही अनुरुप कला साहित्यको व्याख्या गरेका छन । उनको “कला र सामाजिक जीवन” तथा “इतिहासमा व्यक्तिको भूमिका” नामक कृतिमा कला साहित्यको उद्‌भव, विकास र उत्कर्षको विवेचना गरेको पाइन्छ । सोही कृतिमा उनले कला साहित्य तथा सामाजिक प्रकृया, कला साहित्य र सौन्दर्य, मानवीय चेतना र कलात्मकता एंवम् त्यसको सामाजिक उपयोगिता आदि जस्ता विषयमा आफ्नो स्पष्ट दृष्टिकोण व्यक्त गरका छन । उनले ऐतिहासिक भौतिकवादी सिद्धान्तका पक्षमा जीवन पर्यन्त आफ्ना कलात्मक अनुभुतिहरुलाई पाठक समक्ष पुऱ्याएका छन । उनको “ऐतिहासिक भौतिकवाद र कला” नामक लेखबाट तत्कालिन समाजमा ठूलो मानसिक क्रान्तिको अवस्था सिर्जनाभएको देखिन्छ । उनी उत्तर्वती जनवादी कला साहित्यका प्रेरक तथा मार्गदर्शक पनि हुन ।

प्रगतिवादी साहित्यको रुसी चिन्तन परम्परामा प्लेखानोव पछि ए.वी लुनाचास्कीको नाम उल्लेखनीय रहेको पाइन्छ । उनी रुसी समाजवादी क्रान्ति पूर्वका सांस्कृतिक समीक्षक तथा क्रान्ति उत्तरको सङ्क्रमण कालको समाजवादी सँस्कृतिका संस्थापक मानिन्छन । उनले रुसी समाजको क्रान्तिपूर्व र उत्तर तथा संक्रमणकालीन कला साहित्य तथा सँस्कृतिको विवेचना गरेका छन । उनका कृतिमा तत्कालिन समाजको यथार्थ प्रतिच्छाया पाइन्छ । प्रगतिवादी कला साहित्यको समीक्षा गर्ने प्रमुख आधार समाजशास्त्रीय अवधारणा हो भन्ने कुनै पनि लेखक वा कविले आफ्नो कलाकृतिमा समाज, सामाजिक चेतना, सामाजिककला, सँस्कृति, रीतीरिवाज, भेष भूषा र वोलीको प्रतिविम्व प्रस्तुत गरेको हुनुपर्छ जो यथार्थतामा आधारित होस् । साहित्यकार समाजको उपज हो । उसले समाजबाटै आफ्नो चैतन्य विकास गरेको

हुन्छ। त्यसैले साहित्यकार समाज देखि भिन्न रहन सक्दैन भन्ने उनको सोचाइ रहेको पाइन्छ। लेखक तथा कलाकारमा मार्क्सवादी सर्वहारावादी विश्व दृष्टिकोण हुनुपर्छ भन्ने लुनाचास्कीले साहित्यलाई एउटा गतिशील समाजको प्रतिक ठानेका छन। मानवीय जीवनका अनेक आरोह अवरोहहरुमा घृणा, प्रेम र सहानुभूतिहरुमा, द्वन्द्वात्मक समाज विकासको प्रभाव हुन्छ भन्ने उनको विचार उनकै "कला र साहित्य" नामक अभिलेख मार्फत अभिव्यक्ति गरिएको छ।

यसपछि रुसी समाजवादी साहित्यकलाको क्षेत्रमा मानवीय इतिहास र कला, श्रम र कलाचेतनाको सम्वन्ध, वर्ग प्रतिनिधि र व्यक्ति प्रतिनिधि पात्रका बीचको द्वन्द्वात्मक सम्वन्ध, शिल्पसम्वन्धी साहित्यिक मान्यता, मानव चरित्रको विस्तार, लोक साहित्य र त्यसमा प्रतिविम्वित जीवन, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादको अन्तर्तसम्वन्ध आदि विषयका व्याख्याता म्याक्सिम गोर्कीको नाम विश्व प्रगतिवादकै क्षेत्रमा मार्गदर्शक मानिन्छ। उनी आजको परिवर्तनशील संसार र रुपान्तरित समाजको सूचना मात्र साहित्यले दिने होइन परन्तु परिवर्तन हुदैं गरको समाज र सामाजिक संरचनाबाट मान्छेको जीवनमा आउने संवेगात्मक परिवर्तनको चित्रण पनि साहित्यले गर्नु पर्छ र निकासको बाटो पनि पहिल्याउनु पर्छ भन्दछन।

रुसी लेखक तथा समीक्षकहरुद्वारा विकसित हुँदै आएको प्रगतिवादी चिन्तन परम्परा र विकासको दीर्घ यात्रामा कला साहित्यको शिल्प तर्फ केन्द्रीत भएका इलिया तथा एहेरेन वुर्गको नाम चर्चीत बन्न पुगेको छ भने समाजवादी यथार्थवादका स्वरुपको निर्धारणका क्रममा शोलोखोव र फादयेवको विशेष योगदान रहेको देखिन्छ। उनीहरुले साम्यवादी आदर्शको निर्माणमा नै मानवीयमूल्य र मान्यता निर्भर छ भन्ने ठानेका छन्। यसरी प्रगतिवादी लेखक कलाकार तथा समीक्षकहरुको चिन्तन परम्परा क्रमश : विकसित हुँदै आएको देखिन्छ। यस परम्पराको विकसित यात्रामा उत्तर्वती प्रगतिवादी चिन्तकहरु प्रसस्त भएतापनि सवैले आफूलाई अन्तराष्ट्रियस्तरको प्रगतिवादी धारामा समाहित गर्न सकेनन्। त्यसैले उनिहरुका नाम र कामको समीक्षा गर्न पनि असम्भव भएर आयो तर पनि यहाँ केही प्रतिनिधि साहित्यकार तथा समालोचकहरुको नाम उल्लेख गरिएको छ। त्यस्ता उल्लेखित नामहरुमा अलेक्जेण्डर वरोब, अलेक्जेण्डर करागर्नावु, अलेक्सी सुरकोव, सरविना रोदिम, समरिम, निकोलाई गेई, लिनाई नेविसेको, जार्जी लोभिदज, व्लादिमिर यरमिलोब, सरेन

गैसारयन, अलेक्जेण्डर विनोव व्लादिमिर निरविना, वोरिस रुनिन, इंगोर सेरनोस्टन, माइकेल इसाकोव्स्की, वेरिस रुस्योव, एडरियन माकेदोनोम, व्लादिमिर गुसेव, दिमित्री लाइखाशीव, इफिम परमिटिन, फाजिल इसकन्दर, थिरा स्मिरनोव, सजिडाल्यागीन, आदिकोनाम थप उल्लेखनीय रहेको पाइन्छ ।

२.४.२.२ वेलायती प्रगतिवादी चिन्तन, परम्परा

विश्वमा विकसित हुँदै आएका समाजवादी क्रान्तिको फलस्वरुप युरोपीय महादेशका धेरै राज्यहरुमा समाजवादी राज्य व्यवस्था स्थापना भैसकेको र त्यसको सामाजिक, साँस्कृतिक तथा आर्थिक प्रभावले युरोपको जनजीवनमा ठूलो परिवर्तन आउन थालेको यस समयमा वेलायती कला र सँस्कृतिमा पनि प्रगतिवादी चिन्तन सुरु भएको पाइन्छ । यसरी वेलायती कला र साहित्यको क्षेत्रमा प्रगतिवादी परम्पराको थालनी गर्ने, "क्रिस्टोफर कडवेल" को नाम वेलायती साहित्यमा मात्र हैन समग्र युरोपीय साहित्यको क्षेत्रमा सुपरिचित वन्न पुगेको देखिन्छ ।

"भ्रान्ति र वास्तविकता" 'स्टाडिज इन डाइङ्ग कल्चर र फर्दर स्टडिज इन डाइङ्ग कल्चर' नामक कृतिका लेखक कडवेलले आफ्ना कृतिमा मार्क्सवादी कला साहित्यका आधारभूत मान्यतालाई स्वीकार गरेका छन । उनले जर्ज वनार्डशा, डि, एच. लरेन्स, एच जि वेल्स, जस्ता प्रसिद्ध लेखकहरुका अतिमानव (शौर्य, कलाकार) सम्वन्धी धारणाको खण्डन गरेको देखिन्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोण अनुसार कडवेलले कला चेतनाको मूल्याङ्कन गरेका छन । कडवेल जस्तै वेलायती साहित्यको प्रगतिवादी धारलाई अधिबढाउने कार्यमा समर्पित भएका "राल्फ फक्स" को नाम पनि मार्क्सवादी साहित्यको क्षेत्रमा उल्लेख्य मानिन्छ । उनले वेलायतको प्रगतिवादी साहित्य चिन्तन परम्परामा नयाँ विचारहरु ल्याएर नौलो क्षितिज उघारिदिएका छन । उनी खास गरी उपन्यासको क्षेत्रमा जनवादी वा समाजवादी सामाजिक संरचनाको समुद्घाटन गर्न चाहन्छन । उनले उपन्यासलाई पूँजीवादी युगको वृहत्तर काव्य वा महाकाव्यका रुपमा सामाजिक अवलोकनको आधार मानेका छन । यसै युगमा "जर्ज थम्सन" को नाम पनि विशेष गरी चर्चा योग्य रहेको छ । उनले मार्क्सवादी कला र साहित्य सिद्धान्तका आधारमा मानवीय जीवन जगतको व्याख्या गरेका छन । उनी

**कविताको उद्भव विकास र त्यसको श्रोतका सम्बन्धमा क्रिस्टोफर कडवेलको जस्तै विचार व्यक्त गर्दछन । यसरी विश्व मानव समाजलाई राजनैतिक चेतना र सामाजिक तथा सांस्कृतिक आदर्शको प्रगतिशील रुपान्तरण गर्न मार्ग प्रदर्शित गर्ने प्रगतिवादी वेलायती लेखक तथा कलाकारहरु सवैको योगदान उल्लेखित गर्न नसकिए पनि केही प्रतिनिधि लेखकहरुको नामलाई निम्न अनुसार प्रस्तुत गरिएको छ । डव्लु एचअडेन, सिसिलडे लुइ, स्टिफेन स्पेण्डर, लुइ मेकनिस आदिको नामले उत्तरवर्ती वेलायती  प्रगतिवादको परम्परा र विकासमा उल्लेखनीय उर्जा भर्ने काम गरेको छ[५०] । यी लेखक तथा समालोचकहरुलाई वेलायती साहित्यको प्रगतिवादी परम्पराले सदा सम्मान गरिरहेको देखिन्छ ।**

२.४.२.३ चिनिँया प्रगतिवादी चिन्तन, परम्परा

**चिनियाँ साहित्यमा प्रगतिवादी चिन्तन परम्पराको थालनी वास्तविक रुपमा माओत्सेतुङ्गको येनान सम्मेलनमा प्रस्तुत साहित्य सम्वन्धी अवधारणाबाट भएको हो । यस सम्मेलनमा प्रस्तुत भाषणमा माओले राजनीति र साहित्यको अन्र्तसम्वन्धलाई प्रकाश पार्दै पश्चिमेली बुर्जवा सँस्कृतिको अन्ध उपासना गर्नु भनेको आफूले आफ्नो इतिहास, वर्तमान र भविष्यलाई उपेक्षागर्नु हो भनेका छन् । यसले आफू, आफ्नो समाज र आफ्नो वर्गको हीत हँदैन तसर्थ त्यज्य वस्तुलाई कदापी ग्रहण गर्नु हुँदैन । क्रान्तिकारी सर्वहारावर्गको पार्टी दृष्टिकोणसँग कवि कलाकारको भावनात्मक एकता जोडिए मात्र कला साहित्यले जनताको वास्तविक सेवा गर्न सक्ने हुँदा साहित्य र स्रष्टालाई राजनीतिको मूलधारबाट अलग्याउनु हुदैन । स्रष्टाका सिर्जनामा मानवीय भावनाको श्रेष्ठतम अभिव्यक्ति पाइने हुँदा त्यस्ता सिर्जनालाई पार्टी दृष्टिकोणबाट पनि अलग्याउनु हुदैन । माओत्सेतुङ्गका यस्ता अभिव्यक्तिहरुबाट चिनियाँ कला साहित्यले नयाँ उर्जा प्राप्त गरेको देखिन्छ । यसैलाई आफ्नो प्रेरणा भूमि मानेर चिनिँया लेखक कवि तथा कलाकारहरुले आफ्नो लेखकीय मार्ग प्रसस्ति गर्दै आएको पाइन्छ ।**

**यसै परम्परालाई आत्मसात गर्दै चिनियाँ साहित्यको सैद्धान्तिक स्वरुपको निर्माणका लागि चिनियाँ चिन्तक तथा समालोचकहरुले साहित्यमा सामाजिक परिघटनाहरुको वर्णन**

---

५० डा. भगिरथ मिश्र, पाश्चात्य काव्यशास्त्र इतिहास सिद्धान्त और वाद, विश्वविद्यालय प्रकाशन, वाराणसी, सन् १९८८, पृष्ठ २०५

सत्यपरक हुनुका साथै वर्गात्मक पनि हुनुपर्छ भनेका छन । समाजको अग्रगामी आमूल परिवर्तनका लागि कवि कलाकारको दृष्टि जानु पर्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको अवधारणा अनुरुप कला साहित्यको सिर्जना तथा विश्लेषण गरिनु पर्छ भन्ने चिनियाँ विचारकहरुको मान्यता रहेको छ । त्यसै मान्यताका अग्रजहरुमा लुन्शुन चुक्याङ्ग, चिइङ फिङ, टिङ्ग लिङ्ग, ह्यु फेङ, चाऊ चाङ, आयोवैन युआन, आदिका साहित्यिक अवधारणाहरु यस परम्पराका लागि निकै चर्चित मानिन्छन ।

२.४.२.४ अमेरिकाली प्रगतिवादी चिन्तन, परम्परा

अमेरिकाली साहित्यको क्षेत्रमा मार्क्सवादी प्रगतिवादी अर्थात् जनवादी चिन्तन परम्पराको थालनी द्वितीय विश्व युद्ध भन्दा अगाडि नै भएको हो । अमेरिकामा "युनाइटेड कम्यूनिष्ट पार्टी" सन् १९२० ताका सर्वहारा समाजवादी राज्य व्यवस्थाका लागि सङ्घर्षरत थियो । पछि सन् १९२८ तिर आएर त्यही पार्टी "कम्यूनिष्ट पार्टी अफ अमेरिका"का नाममा रुपान्तरित भएपछि अमेरिकामा मार्क्सवादी भौतिकवादी दर्शनमा आधारित प्रगतिवादी कला मान्यताको सुरुवात भएको हो ।समाजवादी आन्दोलनबाट विश्व प्रभावित भै रहेको वेला अमेरिकामा स्थापना भएको  कम्यूनिष्ट पार्टीले आफ्नो वर्चश्व कायम गरी सामाजिक तथा सांस्कृतिक रुपमा अमेरिकाली समाजको रुपन्तरण गर्न विभिन्न सांस्कृतिक तथा साहित्यिक अभियानहरु परिचालन गर्दै आएको देखिन्छ । यसै सन्दर्भमा अमेरिकी कला साहित्यलाई समाजवादी रुपान्तरण गर्न र प्रगतिवादी कला मान्यतालाई स्थापित गर्न त्यसवेलाका विभिन्न साहित्यिक पत्र पत्रिकाहरुको ठूलो योगदान रहेको छ । यस्ता पत्र पत्रिकाहरु मार्फत अमेरिकी लेखक तथा कलाकारहरुले तत्कालीन समाजलाई मार्क्सवादमा आधारित समाजवाद कला साहित्य सम्वन्धी मान्यताको स्वाद चखाएका छन् । यसरी पत्र पत्रिका मार्फत आफ्नो विचार अघि ल्याउने विचारकहरुमा फ्लाइल डेल, मैक्स, इष्टम्यान, वि.एफ, कावरटेन फिलिप राव, ग्रेनवाइल हिक्स, न्यूटन अर्विन, केमेध वर्क, एडमेण्ड विल्सन, वी जे जोरोम र हावर्ट फास्ट हरुको नाम उल्लेखनीय रहेको छ ।

"इण्टलेक्च्युअल बेगाबाण्डेज"नामक कृतिका लेखक अमेरिकी साहित्यका प्रगतिवादी चिन्तक तथा वरिष्ट समालोचक 'फ्लायड डेल' ले आफ्नो रचनामा समकालीन युग चेतनामा

परेका साहित्यक प्रभावको राम्रो विश्लेषण गरेका छन् । यसैगरी अर्का समीक्षक 'मैक्स इष्ट म्यानले' सामाजिक तथा व्यक्तिगत श्रमलाई कलाकारको संवेदनासँग संबद्ध गराउदै राजनीति, सामाजिक, वैचारिक र साहित्य समीक्षाको पारस्परिक सम्बन्धलाई ऐक्य भावले दर्शाएका छन् । उनी पार्टी साहित्य भन्दा साहित्यलाई स्वतन्त्र तथा मुक्त रहन दिनुपर्छ भन्ने विचार व्यक्त गर्न पुगेका छन् । समाजशास्त्रीय आधारमा सौन्दर्यशास्त्रको व्याख्या गर्ने वि.एफ,कावेरटनले सामाजिक शक्ति तथा वर्ग सङ्घर्षका माध्यमबाट अमेरिकी साहित्यको विश्लेषण गरेका छन् । यसै क्रममा उनले पूँजीवादी दलदलमा फसेका अमेरिकी साहित्यलाई मुक्त वनाउन लेखक तथा कलाकारहरुले नौलो आस्था र आयमका साथ अधिवढ्नु पर्छ र व्यक्तिवादी चिन्तनको विरुद्ध सामाजवादी चिन्तनको निर्माण गर्नुपर्छ भन्ने कुरामा विशेष जोड दिएका छन ।

मार्क्सवादी कला साहित्यका द्रष्टा फिलिप रावले पनि पूँजीवाद का विरुद्ध जनसमूदायलाई विद्रोही बनाउने र भविष्यमा शोषण रहित, वर्ग विहीन, सन्तुलित समाजको चित्र पाठक समक्ष उपस्थित गराउने वस्तुनिष्ट यथार्थ परक साहित्य मात्र जनताको साहित्य हो भनेका छन । वर्गसङघर्ष, वर्गीय चेतना र सर्वहारावादी विश्व दृष्टिकोणलाई रचनाको मूल मर्म हो भन्ने स्वीकार गर्दै अमेरिकी साहित्यको इतिहासलाई मार्क्सवादी दृष्टिकोणबाट विश्लेषण गर्ने "ग्रेन वाइल हिक्स" ले पनि सर्वहारावादी विश्व दृष्टिले मात्र वास्तविक अर्थमा साहित्यमा सजिवता प्रदान गर्न सक्छ भनेका छन ।

अमेरिकी कला साहित्यमा प्रगतिवादी भावव्यञ्जनालाई अभिव्यक्त गर्दै समाजवादी मूल्य र मान्यताका साथ साहित्य सिर्जना र समीक्षा गर्ने "न्यूटन अर्विन"को योगदान पनि चर्चा योग्य भानिन्छ । यसैगरी 'एडमण्ड विल्सनको' साहित्यिक चिन्तनले साहित्य कला र सामाजिक जीवनको घनिष्ट सम्वन्धलाई सूचित गरेको छ । उनी सामाजिक यथार्थता र स्वस्थ्य मानव मूल्यको समुद्घाटन गरी संरचना गरिएको साहित्य मात्र वास्तविक अर्थमा साहित्य हो भन्दछन । विल्सनको यस्तो भनाइले प्रगतिवादी साहित्य सिर्जना प्रति मार्ग प्रसस्ति गरको छ । यसै धाराका अर्का प्रतिभाशाली व्यक्ति मा.वि.जे जेरोमलले कवि कलाकारहरुले युगिन सत्यलाई लुकाइ छिपाई विकृतरुपमा प्रस्तुत गर्नाले प्रतिकृयावादी

शक्तिलाई वल पुग्ने हुँदा युग सत्यलाई इमान्दारीताका साथ सत्यपरक ढङ्गले प्रस्तुत गरी नवोदित समाजवादी शक्तिको मनोवललाई माथि उठाउन सक्नु पर्छ भनेका छन । उनले कला साहित्यको पूर्ण विकास विचारधारात्मक पद्धतिवाट हुन सक्ने भएकाले प्रगतिशील दर्शनका रुपमा रहेको विज्ञान सम्मत मार्क्सवादबाट अनुप्राणीत प्रगतिवादी कला साहित्यको भविष्य मात्र उज्वल छ भन्ने आशय व्यक्त गरेका छन ।

द्वन्द्वात्मक भौतिकवादको वैज्ञानिक दृष्टिकोणका आधारमा अतीतका सकारात्मक तथा जीवन्त पक्षहरुको स्वीकृति र नकारात्मक तथा मृत पक्षहरुको वहिस्कार गरी समाजको ऐतिहासिक गतिलाई मार्ग प्रसस्त गर्नु पर्छ भन्ने अमेरिकी समालोचक 'हावर्ड फास्टर' ले कला र वस्तु सत्य, कला साहित्य र भविष्य दृष्टि, साहित्य र नैतिकता, वस्तुतत्व र रुपतत्व बीचको सम्वन्ध, स्रष्टा र द्रष्टा बीचको सम्वन्ध जस्ता विषयमा वस्तुवादी विश्लेषण गरेका छन । यसैले फास्ट अमेरिकी प्रगतिवादी परम्पराका विशिष्ट प्रतिभा मानिन्छन उनले उत्तर्वती लेखक कलाकार तथा समालोचकहरुको समाजवादी दृष्टिकोणलाई मार्ग दर्शन गरेका छन् । यसपछि भने अमेरिकी कला साहित्यमा प्रगतिवादले धेरै आरोह अवरोहहरुको सामना गर्दै आउनु परेको देखिन्छ ।

२.४.२.५ फ्रान्सेली प्रगतिवादी चिन्तन परम्परा

दोस्रो विश्वयुद्धताका फ्रान्समा प्रगतिवादी परम्परा निकै विकसित भएको थियो । युरोपीय महादेशमा समाजवादी राज्यका अतिरिक्त मार्क्सवादी कला साहित्यको प्रचार प्रसार तथा विकास फ्रान्स तथा इटालीमा बढी भएको पाइन्छ । यहाँका अनातले, फ्रान्स पाल, इलुअर लुइ, अरोगा, आदि जस्ता प्रवुद्ध साहित्य द्रष्टाहरु मार्क्सवादी समाजवादी साहित्यका पक्षधर रहेका देखिन्छन् । यसै धारामा फ्रान्सेली विचारक सेनेट रोजरको नाम पनि उल्लेखनीय मानिन्छ उनले प्रथम तथा दोस्रो विश्वयुद्धका वीचको काल खण्डमा फ्रान्सेली साहित्यको अवस्था कस्तो रह्यो भन्ने विश्लेषण गर्दै त्यसवेलाको फ्रान्सेली साहित्य युद्धविभिषिकाको कलात्मक प्रयोगका रुपमा रहेको यथार्थतालाई देखाएका छन । यसरी विभिन्न कलाकार तथा साहित्यकारको संयुक्त प्रयासबाट फ्रान्सेली कला साहित्यमा प्रगतिवादी चिन्तन परम्परा विकासित हुँदै आएको पाइन्छ ।

२.४.२.६ हङ्गेरियाली प्रगतिवादी चिन्तन, परम्परा

**सन् १९२३ मा प्रकाशित "इतिहास र वर्गचेतना" नामक पुस्तकका लेखक हङ्गेरीका संङ्घर्षशील विद्वान जर्ज लुकाज, 'बुडापोष्ट विश्वविधालयका' सौन्दर्यशास्त्र विषयका विभागीय प्रमुख बौद्धिक निष्ठावान तथा साहसी व्यक्तिका रुपमा सर्वत्र वन्दनीय छन् । उनी मार्क्सवादी कला साहित्य र समालोचनाका क्षेत्रमा विश्व मै विशिष्ट व्यक्तिका रुपमा परिचित छन् । युरोपीय दर्शन र साहित्यको भण्डार एवंम् सामाजिक घटना तथा परिघटना सँग सुपरिचित प्राज्ञ "जर्ज लुकाज" मानवीय मूल्य मान्यताका चिन्तक तथा साहित्य द्रष्टाका रुपमा विख्यात मानिन्छन । लुकाज सर्वहारा मानवतावादी चिन्तक भएकाले मान्छेलाई समाजको पूर्ण मानवका रुपमा संस्थापित गर्नु पर्छ भन्ने उनको मान्यता रहेको छ । वर्ग समाजले जन्माएका अनेक विखण्डनहरुबाट समग्र मानव समाजलाई मुक्त गरी, मानव व्यक्तित्वको (सामाजिक, आर्थीक ,साँस्कृतिक र वौद्धिक) निर्माण गरी सर्वहारा मानतावादको लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने लुकाजले मान्छेलाई मानव वनाउने युद्धमा परमयोद्धा भएर लागि रहन आग्रह गर्दछन । यसैबबाट प्रगतिवादी कवितामा मानवीय मूल्य सम्बन्धी मान्यताको बीजारोपण भएको हो । उनका दृष्टिमा कला शुद्ध सौन्दर्यद्वारा मात्र विशिष्ट वन्न सक्दैन अपितु त्यसभित्र भावत्मकता, मानवता, नैतिकता र सामाजिक यथार्थता हुनु पर्छ । त्यस भित्र मानवइच्छा, आकांक्षा, वासना, राग, द्वेश, पीडा वा आनन्दको शुद्ध अभिव्यक्ति मात्र नभै मानिसको सामाजिक ऐतिहासिक जनजीवन र त्यसबाट सिर्जना हुने मानवीय चैतन्य पनि कला सौन्दर्यको कसीमा घोटिएर अभिमुख भएको हुनु पर्छ । भन्ने साहित्य कलाका विशिष्ट चिन्तक जर्ज लुकाज नै हँगेरीको प्रगतिवादी साहित्य परम्पराको समग्रतामा आउँछन । हँगेरीको प्रगतिवादी चिन्तन परम्पराको उठान विकास र उत्कर्ष सवै जर्ज जुकाज नै मानिन्छ । उनी नै उत्तर्वती प्रगतिवादी कला साहित्यका मार्ग दर्शक तथा प्रेरणा श्रोत पनि हुन ।**

२.४.२.७ अष्ट्रियाली प्रगतिवादी चिन्तन, परम्परा

**अष्ट्रियाली प्रगतिवादी चिन्तनको परम्परामा "अन्स्र्ट फिसर" को नाम उल्लेखनीय मानिन्छ । उनको 'द नेसेसिटि अफ आर्ट' नामक कृतिले अष्ट्रियाली साहित्यको क्षेत्रमा नौलो आयाम थपेको**

**मानिन्छ । उनी पूँजीवादी समाज व्यवस्थामा देखा परेका विभिन्न कला आन्दोलन तथा कला प्रवृत्तिहरुको समेत मार्क्सवादी समाजवादी दृष्टिकोणबाट विश्लेषण गर्न चाहन्छन ।**

**उनले मानवीय श्रम र साहित्य, आदि मानवीय मूल्यको चिन्तन र कला साहित्यको सम्बन्ध पूँजीवादी कला साहित्य र समाजवादी कला साहित्यका चरित्रको अध्ययन, कला साहित्यमा अखण्ड मानव चेतनाको चित्रण, कला साहित्यमा युगीन परिस्थितिको भूमिका आदि जस्ता विषय वस्तुलाई द्वन्द्ववादी अर्थात मार्क्सवादी कला चिन्तनका आधारमा विश्लेषण गरेका छन । यसैबाट अष्ट्रियाली प्रगतिवादको ऐतिहासिक पृष्टभूमि तयार भएको हो भने त्यसको सूत्रपात, विकास तथा चरमोत्कर्ष सवै "अन्र्स्ट" बाटै भएको हो । प्रगतिवादको इतिहासमा उनको योगदानलाई अपरिहार्य मानिएको छ । अष्ट्रियाली प्रगतिवादको विस्तारमा अन्य कवि कलाकार तथा समालोचकहरुको भूमिका त्यति महत्वपूर्ण देखिदैन त्यसैले 'अन्र्स्ट फिसर' नै अष्ट्रियाली साहित्यको ऐतिहासिक परम्परामा जेष्ठ तथा श्रेष्ठ प्रतिभा मानिन्छन् ।**

२.४.२.८ भारतीय प्रगतिवादी चिन्तन परम्परा

**सन् १९३४ मा पेरिसमा भएको प्रगतिशील लेखक सङ्घका स्थापनाको प्रभावबाट प्रभावित लण्डनमा अध्ययनरत भारतीय युवा विद्यार्थीहरुले सन् १९३५ मा भारतीय प्रगतिशील लेखक सङ्घको स्थापना गर्ने घोषणा गरे र सन् १९३६ मा मुन्सी प्रेमचन्द्रको अध्यक्षतामा भारतीय प्रगतिशील लेखक संघको गठन गरियो । यो भारतीय प्रगतिशील परम्परा रविन्द्रनाथ ठाकुर, राम विलास शर्मा, मेनेजर पाण्डेय र अन्य अनुयायी हुदैं सन् १९४७ को भारतीय स्वतन्त्रता सङ्ग्राम सम्म आइ पुग्दा विभिन्न साहित्यिक विधाहरुबाट विकसित भै सकेको देखिन्छ ।**

**भारतीय स्वतन्त्रता सङ्ग्रामको सिलसिलामा प्रगतिवादी साहित्यिक परम्पराले भारतीय जनताको चेतनामा, राष्ट्र, राष्ट्रियता र स्वाभिमानको उच्चतम उर्जा प्रदान गरको देखिन्छ । भारतीय साहित्यलाई सङ्गठनात्मक गतिशीलताका साथ अघि बढाउने र उत्तर्वती कवि लेखक कलाकार तथा समीक्षकहरुलाई मार्क्सवादी कला साहित्य निर्माणको मार्गमा अविरल लागि रहन समेत भारतीय प्रगतिवादी साहित्यले हौसला प्रदान गरेको देखिन्छ ।**

## २.४.३ संङ्घ संस्था र सङ्गठनद्वारा विकसित प्रगतिवादी चिन्तन परम्परा

मार्क्सवादी प्रगतिवादी साहित्य चिन्तन परम्परा कवि, लेखक तथा कलाकारहरुको सचेतता र सांङ्गठनिक क्रियाशीलताबाट क्रमशः विकसित हुँदै आएको पाइन्छ । मार्क्सवादको विश्वदृष्टिकोणलाई संसार भरी पुऱ्याउन र सर्वहारा मानवतावाद र सर्वहारा सँस्कृतिको विकास गरी विश्वभरी नै समाजवादको स्थापना गर्न संसारभरीका लेखक विचारक तथा कलाकार एंव समिक्षकहरुले सङ्गठित भएर यस परम्पराको विकास गर्दै आएका छन । यो परम्परा समाजवादी तथा साम्यवादी राजनैतिक दृष्टिकोणबाट अनुप्रेरित भएकाले मार्क्सवादी विचारमा संम्वद्ध राजनीतिक दर्शन सँग सँगै यसको पनि प्रचार भएको हो । प्रगतिवादको विश्वव्यापीकरणका लागि मार्क्सवादी राजनैतिक दर्शनमा आधारित सर्वहारा वर्गको नेतृत्वमा गठित कम्यूनिष्ट पार्टीको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । विभिन्न मुलुकमा गठन भएका विभिन्न साहित्यिक संघ संस्थाहरु र मार्क्सवादी दर्शनबाट अभिप्रेरित राजनैतिक सङ्गठनहरु नै प्रगविादका विस्तारक शक्ति मानिन्छ ।

प्रगतिवादको विकासलाई ऐतिहासिक दृष्टिले अवलोकन गर्दा यसको पहिलो अभ्यास रुसको समाजवादी क्रान्ति सफल वनाउने क्रममा सर्वहारा वर्गको नेतृत्वमा पार्टी निर्माणगरी मार्क्सवादी, विचारको प्रचार प्रसारको काम सुरु भए पछि नै प्रगतिवादका साङ्गठनिक स्वरुपको सूत्रपात भएको देखिन्छ । यसै समयमा अलेक्जेण्डर अलेक्जेन्द्रो, वोल्दानोव र उनका अनुयायीहरुका सक्रियतामा सर्वहारा सँस्कृतिका रुपमा 'प्रोलेटकल्ट' नामक सङ्गठनको निर्माण भयो । त्यस सङ्गठनले राजनीतिक क्षेत्रमा हुन आउने परिवर्तन जस्तैः साहित्य, कला र सँस्कृतिको क्षेत्रमा पनि आमूल परिवर्तन आउनु पर्छ । नविन भौतिक सर्वहारा सँकृतिको स्थापनाले मात्र युगीन परम्परामा नौलो आयाम ल्याउन सक्छ भन्ने मान्यता अघि ल्याएको छ । पुरानु सँस्कृतिको समूल अन्त्य गरी नयाँ सँस्कृतिको पूर्णरुपले स्थापना गर्नु पर्छ भन्ने धारणा पूर्ण रुपले ऐतिहासिक भौतिकवादी होइन । ऐतिहासिक भौतिकवादी अवधारणामा पुराना सवै कुराको अन्त्य होइन । नकारात्मक पुराना रुढीग्रस्त परम्पराको मात्र अन्त्य हुनु पर्छ र त्यसको स्थानमा नयाँ युगसापेक्ष वैज्ञानिक परम्पराको थालनी गरिनु पर्छ भन्ने हो ।

रुसी समाजवादी क्रान्ति पछि आएर यस परम्पराले पूर्णं गतिशीलता प्राप्त गरेको देखिन्छ । किनभने क्रान्तिको सफलतासँगसगैं उत्साहित भएका क्रान्तिकारी लेखक कलाकार तथा कविहरुले एउटा 'सावधान' नामको साहित्यिक संस्थाको स्थापना गरेबाट सर्वहारावर्ग माथि सहानुभूति राख्ने, पूँजीवादको विरोध गर्ने र साहित्यिक स्वतन्त्रता र वैचारिक प्रवृत्तिमा विशेष जोड दिने लेखन परम्पराको थालनी भएको देखिन्छ । त्यसपछि स्वतन्त्रता र वैचारिक प्रवृत्तिमा विशेष जोड दिने लेखक कलाकारहरुको "काव्यभाषा विद्यापिठ"र "सेपेरियन वन्धु"नामका दुईवटा संस्थाहरुको स्थापना भए पछि रुसी प्रगतिवादले संस्थागत रुप ग्रहण गरेको हो ।

यस पछि सन् १९२९ मा सर्वहारा लेखकहरुको रसियाली संङ्घ (आर.पि.पि) को स्थापनाले रसियाली पञ्चवर्षीय योजनाको सफलतामा सहयोग पुऱ्यायो । यसवाट पनि प्रगतिवादी साहित्यिक आन्दोलनमा केही हदसम्म सहयोग पुग्यो तर यो संङ्घ दीर्घकाल सम्म रहन सकेन र रुसी कम्यूनिष्ट पार्टीको निर्देशन तथा सक्रियतामा सन् १९३४ मा म्याक्सिम गोर्कीको अध्यक्षतामा पुनः "रसियाली लेखकहरुको साहित्यिक संङ्घ" को गठन गरियो । यसको फलस्वरुप प्रगतिवादी साहित्यमा नयाँ मोड र परम्पराको थालनी हुन पुग्यो । यसपछि कला साहित्यका क्षेत्रमा समाजवादी यथार्थवादका मूलभूत प्रवृत्तिलाई औंल्याउने परम्पराको विकास भएर आएको देखिन्छ ।

यसरी रसियाली साहित्यिक सङंघको स्थापना भएको करिव एक वर्ष पछि फ्रान्समा पनि फ्रान्सेली साहित्यकार लेखक तथा समीक्षक 'हेनरी बरबुज'को प्रयासबाट पेरिसमा विभिन्न राष्ट्रका प्रगतिशील लेखकहरुको सम्मेलन गराइयो । यस सम्मेलनको नेतृत्व म्याक्सिम गोर्की, रोमाँरोला, आन्द्रेभालरो, टमसूम्यान आदि जस्ता प्रसिद्ध लेखकहरुले गरेका थिए ।

यस सम्मेलनबाट प्रसिद्ध अंग्रेजी उपन्यासकार ई.एम. फास्टरको अध्यक्षमा सन् १९३४ मा "प्रगतिशील लेखक संघ" नामको अन्तराष्ट्रिय साहित्यिक संस्था स्थापित हुन पुग्यो । यसको प्रभावले विश्वका विभिन्न राष्ट्रहरुमा प्रगतिशील लेखक संघको स्थापना भयो भने प्रगतिवादी साहित्य चिन्तन परम्पराको विकास पनि विश्वभरी नै हुन पुग्यो ।

## २.८ साहित्य तथा कला प्रति मार्क्स तथा एङ्गेल्सको धारणा

प्रगतिवाद पुरानो क्रान्तिकारी मूल्य, मान्यता र परम्परालाई आफ्नो मूल पूँजीकारुपमा स्वीकार गर्दै वर्तमानको आधार स्तम्भमा खडा भएर भविष्यको अवलोकन गर्ने, कालात्मक लेखन पद्धत्ति हो । यसले सामूहिक उद्देश्य प्राप्तिकालागि क्रान्तिकारी भविष्य दृष्टि र क्रान्तिकारी सर्वहारा मानवतावादको अदर्शतालाई आफ्नो सैद्धान्तिक आधारभूमि ठान्दछ । यसले धार्मिक आडम्वर, रुढिवादी अन्धविश्वास, भाग्यवाद, ईश्वरवाद, टुना, मुना तथा पाखण्डवादको विरोध गर्दै मानवीय चेतना, श्रम, मौलिकता, नैतिकता र भौतिक संसार प्रति विश्वास राख्दछ । यो मार्क्सवादको द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादबाट अनुप्राणित साहित्य सिद्धान्त हो । यो वहुमतका जीवन जगत्को घटना र परिघटनाका आधारमा संरचित साहित्यिक सिर्जनाको आधारभूत मान्यता पनि हो । यो राजनैतिक सिद्धान्तको मार्ग दर्शक मात्र नभै रचनात्मक लेखन पद्धत्तिको मार्गदर्शक सिद्धान्त पनि हो ।

मार्क्सवादको मूल प्रस्तापनामा आधारित यो साहित्य सिद्धान्तले जीवन जगतको सामाजिक साँस्कृतिक, आर्थिक, भौतिक वा नैतिक विकासमा बढी जोड दिएको छ । यथार्थवादी लेखनको समृद्धपरम्परा, क्रान्तिकारी दृष्टिकोण र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका दार्शनिक पक्षलाई आत्मसात गर्ने प्रगतिवादले मानवीय मूल्यवोधद्वारा असमान विश्वलाई सामान्विकरण गर्ने वौद्धिक क्षमता राख्दछ ।

मार्क्सवादका आधारभूत तथ्यलाई कला साहित्यको क्षेत्रमा समाजवादी यथार्थवादले महत्व पूर्ण प्रभाव पारेको छ भने त्यही समाजवादी यथार्थवाद नै अझ विकसित तथा परिमार्जित भएर कला सकाहित्यको क्षेत्रमा अभिमुख हुँदा प्रगतिवादको नामले विकसित भएको देखिन्छ । मार्क्सवादी विश्व दृष्टिकोण नै दर्शनको क्षेत्रमा द्वन्दात्मक भौतिकवाद राजनीतिको क्षेत्रमा साम्यवाद र कला साहित्यको क्षेत्रमा प्रगतिवाद हो । द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिवाद आफैँ साहित्य, कला र सँस्कृति सम्बन्धी सिद्धान्त होइनन् । यी त साहित्य र कलाको उद्‌भव, विकास, गति, दिशा र भूमिकाको व्याख्या, विश्लेषण र निर्देशन गर्ने दार्शनिक आधार हुन । त्यसैले प्रगतिवादको मूल आधार नै मार्क्सवाद हो ।

मानव चिन्तन सम्वन्धी आफ्नो द्वन्द्ववादी धारणा व्यक्त गर्ने मार्क्सवादका विस्तारक लेनिनले साहित्य सम्वन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन । जसमा वस्तुपरक भौतिक जगतको विकास प्रकृया र सामाजिक इतिहासलाई कला साहित्यको विकाससँगै जोडेर कालक्रमिक गतिशीलताका साथ विवेचना गरिएको छ । कलाको सार र रुप सधैंकालागि एक नास रही रहने कुनै जड या अपरिवर्तनीय वस्तु होइन । साहित्य कलाको सार पक्ष र रुपपक्ष स्वयम् भौतिक जगत तथा मानव समाजको विकासका साथ साथै निश्चित नियममा आवद्ध भएर क्रमिक रुपले विकसित तथा परिवर्तित हुँदै जान्छन । मानव विकासको प्रत्येक ऐतिहासिक युगमा मानवीय चेतनामा अन्तर्निहित सौन्दर्यात्मक आदर्श विद्यमान हुन्छ । त्यही सौन्दर्यात्मक आदर्शले आफ्नो अनुकुल देश, काल, परिस्थिति र वातावरण पाउँदा आफ्नो विशिष्ट परिवेश अनुसार कै साहित्य सिर्जना गर्दछ[५१] ।

ऐतिहासिक द्वन्द्वावादका अनुसार कलाकारले सापेक्षित स्वतन्त्रता प्राप्त गर्न पाउनु पर्छ । यो कलाको आफ्नै वैशिष्ट्य हो । संसारका सवै कलाकृतिहरु ऐतिहासिक दृष्टिले निश्चित सामाजिक संरचनागत स्वरुपहरु सँग जोडिएका हुन्छन । ती समाजका संरचनागत रुपहरु कालान्तरले नष्ट हुँदा पनि ती कलाकृतिहरु र तत्कालीन समाजवाट प्राप्त युगवोधक भावाभिव्यक्ति चाहिँ कदापि नष्ट हुँदैन । यसै सन्दर्भमा मार्क्सले प्राग ऐतिहासिक युनानी कला तथा महाकाव्यको दृष्टान्त प्रस्तुत गरेका छन । जुन कला कृतिले आज सम्म पनि संसारलाई वौद्धिक सन्तुष्टि प्रदान गरिरहेको छ । कतिपय कुराहरुमा चाहिँ आदर्श र अलभ्य नमुनाका रुपमा रही आएका छन । यस उदारहणमा सौन्दर्यशास्त्रको एउटा महत्वपूर्ण मार्क्सवादी अवधारणा लुकेको देखिन्छ । पूँजीवादी व्यवस्थाका अन्तर्विरोधहरुको विश्लेषण गर्ने सन्दर्भमा मार्क्सले सौन्दर्यशास्त्रको लागि महत्वपूर्ण निष्कर्ष निकालेका छन । जसमा - पूँजीवादी उत्पादनमा वौद्धिक उत्पादनका कतिपय क्षेत्रहरु हानिकारक मानिन्छन । परन्तु यस भनाइको तात्पर्य पूँजीवादी समाजमा साहित्य कलाको विकास हुँदैन भन्ने चाहिँ होइन । यसको अर्थ के हो भने पूँजीवादी शोषण प्रणालीको सामाजिक चरित्र भित्र

---

५१ देवी प्रसाद गौतम, प्रगतिवाद परम्परा मान्यता, (श्रीमती मुना गौतम), काठमाण्डौ, वि.सं. २०४९, पृ. ७५, ७६

मानवतावादी आदर्श पूर्ण रुपले अटाउन सक्दैन जसले सच्चा कलाकार र साहित्यकारलाई सत्प्रेरणा प्रदान गरोस । पूँजीवादी शासन व्यवस्था भित्रका कवि कलाकारहरुले वास्तविक सामजिक जीवन र पूँजीवादी सिद्धान्तको वीचमा पाइने अन्तर्विरोधहरुलाई जति जति बुझ्दै जान्छन । उनीहरुका कृतिमा त्यति त्यति पूँजीवादी सम्वन्ध प्रतिको मोह हट्तै जान्छ । मार्क्स एङ्गेल्सका दृष्टिमा पूँजीवादी व्यवस्थाले पनि मानवीय सम्बेदना र मानवीय मूल्यबोधका प्रवक्ता, उच्च साहित्यिक प्रतिभा तथा कलाकारहरूको जन्म गराउन सक्छ भन्दै लियोनार्दो दा भिन्ची, लोदोभीको, दाँते, गेटे, शिले, बाल्जाक, पुश्किन, शेक्सपियर आदि जस्ता प्रतिभाहरू माथि उच्च सम्मानको भाव दर्शाएका छन् किनभने उनीहरु आफ्ना युग र वर्गीय परिवेशभन्दा माथि उठी शोषण प्रणालीका खरावी पक्षहरुलाई कलात्मक शक्तिद्वारा भत्सना गर्न सपर्थवान देखिए । यी लेखक कलाकारहरु द्वारा प्रतीयमान विरोधाभास मा उनीहरुको व्यक्तिगत तथा मनोगत पक्ष प्रवल नभएर सामाजिक जीवनका वास्तविक अन्तर्विरोधहरुको वैचारिक प्रतिविम्व नै प्रवल भएर आएको देखिन्छ ।

साहित्य वर्ग-वर्गहरु वीचको वैचारिक सङ्घर्षको महत्वपूर्ण हतियार हो । कला साहित्यले शोषक सामन्तीहरुको सत्ता वलियो वनाउने मात्र होइन त्यसलाई धरासायी वनाउन पनि सक्छ । वर्गीय उत्पीडनको संरक्षण पनि गर्न सक्छ अथवा त्यसको विपरित गरीव, दुःखी, शोषित सर्वहारा तथा श्रमजीवी जनताको मुक्ति र आत्म चेतनाको विकासमा पूर्णतया सहयोग पनि पुऱ्याउन सक्छ भन्ने विचार व्यक्त गर्दै मार्क्स तथा एङ्गेल्सले सामन्ती तथा बुर्जुवा सँस्कृतिमा विद्यमान प्रगतिशीलताले यथास्थितिवादी प्रगतिवादी तथा प्रतिगामी प्रवृत्तिहरुको बीचमा स्पष्ट देखाङ्कन गर्दै परिवर्तनकारी प्रगतिशील दृष्टिबाट प्रत्येक कलाकृतिको मूल्याङ्कन गर्नु पर्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

मार्क्स ऐङ्गेल्सका विचारमा समाजमा विद्यमान खास वर्ग भनेको सँधै सँधैका लागि रही रहने अपरिवर्तनशील कुरा होइन । यो त ऐतिहासिक विकासको कममा वर्गहरुका वीचमा वदलिँदै जाने पारस्परिक सम्वन्ध हो । जो कुनै समयमा एउटा वर्गको प्रतिनिधित्व गरिरहेको हुन्छ भने अर्को परिवेशमा अर्को वर्गको प्रतिनिधित्व गरिरहेको हुन्छ । मार्क्स एङ्गेल्सले आफ्नो द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तलाई कला साहित्यको विश्लेषणमा पनि प्रयोग गरेका

छन । उनीहरुका दृष्टिमा "कला कृति भनेको वास्तविकतालाई प्रतिविम्बित गर्ने मात्र नभएर त्यसलाई अनुभव गर्ने, चिन्ने र समाजको विश्लेषण गर्ने साधन हो । यसले मानवजातिको ज्ञान, चौतन्य र वैद्धिक विकासमा सवैभन्दा ठूलो प्रभाव पार्दछ । कला प्रतिको यस्तो दृष्टिकोणले सामाजिक प्रगतिमा कलाको भूमिकालाई इङ्कित गरेको पाइन्छ । स्वभावतः कला र साहित्यको विवेचना गर्दा मार्क्स ऐङ्गेल्सले यथार्थवादको निरुपण गर्ने प्रयत्न गरेका छन ।

यथार्थवादी चित्रण भनेको कदापि वास्तविकताको फोटोग्राफि कला मात्र होइन । यो त घटनाहरुको मूल सार तत्व सम्म पुग्ने एउटा पद्धत्ति हो । कलात्मक सामान्विकरणको एउटा पद्धत्ति हो । यसै सन्दर्भसँग जोडेर मार्क्सले डिक्केन्ज, ध्याक्करे, बोन्टे गास्केल जस्ता उन्नाइसौँ शताब्दीका अग्रेजी साहित्यका उपन्यासकारहरुलाई विश्व साहित्यको यथार्थवादी कलाका चम्किला तारा मण्डल हुन भन्ने धारणा व्यक्त गरेका छन । मार्क्सले उनीहरुका कृतिको विश्लेषण गर्दा उनीहरुका कृतिमा-तत्कालीन परिवेशका सवै पेसेवार, राजनीतिज्ञहरु तथा नैतिकतावादीहरु मिलेर प्रस्तुत गरेको राजनीति तथा सामाजिक यथार्थता भन्दा धेरै गुणा बढी राजनीतिक सामाजिक सत्य प्रस्तुत गरिएको पाइन्छ भन्ने अवधारणा व्यक्त गरेका छन् । यसैगरी साहित्यलाई राजनीतिभन्दा अलग राख्ने वा राजनीति भन्दा माथि उठाउने अथवा कला कलाको लागि भन्ने जस्ता सिद्धान्तलाई मार्क्स तथा एङ्गेल्सले आलोचना गरेका छन । यथार्थवादी प्रगतिशील लेखकहरुका कृतिले प्रगतिवादी अर्थात द्वन्द्ववादी विश्वदृष्टिकोण प्रतिविम्बित गरेको हुनुपर्छ । उनीहरुका कृतिमा प्रगतिशील विचारधारा ओतप्रेत भएको हुनु पर्छ र यिनले आफ्नो समयका सवै जल्दाबल्दा समस्याहरुलाई समेटेको हुनु पर्छ तथा कला कलाको लागि मात्र नभएर समग्र जीवनको मूल्य र मान्यताको लागि हुनु पर्छ भन्ने धारणा व्यक्त गरेका छन[५२]। यसरी मार्क्स तथा एङ्गेल्सको वैचारिक अवधारणालाई अवलोकन गर्दा प्रगतिवादी साहित्य भनेको गहनतम जीवन दर्शन प्रकृयाको यथार्थ अभिव्यक्ति हो ।अग्रणी विचारहरुको उद्घोषक हो र समाजका प्रगतिशील शक्तिहरुको संरक्षक हो भन्ने कुरा प्रष्ट हुन आउँछ ।

---

५२ रमेश सुनुवार,(अनुवादक तथा सङ्कलक),मार्क्सवादका आधारभूत सिद्धान्त, प्रगति पुस्तक सदन, काठमाण्डौ, वि.सं.२०४७, पृष्ठ ९२

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित सौन्दर्यशास्त्र र कलाको विकासमा सवैभन्दा प्रामाणिक नियमहरको निरुपण गर्दै वैज्ञानिक साम्यवादका संस्थापकहरुले साहित्य र कलालाई विश्लेषण गर्न मार्क्सवादी समालोचनाको आधारशीला तयार गरेका छन मानवीय चेतनाद्वारा प्रदत्त मानवीय गुण, मानवीय स्वभाव र सामाजिक संरचनाले, समाजको निर्माण, सामाजिक व्यवस्थाको सुदृढीकरण, सांस्कृतिक जागरण तथा आर्थिक वितरणलाई द्वन्द्वात्मक पद्धत्तिद्वारा विश्लेषण गरी मार्ग दर्शन गराउँछ।

क्रान्तिकारी परिवर्तनको लागि प्रगतिशील युगको रुपमा मार्क्स तथा एङ्गेल्सले पुनर्जागरण कालको कला, कृति र शिक्षा, साहित्यलाई लिएका छन। यस युगका महान व्यक्तिहरुलाई मार्क्सबादका संस्थापकहरुले विद्वान, कवि, लेखक, कलाकार चिन्तक समालोचक मात्र नभनेर युगीन चेतनाका संवाहक, र साँस्कृतिक क्रान्तिका प्रवर्तकको रुपमा सम्मान गरेका छन।

यसरी विद्वता तथा कलात्मकताको सम्मान गर्ने मार्क्सले "मध्ययुगिन विश्व साहित्यका उच्च प्रतिभा 'दाँते' लाई मध्ययुगीन मात्र नभै आउँदा अनेक युगका पनि अमर साहित्यकार हुन भनेका छन। किनभने उनका रचनाहरु अविभाज्य छन र मध्ययुगबाट पुनर्जारण युग सम्म आई संक्रमित समाजको घोषणा गर्न सक्षम छन। त्यसैले दाँतेलाई एक विशिष्ट प्रतिभावना कवि तथा समालोचकका साथै दृढसङ्कल्पी योद्धाको रुपमा सम्मान गरेको पाइन्छ। यसैगरी एङ्गेल्सले पनि दाँतेलाई अद्वितीय आदर्शले युक्त महान चरित्रका नायक मानेका छन। यस्तै मार्क्स एङ्गेल्सले स्पेनका महान लेखक "सेर्मान्तेस" को पनि ठूलो मूल्याङ्कन गरेका छन।

अठारौँ शताव्दीका वेलायती तथा फ्रान्सेली विचारकहरुको पनि मार्क्स तथा एङ्गेल्सले मूल्याङ्कन गर्दै उनीहरुका प्रत्येक गतिविधिहरुको विश्लेषण गरेका छन। फ्रान्सेली बुर्जुवा क्रान्तिको तयारी कालमा सामाजिक जीवन एंवम् वर्ग सङ्घर्ष र गतिविधिका बीचमा रहेको घनिष्ठ सम्वन्धलाई प्रष्ट पार्दै नरम पन्थी विचारहरु र प्रजातन्त्रवादीहरुका बीचमा प्रष्ट विभाजनको रेखा कोरिएको विचार व्यक्त गरिएको छ। फ्रान्सेली विचारक देनी विद्रोलाई आफ्नो प्रिय लेखक भनि मार्क्स तथा एङ्गेल्सले सम्मान गरेका छन। फ्रान्सेली

कथाकार गिदे मोपासाँका रचनामा र उन्नाइसौँ शताब्दीको उत्तरार्धमा देखापरेका यथार्थवादी उपन्यासहरुमा एङ्गेल्स यथार्थवादी परम्पराको विकास र समृद्धि देख्छन । फ्रान्सेली यथार्थवादी साहित्यकार बाल्जाकका रचनाको विश्लेषण गर्दै एङ्गेल्सले पनि बाल्जाकका कृतिले फ्रान्सेली समाजको सर्वोकृष्ट यथार्थवादी इतिहास प्रस्तुत गरेका छन भन्ने विचार व्यक्त गरेका छन्[५३] ।"

रसियाली कला साहित्य प्रति पनि मार्क्स तथा एङ्गेल्सले आफ्नो जीवन्त अभिरुचि प्रकट गरका छन । उनीहरुले रसियाली साहित्यका स्रष्टा पुश्किन, तुर्गेनेभ, साल्तिकोम शेद्रिन, चेनिशेम्स्की र दोव्रो ल्यूवोभका कृतिहरुको रुप सार तथा भाषिक संरचनाको विश्लेषण गर्दा उन्नाइसौँ शताब्दिको पूर्वार्धमा रुसी जनजीवनको आश्चर्य लाग्दो प्रतिबिम्व खिचिएको पाइयो । त्यसैले रुसी श्रष्टाहरुमध्ये पनि खास गरी चेर्निशेम्स्की र दोब्रोल्युवोभलाई मार्क्सले धेरै नै आदर भाव प्रकट गरेको पाइन्छ ।

कला र साहित्य प्रति मार्क्स र एङ्गेल्सको दृष्टिकोण विश्वव्यापि वा अन्तर्राष्ट्रियवादी रहेको देखिन्छ । युरोपीय तथा गैह्रयुरोपीय ठूला साना सवैखाले सामाजिक संस्कार र सँस्कृति भित्र रहेका जनताका कलाकृतिहरु प्रति उच्च सम्मान भाव प्रकट गर्दै विश्व साहित्य तथा कलाको भण्डारमा प्रत्येक जनजीवनको योगदान रहेको हुन्छ भन्ने उनीहरुको धारणा देखिन्छ । उनीहरुले अमेरिका, वेलायत, फ्रान्स, जर्मनी, इटाली, स्पेन, र एसियाका कला साहित्यको मात्र होइन आयरल्यान्ड, आइस्ल्याण्ड, नर्वे जस्ता सानातिना सवै देशका कला कृति तथा कलाकर्मीहरुको विश्लेषण गर्दै सर्वहारा वर्गको निकट रहेका क्रान्तिकारी तथा प्रजातन्त्रवादी कवि लेखक तथा कलाकारहरु प्रति विशेष आदरभाव देखाएका छन[५४]।

समाजको ऐतिहासिक रुपान्तरण सँग-सँगै भावी साम्यवादी समाजमा कसरी कला कृतिको सर्वतोमुखी विकास हुन्छ भन्ने सम्बन्धमा मार्क्स तथा एङ्गेल्सका अति मूल्यवान भनाइहरु पाइन्छन । पूँजीवादी समाजका कलाको विकासमा देखिने विरोधाभाषपूर्ण अन्तर्विरोधहरुलाई सम्पूर्ण वुर्जुवा समाजकै अन्तर्विरोधका रुपमा हेर्ने मार्क्सवादका संस्थापकहरुले सर्वहारा क्रान्ति

---

५३ मार्क्स एङ्गेल्स, साहित्य कलाकी भूमिका, पूर्ववत, पृष्ठ १५७
५४ वासुदेव त्रिपाठी,पाश्चत्य समालोचनाको सैद्धान्तिक परम्परा, साझा प्रकाशन, वि.सं.२०३६, पृष्ठ २३०

तथा सामाजिक पुनर्निमाणको आधारमा मात्रै कलात्मक संरचनाको क्षेत्रका अन्तर्विरोधहरुको समाधान गर्न सकिन्छ[५५]। भने निष्कर्ष निकालेको देखिन्छ ।

२.६ निष्कर्ष :-

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद आफैँमा कला साहित्य होइन । यो त कला साहित्यको उद्‌भव, विकास र विश्लेषणको दार्शनिक आधार मात्र हो । वैदिक साम्यवाद देखि यताका सामाजिक संरचनाको इतिहासलाई अवलोकन गर्दा समस्त समाजको स्वरुप नै वर्ग र वर्ग संङ्घर्ष युक्त रही आएको पाइन्छ । त्यही वर्ग संघर्ङ्षको इतिहास र सामाजिक रुपान्तरणको कम सँगै कला साहित्यको इतिहास तथा चरित्रको निर्माण भएको हो । जसरी मार्क्सवादी चिन्तन परम्परा आफ्नो विकासको निरन्तर यात्रामा अघिबढी रहेको छ । त्यसैगरी प्रगतिवादी साहित्य परम्परा पनि विकासको त्यसै यात्रा र गतिबाट अघि बढिरहेको देखिन्छ । मार्क्सवादको संस्थापना काल देखि हाल सम्म प्रगतिवादी कला साहित्यमा जे जति मान्यताहरु विकसित वा विस्तारित भएर आएका छन ती सवै मार्क्सवादी मूल प्रस्तापनाका विस्तारित रुप हुन ।

मार्क्सवादी मूल प्रस्थापनामा साहित्य र कलाको प्रमुख आधार भूमि समाज हो र त्यहि समाजको आँसु, हाँसो, आवेग तथा सम्वेगको यथार्थ कलात्मक प्रस्तुति नै कला साहित्य हो । भन्ने यथार्थतालाई लेनिन तथा माओले पनि प्रमुखताका साथ स्वीकार गरेका छन । आफ्नो समयका वर्ग सङ्घर्षको तीव्रतम गति वा स्वरुपलाई ध्यानमा राखी वर्गीय साहित्यको स्वरुपलाई लेनिनले पार्टी लेखनको रुपमा विकास गरे भने माओले चाहिँ नौलो जनवादी कान्तिलाई ध्यानमा राखी साँस्कृतिक कर्मीलाई मोर्चा बद्ध हुन आह्वान गरेका छन । साहित्य शून्यमा सिर्जित हुँदैन । समाज र सामाजिक स्थिति नै साहित्यको उद्‌भव र विकासको स्रोत हो । मार्क्सवादका विस्तारकहरुले साहित्यलाई शौन्दर्यशास्त्रको आधारबाट विश्लेषण गरेका छन । उनीहरुले कलात्मकतालाई एउटा निश्चित मापदण्डका आधारमा

---

५५ मार्क्स एङ्गेल्स, सङ्कलित रचना (खण्ड १), ऐरावती प्रकाशन,काठमाण्डौ, वि.सं.२०४६, पृ. ८९

अघि बढाउन कवि तथा कलाकारहरुलाई सन्देश दिएका छन । यसै क्रममा माओले कलाहीन रचनालाई एउटा कागजको फूल हो भनेका छन ।

मार्क्सवादका विस्तारक (लेनिन र माओ) ले साहित्यमा मार्क्सवादी विश्व दृष्टिकोण घोलेर पाठक वर्गलाई चखाउने कार्यमा साहित्यका स्रष्ठा र द्रष्टालाई पूर्ण सहयोग पुऱ्याएका छन । उनीहरुले सुरुमा सामाजिक यथार्थवादलाई सहयोग पुऱ्याएका थिए भने पछि पछि आएर त्यसैको विकसित रुप प्रगतिवादलाई आफ्नो राजनैतिक तथा दार्शनिक प्रतिमानका रुपमा स्वीकार गरेका छन । जसले वर्तमानको धरातलमा उभिएर भविष्य सम्म चियाउने एउटा क्रान्तिकारी भविष्य दृष्टिको प्रतिनिधित्व गर्छ त्यसैलाई प्रगतिवादी साहित्यको विशिष्ट दर्जा प्रदान गरिनु पर्छ भन्ने उनीहरुको धारणा रहेको देखिन्छ । यसरी प्रगतिवादको सैद्धान्तिक परिचयको अध्ययन वा विवेचनाबाट प्रांप्त निष्कर्षहरूलाई यहाँ केही बुँदाका रूपमा प्रस्तुत गरिएको छ ।

(१) प्रगतिवादको मूल आधार कालमार्क्सद्वारा संस्थापित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यो मार्क्सवाद कै साहित्यिक मान्यता हो । यसलाई मार्क्सवादी, समाजवादी, जनवादी साहित्यिक मान्यता पनि भनिएको पाइन्छ ।

(२) कला साहित्यको क्षेत्रमा प्रगतिवादी चिन्तन परम्पराको आरम्भ मार्क्स तथा एङ्गेल्सको दर्शनिक धरातलबाट भएको हो ।

(३) मार्क्स पूर्वको यथार्थवादी कला चिन्तनलाई प्रगतिवादको पूर्वचेष्टाकाल मान्दै त्यसको उच्चतम विकसित रुपलाई प्रगतिवाद भनिएको हो ।

(४) सामान्य यथार्थवादले आलोचनात्मक यथार्थवादको चरण पार गरेर मार्क्सवादको सान्निध्यतामा पुगे पछि समाजवादी यथार्थवादले आफ्नो स्वरुप ग्रहण गरेको हो । त्यसैलाई प्रगतिवादका नाममा विश्व साहित्यले स्वीकार गरेको देखिन्छ ।

(५) मार्क्सवादलाई दर्शनको क्षेत्रमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिको क्षेत्रमा साम्यवाद र कला साहित्यको क्षेत्रमा प्रगतिवाद भनिन्छ ।

(६) प्रगतिवादले कला साहित्यलाई आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनैतिक प्रतिविम्वका रुपमा स्वीकार गरेको छ ।

(७) प्रगतिवादले कला साहित्यलाई जीवन उपयोगिताका दृष्टिले हेर्दछ । त्यसलाई वर्गीयताको पक्षधर तथा मानवीय मूल्यको निरुपण गर्न सक्षम साहित्यिक सिद्धान्त हो भन्ने ठान्दछ ।

(८) प्रगतिवादले साहित्यमा पूँजीवादी, प्रतिकृयावादी र यथास्थितिवादी शक्ति र क्रान्तिकारी प्रगतिशील शक्तिहरुका वीच हुने सङ्घर्षलाई द्वन्द्वात्मक तथा यथार्थपरक रुपमा प्रस्तुत गर्न चाहन्छ ।

(९ सामन्तवाद, पूँजीवाद, विस्तारवाद र साम्राज्यवादका विरुद्ध संङ्घर्ष गर्ने परिवर्तनशील क्रान्तिकारी जनतालाई प्रगतिवादले सहयोग पुऱ्याउँछ ।

(१०) प्रगतिवाद आदर्शवाद, अध्यात्मवाद, रुढीवाद र परम्परावाद भन्दा भिन्न रहेर वैज्ञानिक यथार्थवादी धरातलमा उभिएको छ ।

(११) प्रगतिवादका सार्वभौम सिद्धान्तले सामाजिक जीवनको शूक्ष्म विश्लेषण गर्छ, समाज तथा सामाजिक जीवनका अनेक आरोहअवरोहरुको अध्ययन गर्छ, र त्यसको इतिहास पत्ता लगाउँछ, साथै समाजमा विद्यमान अनेक वर्ग र वर्गद्वन्द्वको मार्ग निर्दिष्ट गर्दछ ।

(१२) प्रगतिवादले मानव मानव बीच हुने सवै प्रकारका शोषण, दमन अन्याय, अत्याचारबाट जन मानसलाई मुक्त गराई समाजवाद हुँदै साम्यवाद सम्मको समाज निर्माणको यात्रा सुरु गर्न अभिप्रेरणा प्रदान गर्दछ ।

(१३) प्रगतिवादले समाजको व्यक्तिवादी प्रवृत्ति छुवाछूत, आर्थिक समता र विषमताको आधारमा गरिने विभेद को दृढताका साथ विरोध गर्दछ ।

(१४) प्रगतिवादले समाजको सवैभन्दा क्रान्तिकारी शक्ति सर्वहारा श्रमजीवी शक्ति हो भन्ने ठानेको छ ।

(१५) प्रगतिवाद विश्व साहित्य कै सन्दर्भमा एक बहुचर्चित साहित्य सिद्धान्त हो । यसले साहित्य र कलालाई सर्वहारा वर्गको मुक्तिगामी क्रान्तिको हतियार हो भन्ने ठानेको छ ।

१६. यसले अँध्यारोको विरुद्ध उज्यालो, पुरानोको विरुद्ध नयाँ, मृतत्वको विरुद्ध जीवन, कुरुपताको विरुद्ध सुन्दरता, पतनको विरुद्ध उत्थान, अस्तयको विरुद्ध उदयको पक्ष लिने गर्दछ ।

१७. यसले जनताको मन मस्तिष्कमा चेतना जगाएर आफू वरिपरिको संसारलाई जागृत तुल्याउँछ । त्यसैले प्रगतिवाद परिवर्तनको सिद्धान्त हो ।

प्रगतिवादले अतितको क्रान्तिकारी परम्परालाई पूँजीको रुपमा स्वीकार्दै वर्तमानमा उभिएर भविष्य सम्म चियाउने कलात्मक लेखन पद्धतिमा विश्वास राख्छ । यसले कला र साहित्यका नाममा व्यक्तिगत कुण्ठा, आक्रोश, नैराश्यता, पलायन र व्यक्तिवादी अहङ्कारलाई कुनै ठाँउ दिँदैन र सामूहिक उद्देश्यका लागि क्रान्तिकारी आर्दशताको सञ्चार गराँउछ । यो– सैद्धान्तिक मार्ग दर्शन मात्र नभएर रचनात्मक लेखन पद्धति पनि हो । यसले शिल्प चेतना प्रति कहिले पनि उदासिनता देखाउँदैन । अन्तर्वस्तुलाई प्रमुखता दिँदै वाह्य शिल्प सौन्दर्यता भर्नु यसको प्रमुख कार्य हो । यहाँ नवीनतम विचारको उद्वोधनद्वारा पाठकहरुमा सौन्दर्य चेतनाको अभिमुख गराइएको हुन्छ । यसले आफ्नो कलात्मक चैतन्यद्वारा तमाम शोषित, पीडित जनतालाई मुक्ति आन्दोलनका लागि आह्वान गर्दछ ।

# तेस्रो अध्याय

## ३. प्रगतिवादी कविता सम्वन्धी मान्यता

### ३.१ कविताको अर्थ र परिभाषा

कुनै पनि दैवी नियम वा कानूनी नियन्त्रणबाट मुक्त आनन्दमय, सरल, स्वच्छ र भावात्मक तथा यथार्थमय अभिव्यक्तिलाई कविता भनिएको छ भने कुनै समालोचकहरुले चाहिँ कोमलकान्त पदावलीको आलङ्कारिक विन्यासलाई कविता ठानेका छन् । यसरी हेर्दा कविताका रुप पक्ष र भाव पक्ष गरी दुई पक्ष रहेका पाइन्छन् । कविताको रुप पक्ष भनेको पदावली सुन्दरता, अलङ्कार एवम् छन्दको यथोचित प्रयोग गरी कविताको बाह्य आकृतिलाई अति सुन्दर बनाउनु हो भने भावपक्ष, चाहिँ कविको अन्तर्निहित भाव-विचार हो र यसमा विषय वस्तुको गम्भीरता, रसभाव जस्ता विषयबस्तुहरू रहेका हुन्छन् ।

विश्व साहित्यको इतिहासलाई हेर्दा साहित्यका अनेक विधाहरुमध्ये जेष्ठ, श्रेष्ठ विधाको रुपमा कवितालाई लिइएको पाइन्छ । पूर्वीय तथा पाश्चात्य मनिषीहरुले कविता सम्वन्धी आ-आफ्ना मान्यतालाई अघिसारेका छन। कविता सम्वन्धी आफ्नो मान्यता व्यक्त गर्ने विद्वान, समालोचकहरु र उनीहरुका धारणा, मान्यताहरुलाई यहाँ निम्न अनुसार प्रस्तुत गरिएको छ ।

“कविद्वारा आफ्ना संवेद्य अनुभूति वा भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना, कवि भाव वा कार्यलाई कविता भनिन्छ ।अझ यसलाई व्यापक अर्थमा भन्दा सवै प्रकारका पद्यात्मक वा लयात्मक रचना र सामान्यतया छन्द, गीत, मुक्तक, हाइकु, आदि अनेक प्रकारले रचना गरिएका फुटकर पद्यात्मक वा लययुक्त रचनालाई कविता भनिन्छ [१]।”

यसैगरी पूर्वीय समीक्षकहरुमा, रुद्रट, दण्डी, मम्मट, क्षेमेन्द्र, कुन्तक, विश्वनाथ, जगन्नाथ, भरतमुनि प्रभृत्ति साहित्य चिन्तकहरुले कविता सम्वन्धी आ–आफ्ना धारणाहरु व्यक्त गरेका छन् भने पाश्चात्य काव्यशास्त्रीहरुमा अरस्तु, कलरिज, शेली, म्याथ्यु-अर्नोल्ड, डब्लु एच हटसन, जोनसन जस्ता साहित्य चिन्तकहरुले पनि कविता सम्वन्धी आफ्ना अभिमत व्यक्त

१ वासुदेव त्रिपाठी,कृष्ण प्रसाद पराजुली (सम्पादन), नेपाली वृहद शव्दकोश, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,  काठमाण्डौं, वि.सं.२०४०, पृ. २१५

गरेका छन् । यसैगरी नेपाली साहित्यको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, प्रभृत्ति कवि तथा साहित्यकारहरूले पनि कविता सम्बन्धी आ-आफ्ना अभिमतहरू प्रस्तुत गरेका छन् । उनीहरुका दृष्टिमा कविता अनुप्रास युक्त गद्य वा पद्यमय हुन सक्छ, अथवा हाइकु जस्तो छोटो पनि हुन सक्छ अर्थात कविता अरु रचना भन्दा भिन्न हुन्छ । यो विशेष प्रकारको जादुगरी चमत्कार हो । यहाँ अर्थ र लयका आधारमा शब्दहरू परस्पर सम्बन्धित हुन्छन् । एक अर्को वर्णको पारस्परिक संयोगबाट एक विशेष प्रकारको लय वा तालको प्रादुर्भाव हुन्छ । जसको ताल वा सङ्गीत अन्य रचनाहरु भन्दा सूक्ष्म रुपले फरक हुन्छ भन्ने रहेको पाइन्छ ।कविता सम्वन्धी उपरोक्त मान्यताका आधारमा कविताको अध्ययन गर्दा कविता साहित्यको त्यस्तो विधा हो जसमा कविद्वारा आफूभित्रको अनुभूतिलाई सौन्दर्य चेतना युक्त वनाई लयात्मक पद्धत्तिद्वारा विशिष्टभाषामा अभिव्यक्त गरिएको हुन्छ ।

प्रगतिवादी कविताचाहिँ मार्क्सवादको सार्वभौम मान्यतामा आधारित कविता हो । समग्र साहित्यको फाँटमा मार्क्सवादको द्वन्दात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको दार्शनिक मान्यतालाई कलात्मकताका साथ प्रस्तुत गरी रचिएका तथा सामाजिक यथार्थताको लयात्मक अभिव्यक्ति भएको रचना विशेष नै प्रगतिवादी कविता हो ।

प्रगतिवादी कविताले वर्गीय समाजमा भएका विभेदपूर्ण परम्पराको विरोध गर्दै समतामूलक समाजको सिर्जना गर्न सर्वहारा मुक्ति आन्दोलनको शङ्खघोष गर्दछ । यसको भौतिकवादी दार्शनिक मान्यताले मानव समाज तथा ऐतिहासिक विकासलाई नयाँ ढंङ्गबाट विश्लेषण गर्दछ । मानव चैतन्यको परिष्कार पनि युगको भौतिक विकास सँगसँगै हुन्छ भन्ने धारणा राख्दछ ।

माथि उल्लेखित कविता मान्यताहरुबाट सम्पूर्ण रुपले प्रगतिवादी कविता मान्यतालाई बुझ्न सकिने अवस्था चाहिँ होइन । यस सन्दर्भमा के कुरा चाहिँ स्मरण योग्य छ भने कविता सम्वन्धी उल्लेखित मान्यताहरुले समग्र कविता विधाको प्रचलित मान्यताहरुलाई वोध गराएका छन् भने खास प्रगतिवादले केही विशिष्ट सन्दर्भमा मात्र कविता सम्वन्धी आफ्ना विशिष्ट मान्यताहरुलाई अघि ल्याएको छ ।

कविताको जनसाहित्यिक तथा समाज साहित्यिक ढाँचालाई आफ्नो अन्तर्वस्तु बनाई, संरचनासँग त्यसको समायोजन तथा कविताको उद्देश्य र प्रयोजनसँग यथार्थवादी प्रकृतिको समायोजन विधिले विशिष्ट सन्दर्भहरुद्वारा प्रगतिवादी कविता चिन्तन विकसित हुँदै आएको पाइन्छ । संक्षेपमा भन्ने हो भने प्रगतिवादी कविताको उद्भव र विकासका सम्वन्धमा क्रिस्टोफर कडवेलले आफ्ना मान्यताहरुलाई सर्वसंवेद्य ढङ्गबाट प्रस्तुत गरेका छन । उनी कवितालाई सर्वप्राचीन कला व्यापार ठान्दछन् । यस भनाइबाट जनसाहित्य वा कविताको जन्म आदिम युगबाटै भएको हो भन्ने तत्थ्य पुष्टि हुन आएको छ । कडवेलका अनुसार कविता मानव समाजको अभ्युदय सँग सँगै उसका मनमा उब्जेका अनेक थरी आवेग, संवेग, आँसु, हाँसो, तथा दुःख, सुखहरुको सहज अभिव्यक्ति हो । मानवको सभ्यता, सँस्कृति, रीति रिवाज, भेषभूषा र भाषा सम्वन्धी अनुभूतिलाई सौन्दर्यात्मक रुपमा प्रस्तुत गर्दा कविताको स्वरुप निर्माण भएको हो । आदिम युगमा मानव अभिव्यक्तिलाई लयात्मकतामा व्यक्त गरिन्थ्यो । त्यसैबाट विविध लय तथा छन्दको जन्म भएको हो [२]।

कडवेलको कविता सम्वन्धी मान्यतालाई हेर्दा उनले कविता सम्वन्धी तीनवटा महत्वपूर्ण सङ्केतहरु दिएको देखिन्छ । जसमा पहिलो सङ्केत अनुसार कविताको जन्म मानव सभ्यताको आदिम युग र आदिम जातिका चैतन्यको विकास सँगसँगै भएको हो । दोस्रो सङ्केत अनुसार आदिम कविता मानव इतिहास, ज्ञान, विज्ञान र समग्र वाङ्मयसँग संम्मिश्रित थियो । उनको तेस्रो सङ्केत अनुसार कविता जन्मजात काव्यात्मक अर्थात् लयवद्ध तथा छन्दबद्ध रचना हो । यसरी कवितामा भाषाको ओजस्विता, संङ्गीतात्मकता, सुकुमार पद लालित्यको प्रयोग, परिष्कार युक्त सुसंस्कृत पदावलीको विन्यास, छन्द, लय, अनुप्रास, चरणहरुको समानता, नियमित मात्रा, सुर, ताल, आदिद्वारा परिस्कृत लयको निर्माण हुने हुँदा कविता जन्मजात नै लयात्मक हुन्छ[३]" भन्ने कड्वेलको मत देखिन्छ ।

यसैगरी कविता सम्बन्धी आफ्नो मान्यता अभिव्यक्त गर्ने पाश्चात्य विद्वान जर्ज थम्सन पनि कड्वेलको अवधारणासँग सहमत रहेका देखिन्छन् । कविताको उत्पत्तिका

२ क्रिस्टोफर कड्वेल, विभ्रम और यथार्थ, राजकमल प्रकाशन, नयाँदिल्ली, सन् १९९०, पृ २७-२८
३ किष्टोफर कड्वेल, 'विभ्रम और यथार्थ ,राजकमल प्रकाशन, नयाँ दिल्ली, सन् १९९०, पृष्ठ ९१/९८

सम्वन्धमा थम्सन के भन्दछन् भने आदिम युगमा सङ्गीत र कविता एउटै गीतगाथाका रुपमा सङ्गीतमय थिए । पछि पछि आएर सङ्गीत नृत्यबाट छुट्टिएपछि कविता, गीत र सङ्गीतमा भिन्नता देखा परेको हो । कविताले गीतबाट छुट्टिएर पृथक विधाको रुप ग्रहण गरे पनि गीतका रुपमा कविताले ग्रहण गरेको आनुवंशिकता चाहिँ यथावत नै रहेको छ[४]। यसरी थम्सनले कवितालाई वाणीको एउटा विशिष्ट रुप हो भन्ने ठानेको पाइन्छ । वाक, वाणी तथा कवि उद्वेगलाई थम्सनले कविताको रुपाकृति हो भनेका छन् ।

प्राचीन मानव सभ्यताको विकास सँग-सँगै भाषा र साहित्यको पनि विकास भएको हो । प्राचीनकालमा मानिसहरु जङ्गलमा वस्थे, उनीहरुको घर बासको राम्रो व्यवस्था थिएन सभ्यताको विकास सँगसँगै मानिस समाज वा समूहमा बस्न थाल्यो । कुनै दैवी विपद् अथवा जङ्गली जीवको आपदाबाट आफूलाई सुरक्षित राख्न मानिसले सदैव समूहको सहारा लिँदै आएको हो । कविता र समाजको निर्माण पनि यसैगरी भएको हो । हुलमा अथवा सामूहिक झुण्ड झुण्डमा वसोवास गर्दै आएको मानव समाज कुनै चाड पर्व, सँस्कार, सँस्कृति, उत्सव, महोत्सव, हर्स, उल्लास, आदिमा मानिसले आफ्ना दुःख सुखका संवेगात्मक भावनालाई सामूहिक रुपमा गाउन शुरू गऱ्यो । त्यसैबाट गीत, गाथा र कविताको जन्म भएको हो । यसरी समूहमा वसोवास गर्ने मानव चरित्रबाट नै समाज परक यथार्थतावादी साहित्य संरचनाको उठान भएको हो भन्न सकिन्छ । यसैगरी सामूहिक रक्षा, संस्कारको सुरक्षा आदि कारणबाट भाषिक संरचनाको पूर्वाधार तयार भएको हो भने लययुक्त, ओजपूर्ण, भाषिक रुप चाहिँ कविताको प्राक रुप हो । पूर्वीय वैदिक सभ्यतामा सामूहिक गायनका रुपमा गीत गाथा, वा वैदिक गाथालाई सार स्वर सहित गाउने प्रचलन थियो जसको उद्देश्य सामूहिक रक्षा र दैवी तथा प्राकृतिक विपदाबाट समूहको रक्षा गर्नु हो । कवितामा रहेको लयात्मक गुणले नै सामूहिक सुरक्षाको अनुकूल वनाएको छ । यसबाट भावात्मक तथा रागात्मक कोमलताको प्रादूर्भाव हुन्छ र मानव हृदयलाई उत्साह, उमङ्ग, राग, प्रेम, सहानुभूति, सदाचार, कर्तव्य परायणता आदि जस्ता विषयमा प्रवृत्त गराउँछ ।

---

४ जर्ज थम्सन,मार्क्सवादी कला साहित्य, (अनुवादक तथा प्रकाशन कृष्णसेन पटेल) इन्दौर, भारत, सन् १९६६, पृ १९१

मानव समाजका सभ्यता र सँस्कृतिको समुन्नत विकास आर्थिक समृद्धिका आधारमा हुने भएकाले समाजकै यथार्थ चित्रणमा आधारित कविता विधाले पनि मान्छेका सहज प्रवृत्ति तथा अनुभूतिलाई आर्थिक मापदण्डको आधारमा विश्लेषण गरेको पाइन्छ[५]। कडवेलले यस्तो कार्यलाई आर्थिक कार्य भनेका छन । मानव समाजको सहज प्रवृत्तिलाई निर्देशित गर्ने तत्व कविता हो । त्यसैले यसको सृजना पनि आर्थिक कारणबाट नै भएको हुन्छ भन्ने धारणा समेत व्यक्त गरेको पाइन्छ[*]। यसैगरी कविताको उद्भव र त्यसको स्रोतका सम्वन्धमा रुसी समालोचक प्लेखानोभको धारणा पनि महत्वपूर्ण मानिन्छ । उनी व्यक्ति वा समूहको लयवद्ध कियाकलापबाट कविताको उत्पति भएको हो र त्यो कवि कलाकारको श्रम पनि हो भन्दै लयवद्ध श्रमबाट कविताको अन्तर्वस्तु तथा रुपले आफ्नो अस्तित्व प्राप्त गरेको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

सम्पूर्ण कलाकृतिलाई श्रमको उपज ठान्ने मार्क्स तथा एंङ्गेल्सका साहित्य र कला सम्वन्धी चिन्तनले सर्व प्राचीन कविताको उत्पत्ति आदिम वर्गविहीन समाजको सामूहिक श्रमबाट भएको हो भन्न खोजेको बोध हुन्छ । सामूहिक अनुष्ठानमा प्रयोग गरिने लयवद्ध ओजपूर्ण भाषाबाट नै कविता विधाको जन्म भएको हो भन्ने कुरा कविता परम्पराको इतिहासबाट पनि प्रमाणित हुन्छ । नेपाली समाजमा प्रचलित असारे गीत, रोपाइँ गीत, खलेगीत, देउसी, वालुन, सोरठी गीत, सङ्गीनी गीत, धान नाच, भैलेनी गीत, लहरे गीत, डेउडा गीत आदि जो लयात्मक छन् र सामूहिक कार्य सम्पादनमा उत्प्रेरकको भूमिका निर्वाह गर्दछन् । यी सबै कवितात्मक अथवा लयात्मक हुन्छन र सामूहिक अनुष्ठानमा प्रयुक्त हुन्छन । यस्ता कविता तथा गीतहरु वैयक्तिक नभई सामूहिक आवेगका साझा अभिव्यक्ति हुन् । त्यसैले यस्ता सामूहिक लयबद्ध कविता परम्परालाई प्रगतिवादी साहित्य मान्यताले बस्तुनिष्ठ यथार्थताको सामूहिक प्रतिविम्व हो भन्ने स्वीकार गरेको छ ।

५ क्रिष्टोफर कड्वेल, विभ्रम और यथार्थ, पूर्ववत, पृ.४९
* क्रिष्टोफर कड्वेल, विभ्रम और यथार्थ, पूर्ववत, पृ.५२

## ३.२ कवितामा भौतिकवाद

जीवन र जगतको अध्ययन गर्ने वैज्ञानिक पद्धत्तिलाई भौतिकवाद भनिन्छ । यस अन्तर्गत संसारलाई हेर्ने, चिन्ने र फेर्ने वैज्ञानिक दृष्टिकोणहरु भएकाले यसलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद भनिएको हो । मार्क्सवादले जीवन जगतको अध्ययन गर्न दर्शन, राजनीति र अर्थशास्त्रलाई अघि सारेको छ । मार्क्सवादले कला-साहित्य सम्वन्धी आफ्नो अवधारणामा द्वन्द्वात्मक तथा ऐतिहासिक पद्धत्तिबाट कलाको सिर्जना हुनुपर्ने कुरामा जोड दिएको छ । कला जीवन हो । कला यथार्थ र सुन्दर हुनुपर्छ । कला भौतिक जगतको आँसु, हाँसो, आवेग, संवेग, हर्ष, उल्लास र आनन्दको प्रतीक हुनु पर्छ भन्ने भौतिकवादी मान्यतालाई प्रगतिवादी कविताले ग्रहण गरेको पाइन्छ । भौतिक विज्ञान अनुसार संसारका कुनै पनि वस्तु सँधैभरी उस्तै रहिरहँदैनन । यो नियम सजीव, निर्जीव, मानव, पशु सवैमा उत्तिकै रुपले लागु हुन्छ । मानव समाज र समाजका कला, संस्कृति, परम्परा, रीतिरिवाज, भेष भूषा र भाषा सवैमा निरन्तर परिवर्तन भइरहन्छ । समाजको संरचना र स्वरुप अस्तिको भन्दा हिजो, हिजो भन्दा आज र आज भन्दा भोलि फरक हुँदै गई रहेको छ । मानिसको संसारमा जन्मने, हुर्कने, परिपक्क हुने, बूढो हुने र मर्ने क्रिया प्रक्रिया निरन्तर नियमको गति हो[६]।

वनस्पति जगतमा बोटबाट वीऊ झर्ने, उम्रने, पल्लवित हुने, वोट ठूलो हुने, फूललाग्ने, फल लाग्ने, फल पाक्ने, फेरी भुँइमा झर्ने अनि पुरानो बोट सुकेर जाने क्रिया प्रतिक्रिया पनि भौतिक नियमका कारक तत्व हुन् । समाजको विकास पनि यसै प्रक्रियाबाट निरन्तर अघि बढी रहेको हुन्छ । यही समाज विकासको प्रक्रियालाई ऐतिहासिक भौतिकवाद भनिएको छ । यसले समाजमा निरन्तर भइरहेको परिवर्तन, संयोग, वियोग, व्यक्तिगत कल्पना, भावनात्मकता सवै भौतिक पदार्थको संयोगबाट सिर्जित भएका हुन् भन्ने ठान्दछ । भौतिकवाद समाजको वैज्ञानिक विश्लेषण पद्धत्ति हो । यो सार्वभौम सत्यमा आधारित छ । यसको सही प्रयोगबाट संसारमा रहेको भेदभाव, छुवाछूत, आर्थिक समता र विषमताका आधारमा हुने भेदभाव र त्यसबाट उत्पन्न हुने अनेक प्रकारका विसङ्गतिहरुलाई हटाएर उच्च

---

६ कार्लमार्क्स र फेडरिक एङ्गेल्स, साहित्य र कला, प्रगति प्रकाशन, मास्को, सन् १९८९, पृ ११९

मनोवल भएको सभ्य, सुसंस्कृत वर्गरहित तथा शोषणरहित समाजको सिर्जना गर्न सकिन्छ भन्ने वस्तुसत्यले कविका हृदयमा प्रभाव पार्दा कविको अन्तर्चैतन्यबाट सहज रुपमा निसृत भएको कलात्मक अभिव्यक्ति नै प्रगतिवादी कलाचिन्तकहरुका दृष्टिमा श्रेष्ठतम कविता हो । त्यसैले विज्ञानसम्मत दर्शन, भौतिकवाद र सामाजिक यथार्थता, द्वन्द्वात्मकता र मानवजीवनको वस्तु सत्यलाई समुद्घाटन गर्ने साहित्यको श्रेष्टतम विधा कविताको दार्शनिक पक्ष र सामजिक चैतन्यको विकास तथा मानव सभ्यता, संस्कृतिको इतिहास र पुनर्निमाणको आधारलाई हेर्दा भौतिकवादी जीवन दर्शन र कविताको सम्वन्ध अन्योन्याश्रित रहेको देखिन्छ । भौतिकवादी कला मान्यता अनुसार कविताले यथार्थपरक समाजको विश्लेषण गर्नु पर्छ । कविता सत्यम्, शिवम्, सुन्दरम्को आधारमा सिर्जित हुनु पर्छ । कविताको अन्तर्वस्तु मानव जीवन जगतसँग सम्वन्धित हुनुपर्छ । कविताको भाव, शिल्प एवम् शैलीपक्ष ओजपूर्ण हुनु पर्छ । कवितामा भौतिक जीवन जगतको यथार्थ प्रस्तुतिलाई अत्यन्त सुन्दर, कला माधुर्यका साथ प्रस्तुत गर्नु पर्छ । यसरी कविताले आफ्नो स्वरुप ग्रहण गर्दा अन्य शारीरिक अवयवका रुपमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको उच्च आदर्शता र मानव मूल्यलाई सहज रुपमा ग्रहण गरेको हुनु पर्छ भन्ने मान्यता नै कविताको भौतिकवादी धारणा हो र यो प्रगतिवादी काव्य सिर्जनाको मर्म पनि हो ।

## ३.३ कवितामा प्रतिबिम्बित सामाजिक जीवन

समाजको रुपान्तरण र सामाजिक विकासका लागि साहित्य तथा कलाको भूमिका अपरिहार्य मानिन्छ । समाज मानवीय चेतनाको विकास सँगसँगै विकसित हुँदै जाने निरन्तर गति हो । मानिस सामाजिक प्राणी भएकाले मानिसको आर्थिक, साँस्कृतिक, नैतिक, वौद्धिक पक्ष र समाजका बीच अनेक स्तरबाट सम्वन्ध गाँसिनु स्वाभाविक हो । यसरी मानवीय कला र सामाजिक जीवनका बीच स्थापित भएको अन्तर्सम्वन्धले मानव समाजको इतिहासलाई कलात्मक वा काव्यात्मक रुपबाट अभिव्यक्ति गर्दै आएको देखिन्छ । यसको उदारहणका रूपमा आदिम महाकाव्यहरु जस्तै : रामायण, महाभारत, ओडिसी र इडियस आदिलाई लिन सकिन्छ ।

कविता विधा संसारको सर्वप्राचीन साहित्यिक विधा हो । कवितामा मानवीय जीवनका अनेक आरोह-अवरोह र उत्थान-पतन, जीवन पद्धत्ति र व्यवहार, समाजको स्वरुप, समाजका प्रकार, सामाजिक वनौट, सामाजिक व्यवस्था, समाज र त्यसको वर्गीय स्वरुप, समाजमा विद्यमान जात, जाति र तिनका भेषभूषा र वोली, जाति व्यवस्था, वर्ण व्यवस्था, सामाजिक व्यवसायहरु, खेति-पाति, व्यापार, उद्योगहरू, सामाजिक संस्कार, जन्म, मृत्यु, विवाह, प्रेम, विछोड, राग, द्वेष, हिंसा, आक्रोश, मानवता, रीतिस्थिति आदि विषयहरु र मानवीय कोमलता, भावुकता, संवेदनशीलता एवम् यथार्थतालाई सौन्दर्यताका साथ अभिव्यक्त गरिएको हुन्छ । कवितामा व्यक्त सामाजिक जीवनको यथार्थ प्रस्तुतिले जीवन सत्यको बोध गराउँछ र समाजका सर्वाङ्गीण पक्षको प्रस्तुतिबाट मानव विकासको इतिहास समेतलाई सदा जीवन्त तुल्याउँछ । त्यसमा पनि खास गरी मार्क्सवादी कला चिन्तनले समाज विकासको क्षेत्रमा गरेको चिन्तन अनुसार पूँजीवादले स्थापना गरेको विचार शक्तिले संसारमाथि शासन गर्छ भन्ने मान्यतालाई युग सापेक्ष गलत हो भन्ने सावित गर्दै मान्छे सामाजिक प्राणी भएकाले उसले सदैव सामाजिक चेतनाको निर्धारण गर्छ र आफूलाई युग सापेक्ष वनाउँदै लैजान अनेक प्रकारका सामाजिक सुसंस्कारहरुको निर्माण गर्दछ भन्ने ठान्दछ । हरेक व्यक्तिलाई सामाजिक जीवन यापन गर्न, आफ्नो इज्जत, मान, प्रतिष्ठाका साथ खानेकुरा, वस्ने ठाँउ र लुगा कपडाको पनि उत्तिकै जरुरत पर्छ । यसरी गाँस, वास, र कपासको व्यवस्था गर्न उसले परिश्रमको लगानी गरेर भौतिक वस्तु उत्पादन गर्नु पर्ने हुन्छ । यसरी उत्पादन गर्न कुनै पनि व्यक्ति एक्लैले सम्भव छैन ।

मान्छेको परिश्रम, प्रकृतिको साधन र उत्पादनका यन्त्र उपकरणहरुको संयोगबाट मात्र उत्पादन गर्न सकिन्छ । प्रकृतिले मानवलाई सोझै तयार गरिएको कनै वस्तु हातमा राखिदिँदैन । त्यसका लागि प्रयत्न गर्नु पर्छ । मानवले आफ्नो श्रमद्वारा प्रकृतिका साधन माथि आफ्नो वर्चस्व कायम गर्दै आएको देखिन्छ । समाज विकास भनेको उत्पादन शक्तिहरुको विकास हो । उत्पादन शक्तिमा भएको विकासले समाजलाई उन्नत अवस्थामा पुऱ्याउँछ । समाज विकासका विभिन्न युगहरुमा एउटा युगको अन्त्य र अर्को युगको थालनी हुनुलाई युगान्तकारी परिवर्तन भनिन्छ । मानव विकासको क्रममा यस्ता

परिवर्तनहरु अवश्यम्भावी हुन्छन् र भएका पनि छन् यसरी सामाजिक व्यवस्था र रुपान्तरणको क्रममा आउने वैज्ञानिक उत्कर्ष, कला, साहित्य, संस्कृति, शिक्षा, मनोविनोद तथा हर्ष, विस्मात, आवेग, संवेग आदि जस्ता तत्वहरुको समिश्रण नै सामाजिक जीवन हो । यही सामाजिक जीवनलाई लयात्मक तथा कलात्मक रुपमा प्रस्तुत गर्ने साहित्यको श्रेष्ठतम विधा चाहिँ कविता हो ।

## ३.४ कवितामा प्रतिबिम्बित समाजको आर्थिक झलक

कविता मानवीय चेतनाको बौद्धिक तथा कलात्मक अभिव्यक्ति हो । यसले सामाजिक यथार्थतासँग गहिरो सम्बन्ध स्थापित गरेको हुन्छ । समाजको उदय र उन्नतिको संङ्केत त्यस समाजको आर्थिक उन्नतिमा भर पर्छ । समाज आर्थिक, शैक्षिक, बौद्धिक र सांस्कृतिक रुपमा सम्पन्न हुँदै गएपछि व्यक्तिहरुको चैतन्य पनि विकसित हुन्छ । कवि वा कलाकार समाजिक चैतन्यको उद्‌बोधक हो । उसले समाजमा भएका सबै पक्षहरुको सूक्ष्मातिसूक्ष्म अध्ययन गरेको हुन्छ । आफूले अध्ययन गरेको समाजका सवै पक्षहरुलाई कविले कलात्मक ढङ्गले सजीव तुल्याएको हुन्छ । समाजका विभिन्न पक्षहरु मध्ये आर्थिक पक्ष चाहिँ समाज रुपान्तरणका लागि सवैभन्दा महत्वपूर्ण मानिन्छ । समाजको आर्थिक पक्ष जति सवल हुन्छ त्यति नै त्यस समाजका सदस्यहरुको रहन-सहन, वोली-चाली आदिमा पनि फरक आउँछ । आर्थिक विपन्नताका कारणले समाजमा देखिने नैराश्यता, अकर्मण्यता, निरिहता र किंकर्तव्यता जस्ता नकरात्मक प्रवृत्तिहरुले सामाजिक दुर्वलताको वोध गराइरहेको हुन्छ । आर्थिक असमानताका कारण समाजमा विद्यमान, छुवाछूत र गरीव धनी बीचको पर्खालले एउटा युगीन सभ्यताको विकासमा वाधा पुऱ्याई रहेको हुन्छ । समाजमा रहेका अनेक थरी वर्गहरुको द्वन्द्वात्मक सङ्घर्षबाट सामाजिक चेतनामा नौलो परिवर्तन आउँछ । समाजले नयाँ बाटो ग्रहण गर्छ । सामन्त समाजमा भएका शोषण विधि र पद्धत्तिलाई कलात्मक चैतन्यद्वारा कवितामा अभिव्यक्त हुँदा युगीन चेतनामा नै परिवर्तन आउँछ । कलात्मक शिल्प विधानद्वारा समाजको विश्लेषण गर्ने कविता विधाले समाजको आर्थिक पक्षलाई स–चित्र प्रस्तुत गरिरहेको पाइन्छ ।

प्रगतिवादी कविताले समाजमा रहेको आर्थिक विषमता माथि सूक्ष्म दृष्टि पुऱ्याएको देखिन्छ । यस्ता कवितामा युगीन समाजको आर्थिक आधारलाई मानव जीवनका अनेक व्यवहारसँग सम्वद्ध गराइएको हुन्छ । वर्गीय समाजमा सवै खाले वर्गको प्रतिनिधित्व रहेको पाइन्छ । उच्च सामन्त वर्ग, सामन्त वर्ग, जमिन्दार, पूँजीपति वर्ग, मध्यम वर्गीय किसान, व्यापारी तथा ठूला कर्मचारी वर्ग, भूमिहीन किसान मजदूर तथा निम्न सर्वहाराको समाजमा आ–आफ्नै भूमिका रहेको हुन्छ । उनीहरुको रहन-सहन, रीतिस्थिति, भेषभूषा, कला, संस्कृति र साहित्य पनि आ-आफ्नै प्रकारको हुन्छ । प्रगतिवादी साहित्य तथा कलाले गरीव, किसान, मजदूर तथा सर्वहारा निम्न वर्गका जनताको प्रतिनिधित्व गरेको हुन्छ । त्यसैले प्रगतिवादी कविताले समाजमा रहेका अति विपन्न वर्गको जीवन दर्शन, कला, संस्कृति, रीतिरीवाज, भेष-भूषा र वोलीको प्रतिविम्वलाई प्रस्तुत गरेको हुन्छ । समाजमा धनवानको हैकम, रवाफ र धाकको व्यंङ्ग्यात्मक प्रस्तुति र गरीव, असहाय वा सर्वहारा वर्गको शोषण तथा दमनबाट मुक्तिको उद्घोष गरिएको भावयुक्त कविता नै प्रगतिवादी कविता हो ।

प्रगतिवादी कवितामा पूँजीवादी हैकमवादले कसरी शोषण गर्छ?,शोषणका पद्धत्ति र प्रकार के कस्ता हुन्छन्?, शोषणबाट मुक्ति पाउन के कस्तो सङ्घर्ष गर्नु पर्छ भन्ने जस्ता विषयवस्तुलाई आर्थिक मापदण्डको आधारमा मूल्याङ्कन गरिएको गरिन्छ । यसरी प्रगतिवादी कविताले समाजको आर्थिक सुसम्पन्ताका लागि मार्गदर्शन गर्दै गरीवका आँसुलाई भावनात्मक संवेदनशीलताका साथ प्रस्तुत गर्ने हुनाले यहाँ मानवीयमूल्य बोधको अवस्था सिर्जित भएको देखिन्छ । साहित्य समाजको दर्पण भएकोले र कविता विधा अझ समाजका सम्पूर्णताको विम्व प्रस्तुत गर्ने कलात्मक विधा भएकाले कवितामा समाजको आर्थिक झलक प्रस्तुत हुन नितान्त सान्दर्भिक ठानिन्छ । त्यसमा पनि प्रगतिवादी कविताको भावभूमि नै समाजको आर्थिक पक्षको निरुपणबाट सिर्जित भएको हुनाले कवितामा समाजको आर्थिक झलक प्रस्तुत हुनु, वर्गीय दृष्टिकोण हुनु र समाजलाई आर्थिक उत्कर्षता तर्फ लैजान अभिप्रेरित गर्नुलाई कविताको विशिष्ट गुण मान्न सकिन्छ ।

## ३.८ कवितामा प्रतिबिम्बित सँस्कृति

**सँस्कृति समाजका उन्नतिको संवाहक हो । संस्कृति भनेको समाज परिचालनका नियमको अन्तर्वस्तु सम्वन्ध हो । सँस्कृति मानव सभ्यताको संवाहक पनि हो । समाज र सामाजिक चेतनाको विकास सँगसँगै संस्कृतिको पनि विकास हुँदै जान्छ । पुराना रुढिग्रस्त परम्परा र संस्कृतिले समाजको चेतनालाई अग्रगति प्रदान गर्न सक्तैन । सँस्कृतिको रुपान्तरण विना समाजको सामाजिक तथा आर्थिक रुपान्तरण सम्भव छैन,किनभने संस्कृतिले समाजको मानसिकतालाई पूर्ण प्रभावित तुल्याएको हुन्छ । मन भनेको मानिसको सञ्चालक संयन्त्र हो । यस्तो सञ्चालक संयन्त्रमा रहेको पुरानो रङ्गलाई मेटाएर एकै पटक नयाँ रङ्गमा रूपान्तरित गराउन ठूलै साँस्कृतिक क्रान्तिको आवश्यकता पर्दछ । साँस्कृतिक क्रान्तिले मात्र पुरानो सामाजिक संरचना भित्र रहेका रुढिग्रस्त परम्पराका सामन्ती सोच, नीति तथा विधिलाई अन्त्य गरी नयाँ युग सापेक्ष सँस्कृतिको निर्माण गर्न सक्दछ । साँस्कृतिक क्रान्ति भनेको राजनैतिक क्रान्ति जस्तो जन आन्दोलनबाट एकै चोटि परिवर्तन हुने विषय होइन । साँस्कृतिक क्रान्ति त राजनीतिक स्थिरता र प्रतिबद्धताद्वारा निर्माण गरिएका नीति-नियमका जन स्वीकृतिको आधारशीलाबाट क्रमिक रुपमा विकास हुँदै आउने परिवर्तन हो ।**

**साँस्कृतिक पक्ष भन्नाले समाजमा विद्यमान साँस्कृतिक स्वरुप, विभिन्न चाडपर्व र ती चाडपर्वमा गरिने धार्मिक तथा साँस्कृतिक गतिविधिहरुलाई, विभिन्न जात जातिका परम्परागत संस्कार तथा चाड, पर्व, मेला, तीर्थ, ब्रत, देवाली, गोठधूप, पुराण, यज्ञ, अनुष्ठान आदिसँग जोडिएको सामाजिक आस्थाको भाव भन्ने वुझिन्छ । यस्ता सामाजिक आस्थाहरु भित्र (धार्मिक, जातीय, क्षेत्रीय, देशीय, लैङ्गिक तथा राजनैतिक) पत्थरमा आगो लुके झै स्वार्थ लुकेर आउँदा विकृतिको प्रवेश भएर शोषणको स्रोत बन्न पुगेको देखिन्छ । प्रगतिवादी कविताले समाजमा संस्कृतिले पुऱ्याएको सकारात्मक तथा नकारात्मक परिणामको समेत समुद्घाटन गरेको छ । यही समाज भित्र अन्तर्निहित संस्कृतिले अन्तरर्विरोधको उद्घाटन गर्दै प्रगतिवादी कविताद्वारा साँस्कृतिक अभिव्यक्ति प्रदान गरेको देखिन्छ ।**

## ३.६ मार्क्स, एङ्गेल्स, लेनिन र माओका साहित्य सम्बन्धी मान्यताको परिचय

### ३.६.१ मार्क्स तथा एङ्गेल्सका साहित्य सम्बन्धी मान्यता

प्रगतिवादको मूल दार्शनिक आधार मार्क्स तथा एङ्गेलसद्वारा प्रतिपादित द्वान्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । मार्क्सवादी दर्शनको मानवीयमूल्य र मान्यतामा आधारित प्रगतिवादी साहित्य सिर्जना र त्यसको मूल्याङ्कन सम्बन्धी मूल मान्यताहरु के के हुन् र त्यसको चिन्तन परम्परा के कसरी विकासित हुँदै आयो भन्ने सन्दर्भमा अध्ययन गर्न जरुरी देखिन्छ।

प्रगतिवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित साहित्यिक सिद्वान्त भएकाले यसले यथार्थलाई द्वन्द्वात्मक दृष्टिबाट अवलोकन गर्ने गर्दछ । यही वैशिष्ट्यका कारणले नै प्रगतिवादलाई यथार्थवादको परिमार्जित स्वरुप मानिएको हो । प्रगतिवादी साहित्य चिन्तन भन्नु नै कला साहित्यसम्बन्धी मार्क्सवादी चिन्तन हो[७] । पूर्वीय तथा पाश्चात्य काव्यशास्त्री तथा विद्वान समालोचकहरूले साहित्य शब्दद्वारा काव्य वा कविताको बोध गराएको पाइन्छ भने यहाँ मार्क्स, एङ्गेल्स, लेनिन र माओका साहित्य सम्बन्धी मान्यताले पनि कविता सम्बन्धी मान्यताको बोध गराएको बुझिन्छ।

दर्शनका क्षेत्रमा मार्क्स तथा एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादको स्थापना र आरम्भ सँगसँगै कला साहित्यका क्षेत्रमा पनि प्रगतिवादी मूलभूत मान्यताको आरम्भ मार्क्स तथा एङ्गेल्सबाटै भएको मानिन्छ । आफूभन्दा अघिका तथा आफ्ना समकालीन यथार्थवादी विशिष्ट रचना एवम्: चिन्तन प्रणालीवाट प्रभावित भएर त्यसको सामाग्री समेत ग्रहण गर्दै मार्क्स तथा एङ्गेल्सले कला-साहित्य सम्बन्धी आफ्नो अभिमत प्रस्तुत गरेवाट नै प्रगतिवादी चिन्तन परम्पराको आरम्भ भएको हो।

मार्क्स तथा एङ्गेल्सले साहित्य चिन्तन सम्बन्धी कुनै विशिष्ट ग्रन्थको संरचना गरेको चाहिँ पाइँदैन तापनि मार्क्स तथा एङ्गेल्सद्वारा संरचित द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनको व्याख्यामा प्रस्तुत विचारहरु नै मार्क्स तथा एङ्गेल्सका कला साहित्य सम्बन्धी मान्यताहरुका सङ्केत हुन् भन्न सकिन्छ।

---

७ शिवकुमार मिश्र मार्क्सवादी साहित्य चिन्तन, हिन्दी ग्रन्थ अकादमी, मध्य प्रदेश, भोपाल, सन् १९७८, पृष्ठ १९४

यसै सन्दर्भमा कार्लमार्क्सद्वारा संरचित राजनीतिक अर्थशास्त्रको आलोचनात्मक योगदान अर्थात अ कन्ट्रीव्युसन टु दि क्रिटिकल अफ पोलिटिकल इकोनोमी नामक पुस्तकको प्रस्तावनालाई नै प्रगतिवादी साहित्य चिन्तनको खास उठान विन्दु मानिएको छ[८] । मार्क्सको भनाइ अनुसार सामाजिक जीवनको उत्पादन प्रक्रियाबाट मानिसहरुले केही निश्चित सम्बन्धको स्थापना गर्दछन् अनि त्यही उत्पादन सम्बन्धको योगले समाजको आर्थिक आधारको निमार्ण गर्दछ । मार्क्सले समाजको यही विकास प्रक्रियामा आर्थिक, नैतिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक मापदण्ड अडेको हुन्छ भनेका छन्[*]। उनको यस भनाइवाट के प्रष्ट हुन्छ भने उत्पादन सम्बन्धहरुद्वारा निर्मित समाजको आर्थिक ढाँचा नै समग्र सामाजिक संरचनाको आधार हो ।

भौतिक जीवनको उत्पादन पद्धतिले सामाजिक, सांस्कृतिक, राजनैतिक तथा बौद्धिक जीवनको प्रक्रियालाई निर्धारित गर्दछ । मानवीय चैतन्यले मात्र उसको अस्तित्वको निर्धारण गर्न सक्तैन र सामाजिक अस्तित्वले मात्र उसका चेतनाको निर्धारण गर्न सक्दछ भन्ने मार्क्सको अवधारणा रहेको छ ।

कला साहित्य जीवनको भावात्मक तथा रागात्मक अभिव्यक्ति हो र त्यसमा स्रष्टाको आत्मिक पक्ष सक्रिय रहेको हुन्छ भन्ने कुरा स्वीकार गर्दै मार्क्स तथा एङ्गेल्सले साहित्यलाई भौतिक जगत्द्वारा उद्भूत भएको भौतिक वस्तुकै रुपमा परिभाषित गरेका छन् । मार्क्स तथा एङ्गेल्स भौतिकवादी दर्शनका स्रष्टा मात्रै होइनन् उनीहरु त विश्वकलाका उत्कृष्ट विशेषज्ञ तथा पारखी पनि मानिन्छन् । मार्क्स, एङ्गेल्स शास्त्रीय सङ्गीत, चित्रकला, राजनीतिशास्त्र, अर्थशास्त्र तथा समाजशास्त्रका विशिष्ट ज्ञाता मानिन्छन् । त्यसैले मार्क्सले आफ्ना रचनामा विश्व साहित्य भण्डारको व्यापक प्रयोग गरेका छन् । साहित्यमा पौराणीक पात्रहरु, उखानहरु, तुलनात्मक उद्धरणहरु तथा अभिव्यक्ति, शिल्पशैली र सज्जाको दक्षतापूर्ण प्रयोग गरिएको पाइन्छ । मार्क्स तथा एङ्गेल्सले “पूँजी” र “ड्यूहरिङ्ग मतखण्डन” जस्ता आफ्ना आधारभूत सैद्धान्तिक कृतिहरुमा कलात्मकतालाई

---

८ शिवकुमार मिश्र, मार्क्सवादी साहित्यिक चिन्तन,पूर्ववत्, पृष्ठ १४६

* शिवकुमार मिश्र, मार्क्सवादी साहित्यिक चिन्तन,पूर्ववत्, पृष्ठ १४८

आफ्नो विचार प्रकट गर्ने सशक्त साधन बनाएका छन् । वैज्ञानिक साम्यवादका संस्थापक मार्क्स तथा एङ्गेल्सले अतीतमा सौन्दर्यशास्त्रले प्रस्तुत गरेका जटिलतम समस्याहरुको उत्तरमात्र दिएका छैनन् अपितुः एउटा वास्तविक सौन्दर्यशास्त्रको आधारस्तम्भ पनि खडा गरेका छन् ।

मार्क्स तथा एङ्गेल्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको संरचनाद्वारा इतिहासको भौतिकवादी व्याख्या तथा दर्शनको समुन्नत विकास गरी यथार्थवादको आधारमा कला, सौन्दर्यको विश्वव्यापीकरण गर्ने मार्ग दर्शन गराएका छन् । यसैबाट प्रगतिवादले विश्वसाहित्यका क्षेत्रमा फस्टाउने अवसर प्राप्त गरेको हो ।

सौन्दर्यको स्वरुप निर्धारण गर्ने सम्बन्धमा मार्क्स तथा एङ्गेल्सले आफुभन्दा अघिल्ला पुस्ताका उपलब्धिलाई पनि स्वीकार गरेका छन् र कला, कलाकारिता र यथार्थपरक कला चैतन्य सम्बन्धी प्रश्नलाई उनीहरुले पूर्णतया मौलिक रुपमा भौतिकवादी द्वन्द्ववादको दृष्टिकोणवाट समाधान गरेका छन् । भाववादी सौन्दर्यशास्त्रले कलालाई यथार्थ भन्दा अलग्गै उभिएको भावात्मक प्रस्तुति मानेको पाइन्छ[९]। कलाका कुनै पनि रुपको उत्पत्ति, विकास र उत्थान हुनुलाई भाववादीहरु दैवी शक्तिको उपज ठान्दथे भने मार्क्स तथा एङ्गेल्सले कलाको सार अथवा कलाको आधारशीला र त्यसको विकास सामाजिक पृष्ठभूमि तथा सामाजिक प्रणालीको विश्लेषणवाट मात्र सिर्जित हुनसक्छ भन्ने वैज्ञानिक अवधारणा व्यक्त गरी साहित्य कलाको क्षेत्रमा नौलो अवधारणा प्रस्तुत गरेका छन् ।

कविता सामाजिक चेतनाको परिमार्जित रुप हो, कवितामा हुने सबै परिवर्तनहरुको कारण मानिसको सामाजिक अस्तित्व र चेतनाको परिवर्तित तथा परिष्कृत स्वरुपको उपलब्धी हो भन्ने प्रसङ्गमा मार्क्सले मानव सभ्यता र संस्कृतिको इतिहासलाई द्वन्द्ववादी दृष्टिले विश्लेषण गरेर कलात्मक सौन्दर्यलाई पनि भौतिकवादका दृष्टिले विवेचना गरेका छन् ।

मार्क्स तथा एङ्गेल्सले काव्यकलामा अन्तर्वस्तुलाई प्रमुख स्थान दिएका छन् । उनीहरुका विचारमा अन्तर्वस्तुलाई प्रमुख स्थान दिनुको अर्थ कलाकृतिलाई कोरा नारा, यान्त्रिक तथा सजावट सामाग्रीका रुपमा मात्र प्रस्तुत गरिनु हुँदैन भन्ने हो । कलाकृतिमा विचार प्रतिपादनको प्रश्नलाई उनीहरुले प्रमुख स्थान दिएका छन् तर कवि कलाकारका

---

९ मार्क्स एङ्गेल्स रचना संग्रह (द्वितीय भाग खण्ड ४२), रूसी संस्करण, मास्को, सन् १९७७, पृष्ठ १२०

विचार आफ्ना कृतिमा सहज रुपमा अभिव्यक्त भएको हुनुपर्छ । जवरजस्ती थोपरिएको विचारले सौन्दर्यशास्त्रका कला पक्षको मर्मलाई वहन गर्न सक्दैन ।

लेखकले सामाजिक, सांस्कृतिक तथा राजनीतिक विचारलाई आफ्ना कलाकृति मार्फत उजागर गर्नु पर्छ तर त्यस्तो विचार कला सौन्दर्यको मर्म भन्दा फरक भएर आउनु चाहिँ हुँदैन। प्रत्येक कवि कलाकारले सामाजिक यथार्थताको पक्षपोषण गर्नु पर्छ । यथार्थवाद भनेको निष्क्रिय, ह्रासोन्मुख तथा परजीवी वर्गको पक्षपोषण होइन यो त सक्रिय, क्रियाशील, उदीयमान र आमूल परिवर्तनकारी जुझारु वर्गको पक्षमा खडा हुने साहित्यिक मान्यता हो[१०]। त्यही यथार्थवादको परिमार्जित तथा परिस्कृत स्वरुपलाई नै प्रगतिवाद भनिएको हुँदा मार्क्स तथा एङ्गेल्सलाई यथार्थवादी कला साहित्यका मार्ग दर्शक अग्रणी व्यक्तित्व भनिएको छ ।

यथार्थवादको सन्दर्भमा मार्क्स तथा एङ्गेल्सले यथार्थवाद भनेको क्रियाशील पक्षहरुको अग्रगामी चिन्तनको उपज हो यथार्थवादको सही अर्थ वस्तुगत यथार्थको सही स्वरुप सिर्जना गरी अग्रगामी तत्व, शक्ति र सौन्दर्यलाई आफ्ना कलाकृतिद्वारा मुखरित गर्नु हो अर्थात, युगवोधक अग्रगामी शक्तिको पक्षमा आफूलाई उभ्याउनु हो भन्ने विचार व्यक्त गरेको पाइन्छ ।

शुष्क, कठोर एवम् क्लिष्ट तर्क भन्दा सरल भाव र भाषाको प्रयोग गरी कलात्मक शिल्प सज्जाका साथ गरिएको तर्कले व्यक्तिको मानसिकतामा बढी प्रभाव पार्न सक्छ । जति मात्रामा कृतिमा चित्रात्मक कलाको प्रस्तुति हुन्छ त्यसमा त्यति नै कलात्मक तत्व थपिएर जान्छ । जहाँ जटिल र निराकार भावनाको प्रयोग गरिन्छ त्यहाँ त्यति नै अवोधगम्यता र शुष्कताको वोध हुन जान्छ किनभने हाम्रो सोच्ने, विचारगर्ने तथा बुझ्ने प्रकृया नै कलात्मक रुप तत्ववाट प्रभावित छ ।

साहित्यवाट त्यसको सार ग्रहण गरिनुपर्छ । कलाकृतिमा अभिव्यक्त भएर आएको मूलभूत उद्देश्य वा विचारलाई साहित्यिक बिम्बहरुवाट अलग्याएर उपदेशात्मक रुपमा प्रवाहित गर्नु हुँदैन । अफ्नो बिचारलाई सोझै पाठक समक्ष पुऱ्याउनु भन्दा अनेक बिम्ब र प्रतिबिम्बहरुको माध्यमवाट पाठकका हृदयमा प्रवेश गरी उसका भावनालाई उत्तेजित

१० मार्क्स एङ्गेल, साहित्य तथा कला, प्रगति प्रकाशन, मास्को, सन् १९८१, पृष्ठ १०५

गराउने प्रयास गरिनु पर्छ । लेखक, कलाकारको प्रमुख उद्देश्य अनेक प्रकारका बिम्ब र प्रतिबिम्बहरुको छनौट गर्ने तर्फ केन्द्रीत हुनुपर्छ जसवाट स्वतः लेखकले दिन चाहेको प्रभाव पाठकको भावना र बुद्धिमा उत्पन्न हुन सकोस् । सिद्धान्तको सजीवताका लागि यथार्थतालाई छोड्नु हुँदैन । कलाकारको मनमा बिम्बहरु उत्पन्न हुँदैमा कलाको सिर्जना हुने होइन । कला सिर्जनाको लागि कलाकार तयार भैसकेपछि र सिर्जनाको प्रकृया सुरु भएपछि मनमा उत्पन्न बिम्बहरुलाई कलात्मकताको कसीमा घोटेर नयाँ स्वरुप प्रदान गर्न थालिदा मात्र कलाको सिर्जना हुन थाल्छ । विचारलाई वस्तुगत रुपमा प्रस्तुत गर्नु नै सिर्जना हो । विचारलाई वस्तुगत रुपमा प्रस्तुत नगरे सम्म प्रत्येक लेखक तथा कलाकारको भावना उसको व्यक्तिगत भावना मात्रै रहन्छ । पाठकमा सम्प्रेषण उत्पन्न गर्न, लेखोटलाई सर्वग्राह्य रुप दिन, आगामी पुस्ताका लागि विचार हस्तान्तरण गर्न, लेखक तथा कलाकारको भावनालाई वस्तुगत रुप दिनु पर्दछ भन्ने मार्क्स तथा एङ्गेल्सको आशय रहेको बुझिन्छ ।

### ३.६.२ लेनिनका साहित्य सम्बन्धी मान्यता

साहित्य समाज र जनताको सम्वन्ध, साहित्य र कलाको वर्गीय चरित्र, सामाजिक तथा बौद्धिक हतियारको प्रयोग, पार्टी प्रतिवद्धता, इतिहासको यथार्थ मूल्याङ्कन तथा क्रान्तिकारी आशावाद एवम् मानवीय मूल्य र मान्यताको विकासमा लेनिनको विशिष्ट भूमिका रहेको देखिन्छ । आफ्नो राजनीतिक व्यक्तित्वलाई सदैव राजनैतिक क्षेत्रमा नै क्रियाशील गराउँदा गराउँदै पनि लेनिनले मार्क्सवादी साहित्य चिन्तनलाई सैद्धान्तिक तथा प्रायोगिक रुपमा विकास तथा विस्तार गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

लेनिन जुनवेला सर्वहारा वर्गको नेतृत्वमा रुसलाई जारशाहीको पञ्जावाट मुक्त गराउन सङ्घर्षरत थिए त्यो समय रुसी समाज र त्यसको सामाजिक रुपान्तरण वर्ग सङ्घर्षका दृष्टिले निकै जटिल मानिन्थ्यो । लेनिनको साहित्य सम्वन्धी मान्यता यसै वर्ग सङ्घर्षको जटिलतावाट निश्रित तथा स्थापित मानव जीवनको कलात्मक यथार्थ हो । लेनिन पेशेवार लेखक तथा कलाकार चाहिँ होइनन् उनी त पेशेवर राजनीतिज्ञ वा राजनीतिकर्मी हुन् त्यसैले उनले कुनै विशिष्ट सैद्धान्तिक काव्य कृति वा समालोचनात्मक कृतिको सिर्जना गरेका छैनन् ।

उनले राजनैतिक विश्लेषण गर्ने सन्दर्भमा मानवीय जीवन जगतको विश्लेषण गर्दा साहित्यकला सम्वन्धी आफ्ना अवधारणाहरु व्यक्त गरेका छन् । यसै सन्दर्भमा उनका साहित्य सम्वन्धी महत्वपूर्ण टिप्पणीहरु मध्ये 'पार्टी सङ्गठन र पार्टी साहित्य, रुसी क्रान्तिको दपर्ण र लेव तोल्सतोय' प्रगतिवादी साहित्यको क्षेत्रमा महत्वपूर्ण दस्तावेज मानिन्छन् । त्यसमा पनि खासगरी "पार्टी सङ्गठन र पार्टी साहित्यलाई" प्रगतिवादी साहित्य चिन्तनको क्षेत्रमा मार्ग दर्शक सिद्धान्तको रुपमा प्रयोग गर्ने गरिएको पाइन्छ ।

साहित्यसँग वर्ग सङ्घर्षलाई जोड्ने कार्यमा मार्क्स तथा एङ्गेल्सको भूमिका उल्लेखनीय रहेको पाइन्छ भने लेनिनले चाहिँ लेखकहरुको सृजनात्मक कार्यलाई राजनीतिक पार्टीहरुको नीति र कार्यक्रम सित जोड्दै पार्टी प्रतिवद्धताको लागि आव्हान समेत गरेका छन् । पार्टी प्रतिवद्धता सम्वन्धी उनका अवधारणाहरु नै पछि आएर समाजवादी यथार्थवादमा प्रतिस्थापित भएका हुन् भने उनका यिनै अवधारणाहरु समाजवादी यथार्थवादका प्रमुख आधार पनि हुन् ।

यसरी हेर्दा लेनिनले पार्टी प्रतिवद्धता, पार्टीगत निष्ठा र पार्टी अनुशासनलाई लेखक तथा कलाकारले आफ्नो लेखन कला सँगसँगै एकाकार गरेर लैजान आव्हान गरेका छन् ।

यहाँ लेनिनले लेखकको सृजनात्मक कल्पना, रचनात्मक स्वतन्त्रता र कलात्मक रुप लावन्य प्रति सम्मानको भाव दर्शाएका छन् । लेनिन कलालाई जसरी राजनैतिक दर्शनसँग प्रतिवद्ध हुनुपर्छ भनी ठान्दछन् उसैगरी कलात्मक हुनुपर्छ भन्ने तर्फ पनि उत्तिकै सजग देखिन्छन् ।

साहित्य तथा कलाको स्थितिलाई मूल्याङ्कन गरी लेनिनले यसै सन्दर्भमा आफ्नो धारणा अघि सारेका छन् । "जीवन जगत्को यथार्थता प्रकृतिको अनमोलता र कलाको वस्तु निष्ठ उद्वोधनता जस्ता विषयवस्तुलाई सही अर्थमा वोध गर्नका लागि मानिसले यी सवै माध्यमहरुको सम्यक रुपले अध्ययन गर्नु पर्दछ । सूक्ष्म निरीक्षण गर्नु पर्छ तथा जीवनका हरेक क्षणहरुले अनुभवको आश्वासन ग्रहण गर्नु पर्छ । अनिमात्र जीवनको विविधतालाई सही ढङ्गले वुझ्न सकिन्छ[१२] ।"

---

१२ भी आइए लेनिन, संकलित रचनाएँ (भाग एक), प्रगति प्रकाशन, मास्को, सन् १९७४, पृष्ठ २१०

यसै सन्दर्भमा लेनिनले अ-यथार्थवादी, पूँजीवादी, व्यक्तिवादी तथा अवसरवादी साहित्य भन्दा पृथक रहेको जनवादी तथा समाजवादी साहित्यलाई सर्वहारा वर्गले अस्तित्वमा ल्याउनु पर्छ भन्ने मनसाय पनि व्यक्त गरेका छन् ।

सामाजिक परिवर्तनका लागी क्रान्तिकारी चैतन्यको विकास गरिनु नितान्त जरुरी ठानिन्छ । त्यसका लागि साहित्यको सक्रिय भूमिका रहन्छ । त्यसलाई अझ प्रभावशाली तथा गुणात्मक रुप दिन प्रत्येक लेखक कलाकारहरुलाई पार्टी प्रतिवद्धताको आवश्यकता पर्छ भन्ने लेनिनले पार्टीगत दृष्टिगततासँग लेखक कलाकारहरुको सकृयतालाई एकाकार गराउन आव्हान गरेका छन् ।

सांस्कृतिक रुपान्तरणका क्रममा साहित्यको अग्रगामी भूमिकालाई सही रुपमा प्रयोग गर्न पार्टीगत दृष्टिगतताको भूमिका महत्वपूर्ण मात्रै होइन अपरिहार्य पनि हुन्छ । भन्ने भनाई लेनिनको रहेको देखिन्छ ।

पार्टी सङ्गठन र पार्टी साहित्यलाई प्रयोगात्मक कार्यरुप दिन लेनिनले तीनवटा कुरामा जोड दिएका छन् । जसमा (१) वर्गीय पक्षधारता (२) साहित्यको क्रन्तिकारी भूमिका (३) लेखकको सृजनात्मक स्वतन्त्रता आदि पर्दछन् । साहित्यलाई पार्टीगत दृष्टिगततासँग जोड्नु भनेको लेखकले कुनै विषयमा लेखेको रचनालाई पार्टीवाट अनुमोदन (सेन्सर) गराएर मात्र प्रकाशित गर्नु भनेको चाहिँ कदापि होइन । साहित्यको सिर्जनात्मक कार्य र सौन्दर्य चेतना सम्वन्धी प्रश्नलाई लेनिनले वस्तुवादी भएर संवेदनशील रुपमा हेर्न आव्हान गरेका छन्[१३] । यहाँ लेनिनले लेखक, कलाकारलाई पार्टी प्रतिवद्धताका लागि आव्हान गर्नुको अर्थ लेखन कार्यलाई समूहगत एवम् योजनावद्ध रुपमा सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक एवंम् वर्गीय यथार्थको उद्वोधनमा लाग्नु र त्यसको गतिलाई आत्मसात गर्नु हो भनेका छन् । सर्वहारा संस्कृति र सामाजिक रुपान्तरणको विरोध गर्ने सवैखाले मान्यताहरुको भण्डाफोर गर्दै क्रान्तिको धारलाई शशक्त वनाउन प्रत्येक लेखक तथा कलाकारले लाग्नु पर्छ भन्दै लेनिनले लेखक कलाकारलाई आफ्नो अभिव्यक्ति स्वतन्त्रताका मौलिक पक्षहरु तथा सौन्दर्यगत मान्यताहरुलाई यांन्त्रिक रुपवाट नहेरी द्वन्द्वात्मक भौतिकवादी रुपवाट वुझ्न र प्रयोग गर्न आग्रह गरेका छन् ।

---

१३ भी आइ लेनिनसंकलित रचनाएँ, (भाग १०) प्रगति प्रकाशन, मास्को, सन् १९७४, पृष्ठ २४५

पार्टी प्रतिवद्धता र सृजनशीलता एकअर्काका पुरक हुन भन्ने लेनिनले साहित्यिक कलाकर्मीहरुलाई क्रान्तिकारी उत्साहको सञ्चार भर्ने सैन्य दस्ता ठानेका छन् ।

स्वतन्त्र साहित्यको परिकल्पनाका सम्वन्धमा लेनिनले वर्गीय समाजमा वर्गविहीनताको स्थापना भै सकेपछि मात्र स्वतन्त्र साहित्यको सिर्जना हुन सक्छ । हाम्रो समाजको स्वरुप संरचना नै वर्गीय भएकाले त्यही समाजवाट सिर्जित साहित्य पनि वर्गीय हुनु कुनै आश्चर्यको विषय होइन । म कुनै पनि वर्ग विशेषमा विश्वास गर्दिन स्वतन्त्र वसेरै कलम चलाउँछु भन्ने कवि कलाकारहरु वास्तवमा यथास्थितिवादी समाज र वर्गका पृष्ठपोषक हुन । लेनिनले भविष्यवाद, घनत्ववाद, कलावाद र यथास्थितिवाद जस्ता साहित्यिक वादहरुको विरोध गर्दै आफूलाई राजनीति भन्दा अलग्ग तथा स्वतन्त्र ठान्ने कवि कलाकारहरुले अन्ततः पूँजीवादका लागि काम गरेका हुन भन्ने ठोकुवा गरेका छन् । जुन समाजमा एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्छ, जुन समाज वर्गीय स्वार्थद्वारा विभाजित छ, त्यस समाजको साहित्यमा स्वतन्त्रता आउन सक्दैन[१४]। किनभने वर्गीय समाजका प्रत्येक कवि तथा कलाकार कुनै न कुनै वर्गको प्रतिनिधि भएर नै प्रस्तुत भएका हुन्छन् त्यति हुँदा हुँदै पनि कवि कलाकारले म स्वतन्त्र छु भन्छ भने ऊ यथास्थितिवादी वा पूँजीवादी समाजको पृष्ठपोषक हो । उसले प्रगतिवादी,अग्रगामी समाजको रुपान्तरणमा कुनै सहयोग पुऱ्याउन सक्दैन ।

समाजको वर्गीय स्थिति र स्वतन्त्र साहित्यको सन्दर्भमा लेनिनले द्वन्द्वात्मक भौतिकवादी सामाजिक संरचनाको विधिद्वारा विश्लेषण गरेकाछन् । जव समाज अन्याय, अत्यचार, शोषण, दमन, उत्पीडन र वर्गीय चरित्रको अमानवीय व्यवहारवाट मुक्त हुनेछ एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्ने, दवाउने र हेप्ने स्थिति रहँदैन तव मात्र समाजमा स्वतन्त्र साहित्य संरचनाको सूत्रपात हुन सक्छ । स्वतन्त्र साहित्यको संरचना भनेको त्यो साहित्य हो जहाँ मानव जातिको आमूल परिवर्तनकारी तथा क्रान्तिकारी भाव बिम्ब अग्रसरीत भै रहेको हुन्छ । त्यहाँ समग्र राष्ट्रको शेभा, शक्ति र भविष्य बोकेका लाखौं करोडौं सर्वहारा, मजदूर, किसान, महिला, विद्यार्थीहरुको प्रयोगजन्य अनुभवलाई संमेटिएको हुन्छ । यसरी लाखौं, करोडौं वा बहुमतका सर्वसामान्य जनताहरुको भावनात्मक समीकरणद्वारा

---

१४ भी आइ.लेनिन,सङ्कलित रचनाएँ, (भाग १), पूर्ववत्, पृष्ठ २५०

सिर्जित तथा उनीहरुकै सेवामा समर्पित साहित्य नै स्वतन्त्र साहित्य हो भन्दै लेनिनले स्वतन्त्र साहित्यको स्वरुप र त्यसको सामाजिक चरित्रलाई समेत प्रष्ट पारेका छन् ।

सच्चा साहित्यको उद्देश्य, वर्तमानमा भएको शोषण, दमन, अन्याय, अत्याचारको तीब्र विरोध गर्दै शोषक वर्गको अन्त्य र शोषित वर्गको विजय निश्चित छ भन्ने कुरा दर्शाउनु हो । यस्तो प्रकृयालाई लेनिनले प्रगतिशीलता हो भन्ने ठानेका छन् ।

विद्यमान समाजमा रहेका सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक रुपान्तरणका लागि लेखक कवि तथा कलाकारले सुनौलो सपना देख्नु पर्छ र त्यही सपनालाई सृजनात्मक कल्पना एवंम् आशावादी भविष्यदृष्टिको रुपमा कलात्मक चैतन्यद्वारा प्रस्तुत गर्नु पर्छ[१५] भन्दै लेनिनले (सपना) सृजनात्मक कल्पना र क्रन्तिकारी चिन्तन वीचको सम्वन्धलाई द्वन्द्वात्मक दृष्टिले विश्लेषण गरेका छन् । उनले सपनालाई कोरा तथा उडन्ते कल्पना मात्र हो भन्ने नठानी मानिसमा अन्तर्निहित आत्मवल, अठोट, कर्तव्यता, तथा भविष्यदृष्टि एवंम् उत्साहको रुपमा लिएका छन् । मनुष्यमा केही गर्छु भन्ने इच्छा र गर्न सक्छु भन्ने आशा एवम् विश्वास हुनु पर्छ । यस्तो आशाले मनुष्यमा रहेको इच्छा शक्ति तथा कार्यशक्ति लाई जागरुक तुल्याउँछ र भविष्य निर्माणका कार्यमा संलग्न गराउँछ । त्यसैले प्रत्येक क्रन्तिकारीले केही न केही सपना देख्नु पर्छ भन्ने कुरालाई लेनिनले स्वीकार गरेका छन् ।

साहित्य समाजको दर्पण हो किनकी यसले समाजको विविध पक्षलाई अतिसूक्ष्म दृष्टिवाट अवलोकन, विश्लेषण र मूल्याङ्कन गरेको हुन्छ । त्यसमा पनि खासगरी प्रगतिवादी लेखक कवि तथा कलाकारले सामाजिक रुपान्तरणका लागि वढी नै सपना देख्नु पर्छ । क्रन्तिकारी जीवनदृष्टि भएका प्रगतिवादी लेखकहरुले सपना देख्नुको अर्थ आफ्ना सृजनाहरुलाई क्रान्तिकारी आदर्श तर्फ उन्मुख गराउनु हो । कवि कलाकारले आफूलाई युगीन वस्तुगत यथार्थवाट विमुख नगराई क्रान्तिकारी आशावादको चैतन्यवाट समाजलाई जागरुक गराउनु पर्छ । यसरी नै प्रगतिवादी लेखक कलाकारहरुले युग निर्माणका अनेक क्रान्तिकारी दस्तावेजहरुको निर्माणगरी आमूल परिवर्तनकारी क्रान्तिको सदैव सङ्खनाद गरिरहनु पर्छ भन्ने लेनिनको आशय बुझिन्छ ।

---

१५ भी आइ लेनिन,संकलित रचनाएँ, पूर्ववत्, पृष्ठ २४५

### ३.६.३ माओत्सेतुङ्गका साहित्य सम्बन्धी मान्यता

प्रगतिवादी कला साहित्यको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा मार्क्सवादी साहित्य चिन्तन परम्परामा राजनीतिज्ञहरूको तर्फबाट आफ्नो अभिमत प्रकट गर्ने अर्का विशिष्ट व्यक्ति भनेका जनगणतन्त्र चीनका संस्थापक तथा प्रभावकारी नेता माओत्सेतुङ हुन । उनले सन् १९४२ मा चीनको येनान प्रान्तमा भएको लेखक कलाकारहरुको गोष्ठीमा आफ्नो सारगर्भित विचार प्रस्तुत गर्दै संसारका सर्वहारा वर्गको मूक्तिकालागि आमूल परिवर्तनकारी युद्धमा लेखक तथा कलाकारहरुले वैचारिक हतियारको रुपमा आफ्ना साहित्य सिर्जनालाई अघि ल्याई जनताको क्रान्तिकारी युद्धलाई सहयोग पुऱ्याउन आव्हान गरेका थिए ।

यसै सन्दर्भमा माओले वर्गीय अडानमा लेखक तथा कलाकारको प्रतिवद्धता हुनुपर्छ भनेका छन् । विश्व सर्वहारा वर्गको सामूहिक आकाङ्क्षालाई नै लेखक तथा कलाकारले आत्मसात गर्नुपर्छ भन्ने उनको अभिमत रहेको छ । यहाँ लेनिनको अभिमतसँग माओको अभिमत पनि एकाकार भएर आएको देखिन्छ । कला साहित्यमा कलाकारको अडान भन्नु सर्वहारा वर्ग र वहुमतमा रहेका सर्वसाधारण जनताको अडान हो ।

लेनिनको वर्गीय पक्षधरता सम्वन्धी साहित्यिक मान्यतालाई मूल आधार वनाइ विश्लेषण गर्दा साहित्य र कला आखिर कसको लागि हो भन्ने प्रश्न खडा भएर आउँछ र त्यसैको समष्टिगत उत्तर खोज्दै जाँदा माओले येनान गोष्ठिमा दिएको भाषणमा जनताको परिभाषा गर्दै नब्बे प्रतिशत जनताको विशाल पङ्क्तिभित्र मजदूर, किसान, सेना, प्रहरी तथा शहरी निम्न पूँजीपति वर्गका जनताहरु पर्न आउँछन् भन्ने देखाएका छन् । उनका विचारमा कला साहित्यले उत्पीडित श्रमजीवी जनताका विशाल पङ्क्तिको पक्षपोषण गर्नु पर्छ । त्यसैले कवि कलाकारहरुले सर्वहारा वर्गीय दृष्टिकोण नै ग्रहण गर्नुपर्छ भन्ने धारणा माओले व्यक्त गरेका छन्[१६] ।

आजको संसारमा सम्पूर्ण कला, साहित्य र संस्कृति परम्परागत पूँजीवादीहरूको हातमा रहेको देखिन्छ । त्यस्तो कला संस्कृति र साहित्यलाई राजनीतिक कार्यदिशा अनुरुप ढालिनु पर्छ । वास्तवमा कलाका लागि कला भन्ने कलावादीहरुको कला भन्दा पर रहेको कला

---

१६ माओ त्से तुङ, चुनिएका रचनाहरू, (भाग ३) प्रगतिशील पुस्तक भण्डार, काठमाडौं, वि.सं.२०४१, पृष्ठ ६६

र कला जीवनको लागि अथवा समाजको सांस्कृतिक वा राजनैतिक रूपान्तरणका लागि भन्ने व्यवहारवादी कला चिन्तकको कला भन्दा अलग अथवा स्वतन्त्र रहने कला कला होइन[१७] ।"

यस भनाईवाट वर्गीय समाजमा चेतना र व्यवहारका सवै पक्ष र शाखाहरु वर्ग सापेक्ष हुने गर्छन भन्ने तथ्यप्रति माओको स्पष्ट धारणा रहेको देखिन्छ । समाजमा वर्गको अस्तित्व रहेसम्म स्वतन्त्र कलाको सिर्जना सम्भव छैन । संसारका सवैखाले साहित्यमा मानवस्वभाव, प्रेम, सहानुभूति, सद्भावना, रीस, राग, द्वेश, आदि कुराहरु रहेका हुन्छन् भन्ने कुरामा माओको पूर्णतया सहमति रहेको देखिन्छ तर वर्ग विभाजित समाजमा यी सवै पक्षहरुलाई वर्गीय परिप्रेक्षवाट छुट्याएर हेर्नु पर्छ भन्ने कुरामा माओले जोड दिएका छन् ।

माओको उपर्युक्त भनाइवाट वर्गीय समाजमा रहेको मानवीय स्वभाव, मानवीय प्रेम र मानवीय मूल्य जस्ता कुराहरु सवै वर्गीय परिवेशवाट निर्मित हुन्छन् भन्ने तथ्यलाई संकेत गरिएको छ । यसैवाट प्रगतिवादी कला साहित्यका स्वभावको रूपगत अभिव्यक्त भएको हो । लेनिन र माओ दुवै कला चिन्तक  नभएर राजनैतिक तथा दार्शनिक विश्लेषक हुन् । उनीहरुका दृष्टिमा कला वर्गीय हुन्छ भन्ने पाइन्छ र त्यही वर्गीयतावाट प्रगतिवादी कला चिन्तन हालसम्म प्रभावित र संस्थापित हुँदै आएको देखिन्छ । माओले साहित्यकला (कविता)लाई सर्वहारा मुक्ति आन्दोलनका लागि वैचारिक सङ्घर्षको महत्वपूर्ण हतियार मानेका छन् । वर्ग सङ्घर्षलाई उत्कर्षमा लैजाने क्रममा उनले साहित्य एवंम् संस्कृतिलाई व्यवहारिक जीवनमा उतार्न आग्रह गरेका छन् । नौलो जनवादी आन्दोलनका सन्दर्भमा उनले कला, साहित्यको स्रोत, उद्देश्य, कलात्मकता र वैचारिकताको समन्वय, वर्ग सङ्घर्ष, सांस्कृतिक उन्नयन, राजनैतिक सङ्गठन वा मोर्चावन्दी गठनका सम्वन्धमा वृहत चर्चा गरेका छन् ।

साहित्य वा कविताको स्रोतका सम्वन्धमा माओले समाज र सामाजिक जीवनलाई नै प्रमुख मानेका छन् । मानिसले जवसम्म जीवन जगत र सामाजिक संरचना एवं गतिविधिलाई समग्रतामा वुझ्न सक्तैन तव सम्म साहित्य तथा कलाको उद्भव, उद्देश्य, उपयोगिता र महत्वलाई पनि वुझ्न सक्तैन । जीवन जगतलाई वैज्ञानिक ढङ्गले वुझ्ने र व्याख्या एवम् विश्लेषण गर्ने मार्क्सवादी सिद्धान्त अनुसार समाजलाई नै साहित्य र कलाको

१७ माओ त्से तुङ, संकलित रचनाएँ, (हिन्दी संस्करण), प्रगति प्रकाशन, मास्को, सन् १९६९, पृष्ठ २६९

प्रमुख स्रोत मानिएको छ । किनकी प्रत्येक लेखक तथा कलाकारको मानसिक चैतन्यमा सामाजिक वस्तु चेतनाले पारेको प्रतिबिम्बात्मक प्रभाववाट नै साहित्य को जन्म हुन्छ । त्यसैले जनवादी साहित्यमा क्रान्तिकारी लेखकहरुको सामाजिक जीवन चैतन्यको प्रतिबिम्बात्मक प्रभाव झल्की रहेको हुन्छ । वैचारिक रुपमा सिर्जना गरिएका प्रत्येक कला कृतिहरु प्रकारान्तरले सामाजिक जीवनका प्रतिबिम्बात्मक उपज हुन ।

जीवन जगत नै वास्तवमा साहित्य र कलाको कच्चा पदार्थको भण्डार हो । यो यस्तो कच्चा पदार्थको स्रोत हो जो अनन्त सम्म कहिल्यै रित्तिदैन । अपरिपक्व कच्चा पदार्थ भएर पनि सजीव, संमृद्ध तथा मौलिकताले गर्दा सदैव परिपक्व झै, नवीन झै, परिस्कृत झै लाग्छ । सामाजिक जन जीवनको वस्तु सत्यसँग अन्य कुनैपनि कलाकृतिको तुलना गर्न सकिंदैन, त्यसैले सामाजिक जनजीवन कला साहित्यको लागि एक मात्र अनन्त स्रोत हो[१८] ।"

माओले साहित्यलाई समाजको उपज मानेको देखिन्छ । उत्पादनका प्रत्येक गतिविधिलाई उनले कलाको स्रोत ठानेका छन् । क्रान्तिकारी लेखक कलाकारको क्रान्ति चैतन्यवाट क्रान्तिकारी कला साहित्यको सिर्जना हुन्छ भन्ने मानेका छन् । साहित्य कसको लागि भन्ने प्रश्नको उत्तरमा माओले साहित्य जनताको लागि भन्ने उत्तर दिएका छन् भने जनता को हुन् भन्ने प्रश्नको उत्तरमा उनले शोषित, पीडित, तथा श्रमजीवी ज्यामीहरुको विशाल समूहलाई जनता मानेका छन् । त्यही जानताको सर्वाङ्गीण हितका लागि सिर्जना गरिएको साहित्यलाई नै उनले जनवादी साहित्य भनेका छन् ।

लेखक तथा कलाकारको पार्टी प्रतिवद्धतालाई माओले सांस्कृतिक सैन्यको रुपमा सम्मान गरेका छन् । साहित्य कुनै न कुनै वर्गको उपयोगिताका आधारमा संरचित गरिएको हुन्छ । सर्वहारा वर्गको पक्षपोषण गर्ने कवि कलाकारहरुले सर्वहारा वर्गको उपयोगितालाई ध्यानमा राखी कला साहित्यको सिर्जना गर्नु पर्छ । कला साहित्यले निर्देशित गरेको वाटोलाई प्रयोगात्मक रुपले व्यवहारमा ल्याउनु पर्छ भन्ने कुरामा समेत माओले जोड दिएका छन् । शब्दलाई कर्मको रुप दिने सांस्कृतिक कर्मीहरुलाई उनले

---

१८ माओ त्से तुङ्ग, अन लिटिरेचर एण्ड आर्ट, (तेस्रो संस्करण), लङऊ प्रेस पेकिङ्ग, सन् १९६७, पृष्ठ १८

सांस्कृतिक सैन्य दस्ता भनेका छन् । जनवादी आन्दोलन तथा वर्ग सङ्घर्षका अनेक रुपहरु मध्ये राजनैतिक सङ्गठनात्मक रुप प्रमुख हो भने सांस्कृतिक सङ्घर्षको स्वरुप पनि उत्तिकै महत्वपूर्ण हो । यस्तो सांस्कृतिक सङ्घर्ष क्रान्तिकारी लेखक, कलाकारहरुवाट मात्र सम्भव हुन सक्छ । दुस्मनलाई हराउन केवल वन्दुकले मात्र सम्भव हुँदैन त्यसका लागि क्रान्तिकारी भाव चैतन्यद्वारा पूर्ण कलाकृति र कला कर्मीहरुको समेत सहयोगको आवश्यकता पर्छ भन्दै माओले आफूले नेतृत्व गरेको चिनीयाँ जनवादी आन्दोलनलाई सफल पार्न साँस्कृतिक कला कर्मीहरुको मोर्चा तयार गरी सङ्घर्षका लागि कलम चलाउन आव्हान गरेका छन् ।

माओको यस्तो प्रयोगात्मक कार्यबाट के प्रष्ट हुन्छ भने उनी राजनैतिक सङ्घर्ष र सांस्कृतिक सङ्घर्षलाई एकै पल्ट सञ्चालन गरी जनताको वर्ग शत्रुलाई समाप्त गर्न र जनवादी क्रान्ति सफल गरी जनतालाई मुक्ति दिन राजनीतिक कर्मी र कलाकर्मीहरुलाई गोलबद्ध हुन आग्रह गर्दछन् ।

यसरी साहित्यकला र राजनीतिलाई गोलबन्ध गरी सङ्घर्षमा सरिक हुन आव्हान गर्ने माओका साहित्यकला सम्वन्धी मान्यताहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

(१) साहित्य सिर्जना विचारको कोरा उद्भव मात्र नभै कलात्मक रचना पद्धति पनि हो । कलात्मकता राजनीतिक अन्तर्वस्तु प्राप्तिको साधन हो ।

(२) माओले अन्तर्वस्तु र रुपको प्रश्नमा अन्तर्वस्तु नै प्रमुख हुन्छ भन्ने कुरामा जोड दिएका छन् ।

(३) माओले वैचारिक र कलात्मक मापदण्डमा वैचारिकतालाई प्रमुख स्थान दिएका छन् ।

(४)साहित्यमा विचार र कलात्मकताको सुन्दर तालमेल हुनु पर्छ ।

(५) राजनीतिक तवरले जतिसुकै प्रगतिशील भए पनि कलात्मक शिल्प नभएको कला कृति सुन्दर हुँदैन ।

(६) कुनै पनि कलाकृतिमा उच्च्च तथा सम्बृद्ध एवम् परिपक्व विचार, हुनुपर्छ ।

(७) जनताका लागि रचित साहित्यमा जनता कै भाषा, जनता कै विचार र जनता कै शैलीको प्रयोग भएको हुनु पर्छ ।

(८)जनताको साहित्यमा सरलताको प्रश्न जति गम्भीर छ त्यति नै स्तरीयताको प्रश्न पनि गम्भीर छ । क्रान्तिकारी साहित्यले (आफ्नो रचनामा) स्तरीयता वढाउने कुरामा कहिल्यै

उदासिनता देखाउनु हुँदैन ।

(९) सांस्कृतिक क्रान्तिको प्रमुख उद्देश्य, समाजवादको निर्माण प्रकृयामा वैचारिक सङ्घर्षको निरन्तरता वोध गराउनु, सर्वहारा वर्ग र पूँजीपति वर्ग वीचको अन्तसङ्घर्षलाई उजागर गर्नु, सर्वहारा मुक्ति आन्दोलनलाई सहयोग गर्नु, सांस्कृतिक माध्यमवाट सामाजिक चेतनालाई माथि उठाई समाजमा विद्यमान कुरीति, कुसंस्कार, रुढीवादीता, सामन्ती, शोषणका अनेक स्वरुपहरुको ज्ञान, गराई जन सचेतता जागृत गर्नु हो ।

## ३.७ प्रगतिवादी कवितामा भाषिक प्रयोग

कविता सौन्दर्यात्मक भाषिक कथन हो । भाषा विना कवितात्मक मधुरता मुखारित हुन सम्भव छैन । त्यसैले कविताको अनिवार्य तथा आधारभूत त□वमा भाषाको उल्लेखनीय भूमिका रहेको देखिन्छ । कवितामा भाषालाई नै आधार स्तम्भका रुपमा सर्व स्वीकृत प्राप्त हुनु कविताको सार्वभौम प्रकृति अर्थात विश्व जनित मान्यता हो । कविता नैसर्गिक रुपमा नै कवि हृदयको ओजपूर्ण गद्य वा पद्यात्मक भावानुभूति वा कथन हो । यसले भाषिक रुपमा व्यक्त भएर पाठक हृदयलाई आल्हादित तुल्याउँछ । प्रगतिवादी सर्जकहरुले कविताको भाषालाई ओजपूर्ण भाषा भनेका छन् । ओजपूर्ण भन्नाले शाव्दिक, विशिष्ठताको अर्थमा ओजस्वी, तेजस्वी, यशस्वीको अर्थ वोध गराउन सक्ने भाव चैतन्य वा भाषिक सामर्थ्यलाई बुझ्नु पर्छ । कविताको सार्वभौम मान्यताका आधारमा पनि कवितामा ओजपूर्ण भाषा शैलीको प्रयोग हुनु पर्छ भन्ने सैद्धान्तिक सूत्र पाइन्छ ।

"ओजस्विता होस् मदपूर्ण यस्तो
पहाड नै पार्छ कि चूर्ण जस्तो
पढेर यस्तो दिल रग्रगाओस्
मानू सवै भूतल डग्मगाओस्[१९]"

प्रगतिवादी चिन्तक कडवेलले पनि सामूहिक भाव चैतन्यलाई अभिव्यक्त गर्न सक्ने भावपूर्ण भाषालाई ओजस्विता भनेका छन् । जुन भाषाले रीतिबद्ध कलात्मकतावाट ओज प्राप्त गरेको हुन्छ त्यसलाई कविता भनिन्छ । छन्द, अलङ्कार, सूर, ताल, मात्रा र कविभावको

---

१९ मुकुन्द शरण उपाध्याय,"कविता",गरिमा (सम्पादक विष्णु विभु घिमिरे) वर्ष २, अङ्क १, वि.सं.२०४०, पृ.२६

रीतिवद्ध विन्यासले सामान्य भाषामा ओजपूर्णता ल्याउँछ र कविताको जन्म हुन्छ ।

यसरी सामान्य भाषालाई ओजपूर्ण बनाई अभिव्यक्त गर्ने शास्वत पद्धतिलाई प्रगतिवादी साहित्यले स्वीकार गरेको देखिन्छ । प्रगतिवादीहरु ओजपूर्ण भाव, भाषा र शैली कविताको सार्वभौम रीति हो भन्ने कुरामा पनि सहमत देखिन्छन् ।

यसैगरी सार्वभौम कविता रीतिका सम्वन्धमा कवितात्मक अभिव्यक्ति दिने मुकुन्दशरण उपाध्यायका भनाइमा कवितामा प्रयोग हुने भाव, भाषा, शैली र पदावली सुन्दर तथा माधुर्यमय हुनुपर्छ कवितामा विचार प्रधान हुनु पर्छ र यथार्थपरक हुनुपर्छ भन्ने पाइन्छ ।

"पदावली सुन्दर होस कि यस्तो
शव्दै पनि कोकिल कण्ठ जस्तो
आदर्श होस्, सम्भव हुन्छ जस्तो
विचार होस् दर्शन छुन्छ जस्तो[२०]"

यस्तै कविताका सम्वन्धमा अनेक सार्वभौम शास्त्रीय धारणा रहेभैँ प्रगतिवादी-मार्क्सवादी, सौन्दर्यशास्त्री, कवि तथा साहित्य चिन्तकहरुले पनि ओजपूर्ण भाषालाई कविताको मूल त□व मानेका छन् । लोक व्यवहारमा रहेको मानवीय भाषा परिर्वतनशील वस्तु हो । बोलीचालीको भाषामा परिवर्तन आए जस्तै कविता-साहित्य तथा कलाकृतिको भाषामा पनि परिर्वतन आउने गर्छ । समस्त जीवन जगत र प्रकृतिलाई नै द्वन्द्वात्मक तथा परिवर्तनशील मान्ने प्रगतिवादका दृष्टिमा कविता भनेको भाषाको परिर्वतनशील स्वभाव हो अर्थात् कविता भाषिक रुपान्तरणको संवाहक हो । त्यसैले प्रत्येक युगमा कविताको ओजपूर्ण भाषा साश्वत रुपमै सामान्य भाषाभन्दा विशिष्ट रहँदै आएको छ । यो कविताको सार्वभौम भाषिक प्रवृत्ति हो । कविताको भाषा सुन्दर, शिष्ट र ओजपूर्ण हुनुपर्ने कुरा सवैखाले साहित्यिक सम्प्रदायहरु वीच मत एकता पाइन्छ : तर जुनवेला समग्र समाज सापेक्ष तथा वर्ग सापेक्ष रुपमा कविताको भाषालाई विश्लेषण गरिन्छ त्यसवेला भाषाको ठोस र मूर्त धारणा वनाउनु पर्ने हुन्छ । त्यस्तो स्थितिमा चाहिँ साहित्यका अन्य वादहरु र प्रगतिवादद्वारा प्रयोग गरिएको भाषामा प्रष्ट भिन्नता देखिन्छ । वर्गसापेक्ष उपयोगिताको सवालमा प्रगतिवादले

---

२० मुकुन्द शरण उपाध्याय गरिमा वर्ष २, पूर्ववत्,अङ्क १, पृ.२६

कलालाई जीवनउपयोगी अर्थात् उपयोगिताका आधारमा मात्र हेर्ने गरेको छ।

उपयोगिता पछि मात्र सौन्दर्यको अस्तित्व रहने कुरामा प्रगतिवाद विश्वास गर्दछ। यसैक्रममा जुन वस्तु उपयोगी हुन्छ त्यही मात्र उसका लागि महत्वपूर्ण मानिन्छ भन्ने मूल्य र मान्यता अनुसार प्रगतिवादले सौन्दर्य वोध भन्दा उपयोगितावोधलाई प्रमुख प्राथमिकता दिएको हुन्छ।

यस सन्दर्भमा पाश्चात्य विद्वान "बर्टोल्ड ब्रेख्त"का विचार उल्लेख गर्न सकिन्छ। उनले प्रगतिवादी कवितालाई लोकप्रिय कविता भनेका छन् र लोकप्रियताको अर्थ समग्र जन समुदायका लागि ग्रहणशील हुनु तथा सुवोध हुनु हो। जन समुदायको अर्थ चाहिँ गरीव, दुखी जनता हो। त्यसैले यस्तो वर्गका लागि सहज, सरल, वोधगम्य तथा उपयोगी, जीवनको कार्यदिशा प्रष्ट गर्न सक्ने, समाज, राष्ट्र र वर्गीय जीवनलाई समृद्ध वनाउने, प्रगतिशील वर्गलाई नेतृत्वदायी शक्तिमा रुपान्तरण गर्न सचेत गराउने, कवितात्मक कला नै प्रगतिवादी कविताको सैद्धान्तिक स्वरुप हो। त्यसमा पनि सुवोधता चाहिँ प्रमुख पक्ष हो[२१]। प्रगतिवादी कवितालाई लोकप्रिय कविता, जनताका कविता, जनवादी कविता, जनप्रिय कविता आदि नामबाट चिन्ने र चिनाउने गरिएको छ।

वस्तुतः प्रगतिवादी कविताको भाषा श्रमजीवी जनता र श्रमसँग घनिष्टताका साथ जोडिएको हुन्छ। जनताका कविताले यथार्थ जीवन-जगतको दुख,सुख र आँसु, हाँसोलाई केन्द्र वनाई सरल भाषाशैलीमा जनभावनालाई उजागर गरेको हुन्छ।

भारतीय प्रगितवादी समालोचक मैनजर पाण्डेयको भनाइ अनुसार कविताको प्रगतिवादी धाराले यथार्थवादी लोकप्रिय विचार र शिल्प दुवैलाई विकसित गराउँदै आएको छ। शैली-शिल्पका आधारमा कविताको यथार्थवादी स्वरुप त्यसवेला प्रष्ट हुन्छ जुनवेला जीवनको यथार्थतालाई सरल, सहज र सुबोध भाषाद्वारा लोक जीवन समक्ष पुऱ्याइन्छ[२२]।

प्रगतिवादी कविताको भाषा सम्वन्धमा चिनियाँ कवि एवम् समालोचक आए छिङ को भनाइ अनुसार जनता (श्रमिक, मजदूर, किसान, गरीब तथा सर्वहारा) सत्य मात्र सुन्न

२१ बर्ल्टोड ब्रेख्त, जनकविता, (हिन्दी अनुवादक श्रीभूषण), सन् १९६९, पृ.९
२२ मैनेजर पाण्डेय, लोकप्रिय कविताको स्वरूप, भारतेन्दु प्रकाशन, विकानेर, सन् १९८१, पृष्ठ ८९-९०

चाहन्छ । जनताको त्यही चाहनालाई सत्य निष्ठ शब्दका माध्यमबाट जनताको हृदय छुन एकजना कविले मात्र सक्दछ । यहाँ सत्य निष्ठ शब्दको अर्थले जनता प्रति उत्तरदायी, सार्थक, सरल र सुवोध भन्ने जनाउँछ । त्यसैले कवितामा यस्ता पदावलीको प्रयोग हुनुपर्छ जसमा जनताको रुची, घृणा, प्रेम, दुख, सुख, सँग "नीरक्षीर न्याय योग" का आधारमा एकाकार भएको, युग जीवनमा सबैले प्रयोग गर्ने सुबोध, सम्प्रेष्य तथा सर्वग्राह्य हुनुपर्दछ ।

यसै प्रसङ्गमा भारतीय जनवादी साहित्य समालोचक शिव कुमार मिश्रले कविताको जनवादी भाषिक चरित्रको प्रवृत्तिगत विशेषतालाई केलाउँदा वर्गीय समाजमा विद्यमान रहेको शिष्ट साहित्य र जनसाहित्यको भेदलाई समाप्त गर्दै कविताले सामूहिक चरित्र प्राप्त गर्नु र वर्गीय समाजमा रहेका वर्ग द्वन्द्वलाई उजागर गर्दै मालिक वर्गका अभिरुचिका सीमावाट आफूलाई मुक्त गरी जनसाधारणका इच्छा अनुकूल भएर उनीहरुकै सामाजिक, सांस्कृतिक, आर्थिक जनजीवनका सौन्दर्यात्मक अभिरुचिहरू सुन्दर भाषा शैलीमा प्रयुक्त हुनु नै कविताको जनवादी भाषिक चरित्र हो भन्ने विचार व्यक्त गरिएको पाइन्छ[२३] ।

संक्षेपमा प्रगतिवादी कविताको भाषिक चरित्रलाई अध्ययनगर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने सरलता र विशिष्टताको द्वन्द्वात्मक एकतावाट कविताको स्वरुप निर्धारण हुन्छ उपयोगितावाट सजीवता प्राप्त गर्दछ । यो कविताको सार्वभौमिक चरित्र हो । जनभाषा सँग सम्बन्धित भएर पनि कलात्मक सुन्दर तथा सम्मोहनकारी हुनु चाहिँ प्रगतिवादी कविताको पहिचान हो । कविताको भाषा सरल भएर पनि विशिष्ट हुनु, सुबोध र यथार्थ भएर पनि कलात्मक हुनु, नारा भएर पनि सजीव हुनु, ओजपूर्ण भएर पनि कोमल हुनु, यसको विशेषता हो ।

### ३.८ प्रगितवादी कवितामा लय विधान

साहित्यका अन्य विधाहरु भन्दा श्रेष्ठतम विधाका रुपमा कवितालाई संस्थापित गर्ने प्रमुख त□व नै लयात्मकता हो । ली धातुमा 'अच्' प्रत्यय लागेर बनेको लय शव्दले एकाग्रता, तल्लीनता, तन्मयता, तत्तदाकारता, र सङ्गीतमा स्वरको आरोह अवरोहको विशिष्टक्रमलाई वोध गराउँदछ । सङ्गीत काव्य र कविताको प्राणत□वका रुपमा रहेको लयलाई मानवीय भावाभिवेगका रुपमा लिइएको पाइन्छ । त्यसैले कविताको सार्वभौम मान्यता अनुसार विशिष्ट

---

२३ शिवकुमार मिश्र, कविताको जनवादी चरित्र ,अरूणोदय प्रकाशन, दिल्ली, सन् १९९२, पृष्ठ ५४,५५

लय र प्रमुख भावाभिव्यक्तिलाई मूल त□वका रुपमा लिइन्छ । कुनै पनि स्वर या व्यञ्जन वर्णको उच्चारणका क्रममा आउने आरोह तथा अवारोह एवम् साङ्गीतिक लययुक्त ध्वनिलाई सङ्गीत दिएर श्रुतिमाधुर्य बनाउने कार्य लयद्वारा मात्र सम्भव हुन्छ । साहित्यका अन्य विधाका तुलनामा कविताको भाषा विशेषत: स्वर तथा व्यञ्जन वर्णको गुञ्जनद्वारा सिर्जित हुन्छ ।

भाषाका यिनै स्वर, व्यञ्जनयुक्त वर्णहरुको उच्चारण कलामा निस्कने नाद वा साङ्गितिक ध्वनिद्वारा नै लयको उत्पत्ति हुन्छ । कविताको शास्त्रीय सिद्धान्त अनुसार छन्दलाई कवितामा लय उत्पादक तत्वका रुपमा स्वीकार गरिएको छ । छन्दले पद्य रचनामा गति, यति र मात्राको क्रमलाई मिलाएर विशिष्ट लयको उत्पादन गर्न सहयोग पुऱ्याउँछ । कवितामा लय उत्पन्न गर्ने अर्को त□व अनुप्रास पनि हो । समान ध्वनि भएका एक वा अनेक स्वर तथा व्यञ्जनवर्णको पुनरावृत्तिवाट उत्पन्न हुने शव्दालङ्कार युक्त ध्वनिलाई अनुप्रास भनिएको छ । यसले कवितालाई माधुर्य बनाई लयात्मकता उत्पन्न गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । कविता छन्द युक्त र छन्द मुक्त गरी दुई प्रकारका हुन्छन । पद्य कवितामा योजनावद्ध अनुप्रासको सिर्जना भएको हुन्छ भने गद्य कवितामा सहज तथा स्वभाविक रुपले अनुप्रासिक भाषाको प्रयोग भएर लयात्मकता सिर्जित हुन पुग्छ । कविताको भाषा गद्य, पद्य छन्दयुक्त, छन्दमुक्त जे जस्तो भएपनि सङ्गीतात्मक तथा लयात्मक चाहिँ अवश्य हुनु पर्छ ।

लय भनेको नै संङ्गीतको ताल हो । लयको माध्यमवाट कवितामा अभिव्यक्त भएका विचारहरु, भनाइ र भावनाहरु सङ्गीतात्मक भएर आस्वाद्य हुन पुग्छन् । कवितामा रहेको पदयोजना, शव्दयोजना, पङ्क्तियोजना, अलङ्कार योजना रस योजना, र भावयोजना लाई साङ्गीतात्मक अन्तर्लय वा वहिर्लयको संयोजनावाट माधुर्यमय वनाई अभिव्यक्त गरेको हुन्छ । लयले कवितामा रागात्मकता ल्याँउछ । सांङ्गीतिक अनुभूतिको जागरुक गराउँछ । छन्दोवद्ध कवितामा वर्णमात्रिक, मात्रिक, लोकलय, गीति आदि छन्दहरुको प्रयोगद्वारा कवितालाई साङ्गीतिक तुल्याइएको हुन्छ भने गद्य कवितामा अन्तर्लयले कवितालाई सङ्गीतमय तुल्याएको हुन्छ ।

प्रगतिवादी कविताका विश्लेषक तथा समालोचकहरुले कवितालाई आवेगको अभिव्यक्ति वताएका छन् । यसै सन्दर्भमा उनीहरुले कवितालाई कविहृदयको सामाजिक, आर्थिक तथा सांस्कृतिक भाव चैतन्यवाट निश्रित आवेगको सुसज्जित तथा कलात्मक रुप हो

भन्ने ठानेका छन् । आवेग विनाको कविता शुष्क, निसार र उराठिलो हुन्छ । स्फूट कविता मात्रै होइन वर्णनात्मक तथा आख्यानात्मक कवितामा पनि सघन आवेगको उपस्थिति आवश्यक हुन्छ । आवेगात्मक, संवेगात्मक तथा ओजपूर्ण लययुक्त भाषा विना कविताको संरचना नै सम्भव नहुने हुँदा प्रगतिवादी कविता र काव्य सर्जकहरुले ओजपूर्ण लयात्मकताको अपेक्षा गरेका हुन ।

आजको वर्ग विभक्त जटिलतम् समाजमा कविताको प्रयोजन केवल सामूहिक कियाकलापलाई सहज तथा अनुकूल वनाउने मात्र होइन । यसले त समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक कुसंस्कारहरूको अन्त्य गरी सामाजिक सचेतता, आर्थिक समुन्नति, राजनैतिक प्रतिवद्धता र सांस्कृतिक पुनर्निमार्ण गर्दै सु-सभ्य, सम्मुनत शिक्षित तथा अग्रगामी समाजको निर्माण गर्न सहयोग पुऱ्याउँदछ । यसले राष्ट्रिय मुक्ति र विश्व मानवतालाई उजागर गर्दछ । विचार अथवा उद्देश्य प्रतिबिम्बनवाट अलग भएर उपदेशात्मक सूत्रको रुपमा व्यक्त हुनु कविताको सारभूत तत्व होइन । कविताले पाठकलाई सोभ्कै अपील गर्नुको वदला बिम्ब प्रतिबिम्बहरुको रुपमा कविता भित्र प्रवेश गरी भावनालाई प्रभावित पार्ने प्रवृतिलाई जगाउने र विचारलाई ओजपूर्ण भाषा शैलिद्वारा उत्तेजित गराउने प्रयास गर्छ । कविता लेखनको मूलभूत उद्देश्य नै जीवन जगतका अनेक बिम्बहरुको चयन र सङ्गठनात्मक ढाँचा प्रस्तुत गर्नु हो । जसवाट स्वत कविले चाहेको प्रभाव पाठकको भावना र बुद्धिमा उत्पन्न हुन सकोस ।

प्रगतिवादी साहित्यको दृष्टिकोणवाट कविता विधाको लयात्मकतालाई अध्ययन गर्दा सौन्दर्य तत्वलाई कविताको महत्वपूर्ण वस्तुका रुपमा लिइएको पाइन्छ । सौन्दर्य भनेको वस्तु होइन । त्यो त मानिसको भावनासँग घोलिएर आउने जीवनको उल्लासमय अवस्थाको प्रतीक हो । त्यस्तो प्रतीक वा सौन्दर्य मानवीय जीवनमा दृढ, लयात्मक तथा उपयोगी भएर कवितामा आएको हुन्छ । प्रगतिवादका अनुसार कवितामा अनियमित लयविधानलाई व्यवस्थित गरिएको पाइन्छ । कविताको लयविधान बारे आफ्नो अवधारणा प्रस्तुत गर्ने प्रगतिवादी साहित्य चिन्तक “बर्ल्टोल्ट ब्रेख्त” भन्दछन अभिव्यक्तिका लागि एउटा विशिष्ट सङ्केत पद्धति आवश्यक हुन्छ र त्यो नियमित लयविधानको ढाँचावाट प्राप्त गर्न सकिन्छ तर अनियमित (गद्य) लयविधान चाहिँ भ्कन सशक्त संङ्केत पद्धति हो ।

नियमित लयले मात्र जीवनका अनेक अनुभूतिहरुलाई संमेट्न सक्तैन[२४] ।

ब्रेख्तका अनुसार प्रत्यक्ष र स्वस्फूर्त कथन पद्धति नै कवितामा आवश्यक पर्न आउँछ र आजको युगीन जटिलतम यथार्थलाई व्यक्त गर्न अनुप्रासहीन, छन्दहीन अनियमित लय नै उपयुक्त मानिन्छ । मार्क्सवादी कविता चिन्तनले (छन्द) नियमित लयविधान प्रति कुनै पूर्वग्रह वा दुराग्रह राखेको चाहिँ पाइँदैन । प्रगतिवादले सामाजिक आधारमा आउने परिवर्तन र युग सापेक्ष चाहानावाट, कविताको लय विधान निर्धारण गर्न चाहन्छ ।

कवितालाई वर्ग सङघर्षको सापेक्षतामा विश्लेषण गर्दै 'मायाकोव्स्की' छन्दलाई शिष्टतापूर्वक स्वीकार गर्न पुगेका छन् र उनी अझ नयाँपन अथवा नौलो वान्की को सशक्त स्रोतलाई खोजी गरी कवितालाई अझ मानवीय चेतना विकासको केन्द्र बनाउनु पर्नेमा जोड दिन पुगेका छन् । उनको यो भनाइवाट छन्दप्रतिको समर्थन र जडसूत्रता प्रतिको विरोध रहेको देखिन्छ[२५]।" यसरी हेर्दा प्रगतिवादी लय विधानमा छन्दको अपरिहार्यता नरहे पनि अनावश्यक त□व चाहिँ होइन भन्ने देखिन्छ । त्यसमा पनि आजको जटिलतम सामाजिक संरचना भित्र अस्ति□व प्राप्त गरिरहेका यथार्थताले सूक्ष्म र सघन अभिव्यक्तिका लागि छन्दको नियमित लय विधान भित्र मात्र बाँधिएर वस्नु हुँदैन । त्यसैले गद्य कविताको अनियमित लय विधान प्रगतिवादी कविताको क्षेत्रमा उपयुक्त र प्रभावकारी मानिन्छ ।

यसरी प्रगतिवादका कवितात्मक मान्यताले कवितालाई गद्यात्मकतातिर उन्मुख गराउन खोजेपनि कविता अन्तत लयात्मक विधा भएको र यसको भाव, भाषा शैली र अभिव्यक्ति ओजपूर्ण तथा लयात्मक हुने भएकाले गद्य कविता भित्र रहेको अनियमित लय विधान जति धेरै लयात्मक (सङ्गीतात्मक) नियमितता तर्फ उन्मुख हुन्छ त्यति नै कविता प्रभावपूर्ण हुँदै जान्छ ।

प्रगतिवादी नेपाली कविहरुले कविताको रचना गर्दा खासगरी वार्णिक छन्द,

---

२४ बर्ल्टोल्ट बेख्त,अनराइलेस भर्स इरैगुलर रिदम्स मार्क्सिस्टस् अन लिटरेचन एन एनथलजी, (अनुवादक सम्भु नारायण), धरती प्रकाशन, विकानेर भारत, सन् २०५९, पृष्ठ २३२

२५ मायाकोव्स्की हाउआर गर्सेज टु वि मेड, सेलेक्टेड वर्क्स (भोल्युम ३) रागुदा पब्लिसर्स, मास्को, सन् १९६४, पृष्ठ १८१

मुक्तलय वा गद्यलय र लोकलयलाई आधार बनाएका छन् । नेपाली प्रगतिवादी कविहरुले एकातिर परम्परागत रुपमा चलिआएको शास्त्रीय छन्द प्रयोगलाई छाडेका छैनन् भने अर्कोतिर मुक्तछन्दको प्रयोगलाई पनि स्वीकारेका छन् । नेपाली साहित्यको क्षेत्रमा देखा परेका प्रथम प्रगतिवादी कवि गोपालप्रसाद रिमाल नै गद्य कविता वा मुक्तलय लेखन परम्पराका आमन्त्रक मानिन्छन् । यसरी हेर्दा नेपाली प्रगतिवादी कविहरुले कवितालाई लोकजीवनमा प्रचलित विविध लयको प्रयोगवाट विशिष्ट रुप प्रदान गर्ने प्रयत्न गरेका छन् । केवलपुरे किसान, गोकुल जोशी, भूपि शेरचनका कविताले खासगरी नयाँ भ्याउरे लोक लयको प्रतिनिधित्व गरेको पाइन्छ भने जनकप्रसाद हुँमागाईका कविताले लोक जीवनमा प्रचलित विविध लयलाई आधार बनाएको देखिन्छ । मोदनाथ प्रश्रित र युद्धप्रसाद मिश्र परम्परागत छन्दलाई सरल भाषा शैलीद्वारा आफ्ना कवितामा समायोजन गर्दै कवितामा अन्तर तथा वाह्यलयको सफल प्रयोग गर्न पुगेका छन् । कृष्ण सेन इच्छुकका कविता अन्तरलयद्वारा सङ्गीतमयता तर्फ उन्मुख रहेका देखिन्छन् । अन्य प्रगतिवादी नेपाली कविहरूका कवितामा मुक्त र बद्ध लयको ऐच्छिक प्रयोग पाइन्छ ।

## ३.९ निष्कर्ष

प्रगतिवादी कविता सम्बन्धी मान्यता अनुसार कविताको भाषाशैली र शिल्प सज्जा सम्बन्धी अध्ययनबाट कविताका शाश्वत नियमहरू, आन्तरिक तथा बाह्य संरचना, भाषिक शिल्पकला, लयात्मकता, प्रगीतात्मकता, नाटकीयता, प्रतीकात्मकता, भावात्मकता, कोमलता, आलङ्कारिकता, ध्वन्यात्मकता जस्ता बिशेषताहरूले गर्दा कविताले आफ्नो निजी वर्चश्व कायम गरेको हुन्छ । यिनै बिशेषताहरूले गर्दा विश्व कविता लेखन पद्धतिले आफ्नो उच्चतम स्थान ग्रहण गरेको छ । प्रगतिवादी कविताका सन्दर्भमा पनि कविता सम्बन्धी उपर्युक्त बैशिष्ठ्य नै मूलतः प्रयोग भएर आएका देखिन्छन् । जसमा भाषा शैलीको सरलता तथा ओजपूर्ण भाषाको प्रयोग, भाव योजनाको बोधगम्यता, सामाजिक यथार्थताको अनुभूति, गरीब, दुःखी असहाय, मजदूर, किसान तथा महिला एवम् बालबालिकाका न्यायोचित स्वरहरूको पक्षपोषण, छुवाछूत र रूढीवादी परम्पराको विरोध जस्ता विषयलाई कलात्मक क्रान्ति सौन्दर्य भित्र प्रवेश गराई कविताको सिर्जना गर्नु प्रगतिवादी काव्यधाराको विशेषता हो । यहाँ यस्ता केही विशेषताहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(१) प्रगतिवादी मान्यता अनुसार कविताको जन्म आदिम साम्यवादी युगमा गरिने सामूहिक श्रमलाई सरल, सहज, व्यवस्थित र सफल बनाउन गाइने सामूहिक आवेगको कलात्मक गायनबाट भएको हो ।

(२) कविता आदिम युगदेखि नै ओजपूर्ण भाषाद्वारा व्यक्त गरिँदै आएको आवेगात्मक प्रस्तुति हो । यो विशिष्ट भाषाको प्रयोगद्वारा सिर्जित हुन्छ । कविता लयात्मक तथा साङ्गीतिक गायनबाट सिर्जित हुने हुँदा कविताको भाषा सामूहिक बन्न पुगेको हो ।

(३) कविताले मानवीय चैतन्यलाई नवीन कार्यका लागि उत्प्रेरणा जगाउँछ ।

(४) कवितामा कविका भाव र स्वभाव सामाजिक मूल्य, मान्यता र प्रवृत्ति, वैचारिक, बौद्धिक र नैसर्गिक अवधारणाहरू कलात्मक रूपमा अभिव्यक्त भएर आएका हुन्छन् ।

(५) कवितामा अमूर्त पक्षलाई मूर्तता प्रदान गर्न विषयवस्तु, भाव, लय, बिम्ब, प्रतीक, भाषा, शैली, छन्द, अलङ्कार र दृष्टि विन्दुको प्रयोग गरिन्छ ।

(६) प्रगतिवादी कविताले सामाजिक, साँस्कृतिक तथा आर्थिक समता र विषमताको विश्लेषण गर्दै नैतिक रूपमा मानवीय मूल्य र मान्यताको अनुशीलन गरी समग्र जनजीवनमा कलात्मक क्रान्तिचेतना भर्ने कार्यमा सहयोग पुऱ्याउँछ ।

(७) कविता नैसर्गिक रूपमै कवि हृदयको गद्यात्मक वा पद्यात्मक भावाभिव्यक्ति हो ।

(८) छन्द, अलङ्कार तथा कवि भावको रीतिबद्ध विन्यासले सामान्य भाषामा ओजपूर्णता ल्याउँछ र कविताको जन्म हुन्छ ।

(९) कविताको भाषा सुन्दर लालित्यपूर्ण, मधुर सुकुमार पदावलीयुक्त हुनुपर्छ भन्ने सार्वभौम मान्यता अनुसार नै प्रगतिवादले काव्य कविताको सिर्जना गर्छ तर जहाँ वर्ग सापेक्ष उपयोगिताको सन्दर्भमा भने प्रगतिवादले कलालाई उपयोगिताका आधारमा हेरेको पाइन्छ ।

(१०) वर्ग विभक्त समाजमा वर्गीय यथार्थतालाई उजागर गरी जनताको न्याय, स्वतन्त्रता र समानताका लागि गरिने मुक्ति आन्दोलनलाई सफल तुल्याउन तथा जनतालाई जागरूक बनाई अग्रगामी तुल्याउन प्रगतिवादी कवितामा सरल, सुवोध, र सरस, भाषाशैलीको प्रयोग स्पष्ट वैचारिक दृष्टिकोण, कलात्मक भाव, विम्ब र प्रतीकको सन्तुलन हुनुपर्दछ ।

(११) कविता छन्दबद्ध र छन्दमुक्त गरी दुई प्रकारका हुन्छन् । लय भनेको कविताको सङ्गीतात्मकता हो ।

(१२) आजको जटिलतम सामाजिक परिवेशमा कविताको प्रयोजन केवल सामूहिक क्रियाकलापलाई सहज तथा अनुकूल बनाउने मात्र होइन, यसले त समाजमा विद्यमान सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनैतिक विसङ्गतिहरूको अन्त्यगरी सामाजिक सचेतता, आर्थिक समुन्नति, राजनैतिक प्रतिवद्धता र सांस्कृतिक पुनर्जागरण ल्याई सुसभ्य, समुन्नत शिक्षित तथा अग्रगामी समाजको सिर्जना गर्न सहयोग पुऱ्याउनु पर्छ ।

(१३) कवितामा भावात्मकता, लयात्मकता, आख्यानात्मकता नाटकीयता, प्रतीकात्मकता, प्रगीतात्मकता, जस्ता संरचनात्मक प्रभेदहरू पाइन्छन् ।

(१४) लयात्मक भाषिक कथन नै कविता हो । कथन भनेको भनाई हो । भनाईको विशिष्ट ढाँचा, भाव अभिव्यक्त गर्ने तौर तरिका र पद्धति, छन्द लय र अलङ्कारको समुचित प्रयोग, कलात्मक तथा लयात्मक प्रस्तुतिले व्यंग्यात्मकता र काव्यात्मकताको स्वरूप सिर्जना हुन पुग्दछ ।

(१५) जब कवितामा प्रयोग भएका शब्दहरूले आफ्नो प्रतीयमान अर्थ छोडी अप्रतीयमान अर्थ प्रदान गर्न पुग्छन् तब कवितामा ध्वन्यात्मकताको सिर्जना हुन पुग्छ ।

(१६) प्रगतिवादी कवितामा व्यञ्जना र प्रतीकले सदैव प्रत्यक्ष भन्दा परोक्ष, प्रस्तुत भन्दा अप्रस्तुत वाच्य भन्दा व्यङ्ग्य अर्थ लिएर आएको हुन्छ । यस्तो अर्थ प्रतीयमान हुनु स्वभाविक पनि हो । तर यसरी प्रतीयमान हुन आउने कविताको अर्थ चाहिँ अमूर्त नभएर मूर्त हुनुपर्दछ । दुर्वोध्य नभएर सुबोध हुनुपर्छ ।

(१७) काव्य कविता अर्थात साहित्य एवम् कलामा कवि तथा कलाकारको विचार एक्लै आफैंमा कुनै शक्ति भएर आउने होइन तर त्यही विचार सामूहिक रूपमा एकाकार भएर आयो भने त्यसले युग परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । समग्र मानव इतिहासलाई बदल्न सक्छ र नयाँ उत्प्रेरणा जगाउन सक्छ ।

(१८) काव्य, कविता र कलामा बुद्धितत्व भन्दा भाव तत्व प्रबल भएर आएको हुन्छ । त्यसैले आदिम मानवदेखि लिएर वर्तमान युग सम्मका मानव समुदायलाई कलाले प्रभाव पार्दै ल्याएको छ ।

(१९) **काव्य, कविता र कला भनेको जीवनको भावात्मक अभिव्यक्ति हो यसले जीवन सत्यको आत्मिक अनुभूतिलाई व्यक्त गर्दछ।**

# चौथो अध्याय

## ४. प्रगतिवादी नेपाली कविताको थालनी र विकासक्रम :

### ४.१ प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि :

आदिमकालदेखि मानव र मानव समाजका अनेक आरोह अवरोहहरूको कलात्मक प्रस्तुति गर्ने सन्दर्भमा साहित्यका अनेक विधाहरूको जन्म भएको हो। साहित्यका अनेक विधाहरूमध्ये कविता विधा जेष्ठ तथा श्रेष्ठ विधाको रूपमा मानिदै आएको छ। कविताले मानव समाजकै यथार्थतालाई कलात्मक एवम् रागात्मक रूपले प्रतिविम्वित गर्दछ। साहित्यको इतिहास होस् वा मानव जीवनको इतिहास यी दुबैको सामञ्जस्यता सामाजिक जनजीवनको यथार्थतासँग रहेको हुन्छ।

नेपाली कविताको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्दा नेपाली कविताको कालक्रमिक विकासको इतिहासमा घटेका घटना-परिघटनाहरूको भूमिका रहेको पाइन्छ[१]। त्यस्ता ऐतिहासिक घटनाहरूमा, नेपालका भूरे टाकुरे राज्यहरूलाई एकीकरण गरी राज्य विस्तार, अङ्ग्रेज र तिब्बतसँगका युद्ध, नेपालमा राणा शासनको उदय र संस्थागत विकास, प्रथम विश्वयुद्ध र दोस्रो विश्वयुद्धको प्रभाव, भारतीय स्वतन्त्रता सङ्ग्राम, रुसी समाजवादी क्रान्ति र चिनीयाँ नौलो जनवादी क्रान्ति जस्ता घटनाहरूद्वारा नेपाली समाजमा सचेतता आउनु, र त्यही सचेतताको कलात्मक अभिव्यक्तिबाट नेपाली साहित्यमा अनेक मोड र प्रवृत्तिहरू देखिदै र विकसित हुँदै आउनु जस्ता घटना-परिघटनाहरूको संयोगले आधुनिक नेपाली कवितामा एउटा पृथक धाराको जन्म भएर

---

१ दयाराम श्रेष्ठ तथा मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** (चौथो संस्करण) साझा प्रकाशन,-२०४९, पृ.२०-२८

आएको देखिन्छ। त्यस धारामा प्रवाहित कविताकृतिले कार्लमार्क्सको ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादको दार्शनिक मान्यताभित्र रही नेपाली जीवन-जगतको विश्लेषण गर्ने प्रयास गरेको देखिन्छ। विश्व राजनीतिको पृष्टभूमिबाट वीजारोपण भएको प्रगतिवादी साहित्यिक मान्यताले आफ्नो प्रभाव क्षेत्रभित्र वर्गीय चरित्रको व्याख्या, विश्लेषण एवं कलात्मक अभिव्यक्ति दिँदा नेपाली कवितामा प्रगतिवादी कविता धाराको उद्भव भएको हो भन्ने देखिन्छ। यो नेपाली चैतन्यमा आएको सामाजिक, राजनैतिक तथा आर्थिक सचेतताको उपलब्धि पनि हो ।

### ४.१.१ ऐतिहासिक पृष्ठभूमि :

प्रगतिवादी नेपाली कविताको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्न जाँदा नेपाली कविताको उद्भव विन्दु वि.सं.१८२५को सुवानन्द दासको 'पृथ्वीनारायण' नामक कवितासम्मको अध्ययन गर्नुपर्ने हुन्छ। नेपाली कवितामा प्रगतिवादी धाराको विकास चाहिँ आधुनिक नेपाली कविताको युगमा आएर मात्र हुन सकेको देखिन्छ। नेपाली कविता यात्राको पहिलो उद्वोधन वि.सं.१८२५/२६ देखि भएको हो भन्दै विद्वानहरूले नेपाली कविताको विकासक्रमलाई तीन कालखण्डमा विभाजन गरेर यसको चर्चा गरेको पाइन्छ[२]। नेपाली कविताको विकासक्रम थालनी हुनु अघि पनि कविता लेखन सम्बन्धी एकाध चेस्टाहरू नभएका होइनन्, तापनि ती कविताहरू नेपाली कविता लेखनका आभ्यासिक चरणका कविता हुन्। त्यस्ता आभ्यासिक चरणका कविताहरूमध्ये चौधौं शताब्दी तिरको 'बडेराज मलयबम', योगी अम्बरगीरको 'गीतगोविन्द' आदि उल्लेखनीय रहेका छन्। यसरी नेपाली कविता परम्पराको पूर्व चेस्टाका रूपमा लेखिएका कविताहरूले उत्तरवर्ती नेपाली कविताहरूलाई सामाजिकता,

२ ईश्वर बराल, **नेपाली साहित्यको काल विभाजन** ,रूपरेखा पूर्णाङ्क ३५, वि.सं. २०२२, पृ ३४

लोक संस्कृति, नैतिकता एवम् लोकलय तथा शास्त्रीय छन्दको अभिप्रेरणा दिएको देखिन्छ। त्यसैबाट आधुनिक नेपाली कविताको सूत्रपात भएको हो। यसरी उठान भएको नेपाली कविताका विकासक्रमको पहिलो कालखण्डले वि.सं.१८२५/२६ देखि १९४० सम्मको समयावधिलाई लिइएको देखिन्छ र यस कालखण्डलाई नेपाली साहित्यको इतिहासमा प्राथमिक काल एवम् वीर तथा भक्ति धाराको युग भन्ने गरेको पाइन्छ[३]। यस कालका नेपाली कवितामा प्रगतिवादी चेस्टाहरू देखिएका छैनन्। यस कालका कविताहरूमा मूलतः वीरहरूको वन्दना, युद्धको वर्णन तथा राष्ट्रिय एकताका उच्च भावनाहरू मुखरित भएर आएका पाइन्छन्। सन् १८७२ मा अंग्रेजसँग भएको सुगौली सन्धि पश्चात् नेपालीहरूको बहादुरीपन तथा राज्य विस्तार सम्बन्धी आकाङ्क्षा क्रमशः क्षीण हुँदै गएर नेपाली जनजीवनमा भक्तिवादी चैतन्य उद्बोधन हुँदै आएको बोध हुन्छ। नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (वि.सं.१८७२-१९४०) मा नेपाली कविता कृष्ण भक्तिधारा, राम भक्तिधारा र निर्गुण भक्तिधारा गरी मूलतः तीन थरीका भक्तिधारामा प्रवाहित भएको पाइन्छ। प्राथमिक कालका केन्द्रीय प्रतिभाको रूपमा भने भानुभक्त आचार्यको नाम अग्रपङ्क्तिमा रहेको पाइन्छ। उनी मूलतः भक्ति धाराका कवि हुन्। उनका कविताले समग्र नेपाली जनजीवनका चेतनाको क्षितिजलाई उघारी दिएका छन्। प्राथमिककालीन वीरधाराका कविहरूमा सुवानन्द दास, शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, राधावल्लभ अर्याल, यदुनाथ पोखेल, गुमानी पन्तहरू उल्लेखनीय प्रतिभा मानिन्छन् भने भक्तिधाराका कविहरूमा इन्दिरस, विद्यारण्य केशरी, वीरशाली पन्त, हीन व्याकरणी विद्यापति, बसन्त शर्मा, रघुनाथ पोखेल, भानुभक्ताचार्य, पतञ्जली

---

३ ईश्वर बराल, **नेपाली साहित्यको काल विभाजन**, रूपरेखा पूर्णाङ्क ५३, वि.सं. २०२२,पृ ३८

गजुऱ्याल, शशीधर, अगम दिलदास, अखण्ड दिलदास, ज्ञान दिलदास उल्लेखनीय छन्[४]। वि.सं.१९४१ देखि १९७४ सम्मको कालखण्ड नेपाली कविताको माध्यमिककाल मानिएको छ[५]। माध्यमिक कालका कविताको प्रवृत्ति मूल रूपमा श्रृङ्गार प्रधान देखिन्छ। माध्यमिककालीन नेपाली कवितालाई पूर्व माध्यमिक (वि.सं.१९४१-०६१) र उत्तर माध्यमिक ( वि.सं.१९६२-१९७४) गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ।

माध्यमिक कालका कविताहरूमा संस्कृत, उर्दू, फारसी, अङ्ग्रेजी तथा हिन्दी भाषाको काव्यात्मक शैलीको प्रभाव परेको पाइन्छ। यो माध्यमिक काल मूलतः नेपाली कविताको प्रकाशनको युग हो। यस कालमा समस्यापूर्ति र गजल लेखन परम्पराको पनि थालनी र विकास हुन सकेको देखिन्छ। यस कालमा कविता, सेलो, सवाई, लहरी आदिका साथै बाह्रमासे गीत बालुन, खाँडोगीत, ऋतुवर्णन तथा मानवीय जीवन पद्धति र लोक व्यवहारमा आधारित भावनाप्रधान कविताहरूको विकास र विस्तार हुन सकेको पाइन्छ। माध्यमिककालीन नेपाली कविताको क्षेत्रमा सशक्त देखिने कविता साधकहरूमा राजीवलोचन जोशी, होमनाथ खतिवडा, वैयाकरण नेपाल, शिखरनाथ सुवेदी, भुवनप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त, मोतीराम भट्ट, कुञ्जविलास गौतम, तीर्थराज पाण्डे, गोपीनाथ लोहनी, देवीदत्त पराजुली, भवानीप्रसाद खतिवडा, रामप्रसाद सत्याल, कुलचन्द्र गौतम, रेवतीरमण न्यौपाने, केदारनाथ खतिवडा, पहलमान सिंह स्वाँर, कालिदास पराजुली, नरेन्द्रनाथ रिमाल, दधिराम मरासिनी, कृष्णप्रसाद रेग्मी, चक्रपाणि चालिसे, तारानाथ शर्मा नेपाल, शम्भुप्रसाद ढुङ्गेल, बैजनाथ सेढाईं, श्यामजीप्रसाद अर्याल, कृष्णनाथ सिग्देल,

४ भोजराज ढुङ्गेल तथा दुर्गा प्रसाद दाहाल, (सम्पादक) **नेपाली कविता र काव्य** ,एम. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी, काठमाण्डौं, वि.सं. २०६०, पृ ९
५ भोजराज ढुङ्गेल तथा दुर्गा प्रसाद दाहाल, (सम्पादक) **नेपाली कविता र काव्य,** एम. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी, काठमाण्डौं, वि.सं. २०६०,पृ १०

प्रेमप्रसाद भट्टराई, अनङ्गनाथ पौड्याल, दीपकेश्वर लोहनी, छविकान्त उपाध्याय, रुद्रप्रसाद शर्मा प्रभृतिका कविहरूको योगदान उल्लेखनीय रहेको छ भन्ने कुरा विद्वान समालोचकहरूले उल्लेख गरेका छन्[६]।

माध्यमिक कालमा पनि प्रगतिवादी धाराका कविताहरूको रचना हुन सकेको पाइँदैन। वस्तुतः युगको परिवर्तन सँगसँगै सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिकरूपमा भएको मानवीय चेतनाको रूपान्तरणले कला, साहित्य र संस्कृतिमा जुन प्रभाव पर्न आउँछ त्यसैबाट वाद तथा प्रणालीहरूको जन्म हुन्छ[७]। एक युगबाट अर्को युगमा रूपान्तरण हुन, एक वाद तथा प्रणालीबाट अर्को वाद तथा प्रणालीमा सर्न, युगीन वातावरण, सामाजिक, आर्थिक वा सांस्कृतिक परिवर्तन हुनु आवश्यक देखिन्छ। साहित्य समाजका चेतनाको सामाजिक प्रतिबिम्ब हो। अझ त्यसमा पनि कविता विधा त परिष्कार तथा परिमार्जन भाव विम्बको शाश्वत मूर्त रूप हो। त्यसैले कविताको अन्तर तथा वा□य संरचनाको स्वरूपमा युग चेतना एवम् भाव, भाषा र शैलीमा कार्य-कारणको सम्बन्ध रहेको हुन्छ। सामाजिक वा मानवीय चेतनाको विकाससँगै कला र साहित्यको पनि विकास हुने हुनाले नेपाली कविताको क्षेत्रमा अनेक धारा-उपधारा, मोड एवम् प्रवृत्तिहरू देखापरेका छन्। यसको परिणाम स्वरूप नेपाली कविताले वीर, भक्ति र श्रृङ्गार धाराहरूलाई पार गरेर आधुनिक युगमा प्रवेश गरेपछि शास्त्रीयतावादी वा परिष्कारवादी युगको थालनी हुन सकेको देखिन्छ ।

नेपाली कविताको क्षेत्रमा आधुनिकताको प्रवेश वि.सं.१९७५ पछि अर्थात कविशिरोमणि लेखनाथको **ऋतु विचार** खण्डकाव्यको रचना र

६ घटराज भट्टराई (सम्पादक), माध्यमिककालीन कवि र कविता, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं, वि.सं. २०३७, पृ २५
७ घटराज भट्टराई (सम्पादक), माध्यमिककालीन कवि र कविता, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं, वि.सं. २०३७, पृ २६

प्रकाशनबाट हुनसकेको मानिएको छ[८]। यो युग आधुनिक शिक्षा, ज्ञान, विज्ञान र चेतनाको सूत्रपातको युग हो, आधुनिक मानवीय चेतनाको विकाससँगसँगै आधुनिक नेपाली कविता परम्पराको पनि सूत्रपात भएको युग हो। यस युगको प्रारम्भदेखि नै कविताको क्षेत्रमा दार्शनिक, सामाजिक र आर्थिक चेतनाको स्वर मुखरित हुँदै आएको पाइन्छ। यहाँ युग सापेक्ष मानवीय भावनाहरू उजागर भएर आएका छन्। मार्क्सवादी दर्शनको प्रभाव विश्वभरी नै परिरहेको बेला नेपाली कला चैतन्य पनि प्रत्यक्ष वा परोक्ष रूपमा अछूतो रहन सकेन। विश्व साहित्यको प्रभावमा रहेको आदर्शवाद, मानवतावाद तथा शास्त्रीयतावादले आधुनिक नेपाली कविताको प्रथम प्रभातलाई झक्झकाई रहेकोबेला कवि लेखनाथ पौडेलले नेपाली कवितालाई आधुनिकतातिर लम्काउने प्रयास गरेका हुन्। उनमा तत्कालीन समाजको सामाजिक, आर्थिक, साँस्कृतिक तथा दार्शनिक भाव चैतन्यको गहिरो प्रभाव परेको देखिन्छ। उदाहरणका लागि उनका **तरुणतपसी, ऋतु विचार**, **सत्यकलि सम्वाद**, **बुद्धि विनोद** जस्ता काव्य-कृतिलाई उल्लेख गर्न सकिन्छ। आधुनिक ज्ञान, विज्ञान, दर्शन, नीति र मानवता जस्ता विषयवस्तुमा कलम चलाउने पौडेलको अन्तर्चेतना भित्र प्रगतिवादको सूक्ष्म झल्को नदेखिने होइन तर त्यो प्रगतिवादको झल्को समग्र कवि तथा काव्य वैशिष्ट्यको रूपमा भने आउन सकेको पाइँदैन। उनको **तरुण तपसी**, **सत्यकलि सम्वाद**, भित्र मानवतावादी प्रगतिवादको झल्को विद्युतविम्बको रूपमा आएको देखिन्छ। यो उनका सूक्ष्म चैतन्यको प्रगतिशील भावाभिव्यक्ति हो ।

आधुनिक नेपाली कविताको पूर्व सन्ध्यामै शास्त्रीयतावादी काव्य धाराको केन्द्रीयतामा देखिएका कवि लेखनाथ सँगसँगै समकालीन कविहरू

---

८ डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास (तेस्रो नयाँ संस्करण) , वि.सं.२०५१, पृष्ठ ४७

बालकृष्ण सम र सोमनाथ सिग्देलको योगदान पनि उल्लेखनीय मानिन्छ। यस धारामा प्रकृति, संस्कृति, समाज, दर्शन, विज्ञान र नीति चैतन्य जस्ता बिषयवस्तुहरूको उठान गरी कविताको अन्तर्वस्तु सिर्जना गरिएको छ। यहाँ शैक्षिक जागरण र सामाजिक तथा सांस्कृतिक पुनर्निमाणको स्वर पनि मुखरित हुन सकेको पाइन्छ । यस धाराका कवितामा मानवतावाद र आदर्शवाद भित्र सौन्दर्य चेतनाको तीव्रता र शिल्पगत परिष्कृतताको प्रयोग पनि हुन सकेको पाइन्छ। त्यसैले यस शास्त्रीयतावादी धारालाई परिष्कारवादी धारा भनिएको छ[९]। यस धाराबाट नेपाली कविताले कवि अन्तर्चेतनाको दार्शनिक चिन्तनलाई उजागर गरे तापनि निश्चित परिधिभित्र रहेर मार्क्सवादी दर्शन वा प्रगतिवादी काव्य चैतन्यलाई चाहिँ सैद्धान्तिक रूपमा उजागर गर्न सकेको पाइन्न।

नेपाली कविताको क्षेत्रमा आधुनिक युग चेतनाको अर्को मोड स्वच्छन्दतावादी धाराका रूपमा उदाएको पाइन्छ। खासगरी वि.सं.१९९१ देखि स्वच्छन्दतावादी कविता धाराको उदयमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको उल्लेखनीय योगदान रहेको पाइन्छ। कवि देवकोटाले नेपाली कविताका क्षेत्रमा लेखनाथ तथा समको क्लासिकल काव्य प्रणाली भन्दा पृथक स्वच्छन्दतावादी काव्य धारा भित्र्याएका हुन्। देवकोटा पाश्चात्य जगतका कुनै एकजना रोमान्टिक कविबाट प्रभावित भएका होइनन्, उनी ब्लेकको रहस्यवाद, वर्डस्वर्थको प्रकृतिमूलक मानवतावाद, कलरिजको मानव मनलाई प्रकृतिबाट झल्काउने विलक्षण भावछवि, किट्सको इन्द्रिय संवेद्य प्रकृति छटा, बाइनरको प्राकृतिक रौद्रता तथा क्रान्ति राग र शेलीको विद्रोहपूर्ण मानवतावाद आदिको प्रेरणाबाट प्रभावित भएका देखिन्छन् । कल्पनाको केन्द्रियताभित्र आत्माभिव्यक्तिमूलक प्राकृतिक

९ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** साझा प्रकाशन, वि.सं. २०३४, पृ. ४६/४७

चेतना, आधुनिक मानव सभ्यता र संस्कृतितर्फ उन्मुख कवि देवकेटा मानवीय प्रवृत्ति, अवचेनत आवेगको भाव सत्य र रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने चिन्तनबाट पनि उत्प्रेरित देखिन्छन् । उनको काव्य चैतन्य मार्क्सवादी सामाजिक दर्शनबाट पनि अछूतो रहन सकेको छैन। त्यसैले महाकवि देवकोटाको काव्य संरचनागत मूल प्रवृत्तिको पूर्वार्ध वि.सं. १९९१-२००४ सम्म स्वच्छन्दतावादी -मानवतावाद र उत्तरार्ध २००५-२०१६ सम्म चाहिँ स्वच्छन्दतावादी-प्रगतिवादको रूपमा रहेको देखिन्छ । उनका 'कामीदाइ', 'पूर्णचाकी स्वास्नी मरी' र 'ढुङ्गा फोर्दी' जस्ता कविताले प्रगतिवादको सङ्केत दिएका छन्। आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराको केन्द्रियतामा कवि देवकोटासँग समकालीन युग चेतना भर्ने कविहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, केदारमान व्यथित, भूपि शेरचन आदिको योगदान उल्लेखनीय रहेको मानिन्छ[१०]।

यस अवधिको काव्य प्रवृत्ति हेर्दा स्वच्छन्दतावादी धाराका कविताहरू स्वत:स्फूर्त आत्मपरक भावाभिव्यक्ति प्रधान रहेका पाइन्छन्। यस धाराका कविहरूले छन्दको बन्धनलाई तोडेर गद्य कविता लेखन परम्पराको पनि थालनी गरेका छन्। यस धाराका कवितामा भावावेगको प्रधानता र कल्पनाको उडान पाइन्छ। यहाँ राष्ट्रप्रेम, आत्मसम्मानको भावना र सामाजिक जागरणको स्वर अभिव्यञ्जित हुन सकेको छ। यस धाराका कवितामा अति आधुनिकीकरण, शहरीकरण तथा औद्योगिकरणबाट उत्पन्न भएको अन्योल, जटिलता, अमानवीयता र अराजकताको विरोध गरिएको छ भने ग्रामीण, सरल र अज्ञानतापूर्ण सामाजिक अवस्थाप्रति सहानुभूति र

१० रत्नध्वज जोशी, आधुनिक नेपाली साहित्यको झलक, साझा प्रकाशन, काठमाण्डौं, वि.सं. २०२१, पृष्ठ १६-१७

आस्थाको भाव अभिव्यक्त गरिएको छ । आर्थिक समता र विषमताको आधारमा गरिने सामाजिक भेदभावको विरोध र सामन्ती राज्य सत्ताबाट गरिँदै आएको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनलाई न्यायपूर्ण समतामूलक समाजको स्थापनाद्वारा अन्त्य गरिनु पर्छ भन्ने आग्रह गरिएको छ। यस धाराका कवितामा भारतीय साहित्यकार रवीन्द्रनाथ ठाकुर, जयशङ्कर प्रसाद, सुमित्रानन्दन पन्त, सूर्यकान्त त्रिपाठी निराला, महादेवी वर्मा र संस्कृतका कालिदास र अश्वघोषका कवितात्मक प्रवृत्तिको प्रभाव पनि पाइन्छ। गद्य कविताको आरम्भ र प्रगतिवादी कविता धाराको सूत्रपात पनि यसै धाराका कवि गोपालप्रसाद रिमालबाट हुन सकेको पाइन्छ ।

कवि रिमाल स्वच्छन्दतावादी-प्रगतिवादी कवि हुन्। उनी प्रकृतिका अनेक तत्वलाई मानवीय चेतना र संवेदनशीलतामा सम्मिलित गराई प्रगतिवादी काव्य चैतन्यलाई आफ्ना कवितामा प्रस्तुत गर्न पुगेका देखिन्छन्। प्रकृतिलाई चाहिँ उनले नारीका रूपमा सर्वसंवेद्यमयी ठानेको पाइन्छ। रिमालका कवितामा सौम्य क्रान्ति-राग र विद्रोहात्मक क्रान्ति चेतना दुबै पाइन्छन्। 'आमाको सपना', 'आमाको वेदना' र 'परिवर्तन' जस्ता कवितामा क्रान्ति र विद्रोहको भाव प्रस्तुत हुन सकेको पाइन्छ। उनका कवितामा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानले युक्त, विद्रोहात्मक क्रान्ति चेतना र विद्रोहका भाव पनि सर्वसंवेद्य भएर आएका देखिन्छन् । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानले युक्त, विद्रोहात्मक क्रान्ति चेतनाले भरिएका व्यञ्जनात्मक कविता रचना गर्ने कवि रिमालले राष्ट्र र जनकल्याणमा लाग्ने वीर योद्धाहरूलाई अन्याय, अत्याचारका विरुद्ध लड्न र न्याय, स्वतन्त्रता तथा समानताको आन्दोलनमा अग्रसर हुन प्रेरणा प्रदान गरेका छन्। यसै प्रेरणाबाट नेपाली कविताका क्षेत्रमा प्रगतिवादको मिरमिरे किरण छरिएको हो ।

कवि गोपालप्रसाद रिमालले वि.सं.२००० सालमा रचेको 'आमाको सपना' कविताबाट आरम्भ भएको प्रगतिवादी नेपाली कविता धारामा “सन्देश” नामक कविता (**उदय** पत्रिका-२००२) लिएर श्यामप्रसाद शर्मा देखापर्दछन्। श्यामप्रसाद शर्माका 'कृषि उद्धार'(**उदय** २००३), 'यथार्थता नै लिऊँ'(**उदय**-२००७), 'मनुष्यजुनी'(**उदय**-२००७) र अन्य फुटकर कविताहरू नख्खुबाट प्रकाशन हुने **स्लेट** पत्रमा प्रकाशित भएका देखिन्छन्। उनका यी सबै कविताहरूमा वर्गीय समाजको वर्गीय दृष्टिकोण पाइन्छ ।

यसरी कवि रिमालबाट शुरू भएको नेपाली कविताको प्रगतिवादी धारामा कृष्णचन्द्र सिंह प्रधानको नाम अग्रपङ्तिमा आउँछ। उनले २००३ देखि २००७ सम्म रचेका कविताहरूको सँगालो **'भन्ज्याङ्गनिरै'** (कविता सङ्ग्रह) २००८ सालमा प्रकाशित भएको देखिन्छ। यो कविता सङ्ग्रह नै प्रगतिवादी नेपाली कविता धाराको पहिलो सौगात हो। यस कविता सङ्ग्रहको भूमिकामा कवि प्रधानले प्रगतिवादी मान्यता, वर्गीय दृष्टिकोण र परिवर्तनकारी चाहनाहरूको उल्लेख गरेका छन्। त्यसैले नेपाली कविताको परम्परामा कवि कृष्णचन्द्र सिंह प्रधानलाई प्रगतिवादी कविताका संस्थापक कवि भनिएको पाइन्छ [११]।

### ४.१.२ सामाजिक पृष्ठभूमि :

आदिमकालदेखि नेपाली समाजको स्वरूप र संरचना विकसित हुँदै आउँदा समाजमा देखिएका अनेक आरोह अवरोहले नेपाली समाजमा पारेको प्रभावबाट कला-साहित्य पनि अछूतो रहन सकेको पाइन्न । सामाजिक चेतनाको उत्कर्षतासँगै काव्य-कवितामा यथार्थवादी जीवनदर्शन र आर्थिक, सामाजिक एवम् सांस्कृतिक उत्कर्षका स्वरहरू गुञ्जन थालेका पाइन्छन्। साहित्य समाजको दर्पण हो, त्यसैले समाजमा विद्यमान रुढी,

---

११ रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक,** साझा प्रकाशन, काठमाण्डौं, वि.सं.२०३९, पृ.३३

अन्धविश्वास, छुवाछूत, सामाजिक शोषण, अन्याय, अत्याचार एवम् सामन्तवादी हैकमवादका विरुद्ध जनआवाजहरू कलात्मक रूपमा गुञ्जित हुन वा घन्कन थालेपछि प्रगतिवादी कविताको थालनी हुन सकेको पाइन्छ ।

एकातिर नेपाली समाजमा सामन्तवाद र हैकमवादको बोलवाला रहेको, जमिन्दारी प्रथाको विगविगी र उपनिवेशवादीहरूको त्रासदीपूर्ण व्यवहारबाट राष्ट्रियता नै सङ्कटग्रस्त रहेको अवस्थामा अशिक्षित नेपाली समाजमा दैनिक जीवन यापन गर्न, दाल, भात जुटाउन धौ-धौ परिरहन्थ्यो भने अर्कातिर सत्तासीन शासकहरूद्वारा गरिँदै आएको चर्को शोषणले नेपाली जनता ग्रस्त र त्रस्त थिए । समाजमा टुनामुना, धामी, झाँक्री, ओझा, विजुआ, ज्योतिषी, पुरोहितका परम्परावादी रुढीवादी विचारहरू हावी भईरहन्थे। यस्तो अवस्थाबाट अघिबढिरहेको नेपाली समाज, राष्ट्रिय राजनैतिक उथल-पुथल र नेपालको रजनीतिमा देखापरेका सुगौली सन्धि, (सन् १८७२), कोतपर्व (वि.सं.१९०३), भण्डारखाल पर्व (वि.सं. १९०३), जहानियाँ राणा शासनको उदय र विकास, वि.सं. २००७ सालको राणा विरोधी आन्दोलन, चिनियाँ नौलो जनवादी क्रान्ति (सन् १९२१-१९४९), भारतीय स्वतन्त्रता सङ्ग्राम (सन् १९४७), नेपालमा प्रजातन्त्रको स्थापना (वि.सं.२००७) र त्यसपछि राष्ट्रिय राजनीतिमा देखिएको अराजकता तथा अन्योलपूर्ण स्थितिबाट नेपाली चेतनामा आएको परिवर्तनले नेपाली कविताको क्षेत्रमा प्रगतिवादी सोच र चिन्तनको वीजारोपण हुनसकेको हो । वि.सं.२००७ पूर्व खासगरी राणाकालीन सामाजिक अवस्थाबाट नेपाली जनजीवन आक्रान्त थियो। नेपालीहरू सम्पूर्ण नैसर्गिक एवं मौलिक अधिकारबाट बञ्चित थिए। यसरी राणाकालीन निरङ्कुशतन्त्रबाट दबिएर बस्नु परेका नेपाली चैतन्यको आमूल परिवर्तनकारी सोच नै नेपाली प्रगतिवादी कविताको सामजिक पृष्ठभूमि हो भन्ने देखिन्छ ।

### ४.१.३ राजनीतिक पृष्ठभूमि :

वि.सं.२००७ को जनआन्दोलन र राणाकालीन शासन तन्त्रको अन्त्यसँगसँगै उठान भएको प्रगतिवादी नेपाली कविता परम्पराको राजनैतिक पृष्ठभूमि राणाकालीन नेपाली राजनीतिबाट शुरू भएको हो। जहाँनियाँ तन्त्र, एकाधिकारवाद, उत्पादन प्रक्रिया र उत्पादन सम्बन्ध, भू-स्वामित्वको स्थिति एवम् समग्र राजनीतिक प्रणालीमा भएको सामन्तवादी संरचना र त्यसबाट प्रभावित नेपाली जनजीवनको अवस्था नै प्रगतिवादी कविताको राजनैतिक पृष्ठभूमि हो भनेर भिम रावलले भनेको पाइन्छ[१२]। नेपाली राजनीतिको ऐतिहासिक परम्परामा सत्ता प्राप्तिका लागि हुँदै र गरिँदै आएका रक्तपातपूर्ण घटनाहरू, व्यक्ति या परिवारको स्वार्थपूर्तिलाई केन्द्र बनाई शासन गर्ने शासकहरूको परम्परा तथा फुटाउ र शासन गर भन्ने नीति लिएको दरवारीयातन्त्रले लामो समयसम्म नेपाली जनचेतनालाई मुक्त हुन नदिनुबाट नेपाली समाजमा विद्रोहात्मक क्रान्ति चेतना अभिमुख भएर आएको हो र यसै पृष्ठभूमिबाट प्रगतिवादी कविताको वीजारोपण भएको हो।

नेपाली चेतनामा भएको जागरुकताले आफ्नो देश, राष्ट्रियता, नागरिक अधिकार र आर्थिक शोषणका विविध पक्षलाई अवगत गर्न थाल्यो। नेपालमै छापाखाना एवम् छपाईको काम पनि शुरू भईसकेकाले र आधुनिक शिक्षा-दीक्षाको प्रारम्भ पनि भइसकेकाले अझ चेतना प्रवाहमा सहजता ल्याउन वि. सं.१९५८ देखि नेपालमै **गोरखापत्र**को प्रकाशन पनि शुरू गरियो । यसरी प्रकाशनको युगमा प्रवेश गरिसकेको नेपाली चैतन्यले बनारस, दार्जिलिङ्ग र देहरादूनबाट विभिन्न नामले राणा विरोधी पत्र-पत्रिकाहरूको प्रकाशन गर्दै ल्यायो। यसबाट नेपाली जनचेतना क्रमिक रूपले विकसित हुँदै गयो। त्यसबेला बनारसबाट प्रकाशित

---

१२ भिम रावल, नेपाली साम्यवादी आन्दोलनको उद्भव र विकास, पैरवी प्रकाशन, काठमाण्डौं,वि.सं.२०४७, पृ १०-१२

**गोर्खाली** पत्रिकाले राणा शासनको ठाडो विरोध गरेको देखिन्छ। यसैगरी त्यस युगमा नेपाली जनचेतनाको प्रसार गर्ने उद्देश्यले दार्जिलिङ्बाट **गोर्खे खबर कागत** सन्-१९०१, खरसाङ्बाट **चन्द्रिका** वि.सं.-१९७४, वनारसबाट **जन्मभूमि** वि.सं.-१९७९, देहरादूनबाट **गोर्खा संसार** वि.सं.-१९८३, देहरादूनबाटै **तरुण गोर्खा** वि.सं.-१९८५ र दार्जिलिङ्बाट **नेपाली साहित्य सम्मेलन पत्रिका** वि.सं.-१९८८, वनारसबाट **उदय** वि.सं.-१९९४, काठमाण्डौबाट **शारदा** वि.सं.-१९९२ र **उद्योग** वि.सं.-१९९२ जस्ता पत्र-पत्रिकाहरू नेपाली जनचेतनाको अभिवृद्धिमा उल्लेखनीय उर्जा बन्न पुगेका देखिन्छन् ।

आधुनिक शिक्षा-दीक्षाको प्रारम्भसँगै प्रथम तथा दोस्रो विश्वयुद्धमा सहभागी भएका नेपाली युवकहरू युरोप र भारतका विभिन्न ठाउँमा रही त्यहाँको जनजीवन र राजनैतिक परिवेशलाई नियालेर युद्ध समाप्ति पछि नयाँ विचार र संसारको नयाँ अनुभव बटुली स्वेदश फर्कन्छन्। त्यसको फलस्वरूप वा□य संसारसँग नेपालको सम्पर्क हुन पुगेको देखिन्छ। यसबाट नेपालमा विद्यमान धार्मिक आडम्बर र रुढीवादी मान्यता यथास्थितिमा रहन सकेन। यसरी नेपाली चेतनाको क्षितिज उघ्रँदै जाँदा वि.सं.१९७७ मा आइपुग्दा सती प्रथा र वि.सं. १९८२ मा दास प्रथाको अन्त्य हुन पुगेको पाइन्छ ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्दा सन् १९१७ को ‘रुसी महान अक्टुवर क्रान्ति’को प्रभावले संसारका सबै तानाशाहहरूको मानसिकतालाई हल्लाई रहेको बेला नेपालका छिमेकी राष्ट्रहरू भारत र चीन पनि त्यस प्रभावबाट अछूतो रहन सकेनन्। त्यसै प्रेरणाबाट भारतीयहरूले व्रिटिस साम्राज्यवादका विरुद्ध भारतीय स्वतन्त्रता सङ्ग्रामको शुरूवात गरे। त्यसमा पनि नेपाली युवा वर्गको सक्रिय भूमिका रहेको देखिन्छ। भारतमा

भएको 'ब्रिटिस भगाओ आन्दोलन' मा सहभागी नेपाली युवा विद्यार्थी र भूतपूर्व सैनिकहरूमा आएको युगीन चेतनाले नेपालको निरङ्कुशता विरुद्ध सङ्घर्ष गर्न शुरू गऱ्यो ।

राजनीतिक रूपमा सङ्गठित भएका नेपाली युवाहरूले नेपालमा विद्रोहका स्वरहरू फैलाउने काम वि.सं.१९७७ को सुब्बा कृष्णलालद्वारा संरचित **मकैको खेती** नामक कृतिबाट शुरू गरेका हुन् [१३]" भनेर नेपाली साहित्यको इतिहासका लेखक तानाशर्माको भनाइ पाइन्छ। नेपालको पहाडी क्षेत्रमा मकैको खेती कसरी राम्रो गर्न सकिन्छ भन्ने सन्दर्भलाई लिएर लेखिएको त्यस कृतिमा तात्कालीन शासन, प्रशासन र जहानियाँ तन्त्रको राम्रो विश्लेषण गरिएको छ। त्यसैकारण सुब्बा कृष्णलाललाई राणाहरूले ९ बर्षसम्म जेल सजाय समेत दिए र उनको जेलमै मृत्यु पनि भएकाले यस घटनालाई 'मकै पर्व' भन्ने गरिन्छ। यो पर्व नै नेपालमा राणा विरोधी राजनैतिक तथा साहित्यिक विद्रोहात्मक आन्दोलनको पहिलो रूप हो। यसरी वि.सं.१९७७ को मकै पर्वमा निरपराध व्यक्ति सुब्बा कृष्णलालले पाएको सजाय र मृत्युबाट सचेत नेपाली युवा वर्गमा अझ क्रान्तिका अन्तरज्वाला आवेगपूर्ण बनेर आए। वि.सं.१९८८ मा 'प्रचण्ड गोर्खा' तथा वि.सं.१९९३ मा 'नेपाल प्रजापरिषद्' को गठन हुन पुग्यो । राजनीतिक चेतनाको प्रवाहलाई अझ प्रवाहित गर्ने हेतुले वि.सं.१९९४ मा महावीर स्कूलको समेत स्थापना गरियो। यी गतिविधिहरूलाई राणा विरोधी आन्दोलनमा नयाँ जागृतिको मोड भनिएको छ। यसपछि वि.सं.१९९६ मा भएको 'पुस्तकालय काण्ड', वि.सं.१९९७ मा 'नेपाल प्रजापरिषद्' ले नेपाली जनतालाई सचेत र आन्दोलित तुल्याउन राणा शासन विरुद्ध छापेका पर्चाहरू पनि यस सन्दर्भमा उल्लेख्य छन्।

---

१३ डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृष्ठ ४०-४८

सामन्तहरूका सुराकीहरूले पर्चाको भेद पत्तालगाएर राणाहरूलाई पोल लगाउँदा तत्कालीन प्रजा परिषद्का नेता तथा कार्यकर्ताहरू समातिए। ती मध्ये गंङ्गालाल, दशरथचन्द्र, शुक्रराज शास्त्री र धर्मभक्तलाई राणाहरूले सर्वस्वहरण सहित मृत्युदण्ड दिए। महावीर स्कूल र प्रजा परिषद्का अगुवाइमा गठित नेपाली नागरिक अधिकार समितिका पदाधिकारीहरूलाई पनि दण्ड जरिमाना गरियो। राणाहरूले शहीद काण्ड मच्चाएर नेपाली जनतालाई पुन: आतङ्कित तुल्याए। यस काण्डले नेपाली जनचेतनामा खैलाबैला मच्चियो। यसबाट राणा विरोधी मानसिकता भने झन तिख्खर भएर आयो ।

त्यसको परिणाम स्वरूप वि.सं. १९९८ मा गणतन्त्र नेपाल जिन्दावाद भन्ने तुमुल ध्वनिका साथ 'अखिल नेपाल वर्ग महासभा' को गठन भयो। यसपछि वि.सं.२००३ सालमा 'अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस', वि.सं. २००३ सालमा नै 'नेपाली राष्ट्रिय कांग्रेस', वि.सं. २००५ सालमा 'नेपाल प्रजातन्त्र कांग्रेस', वि.सं. २००६ सालमा 'नेपाली कांग्रेस, वि.सं. २००६ सालमा नै 'नेपाल कम्युनिष्ट पार्टी' को स्थापना हुन सकेको पाइन्छ। यसरी पूर्ववर्ती राजनीतिक पार्टीहरू र नेपाल कम्युनिष्ट पार्टीको स्थापनाबाट नेपालको राणा विरोधी अन्दोलनले नयाँ उचाइ ग्रहण गर्‍यो[१४]। नेपाल कम्युनिष्ट पार्टीको स्थापनाले नेपाली जनमानसमा मार्क्सवादी दार्शनिक चेतनाको विकास गर्न ठूलो सहयोग पुर्‍यायो र कला साहित्यको क्षेत्रमा पनि त्यस दर्शनले महत्वपूर्ण उर्जा थपिदियो। त्यसैबाट नेपाली साहित्यको क्षेत्रमा प्रगतिवादी चिन्तन धाराको उदय हुन पुगेको हो ।

संक्षेपमा भन्नुपर्दा वि.सं.२००७ पूर्वका राजनैतिक परिवेश र परिस्थितिहरू, जहानियाँ राणातन्त्र विरोधी सङ्घर्षका अनेकौं चरणहरू,

१४ बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, (प्रकाशिका कृष्ण कुमारी देवी) दुधविनायक वाराणसी, वि.सं.२०३३, पृ. ३७०-३७५

नेपाल कम्युनिष्ट पार्टीको स्थापना, चिनियाँ नौलो जनवादी आन्दोलन, भारतीय स्वतन्त्रता सङ्ग्राम, विश्व क्रान्तिकारी कम्युनिष्ट पार्टीका जुझारु कार्यक्रमहरूद्वारा नेपाली जनमानसमा उत्पन्न भएको क्रान्तिकारी, साम्यवादी चैतन्यकै पृष्ठभूमिबाट आधुनिक नेपाली कविताको क्षेत्रमा प्रगतिवादी कविताको जन्म हुन सकेको देखिन्छ ।

### ४.१.४ आर्थिक पृष्ठभूमि :

नेपाल राज्यको एकीकरण हुनुभन्दा पहिलेदेखि नै यहाँ रहेका बाईसे, चौबीसे अर्थात् भूरे टाकुरे राज्यहरूमा सामन्तवादी राज्य व्यवस्था र पूँजीवादी अर्थ व्यवस्था चल्दै आएको थियो। पृथ्वीनारायण शाहले आजभन्दा करिब २४० बर्ष अघि राज्य एकीकरण गर्न थालेपछि झन् सुदृढ रूपमा पूँजीवादी सामन्तवादी अर्थनीति लागू हुँदै आएको देखिन्छ। प्रगतिवादी नेपाली कविताको विकासमा नेपालको अर्थतन्त्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ । पृथ्वीनारायण शाहको राज्यारोहण वि.सं. १७९९ मा भएको हो । त्यसपछिको निरन्तर शाहवंशीय शासनकाल (वि.सं.१८००) र अलौपर्व (वि.सं.१९०३) पछि नेपाली जहाँनियाँ निरङ्कुश शासन तन्त्रका संस्थापक जङ्गबहादुर राणाको उदयबाट नेपाली अर्थतन्त्रमा ठूलै नकारात्मक प्रभाव परेको देखिन्छ । यसपछिको नेपाली समाजमा आर्थिक समता र विषमताको आधारमा गरिदैँ आएको भेदभाव, छुवाछूत, दासप्रथा, सतीप्रथा, सामाजिक, आर्थिक, मानसिक र शारीरिक शोषण आदिका स्वरूपमा कुनै कुनै कालखण्डमा आएर केही सुधार भएपनि बाँकी अवशेषहरू अद्यावधि रहेकै देखिन्छन्। इतिहासकारहरूले राणाकालीन समयलाई नेपालको इतिहासमा मध्ययुगको संज्ञा दिइएका

छन्[१५]। त्यसैले यस कालखण्डमा नेपाली जनजीवनको आर्थिक अवस्था अति दयनीय रहेको अनुमान गरिन्छ। पृथ्वीनारायण शाहभन्दा पछि विशेष गरेर राणाकालको उदय (वि.सं.१९०३) देखि भने नेपाली समाजको आर्थिक अवस्था विश्लेषणीय रहेको देखिन्छ। आर्थिक, सामाजिक, राजनैतिक रूपले उत्पीडित नेपालका जनता अशिक्षा, भोक, रोग, त्रासले जीवन जीउन वाध्य थिए। केही सिर्जनशील हातहरू पनि सबैखाले अवसरहरूबाट वञ्चित हुनुपर्दा दाल, भात, दौरा जुटाउनका निम्ति विदेशिन बाध्य थिए। तत्काल कृषिमा आधारित ९८ जनताले आफ्नो श्रम र पसिना बगाएर उत्पादन गरेको अन्न, सागपात र फलफूलको मूल्य निर्धारण एउटा कुनै विदेशी व्यापारीबाट गरिन्थ्यो । सामन्तवादी, पूँजीवादी अर्थनीति भएकै कारण त्यसमा कहीँ कतैबाट पनि सरकारी दृष्टि पर्दैनथ्यो र परिहाले पनि कमिसनतन्त्र र कालोबजारीतन्त्रका कारणले त्यसको कुनै प्रभाव जनतासम्म आइपुग्दैनथ्यो। राणाकालीन व्यवस्था वि.सं. २००७ सम्म आइपुग्दा पनि देशमा औद्योगीकरणको अवधारणासम्म आउन सकेको पाइन्न। मुलुकमा खोलिएका २/४ वटा उद्योगहरूमा पनि विदेशी दलाल पूँजीपतिहरूको नै बोलवाला भएको पाइन्थ्यो। पूँजीवादी, सामन्तवादी, जहानियाँ तन्त्रका सत्तासीन नाइकेहरू व्यक्ति स्वार्थ र परिवार स्वार्थमा डुबी नेपाली जनताबाट उठेको तिरो, कर वा अन्य कुनै राजस्वबाट सङ्कलित भएको रकम घरायसी कामकाज र मोजमज्जामा खर्च गर्न पुगेका देखिन्थे। समाजमा धनवानको मात्र बोलवाला रहेको देखिन्थ्यो भने गरीव, किसान, मजदूर एवम् निम्न वर्ग वा सर्वहारा वर्गले यहाँ न न्याय पाउन सकेका थिए न त दुई छाक खान, उनीहरूसँग न नागरिक हक थियो न मानवअधिकार नै । यसरी जीवन धान्न पाउने अधिकारबाट, बोल्न,

---

१५ बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, पूर्ववत् पृ. ४०

लेखन र स्वतन्त्र व्यवसाय गर्ने अधिकारबाट, शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित हुन पुगेका नेपालीहरू वास्तवमै निरीह र शोषित थिए। आफूले दशनङ्ग्रा खियाएर आर्जन गरेको अन्नबाली समेतमा सत्तासीन सामन्त, शोषक वर्गहरू र तिनका पक्षपोषण गर्ने दलाल तथा चाटुकारहरूको शोषण चल्दथ्यो। अत: सत्ताधारीहरूले सर्वसाधारण नेपाली जनतामा गरेको दमन र सामन्तवादी अधिनायकवादद्वारा गरिने सामाजिक उत्पीडनबाट नेपाली जनताको हृदय पटलमा जुन प्रकारको क्रान्ति राग उत्पन्न हुन आयो त्यसैबाट प्रगतिवादी नेपाली कविता सिर्जनाको पूर्वाधार खडा भएको भन्ने विद्वान समालोचकहरूको भनाइ रहेको पाइन्छ[१६]।

नेपाली समाजलाई आर्थिक विपन्नतातर्फ धकेल्न र सामाजिक, आर्थिक तथा मानसिक शोषण गर्न त्यसबेलाको सामन्तवादी अर्थव्यवस्था नै प्रमुख कारक मानिन्थ्यो। ब्रिटिस साम्राज्यवादको सहयोगमा नेपाली युवाहरूलाई सेनामा पठाउँदा समेत राणाहरू कमिशन लिने गर्दथे। त्यसबेला भू-स्वामित्वको स्थिति सम्पूर्ण उच्च दरबारियावर्ग, भाइभारदारहरू र जमिन्दार, आदिका हक भोगमा मात्र रहेको थियो। व्यापारको स्थिति राम्रो थिएन। उत्पादनका वस्तुहरू निर्यात योग्य थिएनन्। देशमा रहेका काठ, ढुङ्गा र पानीमा पनि प्राय विदेशी भारतीयहरूको वर्चस्व थियो। नोकरीको अवस्था पनि राम्रो थिएन। नेपाली जनताका छोराहरूले नोकरी पाउन राणाहरूको चाकरी गर्नुपर्थ्यो। त्यहाँ योग्यता र क्षमताको कुनै कदर थिएन। अध्ययनका लागि स्कूल थिएनन्। कसै-कसैले भारत गएर अध्ययन गरेर आएपनि वेरोजगारी नै भएर बस्नुपर्ने बाध्यता थियो। सामन्तवादी सत्ताको पुरुष प्रधान जहानियाँ शासनतन्त्रले छोरीहरूका लागि

१६ जगदीशचन्द्र भण्डारी, **नेपाली कविता रेखाङ्कन र विश्लेषण,** मुन्नी भण्डारी, काठमाण्डौं, वि.सं. २०५५, पृ ३२-३३

शिक्षाको कुनै अवसर दिएको थिएन । त्यसकारण महिला रोजगारको कुनै सम्भावना थिएन। नेपाली जनताको जीवन सहारा भनेको नै खेतीपाती थियो। यस्तो आर्थिक विपन्नता युक्त सामाजिक अवस्थाको चित्रण तत्कालीन सचेत चैतन्यका रूपमा देखिएका कवि भानुभक्त आचार्यको एउटा व्यङ्ग्यात्मक अभिव्यक्तिले पनि पुष्टि गरेको देखिन्छ ।

उदाहरणार्थ :

"जागीर छैन धनी म छैन घरको केबल कुदालो खनी
खान्थ्याँ दु:ख गरेर चाकरी गर्‍याँ मान पाउँलाकी भनी [१७]

यस कवितामा कविले तत्कालीन नेपालको अर्थतन्त्रलाई देखाउने प्रयत्न गरेका छन्। तत्कालीन नेपाली समाजमा विद्यमान गरीबी, वेरोजगारी र चाकरीप्रथा तथा समग्र नेपाली जनजीवन नै केबल कृषिमा मात्र आश्रित हुनुपर्ने बाध्यतालाई देखाएका छन् भने जागीर खान तत्कालीक शासकहरूको ठूलै चाकरी गर्नुपर्ने यथार्थताको पनि चित्र उतारिएको छ ।

यसरी जागीर, व्यापार, उद्योग जस्ता कुनैपनि इलम गर्न नपाइ गरीबीको रेखामुनी रहन वाध्य भएका नेपाली जनता, त्यही जनताको शोषण गरी मोज उडाउने सत्तासीन शासकहरू, देशका सम्पूर्ण उत्पाद्यवस्तु तथा उत्पादनका स्रोतहरू हत्याएर एकत्रित गरी विदेश लैजाने दलाल पूँजीपति व्यापारीहरूका क्रियाकलापद्वारा विकसित नेपाली जनताको विद्रोहात्मक क्रान्ति चैतन्यको पृष्टभूमिबाट प्रगतिवादी कविताको भावभूमि तयार भएको हो भन्न सकिन्छ ।

---

१७ भानुभक्त आचार्य, भानुभक्तको रामायण (अन्य कृति तथा फुटकर रचना समेत), साझा प्रकाशन, काठमाण्डौं, वि.सं. २०५२, पृ २४५

## ४.२ प्रगतिवादी नेपाली कविताको विकासक्रम :

प्रगतिवादी नेपाली कविताको थालनी र विकासमा नेपालको राजनीति, नेपाली जनजीवनको सामाजिक, आर्थिक र सांस्कृतिक प्रभाव महत्वपूर्ण रहेको देखिन्छ। नेपाली कविता लेखनका क्षेत्रमा वि.सं. १८२५/२६ देखि १९४० सम्मको काल खण्डलाई प्राथमिक काल भनिएको छ । यस कालमा नेपाली कविता मूलतः वीर धारा र भक्ति धारामा प्रवाहित रहेको पाइन्छ ।

वि.सं.१८७२ को सुगौली सन्धिपछि नेपाली भाव-चैतन्यबाट युद्धको साहसिक उत्कर्षता क्रमशः घट्दै गएर नेपाली मानसिकतामा भक्तिवादी चिन्तन शुरू हुन थालेपछि दरबारिया तथा उच्च सामन्तहरूका महलहरूमा भारतको वृन्दावनतिरबाट ल्याइएका नृत्य, नृत्यङ्गनाहरूले कृष्ण भक्तिभावमा ओतप्रोत भएका गीत तथा नृत्यहरू प्रस्तुत गर्न थालेपछि त्यसको प्रभाव क्रमशः नेपाली चैतन्यमा प्रवेश गर्न लाग्यो। अतः युग चेतना र समयको गतिसँगसँगै नेपाली कवितामा भक्तिवादी भावधारा प्रवाहित भएर आयो । त्यसैबाट प्रभावित भएर नेपाली कवितामा कृष्ण भक्तिधारा, राम भक्तिधारा र निर्गुण भक्तिधाराका कविताहरू रचिन थालिएका देखिन्छन्। यसरी भक्तिवादी धाराबाट अघि बढिरहेको युग चेतना मोतीराम भट्टको नेतृत्व पाएर श्रृङ्गारधारा वा श्रृङ्गारयुगमा परिवर्तन हुन पुग्यो । सामाजिक संरचनाको भाव चैतन्यमा परिवर्तन आउँदा विज्ञानको विकासले लेखनमा मात्र सीमित रहेको युगलाई प्रकाशनको युगमा पुऱ्याइदियो। यस युग वा काव्य धारालाई नेपाली साहित्यको इतिहासमा श्रृङ्गार युग वा 'श्रृङ्गारिक धारा' भनिएको छ । यो धारा वि.सं.१९४१ देखि १९७४ सम्म रहेको देखिन्छ । यसमा पनि वि.सं.१९४१ देखि १९६१ सम्मको समयलाई पूर्व माध्यमिक र

१९६२ देखि १९७४ सम्मलाई उत्तर माध्यमिक काल भनिएको पाइन्छ[१८]। नेपाली कविताको ऐतिहासिक परम्परा अनुसार वि.सं.१९७५ भन्दा यताको समयलाई आधुनिक काल भनिएको छ ।

नेपाली कविताको आधुनिक कालमा देखिएका अनेक धारा, मोड र प्रवृत्तिहरूले नेपाली युगचेतना, भावचेतना र काव्यचेतनाको क्षितिजलाई उघारी दिएका छन्। आधुनिक नेपाली कविताको पहिलो धारा शास्त्रीयतावादी धारा (वि.सं.१९७५-१९९०) बाट नै नेपाली पाठकहरूले कविता मार्फत दर्शनको स्वाद चाख्न पाएका हुन्। नेपाली कविताको उठानकालदेखि नै क्रमशः जागरुक हुँदै आएको नेपाली चैतन्यले यस कालमा पाइला टेकेपछि नेपाली कविता मार्फत विश्व चैतन्यको व्यापक परिधिलाई आँगाल्ने प्रयास गर्दै आएको देखिन्छ । समाजमा विद्यमान कुरीति, कु-संस्कार, रुढीबादिता, अन्धविश्वास, वर्गीय विभेद, छुवाछूत आदिबाट ग्रस्त नेपाली समाज यस्ता सबै विकृति र विसङ्गतिहरूबाट मुक्त हुन चाहन्थ्यो। नेपाली कविताले यस युगमा प्रवेश गर्दा विश्व साहित्य र विश्व राजनीतिमा ठूला-ठूला परिवर्तनहरू आइसकेका थिए, विश्वभरी नै समाजवाद र प्रजातन्त्रका लहरहरू चलिरहेका थिए। देशभित्र जहानियाँ सामन्तवादको दमनचक्र चरमविन्दुमा पुगेको थियो। आर्थिक, धार्मिक, सांस्कृतिक, शारीरिक तथा मानसिक सबैखाले शोषणबाट शोषित नेपाली जनता यस्तो शोषणबाट सँधैका लागि मुक्ति चाहन्थ्यो, मुक्तिका लागि प्रयत्नरत पनि थियो। नेपालको सामाजिक परिवेश द्वन्द्वरत थियो, शासक र शासित वर्गमा विभेद बढ्दै गएको थियो । यिनै र यस्तै विविध घटना प्रवाहद्वारा प्रवाहित नेपालको सामाजिक परिवेशले नेपाली कवि, कलाकारहरूको चैतन्यमा केही जागरुकता, सुधारवादीपन र उदारमानवतावादी जीवनदृष्टिको

१८ खगेन्द्र प्रसाद लुईंटेल, **नेपाली कविता,** विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौं, वि.सं. २०५७, पृष्ट २३

भावना अभिमुख भएर आयो। तत्काल जागरुक हुँदै गरेको सामाजिक चेतनाबाट परम्परागत सामन्तवादी सोच, चिन्तन र व्यवहारप्रति विरोधका प्रशस्त स्वरहरू घन्कन लागिसकेका हुँदा तत्कालीन सचेत कलमहरूले आफ्ना काव्य-कविता मार्फत जीवनका कटु तथा तिक्त यथार्थतालाई कलात्मक रूपमा अभिव्यक्त गर्न थालेको देखिन्छ। धरणीधर शर्मा कोइराला, महानन्द सापकोटा, लेखनाथ पौडेल आदिका कविताहरू यसका राम्रा उदाहरण हुन् ।

यसरी कलात्मक रूपमा सामाजिक यथार्थता प्रस्तुत गर्ने कविहरूमा लेखनाथ पौडेल, बालकृष्ण सम, धरणीधर कोइराला, महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र युद्धप्रसाद मिश्रका नाम उल्लेखनीय रहेका पाइन्छन्। नेपाली कविताको क्षेत्रमा जागरण, आधुनिकता, दार्शनिकता, स्वच्छन्दता, गद्यात्मकता र विद्रोहात्मक क्रान्ति चेतना जस्ता आधुनिक युग सापेक्ष विषय वस्तुहरूको उठान गरी उत्पीडित नेपाली जनजीवनको पक्ष पोषण र राणाकालीन दमनचक्रप्रति विरोधको भाव व्यक्त हुन सकेको पाइन्छ । केही उदाहरणहरु :

(१) "सयमा दशपाँच धनी गनिनु
अरूले तिनका करिया बनिनु
विधिको यदि यै छै विधान भने
अब त्यस विधिको पनि आयु पुग्यो"-'महानन्द सापकोटा' (**मनलहरी** १९८०)

(२) "जाग जाग अब जागन जाग
लाग उन्नति विशेष अब लाग
घोर निँद अब ता परित्याग
भो भयो अति सुत्यौ अब जाग"
-'धरणीधर कोइराला' उद्‌बोधन कविता, **नैवद्य** (कविता सङ्ग्रह), वि.सं.१९७७,पृ २२

(३) “जव मानवले मानवलाई मानव ठान्दैन साथी 
तब कड्काउँछन मेरा बत्तीसदन्ते बङ्गारा दुवै
जस्तो भीमसेनको दाँत
अनि
प्रकोप पागल आँखाको लाल डल्ला
फनक्क घुमाएर एक डबलले म यो
अमानवको मानव जगतलाई
एक आगाको लप्का झै हेर्दछ, साथी”-‘लक्ष्मीप्रसाद देवकोटा’, पागल कविता

यसरी आधुनिक नेपाली कविताका सन्दर्भमा प्रगतिवादी कविताको उठान र त्यसका कार्य-कारण सम्बन्धलाई हेर्दा सामाजिक युगीन चेतना भर्ने कवि लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका स्वच्छन्दतावादी-प्रगतिवादी स्वरहरू र गोपालप्रसाद रिमाल र युद्धप्रसाद मिश्रका विद्रोहात्मक क्रान्ति चेतना युक्त प्रगतिवादी स्वरहरू नै नेपाली कवितामा प्रगतिवादी विचारका प्रथम स्वर मानिन्छन् ।

विश्वसाहित्यमा आएको सामाजिक तथा सांस्कृतिक जागरण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिमा देखिएका अनेक मुक्ति आन्दोलनका गतिविधिहरूद्वारा जाग्रत भएका र नेपाली लोकजीवनबाट अभिप्रेरित भएका नेपाली कवि तथा लेखकहरूले नेपालमा वा नेपाली समाजमा विद्यमान रहेका सामन्तवादी, पूँजीवादी प्रवृत्तिहरूमा आमूल परिवर्तन ल्याउन आफ्ना काव्य सिर्जनालाई सशक्त माध्यम बनाएको पाइन्छ। यसै क्रममा युग जीवनको यथार्थता, सामाजिक अन्याय, सामन्ती अत्याचार, राजनैतिक दमनप्रति विद्रोहात्मक क्रान्तिभाव व्यक्त गर्दै नेपाली कविताको क्षेत्रमा झुल्किएका कवि गोपालप्रसाद रिमालले ‘आमाको सपना’ कविता मार्फत आमूल परिवर्तनकारी क्रान्तिको आवान गरेका छन्।

वि.सं.२००० मा रचिएको 'आमाको सपना' कवितामा तत्कालीन युग जीवनको यथार्थता, अन्याय, अत्याचार र दमन आदि प्रति व्यङ्ग्य-विद्रोह गरिएको छ। युगीन सामाजिक परिवेशसँगसँगै आर्थिक, सामाजिक र राजनैतिक परिवर्तनको संवाहकका रूपमा आएका उनका कवितामा सामन्तवादी, पूँजीवादी राज्य व्यवस्था र जहाँनिया एकाधिकारवादको विरुद्ध आक्रोश, घृणा र विद्रोहको स्वर घन्किएको पाइन्छ भने मानवतावाद, समतामूलक समाजको निर्माण गर्ने आ□वान पनि गरिएको छ ।

गोपालप्रसाद रिमालबाट थालिएको प्रगतिवादी कविता धाराबाट प्रभावित भएर वि.सं.२००२ मा'सन्देश' नामक कविता लिएर श्यामप्रसाद शर्माको उदय भएको देखिन्छ। कवि शर्माले आफ्ना कवितामा आर्थिक समता र विषमताका आधारमा समाजमा रहेको वर्गीय विभेदको राम्रो विश्लेषण गरी प्रगतिवादी काव्य धाराको उठानमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । कवि शर्माका **'कृषि उद्धार'** (वि.सं.२००३) **'यथार्थतावाद नै लिऊँ'** (वि.सं.२००७) **'के फाइदा'** (वि.सं.२००९) जस्ता कविता कृतिहरू प्रगतिवादी कविता सिर्जनाका प्रभातकालीन अभिलेख मानिन्छन् ।

स्वच्छन्दतावादी काव्य धाराबाट आफ्नो कविता यात्रा शुरूवात गर्ने कवि कृष्णचन्द्र सिंह प्रधान देशको आन्तरिक तथा बा□य परिस्थितिसँग विस्तारै परिचित हुँदै गए। त्यसबेला विश्व साहित्यको फाँटमा साहित्यिक कृतिहरू भित्र दार्शनिक, वैचारिक र बौद्धिक जागरणको स्वर उद्वोधित भइरहेको थियो। नेपाली समाजमा विद्यमान अशिक्षा, कुरीति, रुढीबादीता, सामन्ती शोषण, राजनीतिक क्रूरता र दमनले उग्ररूप ग्रहण गरिरहेको थियो। संसारमा प्रगतिशील परिवर्तन भइरहे तापनि नेपालीहरूको सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक परिवेश भने झन् झन्

विकरालता, सङ्कुचिततातर्फ बढिरहको थियो। मुलुकका सचेत युवा वर्गद्वारा परिवर्तनको आँधी चल्न थालिसकेको थियो। नेपालमा परिवर्तनकारी राजनीतिक दलहरूको सङ्गठन खडा भइसकेको थियो। यसरी युगको परिवर्तसँगसँगै नेपाली भाव चैतन्यमा पनि परिवर्तन आउनु स्वाभाविकै हो। तत्कालीन नेपालको राजनैतिक वृत्तमा भएको निरङ्कुशता, सामन्तवादी आर्थिक वितरण प्रणाली र विस्तारवाद तथा साम्राज्यवादको त्रासदीय चरित्रबाट भयभीत तथा त्रसित भएको जनजीवनले त्रासदीयता भित्र पनि स्वतन्त्रता र विद्रोहात्मक क्रान्ति चेतना पालिरहेको थियो । यस्तो अवस्थामा नेपाली साहित्य भित्र देखापरेका वैचारिक जागरणका स्वरलाई उजागर गर्नु पनि युगको माग थियो। त्यस्तो युगीन चाहनाको परिपूर्तिका लागि विकशित हुँदै आएको प्रगतिवादी नेपाली कविताको क्षेत्रमा **'भञ्ज्याङ्गनिरै'** (कविता सङ्ग्रह वि.सं.२००८) लिएर कृष्णचन्द्र सिंह प्रधानको उदय भएको देखिन्छ । यो कविता सङ्ग्रह प्रगतिवादी नेपाली कविताको इतिहासमा पहिलो कृति मानिन्छ[१९]। यस कविता सङ्ग्रहमा 'हिजो' र 'आज' गरी दुई खण्ड छन् । 'हिजो' खण्डमा वि.सं.२००७ पूर्वको नेपाली जनजीवनलाई देखाइएको छ भने 'आज' खण्डमा वि.सं २००७ पछिको नेपाली समाजको चित्र उतारिएको छ । यी दुबै खण्डमा रचिएका कविताहरू प्रगतिवादी मूल्य र मान्यतामा आधारित रहेका पाइन्छन् । उनका कवितामा सामाजिक न्याय, भेदभाव रहित संस्कृति, समतामूलक समाजको निर्माणको अपेक्षा गरिएको छ । सैद्धान्तिक रूपमा मार्क्सवादी दर्शनमा ओतप्रोत भएका कवि प्रधानका कविता प्रगतिवादी, मार्क्सवादी दार्शनिक-भाव चैतन्यबाट अभिप्रेरित रहेका पाइन्छन्। उनका

१९ ताराकान्त पाण्डेय, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ,**शोध प्रबन्ध (अप्रकाशित) त्रिभूवन विश्वविद्यालय, वि.सं. २०५०, पृ. १६३

कविताहरूले प्रगतिवादी नेपाली कविताको उठानमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् भन्न सकिन्छ ।

उदाहरण :

(१) मेरो हृदयको कोमल
उच्छ्वासलाई
हावा, तँ टिप्न
आउँछस् भने लौ टिप
मेरो हाँसोको खित्कालाई
खोला तँ खोस्न
खोज्छस् भने लौ खोस्
दिन गइरहेछ- सुख ल्याउँदैन
दिन गइरहेछ- दु:ख लैजादैन
यो बग्ने खोला, झर्ने झरना
दगुर्ने हावा
यिनीहरुले जगको शान्ति
सुखलाई खलबलाई
दुनियाँमा हाहाकार मच्चाई
रहेका हुन् भनी
पहरा हो नठाने

-**भञ्ज्याङ्निरै** (कविता सङ्ग्रह) मेरो हृदयको कोमल उच्छ्वास (वि.सं.२००८)

प्रगतिवादी नेपाली कविताको विकासमा 'केवलपुरे किसान' को पनि विशिष्ट योगदान रहेको पाइन्छ । वि.सं.२००५ को (**युगवाणी** पत्रिका बर्ष १ अङ्क १६) मा प्रकाशित उनको **'आ□वान'** कविताले युगीन चेतनामा प्रगतिवादी स्वरलाई मुखरित गरेको देखिन्छ। कवि किसानका **'शिक्षा**

**प्रचार'** (वि.सं.२००५), **'हाम्रो संयुक्त मोर्चा'** (वि.सं२००८),**'जागरण प्रति** (वि.सं.२००९)'**'शुभकामना सन्देश'** (वि.सं.२०१३ छात्रदूत), **'आगो बलेन'** (वि.सं.२०१३) नौलो पाइला आदि कविताहरूले वर्गीय विषमता, आर्थिक असमानता, सामाजिक कु-संस्कार आदिबाट उत्पन्न नेपालको सामाजिक विभेद्लाई देखाएका छन् । यस्तै विभिन्न पत्र-पत्रिकामा प्रकाशित उनका कविताहरू **'बोको खस्यो'** कविता सङ्ग्रह वि.सं.२००५ मा सङ्ग्रहित छन् । यतिमात्र होइन **'बाघ आयो'** (वि.सं.२००९), **'नेपाल न छो'** (वि.सं.२०१०), **'समातेर पछार'** (वि.सं.२०१२), **'छि: छि:'** वि.सं.२०१५), **'सङ्घर्षको ठीक गर'** (वि.सं.२०१६) कविता सङ्ग्रहहरूमा सङ्ग्रहित कविताहरूमा पनि विद्रोहात्मक क्रान्ति चेतना अभिव्यक्त हुन सकेको पाइन्छ। लोकलयमा रचित कवि किसानका कविताले वि.सं.२००७ पूर्वको नेपाली जनमानसको स्वरलाई अत्यन्त कलात्मक रूपमा प्रस्तुत गरेका छन्[२०]। उनका कवितामा वि.सं.२००७ को प्रजातान्त्रिक आन्दोलन अपूर्ण रहेको, दिल्ली सम्झौता (वि.सं.२००७) धोखा पूर्ण भएको, नेपालमा प्रजातन्त्रवादी योद्धाहरूको हत्या गरिएको (वि.सं.१९९७), राणा शाहीहरूले सर्वसाधारण जनताप्रति दमन चक्र चलाएको, भारतीय सैनिकहरूलाई नेपालमा प्रवेश गराएको आदि घटना, परिघटनाप्रति उग्र आक्रोश व्यक्त गरिएको छ। उनका कवितामा साम्राज्यवादी अमेरिका र बेलायतको पनि घोर विरोध गरिएको छ । पूँजीवादी प्रजातन्त्रको पक्ष पोषण गर्ने भारत र नेपालमा आएको अर्थहीन प्रजातन्त्रको पनि उनका कवितामा उत्तिकै विरोधको स्वर गुञ्जित हुन सकेको पाइन्छ। अवसरवादी नेताहरूलाई पनि उनका कविताले व्यङ्ग्यवाण प्रहार गरेको पाइन्छ ।

---

२० डा. जगदीशचन्द्र भण्डारी, प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण, पूर्ववत् पृ. ७१

उदाहरण :

(१) खाली पेट छ खान छैन घरमा पाइन्छ आश्वासन
नाङ्गो देह छ वस्त्र छैन करमा के काम यो भाषण
रातो रक्त उमाल भक्भक छिटै नेपालका हे धन 
देलान् आशिक ती तराई चुचुरा पाखा-पखेरा वन ।

- **सङ्घर्षको ठीक गर** कविता, श्लोक नं. ३

कवि किसानका कवितामा सामाजिक विसङ्गति र विद्रोहका स्वरहरू अभिव्यक्त हुन सकेको र प्रगतिशील, समुन्नत, साम्यवादी समाज निर्माणका चेतनाको स्वर मुखरित हुन सकेको पाइन्छ। अत:प्रगतिवादी नेपाली कविताको विकासमा केवलपुरे किसान स्मरणीय प्रतिभा प्रतीत हुन्छन् ।

प्रगतिवादी नेपाली कविताको इतिहासमा कवि गोकुलप्रसाद जोशीको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ। आफ्नो दयनीय जीवन विताउने सिलसिलामा भारतका विभिन्न ठाउँमा बसी श्रम, पसिना बगाउन बाध्य भएका जोशीले वि.सं.२००७ मा नेपालमा आएको परिवर्तनसँगै आफूलाई आफ्नै माटामा फर्काएर आफ्नै सिर्जनाले नेपाली जनजीवनमा नौलो चेतना भर्ने काम शुरू गरेको देखिन्छ। तत्कालीन नेपाली समाजमा विद्यमान सामाजिक, सांस्कृतिक र राजनैतिक वेथिति र विसङ्गतिहरूप्रति तीक्ष्ण प्रहार गर्ने उनका कविताले सामन्तवाद, पूँजीवाद र साम्राज्यवादको विरोध गरेका छन्। उनी सामन्तवाद र साम्राज्यवादको उत्पीडनबाट सदैव नेपाली समाजलाई मुक्त गर्न चाहान्थे। त्यसैले उनका कवितामा नेपाली जनता र नेपाल राष्ट्रले भोग्नु परेका पीडाको स्वर अत्यन्त प्रवल भएर आएको देखिन्छ। उनको पहिलो कविता सङ्ग्रह **'नेपालको भविष्य'** (वि.सं.२०११) मा सङ्ग्रहित कविताहरू र **'एशियाको फूलबारी'** (वि.सं.२०१२), **डा. के.आई.सिंहलाई 'स्वदेशमा आउन देऊ'** (वि.सं.२०१२), **'बाँच र बाँच्न देऊ'**(वि.सं.२०१४), **'सिमानाको दीप'** (वि.सं.२०१५)

मा सङ्ग्रहित कविताहरूले नेपालको आर्थिक, सामाजिक र राजनैतिक विषमता, शोषण, दमन, अन्याय, अत्याचारको तीव्र विरोध गरेका छन् । गरीब, निम्न, असहाय, मजदूर तथा सर्वहारावर्गको जीवनले भोग्नु परेका दैनिक समस्याहरू, नारीप्रति गरिने हिंसा, उत्पीडन, सामाजिक, आर्थिक, मानसिक र शारीरिक शोषणप्रति जोशीका कविताले गम्भिर चासो देखाएका छन् । उदाहरण :

(१) थालेको तिम्रो उद्देश्य पूरा भएको क्यै छैन
गरीबी हाम्रो उस्तै छ अझै गएको क्यै छैन
धनीको लागि आजादी आयो आयश गर्दै छन् ।
पसीना पोखी कमाउने चाहिँ भोकले मर्दैछन् ।

-**सीमानाको दीप** (कविता सङ्ग्रह)'शहीदलाई श्रद्धाञ्जली' श्लोक नं. ३

प्रगतिवादी नेपाली कविताको विकास र समृद्धिमा कवि 'भूपेन्द्रमान शेरचन' अर्थात् भूपि शेरचनको योगदानलाई पनि कम ठान्न सकिँदैन। उनको पहिलो कविता सङ्ग्रह **'नयाँ झ्याउरे'** (वि.सं.२०१४) हो भने **'निर्झर'** (वि.सं. २०१५), उनको दोस्रो कविता सङ्ग्रह हो। एनका कवितामा सामन्तवाद, विस्तारवाद, प्रभुत्ववाद, साम्राज्यवाद र पूँजीवादका विरुद्ध सामाजिक जागरण ल्याउने र विद्रोहात्मक क्रान्ति, चेतना फैलाउने प्रयास हुन सकेको पाइन्छ । नेपाली गरीब, किसान, मजदूर, महिला र उत्पीडित वर्गको जनजीवनलाई भूपिका कविताले आफ्नो विषय वस्तु बनाएका छन् । उनको तेस्रो कविता सङ्ग्रह **'घुम्ने मेच माथि अन्धो मान्छे'** (वि.सं.२०२६) हो ।

प्रगतिवादी नेपाली कविता धारालाई गतिशीलता प्रदान गर्न सहयोग पुऱ्याउने कवि हृदयचन्द्र सिंह प्रधानको भूमिका पनि उल्लेखनीय रहेको पाइन्छ। उनका सिर्जनाको मूल क्षेत्र गद्य, आख्यान र समालोचना हो तापनि कविताको क्षेत्रमा पनि उनी स्मरणीय छन्। उनका कवितामा

सामाजिक शुद्धिकरण, आर्थिक र सांस्कृतिक जागरणका स्वरहरू मुखरित भएर आएका छन् । उनका **'एउटा गरीव'**, (वि.सं.२०१२) तथा **'छोरासित'**, (वि.सं.२०१६) गरी दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन्। यी कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरू प्रगतिवादी काव्य चेतना, मानवीय मूल्य बोध र प्रगतिवादी काव्य सौन्दर्यबाट अभिप्रेरित रहेका देखिन्छन् । उदाहरण :

(१) प्रिय, मैले अझ बढ्ता शासना पाउने कामनाको धैर्य बाँधिरहेको छु
मेरो भित्रको जम्मै रगत निस्कने शासना पाए
धरतीको माटोबाट अनन्त शक्ति उम्रनेछ

-**एउटा गरीब** (कविता सङ्ग्रह)'तिमी नरोऊ' श्लोक ५

यसैगरी प्रगतिवादी कविता धारामा देखा परेका आनन्ददेव भट्टको सिर्जनात्मक योगदान पनि स्मरणीय रहेको देखिन्छ । मार्क्सवादी जीवन दर्शनबाट अभिप्रेरित भट्टका कवितामा यथार्थपरक जीवनदृष्टि, सामाजिक जागरणको स्वर अभिव्यक्त हुन सकेको पाइन्छ । उनका कवितामा सामाजिक जीवन भोगाइ विश्वबोधको यथार्थवादी अभिव्यञ्जना मुखरित हुन सकेको पाइन्छ । सामन्तवादी आर्थिक वितरण प्रणालीबाट उत्पन्न आर्थिक विभेद र यसैबाट नेपाली समाजमा देखापरेका अनेक प्रकारका विसङ्गतिहरूको स्वर नै मानवमूल्यको मूल स्वर भएर आएको छ। आर्थिक असमानताका कारणले गर्दा नै समाजमा सांस्कृतिक, भाषिक र शैक्षिक विभेदले जरो गाडेको हो र नेपाली समाजमा जुन असमान आर्थिक अवस्था विद्यमान छ, त्यसबाट सबैले सँधैका लागि मुक्ति पाउनुपर्छ भन्ने कवि भट्टका कविताको मूलभाव रहेको छ । **'अब हिमाल बोल्छ'** (वि.सं.२०१५) **'गुराँस'** (वि.सं.२०१५) **'९७ साल'** (वि.सं. २०१५काव्य) **'जोवनकै थुम्कोबाट'** (वि.सं.२०१६) **'आमा बोलाउँछिन'** (वि.सं. २०१६)

**'तिमीलाई देख्दा'** (वि.सं.२०१७) **'युरी गागरिन'** (वि.सं.२०१९) जस्ता कविता सङ्ग्रहका कविताहरूलाई यसका उदाहरणका रूपमा लिन सकिन्छ ।

वि.सं.२०१६ देखि नेपाली कविताको प्रगतिवादी फाँटमा देखापरेका कवि जनकप्रसाद हुमागाईँले ग्रामीण जनजीवन र खासगरी नेपाली किसानका दयनीय जीवनसँग सम्बन्धित विषय वस्तुलाई आफ्ना कविताको विषय वस्तु बनाएर कविता रचना गरेका छन्। सामन्ती उत्पीडन, अशिक्षा, वेरोजगारी तथा पछौटेपनले थिचिएको नेपाली समाजको अवस्थालाई परिवर्तन गरी स्वतन्त्र, शिक्षित, रोजगार, समतामूलक समुन्नत समाजको निर्माण गर्न चाहने कवि हुमागाईँले ग्रामीण जनजीवनका दु:ख, कष्टको चित्र आफ्नो कवितामा प्रस्तुत गरेका छन्। उनले सामन्तवाद, साम्राज्यवाद र पूँजीवादको अन्त्य गरी समतामूलक समाजको निर्माण गरेर सुखद, सुन्दर भविष्यको तस्वीर आफ्ना कवितामा उतार्न चाहेको पाइन्छ । झ्याउरे तथा सवाई छन्दमा कविता रचना गर्ने कवि हुमागाईँका कविताहरूले नेपाली जनजीवनको पीडाबोधलाई उजागर गरेका छन् । उनका कविताहरूको भाषा-शैली पनि सरल, सहज र सर्वसंवेद्य रहेको पाइन्छ ।

**'किसानको गीत'** (वि.सं.२०१६), **'एउटै नारा लगाउनु छ अब'** (वि.सं.२०१६) **'नेपाल आमाको सत्य वचन'** (वि.सं.२०१७) आदि कविता सङ्ग्रहहरूका कविताहरूमा नेपाली निम्न वर्गीय जनजीवनका उत्पीडन, व्यथा, मर्म र सुस्केराहरूको अभिव्यक्ति हुन सकेको पाइन्छ । उदाहरण

(१) कोही भाइ झोपडीमा खान पाइन भन्छ
रातो दिन भोको पेट मिचिमिचि रून्छ
कसैलाई चौरासी थोक व्यञ्जन तयार हुन्छ
यहाँ भन्दा पक्षपात अर्को नीति कुन छ

**-एउटा नारा लगाउनु छ अब**, श्लोक नं. ७

प्रगतिवादी नेपाली कविताको इतिहासमा **बाँच्ने ठूलो** (वि.सं.२०१६) कविता सङ्ग्रह लिएर नेपाली साहित्याकाशमा झुल्केका कवि टी. आर. विश्वकर्माको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ। विश्वकर्माका कवितामा सामन्तवाद र साम्राज्यवादको विरोध छ। बस्तुतःउनका कवितामा सामन्तवादी संस्कृतिले जन्माएका असमानता, छुवाछूत र रुढीवादीताको विरोध हुनुका साथै यस्तो असामान्य परिवेशबाट समाजलाई मुक्त गर्ने क्रान्ति चेतना पनि अभिव्यक्त हुन सकेको पाइन्छ। उनका कविताले मानवीय सचेतता, प्रगतिवादी जीवनदृष्टि, समाजमा व्याप्त नारी शोषणप्रति विद्रोहको स्वर घन्काएका छन्। विश्वकर्माका कविताले प्रगतिवादी नेपाली कविताको क्षेत्रमा एउटा नौलो क्षितिजलाई उघारी दिएका छन् । यसको उदाहरणमा उनका भष्मखरानी,तिनी बाँचेकी छन्, जुन सँग पीर्ति, बाँच्ने ठूलो जस्ता कवितालाई लिन सकिन्छ ।

स्वच्छन्दतावादी काव्य धाराबाट प्रभावित भएर नेपाली काव्य कविताको धरातलमा उत्रेका कवि युद्धप्रसाद मिश्र प्रगतिवादी कविता धाराका एक शीर्षस्थ प्रतिभा मानिन्छन्। कवि मिश्रका कवितामा निम्न वर्गीय जीवनप्रतिको आस्था, प्रेमको भावना प्रकट हुन सकेको पाइन्छ भने सामन्तवाद, साम्राज्यवाद विरुद्धको शङ्खनाद र आमूल परिवर्तनको शक्तिप्रति विश्वास व्यक्त भएको पाइन्छ। उनका कवितामा क्रान्तिको आग्रह छ। वि.सं.१९९७ को शहीद काण्डबाट प्रभावित भएर काव्य साधनामा लागेका मिश्रलाई तत्कालीन राणाहरूले वि.सं. २००४ मा जेल सजाय दिएका थिए। त्यसबाट उनको क्रान्तिकारी विद्रोह चेत अझ विकशित भएकाले तत्कालीन समाजमा विद्यमान सामाजिक विकृति, शोषण र उत्पीडनका विरुद्ध उनले तीव्र रूपमा क्रान्तिको स्वर सुसेल्न थालेको पाइन्छ। मानव जीवनका क्षुधा, तृष्णा, पीडा र व्यथा ओकल्ने

उनका कविताहरूले जनतामा व्याप्त कुण्ठा, निराशा र हीनताबोधको भावनालाई अन्त्य गरी आमूल परिवर्तनकारी सङ्घर्षमा लागि रहन आ□वान गरेका छन् । उनका कविता सरल, सुवोध र सर्वसंवेद्य छन् । उनी वर्ण मात्रिक र मात्रिक छन्दको प्रयोग गरी कविता लेख्ने कवि हुन्। उनले गद्य शैलीमा पनि केही कविता लेखेका छन्। उनका कवितामा आर्थिक विसमताजन्य परिवेशलाई उजागर गरिएको छ र सशक्त सामाजिक भाव चैतन्यको अभिव्यक्ति दिइएको छ। उदाहरण :

प्रचण्ड निम्न वर्गमा उठी उठी बहादुरी
विपन्न पूँजिवादिता छ भत्कदै गयो धुरी
बुझी सक्यो मनुष्यका दिमागले सही कुरा
अकाट्य देश मुक्तिको खुली सक्यो दिशा पुरा

**-युद्ध प्रसाद मिश्रका कविताहरू** 'उखाडिदैछ' श्लोक नं. १/२

प्रगतिवादी नेपाली कविताको क्षेत्रमा कवि मोदनाथ प्रश्रित उल्लेख्य प्रतिभा मानिन्छन्। उनका कविताहरूमा दासता र भोगवादको शिकार बन्न पुगेका नेपाली नारीहरूको शोषण र उत्पीडनका स्वरहरू घन्केका छन्। कवि प्रश्रित समाजलाई शोषणमुक्त गराउन, जीवन जगतलाई भौतिकवादी, मार्क्सवादी दर्शनद्धारा सञ्चालित गर्न-गराउन चाहान्छन्। उनी मानव र देवासुर सङ्ग्राम जस्ता प्रगतिवादी नेपाली महाकाव्य परम्पराका प्रारम्भकर्ता पनि मानिन्छन्। देश विदेशमा बढ्दै गरेको युद्ध विभीषिका, अशान्ति, आक्रोश, उग्रता, शोषण र दमन तथा उत्पीडनका स्वरहरू उनका कवितामा अभिव्यक्त हुन सकेका छन्। त्यसैले उनका कविताहरू प्रगतिवादी शिल्प-सज्जा र वैशिष्ट्यले सजिएका छन् । उनी क्रान्तिद्धारा परिवर्तन ल्याउन चाहन्छन् र त्यो परिवर्तनले उज्ज्वल, समतामूलक, समुन्नत समाजको निर्माण गर्ने छ भन्ने विश्वास गर्दछन् ।

केही उदाहरण :

(१) उषा नव्य सौन्दर्यकी दिव्य खानी
तिमी चेतनाकी प्रभाती निशानी
तिमी सिर्जनाकी सुनौली विहान
जगत्‌की तिमी सभ्यताकी मुहान ।

(२) उडाऊ महा सूर्यको व्योमयान
जगाऊ विराट् लोकको उर्ध्वगान
गरी ज्योतिको सप्तरंगी प्रसार
युगै फेरने खोलिद्यौ स्वर्णद्वार

**-मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरु** खण्ड-१, 'उषा गान',श्लोक नं. २/४, पृष्ठ २००

प्रश्रितका कविताहरू युगबोधक छन् । उनले आफ्ना कवितामा शोषित विश्वको चित्कारलाई समेट्ने प्रयत्न गरेका छन् । उनले सामाजिक विकृति र विसङ्गतिप्रति विद्रोहात्मक व्यङ्ग्य प्रहार गरेको पाइन्छ। उनी सामाजिक भेदभाव, जात-जाति, वर्ग, लिङ्ग, धर्म, सम्प्रदाय र समाजको देखावटी तथा आडम्बरीपन, छुवाछूत, रुढीवादी प्रथा, बोक्सी र धामी प्रथाका पूर्ण विरोधी देखिन्छन् । उनी राष्ट्रप्रेमको भावनाले ओतप्रोत भएका राष्ट्रवादी कवि पनि हुन । उनले नेपालको राजनैतिक परिवेशमा देखिएको व्यवहार र सिद्धान्तबीचको विरोधाभाषपूर्ण अर्न्तद्वन्द्वको कलात्मक प्रस्तुति आफ्ना कविता मार्फत गरेका छन्। उनका फुटकर कविताहरू पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन् भने केही कविताहरू चाहिँ **आमाको आँसु** (वि.सं २०१९) र **शहीदको रगत** (२०४३) नामक कविता सङ्ग्रहमा सङ्ग्रहित छन्। **जब चल्छ हुरी** (वि.सं.२०४९) गीति कविता सङ्ग्रह पनि जनचेतना प्रधान कविता कृति रहेको पाइन्छ ।

यिनीहरूका अतिरिक्त उनका अन्य कविताहरू **मोदनाथ प्रश्रित सङ्कलित रचनाहरू** खण्ड १ (वि.सं.२०५८) मा' सङ्ग्रहित छन् ।

वि.सं. २०१७ मा प्रकाशित गीति कविता सङ्ग्रह **'इन्कलाब जिन्दावाद'** बाट नेपाली कविताको क्षेत्रमा झुल्केका मोहन विक्रम सिंहले वि.सं.२०१८ मा **'तुफानको सङ्गीत'**, (मुक्तक संग्रह), वि.सं.२०२७ मा **'आदि विद्रोह'** (खण्ड काव्य, वि.सं.२०३६) मा **'गंगाकावेरी एक्सप्रेस'** (लामो कविता सङ्ग्रह, वि.सं.२०५७) मा **'यु नृत्य'** (कविता सङ्ग्रह वि.सं. २०५८) जस्ता काव्य कृतिहरू रचना गरेर नेपाली प्रगतिवादी कवितालाई नयाँ गति दिएका छन्।

युगीन यथार्थलाई आफ्ना कविताको मूल विषय बनाउँदै कवि सिंहले मार्क्सवादी विश्व दृष्टिकोणलाई दार्शनिक आधार बनाएर कविता रचना गरेको पाइन्छ । उनका कविताहरू शिल्पशैलीका दृष्टिले कलात्मक रहेका पाइन्छन् भने सम्प्रेषणीयताका दृष्टिले पनि उनका कविताहरू युग यथार्थको प्रस्तुति गर्न सबल देखिन्छन्[२१]।

यसरी प्रगतिवादी साहित्यिक आन्दोलनलाई अघि बढाउनमा विभिन्न साहित्यिक सङ्घ-संस्था र पत्र-पत्रिकाको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । जस्तै : साहित्य संगम आठराई -वि.सं. २०२३, नेपाली साहित्य परिषद् धरान-वि.सं.२०२३, रेलिमाई साँस्कृतिक मण्डल बुटबल-वि.सं.२०२४, नेपाली जनवादी क्रान्तिकारी सङ्घ-वि.सं. २०२८, गण्डकी अञ्चल स्तरीय साहित्य सम्मेलन-वि.सं.२०२९ जस्ता सङ्घ-संस्थाहरू र यसै अवधिमा प्रकाशित विभिन्न पत्र-पत्रिकाहरूको योगदानले प्रगतिवादी कविताको विकासमा सघाउ पुऱ्याएको पाइन्छ। यसैगरी देश, विदेशबाट प्रकाशित पत्र-पत्रिकाहरूमा **पञ्चामृत,**

२१ अशोक सुवेदी, नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत, शारदा सुवेदी,काठमाण्डौ, वि.सं.२०६२, पृ. २५

**उत्साह, सन्देश, लालुपाते, नौलो विहान, नौलो राँको, सङ्कल्प, नौलो हाँक, साथी, छहारी, बुकि फूल, रोशी, सक्सक, चौराली, मुक्तिमार्ग, कल्याणी, लालटिन, उजेली, झटारो, महिला संसार, झुप्रो, प्रतिज्ञा, गतिविधि, कोशीको लहर, कुरा, हिमाल, जनचेतना, आवाज, अनुभूति, श्रृङ्खला, साहित्य दूत, नयाँ सिर्जना, लहर, धवलागिरी, नेपाली साहित्य, सेरोफेरो, हलकारा, जन साहित्य, रातो थुङ्गा, अनुराग, आधार, सुस्केरा, मिरमिरे, झिसमिसे, वेदना, आस्था, मादल, गोचाली** आदि पत्र-पत्रिकाहरू पनि यस सन्दर्भमा स्मरणीय छन् भने विद्यार्थी सङ्गठनहरूका नियमित तथा बार्षिक मुखपत्रहरू एवम् सामूहिक प्रकाशनहरूमा प्रकाशित विभिन्न कविताहरू पनि उल्लेख्य रहेका छन् ।

वि.सं.२०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रहबाट नेपालमा आएको सहज वातावरणमा सडक कविता क्रान्तिको जन्म हुन पुग्यो । सडक कविताका माध्यमबाट तत्कालीन युवा प्रगतिशील कविहरूका जागरुक स्वरहरू नेपाली जनजीवनका कुना-कुनासम्म पुग्न सफल भए। त्यसपछि लेखक, कलाकारहरूका गतिविधिहरूमा उत्साहवर्धक परिवर्तन आयो भने राष्ट्रिय जनसाँस्कृतिक मञ्चको स्थापना एवम् विविध सङ्घ, संस्थाहरूको क्रियाशीलताले प्रगतिवादी नेपाली कवितालाइ गति प्रदान गर्न सकेको थियो भन्न सकिन्छ। वि.सं. २०४६ को जनआन्दोलन पछि आएको प्रजातान्त्रिक वातावरणमा प्रगतिवादी साहित्यिक क्षेत्रमा अझ लेखक, कवि तथा कलाकारहरूको उत्साहमा वृद्धि हुन सकेको बोध हुन्छ । पुरानो पुस्ताका श्यामप्रसाद शर्मा, केवलपुरे किसान, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, जनकप्रसाद हुमागाईं, चुडामणी रेग्मी, नारायणप्रसाद शर्मा, शान्तदास मानन्धर आदिका साथै नयाँ पुस्ताका अनेक कविहरूले आफ्ना सिर्जनामा थप क्रियाशीलता ल्याउन थाले। **प्रलेस, उत्साह, साथी,**

**वेदना, संस्कृति, कलम, रातो थुङ्गा, सुखानी, साहित्य प्रभा, नयाँ दूबो, साहित्य कोसेली** जस्ता पत्र-पत्रिकाले प्रगतिवादी काव्य चेतनालाई अघि बढाउँदै ल्याए प्र.ले.स. का गतिविधिहरू केन्द्रमा मात्र सिमित नरहेर जिल्ला-जिल्लासम्म पुग्न सकेको थिए। राष्ट्रिय जनसांस्कृतिक मञ्च, इन्द्रेणी सांस्कृतिक समाज, रक्तिम परिवार, गोचाली परिवार जस्ता विभिन्न संस्थाहरू पनि यस क्षेत्रमा क्रियाशील रहेकाले नेपाली साहित्यमा प्रगतिवादी नेपाली कविता धाराले फस्टाउने वा विकसित हुने अवसर प्राप्त गर्न सकेको देखिन्छ।

### ४.३ भारतीय प्रगतिवादी नेपाली कविताको विकासक्रम :

नेपालतर्फ रहेको प्रगतिवादी नेपाली कविताको इतिहास जत्तिको सहजलभ्य छ भारतीय प्रगतिवादी नेपाली कविताको इतिहास त्यति सहजलभ्य छैन। भारतीय नेपाली साहित्यमा स्थापित प्रगतिवादी कविताधारा विभिन्न मोड आरोहावरोहबाट अघि बढिरहेको देखिन्छ । भारतीय प्रगतिवादी नेपाली कविता मूलतः सामन्तवाद र पूँजीवादको विरोध गर्दै र सामाजिक यर्थाथताको अभिव्यक्ति गर्दै क्रमशः अघि बढ्दै गरेको पाइन्छ। भारतीय नेपाली प्रगतिवादी साहित्य पनि मार्क्सवादी मान्यतामा आधारित रहेको पाइन्छ। मार्क्सवाद द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादी चिन्तनको समष्टि रूप हो भने प्रगतिवाद यसैमा आधारित साहित्यिक सिद्धान्त हो।

यसरी भारतीय नेपाली कविताको उद्‌भव, विकास र उत्कर्षताको अध्ययन गर्दा नेपालमा भएको जहाँनिया राणातन्त्रको सामन्ती शासन, शोषण, दमन, उत्पीडनको पीडालाई खप्न नसकी, गरीबी, अशिक्षा र पछौटेपन आदिबाट मुक्त हुन नसकी, आत्मोन्नति र जीवन वृत्ति चलाउने उच्च अभिलाशा बोकेर भारततर्फ बसाई सर्न पुगेका नेपालीहरूले

शुरूका दिनमा आफ्नो ओतनको अस्तित्व र मूल्य निर्माण गर्दा गर्दै, आफ्नो जात, जाति भाषाको रक्षा गर्दा गर्दै, आफ्नो दाल, भात र दौराको व्यवस्था मिलाउँदा मिलाउँदै लामो समय खर्च गर्नु परेको देखिन्छ। भारतीय नेपालीहरूले आफ्नो अधिकांश समय, वर्गीयताको रक्षाभन्दा जातीयता, सांस्कृतिकता तथा क्षेत्रीयताको लडाँईमा समय खर्च गर्नु परेको थियो। तत्कालीन अवस्थामा नेपाली समाज नेपालतर्फ राणाहरूको फलामे शासन र भारततर्फ अङ्ग्रेजहरूको पूँजीवादी साम्राज्यवादी शोषणले आक्रान्त बनेको थियो भने दोस्रो विश्वयुद्ध (सन् १९४५) को विभत्सताले त्रासदीय जीवन जीउन समेत बाध्य थियो । यसरी भारतका नेपाली दार्जिलिङ्ग, सिक्किम, भुटान, वर्मा, मणिपुर, देहरादुन र आसाम आदि ठाउँमा बसोबास गर्दै आएका नेपाली भाषीहरूको जीवन भारत स्वतन्त्र हुनु पूर्व त्यति माथि उठ्न सकेको कमै मात्र बोध हुन्छ। नेपालीहरू आफ्नो श्रम, पसिना पोखी अलि सुविस्ताको जीवन जिउन सकिन्छ कि भनी मुङ्लान पस्ने परम्परा पनि कायमै थियो। आफ्नो भूमिमा अरूको कमारो भएर बस्नु भन्दा मुङ्लान पसेका नेपालीहरूले कमसेकम स्वतन्त्र रूपमा मजदूरी गरी आफ्नो जीवन चलाउन पाएका थिए र त्यसैमा उनीहरू खुसी पनि थिए। चिया बगानमा काम गर्न पाउँदा उनीहरू झन दङ्ग थिए। दार्जिलिङको पहाडी क्षेत्रमा जङ्गल फँडानी र चिया रोपाइ गर्ने कामका लागि प्रशस्त जवानहरूको आवश्यकता थियो। त्यसैबेला नेपालबाट भारततर्फ लागेका नेपाली युवाहरूको हुल अङ्ग्रेज हुकुमतको आदेश अनुसार काम गर्न लाग्यो। त्यसबेला भारतीय भूमिमा स्वतन्त्रताको राग फैलिसकेको थियो। विद्रोहका अनेक स्वरहरू अनेक कोणबाट निस्किरहेका थिए। यस्तो अवस्थामा कलकत्ताबाट पहाडी जनजीवनलाई सङ्गठित गरी पार्टी सञ्चालन गर्न सन् १९४३ मा सुशील

चटर्जी  दार्जिलिङ आइपुगे र उनले दार्जिलिङमा बसेर भारतको कम्युनिष्ट पार्टी (सी.पी.आई.) नामक राजनीतिक सङ्गठन तयार गरे। यसरी भारतीय नेपालीहरूकोबीचमा कम्युनिष्ट पार्टीको स्थापना गरी अन्याय, अत्याचार, शोषणका विरुद्ध सङ्घर्षको महत्व बुझाउने र वर्ग सङ्घर्षका लागि जनचेतना जागरुक गराउने तथा समाजको आमूल परिवर्तका लागि आव्हान गर्ने प्रबुद्ध व्यक्तिहरूमा गणेशलाल सुब्बा र रतनलाल ब्रा□मणको श्रेष्ठतम भूमिका रहेको देखिन्छ। त्यस्तै साहित्यिक अभियानद्वारा सामाजिक जागरण ल्याउनेतर्फ दानियल खालिङ, कवि वीरेन्द्र, अर्जुन क्षेत्रीहरूको भूमिका उल्लेखनीय मानिन्छ। यसरी राजनैतिक तथा साहित्यिक अभियानद्वारा भारतीय नेपाली प्रगतिवादी आन्दोलनको पृष्ठभूमि तयार भएको देखिन्छ । यसरी हेर्दा भारतीय नेपाली साहित्यमा प्रगतिवादी चिन्तन धाराको उदय, कम्युनिष्ट पार्टीको स्थापना, सामन्तवाद र साम्राज्यवादको विरोध, सङ्गठित जीवनशैलीको उठान, श्रमजीवी सर्वहारा वर्गको मुक्ति आन्दोलन जस्ता विषय-वस्तुलाई उठान गरी समग्र भारतीय नेपाली सभ्यता, संस्कृति, वर्गीयता, जातीयता र साङ्गठनिक मानसिकताको वीजारोपण गर्ने कार्यको श्रेय गणेशलाल सुब्बा र रतनलाल ब्र□मणलाई दिन सकिने आधारहरू पाइन्छन्। उनीहरूले देखाएको मार्गमा राष्ट्रियता, जातीय स्वाभिमान र भाषिक आन्दोलनका लागि गरिएका चरणबद्ध सङ्घर्षहरूले उत्तरवर्ती प्रगतिवादी साहित्य सिद्धान्त र समालोचनाको मार्ग समेत प्रशस्ति गरेको देखिन्छ । तत्कालीन साहित्य नै युगको युगवोधक दर्पण भएकाले समाजमा भएका विभिन्न घात प्रतिघात र आघातको परिदृष्य त्यसैबाट प्रतिविम्बित गर्न सकिन्छ । वाद-विवाद र संवाद, विचार, दर्शन र मानवता, संस्कार, संस्कृति र पुनर्जागरण, जात, जाति, भाषा, सभ्य, असभ्य, धनी, गरीब,

शोषक, शोषित आदि जस्ता विषयवस्तुहरूको प्रतिविम्ब पनि कविताका सूक्ष्म पक्ष भित्र कुनै न कुनै कोणमा समावेश गरिएको हुन्छ । यसै परिप्रेक्ष्यमा भारतीय नेपाली साहित्य-समालोचक लक्खीदेवी सुन्दासले प्रगतिवादी नेपाली साहित्यमा भूपी शेरचन जस्तै क्रान्तिकारी विचार उराल्ने अघिल्ला पुस्ताका भारतीय नेपाली कवि वीरेन्द्र सुब्बा हुन् भन्ने विचार व्यक्त गरेकी छन्[२२]। सन् १९८३ सम्मको साहित्यिक यात्रा पार गरी आधुनिक युगको भावधारालाई पक्रन आइपुग्दा भारतीय नेपाली कविहरूले आफ्ना कवितामा विद्रोहात्मक क्रान्तिभावलाई मार्क्सवादी शिल्प, सज्जा र प्रगतिवादी रूप लावण्यताका साथ अभिव्यक्त गर्न थालिसकेको पाइन्छ[२३]। यसै क्रममा अगमसिंह गिरीको 'नौ लाख तारा उदाए' गीत प्रकाशन (सन् १९६३) र प्रतिबन्धले गिरीको मानसिकतामा विद्रोहपूर्ण क्रान्तिराग उत्पन्न गरायो । त्यसपछिका क्रान्तिरागपूर्ण कविताको श्रृङ्खलामा गुमानसिंह चामलिङ, प्रेमदोर्जे भोटिया 'विरोकी', नन्दहाङखिम, शरद क्षेत्री र युद्धवीर राणाहरूका नाम उल्लेखनीय रहेका पाइन्छन्। उनीहरूका कवितामा अन्याय, अत्याचारप्रति तीखो व्यङ्ग्य, सुधारवादी र प्रगतिवादी चिन्तनको प्रवाह बढ्दै आएको देखिन्छ अनि कवितामा लाक्षणिक व्यङ्ग्य र विद्रोहको स्वर गुञ्जिएको पाइन्छ।

भारतीय नेपाली कवितामा भारतीय नेपालीहरूका जीवन जगतको यथार्थतालाई प्रगतिवादी मार्क्सवादी दृष्टिबाट हेर्ने, अभिव्यक्ति दिने प्रयास गरिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको प्रभाव पनि भारतीय नेपाली कवितामा पर्न आएको देखिन्छ । यसै सन्दर्भमा सन् १९६२ मा भएको चीन, भारत युद्ध र सन् १९६५ मा भएको भारत, पाकिस्तान

---

२२ लक्खीदेवी सुन्दास, "नेपाली कविता केही टिपोट र टिप्पणी," **सम्मेलन कविता सङ्ग्रह** नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, सन् १९८३, पृ.त.थ.
२३ लक्खीदेवी सुन्दास, नेपाली साहित्य सम्मेलन, पूर्ववत् पृ.त.थ.

युद्धबाट उत्पन्न विभीषिकाले भारतीय नेपाली कविहरूमा राष्ट्रिय स्वाधीनता र वलिदानपूर्ण भावनाको वीजारोपण गराएको देखिन्छ । यस बलिदान पूर्ण भावनाबाट राष्ट्र, राष्ट्रियता र स्वाभिमानको उदय भएको र प्रगतिवादले अझ मौलाउने अवसर पाएको देखिन्छ। यसैक्रममा देखिएका भारतीय नेपाली कविहरूमा रामलाल अधिकारी, भीम थापा, प्रेम प्रधान, देवनभ देउसा, शरद क्षेत्री, बी योञ्जन, एम पथिक, विकास गोतामे, खड्गसिंह राई, बुद्धकुमार मोक्तान, मानबहादुर मुखिया, गोपीचन्द्र प्रधान, मदन ओझा, किताव सिंह राई, जस योञ्जन, प्यासी, शंकर सुब्बा, दलसिंह अकेला, चन्द्रमित लक्सम, आरती राई, टेकध्वज जिम्वा, केदार गुरुङ्ग, भूपेन्द्र अधिकारी, मोहन ठकुरी, मोहन दुखुन, असीत राई, नोदेन रुम्बा, विक्रम रूपसा, नरेशचन्द्र खाती, नोर्जेन स्याङदन, मनप्रसाद सुब्बा, अमर मार्मिक, युद्धवीर राणा, तुल बहादुर क्षेत्री मालेमा, हरिभक्त कटुवाल, गोपीनारायण प्रधान, भविलाल अधिकारी, नव सापकोटा, गोपाल बहादुर नेपाली आदिको नाम उल्लेख गर्न सकिन्छ। यी कविहरूका स्वरमा समसामयिक भाव व्यङ्ग्य विद्रोहात्मक क्रान्तिराग भएर आएको पाइन्छ ।

भारतीय नेपाली कविहरूले आफ्ना कवितामा रोदन, क्रन्दन होइन क्रान्तिका चर्का स्वरहरू उराल्न थालेको कुरा भारतीय नेपाली साहित्यको इतिहास सन् २००४ मा उल्लेख गरिएको पाइन्छ[२४]।

यसरी सामाजिक असमानता, रुढिवादी चिन्तन्, असमान आर्थिक परिवेश, सामन्तवादी एकाधिकारवाद, अन्याय, अत्याचार, दमन र उपनिवेशवादी साम्राज्यवादको विरोध गर्दै नेपाली कविताको क्षेत्रमा कलम चलाएर समग्र भारतीय नेपाली कवितालाई प्रगतिपथमा

---

२४ आसित राई, **भारतीय नेपाली साहित्यको इतिहास,** साझा पुस्तक प्रकाशन, दार्जिलिङ सन् २००४, पृष्ठ -१८५-८८

अग्रसरित गराउने श्रेय सुखमान मोक्तान, दिल साहनी, धर्मलाल भूसाल, पवन चाम्लिङ्ग, कर्ण धामी, मणिप्रसाद राई, मानबहादुर गुरुङ्ग, किरण ब्लोन, पदम क्षेत्री, चन्द्रकला नेवार, धर्मवीर रुम्बा, पी अर्जुन, कृबु संयमी हरूलाई दिन सकिन्छ । उनीहरूका कवितामा मानवीय शोषण, जातीय दूरावस्था, सामाजिक विसङ्गति, आर्थिक असमानता, शोषणका अनेक स्वरूपको उजागर र अन्याय, अत्याचार आदिको स्वर व्यक्त हुन सकेको पाइन्छ । यहाँ मानवले मानवका रूपमा बाँच्न पाउनु पर्छ भन्ने कवि भित्रको अन्तर्चैतन्यलाई कही सोझै र कही प्रतिकका रूपमा प्रस्तुत गरी व्यङ्ग्य विद्रोहको नारा बुलन्द तुल्याएको पाइन्छ । आफ्ना कविता मार्फत सामाजिक मुक्तिका लागि आक्रोश, आवेग र विरोधको स्वर सुसेल्दै जीवनमा संगीत भरिदिने कविहरूमा गुमानसिंह चामलिङ, कुमार घिसिङ, मनप्रसाद सुब्बा, राम उपमन्यु, मोहन ठकुरी, नव सापकोटा, नोजाङ स्याङ्देन, शरद क्षेत्री, केदार गुरुङ्ग, जस योञ्जन प्यासी, अजित, निराशा, पाल्देन नितुङ, जीवन थिङ आदिका नाम उल्लेखनीय रहेको देखिन्छन् ।

भारतीय नेपाली साहित्यमा खासगरी दार्जिलिङको सेरोफेरोमा रही कलम चलाउने प्रबुद्ध नेपाली सर्जकहरूमा दानियल खालिङ, वीरेन्द्र सुब्बा, अर्जुनकुमार क्षेत्री, लक्खीदेवी सुन्दास र बद्रीनारायण प्रधान आदिले प्रमुख रूपमा सन् १९४५ तिरै प्रगतिवादी साहित्य लेखनको शुरूवात गरेको पाइन्छ । दानियल खालिङ र वीरेन्द्र सुब्बाले सन् १९५० मा 'एकान्त' नामक संयुक्त कविता सङ्ग्रह प्रकाशन गरेर सह-लेखन परम्पराको थालनी गरेको देखिन्छ । यसैगरी अच्छा राई रसिक, अगमसिंह गिरी, अर्जुनकुमार क्षेत्री लगायतका प्रगतिशील कवि तथा साहित्यकारहरूले सन् १९४६ तिर 'प्रगतिशील साहित्य परिषद्' नामक संस्था स्थापना गरी संस्थागत रूपमै प्रगतिशील साहित्यको विकासका लागि कदम चालेको

पाइन्छ। भारतीय नेपाली प्रगतिवादी साहित्यको सन्दर्भमा बद्रीनारायण प्रधान, गणेशलाल सुब्बा, रतनलाल ब्रा□मण आदिको योगदान र उनीहरूले प्रगतिवादी आन्दोलन अघि बढाउन गरेको पर्याप्त प्रयास नै आजको प्रगतिवादी साहित्यको उठान विन्दु हो[२५] भनी असीत राईले भनेका छन् । त्यसपछि प्रगतिवादी साहित्यिक आन्दोलनलाई अघि बढाउने कार्यमा कवि मोहन दुखुन र भक्त राई लगायतको महत्वपूर्ण योगदान रहेको पाइन्छ । यसै सन्दर्भमा कवि धरणीधर कोइरालाको जागरण कविताले पनि प्रगतिशील चिन्तन धारालाई अघि बढाउन सहयोग पुऱ्याएको देखिन्छ। यसपछि दार्जिलिङको सेरोफेरोमा सन् १९६३ को आसपासमा आइपुग्दा इन्द्रबहादुर राई, ईश्वर बल्लभ र वैरागी काँइलाहरूले भारत र नेपालबाट आयामेली साहित्यिक आन्दोलनका रूपमा नयाँ साहित्यिक धाराको शुरूवात गरे। त्यस साहित्यिक आन्दोलनले प्रगतिवादी कविहरूलाई रुञ्चे, निरीह वा नारावादी ठानेर त्यसका विरोधमा नयाँ स्वरहरू गुञ्जाएको पाइन्छ। यस बाहेक दार्जिलिङका नन्द हाङखिमको पनि प्रगतिवादी साहित्यको क्षेत्रमा वीरेन्द्र सुब्बा, दानियल खालिङ, लक्खीदेवी सुन्दासको जत्तिकै भूमिका रहेको पाइन्छ ।रतनलाल ब्रा□मणको मूलत:राजनीतिक बोलवाला भएतापनि उनी साहित्य जनवादी हुनुपर्छ भन्ने मान्यता राख्दथे । त्यसैले उनको चाहना र मान्यता अनुसार नै यस क्षेत्रको साहित्यिक उत्कर्षता बढ्दै आएको देखिन्छ ।

यसै सन्दर्भमा भारतीय नेपाली प्रगतिवादी कविताको चर्चा गर्दा दार्जिलिङको योगदान अन्य क्षेत्रको भन्दा विशिष्ट रहेको पाइन्छ । यहाँ कम्युनिष्ट पार्टीका आमन्त्रक मानिने रतनलाल ब्रा□मण (माहिला बाजे) वीरेन्द्र सुब्बा, रत्न वान्तवा, विकास गोतामे, बी योञ्जन, नन्द हाङखिम,

२५ असित राई, **भारतीय नेपाली साहित्यको इतिहास,** अत्याधुनिक नेपाली कविता साहित्य, साझा पुस्तक प्रकाशन, दार्जिलिङ, सन् २००४, पृष्ठ -१९०

असीत राई, बद्रीनारायण प्रधान, मोहन दुखुन, डा. मोहन पी दाहाल, अगम सिंह गिरी, सिक्किमतिरका डा. घनश्याम नेपाल, भिम दाहाल, वीरु वाङ्देन, जीवन थिङ, दार्जिलिङकै लक्खीदेवी सुन्दास, दानियद खालिङ, अर्जुनकुमार क्षेत्री, शरद क्षेत्री, आसाम पूर्वाञ्चलका चन्द्रकला नेवार, हरिभक्त कटुवाल, गोपीनारायण प्रधान, नागाल्याण्डबाट हरिप्रसाद गोर्खा राई, देहरादूनबाट भूपेन्द्र अधिकारी, भुटानबाट तुम्बेहाङ लिम्बु, भविलाल लामिछाने, लोकनाथ उपाध्याय चापागाईँ, नवीन सापकोटा, गोपाल बहादुर नेपाली, तुलाचन मालेमा र मेघराज अधिकारी आदि सर्जकहरूको योगदानलाई उल्लेखनीय मान्नुपर्ने हुन्छ। भारतीय नेपाली प्रगतिवादी कविताको उद्गम विकास र उत्कर्षको अध्ययन गर्दा भारतीय नेपालीहरूका माझ छरिएर रहेका विभिन्न सङ्घ-संस्थाहरू र ती संस्थाहरूबाट प्रकाशित हुने दैनिक, पाक्षिक, मासिक, त्रैमासिक, षड्मासिक र बार्षिक पत्र-पत्रिकाहरूको भूमिकालाई पनि उपेक्षा गर्न सकिन्न । यस्ता साहित्यिक प्रकाशन र सङ्घ-संस्थाहरूमा नेपाली साहित्य सम्मेलन दार्जिलिङ, विकल्प प्रकाशन दार्जिलिङ, निर्माण प्रकाशन, जनपथ प्रकाशन सिक्किम, नेपाली साहित्य अध्ययन समिति कालेबुङ, उपासक प्रकाशन कालेबुङ, श्याम ब्रदर्श प्रकाशन दार्जिलिङ, गोर्खा जनपुस्तकालय खार्साङ, नेपाली अकादमी दार्जिलिङ, भक्त राई स्मृति मण्डप, साझा पुस्तक प्रकाशन दार्जिलिङ, साहित्य अकाडेमी, स्वस्तिक साहित्य संसार सिलिगुडी, नेपाली विभाग, भारतीय भाषा सङ्काय काशी हिन्दू विश्वविद्यालय वाराणसी, विकास जन साहित्य केन्द्र दार्जिलिङ, अस्तित्व प्रकाशन दार्जिलिङ, साहित्य प्रकाशन दार्जिलिङ, कादम्बिनी क्लब आसाम, प्रतिभा प्रकाशन सामसिङ, नेपाली साहित्य समिति डुवर्स, नेपाली साहित्य परिषद् वाराणसी, गोर्खा साहित्य विकास देहरादुन, बिन्दु प्रकाशन लामलिङ आसाम, नेपाली साहित्य सेवा दिन

रौता, दरङ् नेपाली साहित्य सम्मेलन आसाम, नेपाली साहित्य समिति शान्तिपुर मेघालय आदि सङ्घ-संस्थाहरूको योगदान पनि भारतीय नेपाली प्रगतिवादी कविताको क्षेत्रमा उल्लेखनीय रहेको देखिन्छ ।

यसैगरी गणेशलाल सुब्बाको **'वीर गोर्खा'**, विकास गोतामेका **'रगतका रेखाहरू'**, **लड वीरबहादुर तिमी लड, केही नविनतम कविताहरू, कविता पञ्चामृत** आदि र बद्री नारायण प्रधानको **'नव चेतनाका चीर मशाल गणेशलाल',** निर्देशक परिमलको **'जनवादी गीत गुच्छा',** भिम दहालको **'समृद्ध व्यथा'**, **'कङ्गाल अभिव्यक्ति र रगतको हस्ताक्षर'**, हरिप्रसाद गोर्खाको **'बाबरी र मनचरीको बोली'**, रामकृष्ण शर्माको **'बलिदान** (खण्डकाव्य) र **भावालु मेरो मन',** वीरेन्द्र सुब्बाको **'एकान्त' मेघमाला** (दानियल खालिङसँग संयुक्त), **कुसुम छोरी, स्वर्णिमा**, **टिष्टा,** हर्कजंग क्षेत्रीको **'हिमालय'**, अच्छा राई रसिकको **गोर्खा संगीत, 'मेरो प्यारो गोर्खा लिग, जीवन मरणको अग्नि परीक्षा'**, लक्खीदेवी सुन्दासको **'सम्भावित अर्थ समर्पित एकान्त'**, मोहन दुखुनको **'मन्दाकिनी, कर्मायण, भक्त भैरवी, मधुमाधव** (महाकाव्य) र **अन्तरजलन, विरिम फूल**, **मान्छेको धर्ती, एकलव्य, बाली, विनाश वस्ती** (खण्डकाव्य), तुल बहादुर क्षेत्रीको **चेतना**, दिलसाहनीको **नौलो माटो चाहिएको छ**, धर्मलाल भूषालको **युगको घेराभित्र मलिन अनुहार**, हरीभक्त कटुवालका **भित्रि मान्छे बोल्न खोज्छ, सुधार, यो जिन्दगी खै के जिन्दगी** कविता सङ्ग्रहले भारतीय प्रगतिवादी कवितामा नौलो आयाम थपेको पाइन्छ । मनप्रसाद सुब्बाको **'आदिम वस्ती** र **बुख्याचाहरूको देशमा'**, वी योञ्जनको **'आइनो शहर फर्केपछि'**, शरद क्षेत्रीको **'आवेग अन्तर मनका'**, नन्द हाङखिमको **'अभिषेक'**, जस योञ्जनको **'शान्तिको सन्देश** र **एक देशको खोजमा',** एसेन देवानको **'हड्ताल गऱ्यौ के ?'**, असीत राईको **'आफूलाई केही पर**

**उभ्याएर हेर्दा** र **शताब्दी सम्बोधन'**, किताब सिंह राईको **'आँखी झ्यालबाट',** तुम्वेहाङको **'भग्न पर्खालको सयपत्री'**, पवन चाम्लिङको **'अन्तहीन सपना र मेरो विपना, म को हुँ** कविता संग्रह', राजेन्द्र भण्डारीको **'क्षर अक्षर',** कृष्ण भारतीको **'अग्निशिखा'** आदि कविहरूका कविताले भारतीय नेपाली प्रगतिवादी तथा यथार्थवादी चिन्तन धारालाई उत्कर्षतातर्फ लैजान सहयोग पुऱ्याएको देखिन्छ। यस्तो सङ्क्षिप्त अवलोकनबाट प्राप्त भारतीय नेपाली प्रगतिवादी कविता धाराको परिदृश्यलाई हेर्दा भारतीय नेपाली साहित्यको इतिहास नै एउटा कार्यमूलक अनुसन्धानको फाँट बन्न सक्ने देखियो तसर्थ यहाँ सङ्क्षेपमा नै दृष्टि गोचर गर्नु सान्दर्भिक ठानियो ।

## ४.४ प्रगतिवादी नेपाली कविताको स्वरूप एवम् विशिषता :

नेपाली कविताको विकासक्रमको अध्ययन गर्दा नेपाली कविताको प्रारम्भकालदेखि नै वर्गीय विचारधारा र बौद्धिकताको द्वन्द्वात्मक सङ्घर्ष चलि आएको देखिन्छ । नेपाली कविताको इतिहास लगभग तीनसय बर्ष पुरानो भएको र निरन्तर वर्गीय बौद्धिकताका आधारमा खासगरी दुई वर्गका बीचको सङ्घर्षात्मक सिर्जनाबाट सिर्जित हुँदै आएको पाइन्छ । नेपालका शासक प्रशासक अर्थात् सामन्त वर्गको स्तुतिगानबाट शुरू भएको नेपाली कविताको इतिहासमा प्रत्यक्ष-अप्रत्यक्ष सर्वहारावादी चिन्तनले पनि आफ्नो स्थान ग्रहण गर्दै आएको पाइन्छ । सम्भ्रान्त वर्गको मनोरञ्जन तथा आत्मतुष्टिका लागि लेखिने कविता र सर्वहारा मजदूर, किसान, गरीब, असहाय एवम् महिलाहरूको जीवन दशालाई प्रस्तुत गर्दै लेखिएका कविताहरूका बीचमा बर्गीय विभेद्का रेखाहरू प्रष्ट कोरिएका देखिन्छन्। ती कविताहरूमा बेलायती उपनिवेशवाद विरोधी प्रवृत्तिका साथै राष्ट्रवाद तथा राष्ट्र, राष्ट्रियता र स्वाभिमानको भावना मुखरित

भएर आएको पाइन्छ। नेपाली कविताको प्राथमिक कालको उत्तरार्धमा देखिएका निर्गुण भक्तिधाराका कविताहरूमा तत्कालीन नेपाली समाजमा रहेको वर्णवाद, पाखण्डवाद, जातिवाद, हिंसावाद, मूर्तिपूजा, धार्मिक अन्धविश्वास, रुढीवादिता जस्ता प्रवृत्तिको विरोध पाइन्छ । उनीहरूले जातीय चेतना र शिक्षा तथा सांस्कृतिक जागरणको स्वरलाई मूर्तता दिने प्रयास गरेका छन् । यसरी हेर्दा नेपाली कविताको क्षेत्रमा केही मात्रामा भएपनि प्रगतिशील चिन्तनको शुरूवात निर्गुण भक्तिधारा अर्थात वि.सं.१८८० को छेउछाउ देखि नै अभिव्यञ्जित हुन लागेको बोध हुन्छ । निर्गुण भक्तिधाराले धर्मका नाममा गरिँदै आएका अधर्महरू र रुढीवादी परम्पराभित्र रहेका मानवीय मूल्य र मान्यताप्रति तीब्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ। कर्मकाण्डका नामबाट नेपाली समाजमा भित्रिएको जाति प्रथा, छुवाछूत प्रथा, बोक्सी प्रथा, धामी, झाँक्री, ओझा, बिजुवा, फेदाङ्मा पूर्वजन्म, परजन्म, ब्रा□मणवाद, पूजाआजा आदि जस्ता सामाजिक भेद्भावलाई उन्मुलन गरेर समतामूलक समाजको निर्माण गर्नुपर्ने आग्रह गर्नु नै त्यस युगका कविताको प्रगतिशीलता हो ।

प्रगतिवाद मूलतः सामन्तवादी, रुढीवादी तथा परम्परावादी जीवन दर्शनको विरुद्ध देखा परेको युग सापेक्ष सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक जागरणको तुमुल स्वर हो । यो मानवीय युग जीवनका वास्तविकताबाट निकट रहँदै आएको साहित्यिक धारा पनि हो । यसले सामन्तवाद, साम्राज्यवाद, उपनिवेशवाद, रुढीवाद तथा परम्परावादको विरोध र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनको समर्थन गर्दै शोषित, पीडित, भोका, नाङ्गा तथा सर्वहारा, अपहेलित, जाति, जनजाति, आदिका जीवन भोगाईलाई आफ्नो विषयवस्तु बनाएको छ । मार्क्सवादी विश्व दृष्टिकोणलाई आफ्नो दार्शनिक आधार बनाएको प्रगतिवादी नेपाली

कविता भित्र आर्थिक समता तथा विसमताको आधारमा वर्गीय चरित्रको समुद्घाटन गरिएको पाइन्छ । त्यही नै प्रगतिवादी नेपाली कविताको प्रमुख प्रवृत्ति पनि हो ।

आर्थिक तथा सामाजिक जीवनसँग कला साहित्यको 'नीरक्षीर न्याय योग' जस्तो सम्बन्ध रहेको हुन्छ । त्यसमा पनि मानवीय भाव भित्र प्रवेश गरी जीवन जगतको सार्थकता र यथार्थतालाई कलात्मक रूपमा प्रस्तुत गर्ने प्रमुख श्रेय कविता विधाले प्राप्त गरेको छ । कविताको माध्यमले लालित्यपूर्ण भाव सौन्दर्य प्राप्त गरी आदर्शवादी चिन्तन धाराको उत्कर्षतालाई न्यूनीकृत गर्दै वैचारिक तथा सैद्धान्तिक प्रतिबद्धताका साथ सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणको मार्ग प्रशस्ति गर्नु प्रगतिवादी कविताको वैशिष्ठ्य हो । प्रगतिवादी कविता भित्र द्वन्द्वात्मक तथा ऐतिहासिक, भौतिकवादका आधारमा मार्क्सवादी सौन्दर्यशास्त्रको सूक्ष्म कलालाई र युग सापेक्ष रूपान्तरण गरिएको पाइन्छ। कवितालाई आर्थिक तथा भौतिक जीवनसँग जोड्दै राजनैतिक उत्कर्षतातर्फ अभिमुख गराइएको हुन्छ । मानवीय चेतनाको कलात्मक जागरणसँगै कविता विधाको जन्म भएको हो । यसले आफ्नो उत्पत्तिकालदेखि नै सामाजिक, सांस्कृतिक तथा आर्थिक आधारमा जीवन जगतको विश्लेषण गर्दै आएको छ । समाजको स्वरूप, वर्ग र प्रकृति अनुसार कलात्मक चैतन्यको विकास हुने हुँदा मार्क्सवादी जीवन कला र सैद्धान्तिक ज्ञान अनुरूप यथार्थ जगतको वस्तुगत पक्ष र कलात्मक रूपको वस्तुवादी तथा द्वन्द्ववादी सैद्धान्तिक मूल्य, मान्यताको आधारमा प्रगतिवादी नेपाली कविताले आफ्नो मूर्तरूप ग्रहण गरेको देखिन्छ।

भौतिक जीवनबाट मानवीय चैतन्यको प्रादुर्भाव भएको हो र त्यही चैतन्यको कलात्मक रूप कविता हो भन्ने मार्क्सवादी दृष्टिकोण अनुसार

संस्थापित कविता मान्यताले समग्र प्रगतिवादी नेपाली कविता सम्बन्धी मान्यतालाई प्रभावित तुल्याएको देखिन्छ। यसै सम्बन्धमा वरिष्ठ साहित्यकार क्रिष्टोफर कडवेलले कविताको सच्चा मोती समाजको सिपीबाट मात्र प्राप्त हुन्छ भन्ने उल्लेख गरेका छन्[२६]। मानवीय सभ्यतासँगसँगै आर्थिक आवश्यकताको पनि उत्तिकै भूमिका रहेको हुँदा सामूहिक कार्य तथा आर्थिक आवश्यकताको परिपूर्ति गर्न सामूहिक क्रियाकलापहरू सञ्चालन गर्ने र सामूहिक भावनाको कलात्मक, भावात्मक तथा लयात्मक अभिव्यक्ति दिने कार्यबाट कविता साहित्यको जन्म भएको हो भन्ने देखिन्छ। यो मानवीय आर्थिक पक्षसँग जोडिएको हुन्छ। यसैगरी मानवीय श्रमकै बीचबाट सिर्जित कलात्मक भाव चैतन्यद्वारा कविता साहित्यको उदय भएको हो[२७] भन्ने विचार एङ्गेल्सले व्यक्त गरेका छन्। प्रगतिवादी नेपाली कवितामा प्रष्ट वैचारिकता, भौतिक जीवनका अनेक पक्षमा द्वन्द्वात्मकता र परिवर्तनको दिशा निर्देश गरिएको हुन्छ। यहाँ जटिलता र अन्तर्विरोधहरू, द्वन्द्वात्मक अन्तर्सम्बन्धका रूपमा आएर अनेक घटना परिघटनाहरूलाई जोडी सञ्जालमय बनाउँदा वास्तवमै जीवन जगतको प्रतिनिधित्व गरेको प्रतीत हुन्छ। कवितामा सरलता, प्रष्टता, भावगाम्भिर्यता भएर पनि आर्थिक तथा भौतिक जीवन जगत सम्बन्धी मान्यता द्वन्द्वात्मकता रहेको हुँदा प्रगतिवादी नेपाली कवितामा आर्थिक, भौतिक जीवनकै प्रधान भूमिका रहेको देखिन्छ। यो प्रगतिवादी नेपाली कविता धाराको अर्को प्रमुख विशेषता हो ।

---

२६ कृष्टोफर कड्वेल, **इलयुजन एण्ड रियालीटी**, पिपुल्स पब्लिसिङ हाउस, नयाँ दिल्ली, सन् १९५३, पृ.६
२७ मार्क्स एङ्गेल्स, **लिट्रेचर एण्ड आर्टस्,** करेण्ट बुक्स, बम्बई, सन् १९५३, पृष्ठ -२०

प्रगतिवादका आधारमा कविता र सामाजिक जनजीवनलाई अध्ययन गर्दा कविता र सामाजिक जीवनका बीचमा तथा समाज र साहित्यिक सिर्जनाका बीचमा अत्यन्त गहिरो सम्बन्ध रहेको देखिन्छ[२८]। लोक जीवन अथवा सामाजिक जनजीवनको यथार्थताबाट अलग रहेर काव्य कविताको सिर्जना गर्नु सम्भव छैन । सामूहिक भावनालाई नै कविता सत्य ठान्ने क्रिष्टोफर कड्वेलले कविता कलाको सिर्जनामा इन्द्रिय बोधजन्य भावाभिव्यक्तिको प्रमुख भूमिका रहेको बताएका छन्[२९]। यसै सन्दर्भमा प्लेखानोभ, लुनाचास्की, जर्ज थम्सन, आन्र्स्ट फिसर आदिले कविता साहित्य सामाजिक जीवनबाट निरपेक्ष हुन नसक्ने विचार व्यक्त गरेका छन् ।

कविता सामाजिक जनजीवनसँग अभिन्न रहने मात्र हैन, सामाजिक जीवनकै उपज हो भन्ने प्रगतिवादी मान्यता रहेको पाइन्छ। यसै अनुरूप प्रगतिवादी नेपाली कविताको रूप, गुण र विशेषतालाई सूत्रात्मक रूपमा निम्नलिखित तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

(१) प्रगतिवादी नेपाली कविता मार्क्सवादी दर्शनको कलात्मक अभिव्यक्ति हो ।

(२) प्रगतिवादी नेपाली कवितामा वर्गीय पक्षधरताको प्रश्न प्रवल भएर आएको पाइन्छ ।

(३) प्रगतिवादी नेपाली कवितामा अन्तर्वस्तु र रूप बीचको द्वन्द्वात्मक सम्बन्ध घनिभूत भएर आएको हुन्छ ।

(४) प्रगतिवादी नेपाली कविताले सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक सचेतनाको पृष्ठभूमिमा उभिएर तमाम गरीब, दुःखी,

---

२८ देवी प्रसाद गौतम, **प्रगतिवाद परम्परा र मान्यता,** (प्रकाशिका मुना गौतम), किर्तिपुर काठमाण्डौं, पृ. ९०
२९ क्रिष्टोफर कड्वेल, **इलयुजन एण्ड रियालिटी**, पूर्ववत्, पृ. १४

सर्वहारा, किसान तथा महिला एवम् बालबालिकाको मुक्ति आन्दोलनलाई वैचारिक बल पुऱ्याई रहेको हुन्छ ।

(५) प्रगतिवादी नेपाली कविताले नेपालको १०४ बर्ष लामो राणा शासन, ३० बर्षे पञ्चायती व्यवस्था तथा राजाको हुकुमी शासनको विरोध र अन्य सबैखाले शोषण, दमन र उत्पीडनको विरोध गर्दै समतामूलक समाजको सिर्जना गर्ने र सद्भाव पूर्वक राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाभिमानको रक्षा गर्न उत्प्रेरणा जगाउँदै आएको देखिन्छ ।

(६) प्रगतिवादी नेपाली कवितामा ग्रामीण किसान तथा मजदूरवर्गका समस्यासँगै सामाजिक यथार्थताको चित्रण, क्रान्ति सम्पन्न गर्ने अठोट र सुनौलो भविष्यको परिकल्पना गरिएको पाइन्छ ।

(७) विदेशी अतिक्रमणको विरोध र राष्ट्रवादी स्वर प्रस्तुति हुन सकेको पाइन्छ।

(८) प्रगतिवादी नेपाली कवितामा कुरूप र कठोर सामाजिक यथार्थको प्रस्तुति ठेट नेपाली र तद्भव शब्दको प्रयोग, तथा नारावादी शैलीको प्रयोग पनि पाइन्छ ।

(९) सामन्ती शोषणले ग्रामीण जनजीवनमा पारेको प्रभाव, बसाईं, सराईं र सुकुम्बासी समस्याको चित्रण र हाल वैदेशीक रोजगारका लागि विदेशीनुपर्ने अवस्थाको सजीव चित्रण गरिएको पाइन्छ ।

(१०) प्रगतिवादी नेपाली कविताले राष्ट्रिय अस्तित्वसँग जोडिएका सबै सवालहरूमाथि संवेदनशील हुन आग्रह गरेको छ ।

(११) शान्ति र मानवताको संरक्षण तथा अन्तर्राष्ट्रिय ऐक्यबद्धताको आग्रह आदि जस्ता वैशिष्ट्यद्वारा प्रगतिवादी कविताको स्वरूप र विशेषतालाई पहिचान गर्न सकिन्छ ।

## ४.८ प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय जीवन दृष्टि :

मानव-मानव बीचको विभेदलाई अन्त्य गर्नु, समता, मित्रता, सहयोग र सहकारिताको भावनाद्वारा समाजलाई सामाजिक तथा आर्थिक उत्कर्षतातर्फ लैजानु, जाति, वर्ग र समुदायलाई समाज रुपान्तरणको दिशातर्फ उन्मुख गराउनु, प्रगतिवादी कविताको विश्व दृष्टिकोण हो। यो मानव जीवनका वैचारिक पक्ष माथिको सूक्ष्म दृष्टिकोण पनि हो । मानव जीवनका अनेक पक्ष माथि सूक्ष्मातिसूक्ष्म दृष्टिगोचर गरी समाज, संस्कृति, धर्म, रीति-रिवाज र आर्थिक अवस्थाका आधारमा मानवका जीवन दृष्टिलाई विश्लेषण गर्नु प्रगतिवादी नेपाली कविताको रूप चैतन्य हो भने मानवीय अन्तर्दृष्टि (मानवीय मन, स्वभाव, चरित्र, बानी, रुची) आदिको विश्लेषण गर्दै मानवीय सभ्यता, संस्कृति र आर्थिक स्थितिको विश्लेषण गर्नु चाहिँ भाव चैतन्य हो । सामाजिक संरचनासँग मानवीय जीवन पद्धतिको ऐक्यवद्धतालाई सूक्ष्म विश्लेषण गरी मानवीय जीवन दृष्टिलाई उजागर गर्नु प्रगतिवादी नेपाली कविताको सकारात्मक पक्ष पनि हो । युग-युगको सामाजिक चेतना, सांस्कृतिक स्वरूप र आर्थिक अवस्थाको यथार्थपरक प्रस्तुतिले मानव जीवनको हिजो आज र भोलिलाई सङ्केत गरेको पाइन्छ। युगको परिवर्तन सँगसँगै मानवीय भावना, चेतना र जीवन भोगाइका अनेक पक्षमाथि परिवर्तन आउने गर्छ । जीवन भोगाइका लागि आउने सबै परिवर्तनहरू अग्रगामी र प्रगतिशील हुन भन्ने सोचाई सबै व्यक्तिमा रहेको हुन्छ ।

प्रगतिवाद अग्रगमनको बाटो हो यसले मानवीय जीवन दृष्टिलाई भौतिकवादी अग्रगमनतातर्फ उन्मुख गराउँछ। अध्यात्म चिन्तकहरूले अभौतिक जीवन-जगतलाई प्रधानता दिएर सत्-असत्, जीवन-मरण, स्वर्ग-नर्क, पाप-पुण्य, आदिलाई मानवीय जीवन दृष्टिका आधारभूत तत्व

मानेका छन्[३०] भने भौतिकवादी (मार्क्सवादी) दृष्टिमा चाहिँ शरीरका आन्तरिक तथा बा□य संरचनाबाट समायोजित मानवीय चैतन्यलाई सामाजिकरण गरी जीवन दृष्टि निर्धारण गरिएको पाइन्छ[३१]। जीवन सोचाइ, देखाइ र भोगाइमा ठूलो भिन्नता पाइन्छ । अध्यात्म चिन्तकहरूले मानसिक शान्तिको क्रममा जीवन सोचाइ र जीवन भोगाइलाई मात्र यथार्थपरक जीवन मानेका छन् । जीवन भोगाइ व्यक्तिगत भएर पनि सामाजिक हुन्छ जो अभौतिक छ त्यो जीवन होइन । जीवन भौतिक हुन्छ र भोगाइ चाहिँ सामाजिक हुन्छ।

प्रगतिवादले आर्थिक समता र विषमताको आधारमा जीवन भोगाइका अनेक स्वरूपहरूको विश्लेषण गर्दछ र यस सन्दर्भमा विशेष गरेर पूँजीवादी जीवन दृष्टि र समाजवादी जीवन दृष्टि प्रमुख मानिन्छन् । समाज अनेक दृष्टिविन्दुहरूको साझा संरचना हो । त्यही अनेकताबाट वैचारिक एकताको समाजपरक दृष्टि केन्द्र स्थापना हुनु नै समाजवादी दृष्टिविन्दु हो । यसरी समाजवादी जीवन दृष्टितर्फ मानवीय चैतन्यलाई अभिमुख गराउन अनेक वर्गहरू र वर्गसङ्घर्षका चरणहरूलाई पार गर्दै आउनुपर्ने हुन्छ । समाजमा विद्यमान वर्गहरूमा सदैव वर्गीय द्वन्द्व चलिरहेको हुन्छ । सानो-ठूलो, धनी-गरीव, कालो-गोरो, नर-नारी, पठित-अपठित सबै वर्ग, तह र तप्काका व्यक्तिहरूमा द्वन्द्वभाव रहेको हुन्छ र त्यो सँधै चलिरहने प्रक्रिया पनि हो ।

नेपाली समाजको सन्दर्भमा प्रगतिवादी नेपाली कविताले युग सापेक्ष जीवन दर्शन प्रस्तुत गरेको छ । नेपाली समाजलाई अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनबाट मुक्त गराई आदर्श, न्यायपूर्ण समतामूलक

---

३० प्रो.अ. तितारेन्को (सम्पदित) **नीतिशास्त्र,** (अनुवादक ददन उपाध्याय) प्रगति प्रकाशन, मास्को, सन् १९९०, पृ. २००
३१ प्रो. अ. तितारेन्को (सम्पादित) **नीतिशास्त्र**, पूर्ववत्,पृ. २१२

समाजको प्रतिस्थापन गर्ने कार्यमा प्रगतिवादी नेपाली कविताको अहम् भूमिका रहेको देखिन्छ। मानवीय चिन्तनलाई सामन्तवादी वैचारिकताबाट मुक्त गराई समतामूलक सामाजिक संरचनातर्फ अभिमुख गराउनु नै प्रगतिवादी नेपाली कविताले अभिव्यक्त गरेको मानवीय जीवन दृष्टि र मूल्यबोध हो । प्रगतिवादी नेपाली कविताले नेपाली समाजका सामाजिक संरचनाको सूक्ष्म चित्रण तथा साम्राज्यवादी, पूँजीवादी व्यवस्थाको चित्रण र विरोध गरेको पाइन्छ । धार्मिक अन्धवाद तथा रुढीवादी सामाजिक संरचनाबाट मानवीय जीवनको मूल्याङ्कन गर्ने, पूँजीवादी, सामन्तवादी दृष्टिबाट जीवनको व्याख्या गर्ने, व्यक्तिवादी चिन्तनबाट मानवीय उत्कर्षको विश्लेषण गर्ने जस्ता कार्यको तीव्र विरोध गर्दै सामाजिक यथार्थता, समतामूलक जीवन शैली, सहकारिताको भावना, सामूहिक र सङ्गठनात्मक जीवन पद्धति, समाजपरक राज्य सञ्चालन नीति, मार्क्सवादी अर्थशास्त्रीय आर्थिक वितरण प्रणालीतर्फ मानवीय चेतनालाई रूपान्तरण गर्न कविताले गरेको मार्गदर्शन वा सङ्केतलाई नै प्रगतिवादी नेपाली कवितामा अभिव्यक्त मानवीय जीवन दृष्टि भनिएको छ ।

उदाहरण

१) चारैतर्फ छ अन्धकार निमुखा माथि छ त्यै शोषण
गर्नेहुन कि ती मित्रराष्ट्रहरूले नेपाल आलिङ्गन
यो नेपाल नछो नछो अब नछो इनकलावी नारा भर
भिक्षाले हक पाइँदैन गतिलो सङ्घर्ष ठीक गर

केवलपुरे किसान सङ्घर्षको ठीक गर कविता पृष्ठ १२३

नेपाली समाजमा विद्यमान सामन्तवादी सोच, रुढीवादी परम्परा, अछूत र दलित वर्ग माथि भएको शोषणबाट समाजलाई मुक्त गराउन प्रगतिवादी कविताले गरेको उद्घोषबाट परिलक्षित जीवन मार्गलाई

मानवीय जीवन दृष्टि भनिएको छ । समाजमा रहेका कुरीति, कु-संस्कार र कु-व्यवस्थाबाट जन्मेको नीतिलाई प्रगतिवादी कविहरूले व्यङ्ग्य विद्रोहका साथ प्रस्तुत गरेका छन् । प्रगतिवादी कवितामा मानवीय जीवनलाई हेर्ने दृष्टिकोण यथार्थपरक तथा वैज्ञानिक रहेको देखिन्छ। यहाँ मानवीय जीवनलाई शून्यवादको आधारमा होइन, भौतिकवादको आधारमा विश्लेषण गरिएको छ । उदाहरण :

१) पोलौं जागृति ज्योतिले अब देश निलेको रात
बालौं नौलो सूर्य शगरमा डाकौं लाल प्रभात

मोदनाथ प्रश्रित सङ्कलित रचनाहरू सूर्यचन्द्र झैं माथि पृ ३०४

विद्यमान नेपाली समाजको स्वरूप वर्गीय भएको हुँदा राजनैतिक र सांस्कृतिक जस्तै साहित्यको स्वरूप पनि वर्गीय नै रहेको देखिन्छ । नेपालको राजनीतिमा लिच्छवी, किराँत, सेन, मल्ल, शाह, राणा, बहुदलीय व्यवस्था, पञ्चायत व्यवस्था, पुनः सङ्क्रमणकालीन अवस्था आदि सबै सामन्ती सामाजिक संरचनाबाट सञ्चालित भएका देखिन्छन् । प्रत्येक शासकहरूको शासनकालमा निरङ्कुशता भएकै कारण नेपाली समाजको जीवनगति मन्द भएर कष्टकर, पीडादायी बन्दै आएको देखिन्छ। आदिम कालदेखि नेपाली शासकहरूले निरङ्कुशता लादेर नेपाली जनतामा चरम शोषण, दमन, अन्याय र अत्याचार गर्दै आएका छन् । यस्तो घोर अत्याचारी निङ्कुशतन्त्रका विरुद्धमा प्रगतिवादी नेपाली कविताले शुरूका दिनदेखि नै विद्रोह गर्दै आएको पाइन्छ । नेपाली समाजलाई परावलम्बी बनाउने अनेक प्रकारका नीति, नियमहरू, दासत्वपूर्ण संस्कार र संस्कृतिहरू, धार्मिक आडम्बरहरू र नारी बन्धनका सामाजिक स्वरूपहरूलाई चुँडाएर स्वतन्त्रता तथा समतामूलक समाजवादी समाजको निर्माणका लागि प्रगतिवादी कविताले गरेको

शङ्खनादले नेपाली समाजमा विद्यमान संस्कृतिको पुनर्निर्माण र आर्थिक रूपान्तरणको दिशानिर्देश गरेको छ र नयाँ जीवन दृष्टिको साथ समाजलाई परिवर्तन हुन आग्रह पनि गरिएको छ। उदाहरण :

१) गण्डकी म हुँ शागर पुग्छु संसार हेर्नलाई
यो यात्रा मेरो धर्तीको नयाँ जीवन फेर्नलाई
न लाउँ पर्खाल रोकिन्न कसै म तिम्रो साँधमा
म कैदी हैन थुनिने छैन कसैको बाँधमा

मोदनाथ प्रश्रित सङ्कलित रचनाहरू खण्ड १ गण्डकी, पेज नं. २९६

समाज भित्र रहेका अनेक असमान नीति, नियमहरूलाई तोडी सुन्दर, स्वच्छ र समतामूलक समाजवादी समाजको संरचना गरी समुन्नत नेपाली समाजको निर्माण गर्न प्रगतिवादी कविताले जुन सन्देश प्रवाह गरेको छ त्यही नै प्रगतिवादी कवितामा पाइने मानवीय जीवन दृष्टि हो[३२]। समाजको जीवनस्तर (बाँच्नका लागि उपयोग तथा उपभोग गरिने साधनको गुण र परिमाणको आधार तथा बाँच्ने तौर तरिका र शिल्पका दृष्टिले निर्धारण गरिने जीवनको स्तर, तह वा श्रेणी), जीवन पद्धति (बाँच्ने शैली), जीवनकला (जीवनलाई राम्रो र सारभूत बनाउने सीप), जीवनक्रम (जीवनको विकासक्रम), जीवन चिन्तन (जीवनका अनेक समस्या र रहस्यहरू बारे गरिने सामाजिक वा दार्शनिक चिन्तन), जीवन दर्शन (जीवन उत्पत्ति र संहार सम्बन्धी राखिने दृष्टिकोण), जीवनदृष्टि (समग्र जीवनजगतलाई हेर्ने दृष्टिकोण) लाई सूक्ष्म दृष्टिले विश्लेषण गरी अनेक सामाजिक विम्ब र प्रतीकहरू समायोजन गर्दै जीवनलाई फलिभूत गर्ने मार्ग दर्शन नै प्रगतिवादी कविता को जीवन दृष्टि हो।

---

३२ वेलस्की: **दर्शन साहित्य और आलोचना,** (अनुवादक नरोत्तम नागर), परिकल्पना प्रकाशन, लखनऊ, सन् १९८५, पृ. ६६

## ४.६ प्रगतिशील युगचेतनाको विकासमा नेपाली कविताको भूमिका :

### ४.६.१ शास्त्रीयतावादी धाराको भूमिका :

नेपाली कवितामा आधुनिक कालको आमन्त्रण गर्ने कवि लेखनाथ पौड्याल र उनको **ऋतुविचार** खण्डकाव्य वि.सं.१९७५ लाई मानिएको छ । वि.सं.१९७५ देखि वि.सं. १९९० सम्मको काल खण्डलाई आधुनिक नेपाली कविताको पहिलो मोड वा पहिलो चरण र शास्त्रीयतावादी-परिष्कारवादी धाराको युग भनिएको छ । नेपाली समाजलाई आधुनिक ज्ञान, विज्ञान, दर्शन, सांस्कृतिक पुनर्जागरण र मानवतावादी चैतन्यको वोध गराउने हेतुले यस धाराको थालनी भएको देखिन्छ । यस धाराको प्रारम्भमै लेखनाथ पौडेलले दार्शनिक अवचेनताका स्वरहरूलाई कलात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ। शास्त्रीय शैली, दार्शनिक चिन्तन, मानवतावादी भाव-विचार, सांस्कृतिक पुनर्जागरण र आदर्श समाजको परिकल्पना जस्ता उच्च भाव-विचारहरू यस चरणका कवितामा अभिव्यञ्जित हुन सकेका पाइन्छन्। यस काल खण्डका कविताहरूमा प्रगतिशील मानवतावादी स्वर मुखरित हुन सकेको पाइन्छ । प्रगतिवादका सन्दर्भमा यसलाई पूर्वचेष्टा मान्न सकिन्छ । आधुनिक कविताको पहिलो चरण वा मोडका नायक लेखनाथ पौडेल हुन् भने धरणीधर कोइराला, महानन्द सापकोटा, बालकृष्ण सम, सोमनाथ सिग्देलहरु प्रमुख महारथीहरू हुन्। यस चरणका कविताले नेपाली समाजलाई दर्शनको स्वाद चखाएको पाइन्छ । त्यसको फलस्वरूप नेपाली समाजमा आधुनिक ज्ञान, विज्ञान र प्रविधि प्रति रूचि जागृत भएको र नेपालीहरू सामाजिक, सांस्कृतिक र शैक्षिक जागरण प्रति सचेत हुन सकेको देखिन्छ । त्यस्तै यस चरणका कवितामा सौन्दर्य चेतनाको तीव्रता र शिल्पगत सचेतता पनि पाइन्छ। उदाहरण:

१)    बन्यो फेवा छेकी नहर, जल छाँगो पनि बन्यो
बल्यो विद्युत् गंगा, नहर जल गाउँ ऽ घर पुग्यो
खुले लामा बाटा चहुँ दिशि सबै बेश हुन गो
तथापि ऽ मान्छे को हृदय करूणाहीन किन भो ?

मुकुन्दशरण उपाध्याय, **पद्य प्रभाह,** (प्र.जगदीश शमशेर) राणा सन् २००९

यति मात्र होइन यस चरणका कवितामा स्तरीय एवम् व्याकरणगत परिस्कृत भाषाको प्रयोग पनि हुन सकेकाले नेपाली कविता विश्व साहित्यको हाराहारीमा पुग्न सकेको अनुभव हुन्छ। त्यसैले यस युगलाई नेपाली साहित्यको उर्वर युग मानिएको छ। संक्षेपमा भन्नुपर्दा यस युगका नेपाली कविताले नेपाली समाजलाई युग सचेत बन्ने र प्रगति तर्फ लम्कनका निम्ति मार्गदर्शन गराउने काम गरेको छ र यो नै शास्त्रीयतावादको प्रगतिशीलता हो।

### ४.६.२ स्वच्छन्दतावादी धाराको भूमिका :

युग जति-जति अघि बढ्दै आउँछ साहित्य, कला र संस्कृति पनि उति विस्तृत, व्यापक र उदात्त बन्दै जान्छन्, युगको आकाङ्क्षा पनि बढदै जान्छ । मानिसका चाहनाहरू पनि व्यापक हुन्छन्। जिज्ञासाको मुहान पनि विशालतातर्फ उन्मुख हुन्छ र युगले नयाँ दृष्टि विन्दु खोजेको हुन्छ। आवश्यकता नै आविष्कारको जननी हो वा युगको आवश्यकता र युगीन चाहनाले नयाँ-नयाँ विचारहरू जन्मदैं जान्छन्। त्यसैको फलस्वरूप आधुनिक नेपाली कविताको दोस्रो चरणमा स्वच्छन्दतावादी धाराको जन्म भएको हो । पश्चिमी साहित्यको प्रभाव, खासगरी रोमाण्टिक पुस्ताका वर्डस्वर्थ, शेली, कलरिज, रुसो, गेटे, वाइनर, शिलर, किट्स र भारतीय साहित्यकार रवीन्द्रनाथ ठाकुर, सुमित्रानन्दन पन्त, सूर्यकान्त त्रिपाठी निराला र जयशंकरप्रसाद एवम् महादेवी बर्माका मूलभूत काव्य प्रवृत्तिहरूको प्रभावबाट प्रभावित महाकवि लक्ष्मीप्रसाद देवकोटाले स्वच्छन्दतावादी काव्य

धाराको प्रतिनिधिभत्व गरेर नेपाली समाजलाई विश्वजनीन् नयाँ साहित्य सौगात प्रदान गरेको र युग चेतनामा नयाँ उर्जा भर्ने काम गरेको पाइन्छ । मूलत: अंग्रेजी रोमाण्टिक काव्य धाराको भारतीकरण, संस्कृत रोमाण्टिक काव्य धाराको मूल प्रवृत्ति र अंग्रेजी कविताको रोमाण्टिक प्रवाहबाट देवकोटाले नवीन नेपाली काव्यधाराको वीजारोपण गर्दै लेखनाथ तथा समको क्लासिकल काव्य प्रणालीमा नयाँ मोड ल्याएर नेपाली समाजलाई स्वच्छन्दतावादको नौलो स्वाद चखाएका छन्। यसै सन्दर्भमा समालोचक रामकृष्ण शर्माले देवकोटामा अङ्ग्रेजी रोमाण्टिक काव्यधाराको प्रचुर प्रभाव परेको भए पनि उनको कवित्व चाहिँ युग सापेक्ष र निजत्वपूर्ण छ भन्ने विचार व्यक्त गरेका भन्ने कुरा कुमार बहादुर जोशीले उल्लेख गरेका छन्[३३]। देवकोटाको युग नै नेपाली साहित्यको अति उर्वर युग हो । आधुनिक कालको दोस्रो चरणको रोमान्टिक धारामा जे-जति र जस्ता काव्य, कविता र महाकाव्यहरूको रचना हुन सकेको पाइन्छ त्यति अरु कुनै युग र धारामा हुन सकेको कमै अनुभव हुन्छ । यस रोमान्टिक धाराका मुख्य-मुख्य विशेषताहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरिन्छ ।

(१) यस धाराका कवितामा स्वत:स्फूर्त आत्मपरक भावाभिव्यक्ति पाइन्छ ।

(२) यस धाराका कवितामा भावावेगको प्रधानता कल्पनाको उच्चता पाइन्छ ।

(३) यस धाराका कवितामा प्रकृतिका सौम्य तथा उग्ररूपको चित्रण-वर्णन पाइन्छ ।

(४) यस धाराका कवितामा सामाजिक तथा आर्थिक विषमता अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरुद्ध सङ्घर्ष गर्ने अभिप्रेरणा पाइन्छ ।

---

**३३** कुमार बहादुर जोशी, **महाकवि देवकोटा र उनका महाकाव्य,** साझा प्रकाशन काठमाण्डौं वि.सं. २०४५, पृष्ठ-४०

(५) यस धाराका कवितामा आधुनिक शहरीकरण, औद्योगीकरण र यन्त्रिकीकरणका विरोधि स्वरहरू अभिव्यञ्जित हुन सकेका छन् र जनजागरणको लहर फैलन सकेको पनि पाइन्छ।

(६) यस धाराका कवितामा प्रगतिवादी चेतना, राष्ट्रप्रेमको भावना, सामाजिक जागरणको स्वर, अभिव्यक्त हुन सकेको पाइन्छ ।

(७) यस धाराका केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् भने सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, भूपि शेरचन, अगमसिंह गिरी, हरिभक्त कटुवाल, नरेन्द्र कुमाइँ, विजय मल्लहरू यस धाराका प्रमुख कविहरू हुन् ।

(८) युग चेतना भर्ने श्रेष्ठतम् काव्य साधकहरूद्वारा संरचित यस युगका कवितामा उच्चतम भाव विचारहरू अभिव्यक्त भएको पाइने हुनाले यस युगका नेपाली कविता, विश्व कविताका हाराहारीमा छन् भन्न नसकिने होइन।

(९) यस युगका नेपाली कविताले नेपाली समाजलाई उच्च चेतनाको क्षितिजसम्म पुऱ्याएका छन् ।

(१०) यस युगका कवितामा स्वच्छन्दतावादी-मानवतावाद, स्वच्छन्दतावादी-प्रगतिवाद, स्वच्छन्दतावादी-प्रकृतिवाद, प्राकृतिक रौद्रता, क्रान्ति-राग, विद्रोहात्मक क्रान्ति चेतना जस्ता विषयहरू अभिव्यञ्जित भएका पाइन्छन्।

(११) यस युगका कवितामा कल्पनाको केन्द्रीयता भित्र आत्माभिव्यक्तिमूलक प्रकृति र प्राकृतिक संस्कार एवम् मानवीय सभ्यताप्रति अवचेतन आवेगको भाव चैतन्य, मुखरित हुन सकेको पाइन्छ ।

(१२) स्वच्छन्दतावादी काव्य धाराले नेपाली कविताकाशमा वि.सं.१९९१ देखि २०१६ सम्मको काल खण्डलाई समेटेको पाइन्छ।

४.६.३ प्रगतिवादी धाराको भूमिका :

नेपाली कविताको उद्‌भव कालदेखि नै कविता परम्परामा युग जीवनका प्रत्येक घटना, परिघटनाहरूको प्रभाव पर्दै आएको देखिन्छ । प्राथमिक कालका वीर धारा, भक्ति धारा, माध्यमिक कालको शृङ्गारिक धारा र आधुनिक कालका परिष्कारवादी धारा, प्रगतिवादी धारा आदि सबैका उद्‌भव तथा सिर्जनात्मकतामा तत्कालीन युग-जीवनको प्रत्यक्ष प्रभाव पर्दै आएको देखिन्छ । आधुनिक कालका कविता सामाजिक, राजनैतिक तथा आर्थिक सचेतताका दृष्टिले विशेष उल्लेख्य रहेका पाइन्छन्। युगौंदेखि शोषित, उत्पीडित रहेको नेपाली समाजलाई क्रान्ति चेतनाबाट प्रभावित पार्दै स्वतन्त्रता, न्याय र मुक्तिको चाहनाले सङ्गठित शक्तिमा रूपान्तरित गरेर यस चरणका कविताले सामाजिक चेतनामा ठूलै परिवर्तन ल्याएको पाइन्छ । यस्तो परिवर्तनले नेपाली समाजमा विद्यमान रहेको आर्थिक विभेद, धार्मिक असहिष्णुता, लैङ्गिक तथा जातीय असमानता जस्ता वर्गीय भिन्नताहरू र सामन्तवर्गद्वारा गरिने क्रूरतापूर्ण अमानवीय व्यवहार एवम् अन्धविश्वासपूर्ण सामाजिक कुप्रथाबाट नेपाली समाजलाई मुक्त गराउन महत्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ ।

नेपालको सामाजिक संरचना र सामन्तवादी शासकहरूको हैकम तथा दमनले आक्रान्त भएको जनजीवनमा दोस्रो विश्वयुद्धको प्रभाव, चिनीयाँ नौलो जनवादी क्रान्तिको प्रभाव, रुसीजनक्रान्तिको प्रभाव र भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रभावले नेपाली जनताको चेतना अभिवृद्धिमा उल्लेखनीय सहयोग पुऱ्याएको बेला देशभित्र भएको मकै पर्व, प्रचण्ड गोर्खा र नेपाल प्रजा परिषद्को गठन जस्ता राजनैतिक घटनाहरूले तत्कालीन राणाशाहीको विरुद्ध जनजागृतिको उदय भएर आएको देखिन्छ । वि.सं.१९९७ मा नेपाल प्रजा परिषद्का नेताहरूको गिरफ्तारी र हत्याले

नेपालको राजनैतिक क्षेत्रमा नयाँ मोड ल्याएको हो[३४]। नेपाली राजनीतिको ऐतिहासिक परिघटना र सामाजिक तथा आर्थिक घटना प्रवाहले नेपाली कवितामा आधुनिकता र प्रगतिशीलताको सूत्रपात गरेको पाइन्छ ।

यस युगका कविताले परम्परागत यथास्थितिवादी र सामन्तवादी चिन्तनप्रति तीब्र प्रहार गरेका छन् । तात्कालीन समाजले व्यहोर्नुपरेको जीवनका कटुतापूर्ण तिक्त यथार्थलाई कलात्मक रूपमा प्रस्तुत गर्दै यस्तो कटुतापूर्ण जीवन भोगाईबाट मुक्ति पाउने चाहना समेत अभिव्यक्त गरेका छन् । यस युगका कविताले खासगरी (स्वच्छन्दतावादी मूल धाराले) सामाजिक उत्पीडन, अन्याय, अत्याचार र शोषणका स्वरूपहरू, क्रान्तिराग र प्रकृति संवेदनाका पक्षमा आफ्नो भाव व्यक्त गरेको पाइन्छ । प्रगतिवादी नेपाली कविता धारामा जीवन जगतको यथार्थता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनका स्वरहरू, सामन्तवादी सामाजिक संरचनामा परिवर्तन, आर्थिक विषमताको अन्त्य, वर्गीय, जातीय तथा लैङ्गिक असमानताको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्ने आग्रह पाइन्छ ।

यसरी नेपाली समाजको सामाजिक रूपान्तरण गर्ने प्रगतिवादी सौन्दर्य चेतनाको क्षितिजमा पहिलो किरण प्रदान गर्ने लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र र गोपालप्रसाद रिमालको योगदानले नेपाली समाजको युग चेतनामा ठूलै परिवर्तन ल्याएको देखिन्छ । वास्तवमा प्रगतिवादी कविता धाराको सूत्रपात कवि गोपालप्रसाद रिमालको **'आमाको सपना'** ( वि.सं.२०००) नामक कविताबाट भएको पाइन्छ। यस कवितामा कवि रिमालले युग जीवनका कटु यथार्थतालाई कलात्मक रूपमा प्रस्तुत गर्दै तत्कालीन समाजमा भएका अन्याय, अत्याचार र शोषण तथा दमनप्रति विद्रोहात्मक क्रान्तिभाव अभिव्यक्त गरेका छन् । कवि रिमालले नेपाली

---

३४ जगदीशचन्द्र भण्डारी, **प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण** पूर्ववत् पृ.५०

समाजका मुक्तिको लागि क्रान्ति अपरिहार्य छ भन्दै क्रान्तिको आव्हान गरेका छन्। यसरी गोपालप्रसाद रिमालबाट आरम्भ गरिएको प्रगतिवादी कविता धाराले श्यामप्रसाद शर्मा हुँदै कृष्णचन्द्र सिंह प्रधानको **'भञ्ज्याङनिरै'** (वि.सं.२००८) का कविता सङ्ग्रहबाट विकसित र विस्तारित हुने अवसर प्राप्त गरेको देखिन्छ। यसै परम्परामा केबलपुरे किसान, गोकुल जोशी, भूपि शेरचन, आनन्ददेव भट्ट, जनकप्रसाद हुमागाईं, टी. आर. विश्वकर्मा, हृदयचन्द्र सिंह प्रधान, मोदनाथ प्रश्रित र अन्य आधुनिक प्रगतिवादी कविहरूका कविताले प्रगतिवादको क्षेत्रमा नौलो आयाम थपि दिएको छ। यी कविहरूका कविताले नेपाली समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक स्थितिको समुद्घाटन गर्दै नेपालको सामाजिक जीवनमा आइपरेका अनेक घात-प्रतिघात र आघातहरूको समुद्घाटन गरेका छन् । यी कविहरूका कविताले सामन्ती शासन र सामन्ती शोषणको विरोध, वर्गीय, जातीय, लैङ्गिक भेदभावको विरोध, धार्मिक अन्धविश्वासबाट समाजलाई मुक्त गर्ने प्रेरणा बहुसंख्यक उत्पीडित वर्गका मुक्तिको उद्घोषण गरेका छन् । यिनै विविध सचेतनात्मक तथा संज्ञानात्मक उत्कर्षताका कारण प्रगतिवादी नेपाली कविता, नेपाली समाजको युग चेतनाको सम्बाहक शक्तिका रूपमा सङ्गठित भएर अगाडि बढिरहेको देखिन्छ । यसैगरी नेपाली साहित्यको प्रयोगवादी धारा र समसामयिक धाराले पनि युगानुकूल नेपाली समाजको चेतनामा ऊर्जा थपिदिएका छन् ।

## ४.७ निष्कर्ष :

प्रगतिवादी नेपाली कविताका विकासक्रमको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नलिखित तरिकाले केही बुँदाहरूमा प्रस्तुत गरिन्छ:

(१) प्रगतिवादी नेपाली कविताको पृष्ठभूमिलाइ हेर्दा तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक अन्तरविरोध, वि.सं.२००७ अघिको

राणा शासनद्वारा सिर्जित कठोर तथा निरङ्कुश राजनैतिक परिवेश र त्यसको विरुद्ध विकसित हुँदै आएको जन जागृति र जन सचेतता, समाजको साङ्गठनिक स्वरूप र राजनैतिक दलहरूको निर्माण, राणा शासन विरुद्धको जनजागरण अभियानको शुरूवात आदिद्वारा नेपाली समाजमा जागृत भएका भाव चैतन्यको मूर्त र कलात्मक प्रस्तुति नै प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि हो ।

(२) नेपाली कविता परम्पराको भक्ति धारा अन्तर्गतपर्ने निर्गुण धारामा जुन सामाजिक चासो र जनचेतनाको स्वर अभिव्यक्त हुन सकेको पाइन्छ त्यस स्वरलाई प्रगतिवादी नेपाली कविताको अर्न्तगर्भ वा बीज मान्न सकिन्छ भने आधुनिक कालका परिस्कारवादी धाराका लेखनाथ पौडेल, धरणीधर कोइराला, महानन्द सापकोटा प्रभृत्ति कविहरूद्वारा जागरणधर्मी, कविता र स्वच्छन्दतावादी धाराका देवकोटा, सिद्धिचरण श्रेष्ठ तथा स्वच्छन्दतावादी प्रगतिवादी धाराका गोपालप्रसाद रिमालद्वारा संरचित विद्रोहात्मक एवम् क्रान्ति परक कविताले प्रगतिवादी नेपाली कविताको उठान हुन सकेको पाइन्छ र त्यसमा पनि खासगरी रिमालका कविताहरू चाहिँ प्रगतिवादी नेपाली कविताका आधारभूमि हुन् भन्न सकिन्छ ।

(३) वि.सं.२००७ देखि वि.सं.२०१७ सम्मको समय प्रगतिवादी नेपाली कविताको आरम्भ र विकासको युग हो । यस अवधिमा कृष्णचन्द्र सिंह प्रधान, श्यामप्रसाद शर्मा, देवीप्रसाद किसान, गोकुल जोशी, भूपि शेरचन, टी.आर. विश्वकर्मा, जनकप्रसाद हुमागाईं, आनन्ददेव भट्ट प्रभृति कविहरू प्रगतिवादी कविका रूपमा देखा परेका छन् र तिनीहरूका कविताबाटै प्रगतिवादी नेपाली कविता गतिशील बन्न सकेको अनुभूत हुन्छ ।

(४) वि.सं.२००९ मा भएको प्रगतिशील लेखक सङ्घको स्थापनाले पनि प्रगतिवादी नेपाली कविताको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ

भने समय-समयमा प्रकाशित प्रगतिशील लेखकहरूका वैचारिक अवधारणाहरू र पत्र-पत्रिकाहरूको योगदान पनि यस सन्दर्भमा महत्वपूर्ण मान्न सकिन्छ ।

(५) प्रगतिवादी नेपाली कविता आधुनिक नेपाली कविता धाराको एउटा उपलब्धि हो । यसले नेपाली समाजलाई युगीन चेतना जगाउन मार्गदर्शन गराएको छ ।

(६) प्रगतिवादी नेपाली कविताको पहिलो सूत्रपात गोपालप्रसाद रिमालको 'आमाको सपना' कविताबाट भएको हो तापनि प्रगतिवादकै नामबाट संरचना गरिएको कवितासङ्ग्रह चाहिं **'भञ्ज्याङनिरै'** (वि.सं.२००८) रहेको पाइन्छ। यस कविता सङ्ग्रहका स्रष्टा कृष्णचन्द्र सिंह प्रधान हुन् ।

(७) प्रगतिवादी नेपाली कविताको उद्भवमा तत्कालीन नेपाली समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक पृष्ठभूमिको भूमिका उल्लेखनीय छ।

(८) वि.सं.२००७ को राणा विरोधी आन्दोलन र आन्दोलन पछि भएको त्रिपक्षीय सम्झौता र त्यसको परिणामबाट स्थापित पूँजीवादी व्यवस्थाले भित्र्याएको अन्याय, अत्याचार, शोषण, जनविरोधी, क्रियाक्लापका विरुद्ध अग्रसरित नेपालका उत्पीडित सर्वहारावर्गको आन्दोलनले प्रगतिवादी नेपाली कविताधारालाई प्रभावित तुल्याएको पाइन्छ ।

(९) प्रगतिवादी नेपाली कविताले नेपाली समाजमा उत्पीडित तथा शोषितवर्गका रूपमा रहेका सर्वहारावर्गप्रति स्नेह भाव व्यक्त गरेको पाइन्छ भने यसले आमूल परिवर्तनकारी विद्रोहात्मक क्रान्ति, चेतना प्रस्तुत गरी नेपाली समाजको अग्रगामी रूपान्तरणमा सहयोग पनि पुऱ्याएको देखिन्छ ।

(१०) प्रगतिवादी नेपाली कविताले सामन्तवाद, पूँजीवाद र साम्राज्यवादको विरोध गर्दै समतामूलक समाजको परिकल्पना गर्न, अछूत, बालबालिका र नारी अधिकारप्रतिको सचेतता जागरूक गराउन, राष्ट्रप्रेम तथा देशभक्तिपूर्ण भावना जनसाधारणमा भर्न उर्जा प्रदान गरेको देखिन्छ।

# पाँचौं अध्याय

## ५. मानवीयमूल्य सम्बन्धी धारणाहरू

### ५.१ मानवीयमूल्यको अर्थ र परिभाषा

**मानिस सर्वश्रेष्ठ प्राणी हो किनभने उ सँग विचार, बुद्धि, विवेक, माया, सम्वेदना, अनुभव, अनुभूति, हार्दिकता, विद्वता, वीरता, उद्यमशीलता, सिर्जनशीलता, अध्ययन, चिन्तन, मनन, नयाँ-नयाँ प्रयोग, अनेक नयाँ वस्तुको आविष्कार, करूणा, दया, क्षमा, परोपकार, ठूला-ठूला राज्य र राष्ट्रको निर्माण, व्यवस्थापन, वैज्ञानिक आविष्कार र नौलो अनुसन्धान गर्ने क्षमता छ । यस्ता गुण, विशेषता र क्षमता संसारभरका सम्पूर्ण प्राणीमध्ये मानिसमा मात्र पाइन्छ । त्यसैले मानिसलाई जीव श्रेष्ठ प्राणी पनि भनिन्छ ।**

**माया, सम्वेदना, अनुभव, हार्दिकता, बीरता, उद्यमशीलता, सिर्जनशीलता, करूणा जस्ता प्राकृतिक गुणहरू केही अरू प्राणीमा पनि पाइन्छ । विशेषतः स्त्रीलिङ्गीले आफ्ना सन्तानलाई माया गर्छन् । तातो चिसो र मृत्युको सम्वेदना र भोकको अनुभव सबै प्रांणीमा हुन्छ । आफ्नो जोडी या बच्चाबच्ची मर्दा या बिरामी पर्दाको सम्वेदना र करूणा धेरै प्राणीहरूमा प्रकट भएको पाइन्छ । साढैं, सिंह आदिमा युद्धको वीरता देखिन्छ । चराचुरूङ्गी मुसा, धमिरा जस्ता कतिपय प्राणीहरूमा आफ्नो बासस्थान बनाउने सिर्जनशीलता देखिन्छ । माहुरीमा मह उत्पादन गरी त्यसलाई सञ्चय गर्ने, कलात्मक चाका बनाउने उद्यमशीलता पाइन्छ । यस्ता गुण उनीहरूमा जैविक प्रवृत्तिका रूपमा आएका देखिन्छन् । मानव इतर प्राणीहरू सँधै एकैखालका काममात्र दोहोऱ्याइ रहन्छन् तर कुनै नयाँ सोच, प्रयोग, आविष्कारको प्रवृत्ति र क्षमता प्रस्तुत गर्न सक्दैनन् । बुद्धि, विवेक, विद्वता, अध्ययन, चिन्तन, मनन, नयाँ-नयाँ प्रयोग, कला साहित्यको नयाँ-नयाँ सिर्जना, भवन, सडक र पुलहरूको निर्माण, राज्य सञ्चालन, राष्ट्रको व्यवस्थापन, जटिलतम संयन्त्रको आविष्कार र विश्व ब्रम्ह्ाण्डको खोज जस्ता कुरा मानिसका चिन्तन, मनन, सिर्जनशीलता, उद्यमशीलताका उपज हुन् । यिनै विशिष्ठता र निरन्तर नवीनताको खोज, आविष्कार र प्रगति गर्ने क्षमताले नै मानिस विश्वको सर्वश्रेष्ठ प्राणी ठहरिएको हो ।**

प्रकृतिले सिर्जना गरेका विश्वमा सबै प्राणीहरूका लागि चाहिने वस्तुहरू प्राप्त गर्न सकिन्छ तर ती वस्तुहरू सहजै पाइने नभई जटिल र ठूलो प्रयत्नबाट मात्र प्राप्त गर्न सकिन्छ। संसारमा जे जति जटिल पक्ष छन् ती सबैलाई सरल र सहज तुल्याउने क्षमता मानिसमा मात्र पाइन्छ। त्यसैले मानिस विश्वको सर्वश्रेष्ठ प्राणी हो।

यसरी विश्वको सर्वश्रेष्ठ प्राणी मानव र मानवीयमूल्य भन्ने अभिव्यक्तिमा 'मानव' एउटा विशेषण बनेर आएको छ र मूल्य एउटा विशेष्य वा नाम। मानव एउटा संसारको सर्वश्रेष्ठ प्राणी हो र मूल्य मानव समाजले खोज गरेको एउटा महत्वपूर्ण स्थापना हो। यी दुई शब्द एक अर्कामा घनिष्ट रूपले सम्बन्धित छन्। मानवले लाखौंलाख वर्षको यात्रामा आफूलाई सभ्यताको शिखरमा पुऱ्याउन नसकेको भए यस संसारमा मूल्य शब्द र त्यसको अर्थको आविष्कार पनि हुने थिएन। मानिस आफ्नो बथानमा हिँड्दाहिँड्दै जब अन्य बथानका मानवसित उसको सम्पर्क भयो र उनीहरूका अन्तर्क्रियाले धेरै नयाँ नयाँ कुराहरू जन्मिए। अनेक ज्ञान र अवधारणाहरू तयार भए। मानिसले परस्परमा आफ्ना विचार, भावना, कला र भाषाको आदानप्रदान गऱ्यो। त्यसपछि मानव जीवनको महत्व, गरिमा, उपलब्धि, शक्ति र सम्भावनाहरूलाई मानिसले आफैं पत्ता लगायो। उसले मानव सभ्यताका अनेक विन्दुहरूको स्मृति, संग्रह र संकलनबाट आफ्नो ज्ञान, अवधारणा र मूल्यको पहिचान गऱ्यो। संसारमा कागजको उत्पत्ति र लेखनको प्रक्रिया सुरू भएपछि मान्छेको चेतना र ज्ञानको गुणात्मक बृद्धि ज्यादै छिटो छिटो हुँदै आयो।

यसरी मानिसले आफ्नो चेतनालाई, बोलेर, वा लेखेर सञ्चार गर्न सक्ने शक्तिलाई थाहा पायो त्यसै अनुसार उसले आफ्नो जीवनको मूल्य र मान्यतालाई पनि विस्तार गर्दै ल्यायो। यसरी मानव शक्तिको विकास हुँदैगर्दा मानवीयमूल्यहरूको पनि विकास हुँदै आयो। उसको अस्तित्व र जीवन प्रतिको सोचाइ, हेराइ, बुझाइले गर्दा उसले आफ्नो जीवनमा चाहिने अनेक कुराप्रति, आफ्ना अनेक मिश्रित धारणाहरू बनाउँदै लग्यो। मानिसका अज्ञानबाट ज्ञान तिरको यात्रामा अनगिन्ति कुरा आफ्नो अनुभव र धारणाभित्र जम्मा हुँदै आए। यसबाट संसारमा दृष्यका साथै अदृष्य शक्तिको अनुभव वा अनुभूति पनि हुन थाल्यो। मानव जीवनसित सम्बन्धित र उसलाई चाहिने अनेक शास्त्रहरू बन्न थाले।

ती सबै ज्ञान विज्ञान र प्राचीन बाङ्मयहरूबाट मानिसले आफ्नो रूचि, चाख, आवश्यकता र ज्ञानको आधारमा आफ्ना मूल्य र मान्यताहरू स्थिर गर्दै ल्यायो । यसरी विचार गर्दा संसारमा जति मानिसहरू छन्, प्रत्येकका त्यति नै इच्छा, आकांक्षा र कामनाहरू छन् । जुन कुराप्रति मानिसको वितृष्णा, हुन्छ त्यसलाई उसले कुनै मूल्य वा मान्यता दिँदैन र जुन कुरोको उसलाई धेरै आवश्कता पर्छ त्यसका लागि उसले कुनै पनि मूल्य चुक्ता गर्न सक्छ । जुनकुरो उसलाई धेरै मनपर्छ उसले चाहिनेभन्दा बढी मह□व पनि दिन सक्छ । मानिसैपिच्छे भिन्न विचार हुने हुनाले उसका प्रत्येक कुराप्रतिको मूल्य र मान्यतामा फरक हुने गर्दछन् तर एउटा साझा कुरो के छ भने जुन मानिस जुन देश, काल, परिस्थितिमा जन्म लिन्छ र उसको विकास जस्तो देश, काल, परिस्थिति, वातावरण, धर्म, संस्कृति, सभ्यता र परम्परागत रूपमा हुन्छ त्यसै अनुसार उसको चैतन्य विकास हुन्छ । त्यही चैतन्यको उच्चतम तथा परिस्कृत प्रयोगबाट उ मानव बन्दछ र समाजमा आफ्नो मूल्य आफैं निर्धारण गर्न पुग्दछ । समाजमा रहेको एक मानिसले अर्को मानिसलाई के कस्तो दृष्टिकोणले हेरेको हुन्छ त्यसकै आधारमा एक, अर्को बीच मूल्य मान्यताको निर्धारण हुन्छ ।

यसबाट के भन्न सकिन्छ भने आखिर मानव जीवनका आधारभूत आवश्यकताका हिसाबले एक मानिसलाई अनिवार्य रूपले नभै नहुने जे जे कुरा हुन् वा उसलाई अत्यावश्यक लाग्छन् तिनै कुरा अर्को मानिसलाई नलाग्न पनि सक्छ त्यसैले आवश्यकता अनुसारको मूल्य हुन्छ ।

मानव एउटा सामाजिक प्राणी भएकाले उसलाई सहअस्तित्वमा बस्नु अनिवार्य हुन्छ । वर्तमान समाजमा विज्ञान र प्रविधिको विकासले मानव समाज वा मानव जाति सितको सम्बन्धलाई धेरै निकट र प्रगाढ बनाएको छ । संसारमा जुनबेला विज्ञान र प्रविधिको विकास विशेष रूपले अघि बढेको थिएन त्यसबेला मानव-मानव बीचको अन्तरक्रियाको सम्भावना धेरै पातलो थियो । विश्वमा मानवजीवनको विविधताबारे,मानव र प्रकृतिको सम्पर्कका आधारमा मान्छेका सम्भावनाहरू जति व्यापक हुनुपर्थ्यो त्यति हुन सकेका थिएनन् तर जब सत्रौं शताब्दीदेखि विज्ञान, प्रविधि र उपयोगको क्रान्ति सुरू भयो त्यसपछि अहिले एककाइसौं शताब्दी अर्थात विगत तीन/चार सय वर्षमा, यति धेरै र यति

ठूलो मात्रामा मानव जीवनमा परिवर्तन आएको छ । त्यसको हामी कल्पनासम्म पनि गर्न सक्दैनौं, त्यसैले अहिले जतिजति समय अघि बढ्दै गइरहेको छ । विश्वकै मानव चेतना असाधारण रूपले बढ्दै गएको देखिन्छ । अबको मानव समाजमा व्यक्ति स्वतन्त्रता, सामाजिक न्याय, मानव अधिकारबाट चेतना वा धारणाको यति चर्कोसित विकास भएको छ कि अब संसारमा सम्पन्न र सत्तासिन मानिसहरूले कुनै पनि देशका विपन्न र शक्तिहीन मानिसलाई सिधै शोषण गर्न, दबाउन र अमानवीय पाशविक व्यवहार गर्न सोच्नु पर्ने बेला आएको छ । त्यसैले अहिलेको शताब्दीको 'मानवीयमूल्य' हिजोका शताब्दीहरूको भन्दा आधारभूत रूपले नै भिन्न छ । वर्तमान युगको मानव मूल्यले स्वतन्त्रता, न्याय र मुक्तिको अपेक्षा गरेको छ । यसले प्रकृति प्रदत्त वस्तुको समान अधिकार हुनुपर्छ, समान रूपले बाँडिनुपर्छ र सबैले जीवनमा अग्रगामी विकास गर्ने मौका पाउनुपर्छ भन्ने कुरालाई विशेष रूपले निर्देशित गरेको पाइन्छ ।

यसरी 'मानवीयमूल्य' भन्नासाथ मानिसमात्रको मूल्य वा मह□व वा गरिमा वा अर्थ वा अस्तित्व भन्ने बुझ्न सकिन्छ । त्यसैले यसको परिभाषा पनि कुनै देश, काल, परिस्थिति विशेषमा सीमित नराखी विश्वव्यापी रूपमा गरिनुपर्छ भन्ने मान्यता रहेको छ ।

मानिसले जन्मजात कुनै पनि कुरा थाहापाउन सक्दैन । संसारको मानव जाति र उसका मूल्य मान्यताबारे थाहा पाउन उसले औपचारिक वा अनौपचारिक रूपले शिक्षा प्राप्त गर्नुपर्छ । कुनै पनि किसिमको अन्याय, अत्याचारको विरोध गर्नु, दुःखी, आहत, शोषित, पीडितको सेवा गर्नु, मानिसको अहित हुने काम नगर्नु, क्षमा, दया, सहयोग, सद्भाव, सबैमा राख्नु, शोषण, दमन र उत्पीडनबाट मानव मुक्तिका लागि सङ्घर्ष गर्नु, बिरामी असक्त र अनाथप्रति सहयोग पुऱ्याउनु जस्ता कार्यलाई व्यापक रूपमा 'मानवीयमूल्य' भित्र राख्न सकिन्छ । त्यसैगरी लोककल्याणकारी विचार र भावनालाई व्यापकता दिन सकेमा वर्गीय कल्याण र मानवीय विकासमा सहयोग समेत कायम गर्न सकिन्छ । यस्ता सामान्य काम कुराले पनि 'मानवीयमूल्यको' बोध हुन सकेको पाइन्छ ।

यसरी 'मानवीयमूल्य'अन्तर्गत जीवन व्यवहारका सानाभन्दा साना कुरादेखि लिएर ठूलाभन्दा ठूला कुरासमेत समावेश भएर आएको अनुभव हुन्छ ।

सामान्यतः मानवीयमूल्य, मानव धर्म, मानवत्व, व्यक्तिले आफ्नो निजी जीवनका साथै आफ्ना सामाजिक सम्बन्धहरूका क्रममा पालना गर्नुपर्ने केही नैतिक कर्तव्य उत्तरदायित्व, अनुशासन र आचरणसित सम्बन्धित रहेका छन् । त्यस्ता मानवीयमूल्यहरूका कारण नै मनुष्यको स्थान पशुहरूभन्दा फरक र उच्च हुन पुगेको हो । सच्चा मानवीयमूल्यको मापदण्डबाट जङ्गली बर्बरता र विकसित उच्च सभ्यता बीचको भिन्नतालाई छुट्याउन सकिन्छ ।

मानवीयमूल्यको प्रश्न मानव समाजमा मनुष्यको अस्तित्व र अस्मिता उसले आत्म सम्मान र स्वतन्त्रतासाथ बाँच्न र विकास गर्न पाउने नैसर्गिक अधिकारसित अभिन्न रूपमा गाँसिएको प्रश्न हो । त्यसैले यो केही आदर्शवादी स्वप्न द्रष्टाहरूको अमूर्त धारणा वा सन्त महात्माहरूको नैतिक प्रवचनको विषयमात्र नभएर मानव जातिकै शान्ति-सुरक्षा र आत्मिक तथा भौतिक विकाससित सरोकार राख्ने एक अतिशय व्यवहारिक मह□वको प्रश्न पनि हो । त्यसैले व्यक्तिगत आचार संहितादेखि लिएर संयुक्त राष्ट्रसङ्घको बडापत्रका प्रस्थापना र राष्ट्र-राष्ट्र बीचको सम्बन्ध सञ्चालन गर्ने पञ्चशीलका सिद्धान्त जस्ता यावत कुराहरू पनि मानवीयमूल्यको परिधि भित्रै पर्ने विषय हुन् ।

मानवीयमूल्यबारे प्राचीनकाल देखि नै थरिथरीका सिद्धान्त र दृष्टिकोणहरू रहँदै आएका छन् र अहिलेसम्म पनि तिनका माझ पारस्पारिक द्वन्द्व र वादविवादहरू चलिरहेको पाइन्छ ।

उदाहरणका लागि अध्यात्मवादी/भाववादीहरूले ‘मानवीयमूल्य’ सबै मानवजाति र देशकालका लागि सर्वमान्य, अपरिवर्तनीय र शाश्वत हुन्छ भनेका छन् भने, त्यसका विपरीत भौतिकवादी वैज्ञानिक समाजवादीहरूले मानवीयमूल्यलाई यस जगत्का अन्य सबै वस्तुहरू झैं देश, काल, परिस्थिति अनुसार ऐतिहासिक विकासको क्रमसँगै निरन्तर परिवर्तनशील हुन्छन् भन्ने विचार व्यक्त गर्न पुगेका छन् ।

हजारौं वर्षदेखि चलिआएको कृषिप्रधान सामन्ती राज्यव्यवस्था र त्यसलाई टिकाई राख्ने सामन्ती संस्कृतिको प्रभावका कारण सामान्यतः पूर्वीय जगत्मा मानवीयमूल्य वा आदर्शहरू आध्यात्मिक वा धार्मिक दृष्टिबाट मात्र परिभाषित गरिएर रूढिग्रस्त हुन पुगेको देखिन्छ भने ऐतिहासिक रूपबाट अनपेक्षित बढी गतिशील हुँदै औद्योगिक पूँजीवादी चरणमा विकसित

भएका कारण पाश्चात्य जगत्मा चाहिँ मानवीयमूल्यहरूको व्याख्या धर्म निरपेक्षता तथा उपभोक्तावादी/उपयोगितावादी मापदण्डका आधारमा मात्र हुने गरेको पाइन्छ।

मानवीयमूल्यहरूबारे अध्यात्मवादी र भौतिकवादी दृष्टिकोणहरू बीचको अन्तर्द्वन्द्व वा सङ्घर्ष प्राज्ञिक क्षेत्रमा मात्र सीमित नरही राजनैतिक, सामाजिक तथा आर्थिक क्षेत्रहरूमा पनि प्रतिविम्बित हुँदै आएका छन्। आ-आफ्नो सिद्धान्त वा आस्था अनुसारका मानवीयमूल्यहरूको रक्षा गर्ने नाउँमा भएका गृहयुद्ध र धर्मयुद्धका घटनाहरूले संसारको इतिहास भरिएको छ महाभारतको युद्ध लगायत विगतका दुई विश्वयुद्धहरू पनि आ-आफ्नो मानवीयमूल्यको संरक्षण गर्ने उद्देश्यबाटै प्रेरित रहेका देखिन्छन्।

इतिहासमा के पनि देखिएको छ भने सत्तामा पुगेको शोषक वर्गले आफ्नो सत्ता टिकाइराख्नका लागि, आफ्नो वर्गीय हित अनुसारका मूल्य र मान्यताहरू लाई मात्र सर्वसम्मत, शाश्वत र सर्वमान्य भनेर प्रचार गर्दै आएको छ र त्यसमा अध्यात्मवादी दार्शनिकहरूले सहयोग पुऱ्याएका छन्। भौतिकवादीहरू सँधै परिवर्तनका पक्षमा रहेको पाइन्छ।

प्राचीनयुग र मध्ययुगका मानवीयमूल्य सम्बन्धी अवधारणाहरू मूलतः धार्मिक आस्था, रहस्यवाद आदिबाट प्रभावित थिए भने, त्यसपछि आधुनिक युगको पूँजीवादी समाजमा आएर ती व्यक्तिगत सम्पत्ति को होडबाजी निर्मम श्रमशोषणद्वारा अत्याधुनिक मुनाफा आर्जन गर्ने कानून तथा उपयोगितावादी/उपभोक्तावादी सिद्धान्तहरूबाट निर्देशित हुन पुगेका देखिन्छन्। यसरी विगतका सामान्ती र हालका पूँजीवादी व्यवस्थाहरू बहुसङ्ख्यक जनताको शोषण दमनमा आधारित रहेर अल्पसङ्ख्यक शासक-प्रशासक, गुरू, पुरोहित, साहु महाजनहरूको मात्र स्वार्थसिद्ध गर्ने अनैतिक र अमानवीय व्यवस्थाका रुपमा स्थापित हुन पुगेका देखिन्छन्। यस व्यवस्थाले सामान्य मानवीयमूल्यहरूको पनि वेवास्ता गर्दै संसारका असङख्य नरनारीहरूसित दास वा पशुको जस्तो व्यवहार गर्दै आएको देखिन्छ। पूँजीवादी विकासले ल्याएको तथाकथित आधुनिक सभ्यतामा पनि बहुसङ्ख्यक नागरिकहरू किनमेलको सस्तो वस्तुका रूपमा मात्र परिणत हुँदै आएका छन्। बहुसङ्ख्यक जनताको रगत पसीना र आँसुमा खेल्ने सामन्तवाद र पूँजीवादले मानवीयमूल्यको संरक्षण गर्न नसकेको देखिन्छ।

यसरी इतिहासका अनुभवहरूले के प्रमाणित गरिदिएका छन् भने न्याय-अन्याय, सुन्दर-असुन्दर, असल-खराब, शुभ-अशुभ, र सत्य-असत्य जस्ता विषयहरूबारे शोषक वर्ग र शोषित वर्गका आ-आफ्नै दृष्टिकोण, परिभाषा वा व्याख्या रहने गरेका छन् । मालिक र दास, भूमिपति र किसान, पूँजीपति र श्रमजीवी, सम्पन्न र विपन्न जस्ता एक अर्कामा विरोधीहरूको मानवीयमूल्यप्रतिको हेराइ वा व्यवहार एक अर्काका बिल्कुलै विपरीत हुन्छन् र तिनमा कुनै पनि समानता भेटिँदैन । आज सम्मको इतिहास मानवीयमूल्यबारे जनपक्षीय र जनविरोधी वर्गहरूबीचका सङ्घर्षको इतिहास हो ।

यसरी मानवीयमूल्यहरू इतिहास-सापेक्ष, समाज-सापेक्ष, युगानुकूल र प्रगतिशील हुन्छन् । परम्परावादी रूढीवादीहरूले भनेझैं ती शाश्वत सर्वमान्य र अपरिवर्तनीय हुँदैनन् । यस सन्दर्भमा कार्लमाक्सले मनोगतवादी एकपक्षीय सिद्धान्तहरूको खण्डन गर्दै मानवीयमूल्यको उत्पत्ति र विकासका बाह्य रूप र सारतत्व बारे अहिले सम्मको सर्वोत्कृष्ट र युक्तिसङ्गत मानिएको द्वन्द्वात्मक/ऐतिहासिक भौतिकवादको व्याख्या प्रस्तुत गरिसकेका छन् ।

नेपालमा पनि २००७ साल अघिको राणाकाल र त्यसपछिको अवधि पञ्चायतकालीन समाज, त्यसपछिको प्रजातान्त्रिक र हालसम्मको लोकतान्त्रिक गणतन्त्रकालका मानवीयमूल्यहरू ऐतिहासिक विकासका नियम अनुसार फरक-फरक रहेका देखिन्छन् तर पनि नेपाली साहित्य र संस्कृतिमा मानवीयमूल्य र आदर्शहरूबारे अझैपनि परम्परावादी संस्कार र पूँजीवादी प्रदुषणको प्रभाव सबल रूपमा रहँदै आएको देखिन्छ । परलोकवादी धर्म र पूँजीवादको मानवद्रोही स्वभावका विपरीत मार्क्सवादले साँचो अर्थमा सबैप्रकारका शोषणहरूबाट मुक्त गर्न सक्ने मानवीयमूल्यको आदर्श स्थापित गरेका छन् । त्यही नै अबका युगको मार्गदर्शक सिद्धान्त हो । यस सत्यलाई आत्मसात गर्न नसक्नु हाम्रो समाजमा देखिने सबै प्रकारका अन्तर्द्वन्द्व र विकृतिहरूको प्रमुख कारण हो । मानिसले अवस्तुवादी, अमूर्त धारणाहरूबाट मुक्त भएर आफ्नो अस्मिता र स्वतन्त्रताको संरक्षण तथा भौतिक आवश्यकताहरूको समाधान गर्न आजको युग सुहाउँदो नवीन मानवीयमूल्य प्रणाली स्थापित गर्नु पर्छ ।

आज संसारमा देखिने युद्ध, अशान्ति, असुरक्षा र अस्तव्यस्तता शक्ति राष्ट्रहरूको नेतृत्वबाट निहित स्वार्थका लागि मानवीयमूल्यहरूको पालना नगरेकै कारण उत्पन्न हुन पुगेका हुन् । एक सभ्य र सुसंस्कृत समाजको निर्माण गर्न एक उन्नत मानवीय विश्वव्यवस्थाको स्थापना गर्नु पर्छ अनिमात्र सबैले सत्य, न्याय, विवेक तथा अरूप्रति सम्मान, र सहयोग दर्शाउन सक्ने आधारभूत मानवीयमूल्यहरू को प्राप्ति हुन सक्छ। यसमा आजको संकटग्रस्त संसार, हाम्रो राष्ट्र र स्वयम् आफ्नै अस्तित्वको सवाल निहित रहेको छ।

समाज, संस्कृति, धर्म र सामाजिक मापदण्डहरू को निर्माता पनि मानिस आफैं हो । विश्वका मानवहरूले आ-आफ्नो समाजमा सामाजिक सन्तुलन कायम राख्न आ-आफ्नो रीति, स्थिति, चाल चलन, अनुसार सामाजिक नियहरूको व्यवस्था गरेका हुन्। समाज सञ्चालनमा सहजता आओस् र सामाजिक मर्यादा पनि नखलबलियोस् भन्ने हेतुले बनाइएका सामाजिक मापदण्डहरूमा समाजमा रहेका हरेक मानव र मानव समुदायले जन्मदेखि मृत्युपर्यन्त गर्नुपर्ने, गरिरहनुपर्ने तथा गर्नु नहुने काम, कर्तव्य तथा अधिकारका सबै पक्षहरूलाई उल्लेख गरिएको छ । यो एउटा सामाजिक आचारसंहिता पनि हो । यसमा सबैखाले साँस्कृतिक संरचनाहरू, धार्मिक नियमहरू, नैतिक मूल्य र मान्यताहरू, परम्परागत धारणाहरू, नियम, कानून र अनुशासनका सन्देशहरू लाई सूत्रात्मक, रूपात्मक र गुणात्मक रूपले समावेश गरिएको छ। यो एउटा क्रमिक विकासको श्रृङ्खला हो। मानव उत्पत्तिको क्रमदेखि मानव विकासका हरेक चरणहरूमा मानवमूल्य सम्बन्धी अनेक प्रतिमानहरू, आदर्श नियमहरू र सामाजिक मान्यताहरू बनिँदै र युगानुकूल परिवर्तन हुँदै आएका देखिन्छन्।

यिनै सामाजिक प्रतिमान अथवा सामाजिक मूल्यको समष्टिगत परिधिभित्र विकसित भएको मानव चैतन्यबाट मानव मूल्यको स्वरूप निर्धारण गरिएको हुन्छ। यो एउटा अमूर्त शब्द चैतन्य मात्र होइन मानिस, मनुष्य, मानव यी सबै शब्दहरू सुन्दा पर्यायवाची जस्तो लाग्छन् तर यी शब्दहरूमा अन्तर्निहित भावनात्मक अर्थ सम्बन्ध चाहिँ भिन्न रहेको देखिन्छ । यी कुनै वर्गीय भेदबाट प्रयोगमा ल्याइएका शब्दावली मात्र होइनन्। यिनका अन्तगर्भमा रहेको अर्थ सम्बन्धमा नै फरक छ । मान्छेलाई मानिस, मनुष्य र मानव बनाउन उसका गुण, कर्म र स्वभावले प्रभाव पारेको हुन्छ। जुन समाजमा रह्यो, जस्तो कर्म गऱ्यो, जस्तो स्वभाव सिर्जना गऱ्यो, जस्तो गुणको

विकास गर्‍यो त्यसकै आधारमा: उसको सामाजिक अस्तित्वको निर्धारण हुन्छ । त्यही अस्तित्वले सबै सामाजिक मापदण्डहरू पुरा गरिसकेपछि मात्र मानिसलाई मानव भनिन्छ। मानिसलाई मानव बनाउने सामाजिक मापदण्ड अनुसारका केही विशिष्ट गुणहरू हुन्छन्। तिनै मूल्यमापक मानवीय गुणहरूलाई ग्रहण गर्ने समाजको कुनैपनि सदस्य मानव हो । जसले मानवीय गुण ग्रहण गरेको छैन त्यो मानव होइन, उ केवल मानिस हो । मान्छेको स्थूल शरीर मात्र मानव होइन उसभित्र रहेको सूक्ष्म, अव्यक्त, अमूर्त, भावात्मक मानवीय गुण तथा कर्म एवम् स्वभावका कारण उ मानव बन्न पुगेको हो। मानिसलाई मानव बनाउने समाजबाट स्वीकृतिप्राप्त मानवीय प्रतिमानहरू, उच्च आदर्श नियमहरू, सबै देश, काल, परिस्थिति र परिवेश अनुसार परिवर्तन हुने गर्दछन्। मानवीय प्रतिमान भनेका समाजमा रहेका सबैखाले व्यक्ति वा समूहको रहन-सहन आचरण र व्यवहार सम्बन्धी नियमहरू हुन् । मानव प्रतिमानहरू भनेको मानव समाजद्वारा अनुमोदित नियम हुन् । यस्ता नियमहरू कुनै लिखित र धेरैजसो अलिखित रूपमै समाजमा लागु हुँदै आएका छन्। यस्ता नियमले मानव चेतनामा जुन प्रभाव उत्पन्न गरेको हुन्छ त्यसैबाट समाजको सु-व्यवस्था कायम हुँदै आएको देखिन्छ। समाज र मानवको अन्योन्याश्रित सम्बन्ध भएको हुँदा सामाजिक प्रतिमान नै मानवीय प्रतिमान हुन् । मानवीय प्रतिमान अमूर्त कल्पना मात्र होइनन् । यिनीहरूको सम्बन्ध क्रियाशील मावन जीवनका प्रत्येक गतिविधिहरू सित जोडिएको हुन्छ। यो मानव जीवनका अनेक व्यवहारिक क्षणहरूमा प्रयोग हुनेनियम, अनुशासन, कर्तव्य, अधिकार आदिको आदर्श प्रस्तुति हो । व्यवहारवादी आदर्श नियमहरूको शतशः पालना र प्रस्तुतिबाट नै मानव मूल्य निर्धारित हुँदै आएको देखिन्छ।

## ५.२ मानवीयमूल्य सम्बन्धी विभिन्न विद्वानहरूका धारणा

मानवीयमूल्यसम्बन्धी प्रश्न मानव समाजमा मनुष्यको अस्तित्व र अस्मिता, उसको आत्मसम्मान र स्वतन्त्रताका साथ बाँच्न र विकास गर्न पाउने नैसर्गिक अधिकारसित अभिन्न रूपमा गाँसिएको प्रश्न हो । यो अध्यात्मवादी स्वप्नद्रष्टाहरूको अमूर्त धारणा वा सन्त माहात्माहरूको नैतिक प्रवचनको विषयमात्र होइन यसमा मानव जातिकै शान्ति, सुरक्षा, अनुशासन एवम् आत्मिक तथा भौतिक विकाससित सरोकार राख्ने एक अतिशय व्यवहारिक महत्वको प्रश्न पनि गाँसिएको छ । यसभित्र समाजका आदर्श नियमहरू र

**व्यक्तिगत आचारसंहिताहरू, देखि लिएर संयुक्त राष्ट्रसंघका वडापत्रको प्रस्थावना सहित राष्ट्र-राष्ट्र बीच पञ्चशीलताको सिद्धान्त जस्ता यावत कुराहरू मानवीयमूल्य निर्धारण को परिधि वा क्षेत्रभित्र पर्न आउँदछन्[1] ।**

**मानवीयमूल्यको अर्थ समाज सापेक्षतामा आधारित हुन्छ । किनभने मनुष्य सामाजिक प्राणी हो । तसर्थ ऊ समाजमा निरपेक्ष भएर बस्न सक्दैन । समाज सापेक्ष बन्ने क्रममा मनुष्यले यदाकदा आफ्ना दुराग्रहहरू समाजमाथि लाद्ने चेष्टा पनि गर्न खोज्छ । त्यतिखेर मानवमूल्य खस्केको भान हुन्छ । जुनबेला मनुष्यले समाजमाथि आफ्ना दुराग्रह लाद्न चाहिरहेको हुन्छ । त्यसबेला उसले मेरो यात्रा समाजको सुव्यवस्थाका लागि हो भन्ने चाहिँ बिर्सन्छ । त्यस्तो हुनु चाहिँ संकीर्ण मानवता अथवा ह्रासोन्मुख मानव मूल्यको लक्षण हो । जे होस् मनुष्यले स्वतन्त्र चिन्तनका रूपमा पनि र समाज सापेक्षताका रूपमा पनि उद्देश्य कल्याणपथकै लिनुपर्छ । त्यसैबाट मानव मूल्यको सार्थकता झल्कन्छ[2]।**

**म मनुष्यको अखण्ड रूपलाई मानव ठान्दछु । जसको आगमनको प्रतिक्षा लोकले उत्सुकता पूर्वक गर्दै आइरहेको छ । वर्तमान मानव समाजमा विद्यमान मानिसहरू सबै खण्डित छन् । कसैले धर्मको पुच्छर समातेर टुट फुट र गुट बनाउँदै दौडिरहेका छन् । कसैले गरीब दुःखी निमुखा निर्धा जनताहरूको काँध चढी आफ्नो निहित स्वार्थ पूरा गर्दै राजनीति गरिरहेका छन् । कसैले विज्ञानको उत्कर्षतालाई मानव विनासको कार्य मा प्रयोगगरी रहेका छन् । त्यसैले आज सबै मानिसहरू खण्डित छन् अपूर्ण छन् । पूर्ण मानव हुन सबै गुण ग्रहण गर्नुपर्छ । ज्ञान र विज्ञानलाई एकाकार गरेर मानव जीवनको उद्देश्य प्राप्तितर्फ लगाउनु पर्छ । विश्वमानव समाजलाई एउटै परिवारको रूपमा हेर्ने दृष्टिकोण हुनुपर्छ । "आत्मवत् सर्व भूतेषु" को व्यवहारिक प्रयोग गर्नुपर्छ त्यो नै मानवीयमूल्यवोधको प्रथम सूत्र हो [3]।**

**मार्क्सवादी लेनिनवादी नीतिशास्त्रमा मानवमूल्यलाई सामाजिक प्रतिमानको रूपमा तथा एउटा निश्चित सामाजिक तथा ऐतिहासिक आदेशको आत्मिक अभिव्यक्तिका रूपमा हेरिएको छ । यो मानव आचरण नैतिकता सँग सम्बन्धित विषय हो । यहाँ मानकीय अन्तर्वस्तुहरू, जसको रक्षा गर्न**

---

१ गोविन्द भट्ट भेट वार्ता २०६६/२/२५ काठमाण्डौ, लाजिम्पाट

२ मुकुन्द शरण उपाध्याय भेटवार्ता २०६६/५/२० काठमाण्डौ

३ आचार्य रजनिश **नया सह्रश्राब्दीका लागि नयाँ शिक्षा,** प्रवचन माला,आशो कल्याण ज्योति ध्यान मार्ग ललितपुर, वि.सं. २०५६, पृष्ठ ६३

गरिने मानव व्यवहारहरू, समाजमा व्यक्तिको स्थिति, सामाजिक, धार्मिक तथा साँस्कृतिक एकता र अनेकताहरू सामूहिकता व्यक्तिको नैतिक चेतना, आत्मिक विकास, शिक्षा-दीक्षा, रीति-रीवाज, सम्बन्ध, स्वभाव नैतिकता र अनुभवको समग्रताबाट मानवीयमूल्य र मान्यता निर्धारण भएको हुन्छ [४]।

समाजवादी मानवतावादले प्रगतिशील मूल्यलाई लक्ष्यित गर्दछ । मनुष्यको समृद्ध आत्मिक जीवन ठोस रूपमै मानवीयमूल्य को विविधतामा प्रतिबिम्बित हुन्छ । मनुष्यको व्यक्तिगत गुण उसको प्रतिभा, क्षमता, योग्यता, आशा, विश्वास सङ्कल्पका आधारमा सामाजिक प्रतिमानहरूको पालना गर्दै सामूहिक हितको प्राप्तिका लागि गरिएको व्यवहार नै मानव मूल्यको उदाहरण हो[५] ।

मानव जीवनमा नैतिक अभिप्रेरणाको सकरात्मक भूमिकालाई समाजवादी समाजले आत्मसात् गरेको हुन्छ । यो कम्युनिष्ट विश्वास तथा कम्युनिष्ट नैतिकता अनुसार व्यक्तिको कर्तव्य र दायित्वसँग जोडिएको विषय हो । यस मूल्यले आदेशात्मक वा निर्देशनात्मक भएर मनुष्यका सम्पूर्ण जीवनमा, अवचेतन आकाङ्क्षाहरूमा, भावनात्मक सङ्कल्पहरूमा प्रवेश गरी जीवनलाई सार्थक, उद्देश्यमूलक बनाउन सहयोग पुर्‍याउँछ [६]।

मानव मूल्य व्यक्तिको आत्मिक अभिप्रेरणा र कार्यको स्वतन्त्र मूल्याङ्कन हो । यो कर्तव्यबोध एवम् अन्तस्करणको आदेशसँग अविच्छेद्य रूपले जोडिएको हुन्छ । आत्मगत अभिप्रेरणा, मूल्याङ्कन र आत्ममूल्याङ्कन चिन्तनका बुद्धिसङ्गत प्रक्रिया हुन् । जसको सहायताद्वारा मनुष्य आफ्नो कार्यको नैतिक परिमाणको पूर्वानुमान गर्न सक्दछ[७] ।

मानवीयमूल्यले विश्वदृष्टिकोणलाई अभिव्यक्त गरेको हुन्छ। मानिसका आत्मिक अभिप्रेरणामा निहित नैतिक मूल्याङ्कन, आत्मगत मूल्याङ्कन, मानव व्यवहार, सामाजिक आदर्श मूल्यहरूको पालना, राज्यद्वारा निर्देशित नीति, नियम र कानूनको पालना गर्दै विश्व दृष्टिकोणको सामाजिक तथा वर्गीय सीमाभित्र रही मानव कर्तव्यको पालना गर्नु नै मानव मूल्यको पहिचान हो [८] ।

मानव जीवनको उद्देश्य त्यो नैतिक मूल्यमा आधारित हुन्छ जसबाट मनुष्यको आत्मिक जगत ओतप्रोत रहेको हुन्छ। आत्मिक जगतलाई व्यक्तिको उच्च चेतना, सङ्कल्प र

---

४ **मार्क्सवादी लेनिनवादी नीतिशास्त्र भाग ४** (सम्पादक फ.म. बोल्कोव) प्रगति प्रकाशन मास्को, सन् १९७७, पृष्ठ १४१

५ **नीतिशास्त्र** (प्रधान सम्पादक प्रो अं. तितारेन्को),प्रगति प्रकाशन मास्को, सन् १९८६, पृष्ठ १४३

६ **लेनिन संकलित रचनाएँ खण्ड ८,** प्रगति प्रकाशन मास्को, सन् १९६०, पृष्ठ ३५५

७ राहुल सांकृत्यायन **दर्शन दिग्दर्शन,** सन् १९४४, पृष्ठ ६३५

८ जर्ज थम्सन, **मानवीय सार तत्व**, दिल्ली पिपुल्स लिटरेसी, सन् १९८४, पृष्ठ ९४

भावनाद्वारा प्रदर्शित गरिन्छ । मानव व्यवहारबाट प्रदर्शित उच्चतर नैतिक मूल्यको समुच्चय द्वारा मानव मूल्यको मापन गरिन्छ । मानव मूल्य मानव व्यवहारको एउटा प्रतियमान तर व्यक्तिगत विनियामक हो । यसबाट कर्तव्य, सम्मान र गरिमा, नैतिकता र सामाजिक मानकहरूको बोध हुन्छ र विश्वबन्धुत्वको भावना अनुसार संसारलाई हेर्ने एउटा छुट्टै दृष्टिकोण खडा हुन्छ । यो मानव अन्तस्करणको व्यवहारिक प्रस्तुति हो [९]।

अन्तस्करणको निर्देशन बुद्धिसङ्गत चेतना र सम्वेदनशील अनुभूतिको समिश्रण रूप हो । गहन भावनात्मक अनुभूति (अन्तस्करणको पीडा) को रूपमा यसले व्यक्तिको मनलाई पकडेको हुन्छ । यो मनुष्यको एक जीवन्त क्रियाविधि हो । यो नैतिक दायित्वमा आधारित प्रत्यक्ष वा परोक्ष अन्तःस्करणको निर्णय हो । आत्ममूल्याङ्कनबाट आफूलाई हुने हीनताबोध, अपराध बोध, प्रायश्चित्त, पश्चाताप, असहमति जस्ता नकरात्मक भाव त□वहरूको जन्म हुन पुग्छ जसले मानव मूल्यको अस्तित्वलाई सन्देहास्पद बनाउँछ[१०] ।

दम्भ, अहङ्कार र अभिमान शून्य अहिंसा, क्षमा, सरलता, सेवाभाव, आत्मिक तथा शारीरीक शुद्वता, अन्तःकरणमा स्थिरता, मन, इन्द्रिय एवम् शरीरको निग्रह, विषय भोगमा अनाशक्त जन्म मृत्यु जरा र व्याधिबाट निर्भय, दुःख–सुख, राम्रो नराम्रोबाट वशीभूत नहुने आफ्नो अधिकार लिन सदैव मानवोचित कर्तव्यको पालना गरिरहने मनुष्य नै मूल्यवान मानव हो[११] ।

जीवनमा मानव मूल्यको विकास गर्न मानिसको विशेष भूमिका रहेको हुन्छ । मूल्यको क्षेत्र फराकिलो छ । व्यक्तिका निजी कुरा, घर, परिवार, समाज, धर्म, नीति र परम्परादेखि आधुनिकतासम्म यो व्याप्त छ ती सबै कुरा, जसलाई हामी सामाजिक मानक अथवा आदर्श नियम भन्दै संरक्षण गर्न चाहन्छौं, सम्बर्द्धन गर्न चाहन्छौं, हामी मान्दछौं वा मह□व दिन्छौं तिनै हाम्रा लागि मूल्य हुन् । बजारका बस्तुको मोल अकस्मात् फेरिएझैं कहिलेकाँही मूल्यहरूमा पनि परिवर्तन हुन्छ, घढबढ हुन्छ र नयाँ मूल्यको स्थापना हुन्छ [१२]।

---

९ अरस्तु, **नीतिशास्त्र** विश्वभारती प्रंकाशन, दिल्ली, सन् १९५४, पृष्ठ २०
१० डा. भगवान दास, **नवीन मनोविज्ञान,**प्रकाशक नन्दकिशोर एण्ड ब्रदर्श वाराणसी, सन् १९६०, पृष्ठ २८३
११ भगवत् गीता सार **अग्नि पुराण**, पृष्ठ ८३८
१२ चुडामणी बन्धु, **'बाल साहित्य के, किन र कसरी',** सिक्किम अकादमीको आयोजनामा प्रस्तुत कार्यपत्र सन् २००८,

प्रेम, सद्भाव, सत्यता, निष्ठा, बलिदानी भावना, दया, कर्तव्यबोध, पुरूषार्थ, वीरता, पराक्रम विद्वता, मिष्टवाणी, प्रसन्नता, विश्वबन्धुता, न्याय र विवेक जस्ता सोह्र कलाले युक्त मानिस नै मानव हो । मानिसमा यी सोह्र कलामध्ये जति कला घटेर जान्छ त्यति नै मानवीयमूल्य ह्रास भएको मानिन्छ भनेर कुर्मपुराणमा भनिएको छ[१३]।

मानव मूल्य भनेको सामाजिक आदर्श मूल्यहरूको व्यवहारिक प्रयोग हो । यस्ता मूल्यहरू निर्विकल्प हुँदैनन् । प्रत्येक व्यक्तिले एउटा प्रतिमानको सट्टा अर्को प्रतिमान वा आदर्श नियमको छनोट गर्न सक्छ तर कुनै सामाजिक आदर्श नियमको पालना नगर्न चाहिँ पाउँदैन । सामाजिक मर्यादाको पालना र अवहेलनाबाट मानव मूल्यको उन्नति र अवन्नतिको मार्ग छुट्याउन सकिन्छ [१४]।

"न हिंस्यात् सर्व भूतानि नातृतं वा वेदत क्वचित् ।

ना हितं नाप्रियं वाक्यं न स्नेनः स्याद कदाचन" (कुर्मपुराण)

कुनै प्राणीको हिंसा नगर्नु, असत्य कहिल्यै नबोल्नु, कहिल्यै कसैको कुनै क्षति नपुऱ्याउनु वा नचोर्नु सबैको हित र कल्याणमा जीवन बिताउनु नै मूल्यवान मानवको चरित्र हो[१५] ।

मानव उत्पत्ति, प्रकार गुण स्वभाव र संस्कृति आदिको अध्ययन गराउने नृतत्वशास्त्र वा नृवंशशास्त्र अर्थात् मानवजातिको उन्नति प्रगतिमा सहायक इतिहास, दर्शन, पुरातत्व, मनोविज्ञान, नीतिशास्त्र, कानून, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र र साहित्यशास्त्रले निर्देशित गरेको मानव जीवन मूल्य सम्बन्धी आदर्श नियमहरूको सामाजिक प्रयोगबाट मानवीयमूल्यबोध गर्न सकिन्छ [१६]।

मानवीयमूल्यलाई सापेक्षित अर्थमा बुझिनुपर्छ । मूल्यहरू सामाजिक जीवनसँग मात्र जोडिएका हुँदैनन् ती व्यक्ति वा समाजको संस्कृति एवम् साँस्कृतिक परम्परासँग जोडिएका हुन्छन् ।

---

१३ **कुर्म पुराण,** उपरी भाग अध्याय १५, श्लोक २७

१४ कार्लमाक्स मार्क्स ए□ल्स **संकलित रचना भाग ४,** प्रगति प्रकाशन मास्को, सन् १९४७, पृष्ठ २२०

१५ **कुर्म पुराण,** उपरीभाग, अध्याय १६, श्लोक १

१६ रविन्द्रनाथ मुखर्जी, **सामाजिक मानवशास्त्रकी रुपरेखा**,विवेक प्रकाशन दिल्ली, सन् १९८१, पृष्ठ १५

संसार एउटा फुलबारी हो। यहाँ सबै फुलहरू एउटै जातका छैनन्। मानवीयमूल्यलाई हामीले यही अर्थमा बुझ्नुपर्दछ। पूर्वीय दर्शनबाट निसृत मान्यतामा मानवीयमूल्यको जस्तो अर्थ हुन्छ, अहिलेको निराशावादी उत्तरआधुनिक सोच भएको पश्चिमी गोलार्द्धमा त्यसलाई मानवीयमूल्य मानिँदैन। मान्यजनहरूको आदर गर्नु, विनम्रतापूर्वक उनीहरूको हेरविचार गर्नु हाम्रो संस्कृति हो भने बुढा बुबा-आमालाई "ओल्ड होम" मा पठाउनु हप्ताको एक साँझ उनीहरू सँगै बसेर खाइदिनु पश्चिमको संस्कृति हो। मूल्यको निर्माण त्यही संस्कृतिको आधारमा हुने भएको हुनाले मानवीयमूल्य सापेक्षित हुन्छ[१७]।

मानवका अन्तर्भावनाभित्र रहेको विश्वबन्धुत्व, अहिंसा, प्रेम, सद्भावना, सहानुभूति, सहयोग, जस्ता आत्मगत प्रवृत्तिलाई व्यवहारमा बोध गराउने उच्च चैतन्यको वृक्षमा मावन मूल्यको फूल फूल्दछ। अर्थात् जुन वस्तु झिकिदिँदा समाजमा मानवको अस्तित्व रहँदैन त्यही नै मानव मूल्य हो [१८]।

मानव मूल्यलाई वर्तमान समाजका मानक सिद्धान्तहरूबाट चाल-चलन र प्रथाबाट, संस्कार, संस्कृति र परम्पराबाट, सरकारी नीति, नियम र कानूनको व्यवहारिक प्रयोगबाट मापन गर्न सकिन्छ। धर्म मानव चेतनाको विकासमा अफिम जस्तो भएर रहेको हुँदा मानव मूल्य निर्धारणमा यसको पनि मह□वपूर्ण भूमिका देखिन्छ। समाजको धर्म व्यवस्था, जाति व्यवस्था, वर्ण व्यवस्था, वर्ग व्यवस्था, लिङ्ग व्यवस्था र अर्थ व्यवस्थाभित्र रहेको विभेदता, अनेकता र वैसम्यताको स्थिति आउँदा मानव मूल्यभित्र ह्रासोन्मुखताको स्थिति सिर्जना भएको देखिन्छ [१९]।

मानव मूल्य भन्नासाथ मानिसको मूल्य वा मह□व वा गरीमा वा उदात्त चरित्र वा आदर्श नियमहरूको पालना भन्ने बुझ्न सकिन्छ। मूल्यलाई कुनै पनि देश, काल, परिस्थिति विशेषमा सीमित नराखी विश्वव्यापी रूप दिनुपर्दछ। यो शाश्वत सत्यमा आधारित युगानुकूल परिवर्तन हुने मानव व्यवहारको उत्कृष्ट नमुना हो [२०]।

---

१७ प्रदीप नेपाल, भेटवार्ता, वि.सं. २०६६, असार १५
१८ राष्ट्रकवि माधव प्रसाद घिमिरे, भेटवार्ता, वि.सं. २०६६ असोज २५, लाजिम्पाट, काठमाण्डौ
१९ मोदनाथ प्रश्रित भेटवार्ता वि.सं. २०६६ असोज २७, थानकोट, काठमाण्डौ
२० आनन्द देव भट्ट, भेटवार्ता, वि.सं. २०६५, वैशाख २५, काठमाण्डौ

## ५.३ मानवीयमूल्य सम्बन्धी सार्वभौम धारणा

मानवीयमूल्य भित्र विश्व मानव समुदायका लागि अपरिहार्य विशिष्ट र साझा मानक वा आदर्श मूल्यहरु पर्दछन् । यस्ता मूल्यहरुलाई व्यक्तिका नैसर्गिक अथवा प्राकृतिक मूल्य भनिन्छ । यी मूल्यहरु मात्रात्मक तथा गुणात्मक भिन्नताका आधारमा हरेक व्यक्तिभित्र विद्यमान रहेका हुन्छन् । मानवीय जीवन जगतको पूर्णतालाई फलिभूत बनाउन व्यक्तिले आफ्नो जीवनमा अनेक प्रकारका व्यवहार क्रियाकलाप र कर्तव्यको पालना गर्नुपर्छ । जीवनको मार्गमा सबैका लागि आवश्यक मूल्य भन्नु नै मानव जीवनको अस्तित्व वा सार्थकता हो । जीवनलाई सार्थक बनाउन हरेक व्यक्तिले समाज अथवा विश्व समुदायबाट आदर्श मूल्यबोध गरिरहेको हुन्छ । त्यसैबाट समाजका हरेक व्यक्तिले आफूलाई मानव बनाउन प्रयत्न गर्दछ । मानिसले समाज प्रदत्त साझा मानकहरुबाट आफ्नो बुद्धि चैतन्यको विकास गर्दै गुण, कर्म र स्वभावको आर्जन गर्दछ । मानव स्वभाव र प्रवृत्ति अनुसार उसले केही विशिष्ट मानवीय गुणहरु आर्जन गर्दछ । आफूसँग रहेको जैविक तथा प्राकृतिक गुणहरुको अवलोकन गर्दछ र पूर्ण मानव बन्न चाहन्छ । यसरी मानिसलाई पूर्ण मानवमा संस्थापित गर्ने मानवीय गुणहरुमा १, प्रेम २, सद्भाव ३, सत्यता ४, निष्ठा ५, बलिदानी भावना ६, दया ७, कर्तव्यबोध ८, पुरुषार्थ ९, वीरता १०, पराक्रम ११, विद्वता १२, मिष्ठवाणी १३, प्रसन्नता १४, विश्वबन्धुत्वको भावना १५, न्याय १६, विवेक आदि पर्दछन् यी १६ कलाले युक्त मानिसलाई नै मानव भनिएको छ ।

सबै मानिसमा सबै कलाहरु हुँदैनन् । यिनै कलाहरुको असमान योगबाट मानवीयमूल्यको निर्धारण हुन्छ तर कला हुनु मात्र मानव मूल्यको मापन होइन यो त कलाको समुचित प्रयोगमा निर्भर रहन्छ । कला जीवनका आभुषण हुन् यिनले मानवलाई सुन्दर बनाउँछन् । सुन्दर हुनु नै सार्थक हुनु हो ।

**प्रेम**

प्रेम मानवको जैविक, नैसर्गिक, प्राकृतिक र सामाजिक गुण वा कला हो । यो सर्वदेशिक,/देशिक सर्वकालीक र सर्ववादित हुन्छ । प्रेमका ३ भेद हुन्छन् : १, भक्ति २, वात्सल्य ३, आत्मिक । भक्ति आफूभन्दा ठूलालाई दर्शाउने सम्मान वा आदरभावयुक्त प्रेम

हो । यस्तो प्रेम माता, पिता, गुरु र अन्य मान्यजनहरु सँग गरिन्छ । वात्सल्य, प्रेमको महासागर हो । यहाँ स्नेहका अनन्य स्रोतहरु प्रकृति सञ्चालनका सूत्र भएर आएका हुन्छन् । यो सम्पूर्ण प्राणी मात्रका लागि शाश्वत सत्य बनेर आएको वात्सल्य सम्बन्ध हो । यस्तो प्रेम आमाले बच्चालाई प्राकृतिक नियमअनुसार चराले बचरालाई माउले बच्चालाई ठूलाले सानालाई दर्शाउँछन्[२१]। आत्मिक प्रेमले संसारका सबै मानवजाति सँग आत्मिक सम्बन्ध रहेको बोध गराउँछ । यसैबाट प्रेमी प्रेमीका बीच रहेको शीलगत, भावगत र आत्मगत प्रेमको बोध पनि गराइन्छ । प्रेम मानवीय गुणहरु मध्ये सर्वश्रेष्ठ गुण अथवा कला हो ।

**सद्भाव**

मानिसले परिवार, समाज, समुदायसँग सद्भावपूर्ण व्यवहार गर्नुपर्छ । यो मानवकलाको उच्चतम आधार हो । सद्भावपूर्ण व्यवहारलाई मूल्य मापक त□वका रुपमा लिइन्छ । यो अव्यक्त, अदृश्य, प्रेमको व्यवहारिक प्रस्तुति हो । मानिसले मानव हुन मानवीय सद्गुणहरुलाई सद्भावना पूर्वक व्यवहारमा ल्याउनु पर्दछ अनि मात्र मानव मूल्यबोधको अवस्था प्राप्त हुन सक्छ ।

**सत्यता**

सबै प्राणीहरुमा श्रेष्ठतम मानिने मानवको व्यवहारनै मानवीयमूल्यको कसी हो । सत्यले समाज, संस्कृति, मानवता र राष्ट्रियताको संरक्षण, सम्बर्धन, र समुन्नयन गर्छ र प्रत्येक मानव जीवन र व्यवहारमा शुद्धता ल्याई समाजलाई समुन्नत तथा सु-सँस्कृत बनाउन सहयोग पुऱ्याउँछ । मानवीय कलाहरुमा यो उत्कृष्ट कला वा गुण हो । यो कला सबैमा एकैनासले विद्यमान रहेको हुँदैन । सत्यासत्यको कसीबाट मानव व्यवहारको मूल्याङ्कन गर्दा सत्यले मानवीयमूल्यबोधको दिशा निर्देशित गरेको देखिन्छ ।

**निष्ठा**

निष्ठा मानवीय व्यवहारको अर्को महत्वपूर्ण पक्ष हो । मानिसले जीवन सञ्चालन, समाज सञ्चालन, समुदाय सञ्चालन, देश सञ्चालन र विश्व सञ्चालनको क्रममा आफ्नो सैद्धान्तिक प्रतिवद्धता र निष्ठालाई कहिल्यै छोड्नु हुँदैन । त्यही निष्ठावान हुने र नहुनेको

---

२१ "मानुस मनुज व्याघ्रा साविलासा सुतान प्रति" दुर्गा सप्तसती प्रथम अध्याय

आधारमा व्यक्तिको मूल्य निर्धारण गरिन्छ।

**बलिदानी भावना**

यो व्यक्तिसँग हुने उच्च भावनात्मक सम्बन्ध हो । अन्याय, अत्याचार, शोषण र उत्पीडनबाट आफू र आफ्नो समुदायलाई मुक्त गराउन व्यक्तिको हृदयभित्र रहेको उच्च मनोबलबाट प्रोत्साहित विचार नै बलिदानी भावना हो। त्यो त्याग, उत्सर्ग वलिदान जस्ता त्रिकोणात्मक भावनाको योग हो। मानव व्यवहारमा यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ। व्यक्तिले आफ्नो त्याग, उत्सर्ग र बलिदान पूर्ण भावनालाई व्यवहारमा कसरी रुपान्तरित गरेको छ त्यसकै आधारमा उसको मूल्य निर्धारण हुन्छ।

**दया**

दया मानवीय जीवन जगत्को यस्तो प्रकाश हो जो अरुलाई उज्यालो दिन आफू जलिरहेको हुन्छ। दया मानवको श्रेष्ठातिश्रेष्ठ स्वभाव, कला वा गुण हो। यो मानव हृदय भित्र रहने अव्यक्त गुण हो जो सबै व्यक्तिमा धेर थोर रहेको हुन्छ किनभने यो मानवीय गुण हो। दयाको मात्रात्मक प्रयोगबाट मानवीयमूल्य निर्धारणको आधार तयार गर्न सकिन्छ।

**कर्तव्यबोध**

हरेक व्यक्तिले समाजमा रहँदा आफ्नो पारिवारिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, आर्थिक, राष्ट्रिय वा अन्तर्राष्ट्रिय मानव समुदाय सम्बन्धी कर्तव्यहरुको पालना गर्नुपर्छ। आफ्नो कर्तव्य कति हो भन्ने थाहा नपाउँदा व्यक्तिले कर्तव्य पथबाट वञ्चित हुनु परिरहेको छ। तसर्थ व्यक्ति सदैव सचेत भएर आफ्नो कर्तव्यबोध गर्ने तर्फ लाग्नु पर्दछ। कर्तव्यहरु, व्यक्तिका, मान, प्रतिष्ठा, दर्जा, जिम्मेवारीका आधारमा भिन्न भिन्न वा धेर थोर हुने गर्दछन् तर कर्तव्य चाहिँ सबैले पालना गर्नुपर्ने हुन्छ। अधिकारको खोजी गर्नेहरुले पनि कर्तव्यको पालना चाहिँ गर्नैपर्छ। त्यसैले सही कर्तव्यको बोध हुनु मानवमूल्यको सोपान हो भन्ने ठानिएको छ।

**पुरूषार्थ**

मानव जीवनका उद्देश्य प्राप्तिको उत्कृष्ट माध्यम भनेको पुरुषार्थ हो । मानव हुनुको अर्थ नै पुरुषार्थ प्राप्ति हो। पुरुषार्थ प्राप्तिका चार चरणहरुमा धर्म, अर्थ, काम र मोक्ष पर्न आउँछन्। धर्म भनेको आफूले गर्नैपर्ने काम हो। अर्थको अर्थ मानव अस्तित्व र मूल्यसँग

जोडिएको हुन्छ भने काम को अर्थ निःस्वार्थता पूर्वक गरिएका सबै मानव क्रियाकलाप, (मानव सेवा र जीवन चक्रका क्रमहरु) हुन् । मोक्षको अर्थ चाहिँ सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र राजनैतिक शोषण, दमन र उत्पीडनबाट आफू र आफ्नो समाज, समुदाय र राष्ट्रलाई फुक्का गराउनु वा मुक्ति दिनु हो । पुरूषार्थ मानवीयमूल्यमापक उत्कृष्ट मापदण्ड हो । यसले मानव हुनुको सार्थकतालाई व्यवहारबाट दर्शाएको हुन्छ ।

वीरता

यो मानवको वीरत्वपूर्ण भावनाको व्यवहारिक प्रस्तुति हो । वीरतापूर्ण भावनाले मानिसका उत्साहलाई उजागर गरी सदैव नयाँ नयाँ सिर्जनशीलता तर्फ उन्मुख गराउँछ । व्यवहार गुण र कर्मका आधारमा युद्धवीर दयवीर, दानवीर र क्रिडावीर गरी वीरतालाई वर्गीकरण गरिएको छ । वीर हुनु या हुने इच्छ्या राख्नु मानवीय गुण र स्वभाव पनि हो । त्यसैले मानवको मूल्य निर्धारण विधिले वीरत्वको माग गरेको देखिन्छ ।

पराक्रम

यो मानिसको पुरूषत्वसँग जोडिएको विशेष गुण हो । मानिस समाजमा रहँदा उसले आफूलाई वा आफ्नो अस्तित्वलाई स्थापित गर्न आफ्नो मान, सम्मान र प्रतिष्ठा कायम गर्न केही न केही पराक्रम गर्छ । जसबाट मानिसले आत्मसम्मान वा आत्मगौरव प्राप्त गर्न सक्छ । समाजमा आफू संस्थापित हुन सक्छ । समाजमा स्थापित हुने र नहुने, पुरूषार्थ गर्ने र नगर्नेका आधारमा समाजले व्यक्तिको मूल्य निर्धारण गर्ने हुँदा पराक्रम मूल्य मापक वस्तु हो ।

ज्ञान

ज्ञान मनुष्यका जीवनको सर्वोत्कृष्ट उज्यालो पक्ष हो । ज्ञान बिना मनुष्य जीवन सार्थक हुँदैन । जीवनमा सत्या-सत्य, विवेका-विवेक, न्याय, धर्म संस्कार, रीति सँस्कृति, कर्तव्य, अधिकार आदिको ज्ञान नहुँदा जीवन अन्धकारमय हुन्छ । यस्तो अवस्थामा मानवका धर्म, कर्म कर्तव्य र अधिकार छ्याँमा पर्न जान्छन् । तसर्थ ज्ञान मानवमूल्य बोधका अवयवहरु भन्दा श्रेष्ठ तथा विशिष्ट तत्व हो ।

वाणी

वाणी मानव जीवनको उत्तम आभूषण हो । संसारका सबै कला साहित्य : वाद तथा

प्रणाली र सँस्कृतिको क्षेत्रमा वाणीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वाणीको सुन्दर्य, माधुर्यमय र सत्य प्रयोगले संसारलाई बसमा राख्न सक्दछ । वाणीका सम्बन्धमा विभिन्न शास्त्रहरुले त्यसको महत्व र प्रयोजनको व्याख्या गरेका छन् ।

उदाहरण

चत्वारि वाक् परिमिता पदानि
तानि विदुर्ब्राह्मणा ये मनीषिण
गुहात्रीणी निहिता नेङ्गयन्ति
तुरीयं वाचो मनुष्या वदन्ति ॥ ऋग्वेद २/३/२२

यस सूत्रको व्याख्या अनुसार "चत्वारि" अर्थात वाणीका चार अवस्थाको चर्चा गरिएको पाइन्छ । ती चार अवस्थाहरुमा परा, पश्चन्ती, मध्यम र वैखरी हुन् ।

यी वाणीका यस्ता अवस्था हुन् जहाँ अव्यक्त र सूक्ष्म वाक् व्यक्त र स्थूल हुन तयार भइरहेका हुन्छन् अर्थात मूलाधार (परा) नाभिदेशक (पश्यन्ती) हृदय देशक (मध्यमा) भएको अवस्था हो यसमा अनेक शब्द र वाक्य तथा अनेक भाव र तरङ्गहरु मनमा आइपुगेका हुन्छन् तर भाषिक रुपमा बाहिर आइसकेका चाहिँ हुँदैनन् ।

वैखरी

वाणीको चतुर्थ अवस्था अर्थात अन्तिम अवस्था हो । यो कण्ठ स्थानी ध्वन्यात्मक अवस्थामा आइपुगेको वाणी हो । यो ध्वनिरूप श्रुतिरूप वैयाकरणीक शब्दरूप र वाक्यरूपमा आएर मानव वाक्अवयवहरुद्वारा निश्चित हुन्छ । भाषाको पूर्ण तथा स्थूल रूप नै वैखरी वाणी हो । यस्तो वाणी शुद्ध, परिस्कृत, परिमार्जित माधुर्य र सार्थक हुनुपर्छ भन्ने सम्बन्धमा विश्वका सबै विद्वानहरूको मत ऐक्यता पाइन्छ । वाणीद्वारा नै समग्र मानव व्यवहार सञ्चालन हुने हुँदा मानवीयमूल्य निर्धारणमा वाणीको विशिष्ट भूमिका रहेको देखिन्छ ।

प्रसन्नता

प्रशान्तचित्त रहेपछि मात्र मनुष्य खुसी रहन सक्छ । मृगतृष्णा कम हुनु, ईश्या भाव कम हुनु, आफ्नो काम प्रति सन्तुष्टी रहनु, शुद्ध व्यवहार गर्नु, र क्रुरता, क्षुद्रता, अहमता तथा आडम्बरीपनबाट आफूलाई मुक्त गराउनु, र मानव जीवनको निःसारताबाट आफूलाई

छुटाउन सक्नुले मात्र मानिसका अनुहारमा कान्ति सिर्जना गर्न सक्छ । अनि उसको जीवनमा प्रसन्नताको स्थिति सिर्जना हुन्छ । त्यसैले प्रसन्नतालाई मानवमा हुनुपर्ने उत्कृष्ट गुण मानिएको हो । यो मानव मूल्यबोधको ठूलो उपकरण पनि हो । किनभने यसबाट मानिसको हृदयलाई अनुहारमा देख्न सकिन्छ र मूल्य मापन गर्न सकिन्छ ।

**विश्वबन्धुत्व**

विश्वका सबै मानवहरूलाई एउटै सूत्रमा आबद्धगरी सबैलाई वन्धुत्वको भावनाले व्यवहार गर्ने मानवीय गुणलाई विश्वबन्धुत्व भनिन्छ यो मानवतावाद, मानवव्यवहार र मानवमूल्यको उत्कृष्ट मापदण्ड हो ।

**न्याय**

व्यक्तिसँग भएको न्यायिक भावना कस्तो छ । त्यसको सही मापन गरी मूल्य निर्धारण गर्न सकिन्छ । न्यायिक भावना स्वतन्त्र निर्भिक र वास्तविकतामा आधारित हुन्छ । व्यक्तिले न्याय सम्पादन गर्दा उसभित्र भएको मूल्यबोधक न्यायिक गुणहरुलाई व्यवहारमा प्रदर्शित गरेको हुन्छ त्यसैबाट उसको न्यायिक मूल्य निर्धारित गर्न सकिन्छ ।

**विवेक**

विवेक मानवको मानवसँग गरिने हृदयात्मक तथा भावनात्मक सम्बन्धको प्रस्तुति हो । यो अव्यक्त भएरपनि व्यक्त तत्वका रूपमा मानव व्यवहार र सामाजिक आदर्श मूल्यहरूबाट पहिचान गर्न सकिन्छ ।

## ५.४ मानवीयमूल्य सम्बन्धी सामाजिक धारणा

सार्वभौम मानवमूल्य बोधक मान्यताको अध्ययनबाट मानिस एक सामाजिक संरचनाको द्योतक हो भन्ने बुझिन्छ । उसले समाज वा समुदायमा रहँदा सामाजिक आदर्श नियम अथवा अन्य कतिपय प्रतिमानहरूको पालना गर्दछ । त्यस्ता प्रतिमानहरू केही लिखित, केही अलिखित, केही पारम्परिक, केही साँस्कृतिक, केही धार्मिक र केही आत्मिक हुन्छन् । मनुष्यलाई मानव बनाउने सर्वोच्च गुणहरू पनि यिनै हुन् । तर यस्ता गुणहरू सबै मानवमा समान हुँदैनन् । यी मूल्य मापक गुणहरूको मात्रा जसमा जति हुन्छ । त्यसबाट त्यति नै मात्रामा मानवता मुखरित हुन्छ र उसको सामाजिक मूल्य निर्धारित हुन पुग्छ तर यस्तो अवस्था सिर्जना हुन

समाजका अन्य सबै सदस्यहरूसँग मानवीय गुण र मूल्यबोधको स्थिति आइसकेको हुनुपर्छ।

मानव मूल्यबोधक विशेषताहरूको सार्वभौम मान्यता बाहेक मानिसका देशीय, क्षेत्रीय, जातिय, वर्गीय, लिङ्गीय, सामाजिक, साँस्कृतिक, धार्मिक तथा नैतिक मूल्य र मान्यता पनि रहेका हुन्छन । यस्ता मूल्यहरू एक अर्कामा नमिल्दा द्वन्द्वात्मकता र विपरिततामा आधारित हुन पनि सक्छन् ।

मानवीयमूल्यलाई समग्रतामा हेर्दा तीन प्रकारको दृष्टिकोण समाजमा विद्यमान रहेको पाइन्छ । जसमा

'म खाउँ मै लाउँ सुख सयल वा मोज म गरूँ
म बाँचु मै नाचुँ अरू सब मरून् दुर्बलहरू[२२] '

भन्ने एउटा दृष्टिकोण हो । यो मानवीयमूल्य सम्बन्धी सबैभन्दा निकृष्ट मान्यता हो भने "आफू बाँचेर धर्तीमा अरूलाई बचाउनु[२३]" भन्ने मान्यता मानवीयमूल्य बोधक माध्यमिक दृष्टिकोण हो । यो नै सामाजिक मूल्य मान्यताको आधार पनि हो । यसबाहेक "खोज्छन् सबै सुख भनि सुख त्यो कहाँ छ आफू मिटाई अरूलाई दिनु जहाँ छ [२४]।"

भन्ने दृष्टिकोण पनि समाजमा विद्यमान रहेको पाइन्छ तर यो अतिमानवीय दृष्टिकोण हो । यस्तो अतिमानवीय दृष्टिकोण वर्तमान मानव समाजको व्यवहारमा प्रयोग हुन सकेको पाइँदैन । यसरी मानव जीवनका आन्तरिक तथा बाह्य पक्षको समन्वयबाट, मानव प्रवृत्ति र स्वभावबाट, मानव मानवबीच गरिने व्यवहारबाट, जीवनलाई प्रयोग गर्ने तौर तरिका र पद्धतिबाट मानवीयमूल्यको बोध गर्न सकिन्छ ।

मानव समाजभित्र आ-आफ्नै किसिमका मूल्यमान्यता एवम् व्यवहारहरू रहेका हुन्छन् । यस्ता मूल्यमान्यता र व्यवहारहरूले नै समाजको पहिचान गराउँछ । समाजमा रहने सबै मानिसहरूको आ-आफ्नै जात, धर्म, सँस्कृति, विश्वास, परम्परा, सामाजिक नियम, भाषा र भौगोलिकता हुन्छ । कट्टर क्रिश्चियन धर्मावलम्बीहरू गर्भपतन गराउनुलाई पाप ठान्दछन् भने मुशलमानहरू बन्ध्याकरण गर्नुलाई नै पाप मान्दछन् । हिन्दुहरू रजस्वला हुनुभन्दा

---

२२ लेखनाथ पौडेल - **तरुण तपसी**
२३ दैवज्ञराज न्यौपाने, **किसान कविता**
२४ देवकोटा **प्रश्नोत्तर कविता**

अगाडि छोरीको विवाहगर्दा पुन्य मिल्छ भन्ने विश्वास गर्दछन् । हिन्दुहरू गाइलाई माता समान मान्दछन् र पूजा गर्छन् भने मुस्लिम तथा क्रिस्चियनहरू काटेर खान्छन् । कुनै समाजमा रजस्वला भएकी स्त्रीबाट भान्सा, पूजा नचल्ने र उसलाई छुन पनि हुँदैन भन्ने मान्यता पाइन्छ । पाठ-पूजा र ईश्वर भक्तिले रोग व्याधि दुर हुन्छ भन्ने मान्यता कुनै समाजमा रहेको हुन्छ । हिन्दूहरूले गो सेवा, अतिथि सेवा, मातृ पितृ सेवा र ईश्वर भक्तिलाई मानवको महानतम कार्य हो भन्ने ठान्दछन् भने क्रिश्चियन धर्ममा यसलाई त्यति महत्व दिएको पाइँदैन । क्रिश्चियनहरू विवाहलाई भौतिक सम्बन्धको सूचक मान्दछन् भने हिन्दूहरू दुई आत्माको पवित्र मिलन हो भन्ने ठान्दछन् । नागालैण्डमा विवाहपछि केटाले केटीको घरमा गएर जीवन बिताउनुपर्छ भने अन्य समाजमा केटीले केटाको घरमा जानुपर्छ । मुस्लिम समाजमा एउटै परिवारका केटा केटीको विवाह गरिन्छ भने हिन्दू र अन्य समूदायको विवाह एउटै परिवारमा हुँदैन । कतिपय समाजमा सुत्केरी महिलालाई अँध्यारो कोठामा राख्ने, गाईगोठमा राख्ने, हरियो सागपात खान नदिने, चलन छ । घरकी बुहारीले सबै परिवारका सदस्यहरू (सासु, ससुरा, देवर, जेठाजु र लोग्ने) ले खाना खाईसकेपछि मात्र खानुपर्ने जस्ता सामाजिक मान्यता तथा व्यवहारहरू कति सकरात्मक छन् भने कति नकरात्मक पनि छन् । चाडपर्व, उत्सव, जात्रामा अपनाइने कतिपय क्रियाकलापले मानिसलाई सामाजिकरण गर्न सहयोग पुऱ्याउँछ भने कतिपय ठाउँमा फजुल खर्च गराई नोक्सान पुऱ्याउँछ । भौगोलिक कारणले पनि मानवीयमूल्य मान्यतामा फरक आउने गर्छ । जाडो र गर्मीका कारण सामाजिक जनजीवनमा पर्ने प्रभाव पनि सामाजिक मान्यताको उदाहरण हो । युग अनुसार मूल्य मान्यतामा फरक आउँछ । प्राचीन समाजको बहुपति प्रथा आज सबै समाजमा अमान्य भएपनि हिमाली केही जनजातिहरूमा हालसम्म विद्यमान रहेको पाइन्छ । बहुपत्नी प्रथा पनि आज समाजमा अवमूल्यन हुन पुगेको छ । मानवलाई दास दासी बनाउने, किनबेच गर्ने प्रथा पनि युगानुकूल मूल्यमा रूपान्तरित हुँदै आएको देखिन्छ ।

मानवमूल्य मानव व्यवहारको मूल्याङ्कनबाट मापन गर्न सकिने मानवीय अन्तर्भावनाका आदर्श नियमहरूद्वारा निर्देशित सामाजिक मूल्य हो । यस्तो सामाजिक प्रतिमान वा मानव

प्रतिमानलाई समाजशास्त्री, दर्शनशास्त्री, मानवशास्त्री, धर्मशास्त्री, साँस्कृतिविद्हरू सबैले समाज सञ्चालनका मापदण्ड वा मानक वा आदर्श नियम भनेका छन् । यी मूल्यमापक निर्दिष्ट नियमहरूले समाजका सबै सदस्यहरूको व्यवहारलाई नियमित, नियन्त्रित र अनुशासित बनाउँछ । समाजका व्यक्तिहरूले गरेको परस्पर अन्तर्क्रियाद्वारा यस्ता नीति, विधि र मूल्यहरू निर्धारित र विकसित हुने गर्दछन् । यसरी निर्धारित भएका मानवीय प्रतिमान वा आदर्श नियमहरूको पालनाले प्रत्येक व्यक्तिलाई उच्च, आदर्श र नैतिकवान बनाउँछ । मानव व्यवहारलाई निर्देशित गर्छ । नियन्त्रित गर्छ र आगामी पुस्ताका लागि मानवव्यवहार कस्तो हुनुपर्छ भन्ने समेत निर्धारण गर्दछ । मानिस नै एउटा यस्तो सर्वोच्च प्राणी हो जसले समाजका समग्र नियमहरू बनाउँछ र पालना समेत गर्छ । कुनैपनि समाजका सामाजिक संरचनाको मूल आधार वा मूल स्रोत भनेको आत्म अनुशासन र सामाजिक मानकहरू हुन् । यस्ता सामाजिक आदर्श नियमहरूका अभावमा कुनै समाज वा सामाजिक समूहको विकास हुन सक्तैन । सामाजिक आदर्श नियमहरूको कारणले सामाजिक अस्तित्व कायम भएको हुन्छ । जुनसुकै समाजमा पनि सामाजिक आदर्श नियमहरूले प्रत्येक व्यक्तिलाई उसको कार्य एवम् व्यवहारका निम्ति मार्गदर्शन गरिरहेको हुन्छ । त्यसैले सामाजिक आदर्श नियमहरूलाई मानवमूल्यका निम्ति व्यवहारको मापदण्ड भन्ने गरिन्छ । सामाजिक आदर्श नियमहरू मानवमूल्य मापक भएकाले कुनैपनि मानवीय व्यवहारलाई उचित-अनुचित वा उपयुक्त अनुपयुक्त भनेर छुट्याउन सकिने आधार बनाइएको पाइन्छ ।

उच्च मानसिक चैतन्यद्वारा निर्देशित तथा सामाजिक आदर्श नियमहरूमा आधारित मानवको शत् व्यवहारबाट नै मानवीयमूल्य निर्धारित हुन सक्छ । मानिसले आफ्ना अनेक आवश्यकताहरूको परिपूर्तिका लागि समाजद्वारा स्वीकृत सामाजिक, नैतिक, धार्मिक, साँस्कृतिक मापदण्डहरूलाई पालन गर्नुपर्छ । सामाजिक जीवनलाई व्यवस्थित र सन्तुलित राख्न समाज प्रदत्त प्रथाहरू, रीतिरिवाजहरू संस्कार-सँस्कृतिहरू र अनेक परम्पराहरू सामाजिक मूल्य र मान्यताहरू र नीति तथा विधिहरूलाई सामाजिक प्रतिमानका रूपमा ग्रहण गर्नुपर्छ । यस्ता सामाजिक मूल्य मापक उच्च आदर्श नियमहरूको अभावमा मानव

समाजको कल्पनासम्म पनि गर्न सकिँदैन । यस सम्बन्धमा समाजशास्त्री एम् सेफरले आफ्नो ग्रन्थ "द साइकोलोजी अफ सोसल नम्स" मा सामाजिक आदर्श मूल्यका मौलिक तत्वहरूको वर्णन गरेका छन् ।

- सामाजिक आदर्श मूल्यहरू लिखित, अलिखित दुबै प्रकारका हुन्छन् । खासगरी रितिथिति, प्रथा परम्परा, मूल्य, मान्यता आदि अलिखित हुन्छन् भने कानून र धर्म सम्बन्धी मूल्य लिखित हुने गर्दछन् ।
- सामाजिक आदर्श मूल्यहरूको पालना समाजमा रहेका सबै व्यक्तिका लागि अनिवार्य हुन्छ ।
- सामाजिक आदर्श मूल्यहरू नैतिक रूपमा मानव कर्तव्यको भावनासित सम्बन्धित हुन्छन् ।
- सामाजिक आदर्श मूल्यहरू परिवर्तनशील तथा गतिशील हुने गर्छन् ।
- सामाजिक आदर्श मूल्यहरू व्यक्ति वा समूहका व्यवहारको प्रथप्रदर्शक, नियन्त्रक तथा निर्देशक तत्व हुन् । जसको अभावमा मानव मानव बीच युद्ध, अशान्ति, हिंसा, शोषण, अत्याचार जस्ता अमानवीय कार्यहरू हुने गर्दछन् ।

## ५.५ मानवीयमूल्य सम्बन्धी साँस्कृतिक धारणा

मानव एउटा सामाजिक प्राणी हो भन्नाले साँस्कृतिक प्राणी हो भन्ने बुझिन्छ । किनकी मानव समाजको परिचय गराउने एकमात्र प्रमुख त□व नै संस्कृति हो । सम्पूर्ण प्राणी जगतबाट मानवलाई उसको सँस्कृतिले नै अलग्याएको हुन्छ । मानवबाट उसको संस्कृति खोसियो भने बाँकी कुराले मात्र मानवीय अस्ति□व रहन सक्तैन । संस्कृति मानव र मानव समाजको एकमात्र मौलिक गुण हो । 'संस्कृति' शब्द 'संस्कार' बाट लिइएको शब्द हो । संस्कारको अर्थ "शुद्ध क्रिया" भन्ने बुझिन्छ अर्थात शुद्ध वा संस्कार भन्नाले व्यक्तिलाई एउटा सामाजिक प्राणी बनाउनका लागि जे जति सामाजिक, नैतिक, धार्मिक उच्च आदर्श नियमहरूले निर्देशित गरेका हुन्छन् ती सबैको आदर्श पालना नै संस्कृति हो । संस्कृति ती सम्पूर्ण कुराको योग हो जसमा परम्परा, रीतिरिवाज, भेषभूषा, नैतिकता, कला, धर्म प्रथा, संस्कार, आचरण, जस्ता कुराहरू समावेश भएका हुन्छन् । संस्कृत भाषामा संस्कार शब्दले सनातन कालदेखि चलिआएको रितिथिति, नियम वा मानव

जीवनलाई शुद्ध पार्ने विशिष्ट व्यवहार भन्ने बुझाउँछ । संस्कारबाट बनेको संस्कृति शब्दले शुद्ध पारिएका, खारिएका र समाज उपयोगी भएर प्रचलनमा आएका व्यवहारहरूको सामूहिक आचरण, विश्व दृष्टिकोण र साहित्य, कला, शिक्षा, नीतिशास्त्र, आदिबाट विशिष्ट कर्तव्यबोध भएको मानव सभ्यताको एक विशेष अवस्था भन्ने बुझाउँछ । त्यसैले संस्कृतिलाई मानवीयमूल्य मापक त□व भनिएको हो [२५]।

संस्कृति भनेको विगतको पहिचान र वर्तमानको जीवनशैली हो । संस्कृति र सभ्यता एउटै सिक्काका दुई भाग मानिन्छन् । संस्कृतिले समाजमा चल्दै आएका मूल्य र मान्यतालाई प्रस्तुत गर्दछ भने सभ्यताले सामाजिक संरचनालाई देखाउँछ । भौतिक वस्तुले पुराता□वक मह□वलाई दर्शाउँछ भने संस्कृतिले मानवीय जीवनपद्धति र रहनसहनलाई दर्शाउँछ । त्यसैले संस्कृति भनेको ज्ञान, आस्था, नैतिकता, नियम, कानून, स्नेह, प्रेम, सद्भाव, अनुसाशन, परम्परा र रीतिरीवाजको समष्टि रूप हो । यो यस्तो क्रमबद्ध सूचना प्रणाली हो । जसको आधारमा मानिसहरू घर, परिवार, समाज, समूदाय, राष्ट्र र विश्व मानव समूदायसँग सद्व्यवहारको आत्मिक सम्बन्ध स्थापित गर्न सक्दछन् ।

समाज संस्कृतिको मूल्य, मान्यतामा आधारित हुन्छ । यसलाई साँस्कृतिक मान्यता साँस्कृतिक सापेक्षता र साँस्कृतिक हस्तान्तरणका रूपमा लिन सकिन्छ । साँस्कृतिक रूपान्तरणको अवस्थालाई सांस्कृतिक क्रान्ति भनिन्छ । संस्कृति युगसापेक्ष परिवर्तन भईरहने वस्तु हो । समाजको सांस्कृतिक मान्यता अन्तर्गत चाडपर्व, जातीय, धार्मिक, वर्गीय, क्षेत्रीय, लैङ्गिक संस्कार, रितिस्थिति, परम्परा, चालचलन, लोकपर्व, लोकगीत, लोकगाथा, मानव अधिकार, सामाजिक न्याय, विचारधारात्मक निष्ठा र मानवीयमूल्य मान्यता पर्दछन् भने साङ्गठनिक संस्कृतिले सामाजिक, राजनैतिक एवम् आर्थिक रूपमा संस्थाहरूभित्र कार्यरत व्यक्तिहरूको निश्चित मूल्य मान्यतामा आधारित सामाजिक सम्बन्धको बोध गराउँछ । जसमा अनुशासन, जवाफदेहीता, इमान्दारिता, कर्तव्य परायणता, निष्ठा र लगनशीलता जस्ता मानवीय गुणहरू पर्न आउँछन् । सांस्कृतिक

२५ एम सेफर (द साइकोलोजी अफ सोसल नर्म्स) न्युवर्क एमिलेशन सेन्चुरेशन सन् १९३६ पृष्ठ २२७

क्रान्तिले परम्परागत अन्धविश्वास कुरीति र कु-संस्कारमा आधारित मान्यताहरूको स्थानमा सामाजिक न्याय र सांस्कृतिक जागरणमा आधारित नयाँ र प्रगतिशील मूल्य मान्यताको स्थापना गर्दछ । साँस्कृतिक हस्तान्तरणले पुराना पुस्ताहरूबाट नयाँ पुस्तालाई समाजका मूल्य मान्यता, कला संस्कृति, परम्परा, रीतिरिवाज, सामाजिक परिचालन, पद्धति र प्रक्रियाहरूको बोध गराउँछ । जनवादी संस्कृति, प्रजातन्त्र, मानवअधिकार, सामाजिक न्याय र आर्थिक समानतामा आधारित हुन्छ ।

जनवादी संस्कृतिमा आधारित मानवीयमूल्यलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ ।

- समाजमा विद्यमान उच-नीच, छुत-अछूत, अभिजात वर्ग र सर्वहारा वर्ग बीचको खाडललाई समाप्त गरी समानतामा आधारित नयाँ प्रगतिशील व्यवहारको थालनी गर्नु ।
- श्रमलाई आदार गर्नु र श्रमजीवी जनताका सामाजिक एवम् सांस्कृतिक जीवनसँग एकाकार हुनु ।
- जनतासँग इमान्दार हुनु र असल व्यवहार गर्नु ।
- शोषण र उत्पीडनमा आधारित सामान्त संस्कृति र असमान आर्थिक वितरण प्रणालीका विरूद्ध सङ्घर्ष गरिरहनु ।
- महिला, वालवालिका, मजदुर, किसान र श्रमजीवी जनताको इज्जत र प्रतिष्ठा उँचा राख्ने उच्च आदर्श नियमहरूमा आधारित मानव व्यवहारहरू कायम गर्नु ।
- विभिन्न जाति जनजातिहरूका भेष-भूषा, चाडवाड, जीवनशैली, लोकगीतका भाखा, लोकगाथा, लोकभाषा, लोकसंस्कार, लोकसंस्कृति र परम्परा आदिको प्रयोगात्मक सम्बन्धबाट मानवीयमूल्यको उच्चतम सम्बन्ध कायम गर्नु ।
- एक अर्कोलाई समृद्ध पार्न "सँगै बाँचौं र संगै सङ्घर्ष गरौं" को भावना बोकेको विद्वेष र विखण्डनका विरूद्ध समतामूलक समाजको स्थापना गर्न उन्नत मानवीय उच्च चैतन्यको व्यवहारिक प्रस्तुति गर्नु ।
- आफ्नो राष्ट्र र राष्ट्रभित्र रहेका विभिन्न जातजाति र जनजातिहरूको इतिहास, संस्कृति मर्यादा र तिनमा आँच पुऱ्याउने कु-प्रथाहरू, स्वदेशी तथा विदेशी अश्लील साहित्य, कला, चलचित्र र संस्कृति माथि नियन्त्रण गर्दै राष्ट्रिय, प्रगतिशील, प्रजातान्त्रिक, देशभक्तिपूर्ण कला, साहित्य र संस्कृतिको विकासतर्फ उन्मुख रहनु ।

- मुलुकमा विद्यमान सबै धर्म आस्था र विश्वासका बीच आपसी मैत्री सहअस्तित्व र पारस्परिक सद्भावको भावनालाई संस्थापित गर्दै जानु ।

## ५.६ मानवीयमूल्य सम्बन्धी धार्मिक धारणा

आफ्नो समग्र जीवन भोगाइका क्रममा व्यक्तिले अनेकौं मूल्यहरू प्राप्त गर्छ, वास्तवमा त्यही नै उसका सामाजिक स्तरीकरणको आधार बन्दछ । सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक जस्ता विविध कोणबाट व्यक्तिले ती मूल्यहरू प्राप्त गर्छ साथै उसले समाज वा समुदायप्रति गरेको भौतिक वा मानसिक लगानीका आधारमा पनि तत् क्षेत्रबाट उसलाई कुनै निश्चित मूल्य प्राप्त हुन्छ । मानव जीवनका यावत् पक्षहरूमध्ये विश्वका अधिकांश समुदायमा धार्मिक पक्षको प्रभाव सबैभन्दा बढी परेको देखिन्छ ।


धार्मिक दृष्टिले मानवमूल्यको खोजी गर्दा मानव जातिका अधिकांश गतिविधिहरू धार्मिक आस्थाबाटै अभिप्रेरित देखिन्छन् । त्यसैले धर्म मानवजातिको सबैभन्दा ठूलो मूल्य हो । धर्म भनेको नै सम्पूर्ण मानव जातिका लागि, सांसारिक समस्याबाट उसको मुक्तिका लागि अनि मान्छेभित्र अन्तर्निहित दानवीय मूल प्रवृत्तिका स्थानमा मानवीय प्रतिष्ठा र त्यसको संरक्षण गराउनु धर्मको मूलभूत प्रयोजन हो भन्ने देखिन्छ । यसबाट के थाहा पाइन्छ भने धर्मले आफ्नो सम्पूर्ण मूल्य मानवताको प्रतिष्ठाकै निम्ति खर्च गरेको छ । यसले मान्छेका भौतिक, मानसिक एवम् आध्यात्मिक जीवनका यावत् विकृति र विसङ्गतिहरू हटाई उसलाई स्वस्थ मानव बनाउने दिशामा ठूलो योगदान पुऱ्याएको हुन्छ । शुद्ध आहार-विहार साथै नियमित र सन्तुलित योग साधनाद्वारा शारीरिक स्वस्थता, विचारको शुद्धीकरण र असल संगतद्वारा मानसिक स्वस्थता अनि जीवन जगत सम्बन्धी विशद्व्याख्या गरिएका सत् शास्त्रहरूको अध्ययन र चिन्तनद्वारा आध्यात्मिक स्वस्थता हासिल गर्न समाजलाई धर्मले निर्देशन गरेको देखिन्छ ।

मान्छे आफैंमा धर्मको स्रष्टा, व्याख्याता, प्रयोक्ता एवम् अनुकर्ता पनि हो । संसारको कुनैपनि धर्मले मानवमूल्यको उपेक्षा गर्दैन तर जहाँ धर्मका नाममा अन्धविश्वासजन्य स्वार्थपरक दुराचरणहरू देखिन्छन् त्यहाँ धार्मिक मूल्यको ह्रास भै मानवता संकटमा पर्न गएको देखिन्छ । यस्तै स्वार्थपरकताभित्र प्राचीन ग्रीक दार्शनिक सुकरातलाई धर्मकै नाममा विष खुवाइयो, त्यसै बहानामा जिसस क्राइस्टलाई सुलीमा चढाइयो । मध्ययुगीन ग्रीसमै महान आत्मा ब्रुनो र विदुषी

हाइपेशियालाई धर्मविरोधी भन्दै जिउँदै जलाइयो । धर्मकै नाममा यस्ता अनेकौं अमानवीय क्रूर कर्महरू भएका छन् । पश्चिमी समाजमा जस्तै पूर्वीय समाजमा पनि सती प्रथालाई धार्मिक व्याख्याद्वारा औचित्य पुष्टि गर्ने पर्याप्त प्रयासहरू भए । यसरी संसारका जुनसुकै समाजमा पनि धर्मका नाममा कैयौं दुराचरण र मानवमूल्य विपरीत कामहरू नभएका होइनन् । यिनै विकृतिहरू हटाई समाजमा मानवीयमूल्यको स्थापना गर्नु धर्मको मूलभूत दायित्व हो ।

मानिस सामाजिक प्राणी भएको र धर्म आफैंमा सामाजिक वस्तु भएकाले धर्मको लक्ष्य मानवताको संरक्षण गर्नु नै रहेको देखिन्छ । सामान्य जीवशास्त्रीय प्राणीलाई धर्मले सामाजिक परिवेशभित्रबाट मान्छे बनाउँदै अन्त्यमा मानवको तहसम्म पुऱ्याउँछ । यस दृष्टिले मूलभूत रूपमा मानवमूल्य भनेको नै धर्म हो । धर्मले मानव-मानवबीचको सम्बन्ध एक उच्चतम आन्तरिक शक्तिप्रति मानवको सम्बन्ध स्थापित गर्दछ । धर्म साधारण समाजभन्दा पर एक विशिष्ट सत्ता स्वीकृतिको भाव प्रकट गर्ने माध्यम पनि हो । चाहे त्यो भूत-प्रेतबाट उत्पन्न त्रासको कारण होस् या आकस्मिक रूपमा घट्न सक्ने आदिभौतिक वा आदिदैविक प्रकोपजन्य विध्वंशात्मक अवस्थाबाट बच्नका लागि होस् वा मरणोपरान्त यातना भोग्नुपर्ने डरका कारण होस् अथवा स्वर्गीय सुख प्राप्तिको कामनाबाट प्रेरित अभिलाषा होस् । यिनै र यस्तै इच्छा, आकाङ्क्षा, भय, त्रास, सम्वेग र सम्वेदनाहरू कै कारण मानिस धर्माचरणमा संलग्न रहँदै आएको देखिन्छ । यसरी हेर्दा यिनै विविध कारणबाट धर्मले मानिसलाई पशुताको तहबाट मानवताको तहसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ र मानव समाजलाई एकताको सूत्रमा आबद्ध गर्छ । यस विसङ्गत मानव संसारमा एकमात्र सङ्गतिकेन्द्र भनेको नै धार्मिक मान्यता हो र मानवमूल्यको सबैभन्दा दरिलो पूर्वाधार पनि यही हो भन्ने देखिन्छ ।

वर्तमान युगमा धर्मका सामूहिक संगठनहरू



धर्म आफैंमा एक सार्वभौम एवम् मौलिक सामाजिक मूल्यहरूको आधारशिला हो । यसले मानिसलाई आचार र विचारका दुई धारबाट डोऱ्याएको हुन्छ । आचारले उसको भौतिक जीवनका सामाजिक तथा व्यावहारिक पक्षको शुद्धीकरण गर्छ भने विचारले पारलौकिक अदृश्य चैतन्य सत्ताको उद्घाटन गर्छ । पूर्वीय आर्यवैदिक हिन्दू धर्मले प्रतिपादन गरेको धर्मका दश अभिलक्षणहरूले समग्र मानव जीवनलाई नयाँ तथा कालान्तरसम्म दीर्घजीवी मूल्य दिने प्रयत्न गरेको पाइन्छ । "धृति,क्षमा दमोऽस्तेय शौचमिन्द्रिय निग्रहः धीर्विद्या सत्यमक्रोधो दशक धर्म लक्षम्[२६]" अर्थात् धैर्यता, क्षमा, मनको नियन्त्रण, चोरी नगर्नु (मन, वचन, कर्मले कहिल्यै कसैलाई नठग्नु) शरीर तथा मनको शुद्धीकरण, इन्द्रिय निग्रह, स्वतन्त्र बौद्धिक क्षमता, विद्याअध्ययन, बोली र व्यवहारमा सत्यता र क्रोध नगर्नु लाई धर्मका दश अभिलक्षण मानिन्छ । हिन्दू धर्मका यी अभिलक्षणहरूले तदनुरूप आचरण गर्ने सामाजिक जीवनलाई उच्च मानवीयमूल्यको तहसम्म पुऱ्याउने मार्ग निर्देश गरेका छन् । त्यसैगरी बौद्ध, जैन, इस्लाम, इसाई आदि संसारका सबै धर्महरूले निर्धारित आचरण एवम् विचारका माध्यमद्वारा आफ्ना समुदायका सदस्यहरूलाई उच्च मानवमूल्यको शिक्षा दिएका छन् ।

मानिसमा जे जति मनोबल छ, आध्यात्मिक बल छ त्यो धर्मकै उपहार हो । "नायमात्मा बल हीनते लभ्य[२७]" उपनिषदहरू भन्छन् बल हीनलाई आत्मज्ञान हुँदैन । धर्मले व्यक्तिमा असलगुण, असल विचार एवम् आदर्श मूल्यहरूको बीजाधान गर्छ र त्यसैका माध्यमद्धारा व्यक्तिमा आन्तरिक, बलको विकास हुन्छ । जस्तो गुणको प्रभाव व्यक्तिको जीवनमा पर्दछ तदनुरूप नै उसका व्यक्तित्वको विकास हुन्छ ।

प्रसिद्ध समाजशास्त्री दुर्खीमका विचारमा धर्मले व्यक्तिको व्यवहार वा आचरणमा पवित्रताको भावना भरिदिन्छ । धार्मिक विश्वास एक विशिष्ट अनुभवमा आधारित हुने हुँदा यो समग्र सामूहिक जीवनको प्रतिष्ठित स्वरूप तथा उसको सारकृत अभिव्यक्ति हो ।

---

२६ विश्म्भर शास्त्री धर्म लक्षण सहिंता चौखम्बा प्रकाशन वाराणसी सन् १९५८ पृ. १३
२७ पताञ्जली योग सूत्र छैटौं सुक्त निरूपण चौखम्बा विद्या प्रकाशन वाराणसी सन् १९५४ पृ. ११

त्यस्तो समाज वा व्यक्तिले आफ्नो अस्तित्व जोगाइराख्न सक्तैन जो नियमित रूपले ती सामूहिक स्थायीभाव तथा विचारहरूको अनुशरण गर्दैनन् जसले मानिसलाई सामाजिक एकताको सूत्रमा आवद्ध गर्छ र व्यक्तिगत रूपमा उसको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको हुन्छ [२८]। दुर्खीमका विचारमा समाजको विचार नै धर्म हो । धार्मिक आस्था नै मानवताको नैतिक शक्ति हो । धर्म समाजको प्रतिमान हो । यसले समाजका निम्नतमदेखि उच्चतम सम्मका समस्त पक्ष वा आचरणहरूलाई प्रतिबिम्बित गर्दछ । धर्मले मानव जीवनलाई साधारण एवम् पवित्र गरी दुई भागमा राखेर आफ्ना सदस्यहरूलाई असाधारण अथवा अपवित्र कार्यबाट टाढै रहन निर्देशन गरेको देखिन्छ । किनभने पवित्र जीवनबाट टाढा रहनु धार्मिक भष्ट्राचार हो । सबै धर्मको सम्बन्ध पवित्र पक्षसँग जोडिएको देखिन्छ । धार्मिक आचरणहरूले सामाजिक जीवनमा मानवमूल्यको निर्धारण गर्दछन् ।

आधुनिक समाजशास्त्रका जन्मदाता अगस्त काम्टेले आफ्नो मानवताको धर्म (Religion Of Humanity) भन्ने पुस्तकमा हालसम्म समाजले मानिआएको अलौकिक शक्तिलाई सर्वप्रथम अलौकिकताभन्दा भिन्न राखेर धर्मको मनोवैज्ञानिक व्याख्या गर्ने प्रयत्न गरेका छन् । मानवको बौद्धिक विकासका आधारमा यिनले धर्मलाई तीन स्तरका नियममा विभाजित गरेको देखिन्छ ।

(१) आध्यात्मिक अवस्था : यहाँ सृष्टिको लागि आवश्यक प्रकृति खोज्ने अथवा प्राकृतिक घटना घटित हुने प्रमुख कारण जान्ने प्रयत्नमै मनुष्यले आफ्नो मस्तिष्क खर्च गर्दै आयो र संसारमा हुने समस्त घटना कुनै अलौकिक शक्तिका क्रिया-प्रतिक्रियाहरूको परिणति हो भन्ने निष्कर्षमा पुग्यो ।

(२) तात्विक अवस्था : यहाँ अलौकिक शक्तिको सट्टा त्यस्तो अवैयक्तिक शक्ति जो सम्पूर्ण जीवमा अन्तर्निहित हुन्छ, त्यसैले सृष्टिसम्बन्धी समस्त घटनाहरू उत्पन्न गर्छ भन्ने निष्कर्षमा मानव मस्तिष्क अडियो ।

---

२८ दुर्खिम ई इलिमेन्ट्री फर्म अफ द रिलिजियस लाइफ ,प्रकाशक विश्वविद्यालय प्रकाशन, वाराणसी, सन् १९६८ पृ. ५१६

(३) प्रत्यक्ष अवस्था : यहाँ मानव बौद्धिकता, दैवी धारणा अर्थात् विश्वको उत्पत्ति तथा घटनाहरूको कारणसम्बन्धी निरर्थक खोजिलाई छोडेर त्यसको नियम अर्थात् अनुक्रम तथा समरूपताको स्थिर सम्बन्ध विषयक अध्ययनतर्फ मोडियो ।

यही तेस्रो अर्थात् प्रत्यक्षवादी कार्यप्रणालीद्वारा जुन ज्ञानको प्राप्ति हुन्छ त्यही वास्तविक ज्ञान हो र त्यसै ज्ञानका आधारमा सम्पूर्ण मानवता एक सूत्रमा आवद्ध हुन पुग्यो । अतः प्रत्यक्षवाद खालि एक विज्ञानमात्र नभएर मानवताका लागि एक धर्म बन्यो । यही प्रत्यक्ष धर्म मानवताको धर्म हो र मानवताको मूल्य पनि त्यही हो । प्रत्यक्ष धर्मको सम्बन्ध कुनै अलौकिक शक्तिसँग नभएर समस्त मानवमूल्यसँग रहन्छ ।

धर्म र भगवानको भिन्नता देखाउँदै मानवशास्त्री ल्यूवा (Luba) भन्छन् -"ईश्वर र धर्म एउटै वस्तु होइन र पनि ईश्वरसम्बन्धी विचार धर्मको केन्द्रीय मर्म हो ।" धर्म वास्तवमा व्यक्तिलाई मानवसम्म पुऱ्याउने माध्यम हो । प्रायः मानिसहरू धर्म के हो भन्ने कुरामा त्यति रुचि राख्तैनन् । उनीहरूको रुचि धर्मले के गर्न सक्छ भन्ने विषयमा केन्द्रित रहेको पाइन्छ । यो धर्मको उपयोगितावादी मत हो । ल्यूवाका विचारमा धर्मको मुख्य उद्देश्य भगवत प्राप्ति होइन बरु कर्मका सहायताबाट फल्न र फुल्नसक्ने दीर्घ जीवनको कामना हो । त्यसैले धर्मको आवश्यकता एक सामाजिक आवश्यकता हो । यसले असहाय एवम् एक्लोपन हटाउन मद्दत गर्छ र यो सामाजिक घटनाको निष्पक्ष न्यायाधीश हुन्छ । धर्मले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्तिका सामाजिक क्रियाहरूलाई प्रभावित गर्छ । समाजको अर्थतन्त्र, राजनीति, शिक्षा, न्याय समुदाय एवम् व्यक्तिका सामाजिक रचना र व्यवहारलाई अनेक कोणबाट धर्मले प्रभावित गरेको देखिन्छ । यसरी हेर्दा धर्मको सम्पूर्ण इतिहास मानवमूल्यको इतिहास हो भन्ने देखिन्छ ।

मूल्यहरूले आदर्श सामाजिक वातावरण प्रस्तुत गर्छन् । त्यसै वातावरणमा व्यक्ति आफ्नो सम्पूर्ण जीवन व्यतित गर्छ । वास्तवमा त्यस्ता मूल्यहरूद्वारा प्रस्तुत त्यो सामाजिक वातावरण सत्य र असत्यका बीच संचारको माध्यम बनेर आएको देखिन्छ । त्यसै वातावरणमा मूल्यहरूको सत्ता जीवित रहन्छ जहाँ कतिपय अस्थिर मूल्यहरू पनि रहन्छन् जसले व्यक्तिका व्यावहारमा विशेष प्रकारको प्रभाव उत्पन्न गरिरहेका हुन्छन् । सामाजिक

वातावरणमा सामाञ्जस्य स्थापित गर्ने प्रक्रियामा पनि कतिपय नयाँ आदर्श र मूल्यहरूको जन्म हुन्छ । व्यक्तिका कर्तव्य र अधिकारको निर्णय पनि यिनै मूल्यहरूबाट हुनेगर्छ । त्यसैले प्रत्येक व्यक्ति ती मूल्यहरूलाई धार्मिक सत्तासँग जोडेर हेर्न चाहान्छ । उदाहरणका लागि महाभारत युद्धलाई लिन सकिन्छ महाभारतको धर्मयुद्ध हुनुपूर्वको संघारमा आएर आफ्ना बन्धु-बान्धव र गुरुजनहरूको हत्या गरेर युद्ध जित्न नचाहने, गाण्डिव थन्क्याएका अर्जुनलाई धार्मिक दृष्टिले उनको अधिकार र कर्तव्य सम्झाउँदै कृष्ण भन्छन् -

"हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्

तस्मात् उत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः" (गीता २/३७)

अर्थात युद्धमा मर्‍यौ भने स्वर्गको द्वार खुला छ, जित्यौ भने पृथ्वीको वैभव भोग्ने छौ । त्यसैले युद्धका लागि निश्चय गरेर उठ हे अर्जुन ! यदि युद्ध छोड्यौ भने तिमीलाई दुनियाँले लाछी, काँतर र नामर्द भन्दै धिकार्नेछ, निन्दा गर्नेछ "निन्दन्तस्तव सामर्थ्यं ततोदुःखतरं नु किम" (गीता२/३६) आफ्नो सामर्थ्यको निन्दाभन्दा तिम्रानिम्ति ठूलो दुःख अरू के हुन सक्छ ? यद्यपि महाभारत युद्ध आफैंमा एउटा ध्वंशात्मक घटना थियो तर अर्जुनका लागि यो युद्ध नचाहँदा नचाहँदै पनि अपरिहार्य बन्न पुग्यो । जतिसुकै नरसंहार भएपनि कर्तव्य र अधिकारका दृष्टिले यो युद्ध मानवमूल्य स्थापनाका लागि अनिवार्य थियो । महाभारत युद्धले स्थापित गरेका मूल्यहरू आज पनि भारतीय समाजमा जीवितै छन् । अन्यायका विरुद्ध गरिने आन्दोलन, क्रान्ति वा युद्धहरू त्यस्तै मूल्य अन्तर्गत पर्दछन् । यसैगरी सामाजिक प्रगतिको मापन पनि त्यस्तै कतिपय मूल्यहरूद्वारा सम्भव हुन सकेको पाइन्छ । यसको मापनका लागि प्रचलित सबै मूल्यहरू मिलेर एउटा नयाँ मूल्यस्तर निर्धारण गर्दछन् । पछिल्लो अवधिमा तिनै मूल्यहरू कुनै समूह विशेषका धरोहर बन्दछन् र त्यस्ता कतिपय मूल्यहरू सामाजिक प्रगति वा व्यक्तित्व विकासका लागि बाधक पनि हुन सक्छन् । त्यसैले त्यस्ता मूल्यहरूका आधारमा भौतिकवादी दर्शनका व्याख्याता कार्ल मार्क्सले धर्मलाई अफिमको नशा पनि भनेका छन् ।

त्यति हुँदाहुँदै पनि मानव जातिको सम्पूर्ण साँस्कृतिक व्यवस्थामा धर्मको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । रूसी मानवशास्त्री मैलिनोवस्कीले धर्मलाई अनेक संस्कार र संस्कृतिहरूको


उत्पादन गर्ने एक महत्वपूर्ण सामाजिक संस्थाका रूपमा व्याख्या गरेका छन् [२९]। त्यस्तै समाजशास्त्री परेटोले मानव जातिका क्रियाकलाप तथा आचरणहरूका सम्बन्धमा सार्वदेशिक एवम् सार्वकालिक अवस्थामा धर्मलाई तर्कसंगत मात्र नभएर अतर्कसंगत मान्यताका रूपमा पनि स्वीकारेका छन् । यसलाई प्रमाणित गर्न उनले ईश्वरीय आज्ञादेखि पौराणिक गाथासम्मको सहारा लिएका छन् । उनका विचारमा यस्ता मूल्यहरूको व्याख्या तार्किक रूपबाट गर्न सकिँदैन तापनि यी सबै मूल्यहरू निरर्थक, अन्धविश्वासयुक्त र अनुपयोगी मात्र छैनन् । ती सबै मूल्यहरू सार्वदेशिक पनि हुन सक्छन् । रूपका दृष्टिमा भिन्न देखिए पनि सारका दृष्टिले एक हुन सक्छन् । जस्तो हिन्दू, बौद्ध, इस्लाम वा इसाइ धर्मले अपनाएका धार्मिक प्रक्रियाहरू बेग्ला बेग्लै भएर पनि उपलब्धिका दृष्टिले ती सबैले मानवीयमूल्यलाई समेटेकै पाइन्छ । त्यस्तै तिनका धार्मिक प्रतिष्ठानहरूमा प्रयुक्त विभिन्न प्रतीक रचनाहरूले पनि मानवीय आचरणको मूल्य निर्धारण गरेकै छन् । जस्तो मठ-मन्दिर, गुम्बा, मस्जिद वा चर्चको निर्माणमा प्रयोग हुने सामग्रीहरू सबै उनै र उस्तै भएर पनि निर्माणपछि तिनमा सजाइएका वास्तु प्रतीकहरू बाट जुन भाव उत्पन्न हुन्छ त्यही प्रतीक रचनाले एक समुदायलाई अर्को समुदायसँग पृथक राख्तछ । सामान्य ढुङ्गो, माटो वा काठप्रति कसैले आदरभाव राख्तैन तर त्यही ढुङ्गो, माटो र काठबाट बनेका विभिन्न देव-देवीका मूर्तिका अगाडि प्रायः सबै नतमस्तक हुन्छन् । त्यस्तै उही कागज, उही रङ्ग र उही कलाबाट बनेका विभिन्न देव-देवीका चित्रहरूले अलग-अलग भाव प्रकट गर्दछन् । यस्ता प्रतीक रचनाहरूले आफ्नै किसिमका धार्मिक भाव उत्पन्न गराउँछन् र व्यक्ति तदनुरूप आचरण गर्दछ । त्यही भावजन्य मूल्य नै मानवीय आचरणको आधार बन्दछ । त्यसैगरी आफ्ना इष्टदेवप्रति गरिने आरधना, पूजा, प्रार्थनाका निम्ति जुन मन्त्र, भजन, गीत एवम् चरित्रको सृजना हुन्छ ती सबै काल्पनिक भएर पनि भावात्मक सत्यलाई तिनले उद्घाटन गरिरहेका हुन्छन् । त्यस्तै लोक कथा, लोक गीत, पूराकथा वा लोकसंस्कृति आदिका निर्माणमा धर्मका मूलभावको प्रभाव अन्तर्निहित रहन्छ र त्यही भावात्मक मान्यता नै मानव आचरणको मूल्य बन्दछ ।

---

२९ सि मैलिनोवस्की, बी म्याजिक, साइन्स एण्ड रिलिजियस, डबल डे एन्चोर बुक्स, सन् १९५४ पृ. २१

एक समुदायले आफ्नो मूल्य छोडेर अर्को समुदायको मूल्य ग्रहण गर्न सक्तैन । यसलाई पूर्वीय दर्शनले स्पष्ट शब्दमा यसरी निर्देश गरेको छ - "स्वधर्मेनिधनश्रेयः परधर्मो भयावहः" (गीता२/४१) अर्थात् सबैले आ-आफ्ना समुदायमा निर्धारित मूल्य (आचरण) को अनुशरण गर्दै मर्नु परे बरू श्रेयस्कर हुन्छ तर अर्को समुदायको मूल्य अपनाउन खोज्नु भयावहपूर्ण हुनेछ । कुनै हिन्दू वैदिक वा पौराणिक विधिअनुसार मन्दिरमा पूजा-पाठ गर्छ, बौद्धले आफ्नै विधिले गुम्बामा आरधना गर्छ, इस्लामले कुरानको विधिअनुसार मस्जिदमा नमाज पढ्छ भने इसाइले बाइबलको विधि अनुसार चर्चमा प्रार्थना गर्छ तर सबैको उद्देश्य आफूसहित आफ्नो समाज र विश्व कल्याणको कामना गर्नु हो ।

भारतीय समाजशास्त्री डा.श्यामाचरण दुवेले धर्मका सापेक्षतामा मानवीयमूल्यको विश्लेषण गरेका छन् । उनका विचारमा मानवीय अन्तर्क्रियाहरूको क्षेत्र तीन प्रकारका साँस्कृतिक सूत्रले घेरिएको हुन्छ । यसलाई उनले एउटा त्रिभुजद्वारा स्पष्ट पारेका छन् ।




एक मानव र अर्को मानव एवम् मानव र प्रकृतिबीचका अन्तर्क्रियाको निर्धारण मानव र अन्तर्जगतको सम्बन्धमा भर पर्छ । प्रकृतिलाई मान्छेले कुन रूपमा हेर्छ ? भन्ने कुरा मान्छेमा अन्तर्निहित भाव जगतको पृष्ठभूमिले नै स्पष्ट पारेको हुन्छ । कतिपय नदी, पहाड, वृक्ष, समय, स्थान, अग्नि, वायु, सूर्य आदि प्राकृतिक वस्तुहरूप्रति मानवको जुन श्रद्धाभाव रहन्छ त्यसैले उसका धार्मिक क्रियाहरूलाई नियमित गर्न प्रेरित गर्छ । एक मान्छेसँग अर्को मान्छेको पारस्परिक सम्बन्धसूत्रको निर्धारण पनि मानवीय अन्तर्भावकै आडमा हुनेगर्छ जस्तो-विवाह बन्धन । पूर्वीय सामाजिक चिन्तन परम्पराले धर्मका दृष्टिमा मानवीयमूल्यको निर्धारण सम्बन्धमा सबभन्दा विश्वसनीय र आदर्शात्मक सूत्रको निर्देश यसरी गरेको छ -"आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्"(गीता) अर्थात् मान्छेले आफ्नालागि प्रतिकूल हुने कुनैपनि आचरण नगरोस् । त्यस्तै "परोपकार पुण्याय पापाय परपीडनम्"(नीतिशास्त्र) अर्थात् पुण्यका लागि परोपकार र पापका लागि परपीडन नै धर्म

**र पापको सार्वभौम परिभाषा हुनसक्छ। समग्र मानवमूल्यको प्रतिष्ठामा पूर्वीय धर्म दर्शनले निरूपण गरेको यो भन्दा विश्वसनीय र सार्वभौम परिभाषा अरु के हुन सक्छ ?**

**समाजशास्त्री एडवर्ड टायलर** (Edward B. taylor) **ले धर्मको उत्पत्ति सम्बन्धी व्याख्याका क्रममा आत्मवादका सिद्धान्तको प्रतिपादन गरेका छन्।**

**अर्का प्रसिद्ध समाजशास्त्री मेक्सवेबर** (Max weber) **ले विश्वका ६ वटा ठूला धर्महरू (कन्फ्युसियन, हिन्दू, बौद्ध, इस्लाम, इसाइ र यहुदी) को विस्तृत अध्ययन गरेर तिनका धार्मिक मान्यताभित्र मानवीयमूल्य खोज्ने प्रत्यत्न गरेका छन्। प्रत्येक धर्मका अनुयायीहरूमा तिनका धार्मिक आचरणबाट पर्नसक्ने आर्थिक सामाजिक प्रभावको विश्लेषण गर्दै आफ्नो पुस्तक** The Protestant Ethic and the spirit of capitalism **मा वेबरले विशेषतः प्रोटेस्टेन्ट इसाइ धर्म र पूँजीवादको सम्बन्ध देखाउने प्रयास गरेका छन् । आधुनिक पूँजीवादका प्रारम्भिक प्रतिपादक मानिने बेन्जामिन फ्रेङ्कलिनले आफ्नो व्यवसायमा चाँडै सफल हुन र चाँडै धनी हुन दिएका उपदेशलाई उघृत गर्दै वेबर ती उपदेशहरू अधिकांशतः प्रोटेस्टेन्ट आचरणद्वारा प्रभावित रहेको पुष्टि गर्दछन्। ती उपदेशहरू जस्तै "समय नै धन हो, धनले धन कमाउँछ, एक पैसा बचाउनु भनेको एक पैसा कमाउनु हो, इमान्दारी सबभन्दा राम्रो नीति हो, चाँडै सुत्ने र चाँडै उठ्ने बानीले व्यक्तिलाई स्वस्थ, सम्पन्न र बुद्धिमान बनाउँछ इत्यादि। यदि यी सबै उपदेशहरूका पछाडिको मनोभाव माथि राम्ररी ध्यान दिने हो भने समयको सदुपयोग गरेर इमान्दारिता र मिहिनेत साथ काम गरेमा स्वस्थ, बुद्धिमान र चाँडै धनी हुन सकिन्छ भन्ने तात्पर्य खुल्न आउँछ। त्यसै मनोभावबाट प्रोटेस्टेन्ट समुदाय अनुप्राणित थियो र पश्चिमी पूँजीवादको विकासमा यिनै प्रोटेस्टेन्टका मूल्यगत आचरणको गहिरो प्रभाव परेको देखिन्छ। वेबरका अनुसार पूँजिवादको विकासमा यो मात्रै कारकतत्व होइन, यसका पछाडि अरू अनेक तत्वहरुको धेरथोर भूमिका रहेको हुनसक्छ तापनि यसको भूमिका अग्रणी देखिन्छ । बेबरले पूँजीवाद र प्रोटेस्टेन्ट आचरणहरुका बीचको सम्बन्ध प्रष्ट गर्न अनेक ऐतिहासिक प्रमाणहरू पनि प्रस्तुत गरेका छन् । तत्कालीन पश्चिमी समाजमा पूँजीवादको सर्वोत्तम विकास बेलायत, अमेरिका, हलेण्ड आदि जस्ता देशहरूमा भयो जहाँका अधिकांश मानिसहरू प्रोटेस्टेन्ट धर्मालम्बी थिए । जबकि इटाली,**

स्पेन, आदि देशका मानिसहरू क्याथोलिक धर्मालम्बी भएकै कारण त्यहाँ पूँजीवादको विकास हुन नसकेको देखिन्छ ।

वेबरका विचारमा मूल्य निर्णय (Value Judgment) लाई वैज्ञानिक अध्ययन क्षेत्रभन्दा अलग राख्न सकिँदैन किनभने यी मूल्यहरू प्रातीतिक (Subjective) हुन्छन् र तिनको सम्बन्ध मानवका भावनासँग जोडिएका हुन्छन् । वास्तवमा यिनै भावात्मक मूल्यहरूका आधारमा व्यक्ति आफ्ना मनोवृत्तिहरू निर्माण गर्छ र यिनै मनोवृत्तिले व्यक्तिका व्यावहारलाई प्रभावित गर्छन् ।

वेबरकै धारणामा सहमति राख्दै दुर्खीमले मूल्यको विवेचना सामाजिक तथ्यका आधारमा हुनुपर्ने कुरामा जोड दिँदै मूल्यलाई बाह्यता र बाध्यताका दुई भागमा विभाजन गरेका छन् । दुर्खीमका विचारमा मूल्य व्यक्तिका मानसिक अन्तर्क्रियाहरूको प्रतिफल हो भन्ने कुरा प्रष्ट हुन्छ तरपनि कुनै मूल्य स्थापित हुनका पछाडि समाजका कुनै एक सदस्यका मानसिक क्षमताको मात्र हात हुँदैन । यसका लागि सिङ्गै समाजको आकांक्षा र समर्थन अनिवार्य हुन्छ । अर्थात् मूल्य सिङ्गै समाजको साझा सम्पत्ति बन्दछ र त्यसलाई फेरि छुट्याएर वैयक्तिक मूल्य स्थापित गर्न सकिँदैन । यस अर्थमा यो मूल्य स्थापनाको बाध्यता हो भने मूल्यले व्यक्तिका व्यावहारलाई प्रभावित गर्छ र व्यक्तिलाई एक विशेष ढंगले तदनुरूप व्यावहार गर्न बाध्य तुल्याउँछ । यो मूल्यको बाध्यतामूलक प्रभाव हो ।

एच. एम जोनसनले आफ्नो Sociology :A Systematic Introduction, 1961 मा मूल्य एवम् समाजका आदर्श नियमहरूलाई एउटै अर्थमा राखेका छन् । तर डा.राधाकमल मुकर्जीले समाजलाई मूल्यहरूको एक सङ्गठन एवम् सङ्कलन (The Socity is an organization and accumulation of values) भनेका छन् । उनले सामाजिक व्यवस्थामा मूल्यलाई क्रमिक रूपले निम्नलिखित चार संस्करणमा विभाजन गरेका छन् :-

(१) भीँडमा कुनै अनुचित आचरणलाई सुधार्न यदाकदा नैतिक भावनाहरूको अमानवीय रूपमा अभिव्यक्ति हुन सक्छ । जस्तो कुनै चोरलाई चोर्दा-चोर्दै भेटियो भने भींडको कुटाइबाट मर्न पनि सक्छ ।

(२) कुनै आर्थिक स्वार्थ समूह (Economic Interest-group) मा आर्थिक आदान-प्रदान, सहयोग आदिका रूपमा अभिव्यक्त हुन सक्छ ।

(३) समाज वा समुदायमा समानता वा न्यायका रूपमा अभिव्यक्त हुन सक्छ

(४) सामान्य जीवन आदर्शमा स्वतः प्रेम, सामाजिक उत्तरदायित्व, एकता तथा सहयोग प्रमुख मूल्य हुन्छन् । यी मूल्यहरूले सामाजिक पुनर्निर्माणका लागि ठोस आधार प्रदान गर्न सक्दछन् । यिनै मूल्यहरूका आधारमा व्यक्तिले स्वार्थवादलाई छोडेर परार्थवादी मान्यता ग्रहण गर्न सक्छ । मानवीय लक्ष्य, आदर्श-नियम तथा मानवमूल्यमा फरक देखाउँदै मुकर्जी भन्छन् -मानवका ती लक्ष्य एवम् आदर्श नियमहरू त्यसबेला मात्र मूल्य बन्न सक्छन् जब तिनीहरू समाजका सदस्यहरूको अन्तस्करण एवम्म् विश्वासका कारण एक आन्तरिक त□व बन्दछन् साथै उनीहरूका सामाजिक संस्थाहरू, स्वतन्त्रता, विधि, अधिकार एवम् कर्तव्यका रूपमा प्रकट हुन्छन् ।

डा. मुकर्जीले मानवीय व्यक्तित्वको निर्माण तथा सङ्गठनमा मूल्यहरूको महत्व दर्शाउँदै भनेका छन् मूल्य-व्यवस्थाले व्यक्तित्वको संरचनालाई परिभाषित तथा नियन्त्रण गर्छ र त्यसको बदलामा व्यक्ति आफ्नो आचरणद्वारा मूल्यहरूको गुणात्मक परिशुद्धि गर्छ । उनका विचारमा व्यक्ति आफ्नो जीवनकालमा व्यवहारका विभिन्न स्तरबाट गुज्रिरहेको हुन्छ । यी स्तरहरू मुख्यतया तीनवटा हुन्छन् । पहिलो स्तरको प्रकृति प्राणिशास्त्रीय-सामाजिक (Bio-Social) हुन्छ । यसमा व्यक्ति समाजद्वारा पारित नियम तथा विधिहरूको पालन गर्दै समाजमा घुलमिल हुनका लागि आफूलाई तयार गर्छ । दोस्रो स्तर समाजमा एकता एवम् सङ्गठनको हुन्छ भने तेस्रो धार्मिक तथा आध्यात्मिक स्तर सँग जोडिएको हुन्छ ।

दुर्खीमका विचारमा धार्मिक विश्वास एक विशिष्ट अनुभवमा आधारित हुन्छ जस्को निर्देशकीय मूल्य (Demonstrative value) एक अर्थमा वैज्ञानिक प्रयोगभन्दा निम्नकोटिको हुँदैन तर त्यसभन्दा भिन्न भने पक्कै हुन्छ । उनी भन्छन् -प्रायः सबै सामाजिक संस्थाहरूको उद्भव धर्मबाटै भएको देखिन्छ । सोरोकिनले दुर्खीमका धर्मसम्बन्धी विचारलाई निम्नानुसारका चार बुँदामा समेटेका छन् ।

(१) धर्मको मूलस्रोत वा कारण समाज आफैं हो,

(२) धार्मिक अवधारणा समाजका विशेषताहरूको प्रतीक हो,

(३) पवित्र वा दैवी सत्ता भन्नु समाजकै आन्तरिक प्रतिबिम्ब हो,

(४) धर्मको मुख्य कार्य, सामाजिक एकताको भावना उत्पन्न गर्नु, सामाजिक नियन्त्रण गर्नु र त्यसलाई आत्मसात् गर्दै स्थिर राख्नु हो । यिनै धार्मिक आधारहरूका सेरोफेरोमा मानवमूल्य समेटिएको हुन्छ ।

संसारका अधिकांश वैज्ञानिकहरू धर्ममा विश्वास त गर्छन् तर उनीहरूमध्ये धेरैले धर्मका अन्तर्रूपको अनुशरण गरेको देखिँदैन । उनीहरू जीवनको क्षणभङ्गुरता र ईश्वरीय अस्तित्वका सम्बन्धमा लगभग सहमत देखिए पनि उनीहरूमा अन्य धार्मिक विश्वासको भाव त्यति पाइँदैन भन्ने कुरा मानवशास्त्री ल्यूवाले आफ्नो अध्ययनको निष्कर्षमा देखाएका छन्[३०]। कुनै न कुनै प्रकारान्तरबाट कतिपय वैज्ञानिकहरूले धर्मको अस्तित्व स्वीकारेका छन् । यस सम्बन्धमा विज्ञान नभए धर्म अन्धो हुन्छ भने विज्ञानमा धर्म भएन भने त्यो लङ्गडो हुन्छ भनेर वैज्ञानिक अल्वर्ट आइन्स्टाइनले भनेका छन् । यसबाट संसारको उत्पत्ति, विकास र सञ्चालन नियमको विश्लेषणका दृष्टिले विज्ञान र धर्मको आधा-आधा भूमिका रहन्छ भन्ने स्पष्ट देखिन्छ । प्रत्यक्ष वा परोक्ष रूपबाट संसारमा धर्मको प्रभाव समाज वा समुदायको आर्थिक अवस्था, शिक्षा, राजनीति र सामाजिक जीवनका अरू सबै अङ्गमा परेको हुन्छ र त्यही प्रभाव व्यक्ति, समुदाय वा राष्ट्रको मूल्य बन्दछ ।

निष्कर्षमा भन्ने हो भने धर्म वा धर्मले देखाएको गन्तव्य वा भगवान् प्राप्तिको मार्ग भनेको समाजको प्रतीकात्मक अभिव्यक्ति हो । धर्मको सम्बन्ध कुनै व्यक्ति वा लौकिक अथवा पारलौकिक वस्तु वा शक्तिसँग नभएर व्यक्तिको सामूहिक जीवनसँग हुन्छ । त्यसैले धर्म नितान्त सामाजिक वस्तु हो भने समस्त मानव जातिका सम्बन्धमा धर्मले निर्धारण गरेको मान्यता नै वास्तवमा मानवमूल्य हो । मूल्य त्यो सामाजिक मान, लक्ष्य वा आदर्श हो जसका आधारमा विभिन्न सामाजिक परिस्थिति एवम् विषयहरूको मूल्याङ्कन गरिन्छ ।

---

३० सी जे.एच.एल ल्यूवा द साइकोलोजी अफ रिलिजियस माइस्टीजम हारक्वाउट ब्रान्च एण्ड सिओ न्यूओर्क सन् १९२५
(See J.H.Leuba –The psychology of Religious mysticism, Harcourt Brace & Co. New York -1925)

त्यस्ता मूल्यहरू मानवका लागि अर्थपूर्ण हुने गर्छन् र तिनलाई मानवले आफ्नो जीवनमा अपनाउने गर्छ । यी मूल्यहरूको कुनै न कुनै सामाजिक, साँस्कृतिक वा धार्मिक पृष्ठभूमि हुन्छ । त्यसैले प्रत्येक समाज वा समुदायका मूल्यहरूमा केही न केही भिन्नता देखिन्छ । धार्मिक दृष्टिले हिन्दू, बौद्ध, इस्लाम, इसाइ आदि धर्महरूले निर्धारण गरेका मूल्यहरू आ-आफ्ना समुदायमा भिन्न भिन्न हुन्छन् । हिन्दू धर्ममा विवाह जन्म जन्मान्तरको अटुट बन्धन तथा दैविक मिलन हो भन्ने ठानिएको पाइन्छ । त्यसैले यहाँ विवाह विच्छेदलाई सामान्य अर्थमा लिइदैंन । हिन्दु मान्यता अनुसार विवाहको आदर्श आधार वंशशुद्धता र रक्तशुद्धता हुन्छ तर इस्लाममा यसका निम्ति दूधको मात्र सीमा रहन्छ । अर्थात एउटै वंश वा एउटै रक्तको भएपनि काकाकी छोरी अथवा आमा बेग्लै भएका एउटै बाबुका छोरा-छोरी, जसले एउटै दुध खाएको छैन भने तिनका विवाहमा समेत इस्लामले कुनै रोक लगाएको पाइँदैन । विधवा विवाह हिन्दूपरम्परामा आदर्शमूल्य विपरीत कुरा हो इस्लाम र इसाइहरूमा यो सहज स्वीकार्य हुन्छ ।

त्यस्तै अतीतका मूल्यहरूमा आधुनिक युगसँगै ठूलो परिवर्तन आएको छ । केही अघिसम्म पनि हिन्दु समाजमा सतीप्रथा धर्मका आडमा मानवमूल्य अन्तर्गत पर्दथ्यो, तर ती प्रथाहरू अहिले निन्दनीय र दण्डनीय बन्न पुगेका छन् । त्यस्तै बहुबिवाह र छुवाछूत प्रथा हाम्रो समाजमा अहिले मानवीयमूल्यमा प्रतिकुल भएका छन् यसरी पुराना मूल्यहरू मासिँदै र नयाँ मूल्यहरू स्थापित हुँदै जाँदा मानवजीवनका दिनचर्या, गतिविधि, रहन-सहन र सोचाइहरूमा पनि ठूलो परिवर्तन आएको छ । अन्तर्जातीय विवाह, बसाइँ-सराइ, भौतिक एवम् दैविक उथलपुथलको कारण पनि मानवीयमूल्यहरूमा परिवर्तन आउन सक्छ । शैक्षिक, आर्थिक, राजनैतिक र सामाजिक परिवर्तनसँगै मानवीयमूल्यहरू बदलिन थाल्छन् । धर्म नितान्त सामाजिक वस्तु हो भने मानवमूल्यहरू सामाजिक घटनासँग सम्बन्धित रहेका हुन्छन् । मूल्य वास्तवमा त्यो लक्ष्य हो जसको अर्न्तवस्तु तथा अर्थसम्म सामाजिक समूहका सदस्यहरू पुग्न सक्दछन् । समाजको अधिकांश पक्ष धर्मसँग जोडिएको हुन्छ । सामाजिक मूल्य समाजका सदस्यहरूकै मस्तिष्कको उपज हो । त्यसैले यी सदस्यहरू यस्ता मूल्यका सम्बन्धमा पूर्णतया सचेत रहन्छन् ।

यदि कुनै व्यक्ति निरन्तर आफ्नो अस्तित्व बनाइराख्न चाहान्छ र व्यक्तित्व निर्माण गर्न चाहान्छ भने त्यसका लागि उसले आफ्नो समुदायका सर्वोच्च मूल्यहरू (Supreme Veluer) लाई नियमित रूपले आत्मसाथ (Interlise) गरिरहनु आवश्यक हुन्छ । व्यक्तिको सर्वोत्तम खोज भनेको जीवनको सुन्दरता, उत्कृष्टता र प्रेमको उच्चतम बन्धनमा बाँधिएको अर्थात विश्वबन्धुत्वको खोजी गर्ने धार्मिक एवम् आध्यात्मिक मूल्य हो । यिनै सुन्दरता, उच्चता र प्रेमका आधारमा सामाजिक संस्थाहरूको सृष्टि हुन्छ । मानवले मानवका लागि गरिने सम्पूर्ण मानव समाज एवम् विश्व कल्याणका कार्यहरू नै मानवमूल्य हुन् । मानवमूल्यको खोजी अध्यात्मवाद तथा भौतिकवादको समन्वयात्मक योगबाट गरिँदा मात्र पूर्ण रूपले मूल्य प्राप्त गर्न सकिन्छ भन्ने धारणा पाच्य विद्या धर्म विज्ञानमा रहेको पाइन्छ ।

## ५.७ मानवीयमूल्य सम्बन्धी नैतिक धारणा

नैतिक सिद्धान्तका दार्शनिक मूल्यहरू मानव व्यवहारबाट सिधै प्रकट हुने होइनन् । यस्ता मूल्यहरू त समाजको मानक (आदर्श मूल्य) र मापदण्डहरूको माध्यमबाट अभिव्यक्त हुन पुग्छन् । नैतिकताको स्रोत के हो? नैतिक आदर्श साध्य हो कि साधन हो? भन्ने सम्बन्धमा मानव जीवनलाई शाश्वत, सार्थक र फलिभूत बनाउन जीवनमा प्रयोग गरिने उच्च आदर्श मूल्यमा आधारित सामाजिक निर्देशनहरूलाई साधन भनिएको पाइन्छ (नीतिशास्त्र पृष्ठ ७४) । नैतिकता वस्तुतः विश्व दृष्टिकोणमा आधारित हुन्छ । त्यसबाट मानव जीवनको अर्थ अस्तित्व र मूल्य निर्धारण गर्न सकिन्छ । नैतिक मूल्यको निर्धारणबाट व्यक्तिको इतिहास, समाजमा उसको भूमिका, सृजनात्मकता र दायित्वबोधको क्षमतालाई मापन गर्न सकिन्छ । नैतिकताको प्रश्न कुनै सैद्धान्तिक विषय होइन यो त व्यवहारिक आचरणसँग जोडिएको प्रश्न हो । नैतिकता, नीतिशास्त्रको प्रमुख प्रतिपाद्य विषय हो । यो दार्शनिक विद्धानहरूको लामो अनुभव र परिमार्जित चैतन्यको व्यवहारिक रूपान्तरणबाट बनेको मानव व्यवहारको उच्चतम कसौटी हो[३१]। व्यक्तिको नैतिक मूल्यले उसको जीवनका समग्र उपलब्धीहरूलाई ग्रहण गरेको हुन्छ । सामाजिक मानकहरूले वैयक्तिक जीवनको शुद्धता,

---

३१ **नीतिशास्त्र** (सम्पादक एफ.एम.वोल्कोव) प्रशति प्रकाशन मास्को, सन् १९९० पृष्ठ ४४

परिमार्जितता र सर्वोच्च मूल्य निर्धारणमा सहयोग पुऱ्याउँछ । मानवनैतिकता र मानवताको अन्योन्याश्रित सम्बन्धबाट हेर्दा नैतिकताको मानव जीवनसँग र मानव जीवनको नैतिकतासँग घनिष्ट सम्बन्ध रहेको देखिन्छ । नैतिकताको आशय मानव व्यवहारलाई मूल्यवान अर्थ प्रदान गर्ने नियम तथा मानकहरूको प्रणाली हो भन्ने बुझिन्छ । मानिसले आफ्नो अस्तित्व, औचित्य र उद्देश्य प्राप्त गर्न आफ्नो जीवनलाई सदैव सङ्घर्षशील बनाइराख्नु पर्छ । अरस्तुका अनुसार मानवको आन्तरिक जगत् बाह्य सुन्दरता र सामाजिक सम्मानभन्दा नैतिकता तर्फ बढी उन्मुख रहेको हुन्छ । मानिसलाई मानवीय गुण प्रदान गरी मानव बनाउन सकिने प्रसस्त आधारहरू पाइन्छन् । मानवीय गुण समाज, सँस्कृति, परम्परा, देशको कानून, विभिन्न नीतिशास्त्र, समाजशास्त्र, इतिहास, ज्ञानविज्ञान र बाङ्मयहरूको अध्ययनबाट ग्रहण गर्न सकिन्छ । यसरी ग्रहण गरिएका मानवीय गुणहरूलाई परिस्कार गर्दै, शुद्धिकरण गर्दै आफ्नो आकांक्षामा सद्गुण भाव साकार गर्दै मनुष्यले, सद्विवेक, उदारता, ऐश्वर्य, गरिमा, महत्वकांक्षा, विनम्रता, समत्तितता, सत्यवादिता, मैत्रीभाव र शिष्टता जस्ता सद्गुणहरू प्राप्त गर्न सक्छ । आफ्नो चरित्रको गठन परिष्कार तथा विकास गर्न सक्छ । मैत्रीभाव वा सुखभावलाई आफ्नो फाइदा सँग होइन मैत्री र सुखकै लागि मात्र जोड्नु मनुष्यका लागि एक असाधारण मह□व राख्दछ । नैतिक व्यक्तिले आत्म परिष्कार, बुद्धि विकास तथा बुद्धिको रचनात्मक प्रयोगबाट सन्तोष तथा आनन्द प्राप्त गर्न सक्छ । नैतिकताद्वारा आफ्नो चरित्रको परिष्कार गरी शुद्ध निष्ठावान उच्च नैतिकता भएको व्यक्तिले राज्यमा भएका प्रभुत्वशील प्रथाहरू, आचारहरू, नीति, नियम र अनुशासनका धमिला पक्षहरू, विभिन्न वर्गसँग रहेका मानवीयमूल्य विरोधी गतिविधिहरू र घरपरिवार भित्र रहने गरेका विकृति र विसङ्गतिपूर्ण आचरणहरूलाई सुधार गर्न सक्छ । मार्क्सवादी नीतिशास्त्रका अनुसार नैतिकताले सम्पूर्ण मानव जातिका हितको रक्षा गर्छ । नैतिक नियमहरूले मनुष्यका जीवनमा सर्वमानवीय तत्वको विकास गराउँछ । मानव व्यवहारले विनयतामा आवश्यक सहयोग पुऱ्याउँछन् । विशेष रूपले माता-पिता र छोरा छोरीबीचको सहयोग सम्बन्धमा, पुराना पुस्ता र नयाँ पुस्ताको बीच हुँदै आएको साँस्कृतिक हस्तान्तरणका सम्बन्धमा, मातृत्वको मूल्य प्रतिस्थापित गर्ने

सम्बन्धमा, अनेक वर्गबीचको अन्तर्विरोधका बाबजुद भावनात्मक एकीकरण गर्ने सम्बन्धमा नैतिकताको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । उदाहरणका लागि एउटा जल्दै गरेको घरबाट बालकलाई बचाउने, आफ्नो ज्यानको बाजी राखेर बस दुर्घटना, रेल दुर्घटना, विमान दुर्घटना, आगलागी, बाढी, तुफान, भुकम्प, आदिबाट व्यक्तिको उद्धार गर्ने व्यक्ति सबै वर्ग, जाति, धर्म, राज्यको अर्थात समग्र मानव जातिको हित रक्षाका लागि समर्पित व्यक्ति हो भन्ने बुझिन्छ । यो नै मानव जातिको नैतिक मूल्य हो । नैतिकता भनेको सर्वमानवीय तत्व हो । करूणा, सहानुभूति, दुर्वललाई सहारा, उदारता, संवेदनशीलता, सत्यवादिता, मित्रता, नम्रता, शालीनता, जस्ता गुणलाई सबै वर्ग, पेशा, देश, काल र परिवेशमा सदैव उच्च मूल्याङ्कन गरिन्छ भने मिथ्या, व्यभिचार, अभद्रता, गद्धारी, उदासीनताजस्ता व्यवहारलाई निन्दा गरिन्छ ।

मानवजातिका लागि उसको नैतिक संस्कृति एउटा यस्तो स्वर्णनिधि हो । जसबाट अनन्त रत्नहरू निकाल्न सकिन्छ । सहानुभूति, परस्पर स्नेह, प्रेम र सद्भाव, सच्चा आत्मालोचना, आत्म मूल्याङ्कन, जन भावनाको सूक्ष्मता र संवेदनशीलता जस्ता सच्चा मानवीय रत्नहरू मानिसका नैतिक आचरणबाट प्रार्दुभाव हुने गर्दछन् । जसबाट मनुष्यको रचनात्मक एवम् सामाञ्जस्यपूर्ण विकास र न्यायसंगत सामाजिक सम्बन्ध कायम भएर जान्छ । ती उच्च आदर्श व्यवहारिक प्रतिमान वा मानक सिद्धान्तले मानवमूल्यको निर्धारण गर्दछन् ।

मानव जीवनको नैतिक आचरणबाट नै सामाजिक क्षेत्रमा नैतिकताको विकास र विस्तार भएको हो । नैतिकता किसान, मजदूर, उद्योगपति, व्यापारी, शिक्षक, प्राध्यापक, वकिल, पत्रकार, सरकारी कामकाजमा कार्यरत कर्मचारीहरू, नेता तथा राजनैतिक कर्मीहरू, महिला तथा विद्यार्थीहरू सबैमा आ-आफ्नो पेशा, दर्जा, मान र दायित्व अनुसार नैतिकताको मूल्य निर्धारित हुन्छ र त्यही नैतिक मूल्य नै मानवीयमूल्यको रूपमा स्थापित हुन पुगेको देखिन्छ ।

एङ्गेल्सका अनुसार- नैतिकता प्रगतिको सूचक हो । मानव समाजमा रहेको नैतिकताले नै मानव पशुबाट भिन्न भएको हो । ज्ञानका अनेक शाखाहरूद्वारा नैतिक संज्ञानात्मक अन्तर्वस्तु चेतनाको विकास हुँदै आउँदा मानव समाजको सम्वृद्धि हुँदै आएको देखिन्छ । नैतिकतामा

मानव सम्बन्धका अमूल्य अनुभव, विशेष प्रकारको ज्ञान, जीवनको मूल्य र उद्धेश्य निहित रहेको हुन्छ। नैतिकताको यही सम्बन्धलाई अनुशिलन गर्दा समाज समूह र व्यक्तिगत जीवनका लागि यो अधिकतम फलप्रद रहेको देखिन्छ । मानव जीवनका हरेक सामाजिक सम्बन्धमा अत्यन्त बलियोसँग जोडिएको नैतिकताले मानव आचरणको इतिहासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नैतिक मानक (आदर्श नियम) हरूको पालनाले प्रत्येक मानिसमा नैतिक चेतनाको सञ्चार गराउँछ। क्रियाकलापमा परिस्कृतता ल्याई शुद्ध मानव बनाउने प्रयत्न गर्छ। सूक्ष्म आत्मिक भावनाको विकास हुन्छ। व्यक्तिको नैतिक जगत् भावनात्मक रूपले समृद्ध भएर आउँछ। उ आफ्ना अनुभूति आशा एवम् विश्वासलाई संरक्षित गर्न समर्थवान हुन्छ। नैतिक प्रगतिलाई मानव जातिको सामाजिक तथा ऐतिहासिक उपलब्धीको सूचक मानिएको देखिन्छ। नैतिकता समाजद्धारा स्वीकृत मानव मूल्यको एक विशिष्ट प्रणाली हो। जस्तै कुनै एउटा व्यक्तिले आत्म उत्सर्ग गर्ने हेतुले कोशीनदीमा हामफाल्यो उसको यो क्रिया नैतिक हो वा अनैतिक तर डुब्न लागेको त्यो मानिसलाई बचाउन अर्को मानिस कोशीमा हामफाल्न पुग्नु चाहिँ त्यो उसको नैतिक क्रिया हो। किनभने त्यो मानव जीवनको मूल्यप्रति संवेदनशील अवस्था हो। यहाँ बचाउनेको दृढता, नैतिकता, निःस्वार्थता, सहानुभूति र साहस प्रदर्शित भएर आएको हो । यहाँ पूर्ण नैतिकताको प्रयोग भएर आएको अवस्था छ । नैतिकताका आठप्रकारका प्रयोग पक्षहरू पाइन्छन् जसमा विनियात्मक, शिक्षात्मक, संज्ञानात्मक, मूल्यबोधात्मक, निर्णयात्मक, अभिप्रेरणात्मक, संरचनात्मक र पूर्वनुमानिक आदि भेदहरू पर्न आउँछन्।

यस अर्थमा नैतिकता मनुष्यका वस्तुगत कार्यकलापसँग अविच्छिन्न रूपमा जोडिएको देखिन्छ। नैतिकतालाई सामाजिक प्रकृतिको प्रतिक र निश्चित सामाजिक ऐतिहासिक आदेशको आत्मागत अभिव्यक्तिका रूपमा हेरिन्छ। यो मनुष्यको आन्तरिक जगतसँग "नीरक्षीर न्याय" योगको नियमले जोडिएको हुन्छ । त्यो मानवीय अन्तर्वस्तु जसको रक्षा मानवीय अन्तर्चेतनाबाट व्यवहार तथा आत्मिक जीवनको सन्तुलित यापन विधिबाट गर्न सकिन्छ। त्यही मानवीय अन्तर्चेतना मन, बुद्धि, चित्त, अहङ्कारले मनुष्यको नैतिक मार्गलाई बुद्धिसङ्गत, इन्द्रियगत, सङ्कल्पात्मक र अवचेतन तर्फ उन्मुख गराएको पाइन्छ।

यसैले नैतिकतालाई भावशून्य बुद्धिसङ्गत तार्किक मूल्याङ्कनका दृष्टिले मात्र हेरिएको छैन

अपितुः भावनाको बुद्धिमत्तापूर्ण परावर्तित जीवन अनुभव अर्थात सङ्ज्ञानात्मक पूर्ण प्रज्ञाको रूपमा हेरिएको छ । अन्तः प्रज्ञाको घडिमा नैतिकता कर्तव्यबोध भएर आएको हुन्छ । यो एउटा बुद्धिसङ्गत क्रियाविधिको रूपमा आउँदा व्यक्तिको अन्तःकरण सङ्कल्पात्मक भावनाको निर्णयात्मक अवस्थामा पुगेको हुन्छ । यसरी नैतिक रूपबाट विकसित भएको मानवीय व्यक्तित्वले स्वत नै कर्तव्यबोध गर्न सक्छ । कर्तव्य केवल आफू र आफ्ना परिवारका लागि मात्र हुँदैन यो त समग्र मानव जातिको हित रक्षाका लागि गरिने उच्चतम नैतिक दायित्व हो । कर्तव्य र नैतिकताले मानिसको मर्यादा, गरिमा, व्यक्तित्व र इमान्दारितालाई पूर्ण रूपले नियन्त्रण गरी सत्मार्गमा प्रवाहित गर्दछ । त्यसैले यो मानव मूल्य बोधको उच्चतम कसी हो ।

## ६.८ मानवीयमूल्य सम्बन्धी वैचारिक धारणा

मानवीयमूल्यको अर्थ स्वरूप र परिभाषाहरूको अध्ययन गर्दा विभिन्न विद्धानहरूका मान्यताहरू, अवधारणाहरू, भनाइहरू, उद्धरणहरू र लेखोटहरूको विश्लेषण, समाजशास्त्र, मानवशास्त्र, नीतिशास्त्र, दर्शनशास्त्र, भौतिकशास्त्र, धर्मशास्त्र इतिहास तथा साहित्यशास्त्रको अवलोकन गर्दा, के निष्कर्षमा पुग्न सकिन्छ भने मानवीयमूल्य भनेको मानिसको यस्तो गुण हो जो अदृष्य भएर पनि दृष्य छ र अव्यक्त भएर पनि व्यक्त छ । यो मानव जीवनको पूर्णता हो, सत्यता हो, अर्थ हो र मूल अस्तित्व हो । मानिस सामाजिक प्राणी भएको हुँदा सामाजिक योगदान र सामाजिक मूल्य मान्यताको आधारमा गरिएको व्यवहारबाट व्यक्तिको मूल्य निर्धारण हुन्छ । मूल्य भनेको कुनैपनि वस्तु मापक गुण हो । मानवमूल्यलाई मनुष्यसँग रहेको नैतिकता, अनुशासन, कर्तव्यबोध, सद्भाव, प्रेम, सौर्य, पराक्रम, वीरता, करूणा, जस्ता मानवीय गुणहरूका व्यवहारिक प्रयोगको तराजुबाट मापन गर्न सकिन्छ । वास्तवमा भन्नुपर्दा समाजमा विद्यमान व्यक्तिको अस्तित्व नै उसको मूल्य हो । समाज, राष्ट्र वा विश्व मानव समुदायलाई दिएको योगदान त्याग वा बलिदानका आधारमा मानवमूल्य निर्धारण हुन्छ । समाजले, राष्ट्रले वा विश्वले जुन मानवको मूल्य जति निर्धारण गर्छ उसको सामाजिक प्रतिष्ठा पनि त्यति नै रहन्छ । उसले समाजद्धारा प्रदान गरिएको मान, प्रतिष्ठा, इज्जत र अस्तित्वलाई आफ्नो व्यवहारबाट बढाउन वा घटाउन सक्दछ । आफ्नो मूल्य बृद्धि गरेकै कारण बुद्ध, गान्धी, मार्क्स, मुहमद,

क्राइष्ट, मनुष्यबाट मानव हुँदै महामानव बन्न पुगेको उदाहरण पाइन्छ भने राम, कृष्ण, आर्यहरूका सम्पूज्य देवता समान भएर लाखौं वर्षको इतिहासका स्वर्ण, अक्षरहरूमा लेखिन पुगेका देखिन्छन् । आधुनिक राजनीतिशास्त्रका जन्मदाता श्रीकृष्ण प्रेम र मानवताका परम उपासक मानिन्छन् उनको गीता दर्शन मानवमूल्य बोधको विशिष्ट उदाहरण हो । पाश्चात्य दार्शनिकहरूमा प्लेटो, अरिष्टोटल र सुकरातले मानवमूल्यको निरूपण आफ्ना नीतिशास्त्रहरू मार्फत गरेका छन् । राजनीतिज्ञहरुको क्षेत्रमा मार्क्स पछिका एङ्गेल्स, लेनिन, स्टालिन र माओका राजनैतिक तथा सङ्गठनात्मक लेख तथा अभिव्यक्तिहरुमा मानवीयमूल्यसम्बन्धी वैचारिक दृष्टिकोण पाइन्छ । पाश्चात्य साहित्य संसारका प्रथम किरण मानिने 'होमर' र तत्समयका, 'हेसिअङ सोलेन, जेनोफनेस, पिण्डार, सिमोनाइडेस्, यूरिपाइडिस र अरिस्टोफेसन जस्ता साहित्य स्रष्टाका महानतम कृतिहरूले मानवमूल्यको युगीन व्याख्या गरेका छन् । मूल्य गतिशील हुने हुँदा युग अनुसार मानव जीवनको अर्थ, अस्तित्व र परिघटनाहरूबाट मानवमूल्यको बोध गराइएको पाइन्छ । यसैक्रममा प्लेटोले आफ्नो आदर्श गणराज्यमा सत् साहित्यको स्वीकृति र असत् साहित्यको बहिष्कार गरेबाट मानवमूल्यको प्राचीनतम महत्तालाई बुझ्न सकिन्छ । मध्ययुगीन मानवताका प्रवक्ता, दाँते, फ्लोरेन्स, महाकवि भर्जिल र रोमान्टिक पुस्ताका वड्स्वर्थ जस्ता विशिष्ट विद्वानहरूले पनि सदैव आफ्ना बाङ्मयहरूमा मानवीयमूल्यबोधको निरूपण गरेका छन् भने यता पूर्वीय काव्यशास्त्रीहरूमा महर्षी वाल्मिकी, व्यास, कालिदास, अस्वघोष, भवभूति, वाण, दण्डी श्रीहर्ष, जस्ता विद्वानहरूले सदैव मानव समाजको श्रीवृद्धिका लागि आफ्ना बाङ्मयहरूमा मानवीयमूल्यको स्थापना, सामाजिक मानकहरूको स्थापना र मानवीय जीवनमूल्यको निरूपण गर्ने प्रयत्न गरेका छन् । भारतीय समाजको जागरण, विकास र श्रीवृद्धिका लागि मानवमूल्यको खोजी र संरक्षण गर्ने कविर स्वामी, गुरूनानक, कवि तुलसीदास, स्वामी विवेकानन्द, स्वामी रामकृष्ण परम्हंश, स्वामी अरविन्द घोष, रविन्द्रनाथ ठाकुर, महादेवी बर्मा, सुमित्रानन्दन पन्त, जयशंकर प्रसाद निराला र वर्तमानमा स्वामी महेशयोगी, शाहीबाबा, स्वामी रामदेव जस्ता सन्त, साधु, माहत्मा तथा साहित्यकारहरूको योगदान अपरिहार्य रहेको देखिन्छ । यसैगरी अठारौं शताब्दीमा

देखापरेको डा.जोन्सेनको उदार मानवीय नैतिकता उन्नाइसौं शताब्दीमा कार्लाइलको उदात्त तथा भावुक नीतिवाद, म्याथ्यु अर्नोल्डको मानवीय नीतिवाद, टाल्स्टायको धार्मिक नीतिवाद तथा आर्ष मानवताबाद र रस्कीनको उग्र नीतिवादले पनि मानवमूल्यको खोजी गर्न सहयोग पुऱ्याएको देखिन्छ । मानवलाई समाजको पूर्ण सदस्य बनाउन, समाजका सबैखाले विकृति र विसङ्गतिहरूको अन्त्यगरी समतामूलक उच्च, आदर्श तथा नैतिकवान समाजको निर्माण गर्न र समग्र मानव व्यक्तित्वको पूनर्निमाण गरी समाजलाई सबैखाले बन्धन र दुराग्रहबाट मुक्त गर्न चाहने युरोप तर्फका क्रिष्टोफर कड्वेल, जर्जलुकाज, राल्फ फक्स, सोभियत रूसका म्याक्सिम गोर्की, प्लेखानोभ, चास्की, हर्जन, दोब्रोह्युवोव चीनतर्फका चूक्याङ्ग, चउयाङ्ग, याओ, युआन र प्राध्यापक चिङ्ग चाओ याङ्ग तथा नेपालतर्फका लक्ष्मीप्रसाद देवकोटा, युद्ध प्रसाद मिश्र, गोकुल जोशी, गोपाल प्रसाद रिमाल, भूपि शेरचन, मोदनाथ प्रश्रित, केवलपुरे किसान, कृष्णशेन इच्छुक आदि जस्ता अनेक नाम उल्लेखनीय रहेका पाइन्छन् । इतिहासका सबै कालखण्डहरूमा सबै युग र सबै ठाउँमा मानवले मानवको रक्षा गर्न, सहयोग गर्न, समवेदना प्रस्तुत गर्न, प्रेम गर्न, दया गर्न र समतामूलक दृष्टिद्वारा कल्याणकारी कार्य गर्न सामाजिक उच्च आदर्श नियमहरूको निर्माण गरेको हुन्छ । त्यही आदर्श नियमको परिपालनाद्वारा समाजको कालक्रमिक विकास श्रृङ्खला अघि बढ्दै आएको देखिन्छ । यसै सामाजिक इतिहासको श्रृङ्खलामा देखिन आएको मानवता विरोधी पूँजीवादी, साम्राज्यवादी, चिन्तनले व्यक्तिवादी आर्थिक नीतिको प्रलोभनद्धारा विश्वमानव समूदायलाई धुमिल तथा भ्रमित तुल्याइदिएपछि संसारबाट मानवमूल्यको स्थिति कमजोर हुँदै आएको देखिन्छ । त्यसैकारण प्रगतिवादी साहित्यले पूँजीवादी विश्व साम्राज्यवादलाई मानवता विरोधी जङ्गली पाशविक नीतिको संवाहक ठान्दछ र समाजवादी वा साम्यवादीहरूको मूल यात्रा नै मानवताको खोजी एवम् मानवमूल्यको स्थापना हो भन्ने मान्दछ । त्यसैले प्रगतिवादी कवितामा मानव जीवनका घात, प्रतिघात र आघातहरुको कारुणिक चित्र पाइन्छ । समाजमा घात प्रतिघातको सिर्जना पूँजीवादी, व्यक्तिवादी चिन्तनको उपज हो । मार्क्सवादको मूल मर्मलाई नै आफ्नो मार्गदर्शक ठान्ने प्रगतिवादले व्यक्तिवादी अर्थव्यवस्था, पितृसत्तात्मक समाज र

साम्राज्यवादी सोचका कारण नै वर्तमान विश्वबाट मानवको अस्तित्व वा मूल्यह्रास हुँदै गएको हो भन्ने ठान्दछ ।

## ५.९ मानवीयमूल्य सम्बन्धी आर्थिक मान्यता

समाजका विकासको लागि आर्थिक स्थितिलाई मेरूदण्डका रूपमा लिइएको पाइन्छ । एउटा समाजमा विभिन्न आर्थिक स्तर भएका मानिसहरूको बसोबास हुन्छ । जसले गर्दा समुदायका मानिसहरूबीच वर्ग द्वन्द्व हुने गर्दछ । समाजमा धनी र गरीबहरूकाबीच सीमारेखा कोरिएर जान्छन् । आर्थिकस्तर कमजोर भएका व्यक्तिले आफ्नो दैनिक, आवश्यकता जुटाउन दिनरात मेहनत गर्नुपर्दछ । आफ्नो श्रम पसिनाबाट आर्जेको कमाइले उसको परिवार चल्न धौ धौ पर्छ । समाजका पूँजीपति वर्गले श्रमजीवि वर्ग प्रति गरेको अमानवीय व्यवहार र श्रमजीवी सर्वहारा वर्गले पूँजीपति वर्गलाई हेर्ने दृष्टिकोणबाट नै द्वन्द्ववादी वर्गीयताको जन्म हुन पुगेको देखिन्छ । धनवानले गरीबलाई मूल्यहीन वस्तुका रूपमा र अस्तित्वहीन मानवका रूपमा हेर्ने गर्दछ भने सर्वाहारा वर्गले धनवानलाई सामन्त, वा जनताका पसिनाको कमाइबाट बाँच्ने परजीवी ठान्दछन् । यस्तो अवधारणाबाट दुवैथरीको मूल्यमा ह्रास भएको अनुभूत गर्न सकिन्छ । कुनै एउटा वस्तुको निश्चित मात्रा अर्को वस्तुको निश्चित मात्रासँग कुन अनुपातले विनिमित हुन्छ त्यसकै आधारमा मूल्य निर्धारण गरिन्छ । अर्थात वस्तुको मूल्य त्यतिनै हुन्छ जति त्यसले आफ्नो बदलामा प्राप्त गर्न सक्छ । कुनैपनि वस्तुको उपयोगिताले आफ्नो उपयोग मूल्य निर्धारण गर्दछ । कुनै पनि वस्तुको उत्पादन केवल लाभका लागि मात्र गरिनु नै पूँजीवादको उद्देश्य हो । मुनाफा आर्जनका लागि उत्पादनका साधन (मिल मसिन+औजार कारखाना) भएका पूँजीपति वर्ग र केवल आफ्नो श्रम पसिना तथा सीप बेचेर जीविका चलाउने श्रमिक वर्गको संयुक्त प्रयत्नबाट उत्पादन गरिएका वस्तुको आ-आफ्नो मूल्य निर्धारण गरिएझैं समाजका सबै तत्व, वर्ग, लिङ्ग, जाति, पेसा, धर्म, संस्कार, सँस्कृति मान्ने व्यक्तिहरूका जीवनको आ-आफ्नै मूल्य हुन्छ । श्रमको सही मूल्य नदिने पूँजीपति वर्ग र सही उत्पादन

नदिने श्रमिक वर्ग दुबैको मूल्यमा ह्रासोन्मुखताको अवस्था पाइन्छ ।

वस्तुको उत्पादनसँगै मूल्य पैदा हुने हो । वस्तुको गुणस्तर थाहापाउन, उसको मूल्य थाहा पाउनुपर्छ मूल्यका पनि दुई रूप मानिन्छन् । एउटा उपयोगिता मूल्य र अर्को विनिमय मूल्य हो । मानव जीवन यस संसारका लागि कति उपयोगि छ । नागरिकहरूको जीवन राष्ट्रका लागि कति उपयोगी छ । समाजका प्रत्येक व्यक्तिहरूको जीवन त्यस समाज र समूदायका लागि कति उपयोगी छ । त्यसकै आधारमा मूल्य निर्धारण गरिएको हुन्छ । कुनैपनि मानवसँग भएका मानवीय गुणहरूले त्यो समाज, समुदाय र राष्ट्रलाई कस्तो प्रतिफल प्रदान गरेको छ । त्यसैबाट मानवको उपयोगिता मूल्य निर्धारण हुन्छ । श्रमिकहरूको श्रम एउटा वस्तु मानि त्यसको सही मूल्य चुक्ताहुनु चाहिँ विनिमय मूल्य हो । अर्थशास्त्रको मूल्य सिद्धान्त अनुसार मानवीयमूल्यको खोज गर्दा भौतिक जीवन जगत र वस्तु पदार्थ जस्तो मानवीयता मानवीयव्यवहार र मानवजीवन पद्धतिको समतुल्य योगलाई मानव व्यवहारको सामाजिक मापदण्ड अनुसार मापन गराइ मूल्य निर्धारण गर्नुपर्ने देखिन्छ ।

ज्यामितीय उदाहरणबाट के कुरा स्पष्ट हुन्छ भने सरल रेखाका आकृतिको क्षेत्रफल हिसाब गर्न रेखालाई त्रिकोणमा रूपान्तरित गर्नुपर्छ । त्रिकोणका क्षेत्रफललाई एउटा यस्तो सूत्रद्वारा देखाइन्छ की जुन उसको देखिने आकृतिभन्दा फरक हुन्छ अर्थात् त्यसको क्षेत्रफल आधार र उचाईका गुणनफलको आधामात्र हुन्छ । यसैगरी मानव मूल्यलाई पनि व्यक्ता-व्यक्त प्रतिकारात्मक वस्तुद्वारा अभिव्यक्त गरिएको हुन्छ । जुन कुराले मानवमा मौजुदा सबै कुराको बोध गराउन सकोस् वा थोरै मात्राले सिङ्गो मानवीयमूल्यको प्रतिनिधित्व गर्न सकोस् । जुन वस्तु (गुण) सामान्यतया सबैमा मौजुदा हुन्छ । त्यसले ज्यामितीय, रासायनिक वा प्राकृतिक जस्ता विशिष्ट गुणहरूमा खासै प्रभाव ल्याउन सक्दैन यस्ता मानवीय गुणहरू केवल त्यही हदसम्म मात्र विशिष्ट मानिन्छन् जुनबेला सम्म सामूहिक वा मानवीय उपयोगीता माथि उसको प्रभाव रहिरहन्छ ।

उच्च, सम्भ्रान्त वा पूँजीपति वर्गका दृष्टिमा गरीब, अतिविपन्न वा सर्वाहारावर्गका जीवनको कुनै मूल्य नभएपनि उनीहरूका उपयोगिताको मूल्यचाहिँ रहेको हुन्छ । त्यस्तो उपयोगितावादी मूल्यमात्र पैदा हुनुले समग्र मानव जीवनको मूल्यलाई ह्रासोन्मुखता तर्फ

प्रवाहित गर्दछ । समाजमा विद्यमान, वर्गभेद, जातिभेद र लिङ्गभेदका कारण जुन असमान सामाजिक पर्यावरणको सिर्जना भएको छ त्यसैबाट सामाजिक कलह, वैमनस्यता, राग, द्वेश, ईर्ष्या, वर्गद्वन्द्व र युद्धको स्थिति सिर्जना भएर आएको देखिन्छ । समाजमा सबैले सबैका अस्तित्वको, उपयोगिताको र प्रगतिको पक्षमा सहयोग पुऱ्याउनु पर्छ । संसारमा कुनै चीज कसैका लागि पनि उपयोगी छैन भने त्यसको कुनै मूल्य पनि छैन । हरेक जीवनको केही न केही मूल्य हुन्छ किनकी त्यो कहीं न कहीं उपयोगी हुन्छ । यदि कुनै वस्तु व्यर्थ छ भने त्यसमा लागेको श्रमपनि व्यर्थ हुन्छ । त्यस्तो निरर्थक जिन्दगीहरूबाट कुनै मूल्य पैदा हुन सक्दैन ।

मानव जीवनलाई निरर्थक बनाउने मूल तत्व के हो भन्ने सन्दर्भमा कौटिल्यको के विचार पाइन्छ भने मानवजीवनलाई अशिक्षा, जीवनमूल्य प्रतिको अज्ञानता, राजनीतिक अस्थिरता, राष्ट्रिय अनुशासनहीनता, इर्ष्या, स्वार्थ, उद्योगहीनता, असामाजिकता र अकर्मण्यताले निरर्थक तुल्याउँछ [३२]। यस्ता निरर्थक जीवको समाजमा खासै मूल्य रहँदैन । प्लेटोको मतमा मानव जातिको समग्र विकासमा सामाजिक, आर्थिक र साँस्कृतिक मूल्य मान्यताको अहंम् भूमिका रहेको देखिन्छ । मानवका सामाजिक मूल्यहरू समाज प्रदत्त हुन्छन् भने साँस्कृतिक मूल्यहरू चाहिँ ऐतिहासिक मानव विकासको क्रमिक श्रृङ्खला सँग जोडिएका हुन्छन् । राज्यको  आर्थिक कानून, परम्परा र पद्धतिका आधारमा युगीन अर्थव्यवस्था अडिएको हुन्छ । जो सँग पर्याप्त धन, दौलत र पैसा छ उसको समाजमा प्रतिष्ठा रहेको देखिन्छ । पूँजीवादी समाज र समाजवादी समाजमा रहेको मानवमूल्यसम्बन्धी मान्यतामा यसै विन्दुमा आएर द्वन्द्व रहेको पाइन्छ । पूँजीवादी समाजले

यस्यास्ति वित्तं स नरः कुलीन
स पण्डितः स श्रुतिवन गुणज्ञः
स एव वक्ता स-च दर्शनीय
सर्वेगुणाः काञ्चनमाश्रयन्ति [३३]।

जो सँग धन छ त्यही कुलीन हो । पण्डित हो । विद्वान हो । वक्ता हो । दर्शनीय हो ।

---

३२ **कौटिल्यको अर्थशास्त्र**, अरुणोदय प्रकाशन, इन्दौर, सन् १९५१, पृष्ठ ९
३३ **भर्तृहरि नीतिशतक**, चौखम्बा प्रकाशन, वाराणसी, सन् १९४५, पृष्ठ २१

लायक हो, सुन्दर हो । यी सबैगुण धन मै अडेका हुन्छन् भन्ने व्याख्या गरेर धनको महिमालाई माथि उठाएका छन् भने समाजवादीहरूले

सर्वे भवन्तु शुखिनः सर्वे सन्तु निरामयः

सर्बे भद्राणी पष्यन्तुमा काश्चित दुःखभाग जन (शुक्तिसुधा आदर्श वाक्य)

भन्ने उच्च आदर्श मान्यतालाई स्वीकार गरेका छन् । यसैगरी धन सम्पत्ति नभएमा आफ्ना बन्धु बान्धव, इष्टमित्र र कुल कुटुम्वहरूले पनि अवहेलना गर्ने, घृणा गर्ने र तिरस्कार गर्ने गर्दछन् । धनलाई सर्वोपरी ठान्ने सामाजिक प्रवृत्तिले मानवमूल्यको अर्थ निर्धारित रहेको हुन्छ भन्ने देखाएको पाइन्छ । जस्तै

वरं वनं व्याघ्रगजेन्द्र सेवितम्

द्रुमालयः पत्र फलाम्बु भोजनम्

तृणेषु शय्या शत्जीवर्ण वल्कलम् ।

नं बन्धुमध्ये धनहीन जीनवम् [३४]।

प्रस्तुत नीतिश्लोकमा धनहीन भएर समाजमा आफन्तहरूको बीच जिउनुको पीडा उजागर भएर आएको देखिन्छ ।

मानव जीवनको अस्तित्वलाई धनसँग तुलना गर्ने धन सम्पत्ति र वैभवलाई महान ठानी त्यसकै पछि लाग्ने मूल प्रवृत्तिले समाजमा शोषण, अन्याय, अत्याचार, घुसखोरी र भ्रष्टाचारको जन्म गराएको देखिन्छ । भद्र, इमान्दार, सज्जन, गुणवान, विद्वान, विवेकशील कर्तव्यपरायण र शुद्ध आचरण भएका लगनशील मानिसको सामाजिक मर्यादा भन्दा चोरी, तस्करी, कालाबजारी, हत्या र लुटपाटबाट सम्पत्ति आर्जन गरेका व्यक्तिको मान मर्यादालाई माथि देख्ने र सामाजिक मान, प्रतिष्ठा प्रदान गर्ने प्रवृत्तिले मानवीयमूल्यलाई ठूलो सङ्कटमा पारेको देखिन्छ ।

## ५.१० जैविक दृष्टिमा मानवीय मूल्य

वर्तमान युग र युग चेतनामा आएको परिवर्तनका कारण मानव जीवनको मूल्य

---

**३४ चाणक्य नीति** दशौं अध्यायको १२ औं श्लोक

हालैका दशकहरूमा आएर एउटा गम्भीर प्रश्नको रूपमा खडा भएको छ । मानव जीवनको संरक्षण गर्ने सन्दर्भमा विज्ञानको उत्कर्ष तथा चिकित्सा विज्ञानको उन्नतिले मानव जातिको उत्पत्ति स्रोतलाई निर्ममतापूर्वक नष्ट गर्न सहयोग पुऱ्याएको देखिन्छ । यसको सम्बन्ध बहुआयामिक जैविक अथवा मानव उत्पत्तिको सुरूवाती अवस्थासँग जोडिएको छ । मानवमूल्य खासगरी मानवको जैविक जातीय र न्यायिक हकसँग जोडिएको एउटा महत्वपूर्ण र गम्भीर प्रश्न पनि हो । मैले यो शोधकार्यको सुरूवातलाई एउटा चुनौतीको रूपमा लिएको छु । किनकी यो एउटा जीवन जगतको समग्रताबाट मात्र प्राप्त गर्न सकिने मानवीय अस्तित्वको सवालसँग गाँसिएको प्रश्न हो । हामी आज यस्तो बहुआयामिक बहुलवादी समाजमा बस्छौ जहाँ एक मात्र विचार वा सिद्धान्तले समाजलाई डोहोऱ्याईरहेको छैन । त्यसैले मानवीयमूल्य के हो भन्ने प्रश्नको जवाफमा भिन्नमत मात्र नभई विपरीत अर्थ लाग्ने वैचारिक विविधता पनि पाउन सकिन्छ ।

मानवमूल्य भन्नु नै यति गुढ विषय हो कि जसलाई बुझ्न, विश्लेषण र मूल्याङ्कन गर्न अन्तर्दृष्टिको आवश्यकता पर्दछ । यो विषय मानव उत्पत्ति, विकास, शारीरिक अवस्था, चेतनाको विकास, सामाजिक वातावरण, आर्थिक स्थिति, प्राकृतिक प्रभाव, जातीय र साँस्कृतिक प्रभावबाट सिर्जित उच्चतर मानव चेतनाको विकास, सामाजिक वातावरण, आर्थिक स्थिति, प्राकृतिक प्रभाव, जातीय र साँस्कृतिक प्रभावबाट सिर्जित उच्चतर मानव चेतनाको सम्बन्धसँग एकाकार हुँदा आफैंमा यति वृहद बन्न पुगेको छ कि यहाँ मानव जीवनको सुरू, उत्कर्ष र अवसान सम्मका सबै प्रश्नहरू र तिनका सकरात्मक तथा नकरात्मक उत्तरहरू समुहगत भएर आउँदा विमतिका अनेक विन्दुहरू देखिन सक्दछन् । वर्तमान युगमा आएर मानव जीवनको अर्थ र अस्तित्वको सवालसँगै मानव अधिकारको प्रश्न विश्वभरी नै बुलन्द भइरहेको अवस्थामा जुन व्यापकताका साथ गर्भ पतनको अभियानलाई अघि बढाइएको छ र महिला प्रजननको अधिकारलाई हनन गरिएको छ । त्यसबाट समग्र मानवको जैविक सम्बन्ध माथि नै कुठाराघात भएको देखिन्छ । समाज र राष्ट्रिय कानूनबाट सम्बन्धन प्राप्त गर्भपतनको मान्यताले मानवमूल्य माथि बढ्दो आक्रमणका सम्भावनाको ढोका खोलिदिएको छ । यसले अझ अपराधलाई बढावा दिन

नयाँ सँस्कृतिको विकास गर्ने सम्भावना प्रवल भएर आएको देखिन्छ । यसले मानव जीवनलाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउनुको बदला आपराधिक चरित्रको व्यापकतामा सहयोग पुऱ्याउने र अनेक जैविक विविधतामा तुषारापात गर्ने हुँदा मानव जीवनको भविष्य चिन्ताजनक रहेको देखिन्छ । सूक्ष्मःअव्यक्त समाजद्वारा स्वीकृत तर भयङ्कर मानवप्रतिको आक्रमणले अनेक मौन चित्कारका स्वरहरूलाई गुञ्जायमान गरी रहेको छ । अनेक प्रकारका जैविक तथा रासायनिक औषधिबाट मानव अस्तित्वको विनाश गराउँदा संसारका कुनै मानव अधिकारवादीहरू बोल्न सकेका छैनन् । यो मानव भ्रुणसँग सम्बन्धित कुरा हो र यो मानव अधिकार र मूल्यको प्रश्न पनि हो । यस प्रश्नको उत्तरमा, मानव प्रजननको पहिलो चरणमा आउने मानव भ्रुणको अवस्थालाई मान्छे हो भन्ने कुरामा मतभेद पाइन्छ ।

भ्रुणले प्रारम्भिक चरण (Pre-empryo Stage) पार गरेपछि दोस्रो, तेस्रो चरणमा आइपुग्दा त्यसका अस्तित्वको प्रश्न सँग सँगै विकास भएर आउँछ । वास्तवमा भन्ने हो भने जैविक विज्ञान र कुनै कानूनी दस्तावेजहरूलाई मानव भ्रुणको विनास अर्थात गर्भपतनको कुरा गर्ने कुनै अधिकार छैन । जबसम्म गर्भासयमा भ्रुणको आरोपण गरिँदैन तबसम्म साँचो अर्थमा गर्भाधारण भएको मानिँदैन । त्यसैले मानव भ्रुणको प्रारम्भिक चरणलाई मानवकै रूपमा हेर्ने वा नहेर्ने भन्ने प्रश्न पनि ठूलै चुनौतिको रूपमा खडा भएको छ ।

भ्रुणको अस्तित्व हुन्छ, त्यो नै मानवको प्रथम अस्तित्व हो भन्नेहरू र चेतनाको मात्र अस्तित्व हुन्छ । भ्रुणको कुनै स्वतन्त्र अस्तित्व हुँदैन भन्नेहरूका बीच युगौं देखि द्वन्द्व चलिआएको देखिन्छ । जीवन विज्ञानका अनुसार मानव बन्नका लागि भ्रुणमा केवल जैविक स्वतन्त्रतामात्र भएर पुग्दैन । त्यसमा त सबै प्रकारका शारीरिक, मानसिक र आत्मिक सम्बन्धको योग हुनुपर्छ । यसबाहेक रक्तसञ्चार, स्वासप्रश्वास, प्रजनन, स्नायु, पाचन जस्ता प्रणालीहरूको उचित कार्यविधि योग हुनुपर्छ । गर्भ सुरक्षित हुनुपर्दछ अनिमात्र स्वस्थ्य बालक (मानव) को जन्म हुन सक्छ । समसामयिक मानव विज्ञानका अनुसार उपस्थापन पश्चातको (Blartula) अवस्था निर्माण भएपछि मानव भ्रुणको अस्तित्व कायम हुन सकेको मानिन्छ । त्यसपछि गर्भपतन गराउनु भनेको

मानव बीजको प्रत्यक्ष हत्या गर्नु हो । भन्ने मत पाइन्छ तसर्थ मानवले गर्भ पतनलाई कुनैपनि मूल्यमा स्वीकार गर्नु हुँदैन यो सर्वथा अस्वीकार्य हुनुपर्छ । विश्वको जनसंख्या वृद्धि र उत्पाद्य वस्तुको कमीका कारण संसारमा अकाल- भोकमरी तथा महामारी जस्ता अकल्पनीय एवम् त्रासदीय विभिसिकाहरू जन्मन सक्ने आशंकाले विश्व मानव समाजमा उब्जाएको अन्योलबाट मुक्त हुन सकिएला की भन्ने आसयले विश्वका प्रायः सबै राज्यहरूले गर्भपतनका लागि स्वीकृति प्रदान गरेको देखिन्छ तर मानवमूल्यका दृष्टिले चाहिं यस्तो स्वीकृति प्रदान गर्नु किमार्थ सान्दर्भिक होइन ।

मानव के हो र उ किन जन्मन्छ भन्ने सन्दर्भमा विभिन्न ज्ञान, विज्ञान, अध्यात्मवाद तथा भौतिकवादका आ-आफ्नै मान्यताहरू रहेका छन् । यसका सम्बन्धमा विभिन्न वाङ्मयहरू, नीति, दर्शन तथा आम मानवीय धारणाले एउटा प्रष्ट्र मान्यता ग्रहण गरेको पाइन्छ । संसारमा जो जन्मन्छ त्यो एउटा सामाजिक परिवेशको बन्धनमा बाँधिएको हुन्छ । उसका सामने समाजको संस्कार रीतिस्थिति, सामाजिक मान्यता, संस्कृति, देशको कानून, धर्म जस्ता अनेक बन्धनहरू निर्विकल्प रूपमा रहेका हुन्छन् । प्रकृति प्रदत्त मानव जीवनले यिनै सामाजिक, धार्मिक तथा साँस्कृतिक मान्यताभित्र रही जन्मदेखि मृत्यु पर्यन्त भौतिक संसारको उपयोग गर्दछ । यस्तो जीवन उपयोग गर्ने सन्दर्भमा जो इमान्दारी पूर्वक सत्य र भलाईसँग जोडिएर जान्छ उ जीवनमा मूल्यवान मानिन्छ । समग्र मानव जीवनको इतिहासलाई हेर्दा साँचो अर्थमा मानवमूल्य भन्नु नै मानव प्रति गरिने अजेय आशा र आस्थाको सिद्धान्त हो ।

प्रकृतिका अनमोल बरदानका रूपमा यस धरतीमा जन्म लिनु अगावै अङ्कुरित बीजलाई नष्ट गरी जीवनको मार्गलाई बाधित तुल्याउनुले मानवीय मूल्यमा ह्रास भएर आएको छ भन्ने विचार पोपजन द्वितीयले व्यक्त गरेका छन् ।

संसारका सबै भूत, प्राणीहरूले जन्म लिनका लागि गरिने सङ्घर्ष प्राकृतिक र जैविक नियमका अनुसार एक प्रवाहित धारा हो । जन्म पछि आफ्नो पुरूषार्थ वा सङ्घर्षद्वारा जीवन यापन गर्नु, र आफ्नो क्षमताद्वारा अस्तित्वको रक्षा गर्नु नै मूल्य रक्षा हो ।

सबै जीवजन्तुहरू प्रकृतिको नियमअनुसार जन्मन्छन् र मर्छन । बोट वृक्ष र बनस्पतिको

अवस्था पनि प्रकृतिको नियम अनुसार नै हुन्छ। जैविक नियम, पद्धति र सिद्धान्तका आधारमा प्रकृतिको अनुकूल वातावरण प्राप्त नभए कुनै प्राणी वा पदार्थको सृष्टि हुन सक्दैन भन्ने पाइन्छ। प्रकृतिले सृष्टि गरेका वस्तुहरूले प्रकृतिसँग सङ्घर्ष गर्दै आफ्नो जीवनयापन गरी रहेका देखिन्छन् । मानव संसार पनि प्रकृति प्रदत्त उपहार हो । यसले प्रकृतिसँग अनेक सङ्घर्ष गर्दा अनेक प्रकारका रत्नहरू प्राप्त गर्न सकेको छ । मानव विकासको क्रमिक श्रृङ्खलामा विकशित हुँदै आएका अनेक, कला, संस्कृति, सभ्यता, शिक्षा आदिबाट सचेत भएको मानव समाजले सदैव आफूलाई मर्यादित बनाउने हो भने समतामूलक समाजको सिर्जना गरी "सहना ववतु सहनौ भुनक्तु" को आदर्श सिद्धान्तलाई पालन गर्ने हो भने अङ्कुरमै बीज नष्ट गर्नुपर्ने कुनै अवस्था आउँदैन यो प्राकृतिक जैविक सिद्धान्त हो।

## ५.११ नयाँमूल्यको निर्माण

यो संसार परिवर्तनशील छ । परिवर्तनशील समय र समाजमा बाँच्न र आफ्नो अस्तित्व जोगाउनका लागि मानिसले उचित किसिमका मूल्यहरू निर्माण गरी व्यवहारमा ल्याउनुपर्छ। जुन युग र परिवेशमा जे कुराको आवश्यकता हुन्छ त्यहीबेला त्यस्ता कुराको निर्माण गरिनुपर्छ। एक देशीय तथा एक कालीन मानवीयमूल्य अर्को कालखण्डमा गएर सामाजिक जनजीवन भित्र प्रवेश गर्न नसक्दा मानव जीवनका लागि उपयोगी नबन्न सक्छ । त्यसैले हरेक युग र युग संवाहक समाजले प्रत्येक परिवर्तित अवस्थाको आवश्यकता परिपूर्ति गर्न चाहिने मानवीयमूल्यहरूको नवनिर्माण गर्दै जानुपर्छ । यसरी समाजद्वारा प्रतिपादन गरिएको मूल्यले समाजका प्रत्येक सदस्यलाई सामाजिक परिवेशभित्र रही मर्यादित जीवन जिउन सहयोग पुऱ्याउँछ । परिवर्तित युग र समाजका लागि मानवीयमूल्यहरू पनि परिवर्तित भइरहन्छन्। पुराना मूल्य मान्यताहरू जो जीवन जगतका लागि प्रयोगमा आउँदैनन् त्यस्ता आदर्श मान्यताहरू विस्थापित हुँदै जान्छन्।

सत्य पनि देश काल तथा परिवेश अनुसार परिवर्तनशील हुन्छ। सत्यलाई सँधैभरी अपरिवर्तनीय मान्ने हो भने मानव समाजका विकासको गति अवरूद्ध हुन पुग्छ। यसै सम्बन्धमा जेम्सले भनेका छन् । सत्यको कुनै पूर्ण, निश्चित एवम्.अन्तः सिद्धान्त छैन । यो सँधै सृजनाका

अवस्थामा रहिरहन्छ [३५]। जसरी सत्य परिवर्तनशील हुन्छ त्यसैगरी जीवनको उद्देश्य पनि गतिशील हुन्छ। कुनैपनि मनुष्यको जीवन सञ्चालन गर्न उसका लागि पूर्वनिर्धारित मूल्य हुँदैन। ऊ सामाजिक तथा युगीन परिवेशले निर्धारण गरेको मूल्य मान्यतामा आधारित भएर स्वयंम् आफ्नो मूल्य निर्माण तथा निर्धारण गरिरहेको हुन्छ। जीवनको प्रयोग तथा क्रिया-शीलताद्वारा व्यक्ति स्वयम् समाजमा नयाँ मूल्य एवम् आदर्श मान्यताको खोज गर्दै संस्थापित हुन पुग्छ। आफ्नो मूल्य आफैं स्थापित गरी सामाजिक प्रतिष्ठा आर्जन गर्न सक्छ।

त्यसरी स्वयंम् आर्जन गरिएको मूल्यमा व्यक्तिको क्रियाकलाप अनुसार आरोह अवरोहको स्थिति सिर्जना हुनसक्छ। व्यक्तिका क्रियाकलापले समाजमा उच्चतम विन्दु हासिल गरेको अवस्थामा मूल्यबृद्धि र अवरोहको अवस्थामा ह्रास हुने गर्छ। त्यसरी मूल्यमा ह्रास आउँदा उसको सामाजिक प्रतिष्ठामा पनि ह्रास आएको हुन्छ। समाजमा रहेको प्रत्येक व्यक्तिलाई उसको व्यवहार, विचार, विश्वास तथा गुण र प्रतिफलको आधारमा मापन गर्न सकिन्छ। वस्तु असल भएमात्र त्यो उपयोगी हुन्छ। आदर्श मानवीयमूल्य भनेको साश्वत् मानवीयमूल्य हो। यस्ता केही मूल्यहरू चिरस्थाई, साश्वत, तर परिवर्तनीय हुन्छन्। मानवीय जीवन जगतलाई सत्यको मार्गमा अभिप्रेरित गर्ने शास्वत तथा सार्वभौम नियममा आधारित हुन्छन्। यस्ता पूर्वनिर्धारित मूल्यहरूको निर्माण मानव सभ्यताको विकास सँगसँगै भएको हो। जो सामाजिक तथा आधुनिक रूपान्तरणबाट रूपान्तरित भएर पनि रूपान्तरित हुँदैन। ती मानिसका प्राकृतिक गुण जस्तै प्रेमगर्नु, रिसाउनु, भोकाउनु, निदाउनु, विचार गर्नु, आदि यी प्राकृतिक गुण वा स्वभावलाई समाजको संरचनाले, संस्कारले संस्कृतिले परम्पराले, धर्मले केही धेर थोर बनाएपनि पूर्ण रूपमा परिवर्तन गर्न चाहिँ सक्दैनन् तर समाजमा रहेका समाजद्धारा निर्धारण गरिएका सामाजिक प्रतिमान वा मानक वा आदर्श नियमहरू भने देश,काल, परिवेश र पात्र अनुसार भिन्न भिन्न हुन सक्दछ र परिवर्तनशील पनि हुन सक्छन्। समाजमा विद्यमान संस्कृति, रीतिरिवाज, परम्परा, चालचलन, भेषभूषा र भाषाभित्र रहेको जीवनशैलीले समाजमा जस्तो मूल्यबोध गराएको छ त्यो मूल्यबोध

---

**३५** जेम्स,**प्रयोजनवादका मूल सिद्धान्त,** (अनुवाद अशोक सिन्हा), भूषण प्रकाशन, इन्दौर, सन् १९७०, पृष्ठ ११६

युगानुकूल परिवर्तनबाट परिवर्तित भएर आउँदा भिन्न अवस्थामा आउँछ । समाज, धर्म, संस्कृति, सभ्यता र भाषा सबै परिवर्तनशील छन् । हिजो समाजमा जुन मान्यता थियो आज त्यो परिवर्तन भएको छ ।

जस्तै हिजो समाजमा सतीप्रथा उच्च आदर्श मूल्यभित्र पर्थ्यो भने आज त्यो अति निन्दनीय, आत्मघाती कार्य बन्न पुगेको छ । हिजो समाजमा बहुपति र बहुपत्नी प्रथा थियो, आज त्यसमा परिवर्तन भएर एकपति वा एकपत्नी प्रथा चलेको छ । चाडपर्व, रीतिरिवाजका सम्बन्धमा पनि हिजोको अवस्था आज छैन । जातजाति, छुवाछूत पनि हिजो जुन अवस्थामा थियो आज त्यस्तो छैन । धर्मका बारेमा जुन आडम्बरता र अन्धविश्वास थियो त्यो आज कम भएर गएको छ । पितृसत्तात्मक समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । यी ऐतिहासिक समाजका विकास क्रममा आएका परिवर्तनहरू हुन् । हिजोको भन्दा आजको समाजमा परिवर्तन आएको छ । सोच, चिन्तन, धारणा, जीवनशैली, बानी, संस्कार र शिक्षामा परिवर्तन आएको छ । यिनै धार्मिक, सामाजिक, साँस्कृतिक र राजनैतिक मानकहरूको निर्देशनबाट निर्देशित मानवमूल्य युग परिवर्तनको प्रवाहसँगै परिवर्तित हुँदै आएको देखिन्छ । मानव सभ्यताको प्रथम प्रभात देखि आजसम्मको मानव जगत्लाई हेर्दा इतिहासका अनेक काल, खण्डमा आएर मानवमूल्यमा परिवर्तन हुँदै आएको र नयाँ मूल्यको स्थापना हुँदै आएको देखिन्छ । यो समाज विकासका क्रमिक श्रृङ्खलामा आएको परिवर्तन हो यसले समाजको गतिलाई सँधै उच्च आदर्श र प्रगतिशीलता तर्फ उन्मुख गराउँदै ल्याएको देखिन्छ ।

## ५.१२ मानवीयमूल्यका ह्रासोन्मुख अवस्थाका कारणहरू

### *५.१२.१ प्राचीन दास प्रथा :*

मानवीयमूल्यका ह्रासोन्मुख अवस्थाको अध्ययन एवम् विश्लेषण गर्ने सन्दर्भमा प्राचीन मानवसभ्यता र सामाजिक रूपान्तरणको इतिहासलाई अध्ययन गर्नुपर्ने देखिन्छ । मानव जातिको अभ्युदय र विकास सँग सँगै मानवीय शोषण, दमन र उत्पीडनको इतिहास पनि जोडिँदै आएको देखिन्छ । प्राचीन साम्यवाद अर्थात पाषाण अथवा सिकारी युगको समाप्तिसँगै शुरू भएको कृषि तथा पशुपालन युगदेखि नै शोषण प्रथा, दास प्रथा र व्यक्तिगत सम्पत्ति आर्जन प्रथा

शुरू भएर आएको पाइन्छ। जब समाजमा व्यक्तिगत धन सम्पत्ति राख्ने प्रथाको शुरूवात भयो तब देखि नै मानव समाजबाट मानवीयताको ह्रास हुन थालेको देखिन्छ। धनसम्पत्तिको लागि मानवले मानवलाई मानवीय व्यवहार नगर्नुबाट नै मानवीयमूल्यको क्षयीकरण हुँदै आएको पाइन्छ।

मानवीयमूल्य क्षयीकरणको प्रथम आधार भनेको दास प्रथात्मक सामाजिक व्यवस्था हो । जङ्गली मानवमा गणराज्यको महत्वाकांक्षी विस्तारवादी प्रवृत्तिका कारण एक कविलाद्वारा अर्को कविला राज्यमाथि गरिएको आक्रमण र विजयबाट प्राप्त गरेको धन, माल, जग्गा, जमिन र सम्पत्तिबाट आफ्नो वैभव बढाउने र युद्धमा हारेका सिपाही तथा त्यस कविला गणमा रहेका युवा तथा वृद्ध वृद्धाहरूलाई मार्ने एवम् नारीहरूलाई भोग्य दासीका रूपमा लैजाने वर्वरतावादी युगबाट दासप्रथाको शुरूवात भएको देखिन्छ। दासप्रथा मानवीयमूल्य क्षीणताको उत्कर्ष अवस्था हो।

केही वलवान र शक्तिशाली कविला राज्यहरूले दुर्बल राज्यमाथि हमला गरी त्यहाँको सारा धनमाल कब्जा गर्ने र त्यहाँका सबै नर नारीहरूलाई दास दासी बनाई त्यहीका जग्गा जमिनहरूमा बिना पैसा काम गराई उत्पादन गर्ने र सो उत्पादन बिक्रि गरी आफू वैभवशाली हुने परम्परा रहँदै आएको देखिन्छ।

प्रागैतिहासिक कालमा विश्वका सबै मानव समुदायहरू एक आपसमा मिलेर, सामुदायिक आर्जन गरेर, सामूहिक जीवनयापन गर्दथे । उनीहरूको प्रमुख पेशा शिकार गर्नु थियो । युगको परिवर्तनसँगै कालान्तरमा आएर उनीहरूले खेतिवारी र पशुपालन गर्न शुरू गरे । यसका लागि उपयुक्त भूमिको खोजी गरियो। यसरी कृषियोग्य उर्वर भूमिको खोजी गर्ने क्रममा प्राचीन मानवहरूले अफ्रिकी महाद्वीपको उत्तरपूर्वमा पर्ने नील नदीको विशाल मैदानलाई भेट्टाए भने एसिया महाद्वीपमा सिन्धुनदीको मैदान, गंगानदीको मैदान र उत्तरमा ह्वाङ्हो नदीको मैदानलाई अन्न भण्डारको रूपमा प्राप्त गरेको देखिन्छ। यसरी पृथ्वीको अन्नभण्डार प्राप्त गरेका मानवहरूले व्यक्तिगत सम्पत्ति आर्जनको लालसामा मानवलाई दास दासी बनाएको अति अमानवीय दारूण कथा पनि यसैसँग जोडिएर आएको पाइन्छ। प्राचीन मिश्र (नील घाँटीको सभ्यता) लाई हेर्दा त्यहाँको भूमिलाई कृषियोग्य बनाउन हजारौं हजार वर्ष लागेको थाहा पाउन सकिन्छ। दलदल भूमिबाट पानी हटाउन, सुख्खा जमिनमा नहर बनाउन, नदीमा बाँध बाँध्न, पहाड फोरेर सडक, पुल, तथा ठुला-ठूला इमारतहरू बनाउन दासहरूको प्रयोग गरिन्थ्यो। प्राचीन मिश्रमा

भएको कृषि उत्पादनको विकासले मानव शोषणको जन्म गराएको देखिन्छ । मानवलाई शोषण गरी मूल्यहीन गर्नुको अर्थ हो उसका मेहनतको फल खोस्नु अर्थात अरूका श्रम पसिनाद्वारा उत्पादन गरिएको पैदावार (अनाज) कुनै न कुनै विधिबाट हडप गर्नु भनेको नै शोषण हो ।

सुरू-सुरूमा एक मानव कविलाले अर्को मानव कविलालाई युद्धमा पराजित गरेपछि सबैलाई मार्ने चलन थियो तर जब मानिसको मिहनेतले ठूलो प्रतिफल दिन थाल्यो तब युद्धमा समातिएका सिपाहीहरू तथा त्यस कविलाका अन्य सबैलाई दास बनाएर जिउँदो मूर्दाको नामले बोलाउन थालियो । दास बिहानदेखि साँझसम्म अविरल खेतमा काम गरिरहन्थ्यो । नहर खनी रहन्थ्यो । इमारतहरू बनाउन पहाडबाट ढुङ्गा बोकी रहन्थ्यो । ऊनीहरूसँग आफ्नो भन्नु केही हुँदैनथ्यो । उनीहरू आफ्ना मालिकका सम्पत्ति हुन्थे । आफ्नो मेहनतबाट उनीहरूले जे जति उत्पादन गर्थे त्यो सबै मालिकको हुन्थ्यो । उनीहरूलाई फगत खान दिइन्थ्यो जतिले उसको प्राण बाँचोस् । दासको स्वामीले दासलाई दण्ड दिन सक्थ्यो, बेच्न सक्थ्यो र मार्न सक्थ्यो । उनीहरू मालिकका धन थिए पशुभन्दा भिन्न थिएनन् । उनीहरूको समाजमा कुनै स्थान थिएन, मानव हुनुको अर्थ थिएन, अस्तित्व थिएन र कुनै मूल्य थिएन तर आर्थिक रूपान्तरणका लागि उनीहरूको भूमिका चाहिँ महत्वपूर्ण थियो । यही दास स्वामी प्रथाबाट चौथो सहस्राब्दी ईसापूर्वमा महा सामन्तलाई राजा बनाइयो र राज्यसत्ता कायम भएर आएको हो । राजासँग सेना, पुलिस, जल्लाद र जेल थियो मिश्रमा जोसेर, र उसका उत्तराधिकारीहरूले दासहरूको ठूलो श्रमद्वारा पिरामिडको निर्माण गराए । जसको ऊचाई १५० मिटर र गोलाई एक किलोमिटर रहेको छ । प्राचीन यूनानी इतिहासकार 'होरोडोटस'का अनुसार तत्कालीन राजा फिराउनले मिश्रका लाखौं किसान, तथा दासहरूलाई हाँकेर ल्याउँथे । एक पल्टमा एक लाख दास किसानहरूलाई काममा लगाइन्थ्यो । कसैलाई पहाडमा ढुंङ्गा फोड्न लगाइन्थ्यो । कसैलाई बोक्न, कसैलाई चिल्याउन र कसैलाई जोड्न । सरकारी कर्मचारीहरू डण्डा र कोर्राले हिर्काउँदै उनीहरूलाई दिनरात काम लगाउँथे ।

यसैगरी चीन साम्राज्यको इतिहासमा पनि दासहरूमाथि गरिएका अमानवीय व्यवहारको उल्लेख गरिएको पाइन्छ । ईसापूर्व तेस्रो शताब्दीमा चीन ठूलो महाशक्ति राष्ट्रका रूपमा स्थापित थियो । तत्कालीन चीनका प्रथम सम्राट 'चिन शिंह ह्वाङती' को शासन कालमा

दास तथा किसानहरूको निर्ममतापूर्वक शोषण गर्न थालियो । सारा जमिन अमीरहरूको हातमा लगियो । किसानहरूलाई केवल दासको हैसियत मात्र दिइयो । किसानहरूले आफ्नो मिहेनतबाट जो कमाई गर्दथे त्यो जमिन्दारहरूको कुत वा ठेक्का वा कर तिर्न सम्म पुग्दैनथ्यो । वर्षदिन कामगर्दा पनि किसानहरूको घर एक महिना पनि चल्न सक्ने अवस्था थिएन । किसानहरूले आफ्नो सारा जीवन मालिक, स्वामी, भू-पतिहरूको सेवामा बिताउनु पर्दथ्यो । आफ्ना छोरा छोरी र पत्नीलाई स्वामीको सेवामा नपठाए दैनिक पचास कोर्रा खानु पर्ने नियम बनाइएको थियो । दासहरूको अवस्था पनि झन् दर्दनाक कथाले भरिएको पाइयो । चीन सम्राटको खेतमा काम गर्ने ७० हजार दासहरू केवल खानाको भरमा काम गर्दथे । दोस्रो शताब्दी ईसापूर्वमा खानावदोस कविलाको विरूद्ध पठाइएका चीनी सेनाले त्यस कविलाका दुई लाख व्यक्तिलाई समातेर दास बनाएको देखिन्छ । जसले आफ्नो कर्जा तिर्न सकेन, ऊ पनि दास बन्यो, अकालको समयमा खान नपाउँदा स्वयम् सम्राटकहाँ बेचिएर दास बने । सामान्य अपराधमा पनि व्यक्तिलाई दास बनाइयो ।

चीनका सडकमा जन्जीरले बाँधेका जीर्णकन्थे जनवार कोर्रा लिएका शासकहरूद्वारा लखेटिएका दासहरू लस्करका लस्कर देखिन्थे । कहिले कहिले त दासहरूलाई हिंस्रक जनावारलाई जस्तो खोरमा बन्द गरिन्थ्यो ।

हूँण जातिको आक्रमणबाट बच्न चीनका प्रथम सम्राट“चिन् शिहं ह्वाङ्ती” ले चीनी सीमानाको रक्षार्थ एउटा पर्खालको निर्माण गर्ने घोषणा गरे । त्यस पर्खालको निर्माण चीनीयाँ दास सैनिक तथा कैदीहरूले गरेको पाइन्छ । त्यस पर्खालको लम्बाई चारहजार किलोमिटर उचाई १५ मिटर र चौडाई एकसाथ पाँच घोडसवार दौडन सक्ने रहेको देखिन्छ । यसलाई चीनको पर्खाल भनिन्छ चन्द्रमाबाट देखिने मानव निर्मित वस्तुमा यही एउटा चीनको पर्खाल मात्र हो भन्ने पाइन्छ । करौडौं दासहरूको क्रमिक निर्माण प्रक्रियाले यस पर्खालको निर्माण गर्न एकहजार पाँचसय वर्ष लागेको थियो भन्ने इतिहासमा उल्लेख गरेको पाइन्छ[३६]। यो पर्खाल निर्माणमा जुन दासहरूलाई खटाइयो उनीहरूलाई खान सम्म पनि दिइएन । केवल श्रम गराइयो मृत्युपछि फालियो । यस्तो मानवीयताको अवमूल्यन

---

३६ प्राचीन विश्वको इतिहासका परिचय,प्रगति प्रकाशन मास्को, सन् १९८६, पृष्ठ १०६

भएको अवस्था यस बाहेक संसारको इतिहासले कहीं कतै उल्लेख गरेको पाइँदैन ।

पूँजीवादको गर्भबाट जन्मेको दास प्रथाले सौह्रौं शताब्दीको अन्त्यसम्म आइपुग्दा अमेरिकामा हब्सी दासहरूको शोषण ज्यादै नै पाशविक रूपबाट गरेको देखिन्छ । प्राचीन होमरकालीन यूनानमा पनि दास वर्ग र दास स्वामीवर्ग बीच वर्गीय द्वन्द्व चल्दै आएको पाइन्छ । ईसापूर्व आठौं शताब्दी देखि ग्रिसमा दास प्रथात्मक राज्यव्यवस्था कायम भएको देखियो । ईसापूर्व पाँचौं शताब्दीमा एथेन्समा पूर्णदास प्रथाको विकास भएर आउँदा मानवीयमूल्यको ह्रास भएर आएको पाइन्छ । जस्तै यूनानी पारसीक युद्ध, धर्मापिलिको लडाई, सालमिसको लडाईमा समातिएका सबैलाई दास बनाइएको पाइयो । यूनानमा ईसापूर्व पाँचौं शताब्दीतिर दासको संख्या एकदम बढेर गएको देखिन्छ । अधिकांश युद्धबन्दीलाई दास बनाइन्थ्यो शत्रु देशमा समातिएका स्त्री, तथा बाल बच्चा सबैलाई दास बनाइन्थ्यो । जलदस्यु वा समुद्री डाकुहरूले समुद्रका नाउहरूबाट वा समुद्रतटका गाउँमा हमला गरी समातिएका व्यक्तिहरूलाई दासको रूपमा बेचिन्थ्यो । दासको बच्चा दास नै हुन्थ्यो र उ आमाका मालिकको सम्पत्ति मानिन्थ्यो । यूनानका प्राय सबै बजारहरूमा दासको हाट (बजार) लाग्ने गर्दथ्यो । त्यस हाटमा पशुहरूलाई झैं दासहरूको किनबेच गरिन्थ्यो । त्यहाँ मर्द दास, स्त्रीदास तथा बच्चादासका दर्जामा सबैको योग्यता कामको क्षमता जातिको पहिचान र मूल्य लेखिएको एउटा प्ले कार्ड उसका छातीमा टाँसिन्थ्यो । दास स्वामीहरूले दासको, शरीर, बल, फूर्तिलोपन, भार उठाउन सक्ने क्षमता, उमेर र जातिका आधारमा मोल लगाउने गर्दथे । सबैभन्दा ठूलो, भारवहन र जोखिमपूर्ण कार्यका लागि दासको प्रयोग गरिन्थ्यो । दासहरूलाई समग्र कृषि उत्पादन, उद्योग, सडक निर्माण र ठूला इमाातरहरूको निर्माणमा, प्रयोग गरिन्थ्यो ।

ईसापूर्व दोस्रो शताब्दीमा रोमका दास जीवनको इतिहास अत्यन्त कारूणिक रहेको पाइन्छ । तत्कालीन रोमका अभिजात्य वर्गले समग्र रोमन भूमिमाथि कब्जा जमाएको र त्यहाँको समग्र किसानहरूलाई दास बनाएको कुरा प्राचीन विश्व इतिहासले उल्लेख गरेको

पाइन्छ[३७]। तत्कालीन रोममा दासका स्वामीहरूले दासलाई बोल्ने जनवार वा अन्य कुनै लाले, तारे, काले, माले भनेझैं पशुका नामले बोलाउने गर्दथे । दासलाई आफ्नो नामसम्म पनि थाहा हुँदैनथ्यो । दास सबैभन्दा सस्तो माल भएकाले उसलाई कहीं कतैबाट कसैको स्नेह प्राप्त हुँदैनथ्यो । उनीहरू जन्म देखि मृत्युपर्यन्त आफ्ना स्वामीको काम गरिरहन्थे । उनीहरूलाई अपमान र घृणाको सूचक मानिन्थ्यो । दासको घाँटीमा फलामे पट्टा र कम्मरमा जंजीर बाँधिएको हुन्थ्यो भने अनुहारमा उसका स्वामीको नाम लेखिएको हुन्थ्यो । प्राचीन विश्वलाई हेर्दा रोममा जति धेरै दास अन्य कहीं देखिएनन् र रोममा जति दासहरूको निर्मम शोषण गरिएको अवस्था पनि अन्य कतै पाइएन ।

प्राचीन भारतीय इतिहासका अनुसार ईसापूर्व प्रथम शहस्राब्दी भन्दा अझ पूर्व देखि नै भारतीय उपमहाद्वीपमा दास प्रथात्मक व्यवस्था रहँदै आएको पाइन्छ । त्यसमा पनि खासगरी सिन्धु घाँटी तथा गंगा घाँटीको मानवीय सभ्यताले भारतीय दास प्रथात्मक व्यवस्थाको जन्म गराएको देखिन्छ । भारतीय दास प्रथात्मक शास्त्रीय मान्यता अनुसार दास वर्गलाई अभिजात्य वर्गको अधिनस्थ सेवक वा वस्तु वा पशुतुल्य धनका रूपमा लिइएको पाइन्छ । त्यसैले दासलाई दोपाय भन्ने गरिन्थ्यो । भारतीय सभ्यता र सँस्कृतिको आदर्श उत्कर्षताभित्र रहेको दासप्रथा मानवीयमूल्य हीनताको कालो तिलक हो । संसारका दासवर्गमाथि गर्ने निर्मम शोषण, क्रुर अमानवीय बर्बरताबाट भारतीय दासहरू पनि मुक्त रहन सकेका देखिँदैनन् । दासहरू जसरी प्राप्त हुन्थे त्यसै अनुसार उनीहरूको स्तर निर्धारण गरिन्थ्यो । प्राचीन भारतीय इतिहासमा तीन प्रकारका दासको उल्लेख गरिएको पाइन्छ । जस्तै जन्मदास, क्रीतदास र युद्धबन्दीदास । यसबाहेक कौटिल्यको अर्थशास्त्र अनुसार आजीवन दास र अस्थायी दासको समेत उल्लेख पाइन्छ । कौटिल्यले अभिजात्यबाट जन्मेको दासीको छोरो दास नहुने नियमको प्रतिपादन गरेको देखिन्छ ।

समाजको समग्र आर्थिक ढाँचामा अमानवीय दास प्रथाको उल्लेख्य भूमिका रहेको पाइन्छ । कृषि उत्पादनको क्षेत्रमा, शिल्प उद्योगको क्षेत्रमा, भारवहनको क्षेत्रमा, ठूला-ठूला इमारत, किल्ला, महल, निर्माणको क्षेत्रमा, नहर नदी नियन्त्रण र अन्य जोखिम पूर्ण

---

३७ प्राचीन विश्व इतिहासका परिचय, पूर्ववत्, पृष्ठ २१५

कार्यको क्षेत्रमा र गृहस्थी जीवनका सबै क्षेत्रमा (जस्तै -घरदास वा दासी, गृहदास वा दासी, गेहदास वा दासीका नामले) दास वर्गको प्रयोग गर्ने गरिएको देखिन्छ ।

यसरी हेर्दा संसारभरीका दास प्रथाको तुलनामा भारतीय उपमहाद्वीपमा रहेको दास प्रथा केहीहद सम्म नरम देखिन्छ । यसको उदाहरणमा राजा हरिश्चन्द्रले आफूले आफैंलाई बेच्नु श्रीमती दासीको रूपमा बेचिनु, आदिजस्ता घटनालाई लिन सकिन्छ । यसै अन्तर्गत नेपालमा पनि दास प्रथाको अवशेष रहँदै आएर वि.सं. १९७७ मा चन्द्रशमशेरका पालामा विधिवत् अन्त्य भए भ्रै भएपनि सामन्ती संस्कार र सम्भ्रान्त आचरणले गर्दा दास प्रथामा रूप परिवर्तन भई नयाँ तौर तरिका र पद्धति अनुसार दास प्रथाको अवशेष पश्चिम नेपालको "कमलरी" प्रथाबाट जिवित रहँदै आएको देखिन्छ ।

मानवले मानवको अर्थ र अस्तित्वलाई समाप्त गरी निर्मम शोषण गर्न जुन दास प्रथाको परम्परा शुरू गरायो त्यसैबाट मानवता, मानवअधिकार, मानव अस्तित्व र मानव हुनुको अर्थ समाप्त भएर आयो । यस्तो किन गरीयो त भन्ने प्रश्नको उत्तरमा मानिसमा भएको लोभ, ईर्ष्या, दम्भ, महत्वकांक्षी र क्रुरताको बीजबाट जन्मेको पूँजीवाद र त्यसले जन्माएको अमानवीय आर्थिक (पूँजी) सङ्कलनको संस्कारले शोषणको बीजारोपण गर्दा दास प्रथाको जन्म भएको हो । यो मानवीयमूल्यको सबैभन्दा क्षयोन्मूख अवस्था हो ।

### *५.१२.२ पितृसत्तात्मक समाज*

आदिम मानव समाजको इतिहासमा नारी जातिको भूमिका उल्लेखनीय रहेको पाइन्छ । प्राचीन युगमा मानिसहरू सामूहिक कार्यद्वारा जीवनयापन गर्दथे । समूहमा बस्नु सामूहिक प्रयत्नद्वारा खाद्य वस्तु आर्जन गर्नु, सँगै बस्नु, सँगै खानु, उनीहरूको जीवनचर्या थियो एक समूहको गणलाई कवीला मानिन्थ्यो । एक गणको एउटा चिन्न हुन्थ्यो त्यसलाई त्यही चिन्हद्वारा परिचय गराइन्थ्यो । गणका नाइकेहरूलाई माता वा महामाता मानी सम्मान गरिन्थ्यो । आमाको गण गोत्रद्वारा सबैलाई परिचय गराइन्थ्यो । युग सत्यको थियो अनुशासन, मर्यादा र सहयोग गर्ने भावना सबैको थियो आमाको सत्ता भएकाले त्यस समाजलाई मातृसत्तात्मक समाज मानिन्थ्यो । मातृसत्तात्मक समाजमा बाबु नचिनिने हुँदा जुन नारीको छोरा छोरी वा नाति नातिना हुन्थे ती सबै सँगसँगै बस्थे ती नारीकै साखा

सन्तान एउटा समूह वा गणमा बसी जीवन बिताउँथे । "सहना ववतु सहनौ भुनक्तु[३८]" को आदर्श मान्यता सबैले पालना गर्दथे । "समानी प्रपा सहवोन्नभाग[३९]" भन्ने सबैलाई सिकाइन्थ्यो । चोरेर खानु, अरूको भाग हरण गर्नु गणमा दण्डनीय कार्य ठानिन्थ्यो । त्यही शिकारी पाषण युगलाई प्राचीन साम्यवाद भनी मानव सभ्यताको इतिहासमा उल्लेख गरिएको पाइन्छ । युगको परिवर्तन सँगसँगै शिकारी युग जब कृषि युगमा परिवर्तन भएर आयो तब मानिसका महत्वकांक्षा धन आर्जन गर्ने लालसा तर्फ उन्मुख हुन थाल्यो । बलवानले निर्वललाई दबाउने, हेप्ने र शोषण गर्ने प्रचलन शुरू भएर आयो ।

एक कवीलाले अर्को कवीलाबीच आक्रमण गर्ने र जितिएका गणबाट सुन्दरी, युवतीहरू ल्याई व्यक्तिगत भोग गर्ने संस्कारको विकास भएर आयो । त्यसरी ल्याइएका नारीहरूलाई गण नाइका बनाउन इन्कार गरिएबाट मातृसत्ता दुर्बल हुँदै आयो र सामूहिक विवाह, पुस्ता विवाह, युग्म विवाह हुँदै एकनिष्ट विवाहको युगसम्म आइपुग्दा मातृसत्ता पुरै समाप्त भएर पितृसत्ता शुरू भएको कुरा मानव इतिहासमा उल्लेख गरिएको पाइन्छ[४०]।

मातृसत्तात्मक व्यवस्थाबाट विस्तारै विस्तारै पितृसत्तात्मक व्यवस्थातर्फ समाज प्रवाहित हुँदै आएपछि पुरूषवर्गले नारीवर्गमाथि गरिएको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनबाट मानवीयमूल्यको पूर्णतया ह्रास भएर आएको पाइन्छ । नारीहरूको सत्ता खोसेर आफ्नो सत्ता जमाएका पुरूषहरूले आफ्नो पुरूषत्वको सान देखाउँदै नारीहरूलाई पूर्णतया गृहदासीको रूपमा र भोग्य वस्तुका रूपमा वा सजावट सामाग्रीका रूपमा वा निजी वस्तुका रूपमा जहिले जहाँ जसरी प्रयोग गर्दै ल्यायो त्यसैबाट नारीहरु केवल भोग्य वस्तु भए । उनीहरुलाई व्यक्तिगत उपयोग मूल्यका रुपमा मात्र हेरिन थालियो । बजारमा लगि बिक्रि गर्ने बस्तुका रूपमा हेरिन थालियो । नारीलाई विलासिताको वस्तुका रूपमा नर्तकी बनाइयो । नगरबधु बनाइयो (वेश्या) कसैलाई गृहदासीका रूपमा जीवनभर घरको चौ किल्ला भित्र कैद गरियो । सबै धर्म संस्कार, संस्कृति, नीति, नियम र कानून पुरूषसत्ता अनुकूल तयार गरिए । नारीहरूलाई नागरिक अधिकार, सम्पत्ति सम्बन्धी

---

**३८** ऋग्वेद
**३९ अथर्ववेद ५/१२/६**
**४०** ग्री.ग्री कोतोब्स्की **प्राचीन मानव सभ्यताको इतिहास** प्रगति प्रकाशन मास्को, सन् १९७१, पृष्ठ २२४

अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकार आदि सबैबाट बञ्चित गरियो । नारीहरूका व्यक्तिगत जीवनको कुनै अर्थ अस्तित्व र मूल्य रहेन । एउटा बिक्रि गरिने, दान दिइने, सेवा गराइने, जहाँ, जहिले, जसरी उपभोग गर्न सकिने वस्तुका रूपमा मात्र नारीहरूको अर्थ र अस्तित्व कायम गरियो । पुरूष सत्ता अनुकूल बहुपत्नी प्रथा, सतीप्रथा, विधवाप्रथा, दासीप्रथा, नगरवधुप्रथा, देउकी प्रथा, कुमारी प्रथा, वालविवाह प्रथा, जस्ता अनेक प्रथा रीति र चलनहरूको सुरूवात गरी पुरूषवर्गले महिलाको शारीरीक, मानसिक र आर्थिक शोषण गरी मानवीयताको पूर्णतया उपहास गरेको देखिन्छ । मानव हुनुमा नारी पुरूष दुबैको सह-अस्तित्वलाई अनिवार्य मानिन्छ तर पुरूष सत्ताले नारीको अस्तित्वलाई स्वीकार गरेको पाइँदैन । त्यसमा पनि पूँजीवादी मुलुकहरूमा त वर्तमान अवस्थासम्म आइपुग्दा पनि नारीको सहअस्तित्वलाई स्वीकार गरेको देखिँदैन । धार्मिक रूढीवादीता र अन्धविश्वासका कारण पनि नारीहरूमाथि पुरूषको दमन चक्र चलि आएको देखिन्छ । मुस्लिम नारीहरूले मानव विकासको प्रांरम्भदेखी एक्काइसौं शताब्दीसम्म आइपुग्दा पनि पर्दा र बुर्का बाहिर आफ्नो अनुहार देखाउन सकेका छैनन् । शैक्षिक, धार्मिक, राजनैतिक, सामाजिक होस् वा साँस्कृतिक सबै क्षेत्रमा नारीहरूलाई नियम बनाएरै कानूनी रूपमै देहव्यापार वा वेश्यावृत्तिमा संलग्न हुन बाध्य तुल्याइएको छ । पूँजीवादी युगमा आएर पूँजीगत सम्बन्धको विकासले गर्दा नारी पुरूषबीच झन आत्मिक सम्बन्धको ह्रास हुन पुगेको देखिन्छ । सम्पूर्ण रूपले शिक्षा दीक्षा र चेतना अभिवृद्धि हुने सबैखाले क्रियाकलापबाट नारीलाई बञ्चित गरिंदा मानव विकासका इतिहासको श्रृङ्खला एकल वा एकपक्षीय बन्न पुगेको देखिन्छ । यस्तो पितृसत्तात्मक समाजबाट सिर्जित सामाजिक चैतन्यले नारीवर्गको शोषण कसरी, कहाँ र कुन अवस्थाबाट गरेको छ भन्ने छुट्याउन समेत सामर्थ्य राखेको पाइँदैन । त्यसैले महिला मुक्तिका लागि भएका अनेक राष्ट्रिय वा अन्तर्राष्ट्रिय आन्दोलनहरू बिना अर्थ बिना उपलब्धी शिथिल भएको देखिन्छ ।

पितृसत्ताद्वारा गरिएको नारी अस्मिता र अस्तित्वको बलात् अपहरणले मानवीयमूल्य मान्यता र युग जीवनको सार्थकता माथि एउटा प्रश्न खडा गरिदिएको छ । यही प्रश्नको सेरोफेरो भित्र रही नारी, स्वाधीनता, स्वतन्त्रता, आत्मनिर्भरता, सामाजिक मुक्ति,

साँस्कृतिक मुक्ति र आर्थिक समानताको बदला नारीमाथि जुन अपमान तिरस्कार, अवहेलना गरिएको छ त्यसकै आधारमा मानवीयमूल्यको पूर्णतया ह्रास हुन पुगेको देखिन्छ ।

### *५.१२.३ सामन्तवाद तथा पूँजीवाद*

पश्चिमी युरोपमा सामन्तवादको उत्पत्ति एकातर्फ रोमको दास प्रथात्मक समाजको पतनबाट भएको हो भने अर्कोतर्फ रोम विजेताहरूको वैभवपूर्ण रहनसहनमा आएको ह्रासको आधारभूमिबाट भएको हो । पाँचौं शताब्दीको अन्त्यमा रोम साम्राज्यको पतन र रोम विजेताहरूद्धारा गरिएको सम्पूर्ण उत्पादनशील भूमि कब्जाबाट त्यहाँका समग्र किसानहरूलाई भूमिहीन बनाइयो । शुरूमा कब्जा गरिएको जग्गालाई जनसम्पत्ति बनाइयो तर चाँडै उनीहरूले त्यो भूमिलाई आफ्नो निजी स्वामित्वमा हत्याउन सफल भए । यसैबाट राजतन्त्रात्मक सत्ताको प्रार्दुभाव भएर आएको देखिन्छ [४१]।

सामन्तवादी व्यवस्था भूमिपतिहरूद्वारा किसानको शोषणमा आधारित व्यवस्था हो । जसअन्तर्गत भूमिपतिहरूले किसानहरूका श्रमको उपज हत्याउने दुईवटा मूख्य आधार बनाइएको देखिन्छ । ती हुन झारा प्रथा र कुत प्रथा यी दुबै प्रथामा किसानहरूले मालिकका खेतमा दिनरात काम गर्नुपर्ने र आफूले उब्जाएको अन्नबालीबाट प्रायः सबैजसो मालिकलाई बुझाएर आफू दास सरह जीवन बिताउनु पर्ने बाध्यकारी अवस्थाको सिर्जना गरियो । यस्ता परिवेशको सिर्जना गर्ने सामन्तवादी प्रवृत्तिका कारण संसारका प्रायः सबै किसानहरू भू-दासको रूपमा परिणत हुन पुगे । उनीहरूका श्रमको हरण गरियो र मानवीयमूल्यमा ह्रासोन्मुख अवस्थाको सिर्जना गरियो । कालान्तरमा आएर सामन्तवादी उत्पीडनका विरूद्ध भू-दास किसानहरूको सङ्घर्ष विशेष रूपले तीव्र भएर आयो । किसानको सङ्घर्षले सामन्तवादी व्यवस्थालाई पतनोन्मुख गरायो । अभिजात पूँजीपतिवर्गले सामन्तवादी व्यवस्थाको शीघ्र पतन गराउन र सामन्तवादी शोषणको ठाउँमा पूँजीवादी शोषण कायम गराउन भूमिपतिहरूको विरूद्व किसान सङ्घर्षको सूत्रपात गराए । त्यही किसान सङ्घर्षको माध्यमबाट सामन्तहरुको आधिपत्य समाप्त भएर पूँजीवादको स्थापना हुन पुगेको देखिन्छ । सामन्तवर्गहरूबाट सत्ता खोसेर लिने पूँजीपति

---

**४१** ल. लेओन्त्येभ, **राजनीतिक अर्थशास्त्र** (अनुवादक कृष्ण प्रकाश श्रेष्ठ) प्रगति पुस्तक सदन काठमाण्डौ, वि.सं. २०६६, पृष्ठ २१

वर्गले औद्योगिक विकासको बाटो त अँगाले तर मजदूरवर्गको श्रमलाई उनीहरूले पनि पूर्ण रूपले शोषण गर्न थाले । मजदूरका शोषणको प्रतिफल पूँजी सङ्कलनमा सहयोग त पुग्यो तर अमानवीय शोषण प्रक्रियाको उत्कर्षताले मानवीयमूल्यको चाहिँ धज्जी उडायो ।

### *५.१२.४ धार्मिक तथा वैचारिक पूर्वाग्रह*

धर्म मानव जीवनको मूल्य मापक मानिएपनि अनेक गुठ र मत मतान्तरमा विभाजित हुँदा धर्मबाट मानव जीवन र मानवीय अस्तित्वको रक्षा हुन सकेको पाइँदैन । एक धर्म र अर्को धर्मबीच भएका युद्ध, काटमार र त्रासदीय विभिषिकाहरूबाट मानव जीवनमा शान्ति, मैत्री, सद्भाव र सह-अस्तित्वको अवमूल्यन हुँदा मानवीयमूल्यमा ह्रास आएको देखिन्छ । हिन्दु, मुसलमान बीच भएका त्रासदीय युद्धहरू, क्रिश्चियन र यहुदीबीच भएका नरसंहारका लडाईहरू र मानव-मानवबीच भएका धार्मिक असहिष्णुताले मानवीय जीवन पद्धतिमा नै प्रभाव पारेको देखिन्छ । एउटा धर्मले अर्को धर्मलाई तिरस्कार, निन्दा, अमानवीय व्यवहार र उसको अस्तित्वलाई नै अस्वीकार गर्ने प्रथाले सबै मानवमा रहेको मानवीय अर्थ, अस्तित्व र मूल्यलाई घटाएको देखिन्छ । एउटा धर्मले अर्को धर्म मान्ने व्यक्तिलाई अछूतको व्यवहार गर्नु, धर्मका आधारमा शोषण गर्नु, रूढीवादी अन्धविश्वासलाई बढावा दिनु, नारीजातिलाई कुनैपनि सामाजिक तथा धर्मकार्यमा सहभागी नगराउनु, गोमेध, नरमेध र अश्वमेध जस्ता यज्ञको नाममा हत्या हिंसालाई प्रोत्साहन दिनु, छुवाछूत र दास प्रथालाई प्रश्रय दिनु, वर्ण व्यवस्थालाई वर्ग व्यवस्थाको रूपमा लागु गर्नु, वर्णभेद र लिङ्गभेदको सिर्जना गर्नु जस्ता क्रियाकलापबाट मानवीयमूल्य र मान्यतामा ह्रास आएको देखिन्छ । त्यसको सबैभन्दा ज्वलन्त उदाहरण जिसस् क्राइष्टलाई क्रसमा झुण्ड्याएर हातमा काँटी ठोकी निर्ममतापूर्वक हत्या गरिनु हो ।

यसैगरी वैचारिक पूर्वाग्रह तथा राजनैतिक सङ्कीर्णताका कारणले पनि मानवमूल्यलाई हानी पुऱ्याएको देखिन्छ । संसारका सबै मानवहरूमा प्राकृतिक हिसाबले रूपगत भिन्नता रहेको पाइन्छ, त्यसैगरी गुण, सीप, बुद्धि र बिचारमा पनि भिन्नता रहेको हुन्छ । भिन्नाभिन्नै विचारको सिर्जनात्मकता नै मानव हुनुको विशेषता हो । मानिसले सँधै नयाँ कुरा सोचिरहन्छ र त्यसैतर्फ उन्मुख पनि रहन्छ । एउटाको चिन्तन अर्कोसँग नमिल्न पनि

सक्छ । बिचार नितान्त व्यक्तिगत विषयवस्तुमात्र होइन यो त मानव समाज, संस्कृति र सभ्यताद्वारा सिर्जित मानव चैतन्यको विकसित रूप हो । समाज प्रदत्त चैतन्यबाट वर्गीय विचारको जन्म भएको देखिन्छ । लाखौं लाख बर्ष पुरानो मानव विकासको ऐतिहासिक श्रृङ्खलालाई हेर्दा समाज विकासको खास चरण अर्थात त्यही पाँच/सात हजार वर्षअघि आएर मात्र मानव समाजको सामाजिक चेतनामा असमान आर्थिक विभेदको जन्म हुन पुगेको हो भने करिब दुई हजार वर्ष पूर्व देखिमात्र खासगरी वर्ग विभक्त समाजको सिर्जना हुँदै आएको पाइन्छ । त्यसैले विद्यमान समाजमा रहेका सबैखाले वर्गहरूलाई पहिले विशाल मानव समूदाय भित्र राखेर विश्लेषण गर्नु नै वैज्ञानिक विचार श्रृङ्खलाको आधार हो ।

यसरी भिन्न समाज, भिन्न संस्कृति, भिन्न वैचारिक परिवेश, भिन्न भेषभूषा, भाषा एवम् भिन्न भौगोलिक परिवेशको अनेकताभित्र सिर्जित मानव चैतन्यबाट भिन्न भिन्न विचारको जन्म हुनु अस्वभाविक होइन । यसलाई मानिसको प्राकृतिक तथा नैसर्गिक सम्बन्धको आधार पनि भन्न सकिन्छ । यस्तो नैसर्गिक सम्बन्धमाथि राजनैतिक, गुठगत र स्वार्थगत सम्बन्ध हाबी भएर आउँदा बैचारिक पूर्वाग्रहले हुर्कने अवसर प्राप्त गरेको हो । मानव समाजमा वैचारिक पूर्वाग्रहलाई विष वृक्षको छायाँको रूपमा हेर्ने गरिको पाइन्छ । कुनैपनि मानिसले आफ्नो विचार स्वतन्त्र रूपमा व्यक्त गर्न पाउनुपर्छ भन्ने मानवीय मान्यतामा तुसारापात गर्दै वाक् अभिव्यक्ति वा भिन्न वैचारिक अभिव्यक्ति वा क्रियाकलाप वा गतिविधिमा प्रतिबन्ध लगाउनु मानवीय अस्तित्वको खिलाफ हो र यो मूल्य ह्रासोन्मुखताको अवस्था पनि हो । राजनैतिक तथा वैचारिक पूर्वाग्रहका कारण सत्ताधारीहरूले सत्ताहीन व्यक्तिहरूमाथि गरिएका अमानवीय पाशविक कार्यकलापहरूले मानव मूल्यमा भएको क्षयीकरणको बोध गराएको देखिन्छ । वैचारिक पूर्वाग्रहले मानवको अर्थ र अस्तित्वलाई कुनै महत्व दिदैन । गलत, अमानवीय एवम् अमर्यादित कार्य गर्नेलाई पनि आफ्नो वैचारिक वा पार्टीगत सम्बन्धका कारण प्रोत्साहन गर्ने प्रणालीले समाजमा विकृत मानसिकताको जन्म गराएको देखिन्छ । वैचारिक भिन्नताका कारण प्राचीन मानव समाजदेखि वर्तमान मानव समाजसम्मको सामाजिक प्रणालीमा वर्गीय अन्तर्द्वन्द्व, राग, द्वेश, हिंसा, हत्या, दुराचार, शोषण, उत्पीडन जस्तो अमानवीय गतिविधि हुँदै आइरहेको पाइन्छ । वैचारिक भिन्नता वा

मतभिन्नताकै कारण समाजवाद, पूँजीवाद, अस्तित्ववाद, प्रगतिवाद, सामन्तवाद, यथार्थवाद, स्वच्छन्दतावाद, विसङ्गतिवाद र प्रयोगवादजस्ता अनेक वाद तथा प्रणालीहरूको जन्म भएको हो । हरेक वादले आ-आफ्नो पक्षपोषण गर्ने र अरूका अस्तित्वलाई तिरस्कार गर्ने गरेको पाइन्छ । हिन्दुधर्म भित्र पनि आ-आफ्नो समूह अर्थात शैव, वैष्णव, शाक्त, गाणपत्य आदि मतहरू रहेका पाइन्छन् । वैष्णव भित्र पनि श्री वैष्णव र निममार्गी वैष्णव गरी भिन्न भेद रहेको पाइन्छ । अरू कृष्ण धर्मीहरू आफूलाई सर्वोत्कृष्ठ प्रणामी ठान्दछन् । शैव सम्प्रदाय भित्र पाशुपत धर्म, महेश्वरधर्म, नाफुलिस पशुपत धर्म, शिवद्वैतवाद, अद्वैतवाद, द्वैताद्वैतवाद, विशिष्टाद्वैतवाद जस्ता अनेक मत पाइन्छन् । पन्थवाद भित्र कविरपन्थ, गोरखनाथ पन्थ, नानपन्थ आदि पन्थहरू देखिन्छन् भने जोसमनि सम्प्रदायको आफ्नो छुट्टै शाखा देखिन्छ, बुद्ध, जैन र किराँत धर्मको आफ्नै भूमिका रहेको पाइन्छ । इसाई र यहुदीहरूले आफ्नो धर्मलाई विश्वभरी पुऱ्याउन र सर्वश्रेष्ठ बनाउन अनेक प्रयत्नका साथ लागिरहेका देखिन्छन् । इस्लामधर्मको कट्टरता र महानताको व्याख्या त्यति नै गरिएको देखिन्छ । प्राचीन पूर्वीय दर्शनमा वेदान्त, योग, मिमांशा, वैशेशिक, न्याय, साङ्ख्य गरी छ प्रकारका देखिन्छन् । भने जैन, चारभाक र बुद्ध दर्शनले पनि आफ्नो वैशिष्टता दर्शएकैछन् । यसैगरी विद्यमान विश्वमा देखिएका राजनैतिक पार्टीहरू र तिनका भातृसङ्गठनहरूको सङ्गठनात्मक सञ्जालहरूले विश्वका मानव समुदायलाई वर्गीकृत गरेका छन् विभाजित गरेका छन् । आपसमा मतभेद गराएका छन्, द्वन्द्व गराएका छन्, समग्र मानवीय मान्यताबाट बञ्चित गराएका छन् । यसको परिणाम स्वरूप ह्रास हुन पुगेको मानवीयमूल्यको ज्वलन्त उदाहरणमा एथेन्सका दार्सनिक सुकरातलाई विष खुवाएर गरिएको निर्मम हत्यालाई लिन सकिन्छ । यसैगरी भिन्न वैचारिकताका कारण अमेरिकाका सोह्रौं राष्ट्रपति अब्राहम लिङ्कनको गोलीहानी गरिएको हत्या नेपालका सहीद गंगालाल, दशरथ चन्द्र, धर्मभक्त र शुक्रराज शास्त्रीको हत्या भारतका राष्ट्रपिता महात्मा गान्धीको हत्या भारतका प्रधानमन्त्री इन्दिरा गान्धी तथा राजीव गान्धीको हत्या पाकिस्तानी पूर्व प्रधानमन्त्रीहरू जुल्फीकर अलि भुट्टो तथा वेनजीर भुट्टोको हत्या, नेपालमा मदन भण्डारी तथा जीवराज आश्रितको हत्या, इराकका राष्ट्रपति सद्दाम हुसेनको हत्या, हालै भएको लिबियाको राष्ट्रपति कर्णेल गद्दाफीको हत्या, बर्माकी पूर्वप्रधानमन्त्री

आङसाङ सुचीलाई आजीवन नजरबन्द राख्नु र त्यस्तै विपक्षी वा प्रतिपक्षी दलका नेता वा कार्यकर्तालाई विभिन्न प्रकारले गरिएको दमन र हत्या, निहत्ता जनतालाई रोलरले पेलेर गरिएको दमन र ग्याँस च्याम्बरमा थुनिएको घटना आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ भने नेपालमा माओवादी जनआन्दोलनको नाउमा बीसौं हजारको हत्या गरिनु जस्ता घटनाहरू वैचारिक पूर्वाग्रहका उपज हुन् भन्न सकिन्छ। यस्ता घटनाहरूबाट मारिने र मार्ने, शोषण गर्ने र शोषित हुने, दुबै थरिका मूल्यको पूर्णतया अवमूल्यन भएको देखिन्छ।

यसैगरी साँस्कृतिक चाडपर्व मनाउने क्रममा भएका जातीय दङ्गाहरूबाट विभिन्न प्रथा हरूबाट (कुमारीप्रथा, देउकीप्रथा, वलीप्रथा, सतीप्रथा, नगरबधुप्रथा) पनि समाजको सामाजिक मूल्य तथा मानवीयमूल्यमा ह्रासभएको अनुभूति गर्न सकिन्छ।

### *५.१२.५ विभिन्न युद्धका कारण*

युद्ध भन्नु नै मानव संहारको सूचक हो। दुईपक्षीय अहमताको प्रवल ज्वालामा दन्केको नरसंहारकारी मानसिकताबाट युद्धको सूत्रपात हुने गर्दछ। युद्धमा मर्नेहरूको जीवन मूल्यनै समाप्त हुने र मार्नेको मानवीयमूल्य समाप्त हुने हुँदा युद्ध मानव मूल्य ह्रासको प्रमुख कारक हो। प्राचीन इतिहासका अनुसार महाभारतको युद्धमा कौरव र पाण्डव दुवै पक्षका गरी अठार अक्षोहिणी सेना मारिएको प्रमाण पाइन्छ। यो संसारकै सबैयुगमा सबैभन्दा ठूलो नरहत्याको आयोजना हो। यस घटनाबाट युगको विकास समुन्नति र समृद्धिमा ठूलो क्षति पुगेको देखिन्छ। मानवीय सभ्यता र संस्कृतिको इतिहासमा यो एउटा अपुरणीय क्षति हो। मानव, मानवता र मानवीयमूल्यको पूरै अन्त्य भएको कालखण्ड हो। यसैगरी होमरको महाकाव्य ओडिसीमा वर्णन गरिएको युद्धबाट पनि असङ्ख्य मानव जीवनको क्षति भएको थाहा पाउन सकिन्छ। इतिहासको आधुनिक कालखण्डमा आएर मुगल साम्राज्य स्थापना सँगसँगै भएका अमानवीय युद्ध र पीडादायक व्यवहारहरूले मानवीयमूल्यको अभिवृद्धि होइन पतनको मार्ग निर्देशित गरेका देखिन्छन्। प्राचीन भारतीय समाजमा भएको औरङ्गजेवको ज्यादती यसको प्रत्यक्ष उदाहरण हो। यसैगरी भारतमा बेलायती उपनिवेशको वर्चश्व कायम भएपछि पनि अनेक मानवमूल्य ह्रासका श्रृङ्खलाहरू बढ्दै आएका देखिन्छन्। बक्सरयुद्धमा अंग्रेज फौजद्वारा बंगाल, अवध र दिल्लीका फौजमाथि

गरिएको पशुवत/अमानवीय व्यवहार, अंग्रेज मराठा युद्धबाट भएको मानवीय क्षति आदि यसका उदाहरण हुन् । बेलायती उपनिवेशको महत्वाकांक्षा र पूँजीवादी साम्राज्यवादी हैकमका कारण भारतीय समाजले जुन अवहेलना शोषण र दमनको सामना गर्नुपर्‍यो त्यस घटनाबाट समग्र मानवजातिको अस्तित्वमाथि एउटा गम्भिर प्रश्न खडा भएर आएको देखिन्छ । यस्तै रूसमा अलेखज्याण्डर तृतीयको अराजकता मानव शोषण र दमनकारी नीतिलाई सहन गर्न नसकी सन् १८९१ मा तीन लाख यहुदीहरूले अन्य मुलुकमा शरणार्थी जीवन जिउन बाध्य हुनुपर्‍यो । वर्तमान समयमा आएर भूटानी शरणार्थीहरूको अवस्थालाई पनि त्यसको उदाहरण मान्न सकिन्छ । यसैगरी सन् १९०४ मा भएको रूस, जापान युद्धमा दुबै तर्फका गरी दुई लाख सैनिक र अन्य जनसाधारणको समेत अमानवीय अवसान भएको र जापानी सेनाले पच्चीस हजार रूसी सेनालाई कैद गरी पशुवत, अमानवीय, क्रुर राक्षसी व्यवहार गरेको पाइन्छ । पूँजीवादी साम्राज्यवादी सत्ता र शक्तिका कारण सन् (१९१४-१९१८) मा भएको प्रथम विश्वयुद्ध मानव जीवनको इतिहासमा एउटा भयङ्कर विध्वंशकारी तथा त्रासदीय घटना मानिन्छ । यस महायुद्धबाट लाखौं मानिसहरू घरबारविहीन भए, लाखौं टुहुरा भए । लाखौं अपाङ्ग भए यस युद्धमा नगद, सम्पत्ति, स्थलसम्पत्ति, यन्त्र उपकरण गरी छयालीस करोड असी लाख अरब पौण्ड धनराशी खर्च भयो तर मानव जीवनका लागि उपलब्धी चाहिँ केही भएन । यस प्रकारको अतुल धनराशी र मानव जीवनको अतुलनीय क्षतिबाट मानव, मानवता र मानवीयमूल्यमा पूर्ण रूपले क्षति पुगेको देखिन्छ ।

यसैगरी प्रथम महायुद्धका घाउको खाटा नबस्दै पूँजीवादी साम्राज्यवादी अहमताको कारण सन् (१९४५-१९४९) मा आएर पुनः दोस्रो विश्वयुद्धको आयोजना गरियो यस महायुद्धमा भएको मानव जातिको अकल्पनीय क्षतिले संसारको मानवीयमूल्यमा पुरै ह्रास आएको देखिन्छ । यस महायुद्धमा दुई करोड बीस लाख व्यक्तिको मृत्यु भयो, दुई करोड चालीस लाख अर्धमृत्यु ( घाइते) भए, बेलायतको मात्र दुई हजार करोड मूल्य बराबरको सम्पत्ति खर्च भयो भने अमेरिका, रूस, जर्मन, फ्रान्स, पोलैण्ड जस्ता देशहरूको अर्थतन्त्रमा पुरै विनासको स्थिति देखा

पऱ्यो[४२]। यसरी ऐतिहासिक तथा भौतिकवादी दृष्टिकोणबाट मानव मूल्यको ह्रोसोन्मुखतालाई अवलोकन गर्दा पूँजीवादी साम्राज्यवादी तथा विस्तारवादी शासन सत्ता र शक्तिका कारण नै विश्वबाट मानवता, सह-अस्तित्व र मानवीयमूल्यको ह्रास हुँदै गएको बोध हुन्छ।

## ५.१३ निष्कर्ष

मानव सभ्यताको प्रारम्भदेखि मानव जीवनका अनेक गतिविधि, चरित्र, व्यवहार, चिन्तन र चेतनाका प्रत्येक क्षणहरूलाई एक ऐतिहासिक जीवनचक्र भित्र राखी मानव सभ्यताका इतिहासको अध्ययन गर्दा समाज विकासका चार चरणहरूमा पुरा पाषाण काल आदिम साम्यवाद, कृषि युग सामन्तवाद, औद्योगिक युग पूँजीवाद र आधुनिक युग समाजबाद तर्फ उन्मुख भएर आएको देखिन्छ। प्रगतिवादले समग्र कला साहित्यको विकासलाई द्वन्द्ववादी दृष्टिले अवलोकन गर्दछ। साहित्य स्वयम् समाजको दर्पण वा कलात्मक यथार्थ भएको हुँदा यसले मानव जीवनका समग्र भौतिक तथा बौद्धिक क्रियाकलापलाई निर्देशन तथा विश्लेषण गर्ने सामर्थ्य राख्दछ। यसले मानव समाजद्वारा पदत्त सामाजिक नियम, कानून, अनुशासन, मर्यादा वा मानव आदर्श मूल्यबोध गराउने क्षमता राख्दछ। मार्क्सवादी मान्यताका सैद्धान्तिक तथा व्यवहारिक प्रयोगलाई कलात्मक रूपमा प्रस्तुत गरी समग्र मानव चेतनाको विकासलाई अग्रगामी तुल्याउन सक्ने सामर्थ्य राख्दछ। यहाँ मानवीयमूल्य सम्बन्धी मान्यताको परिचयलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ भने यस निष्कर्षमा चाहिँ त्यही अवधारणाहरूलाई सूत्रात्मक रूपमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

(१) मानव, मानवता र मानवमूल्यसम्बन्धी अर्थ, परिभाषा एवम् विभिन्न विद्वानहरूका मानवमूल्य सम्बन्धी अवधारणाहरू यहाँ समावेश भएर आएका छन्।

(२) मानवीयमूल्य सम्बन्धी सार्वभौम मान्यताको अवलोकन गर्दा मानवीय जीवन जगतको पूर्णतालाई फलिभूत गराउन व्यक्तिले आफ्नो जीवनमा अनेक प्रकारका व्यवहार क्रियाकलाप र कर्तव्यको पालना गर्नुपर्दछ। मानव जीवनका लागि आवश्यक मूल्य भन्नु नै उसको अर्थ वा अस्तित्व हो। त्यही मानव अस्तित्वको रक्षार्थ व्यक्तिले समाज प्रदत्त मानकहरूबाट आफ्नो बुद्धि चैतन्यको विकास गर्दै गुण, कर्म र स्वभावको निर्माण

[४२] राजेश गौतम युरोपको राजनैतिक इतिहास, रत्न पुस्तक भण्डार काठमाण्डौ, वि.सं. २०४८, पृष्ठ ४००-४०७

गर्न सकेको पाइन्छ ।

(३) मानवीयमूल्य सम्बन्धी सामाजिक मान्यता अनुसार सामाजिक जीवनलाई व्यवस्थित र सन्तुलित राख्न समाज प्रदत्त प्रथाहरू, रीतिरिवाजहरू, संस्कार संस्कृतिहरू, अनेक परम्पराहरू, सामाजिक मूल्य र मान्यताहरू, नीति तथा विधिहरूलाई सामाजिक प्रतिमानका रूपमा ग्रहण गर्नुपर्छ । यस्ता सामाजिक आदर्श मूल्यहरूले व्यक्ति वा मानव समुदायको व्यवहारलाई पथ प्रदर्शन गर्दछन् । जसको अभावमा मानव-मानव बीच युद्ध, अशान्ति, सङ्घर्ष, हत्या, हिंसा शोषण जस्ता अमानवीय गतिविधिहरू विकसित हुन सकेको पाइन्छ ।

(४)मानव मूल्यको सांस्कृतिक मान्यता अनुसार समाजमा विद्यमान संस्कृति भनेको समाजको ज्ञान, आस्था, नैतिकता, सामाजिक व्यवहार, नियम कानून, अनुशासन, परम्परा रीति र संस्कृतिको समष्टिरूप हो । यो यस्तो क्रमबद्ध सूचना प्रणाली हो । जसको आधारमा मानिसले घर, परिवार, समाज, समूदाय, राष्ट्र एवम् विश्व समूदायसँग सत् व्यवहारको मानवीय सम्बन्ध स्थापित गर्न सक्दछ ।

(५) नैतिक धार्मिकताको आधारमा मानवीयमूल्यको अवलोकन गर्दा नैतिकता नै मानवीय जीवन प्रणालीको आधार स्तम्भ रहेको देखिन्छ । नैतिकता र मानवता एक अर्काका पुरक मानिन्छन् । नैतिकताको मानव जीवनसँग र मानव जीवनको नैतिकतासँग घनिष्ट सम्बन्ध रहेको देखिन्छ । नैतिक अध्ययनको आशय मानव व्यवहारलाई मूल्यवान तुल्याउने नियम तथा मानकहरूको प्रणाली हो भन्ने बुझिन्छ ।

(६) मानवीयमूल्यलाई मनुष्यसँग रहेको नैतिकता, अनुशासन, कर्तव्यबोध, सद्भाव, प्रेम, सौर्य, पराक्रम, बीरता, करूणा जस्ता मानवीय गुणहरूको व्यवहारिक प्रयोगको तराजुबाट मापन गर्न सकिन्छ । सही अर्थमा समाजमा विद्यमान व्यक्तिको अस्तित्व वा मानव हुनुको अर्थ नै उसको मूल्य हो ।

(७) विश्वभरका मानव जातिहरूको गुण, कर्म र वंश परम्परालाई केलाउँदै संसारभरिका मानवहरूको एउटै रक्तसम्बन्ध रहेको बोध गराउने मानवतावादले "शहना ववतु. सहनौ भुनक्तु" को आदर्श मूल्यलाई स्वीकार गरेको पाइन्छ । मानव विकासको लागि विशाल

भावना, उदार चरित्र, नैष्ठिक कर्म, सत् व्यवहार र असीम क्षमताहरूको प्रस्तुति गरिनुपर्छ । मानवीयमूल्यबोधक चेतनाले परम्परागत युग चेतनामा परिवर्तन ल्याउँदा मानवतावादी विश्व दृष्टिकोण र सर्वहारावादी मानवतावादको उच्च आदर्शता स्थापित भएर आउन सकेको पाइन्छ ।

# छैटौं अध्याय

## ६. प्रगतिवादी नेपाली कवितामा पाइने मानवीयमूल्यबोधको निरूपण

प्रगतिवाद सामाजिक यथार्थवादको नाममा चलेको साहित्यिक आन्दोलनको एउटा परिस्कृत रूप हो । यो मार्क्सवादबाट अनुमोदित साहित्य सिद्धान्त पनि हो । साहित्यमा मार्क्सवादी दृष्टिकोण सरल रूपमा व्यक्त भएर आउँदा प्रगतिवादका रूपमा आउँछ । कविता साहित्यको सबैभन्दा जेष्ठ तथा श्रेष्ठ विधा हो । समाज र साहित्य एक अर्काका पुरक हुन् । त्यसैले समाजको यथार्थतालाई कविताले व्यक्त गरेको हुन्छ । मार्क्सवादी कला सौन्दर्यका साथ जीवन जगतको आँशु तथा हाँसोलाई व्यक्त गर्नु प्रगतिवादी नेपाली कविताको मूल आशय रहेको देखिन्छ । प्रगतिवादी कवितामा समाजका निम्न आय भएका जनताप्रतिको गहिरो मोह र तिनका उत्थानको लागी चासो देखाइएको छ । ईश्वर, धर्म, स्वर्ग, पाप, पुण्य, आदिमा प्रगतिवादको विश्वास पाइँदैन । समाजमा रहेको उचनीच भावनालाई हटाएर समानताको स्थापना गर्नु नै मार्क्सवादी दृष्टि हो । यही दृष्टिकोण अनुसार प्रगतिवादी कविताले जनतालाई सचेत तुल्याएको देखिन्छ । साहित्यमा प्रगतिवादको प्रयोग प्रथमतः सन् १८९२ मा जर्मनीका नाटककार गर्हार्ट हाउप्टम्यानले आफ्नो ‘जुलाहा’ र ‘वीभर्स’ नामका नाटकमा गरेको पाइन्छ[१]। समाजका सर्वपक्षीय अवस्थाको सूक्ष्म अध्ययन गरी काव्यात्मक

१ कुमार बहादुर जोशी, पाश्चात्य साहित्यका प्रमुख केहीवाद त्रि.वि. पाठ्यक्रम विकास केन्द्र काठमाण्डौं वि.सं. २०३८ पृ.१६

अभिव्यक्ति गर्दा प्रगतिवादी कविताको सैद्धान्तिक सूत्रपात भएको हो । कविताका अन्तगर्भमा रहेको सर्वहारावादी मानवतावादका दृष्टिबाट समग्र मानव जीवनको विश्लेषण गर्दा मानवीय मूल्य सम्बन्धी अनेक दृष्टिकोणहरू कवितामा उजागर भएर आएका पाइन्छन् । यस्ता मूल्यहरू समाजको सामाजिक, आर्थिक, साँस्कृतिक धरोहरबाट प्राप्त हुन सकेका हुन्छन् ।

मानवीयमूल्यबोध कवितामा व्यक्त जीवन दर्शन हो । कविता कविका मनोभाव वा विचारहरूको कलात्मक अभिव्यक्ति हो भने कवि भावनाको निर्माता चाहिँ समाज, संस्कृति र राजनैतिक परिवेश हो । समाजको संरचना अनुसार नै कवि भावनाको उद्वोधन हुन्छ । त्यसैले कविता समाजको शब्दचित्र हो । समाजमा सबै प्रकारका व्यक्तिहरूको संस्कृति, सभ्यता, रहनसहन, रीतिरिवाज, भाषा, भावना, विचार, जीवनदर्शन र दृष्टिकोण अलग अलग रहेको पाइन्छ । कविका चेतनाको विकास जुन परिवेशबाट भएको हुन्छ त्यही अनुसार उसका भावनाको उद्बोधन हुन्छ र त्यही भावना कवितामा व्यक्त हुन पुग्छ । मानवजीवलाई हेर्ने, ठम्याउने, विश्लेषण गर्ने र व्यक्त गर्ने सवालमा परिवेशको अहम् भूमिका रहेको पाइन्छ । देश,काल र परिस्थिति अनुसार मानवीयमूल्य निर्धारण हुनु र देश काल परिवेश र पात्र अनुसार नै मूल्य बोधको स्थिति सिर्जना हुने हुँदा मानव मूल्यलाई युग सापेक्षता र जीवन भोगाइको क्रमसँग जोड्न सकिन्छ ।

मानव जगतको यथार्थ प्रस्तुति गर्ने क्रममा प्रगतिवादी कविहरूले विभिन्न कला, कौशल र शैलीद्वारा विभिन्न भाव, विचार व्यक्त गर्दा मानवीयमूल्य बोधको स्थिति सिर्जना हुन सकेको देखिन्छ । प्रगतिवादी कविहरूमा समाजको विसङ्गति, विकृति, आर्थिक, शारीरीक तथा मानसिक शोषणको विरोध एवम् पूँजीवाद साम्राज्यवाद र उपनिवेशवादको विरोध तथा सर्वहारा, मजदूर, किसान, महिला, बालक, उत्पीडित, शोषित वर्गप्रति सहानुभूति व्यक्त गर्ने सन्दर्भमा मानवीयमूल्य बोधको स्थिति सिर्जना हुन सकेको पाइन्छ । यसरी मूल्य व्यक्त गर्ने सन्दर्भ शैली र सिलसिला चाहिँ भिन्न भिन्न रहेको पाइन्छ । यसरी मानवता, मानव अस्तित्व, मानवीय सार वा मूल्यलाई कहीँ न्यून अवस्थामा कहीँ अर्ध न्यून अवस्थामा र कहीँ न्यूनोन्मुख अवस्थामा प्रस्तुत गर्ने प्रगतिवादी कविका केही प्रतिनिधिमूलक कविताहरूलाई यहाँ प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । जसबाट मानवीयमूल्य बोध हुन सकेको देखिन्छ ।

## ६.१ प्रगतिवादी नेपाली कवितामा मानवतावाद र मानवीयमूल्य सम्बन्धी मान्यता

मानव संस्कृति मूलतः मानवतावादी विचारको व्यवहारिक प्रणालीमा आधारित संस्कृति हो । कम्युनिष्ट सिद्धान्त प्रतिको निष्ठा, सामूहिक व्यवहार र उच्च नैतिकता नै सर्वहारावादी मानवतावादको अन्तर्वस्तु हो । मानवतावादले मानवजातिका नैतिक सम्बन्धहरू को निरन्तरतालाई बोध गराउँछ । मानवताबादबाट मानवीय आत्मा सदैव ओतप्रोत रहेको हुन्छ । यो उच्चतम मानव व्यवहारका नैतिक पक्षको ज्वलन्त अभिव्यक्ति हो । नैतिकताको स्थापना र विकास सामाजिक उच्च आदर्श नियमहरूद्धारा भएको हुन्छ । त्यही नियमको व्यवहारिक प्रयोगबाट प्रदर्शित मानवतावादले सर्वहारा संस्कृति र क्रियाकलापलाई उच्च आदर्श र मर्यादित गराउन सकेको देखिन्छ । आदिम कविला युगदेखि शुरू भएको मानवतावादी चिन्तनले मानव जीवनको आदर्शता, मानव-मानवबीचको सम्बन्ध, समानता, स्वतन्त्रता, न्याय, भातृत्व, प्रेम, श्रद्धा, विवेक, सहानुभूति, सहयोग जस्ता मानवीय गुणहरूको बोध गराउँदै मानव समाजलाई मानवीयत्व तर्फ अग्रसरित गराएको देखिन्छ ।

संसारका मानवहरूमा एउटै रक्तसम्बन्ध रहेको बोध गराउने मानवतावादले “शहना बक्तु सहनौ भुनक्तु” को आदर्श मूल्यलाई स्वीकार गर्दै आएको देखिन्छ । मानवीय मूल्य विकासको लागि विशाल भावना, उदार चरित्र, नैष्ठिक कर्म, सत् व्यवहार, कर्तव्यपरायणता, सौर्यता, बीरता, पराक्रम, साहस जस्ता असीम क्षमताहरूको व्यवहारिक प्रस्तुति गरिनुपर्दछ भन्ने मूल्यबोधक चैतन्यले परम्परागत समाजमा परिवर्तन ल्याउँदा उच्च मानवतावादी विश्वदृष्टिकोणको स्थापना भएको देखिन्छ । जस्तै

चाहिन्न शिक्षा संसारलाई यसभन्दा अर्को
मान्छेले खाली मेहेनतको मूल्य बुझ्रे पुग्छ
पसिनाको मूल्य बुझ्रे पुग्छ ।
यसरी यी ढुङ्गा गग्रेटा भरिएको बाटाका पाठशालाहरूका
यी उकाली ओरालीका विश्वविद्यालयहरूमा
दुईचार स्नातक निस्कन्छन् प्रतिदिन
एक थाग्रे प्राध्यापकहरूको सङ्गतमा

भक्क फुलेको मुटु हातले च्यापेर
अश्रुपूर्ण आँखाका घडा लिएर
मानौं प्रत्येक यात्री गुरूकुलबाट निस्कन्छ ।
मुटुमा नयाँ चिन्तनको प्रमाणपत्र लिएर
जीवनको सर्वोत्कृष्ट उपाधि लिएर ॥ (मानव महाकाव्य पृष्ठ २४६)

सर्वहारावादी मानवतावाद नैतिकताको एउटा विशिष्ट विश्वदृष्टिकोण हो । जसमा संसारका मानव जातिको आत्मसात्करण वा आत्मिकरणको पद्धतिलाई स्वीकृती प्रदान गरिएको पाइन्छ । मानव-मानवबीच यथायोग्य आदर सम्मान प्रकट गर्नु । सत्प्रेम प्रदर्शन गर्नु । सहयोग गर्नु । शोषण, दमन र उत्पीडनपूर्ण व्यवहार कसैले कसैलाई नगर्नु । आर्थिक समता र विसमताको आधारमा भेदभाव नगर्नु । जाति, वर्ग, वर्ण, लिङ्ग र पेशाका आधारमा भेदभाव नगर्नु जस्ता मानवतावादी बैचारिक दृष्टिकोणहरूले मानव सभ्यताको विकासमा महत्वपूर्ण स्थान ग्रहण गरेको देखिन्छ । जस्तैः

मानवता युग-युग सञ्चित सुन्दर सपना
जब ढकमक्क फुल्दै गए तिम्रा खेत र बारीहरूमा
हर्ष गऱ्यौं हामीले सातै महादेशमा
मनु र सातरूपाका श्रमवीर सारा सन्ततिहरूले । (मोदनाथ प्रश्रित संकलित रचनाहरू पृ २०१)

सर्वहारावादी मानवतावादले उत्पादनका साधनहरूमाथि रहेको निजी स्वामित्व र त्यससँग जोडिएको प्रभूत्व तथा अधीनतालाई समाप्त गरी मानवीय सह-अस्तित्व कायम गर्न चाहान्छ । यसले विश्व सर्वहारा वर्गसँग रहेको मानवीय भावना, चेतना र व्यवहारको यथार्थपरक मूल्याङ्कन गर्छ र समाजवादी उच्च आदर्श नियमको परिधिमा रही कार्य सम्पादन गर्न निर्देशित गर्दछ । सामाजिक जीवनलाई अधिक मानवीय बनाउन समाजवादी मान्यता अनुरूपको मानवतावादी विश्व दृष्टिकोणको आवश्यकता पर्दछ । यस्तो दृष्टिकोणबाट मात्र सर्वतोमुखी मानवीयमूल्य र मान्यताको संरक्षण हुन सक्दछ । गरीब, किसान र सर्वहारा मजदूरवर्गसँग रहेको नैतिकता उच्चतम मानवतावादी मानक (आदर्श मूल्य) हरूको परिचायक हो । किनभने यसभित्र मित्रवत्, सहायता, सहयोग, इमान्दारिता र

नम्रता जस्ता मानवीय सम्बन्धहरूको योग रहेको पाइन्छ। सर्वहारावादी मानवतावाद सर्वकालीन, सर्वदेशीय अर्थात सार्विक मानिन्छ। सामाजिक उच्च आदर्श र नैतिकताको परिधिभित्र रही, समुदायहरू बीच व्यवहारिक सम्बन्ध कायम गर्दा मानवीय मूल्यबोध हुन सकेको पाइन्छ।

सर्वहारावादी मानवतावादले व्यक्त गरेको मानवीय मूल्य सर्वकालीक सर्वदेशीक मात्र होइन यो त विश्वमानव समुदायका लागि सर्वश्रेष्ठ दृष्टिकोण पनि हो । मानवतावादको अन्तगर्भमा पाइने मानवीय मूल्य मार्क्सवादी दृष्टिकोण अनुसार समाजको स्वतन्त्रता, समानता र न्यायपूर्ण विकासका लागि अपरिहार्य सामाजिक सम्बन्धको द्योतक हो । मार्क्सवादी सिद्धान्तमा आधारित, जीवनमूल्यको व्याख्या गर्ने, मानवमूल्यको निर्धारण गर्ने, समाज विकासको निरन्तरतामा सहयोग पुऱ्याउने, युद्ध, हिंसा, अराजकता, अन्याय, शोषण, दमन र उत्पीडनको विरोध गर्ने, यथार्थवादी जीवनदर्शनको परिसूचक हो। यसलाई अर्को शब्दमा मार्क्सवादी जीवनदर्शन वा जीवनमूल्य भनिन्छ। यसले अमूर्त मानवतावादको सँधै विरोध गर्दछ। मार्क्सवादी मानवतावादले कहिले पनि हिंसाको, युद्धको र विद्रोहको समर्थन गर्दैन। यसले सँधै शान्ति र प्रगतिको मार्गमा हिँड्न विश्व मानव समुदायलाई अभिप्रेरित गर्दछ। मार्क्सवादको दृष्टिमा हिंसा त्यसबेला मात्र उचित छ जबकी त्यसबाहेक अन्य कुनै विकल्प छैन। वर्तमान युग औद्योगिकरण, जनसंख्या वृद्धि र परिवर्तित पर्यावरणका कारण जटिल बन्दै गइरहेको देखिन्छ । त्यसमा पनि एक राष्ट्र र अर्को राष्ट्रका बीचमा प्रजातन्त्रवादी र समाजवादी मुलुकहरूका बीचमा देखिएको अन्तर्विरोध, असमानता, विभेदकारी नीति तथा सत्रुतापूर्ण व्यवहारले गर्दा संसार वैमनस्यताको कुचक्रबाट प्रभावित हुँदै गएको देखिन्छ । विना कारण बलवान राष्ट्रले निर्बल राष्ट्रमाथि शोषण, दमन उत्पीडनको नीति चलाइरहेका छन्। अन्तर्कलहको सिर्जना गरि हरेक मुलुकलाई अस्थिर बनाएका छन्। आन्तरिक कलह, विद्रोह र युद्धको सिर्जना गरी हातहतियार विक्रि गरेर दुनियाँलाई कङ्गाल बनाउने खेल रचिरहेका छन्। कृतिम महंगी सिर्जना गरी संसारका गरीब,दुःखी, निर्धा, निमुखा, सर्वहारा, मजदूर किसानहरूको प्रत्यक्ष अप्रत्यक्ष शोषणमा शक्तिशाली राष्ट्रहरू आजपनि उत्तिकै सम्लग्न रहिरहेका देखिन्छन् । यो विश्व मानव समुदायका लागि राम्रो पक्ष होइन। जस्तैः

जस्ले दैविक देनसम्म अरूको निर्लज्ज भै हर्दछ
अर्काको हरियो परिश्रम विषे उन्मत्त भै चर्दछ ।
नीतिको जड खन्छ जो नियमको हत्या सँधै गर्दछ ।
मेरो आत्म प्रभात अग्नी विचमा आएर त्यो पर्दछ । युद्ध प्रसाद मिश्र 'मुक्तिरामायण'१/४४

वर्तमान युगको विनासोन्मुख अवस्थाबाट समग्र मानव जातिको सुरक्षा गर्नु सर्वाधिक महत्वको विषय हो । यसका लागि उच्च आदर्श मान्यताले मानव मूल्यको संस्थागत विकासद्धारा परस्पर समझदारी, वार्तालाप र बुद्धिसङ्गत सम्झौताको वातावरण सिर्जना गर्दछ । यसले कट्टरता र मानवद्वेषी पूर्वाग्रहलाई न्यूनिकृत गरी स्वस्थ्य अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक तथा मानवीय सहयोग जुटाउन सहयोग पुऱ्याउँछ । यो यथार्थवादी मानव व्यवहारको सैद्धान्तिक रूप हो । मानव समाजको नैतिक प्रगतिलाई कुनै सीमाबद्ध गर्न सकिँदैन । यो असीमित हुन्छ । यसको उद्वेश्य सबै सामाजिक सम्बन्धहरूलाई मानवीय बनाएर समग्र सामाजिक जीवनलाई नै मानवतावादी विचारबाट प्रोत्साहित गर्दै मानवीय मूल्यको स्थापना गर्नु हो । जस्तैः

कसैको बाध्यताले बर्बरता बचाउनु छैन
कसैको भक्ति र चाकरीले अमरत्व राख्नु छैन
त्यसैले बाँच यहाँ एउटा मान्छे भएर/बनेर ।

मान्छेका रगतमा लतपततिएको इतिहास
धोएर मान्छेका रगतले कहिल्यै धोइनन
बर्बरता र कितघ्नताले कटकटिएको सभ्यता
पखालेर मृत्युको पानीले कहिल्यै पखालिन्न
मृत्यु होइन जीवन चाहिन्छ मान्छेलाई
रगत होइन पसिना चाहिन्छ धर्तीलाई मोदनाथ प्रश्रित मानव महाकाव्य पसिना प्रकाशन वि.सं. २०४७ पृ२५६

मार्क्सले सर्वहारावादी मानवतावादलाई पूर्ण विकसित समाजवादसँग तद्रूपित गरेका छन् तर समकालीन समाजवादी समाजमा भने पूर्णरूपले यस्तो मानवतावाद स्थापित नभएको कुरा व्यक्त गरेका छन् । सर्वहारावादी मानवतावादले त्यो लामो ऐतिहासिक यात्रा शुरू गरेको

**छ जसले समाजवादको बाटो हुँदै साम्यवाद सम्म पुगेर मात्र विश्राम लिनेछ[२]। यसरी सामाजिक रूपान्तरणको दीर्घ यात्रामा संलग्न मानवतावादले समाजका प्रत्येक सदस्यहरूका बीचमा एउटा यस्तो सम्बन्ध कायम गर्न चाहान्छ जसबाट प्रेम, सहानुभूति, सद्भाव र सहयोगको अविरल धारा निरन्तर प्रवाहित भईरहेको होस् । यही उच्चतम मानव प्रतिमानहरूद्धारा निर्मित मानवीय भावनाको व्यवहारिक रूपान्तरण नै मानवतावाद हो र उच्चतम मानवतावादको सुन्दर पक्ष भनेको नै सर्वहारावादी मानवतावाद वा कम्युनिष्ट मानवतावाद हो । यसैलाई प्रगतिवादी साहित्यले समाज विकासका आदर्शमूल्य हुन भन्ने ठानेको छ । नेपाली कविताको प्रगतिवादी धारामा सर्वहारावादी मानवतावादको विश्व दृष्टिकोण राख्ने स्रष्टाहरूले मानव मानवबीच हुने असमानता अन्याय र थिचोमिचोबाट मुक्ति पाउन आम जनताको सर्वतोमुखी सामञ्जस्यतापूर्ण विकास हुनुपर्नेमा जोड दिएका छन् । जनताको वास्तविक स्वतन्त्रताका निम्ति सामाजिक उत्पीडनबाट श्रमजीवी जनतालाई मुक्त गराउनुपर्छ त्यही नै सर्वहारावादी मानवतावादको विश्व दृष्टिकोण हो भनेका छन् । उनीहरू सर्वहारावर्गको मुक्तिमा मात्र सच्चा मानवतावादको उदय र मानवीयमूल्य निर्धारीत हुने कुरामा विश्वास गर्दछन् [३]।**

## ६.२ प्रगतिवादी नेपाली कवितामा व्यक्त सर्वहारावादी मानवतावाद

**व्यक्तिगत स्वामित्वलाई पूँजीवादले स्थापित गर्दछ र त्यही पूँजी आर्जन वा सञ्चय गर्न मानिसले बहुसङ्ख्यक वर्गको शोषण गर्ने गर्दछन् । मानिसले मानिसको शोषण गर्ने, दोहन गर्ने पूँजीवादी परम्पराको विकल्पमा एकता, सहअस्तित्व, सहकार्य र सहयोगबाट उच्च आदर्श समतामूलक समाजको निर्माण गर्न समाजवादी मानवतावाद अर्थात सर्वहारा मानवतावादले एउटा विश्व दृष्टिकोण कायम गरी वर्तमान युगको नयाँ विकल्प स्थापित गरेको छ । यसै सन्दर्भमा प्रगतिवादी नेपाली कविताले गरीब, सर्वहारा, मजदूर र किसान एवम् महिला तथा बालबालिकाको मुक्तिका लागि गहनतम आवाज उठाउने प्रयास गरेको देखिन्छ । काव्यकृति र कविता एवम् स्रष्टाहरूमा साम्यवादी समाज र सर्वहारा मानवतावाद प्रतिको तीब्र अभिलाशा व्यक्त गर्ने केवलपुरे किसानले "सङ्घर्षको ठीक गर" नामक कविता**

---

२ **मार्क्सवादी नीतिशास्त्र** (सम्पादक पेत्रोब्स्की) प्रगति प्रकाशन मास्को, सन् १९५१, पृष्ठ २३०
३ निनु चापागाईं, **यथार्थवादी रचना दृष्टि र विवेचना** (प्रकाशन -महिम चापागाईं) वि.सं. २०५१ पृष्ठ ४७

मार्फत सर्वहारा मानवतावाद प्रति आफ्नो विचार यसप्रकार व्यक्त गरेको देखिन्छ :

लगलग् कामिसके ल हेर बिचरा साम्राज्यवादी जती,
तिन्कै चाकरीदार यी अब छिटै रोएर जालान् सती ।
मीठो मानववाद बढ्छ दिनहूँ लौ हेर चारैतिर,
नेपाली वन लौ भिरेर खुकुरी पारेर ठाडो शिर [४]॥

कृष्णचन्द्र सिंह प्रधानको युद्ध आज नव चेतनाको, खुशीको दिन होइन यो, अव्यवस्थाको उत्पीडन, प्रवृत्ति, टाढा अति टाढा, नामक कविताहरूमा'क्रान्तिकारी मानवतासँग मानवीय मूल्यको भावना यसरी मुखरित भएर आएको पाइन्छ : उदाहरण

मानवता र दानवताका माझ
आज तिनीहरूको आँशु सुखे डढे ।
दया, प्रेम, सहानुभूति र करूणा
सब,सब त्यही निर्ममता र उत्पीडनको
बलौटै भूमिमा सोसिए[५]।

कवि गोकुल जोशी, पूँजीपतिवर्गद्वारा गरिने मानव सेवा स्वार्थनिहीत हुन्छ । श्रमिकवर्गलाई भुल्याउने हुन्छ । यो उदारतावादद्वारा निर्देशित हुन्छ र यस्तो मानवतावाद उपलब्धीहीन र बहुसंख्यक मानवविरोधी हुन्छ भन्ने भावव्यक्त गर्दै सर्वहारा मानवताको पक्षमा खडा भएका छन् । उदाहरण

क्रान्तिलाई उदारको भिक्षा बनाएर
प्रगतिलाई समाजको डर देखाएर
शोषितको हृदयमा उर्लिएको आँधी
रोकिँदैन कल्पनाको भावनाले बाँधी [६]।

यसैगरी मानव अधिकार वा मानवीय हक भन्नुनै उत्पीडितवर्गको मुक्ति हो । शोषक वर्गको शोषणबाट समग्र मानवमात्रको मुक्ति नै सर्वहारा मानवतावादको मूल आशय हो र

---

४ केवलपुरे किसान “सङ्घर्षको ठीक गर” पसिना प्रकाशन वि.सं. २०१६ पृष्ठ १२३२ लेक नं ५
५ कृष्ण चन्द्र सिंह प्रधान ‘भञ्ज्याङनिरै’ प्र. कृष्ण चन्द्रसिंह प्रधान काठमाण्डौ वि.सं. २००८ पृष्ठ ८७
६ गोकुल प्र. जोशी “नेपालको भविष्य” श्रृङ्खला, वर्ष ७ अंक १४ काठमाण्डौं वि.सं. २०४२ पृष्ठ १९

यो नै मानवीय मूल्य सूचक पनि हो भन्ने कवि जोशीको यस्तो भनाइ पाइन्छ। उदाहरण

गरीबको ककेरामा फैलाएको जीउ
त्यहींबाट पैदा हुन्छ जागृतको बीउ
मानवको हक लिन आन्दोलन गर्लान
मर्नैपर्छ भने बरू क्रान्ति गरी मर्लान्[७]।

भूपि शेरचनले -जनवादी क्रान्ति पूर्ण सफल भएपछि मात्र सच्चा रूपमा सर्वहारावादी मानवतावादको स्थापना गर्न सकिन्छ भन्ने कुरा यसरी प्रकट गरेका छन्।

उदाहरण

हिमालको सेतो निधारमा
रातो टिका ढल्काउँला
मानवप्रति मानवताको
सच्चाप्रेम झल्काउँला [८]।

युद्धप्रसाद मिश्र सर्वहारा मानवतावादको पक्षमा पूर्णरूपले खडा भएका देखिन्छन्। उनी साम्यवादी समाजभित्र पाइने सच्चा मानव व्यवहारबाट मात्र सर्वहारा मानवतावाद र मानवीय मूल्यको पूर्ण संरक्षण हुन्छ भन्ने बिचार व्यक्त गर्न पुगेका छन्। उदाहरण

महल अटाली परजा परजा
जनजागृतिले देला-खाई
धरतीतलका व्यापक हामी
भोका नाङ्गा भाई भाई [९]।

कृष्णसेन इच्छुकका अनुसार मानवजीवनको सर्वोच्च उपलब्धी न्याय, शान्ति, सुसाशन र कर्तव्यबोध एवम् मानवताको रक्षा गर्नु हो। यो साम्यवादको उज्यालोमा मात्र पाइन्छ भन्दै सर्वहारा मानवतावादलाई उच्च आदर्श नैतिकतासँग एकाकार गराएका छन्। यहाँ उनी निराश नभइ उज्यालो संसारको प्रतिक्षामा मानवीय मूल्यको खोजी गरिरहेका छन्।

---

७ गोकुल प्रसाद जोशी नेपालको भविष्य पूर्ववत्, पृष्ठ २४
८ भूपेन्द्रमान शेरचन "नयाँ झ्याउरे" जनयुग प्रकाशन, बनारस, सन् १९५४ पृष्ठ १९
९ युद्ध प्रसाद मिश्र (युद्धप्रसाद मिश्रका कविताहरू पूर्ववत् ,पृष्ठ ४४)

उदाहरण

मेरो हृदयभरी छ तिम्रो आलोकको मधुर स्पर्श
मेरो आँखा भरी छ तिम्रो सम्मोहनको सुन्दर चित्र
म देखि रहेछु भोलिको उज्यालो संसार
जहाँ खुसीको स्वागतद्वारमा उभेर
सुनिरहेछु तिम्रो विशाल जयजयकार
ए मेरो सुन्दर स्वर्णिम प्रभात
निराशा मृत्यु हो आशा जीवनको आधार
म अहिले निराश छैन
म कत्ति हतास छैन [१०]॥

मोदनाथ प्रश्रित प्रगतिवादी मानवतावाद अर्थात समाजवादी मानवतावादलाई सर्वहारा मानवतावाद भन्न रूचाउँछन् उनी समाजको समानता, एकता र सहकार्यबाट त्यस्तो मानवतावादको सृष्टि हुने कुरामा विश्वास गर्दछन् । उनी वैदिक साम्यवादको वैज्ञानिक, विकसित, परिमार्जित र उच्च आदर्श सामाजिक मानकहरूद्वारा परिष्कृत व्यवस्था नै वैज्ञानिक साम्यवाद हो भन्दछन् र साम्यवादमा मानवले मानवसँग गर्ने मित्रवत् सद्व्यवहारबाट नै मानवीयमूल्य तथा सर्वहारा मानवतावादको अभिव्यक्ति पाइन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

उदाहरण

न हुने सेठको धाक, गरीब न त शोषित
न त दासी हुनै नारी, न क्वै शासक शासित
कर्तव्य सबको एक, श्रम गर्नु मिलिजुली
अधिकार सबै गर्नु, उपभोग बराबरी
धनी गरीब क्यै हुन्न, स्वामित्वै नभएपछि
तेरो मेरो त झन के होस्, सबै आफ्नो भएपछि
यसरी क्रान्तिको बाटो, रातो विज्ञानको ध्वजा

---

१० कृष्णसेन इच्छुक इच्छुकका कविताहरू पूर्ववत, पृष्ठ ४५

बोकी नयाँ साम्यवाद, आउँछ सत्यको युग [११]।

हेम अधिकारी वर्गीय समाजमा वर्गको अन्त्य नभएसम्म, समाजवादी मानवतावादको स्थापना नभएसम्म एकले अर्कालाई शोषण गरूञ्जेल, एकले अर्कालाई घृणा गरूञ्जेल, एक धर्म संस्कृति र जातिले अर्को धर्म संस्कृति र जाति वा त्यसको अस्तित्वलाई समाप्त गर्न चाहुन्जेल कहिल्यै पनि सर्वहारा मानवतावाद तथा मानवीय मूल्यको स्थापना हुन सक्तैन भन्ने विचार व्यक्त गर्न पुगेका छन् ।

उदाहरण

मानवताको सानो प्लेकार्ड बोकेर
जेल भित्रको चोकमा उभिरहेकोछ मान्छे
संसार ग्याँस च्याम्बर बन्न लागिरहेको बेला
हिटलर, गान्धी
मुसोलिनी र बुद्धहरू पनि
एउटा सानो परिचयपत्र हल्लाउँदै
आ-आफ्ना समूहलाई सान्त्वना
दिइरहेका छन्
जेलभित्रको चोकमा[१२] ॥

## ६.३ प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीय जीवनपद्धति र उत्पीडनका स्वरहरू

साहित्यको इतिहासमा सामन्तवादी जीवन दर्शनको विरूद्ध विश्वमा भइरहेका विभिन्न आन्दोलन तथा त्यसका प्रभावमा आएर नेपाली साहित्यमा प्रगतिवादी धाराको आरम्भ भएको हो भन्ने पाइन्छ । प्रगतिवादले विश्वव्यापी रूपमै चलेको सामन्तवाद र साम्राज्यवाद विरोधी स्वरलाई मूलभूत प्रवृत्ति बनाएको छ । त्यसले सामाजिक, साँस्कृतिक, राजनैतिक वा आर्थिक क्षेत्रमा भएका अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरूद्ध जनतालाई सचेत र सङ्गठित हुन प्रेरित गरेको देखिन्छ । जस्तैः

---

११ पूर्ववत् मोदनाथ प्रश्रित, देवासुर संग्राम पृष्ठ ५०
१२ हेम अधिकारी, वर्तमान र मान्छेहरू, (प्रकाशक बुद्धिमाया अधिकारी)वि.सं. २०६०, पृष्ठ ३५

जा सन्देश उडेर देशभरका पाखा र पर्वत हुँदै
ज्यूँदो मन्त्र फुकी तँ दे झुपडीका तातो मुटुमा छुँदै ।
हामी शोषित वर्गको प्रतिक्रिया भै एक राँको तँ जा
फुट्ने कान गरी ठूला महलमा उज्जण्ड डङ्का बजा युद्धप्रसाद मिश्र वाढी कविता सङ्ग्रह सन्देश कविता-२०२९

नेपाली कविताको प्राथमिक कालको पछिल्लो अवधिमा सन्त सम्प्रदायका कविहरूले साँस्कृतिक जागरणका माध्यमबाट नेपाली समाजमा विद्यमान वर्णवाद, धार्मिक रूढीवाद, मूर्तिपूजा, अन्धविश्वास जस्ता अनेक प्रवृत्तिको विरोध गरेबाट प्रगतिवादले मौलाउने अवसर प्राप्त गरेको देखिन्छ । जस्तैः

छोटा बढा जाति छन् धनै मात्र भन्छन्
धर्म तलाउ पोली पाप तलाउ बन्छन्
धन जन भन्छन् देवी माई भाक्छन्
पशुबध भयो भन्या धर्म कहाँ राषछन् ।
गरिबमारा पशुघात जो कोही गर्छन् ।
नर्क तलाउ मासमा सहज गै पर्छन् ।
देवीमाई पत्थर जो पुजि खान्छन्
सत्लोक धाममा ती कहाँ जान्छन् । सन्तज्ञान दिलदास उदयलहरी पृष्ठ १०

नेपाली जनताको जीवन पद्धति सँधै अन्याय, अत्याचार, रूढीवाद तथा उत्पीडनको विरोधमा रहँदै आएको पाइन्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय जागरण सँगै नेपाली समाजमा आएको चेतनाले सामन्तवाद र साम्राज्यवादको विरोध तथा अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनको समर्थन गर्ने वातावरण पाएपछि पुरानो जीवन पद्धतिमा फरक आइ नौलो विचार प्रवाहद्वारा प्रवाहीत हुँदै आएको पाइन्छ । परम्परागत समाजमा रहेका विकृति, बेथिति, शोषण, जमिन्दारी प्रथा, नारीप्रति गरिने अमानवीय तथा चरम शोषणको विरोध र राष्ट्रियता प्रतिको प्रेम, समतामूलक समाज निर्माण गर्ने अभिलासा, आमूल परिवर्तनकारी शक्तिप्रतिको विश्वास, सर्वहारा मानवतावादी दृष्टिकोण जस्ता प्रवृत्तिहरूको विकास भएर आएका अवस्थाको जीवन पद्धतिलाई प्रगतिवादी कविताले अभिव्यक्त गरेको पाइन्छ । प्रगतिवादी

कविताले नेपाली समाजमा भएका, उत्पीडनका स्वरहरूलाई कलात्मक, भावात्मक तथा हृदयस्पर्शी बनाई प्रस्तुत गर्ने सन्दर्भमा मानवीय मूल्यबोधको अवस्था सिर्जना गरेका छन्।

उदाहरण

आखिर यहाँ बिचरालाई दुःखको दुःखै छ।
ब्याजको स्याज सामान्ती आई बनाई लैजान्छ।
घ्यू खानी द्वयाके मुरी र पच्चीस व्याजको चलन
ती सिधा साधा किसानवर्ग सक्तैनन् बोलन
कानुन लड्न उनकै जीत राजाले देख्तैन
यो अत्याचार किसानी भाइको देखनिले लेखेन [१३]।

प्रस्तुत कवितामा कवि जनक प्रसाद हुँमागाईले गरीब किसानवर्ग प्रति समाजका ठूला ठालुले गर्ने व्यवहार तथा महंगो ब्याजबाट गरीबको उठीबास लाउने प्रवृत्तिको खुला चित्रण गरेबाट मानवीय मूल्यबोध हुन सकेको देखिन्छ।

यसैगरी कवि केवलपुरे किसानका कवितामा गरीब किसानवर्ग वा श्रमिकवर्गका पसिनाको कुनै मूल्य नभएको उसको समग्र जीवन शोषण गरिएको र दोहन गरिएको अवस्था चित्रण भएबाट मानवीय मूल्य उजागर भएर आएको देखिन्छ। जस्तै

खेतिवाला तरर पसिना काडी खाइ नखाई
डोको बोकी सतत घुमने बस्त्र आकाशलाई
तिन्मा झम्ट्यो चरहरू लिई धेर पैसा संगाली
पोस्यो घोडो कुकुर गणीका हेर कस्तो प्रणाली [१४]।

कवि गोकुल जोशीका कवितामा मानव जीवन पद्धति अनुसार नेपाली समाजको विश्लेषण गर्दा सर्वहारा मजदूरवर्गका उत्पीडनको स्वर र मानवीय मूल्यबोधलाई सहज र सरल रूपमा यसरी प्रस्तुत गरेका छन्। उदाहरण

रातदिन कारखानामा शोषण चक्की घन्किरहन्छ

१३ जनक प्रसाद हुँमागाई, पूर्ववत्,पृष्ठ ३
१४ केवलपुरे किसान बोको खस्यो पसिना प्रकाशन काठमाण्डौं वि.सं.२०१६ पृष्ठ ५

काम गर्ने ज्यामीको भोको पेटमा आगो दन्कीरहन्छ[१५] ।

यसैगरी कवि जोशी सर्वहारावर्गका जीवन मूल्यको खोजी गर्दै उनीहरूको ओतन, स्थिति, संवेदनशीलता र उत्पीडनका स्वरहरू प्रति सचेत देखिन्छन्

उदाहरण

(१) ज्यामीको घर छैन बस्छन रूखमुनी
पसिनामा डुबेका छन् प्रकृतिका धनी
शोषणको मुढाबोकी सुई सुई गर्छन
बिरामीले छोयो भने अकालैमा मर्छन्

(२) अँध्यारो छ जिन्दगी घुमाउरो बाटो
पाइलैपिच्छे थापेको छ सामन्तीले पासो
जानुपर्छ दमनको पर्वतलाइ काटी
मसालको आधारमा फुकाएर छाती [१६]।

समाजमा विद्यमान रूढिवादी परम्परा धामी झाँक्री, ओझा, विजुवा आदि सबै सामन्तवादी संस्कार र संस्कृतिबाट अभिप्रेरित छन् । अवसर पाउँदा सबै आ-आफ्नो ठाउँबाट शोषण गर्न उद्यत हुन्छन् भन्ने देखाइएको छ ।

उदाहरण

साउनमा जरो आयो द्यौता बस्न पऱ्यो
द्यौता बस्ता बकिदिए बोको काट्न पऱ्यो
अंधियामा पाले तालें त्यो सिंगारे बोको
दोबाटोमा काट्नु पऱ्यो गयो साहुको डोको [१७]।

यसैगरी कवि रविलाल अधिकारीका कविताले निर्धाहरूले समाजमा सँधै हेपिनु पर्ने, उठ्न प्रयत्न गरेर पनि उठ्न नपाउने सँधै थिचिएर, मिचिएर हेपिएर बाँच्नुपर्ने यथार्थतालाई प्रतीक वा ध्वनि अर्थमा प्रकट हुनेगरी ठूलाले साना माथि गरिने प्राकृतिक

---

१५ गोकुल प्रसाद जोशी, **नेपालको भविष्य** पृष्ठ २०
**१६ गोकुल प्र. जोशी, नेपालको भविष्य, पूर्ववत्, पृष्ठ २४**
**१७** केवलपुरे किसान,**बोको खस्यो**,पूर्ववत् ,पृष्ठ ५५

शोषणको कलात्मक उदाहरण दिँदै मानवीय मूल्यको खोजी गर्न पुगेका छन् । उदाहरण

मेरो भाग जमिनको रस चुसी लिइन्छ यिनै बोटले
मेरो भाग बतासको रस चुसी लिन्छन् यिनै बोटले
निर्धाले नअटाउने किसिमका छन् सांग्रिएकी धरा
मौलाएर जताततै अचल छन् बढ्नेहरूका जरा
मेरो निम्ति रसाउँदैन धरणी आषाढको पन्ध्रमा
मेरो निम्ति उदाउँदैन सितलो आकाशको चन्द्रंमा
बोक्रे भाषणले सुधार विधिले जे जे गरून् कुर्लंदै
लाखौं वर्ष बिते यही चलनले निर्धो दबेको दबैं [१८]॥

यस कवितामा विधि शब्दले श्लेष अर्थ प्रदान गरेको छ । यहाँ एउटा अर्थ नियतरूपी विधि हो भने अर्को अर्थमा तत्कालीन शासनव्यवस्था भन्ने बुझिन्छ । श्लोकको समष्टि ध्वनि अर्थ चाहिँ के हो भने वर्तमान शासन व्यवस्थाबाट निम्न वा सर्वहारावर्गले कुनै किसिमको सुविधा पाएका छैनन् उनीहरूको युगौंदेखि दबिने र दबिदैं आउने परम्परा कायमै छ । यहाँ अन्तर्भावनाका रूपमा वर्गबोधको अभिव्यक्ति, उत्पीडनविरोधी भावना, मानवीयमूल्यबोधका आस्वादनको रूपमा रहेको पाइन्छ ।

मेरो आवाज कवितामा कवि ओम सिटौला अमेरिकाले अफ्रिका माथि गरेको रङ्गभेदी शोषण र उत्पीडनलाइ सचित्र प्रस्तुत गर्न पुगेका देखिन्छन् । यहाँ निग्रो जातिमाथि भएको शोषण, दमन र उत्पीडनको जे जस्तो अनुभव कवि हुदयमा छचल्कियो त्यसलाई आफैं भोक्ता भएर कविले व्यक्त गरेका छन् । गोराहरूको सेवा र देशको विकासका लागि दास बनाएर अमेरिका लगिएका निग्रोहरू बर्षौबर्ष सम्म पनि रङ्गभेदी उत्पीडनबाट उत्पीडित रहन विवश भएको र उनीहरूको जीवन असाध्य पीडादायी बन्दै गएको यथार्थलाई प्रस्तुत कविताद्वारा देखाउने प्रयत्न गरिएको पाइन्छ ।

उदाहरण

धेरै भयो

---

१८ रविलाल अधिकारी,बुकिफूल, लमजुङ लेकाली प्रकाशन, वि.सं.२०३१, पृष्ठ ४३

तिमीले आफूलाई विदेशी शासनबाट मुक्ति दिलायौ
तिम्रो स्वतन्त्रता सङ्ग्राम (स्वतन्त्र ?)
कालाहरूको रगतबाट अलग छैन
दासत्वको असाध्यबोझ बोकेरै पनि
तिमीलाई मुक्ति दिलाउने हामीहरू
कहिल्यै स्वतन्त्र र मुक्त हुन सकेनौं [१९]।

कालोजातिको रगतबाट मुक्ति पाएको गोरो जातिले आफूमुक्त भएपछि आफ्नो सहयोगी कालो जातिलाई मुक्ति दिन चाहेन । ऊ शासक वा स्वामी बन्यो र काला जातिलाई दास बनायो यो ठूलो मानवीय बिडम्बना हो यस्तो समवेदनापूर्ण कृतघ्न व्यवहारबाट मानवीयमूल्यबोधका लाक्ष्यणिक स्वरूपको पहिचान गर्न सकिन्छ । "स्वागतको निम्ति हातमा राइफल लिएर उभिएको छु" नामक कवितामा कवि कृष्ण पोखरेलले साम्राज्यवादी शक्तिले विश्वव्यापी रूपमा गरेको दमन र उत्पीडनको स्वरलाई अत्यन्त यथार्थताका साथ प्रस्तुत गरेका छन् । साम्राज्यवादी शक्तिहरूले विश्व राष्ट्रसंघलाई आफ्नो इसारामा चलाउने, मानव अधिकारवादी विभिन्न संघ संस्थाहरूलाई कठपुतली झैं नचाउने र आफ्नो अनुकूल बनाउने गरेका छन् । सुडान, इथियोपिया, कङ्गो, रोडेसिया, दक्षिण अफ्रिकाजस्ता काला जातिका मानिसहरूको बाहुल्य रहेका राष्ट्रहरू माथि हुँदै आएको रङ्गभेद नीति, तथा साम्राज्यवादी उत्पीडनका स्वरहरूलाई उदाहरण बनाई शक्तिराष्ट्रहरूको अमानवीय चरित्र, मानव मूल्य हीनताको प्रस्तुति, थिचोमिचो, शोषण, दमन र उत्पीडनले विश्वका साना तथा अविकसित मुलुकहरू कसरी प्रताडित भएका छन् भन्ने देखाइएको छ । उदाहरण

मलाई मेरो कंगोली साथीले लेखिसकेको छ
कि उसको देशको मुक्ति संग्रामको नेता लुबुम्बालाई
राष्ट्रसंघको फौजले मारेको हो ।
मलाई राडेसियाको म जस्तै कालो साथीले भनिसकेको छ
कि त्यहाँका मेरा दाजु भाइलाई

१९ ओम सिटौला, मेरो आवाज कविता, पञ्चामृत २.४, पृष्ठ २३

अमेरिकाली राइफलले हान्ने गरेको छ
र दक्षिण अफ्रिकाको साथीले हालै लेखेको छ
कि उसको देशको श्वेत शोषणसित
जोन्सनको साँठगाँठ छ [२०]।

प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीय जीवन पद्धतिलाई अन्तर्राष्ट्रिय सन्दर्भसँग ऐक्यबद्धता गराउँदै कवि नेत्रलाल पौडेलले "सन्देश कमरेड हो चि मिन्हलाई" नामक कवितामा भियतनामी मुक्ति सङ्ग्रामका नायक हो चि मिन्हलाई सम्बोधन गर्दै लेखिएको यस कवितात्मक पत्रमा भियतनामले भोग्नुपरेको साम्राज्यवादी अमेरिकीहरूको उत्पीडन र त्यसका विरूद्व भियतनामी योद्धाहरूका साहसिक सङ्घर्षको कथालाई वर्ण्य विषय बनाइएको छ । यहाँ भियतनामी जनताहरूसँग गरिएको बर्बरता, अमेरिकाली साम्राज्यबादको सैनिक हस्तक्षेप, त्रासदीपूर्ण उत्पीडन र यन्त्रणा जस्ता मानवद्वेषी क्रियाकलापहरूले भियतनामी जनतालाई पुऱ्याएको आघात, मृत्युको सहजता र विवषताको त्रासदीपूर्ण अवस्थालाई स-चित्र वर्णन गरिएको पाइन्छ । यस कविता मार्फत कविले भियतनामी जनताको न्यायपूर्ण सङ्घर्षमा नेपाली जनताको मानवीय एवम् वर्गीय सम्बन्ध रहेको देखाइएको छ। उदाहरण

ए राष्ट्रिय मुक्ति सङ्ग्रामका बीर योद्धा
भियतनाममा अमेरिकी साम्राज्यवादको नग्न नृत्य
मलाई मेरै देशमा भइरहेको अनुभव हुन्छ
शोषित उत्पीडित भियतनामीको
छातीबाट बगिरहेको रगत
मेरो आफ्नै मुटुबाट निस्किरहेको अनुभव हुन्छ
भियतनामी जनताको दिनप्रतिदिन
अमेरिकी साम्राज्यवादलाई हार खुवाई
लखेटिरहेको सुन्दा
मेरो हातमा हतकडीहरू फुस्किएको अनुभव हुन्छ

---

२० कृष्ण पोखरेल, स्वागतको निम्ति हातमा राइफल लिएर उभिएको छ कविता, पञ्चामृत, १:१०, पृष्ठ १६

मेरा खुट्टाका नेलहरू खुस्किएको अनुभव हुन्छ [२१]।

कवि कृष्णसेन इच्छुकका कवितामा नेपाली समाजका दीनतापूर्ण शोषण र उत्पीडनका कारूणिक अवस्थाको चित्रण पाइन्छ । युगौंदेखि चलिआएको उत्पीडनाबाट नेपाली समाजलाई मुक्त गराउन वर्ग विभेद, लिङ्ग विभेद र वर्णविभेदका अनेकथरी पर्खालहरूलाई तोड्दै समतामूलक समाजको निर्माण गर्न उनका कविताले जागृतिमूलक सन्देशको काम गरेका छन् । उनका कविताहरू प्रायः इच्छुक रचनावली भाग २ संग्रहित गरिएका प्रायः सबै कविताहरूले नेपाली समाजमा विद्यमान सबैखाले जनवर्ग र विभिन्न जात र उमेरका उत्पीडित जनसमुदायका विचार र भावनालाई समेट्दै देशभक्ति, जनवाद, सामाजिक रूपान्तरण क्रान्ति र वर्गसङ्घंर्षका स्वरहरूलाई अभिव्यक्त गरिएको देखिन्छ । गरीबी, अशिक्षा र बेरोजगारीले आक्रान्त भएका गाँस, बास र कपासको आवश्यकता परिपूर्ति गर्न शान्तिपूर्ण रूपमा अघि बढिरहेका जनसमुदायमाथि सशस्त्र दमन चलाउने शासकवर्गको घोर विरोध गर्दै उनीहरूद्वारा प्रताडित र उत्पीडित वर्गका स्वरहरूलाई कवि इच्छुकका कविताले व्यक्त गरेका छन् । खान नपाएर अकाल ग्रस्त भएका विश्वका सर्वहारा गरीब, दुःखी, किसान, मजदूर तथा सुकुम्बासीहरूका हातमा बन्दुक थमाएर, बिद्रोहको ज्वाला भड्काएर हतियारको कालो व्यापार गरिरहने साम्राज्यवादी शक्तिको भण्डाफोर गर्दै विश्वका उत्पीडित वर्गप्रति उनका कविताले सद्भाव व्यक्त गर्दा मूल्यबोधको स्थिति सिर्जना भएको छ । उदाहरण

अकालग्रस्त अफ्रिका महादेशदेखि
अभावग्रस्त एसिया महाद्वीपसम्म
उत्पीडनग्रस्त ल्याटिन अमेरिकादेखि
विघटनग्रस्त पूर्वी युरोपसम्म
मृत्यु र महाविनाशको पसल थापेर
प्रत्येक अफगानका घर-घर युद्ध भड्काउँदै
मैले बेचिरहेको छैन बन्दुक

२१ नेत्रलाल पौडेल,सतीसाल मात्र ठिङ्ग उभिनसक्छ, आफ्नै प्रकाशन, वि.सं. २०४२ पृष्ठ १९

बोस्नियाका प्रत्येक टोल टोल रक्तपात मच्चाउँदै
मैले बेचिरहेको छैन बन्दुक
कतै जाति र सम्प्रदायका नाममा
फुट र विभाजनका रेखाहरू कोरेर
कतै धर्म र कतै वर्णका नाममा
घृणा र विद्वेषको बीजारोपण गरेर
रूवान्डाली जनताको नरसंहार गराउँदै
प्रत्येक हुटु र तुसीका हातहात
एक साथ
मैले बेचीरहेको छैन बन्दुक [२२]।

यसैगरी मानवीय उत्पीडनका स्वरहरूलाई मुखारित गर्ने कवि इच्छुकका कविताले सर्वहारावादी मानवता र विश्वबन्धुत्वको भावना व्यक्त गर्दै पूँजीवादी तथा साम्राज्यवादी क्रुरता भित्र गरीब दुःखी र सर्वसाधारणका जीवको कुनै मूल्य छैन भन्ने देखाइएको छ । यस्ता कविताले मानवमूल्यको मर्मलाई स्पर्श गर्न सकेको पाइन्छ । उदाहरण

तिमीसँग पनि मान्छेको मन छ भने
मनभित्र आगो र जलन छ भने
आऊ एकचोटि माथि मेलगैरीमा आऊ
आऊ एकचोटी तिनकै बलिबेदीमा आऊ
र आऊ मेरो छातीमा
बर्बरहरूको बीभत्स नाङ्गे नाच हेर
हेर नृशंस जल्लादहरूका टाउकामाथि
निर्लज्ज प्रजातन्त्रको ताज हेर
घर घर निहत्था मान्छेको सिकार खेल्ने

२२ कृष्णसेन इच्छुक, **इच्छुक रचनावली** (भाग २), प्रगतिशील अध्ययन केन्द्र, काठमाण्डौं, वि.सं. २०६५ पृष्ठ ७९

नरभक्षी कायरहरूको जङ्गली राज हेर
म त मुक र अबुझ सेतु जैसीको घर
तै पनि म सँग
तिनकै आलो रगतले कुँदेको
बलिदानको रक्तिम अभिलेख छ [२३]।

यस्तै कवि इच्छुक समाजका विवशताहरूलाई चियाको किट्ली जस्तै भकभक उम्लिरहेको दुःखको सागरसँग तुलना गर्न पुगेका छन् । जहाँ मानव छैन, मानवीयता छैन, त्यहाँ मानवीयमूल्यको कुनै अर्थ छैन भन्ने कविले एउटी नारीको विवसता र दयनीय जीवनकथाका कारूणिक क्रन्दनको अन्तर्व्यथालाई आफ्ना कवितामा यसरी व्यक्त गर्न पुगेका छन् ।उदाहरण

विदीर्ण मन अनि जीर्ण तनलाई
जोरेर छट्पटीको तातो भुङ्ग्रोभित्र
खिन्न सुस्केराहरूमा पीडाका धुवाँहरू फाल्दै
दिनरात क्लेश काटिरहिछ
कान्छी भट्टी थापी रहिछ [२४]।

इच्छुकका कविताले सामन्तवादी समाजको आँखामा नारी अस्मिता, नारीलाई हेर्ने दृष्टिकोण र उसप्रति गरिने व्यवहारको यथार्थ प्रस्तुति गरेका छन् । ठालुहरूका कामुक आँखाले डामिएकी कुनै युवतीका अशान्त आत्मरक्षाको क्षण जस्तै गरी सबै नारीहरूका जीवनकथाका क्षणहरूलाई, अन्तर्व्यथाका मनहरूलाई र नारी उत्पीडनका स्वरहरूलाई कविले आफ्ना कवितामार्फत उजागर गरेका छन् । उदाहरण

भट्टीमा भात पाकिरहेछ
भात सँग सँगै कान्छीको ताज पाकिरहेछ ।
भट्टीमा मासु पाकिरहेछ
मासु सँग सँगै कान्छीको आँशु पाकिरहेछ ।

---

२३ इच्छुक रचनावली (भाग २), पूर्ववत् , पृष्ठ ७७
२४ इच्छुक रचनावली (भाग २), पूर्ववत, पृष्ठ ५१

भट्टीमा रक्सी विकिरहेछ

रक्सी सँग सँगै कान्छीको अस्मिता विकिरहेछ

नेपालकी छोरी ऊ

हिमालझैं गोरी ऊ

विदेशका कोठीमा बेचिएकी अबोध चेलीझैं

गहबाट बहका नदीहरू झारिरहिछ

कान्छी भट्टी थापिरहिछ [२५]।

## ६.४ प्रगतिवादी नेपाली कवितामा व्यक्त महिला, किसान, मजदूर तथा छुवाछूत प्रतिको दृष्टिकोण

### *६.४.१ महिलाप्रतिको दृष्टिकोण*

प्रगतिवाद मार्क्सवादमा आधारित साहित्यको विश्व दृष्टिकोण हो । यसले समाजमा विद्यमान सबै वर्गका महिलाहरूलाई हेर्ने एउटा छुट्टै दृष्टिकोण तयार गरेको छ । हाम्रो समाज त्यही वैचारिक जगमा खडा भएको समाज हो । यहाँ महिलावर्ग माथि हुने सामाजिक उत्पीडन, पुरूषहरुबाट हुने दमन, महिलामुक्ति, राज्यकोनीति, नियम र काला कानून, महिला स्वतन्त्रता जस्ता महिलावर्गका बहुआयामिक पक्षसँग जोडिएका मुद्दाहरूलाई व्याख्या गर्न विभिन्न विचार, अवधारणाहरू र राजनैतिक दृष्टिकोणहरू विकसित भएर आएका पाइन्छन् । संसारका विभिन्न वाद तथा प्रणालीहरूलाई हेर्दा अहिलेसम्मका महिला मुक्तिका पक्षधरताहरूमा चारवटा खेमा विकसित भएर आएको पाइन्छ । यी चारवटा खेमाहरूमा उदारवादी महिलावाद, मार्क्सवादी महिलावाद, समाजवादी महिलावाद र रेडिकल महिलावाद विशेष उल्लेखनीय रहेका देखिन्छन् । यी चारैवटा भिन्न खेमाहरूको सैद्धान्तिक र वैचारिक आधार भने मुख्यगरी दुई प्रकारको मात्र देखिन्छ । ती दुईमध्ये एउटाले महिला पराधीनताको प्रमुख कारण पूँजीवादी, आर्थिक, सामाजिक र राजनैतिक प्रणालीलाई मान्दछ भने अर्कोले यसको प्रमुख कारकतत्व पुरूष सत्ता वा पुरूषप्रधान सामाजिक प्रणाली हो भन्ने ठान्दछ ।

महिलामुक्तिको मार्क्सवादी मान्यता अनुसार महिला माथि हुने पुरूष प्रभुत्वलाई

---

**२५ इच्छुक रचनावली,** (भाग २), पूर्ववत, पृ ५२

आधुनिक पूँजीवादी समाजको उपजको रूपमा विश्लेषण गरिएको छ । महिला उत्पीडनको विश्लेषण गर्ने मार्क्सवादी विधिले समाजमा विद्यमान पूँजीवादी उत्पादनको स्वरूपमाथि आधारित भएर खडा हुने महिलावर्गका स्थितिको विश्लेषण गरेको देखिन्छ । मार्क्सवादले महिला पराधीनताको सम्बन्धलाई समाजका उत्पादन सम्बन्धको प्रारम्भिक आधारसँग जोडेको देखिन्छ । यसले महिला माथि हुने शोषण, दमन, असमानता र उत्पीडनलाई वर्गीय दृष्टिकोणबाट हेर्ने गर्दछ । मार्क्सवाद महिलाको उत्पीडन, महिलामाथि हुने पुरूषको हैकम, महिला पराधीनता, पुरूष प्रधान समाज, सत्ता र शक्ति, एवम् लैङ्गिक असमानता को वैज्ञानिक विश्लेषण गरी यसको मूलकारण नै पूँजीवादी व्यवस्था हो भन्ने ठहरमा पुगेको देखिन्छ । यसले पूँजीवादलाई आर्थिक असमानता र चरम आर्थिक निर्भरतालाई जन्म दिने, महिलावर्गलाई राजनैतिक चेतना र अधिकारबाट बञ्चित तथा बिमुख गराउने महिलालाई पुरूषहरूका उपभोग्य वस्तुका रूपमा स्थापित गर्ने र अन्त्यमा महिला पुरूषबीच एउटा अवस्थ्य तथा घिनलाग्दो सामाजिक सम्बन्धको सिर्जना गर्ने व्यवस्थाको रूपमा चित्रित गर्दछ । त्यसैले पूँजीवादको विरूद्धमा हुने समाजवादी क्रान्तिसँगै महिलावर्गको पनि मुक्ति हुन्छ र क्रान्तिबाट मात्र महिलाको मुक्ति गर्नु पर्छ भन्नु नै मार्क्सवादी प्रगतिवादी मान्यताको प्रमुख दृष्टिकोण रहेको देखिन्छ । महिला मुक्तिको उदारवादी मान्यता अनुसार वर्तमान समाजमा विद्यमान सरकारी नीति नियम, पूर्वाग्रही सामाजिक सँस्कृति, राज्यको कानून आदिले निर्धारित गरेको नारी पुरूषबीचको सम्बन्धलाई समाप्त गरी त्यसको विकल्पमा उपयुक्त कानून निर्माण गर्नु र महिलावर्गलाई सम्पूर्ण रूपले बन्धन मुक्त गराउनु नै महिला मुक्ति हो भन्ने देखिन्छ । जस्तो कि अमेरिकामा उदारवादी महिलाहरूले पुरूषसरह महिला अधिकारको लागि काम गरिरहेका छन् । नेपाल तथा भारतमा पनि यौन स्वतन्त्रता र महिलाहरूको व्यक्तिगत अधिकारको माग गर्ने र महिला विरूद्ध भएका सबैखाले कानूनको खारेजी गरी उपयुक्त कानूनको निर्माण गर्न सङ्घर्षरत छन् । यसरी उदारवादी महिलाहरूले उठाएका मुद्धाहरूमा सन्तानोत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन स्वतन्त्रता, मताधिकार, शिक्षामा समानता, समान कामको लागि समान ज्याला, सर्वसुलभ बाल स्याहार गृह, स्वास्थ्य सेवा

र सुविधा, महिला विरूद्ध हुने घरेलु हिंसा, पैसा, पूँजी, सौन्दर्य, यौन, जुनसुकै प्रयोजनका लागि पनि आफ्ना शारीरीक अङ्गहरूमाथि आफ्नो अधिकार आदिलाई पूर्ण तथा स्वच्छन्द रूपले प्रयोग गर्न पाउने सामाजिक, साँस्कृतिक तथा राजनैतिक व्यवस्थाबाट मात्र महिला मुक्ति सम्भव छ भन्ने धारणा उदारवादी महिलावादको देखिन्छ । महिला मुक्तिको रेडिकल मान्यता अनुसार महिलाको उत्पीडन र पराधीनताको प्रमुख कारक तत्व पितृसत्तात्मक सामाजिक तथा राजनैतिक संरचना हो भन्ने ठानिएको पाइन्छ ।

रेडिकल मान्यता भनेको लैङ्गिक असमानता र महिला माथि हुने पुरूषको शोषण,दमन र उत्पीडनका अनेक विधिहरूको अध्ययन गर्न सन् १९७० को दशकमा स्थापना गरिएको एक महिलावादी संगठन हो । यसलाई पितृसत्तात्मक समाजको मार्क्सवादी व्याख्याताका रूपमा पनि लिन सकिन्छ । किनभने यस मान्यताले महिला माथिको उत्पीडन पूँजीवादी सामाजिक तथा आर्थिक सम्बन्धको उत्पत्तिसँगै विकास भएर आएको हो भन्ने ठानेको छ भने त्यही पूँजीवादले जन्माएको पुरूषप्रधानसत्ता चाहिँ महिला दमनको प्रमुख कारक हो । यस्तो पुरूषवादी मान्यताका कारण पूँजीवादी प्रणालीभित्रै पनि पुरूष र महिलाबीच विभेदपूर्ण व्यवहार रहेको देखिन्छ । जस्तो की समान कामका लागि पनि ज्यालामा असमानता, पेशाको प्रकृतिमा असमानता, कुनैपनि व्यवसायमा अप्रत्यक्ष मात्र संलग्नता वैकल्पिक श्रममा मात्र प्रयोग, सामाजिक तथा राजनीतिमा असंलग्नता, उद्योग, व्यापार, उच्चपदीय जिम्मेवारी आदिबाट विमुख गराउने कार्य पितृसत्तात्मक समाज र सत्ताको उपज हो । तसर्थ यस्तो विसङ्गतिपूर्ण पूँजीवादी सामाजिक संरचनाबाट महिलावर्गको मुक्ति गराउन सबै नारीहरूले पुरूषसरह कार्य गर्ने, कहिल्यै कुनै काममा पुरूषभन्दा पछि नरहने गरी नारीवर्गले आफूलाई संस्थापित गर्दै लैजानुपर्छ भन्ने मान्यताअघि सारेको छ ।

समाजशास्त्रीय मान्यता अनुसार पूँजीवादको उत्पादन सम्बन्धले पूरूष कामदारको श्रम शोषण गरेबाट महिलाको पनि शोषण भएको ठानिन्छ । पूँजीवादले महिलालाई नाफाको अतिरिक्त सुलभ श्रोतको रूपले उत्पादन कार्यमा सरिक गराएको हुन्छ । यस्तै सामान्ती, पूँजीवाद परस्त पुरूष सत्तात्मक संस्कृतिले पनि महिला शोषण, दमन र उत्पीडनको कार्यलाई सहयोग पुऱ्याएको देखिन्छ । महिलाहरूलाई श्रृङ्गारका वस्तुको दास हुनु तथा

उपभोग्य वस्तुको रूपमा परिणत हुनुमा पूँजीवादी सामाजिक प्रणालीको अहम् भूमिका रहेको देखिन्छ । आधुनिक पूँजीवादी प्रतिस्पर्धात्मक युगमा आएर पनि महिलाहरूलाई फेशनको वस्तु ठान्नु, सौन्दर्य प्रशाधन गर्ने, फेशनका रूपमा उपयोग गर्ने वस्तुका रूपमा लिइएको पाइन्छ । समाजले धार्मिक तथा परम्परागत संस्कृतिका रूपमा पनि महिला वर्गको उत्तिकै शोषण गरेको छ । जस्तो की दासीप्रथा, देउकीप्रथा, सतीप्रथा, बहुपत्नीप्रथा, बहुपतिप्रथा, विधवाप्रथा, नगरवधुप्रथा, जस्ता विविध प्रथाहरूद्वारा नारीवर्गमा गरिएको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका अनेक घटना र परिघटनाको प्रमुख स्रोत भनेको पूँजीवादी पितृसत्तात्मक संस्कृतिले जन्माएको सामाजिक संरचना हो । जसलाई परिवर्तन गर्न ठूलै साँस्कृतिक क्रान्तिको आवश्यकता पर्छ । साँस्कृतिक क्रान्ति उच्च मानवीय चैतन्यको संगठनात्मक विकास र एकताबाट मात्र सम्भव हुन सक्छ । महिला प्रतिको दृष्टिकोणमा आमूल परिवर्तनकारी सोच, महिला सशक्तिकरण र जागरणको अभियान, महिलावादी विश्वदृष्टिकोण, मानसिक रूपान्तरणको दिशातर्फ उन्मुख भएमात्र महिला मुक्तिको मार्ग प्रसस्त हुन सक्छ भन्ने समाजवादी महिलावादको दृष्टिकोण रहेको देखिन्छ ।

यसरी विश्व महिला मुक्ति आन्दोलन र मुक्ति संगठनको सैद्धान्तिक अवधारणालाई अध्ययन गर्दा प्रगतिवादी नेपाली कविताले नेपाली समाजको विद्यमान अवस्थामा रहेका महिलाप्रति गरिने विभेदपूर्ण नीति नियम, कानून, धर्म, सँस्कृति र परम्पराले जन्माएका रूढीग्रस्त रीतिहरू, पूँजीवाद, सामन्तवाद र साम्राज्यवादद्वारा सिर्जित भोगवाद, विलासिता, र श्रृङ्गारिक नग्नताका रूपमा महिलालाई हेर्ने दृष्टिकोणको प्रत्यक्ष, अप्रत्यक्ष, अभिधा, लक्षणा र व्यञ्जना शक्तिद्वारा सरल शब्द समायोजनको माध्यमबाट विरोधको भाव प्रस्तुत गरेको पाइन्छ । जस्तैः

सीता हुँ म महान निष्ठा तपकी सिद्धान्तकी निश्चला
तेरो पर्दिन पाउ तुच्छ तन यो चाहे तँ ज्यूँदै जला
के ज्यूनु छ मनुष्यले पतनमा पारेर अन्तस्तल
तैंले भो नचिता मलाई मनकी नारी छ त्यो दुर्बला (मुक्तिरामायण ५/१२७)

यहाँ प्रस्तुत कविताबाट नारी स्वाभिमान तथा आत्म सम्मानको विरोधाभाषपूर्ण भएर आएको

पाइन्छ । यसैगरी नेपाली समाजको विकासमा आधाभन्दा बढी नै भूमिका निर्वाह गरिआएका महिलाहरूलाई परम्परागत रूपमा चलिआएको विश्व साम्राज्यवादी धर्म, सँस्कृति र परम्पराले दासत्वको पूर्ण अवस्थामा पुऱ्याएको पाइन्छ । विभेदकारी नीतिका कारण महिलाहरू एउटै राज्यमा पनि दास्रो दर्जाका नागरिकजस्ता देखिन्छन् । महिलाहरूलाई सम्पत्ति राख्ने अधिकारबाट, पैतृक सम्पत्तिबाट, गुणस्तरिय शिक्षाबाट, सामाजिक दायित्व र जिम्मेवारीबाट बञ्चित गरिएको छ । यसको प्रमुख कारण पूँजीवादको गर्भबाट जन्मेको पितृसत्तात्मक सामाजिक संरचना हो । प्रगतिवादले महिलाहरू माथि गरिने र गरिँदै आएका सामाजिक, साँस्कृतिक, आर्थिक तथा राज्यीय शोषण दमन तथा उत्पीडनका स्वरहरूलाई उजागर गर्दै आएको पाइन्छ । यसरी नेपाली समाजका दुःख सुख र नारी जातिका घात प्रतिघात तथा आघातहरूलाई यथार्थ कलात्मक रूपमा प्रस्तुत गरी समस्त पाठकवर्ग समक्ष पुऱ्याउने केही प्रगतिवादी कविका केही कविताहरूलाई यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

युद्धप्रसाद मिश्रको नारी घोषणा, मोदनाथ प्रश्रितको कसले भन्छ छोरीको हारेको जुनी, इस्मालीका आइती र तेतरीकी आमा, कुन्ताशर्माका धातु, पोथी बास्नु हुँदैन र हामी सहँदै जाउँला, गोविन्द विकलको शहर झरेकी ठूली, ऋषिराज बरालको बुढी आमैको कथा अझ टुङ्गिएको छैन, पारिजातको एउटा स्वास्नी मान्छेको अन्तर्वाता, आमा, जुठी दमिनीको अभिव्यक्ति, रातमा सूर्यमूखी र मानुषी, । बम देवानको नाङ्गिदा हरेक क्षण, आजका द्रौपदी, पूर्णविरामको भवनबाट फालिएका मुगाहरू, देखेपछि र सङ्केत । मञ्जुलका शहीदकी आमा, कविता सुनिरहेकी केटी, सान्त्वना दिलाउने कविसँग र पत्नीको पत्र । महेश मास्केको केही टुक्रा नारीहरू, विक्रम सुब्बाको अचेल आमा भन्नुहुन्छ, एउटा होटलमा र लोग्नेलाई पत्र । कृष्णसेन इच्छुकको कान्छी भट्टी र देश, बहीनीको सम्झनामा, भाउजु र सिंहदरबारअघि नारा लगाईरहेकी फूलमती । अग्निशिखाको मेरी छोरी आदि प्रमुख मानिन्छन् ।

उपयुक्त कविताहरू मानवमूल्य एवम् नारी जीवनका विविध पक्ष र अनुभूतिसँग सम्बन्धित छन् । यी कविताहरूमा कतै नारीहरूबाट नारी जीवनकै अनुभूति गरिएको छ भने नारी, पुरूष दुवैबाट अनुभूत गरिएका नारी समवेदनाका पक्षहरूलाई यथार्थ रुपमा उठाइएको छ । यिनै समस्या र सवालका पक्षमा उत्कृष्ठ ठानिएका कविताहरूलाई नारी

समस्याको समाधान पहिल्याउने सन्दर्भमा यहाँ केही प्रतिनिधिमूलक स्तरीय कविताको छोटो अनुशीलन गर्ने प्रयत्न गरिएको छ ।

एउटी स्वास्नी मान्छेको अन्तर्वाता

प्रस्तुत कवितामा कवियत्री पारिजातले मुलुकमा स्थापित पूँजीवाद समाजको सामाजिक तथा आर्थिक संरचनाबाट निर्मित नारीहरूको अवस्थालाई हेर्ने र त्यसको कलात्मक अभिव्यञ्जना दिने काम गरेको देखिन्छ । जसबाट मानवीय मूल्यको बोध हुन सकेको पाइन्छ । उदाहरण

जोवन सोध्नुभएको ?
त्यो त हजुर आएको गएको थाह छैन ।
खै जान्ने सुन्नेले भनेको
मेरो जोवन त जिम्मावालको ऊ त्यो
गहुँवारीमा सप्रिसक्यो रे
उसको करेसाबारीको सयपत्रीमा फक्रिसक्यो [२६]।

यस कवितामा सामाजिक तथा आर्थिक चापबाट निर्मित नारी नियतिको कारूणिक चित्र आख्यानात्मक र नाटकीय कोणबाट अभिव्यक्त हुन आएको देखिन्छ । यहाँ गरिएको प्रश्न र त्यसको उत्तरमा स्वास्नीमान्छेले आफ्ना दुरावस्थाको नियतिजन्य कारूणिक कथालाई वर्तमानको अभिव्यक्तिबाट प्रस्तुत गरेकी छन् । यस कवितामा कवियत्री स्वयंम् आत्म कथात्मक शैलीबाट स्वास्नीमान्छेका रूपमा प्रस्तुत भई नारी अनुभूतिको अभिव्यञ्जना प्रस्तुत गर्न पुगेकी देखिन्छिन् ।

मानुषी

यो कविता कवियत्री पारिजातद्वारा लेखिएको नारी अनुभूति र संवेदनाको नमुना हो । यहाँ मूलतः पुरूष समाजद्वारा महिलामाथि गरिएको उत्पीडन, उपेक्षा र अपमानको सन्दर्भलाई वर्ण्य विषय बनाइ मानवीय मूल्यको खोजी गरिएको देखिन्छ । महिलाहरू पुरूष समान काम गर्दछन् । मानवसमुदायको विकासमा दुबैको समान भूमिका रहेको हुन्छ । दुबैको सीप र श्रम समान छ तर पनि किन इतिहासले पुरूषलाई कोसौं अगाडि र

२६ पारिजात,**सेरोफेरो ५:१,** वि.सं.२०४०, पृष्ठ १

महिललाई कोसौं पछाडि धकेलि दिएको छ भन्ने गम्भीर प्रश्न उठाएर कटुसत्यको उद्घाटन गर्न खोजिएको छ । मानव सभ्यताको लाखौं वर्ष लामो यात्रामा सदैब महिलालाई प्रताडना, उपेक्षा तथा पराजित पिडा मात्र दिँदै आएको पाइन्छ । महिला हृदय तथा कोमलतालाई पुरूषले कहिल्यै बुझ्न चाहेन ऊ हमेशा कठोर बन्दै आयो । उसले नारीको प्रसव-वेदनालाई बुझ्न सकेन, गर्भधारणको लामो कष्टलाई बुझ्न सकेन, पुरूषलाई आफ्नो कुल, बंश चलाउन बाबुबन्ने अवसरप्रदान गर्ने महिलालाई स्वयम् पुरूषले नै बुझ्न सकेन बरू उल्टै बलात्कारको सिकार बनायो, सती प्रथा चलाएर जिउँदै आगो लगायो, नगरबधुका रूपमा अपमान दियो, दासी बनाएर उत्पीडना दियो । इतिहासका कुनै पनि कालखण्डले महिलालाई इज्जत, सम्मान र स्वतन्त्रता दिएन भन्ने सामाजिक र लैङ्गिक उत्पीडन नै यस कविताको विवेच्य विषय हो । यहाँ नारी नै कविताको स्रष्टा भएकीले कविताको वर्ण्य विषय केवल अनुभूतिका रूपमा मात्र आएको अनुभूत हुन्छ ।

**उदाहरण**

म तिम्रो मृत देहसँग ज्यूदै डढेर मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यस्तो कहिल्यै भएन
तिमीलाई स्वास्नीमान्छेले बलात्कार गऱ्यो?
तिमीलाई स्वास्नीमान्छेले कलङ्कको टिका लगाइदियो?
तिमीलाई स्वास्नीमान्छेले कतै बेच्यो?
तिमी निरूत्तर छौ यस प्रश्नको अघि [२७]।

**हामी सहँदै जाउँला**

कुन्ताशर्माको यस कविताले नारीहरूको सामाजिक स्थिति र अस्तित्वलाई यथार्थ रूपमा अभिव्यञ्जीत गरेको छ । मानव विकासको आरम्भ तिर नारीहरू शक्तिसाली थिए । उनीहरू

---

२७ पारिजात, **हलकारा** (८ :१, २०४४) पृष्ठ १२

माता जननी, सृष्टिदायी मात्र नभइ पुरूषलाई प्रकृतिका नियमहरू सिकाउने मार्ग द्रष्टा तथा संरक्षकको रूपमा सम्मानित थिए तर तिनै नारी आजको पितृसत्तात्मक समाजमा आइपुग्दा अत्यन्त अवहेलित उपेक्षित, भोग्य र दास्रो दर्जाको नागरिक हुन पुगे । प्रगतिवादी कवितामा नारीहरूको यही यथार्थ अभिव्यक्त कलात्मक भएर आएको पाइन्छ । यस कवितामा कवियत्री कुन्ताले वर्तमान समयमा अवमूल्यन भएको नारी अस्तित्व र अस्मिता माथि दृष्टि गोचर गरेकी छिन् । यहाँ पुरूष समाजले नारीलाई इतिहासको पहिलो बिहानी देखिनै आफ्नो इच्छा अनुसार उपभोग गर्दै आएको कुरा अभिव्यञ्जित भएर आएको छ । खासगरी पितृसत्तात्मक युगको प्रारम्भदेखि पुरूषले नारीलाई जसरी मनलाग्छ त्यसैगरी उपभोग गर्दै ल्यायो उसले नारीलाई कहिले तरबार जिम्मा लगायो त कहिले घरबार, कहिले कोठीमा लगि बेश्या बनायो, कहिले दान दियो, कहिले किनेर लियो, कहिले बीच सभामा नंग्यायो, कहिले श्रृङ्गार गरी कोठामा सजायो, यो पुरूषसत्ताबादी समाजले नारीलाई जसरी चाह्यो उसैगरी भोग गऱ्यो भन्ने भावनानुभूतिलाई प्रस्तुत गर्ने सन्दर्भ सँग मानवीय मूल्यको अवस्था व्यक्त हुन सकेको देखिन्छ ।

उदाहरण

कहिले तरबार जिम्मा लगाएर
कहिले घरबार जिम्मा लगाएर
घरी रणचण्डी बनाउँदै
घरी कोठीको रण्डी बनाउँदै
जसरी मन लाग्छ उपयोग गर
तिम्रो इच्छा अनुसार प्रयोग गर
ठीक छ हामी सहँदै जाउँला
समयको गतिमा बहँदै जाउँला
कहिले दुसासन भएर बीच सभामा नंग्याऊ
कहिले कृष्ण भएर उपहारमा सारी पुऱ्याऊ
जसरी मन लाग्छ उपयोग गर
तिम्रो इच्छा अनुसार प्रयोग गर

................. हामी सहँदै जाउँला

समयको गतिमा बहँदै जाउँला [२८]।

कान्छी भट्टी र देश

कवि कृष्णसेन इच्छुकद्वारा लेखिएको प्रस्तुत कवितामा समाजले महिलाहरूलाई हेर्ने विकृतिमूलक दृष्टिकोण पाइन्छ । एउटी महिला आफ्नो जीवन सञ्चालनको लागि, आफ्ना बालबच्चाको पालनपोषणका लागि एउटा पसल (होटल) थापेर बस्न विवश छ । पसलमा भात पाक्छ, मासु पाक्छ, रक्सी पाक्छ र विक्छ तर त्यसभित्रको विवशता, बाध्यता र उपेक्षाले कान्छीका जीवनमा कहिल्यै शान्ति दिएन । रक्सीका बोतलसित रित्तिदैं गएको जोवन विवशताका भोका थाली र कचौराहरूमा पस्केर सन्तप्त मुस्कानले उदासीनता बाँडिरहेकी कान्छीको माध्यमबाट समग्र नारीजातिको वेदना, व्यथा, आर्तनाद र विपन्न नारीका जीवन व्यथालाई मार्मिक तर कलात्मक रूपमा चित्रित गरेको छ । यस कविताले मानवीयमूल्यबोधको उच्चतर भाव बिम्बलाई उजागर गरेको देखिन्छ ।

यहाँ समाज, संस्कार र संस्कृतिसँग एकल, निरीह, गरीब, असहाय महिलाका जीवनकथाको कारूणीक दृष्यलाई शब्दचित्रद्वारा प्रस्तुत गरिएको छ । यहाँ प्रयोग गरिएका प्राय: शब्दहरू प्रतिक र बिम्बको रूपमा आएका देखिन्छन् होटल सञ्चालन गरेर बस्ने कुनैपनि महिलाको जीवनमा समाजको बक्रदृष्टि र उसले भेल्नुपरेका अनेक मूल्यहीन जीवनभोगाईहरूलाई यथार्थपरक शैलीमा यस कविताले प्रस्तुत गरेको पाइन्छ। यो कविता मानवमूल्य बोधको एउटा उदाहरण हो।

अलिकति सफा र ताजा हिमाली सौन्दर्यको मीठो हाँसो

र अलिकति गरीब माइतीको पुरानो दाइजोले

मानौं प्रकृतिको सुन्दर पसल हो नेपाल

चियाको किट्लीजस्तै भकभकी उम्लिरहेको दु:खी मन

रक्सीका बोतलसित रित्तिरहेको बैंसालु यौवनलाई

विवशताका मुस्कानहरूले उदासी बाँडिरहिछ

२८ कुन्ताशर्मा,महिला संसार (पु,४,२०४१) पृ. भित्रिगातो

कान्छी भट्टी थापिरहिछ

यात्रीहरू आइरहेछन्/गइरहेछन्
परदेशीहरू गइरहेछन्/आइरहेछन्
कोही उसका रूपको नशा पिइरहेछन्
कोही उसका जीवनको दुर्दशा हेरिरहेछन्
विदीर्ण मन अनि जीर्ण तनलाई
जोरेर छट्पटीको तातो भुङ्ग्रोभित्र
खिन्न सुस्केराहरूमा पीडाका धुवाँहरू ओकल्दै
दिनरात क्लेश काटिरहिछ
कान्छी भट्टी थापिरहिछ[२९] ।

यस कवितामा मानवमूल्य बोधका अनेक पक्षहरू मुखरित भएर आएका देखिन्छन्।

### *६.४.२ छुवाछूतप्रतिको दृष्टिकोण*

समाजलाई सुव्यवस्थित गराउन सामाजिक रीतिस्थिति नीतिनियम र व्यवहारीक प्रचलनहरू, पुराना नियम, कानून र परिपाटीहरू समाज परिचालनका मुख्य सिद्धान्तका रूपमा रहँदै आएका हुन्छन् । जुनसमयमा जस्तो समाज रहन्छ त्यसबेलाको समाजलाई उपयुक्त हुने गरी राज्यले कानून बनाउनु पर्छ र युगानुकूल परिवर्तन गर्दै जानुपर्छ । समाज व्यवस्थापन गर्न सरकारले संविधान, ऐन र कानूनमा निरन्तर परिमार्जन गरिरहेको हुन्छ तर हाम्रो समाजमा प्राचीन बैदिक कालदेखि नै मानवताका कलङ्कको रूपमा चलिआएको छुवाछूत प्रथा भने वर्तमान युगसम्म यथावत् रही आएको देखिन्छ । प्राचीनकालमा समाज तथा मानव जीवन परिचालनका लागि चाहिने यावतकुराहरू धर्मसँग जोडिएका हुन्थे । त्यसबेला धर्मशास्त्रहरूले नै समाज सञ्चालनको उच्च आदर्श मानकका रूपमा रही अहिलेको विधायिकाको काम गर्दथे । त्यसबेलाका राज्यले बनाएका कानून तथा नियमहरूमा श्रुति स्मृति तथा पुराणहरूको प्रत्यक्ष प्रभाव परेको हुन्थ्यो । प्राचीन बैदिक साम्यवादमा “वेदोऽखिलो धर्ममूलम्” भनी सबै धर्मको मूल वेदलाई मानिएको थियो भने वेदले “वसुधैव कुटुम्बकम्” को आदर्श सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ । वैदिक साम्यवादको स्थापना गर्ने

२९ कृष्णसेन इच्छुक, इच्छुक रचनावली (भाग २), पूर्ववत्, पृष्ठ ५१

विश्वमानवतावादी सिद्धान्त संसारकै सर्वश्रेष्ठ मानवमूल्यवादी सिद्धान्त हो भन्ने देखिन्छ ।

प्राचीन वैदिक युगमा छुवाछूत थिएन, जातपात थिएन, धनी गरीबको कुनै भेद थिएन, राज्य थिएन, राजा थिएन, दण्डको नीति थिएन र तेरो मेरोको भावना पनि थिएन, मार्क्सको वैज्ञानिक साम्यवादको परिकल्पना पनि यसै बिन्दुबाट सिर्जित हुनसकेको देखिन्छ । प्राचीन युगका अनेक समयहरूलाई हेर्दा छुवाछूत वर्णभेद, वर्गभेदको नीति धेरै पछि मात्र आएको पाइन्छ । कृषि युगमा आइपुग्दा न्यून भै सकेको छुवाछूत प्रथा पछि सामान्तयुग हुँदै पूँजीवादी युगसम्म आइपुग्दा विशाल मानवद्वेषी भएर आएको देखिन्छ । सुरू सुरूमा गुण, कर्म र स्वभावका आधारमा वर्ण विभाजन गरिएको थियो । वर्णहरू जम्मा ४ प्रकारका मानिन्थे । चारै वर्णमा मैत्री तथा बन्धुत्वको भावना थियो । एक वर्णले अर्को वर्णलाई परस्पर सहयोग गर्दै आयो । अस्पृश्यताको भेदभाव कतै थिएन सबैमा समानताको सद्भाव थियो । आ-आफ्ना आचरण र जिम्मेदारीसँग सबै प्रतिबद्ध थिए । रूची, शक्ति र योग्यता अनुसार व्यवसाय सञ्चालन गर्ने अधिकार सबैमा थियो । समयको गति समाजको सोचाइ र पूँजीवादी राज्य व्यवस्थाका कारण कालान्तरमा आएर पेशाहरूले पुर्ख्यौली रूप लिन थाल्यो र समाजमा सोही अनुसारका आफ्ना पेशाहरू सुनिश्चित हुन पुगे । जातिको परिचय कर्म र व्यवसायद्वारा गराउनु पर्नेमा जन्मका आधारमा गराउन थालियो । पूँजीवादी सत्ता र समाजको सोच अनुसार समाजमा धनी र गरीबको अवधारणा सुरू भएर आयो । रक्तको पवित्रता वंशको सुद्धताका लागि अनुलोम विवाहलाई ग्राह्य र प्रतिलोभ विवाहलाई त्यज्य ठानियो । मानववंशहरूमा हुँदै गइरहेको रक्तसमिश्रण र प्रतिलोम विवाहबाट कालान्तरमा बहुजाति तथा जनजातिहरूको वंशबर्धन हुँदै आयो । तत्कालीन बनाइएको वर्णव्यवस्था अनुसार आचरणको उल्लङ्घन, प्रतिलोम विवाह, विधर्मी विवाह, आर्थिक रूपमा गरीब र तल्लो दर्जाको व्यवसाय गर्ने व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणका कारण समाजमा भेदभाव, वर्ग विभाजन तथा अस्पृश्यताको वीजारोपण भएर आएको देखिन्छ [३०]।

यसरी हेर्दा हाम्रो समाजको जातीय परम्परा र भेदभाव मध्ययुग देखिनै चल्दै आएको पाइन्छ ।

---

३० मोदनाथ प्रश्रित, **मानवताको कल□ जात पात र छुवाछूत प्रथा,** किरण पुस्तकालय, तम्घास, २०५८ भूमिका

करिब तीन हजार वर्षदेखि समाजमा विद्यमान रहेको जातीय भेदभावको नीति वर्तमान युगसम्म आइपुग्दा पनि मानवता विरोधी र मानवद्वेषी व्यवहारबाट मुक्त हुन सकेको पाइँदैन । मानव समुदायले आफैं सिर्जना गरेको यस्तो अमानवीय वा मानवद्वेषी संस्कृतिमा पूर्ण परिवर्तन ल्याइ युगीन सामाजिक चैतन्यको विकास गर्न प्रगतिवादी कविताले अहम्: भूमिका निर्वाह गरेको देखिन्छ। प्रगतिवादले समाजका सबैखाले विभेदपूर्ण नीति, नियम, कानून र अनुशासनका पक्षहरू माथि व्यंग्य विद्रोह प्रकट गर्दै रचनात्मक रूपान्तरणका लागि सङ्खनाद गरेको पाइन्छ।

नेपाली समाजमा विद्यमान अछूत जातिका अवस्थाको अवलोकन गर्दा युग सापेक्ष चेतनाको विकास गर्दै सामन्तवादी वर्ण व्यवस्थाबाट अछूत तुल्याइएका तमाम जनतामा एउटा जागरणको अभियान ल्याउनु पर्छ र मात्र दलितवर्गको मुक्ति सम्भव हुन्छ भन्ने धारणालाई प्रगतिवादी कविहरुले मार्क्सवादी सौन्दर्यशास्त्रको परिधिभित्र रही आफ्ना रचना मार्फतअभिव्यक्त गरेको पाइन्छ।

वर्तमान समाजको चेतना अब धेरै अगाडि बढिसकेको छ। यस्तो स्थितिमा नेपाल भारत जस्ता केही मुलुकहरूमा मात्र सीमित रहेको छुवाछूत प्रथाले मानवीयमूल्य हीनताको स्थितिलाई दर्शाएको देखिन्छ। यस्तो मानवीय कलङ्कको रूपमा समाजमा चल्दै आएको अमानवीय प्रथाले मानव समाजमा एउटा मानवद्वेषी पर्खालको काम गरेको छ। यस्तो अमानवीय कार्यबाट आफू र आफ्नो समाजलाई बचाउन सरकार, संसद, न्यायलय, सबै राजनैतिक पार्टीहरू, शैक्षिक सामाजिक तथा साँस्कृतिक नियमहरू, राज्यको कानून, मानवअधिकारवादी संघ संस्थाहरूको सामूहिक प्रयत्नबाट मात्र यस्तो मानवद्वेषी छुवाछूत प्रथाको अन्त्यगर्न सकिन्छ । वर्तमान विश्वमा दलित वा अछूत बनाइएका वा भनिएका मानिसहरू ज्यादै पछ्याडिएका छन् । यसको मूलकारण उनीहरूलाई युगौंदेखि आर्थिकरूपले विपन्न बनाई राख्ने शोषण, दमन र उत्पीडनले उत्पीडित बनाइराख्ने, सामन्तवादी रूढिवादी तथा परम्परावादी समाज, सत्ता र संस्कृति हो।

प्रगतिवादी कविताले सदैव सामन्तवाद, रूढिवाद र परम्परावादबाट उत्पन्न शोषण, दमन, उत्पीडन, सामाजिक विभेद, छुवाछूत र अन्यायको विरोध गर्दै आएको पाइन्छ । प्रगतिवादी कविताले नेपाली समाजमा विद्यमान छुवाछूत र उत्पीडनका स्वरहरूलाई समाजपरक यथार्थका आधारमा प्रस्तुत गरेको देखिन्छ। उदाहरण

अछूत नाम मेटेर शिक्षावर्गीय मानव

भातृत्व भावनायुक्त कहिले देख्न पाउँला [३१]।

संसारका सबै मानिस एउटै मनुका सन्तति हुन भन्ने 'बसुधैब कुटुम्बकम्' को आदर्श वाक्य सँग मानवीय मूल्यको सम्बन्ध जोडिए पनि अझ भेदभाव सकिएको छैन । अछूत बनाइएकाहरूको श्रम चल्छ, शिप चल्छ तर पानी चल्दैन किन? अछूतले बनाएको मन्दिर चल्छ ,मन्दिरको मूर्ति चल्छ तर मन्दिरमा पस्न दिंइदैन किन? रातदिन पसिना बगाउनेलाई दास बनाइयो अछूत बनाइयो तर जसले श्रम खोसेर खायो त्यो ठूलो भयो, पूज्य भयो किन? जस्ता प्रश्नको उत्तरलाई प्रगतिवादले सामन्त संस्कारको उपज ठानेको छ । जस्तैः

मान्छे मान्छे एउटै हो नी

फरक किन भो

श्रम चल्छ शिप चल्छ

पानी नचल्ने भो[३२]।

यसैगरी कवि प्रश्रितको "सुन कामी साइँला दाइ" कविताले संसारको निर्माण गर्ने हामी ज्यूँदा सपुतहरू कहिले अछूत भयौं? भन्ने विचारलाई यसरी व्यक्त गरेको देखिन्छ । जस्तैः

दिनभरि रन्किएको आरनमा डढी

रातो फलाम ठटाउँछ जसले मरी मरी

आवाद छ विश्व जसको फाली कोदालीले

उसैलाई भन्छ अछूत मान्छे बैइमानी

कुँडिएको औजारमा चम्काएर धार

जसले सारा सिर्जनाको खोलेको छ द्वार

धर्ती तिमी हाँसेकी छौ जसको पसिनामा

के गरेर अछूत भो त्यै सपूत आमा[३३] ।

यसैगरी कवि प्रश्रितको "जान्न मत मन्दिरमा आमा" कविताले दलित, अछूत, मजदूर,

---

३१ मोदनाथ प्रश्रित, आमाको आँसु, वि.सं.२०१९, पूर्ववत् , पृष्ठ १५

३२ बिनु काफ्ले गीतकार, गायक यस कुमार

३३ मोदनाथ प्रश्रित, **मोदनाथ प्रश्रितका संकलित रचना**,पूर्ववत् पृ १६३

सबैलाई सहयोग गरी समतामूलक समाजको निर्माण गर्ने उद्घोष गरेको पाइन्छ ।

कामीदाइको आरनमा भाटी चलाई दिन्छु
बाँझो पाखो जोत्नलाई फाली कमाइदिन्छु
दमाई दाइको दलानमा मिसिन चलाई दिन्छु
जडाएका जनतालाई लुगा सिलाई दिन्छु [३४]।

कवि किसानको 'चिट्ठी' कवितामा शोषित, पीडित मेहनती जन समुदायलाई सामन्तवादी सत्ता र शक्तिले शोषण गरेको हुँदा महिला, किसान, शोषित, पीडित सबै एक भएर नेपाली समाजमा विद्यमान छूवाछूत, भेदभाव र विषमताजस्ता मानवमूल्यविरोधी क्रियाकलापहरूको विरोध गर्नुपर्छ त्यसका लागि पूर्ण प्रजातन्त्रको आवश्यकता हुन्छ भन्ने उल्लेख गरिएको पाइन्छ ।

अछूतमा गनिएका दमै, सार्की, कामी
च्यामे, पोडे,चमार बादी त्यस्तै अरू धामी
प्रजातन्त्र साँच्चै आए पाउँथे यिनले हक
के को हुन्थ्यो प्रजातन्त्र खाली फुस्रो गफ [३५]।

कवि कृष्णसेन इच्छुकको "अस्वीकार" कविताले विद्रोहात्मक क्रान्ति चेतना सहित पूँजीवादी समाजमा विद्यमान दलित वा अछूत प्रतिको दृष्टिकोण व्यक्त गरेको पाइन्छ । प्रस्तुत कवितालाई मानवीयमूल्यका दृष्टिले अवलोकन गर्दा कर्मका आधारमा विभाजन गरिएको जाति प्रथाले जन्मको आधार लिन थालेपछि समाजमा देखिएको छुवाछूत प्रथा सामन्तवादी सत्ता र संस्कृतिको उपज बन्न पुगेको देखिन्छ। समाजका धनाढ्य पूँजीपतिवर्गले गरीब, किसान, विपन्न, निमुखा जनतालाई जस्तो जात दिए, जस्तो धर्मकर्ममा लगाए, उनीहरूले जीवन निर्वाहका लागि त्यस्तै त्यस्तै गर्दै आए । गरीब भयो, निर्धो भयो, पछि त्यही अछूत भयो । ऊ समाजबाट काडियो ऊ दलित भयो ।

तर दलित हुनुमा उसको दोष त्यतिमात्र हो कि ऊ निर्धो भयो र गरीब भयो । गरीब

---

३४ मोदनाथ प्रश्रित, प्रश्रितका संकलित रचना, पूर्ववत्,पृ.२६२
३५ देवीप्रसाद किसान, समातेर पछ्यार, पूर्ववत्, पृष्ठ २१

तथा निर्धो निमुखो भएकै कारण ऊ सबैबाट हेपियो, शोषियो र दलियो, उसलाई आत्म विकास, शिक्षा, चेतना तथा आर्थिक समुन्नति गर्नबाट बञ्चित गराइयो । त्यसैले ऊ कालान्तरदेखि आजसम्म सँधै दलित, सँधै गरीब, भएर बाँच्न विवश छ भन्ने भाव विम्ब यस कवितामा सामाजिक यथार्थका साथ अभिव्यञ्जित हुन पुगेको देखिन्छ । जस्तै:

घाँटी-घाँटीसम्म अपमान दियौ तिमीले
टुप्पी-टुप्पीसम्म तिरस्कार दियौ तिमीले
अछूत र दलितको घृणित पगरी भिराएर
ज्युँदै नर्कमा पुऱ्यायौ तिमीले
बल्ल बुझें मैले तिम्रो कालो रीतिलाई
आज स्वाभिमानले माथि उठाएँ मैले
फाल्नुपर्ने त कालो प्रथा रहेछ
मिल्काउनु पर्ने त दुष्ट चालरहेछ
बुझें मैले बुझ्नु पर्ने कुरा
मेरो मालिक
तिम्रो आज्ञालाई तिरस्कार गरें मैले
आज सिनु फाल्न अस्वीकार गरें मैले[३६]।

### *६.४.३ किसान तथा मजदूर प्रतिको दृष्टिकोण*

प्रगतिवादी कवितामा समाजमा विद्यमान पूँजीवादी सत्ता समाज र संस्कृतिबाट किसान र मजदूरवर्गप्रति गरिएको अमानवीय व्यवहार तथा उनीहरूको श्रम, पसिनाको मूल्यहरण गरिएको यथार्थतालाई कलात्मक भाव विम्बद्वारा उजागर गरिएको पाइन्छ । मानिस आफ्नो उद्भवको पहिलो प्रभात देखिनै आफ्नो जीवनयात्राको क्रममा प्रकृतिसँग सङ्घर्ष गर्दै आएको एक उर्ध्वगामी चेतनाको प्रतिक हो । यही विशेषताका कारण मानिसले मानिसको गौरवमय इतिहास निर्माण गर्न सफल हुँदै आएको हो । प्रागैतिहासिक युगबाट सञ्चालित हुँदै आएको किसानहरूको जीवन प्रणाली वर्तमान युगसम्म आइपुग्दा पनि मानव जीवनका इतिहासको

---

३६ कृष्णसेन इच्छुक, इच्छुक रचनावली (भाग २), पूर्ववत्, पृष्ठ १५३

मेरूदण्ड बन्न सकेन यो एउटा दुर्भाग्य हो । प्रगतिवादी मान्यताले भने मानिसको सङ्घर्षशील इतिहासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्न चाहन्छ र त्यही अनुसार वर्तमान तथा भविष्यको निर्माण गर्न चाहन्छ । मानव जीवन रक्षाको कठोर अभिभारा बोकेर सङ्घर्षशील जीवन बिताउने किसानहरू स्वयम् अकालग्रस्त भएर जीवन उत्सर्ग गर्न पुग्नु भनेको पूँजीवादी सामन्तवादी आर्थिक संरचनाको उपज हो । समाजमा रहेका साहु, महाजन, जमिन्दार तथा उच्च सम्भ्रान्तका हातमा रहेको भू-स्वामित्व र भूमिहीन गरीब किसानका हातमा रहेको श्रमको मूल्यमा असमानतापूर्ण अन्तर्विरोध रहेको हुँदा नै किसान तथा मजदूरवर्गको उत्थान हुन नसकेको हो भन्ने ठहर प्रगतिवादी कवितामा व्यक्त हुन सकेको पाइन्छ । कृषिप्रधान देशमा कृषकहरू नै अवहेलित हुनु उनीहरूकै श्रम शोषण गरिनु, भोकमरी, अनिकाल र महामारीले उनीहरूलाई नै सताउनु, उन्नत एवम् प्रगतिशील वैज्ञानिक तैर तरिकाबाट कृषि प्रणाली सञ्चालित हुन नसक्नुले समाजको अकर्मण्यता र श्रम शोषणको पुष्टी हुन सकेको देखिन्छ ।

प्रगतिवादी कवितामा व्यक्त मानवीयमूल्यका दृष्टिले किसानहरूको जीवनपद्धतिलाई अवलोकन गर्दा, उनीहरूको जीवन एउटा अमानवीय कुचक्रको कालो जालोभित्र छटपटाई रहेको अनुभूत हुन्छ । हिउँद, वर्षा गोरूझैं जोतिएका किसानहरू पूँजीपति जमिन्दारहरूको ऋण तिर्न नसक्ता, आफ्नो देश ओतन तथा थातबास छोडेर आफ्नो अर्थ र अस्तित्व मेटाएर मूल्यहीन अवस्थामा मुङ्लान भासिन पुगेका उदाहरणहरू पाइन्छ । पूँजीवादी सत्ताको आडमा शोषक सामन्त तथा जमिन्दार वर्गले किसानहरूलाई दास बनाएर, कमैया बनाएर, कमलरी बनाएर जीवनभर उनीहरूका श्रमको शोषण गरिरहेका छन् । उनीहरूले वर्षभर मेहनत गरी कमाएको अन्नले साहूलाई बुझाएर चार महिना सम्म पनि खान पुग्दैन । फेरी साहुको ऋण व्याज, अनि व्याजको पनि व्याज तिर्नुपर्दा उनीहरूको जीवन सँधै अभाव, गरीबी र हीनता ग्रस्त बन्न पुगेको छ । पूँजीवादी सत्ताका कारण सबै मुलुकबाट न्याय, विवेक र नैतिकता धरासयी बन्न पुगेको अनुभूत हुन्छ । जमिन्दारको खेती कुत/अँधियाँ/ठेक्कामा लिएर खेतीगर्ने भूमिहीन किसानले मालिकको सेवामा आफ्ना छोरा छोरीहरूलाई पठाउनु पर्ने, घरायसी कामका लागि नादान बच्चाहरूलाई खटाउनु पर्ने जस्ता बाध्यकारी अवस्थाको चित्रण हुन सकेको पाइन्छ । यहाँ कति अस्मिताहरू लुटिन्छन्, कति अमानवीय खेल खेलिन्छन्, कतिलाई अवहेलना

र तिरस्कारको सिकार बनाइन्छ । यसको लेखाजोखा गर्न त सामाजिक यथार्थताको दृष्टिले मात्र सक्दैन यसका लागि संवेदनशील भावनात्मक अर्न्तदृष्टिको आवश्यकता पर्दछ । यिनै जीवन मूल्यबोधलाई प्रगतिवादी कविताले आफ्नो भावभूमि बनाएको पाइन्छ । जस्तै :

खेतीवाला तरर पसिना काढी खाई नखाई
डोको बोकी सतत् घुम्ने वस्त्र आकाशलाई
तिन्मा झम्ट्यो चरहरू लिई धेर पैसा संगाली
पोस्यो घोडो कुकुर गणीका हेर कस्तो प्रणाली [३७]।

कवि जनकप्रसाद हुमागाईले 'किसानको गीत' कवितामा उत्पीडित किसानवर्गको पसिना माथि रजाईं गर्ने सामन्त प्रवृत्तिलाई सरल ढंङ्बाट प्रस्तुत गरेका छन् । दिनरात परिश्रम गर्दापनि भोकै सुत्नुपर्ने साहूको व्याजबाट कहिल्यै मुक्त नहुने र कष्टकर जीवन विताउनु पर्ने यथार्थतालाई कविले यसरी व्यक्त गरेको पाइन्छ । जस्तै :

घ्यू खानी ढ्याके मुरी र पच्चीस व्याजको चलन
ती सिधा साधा किसान वर्ग सक्तैन बोलन्
कानून लड्नु उनैको जीत राजाले देख्तैन
यो अत्याचार किसानी भाइको देखनीले लेखेन ।
आखिर यहाँ बिचरालाई दुःखको दुःखै छ ।
व्याजको स्याज सामन्ती आई बनाई लैजान्छ [३८]।

नेपालको भविष्य कवितामा कवि गोकुलप्रसाद जोशीले मार्क्सवादी जीवन दर्शनको सारभूत तत्वलाई प्रकट गरेका छन् । नेपाली किसानहरूका दिनचर्याको वर्णन गर्दै गृष्मको तातो घाम र वर्षादको झरीमा, घाम वर्षा नभनी निरन्तर पसिना बगाउने किसानहरूको घर खाली भएको छ । वर्षभरी उब्जाएको अन्न मालिक/साहु वा जमिन्दारलाई बुझाएर पुनः त्यही साहुको करिया भएर बस्न बाध्य तुल्याइएको छ । जीवनका सबै आशा, उमङ्ग र उत्साहलाई शोषणको आगोले पिसोल्ट्याउँदा किसानको जीवन अत्यन्त निराश, हतास र उदास बन्न पुगेको छ । यस्तो

---

३७ केवलपुरे किसान, **बोको खस्यो**, पूर्ववत्, पृ. २
३८ जनक प्रसाद हुमागाई, **किसानको गीत**, रत्न पुस्तक भण्डार, काठमाण्डौ, वि.सं.२०१६, पृ २/३

अवस्थामा आमूल परिवर्तनकारी आँधी बनेर देशका युवावर्गले सामन्ती सत्ता र शासकहरूको विरूद्ध विद्रोह गर्नुपर्छ भन्ने भाव अभिव्यक्त हुन सकेको पाइन्छ ।

उदाहरण

काम गर्छौं रूझी भिजी तिम्रो घर खाली
सामन्तले पोको पार्छ बर्षभरको बाली
आशा मर्‍यो जीवनको शोषणले गर्दा
खान नपाई आन्द्रा सुकी बालबच्चा मर्दा [३९]।

गरीबी र कुपोषणका कारण सन्तान बाँच्न नसकेको र बालबच्चा मरूवाहरूलाई कसैले पनि आफ्नो घरमा आश्रय नदिने गरेको सामाजिक कुरीति प्रति केवलपुरे किसानले यसरी व्यङ्ग्य गर्न पुगेका देखिन्छन् । यहाँ मानव किनबेच वा दास प्रथाको प्रतिकात्मक विम्ब मूल्यबोधक भएर अभिव्यञ्जित भएको अनुभूत हुन्छ ।

पाए जति छोरा छोरी पुकुपुकु मर्ने
बस्नु खानु घरमा छैन मैले कसो गर्ने
छोरा छोरी मरूवालाई नराख्ने रे घरमा
नमर्ने चाहिँ ल्याउने रे पाँच पैसाको दरमा [४०]।

बम देवानको 'आगोको खेती' कवितामा यथास्थिति प्रति किसानको वितृष्णा जागृत भएर आएको, अबको युगमा सामान्य सुधार र सीमित उपलब्धीबाट युगीन आवश्यकता पूर्ण गर्न नसकिने यथार्थताको अभिव्यक्ति भएर आउँदा क्रान्ति रागात्मक मानवीय मूल्यको प्रस्तुति हुन सकेको पाइन्छ । उदाहरण

अब यी बारीहरूमा आगो उम्रियोस्
अब यी खेतहरूमा आगो उम्रियोस्
हो आगो !
हरेक पात, डाँठ र वालामा आगो

---

३९ गोकुल जोशी,नेपालको भविष्य, पूर्ववत्, पृष्ठ ५
४० केवलपुरे किसान, छि.छि, पूर्ववत्, पृष्ठ ९

कपनि, घोगा र धानचमरमा आगो

लार, पराल, सबैमा आगो लहलहाउँदै उठोस् [४१]।

यसैगरी कवि युद्ध प्रसाद मिश्रका कविताले किसानका जीवन कथा र श्रम मूल्यको खोजी गरेको पाइन्छ अकर्मण्य शासकहरूको अकमर्ण्यताले मुलुकको विकास र किसानको उन्नति कहिल्यै हुन सकेन गरीब तथा किसानको उन्नति कहिल्यै हुन सकेन गरीब तथा किसानका झोपडीहरू झन झन् ढल्न थालेको तर दरबार चाहिं झन् उचा उचा बन्दै गएको यथार्थलाई कविले यसरी व्यक्त गर्न पुगेका छन् ।

यहाँ वर्गीय उत्पीडन र उत्पीडनकारी संरचनाका कारण दुःख पूर्ण भएको अवस्थाको चित्रण हुन सकेको पाइन्छ ।

उदाहरण

छाप्रोचाहिँ हुँदैछ दिन्दिन खतम दर्बारचाहिँ खडा

वारीका तटबाट बग्दछ कुलो रित्तो छ हाम्रो घडा । -युद्वप्रसाद मिश्रका कविताहरू, पृ ११

कवि गोकुलप्रसाद जोशीको 'धरानको एक झलक' कविताले असमानता जन्य श्रमजीवी वर्गको शोषण वा दोहन गर्ने प्रवृत्तिलाई देखाउँदै उत्पीडित वर्गको उत्पीडनाबाट परिवर्तनकारी क्रान्तिको आरम्भ हुन्छ भन्ने दर्शाएको छ ।

उदाहरण

ज्यामीको घर छैन बस्छन् रूखमुनी

पसिनामा डुबेका छन् प्रकृतिका धनी

गरीबीको ककेरामा फैलाएको जीऊ

त्यहीबाट पैदा हुन्छ जागृतिको बीऊ

मावनको हक लिन आन्दोलन गर्लान्

मर्नैपर्छ भने बरू क्रान्ति गरी मर्लान् ।

मजदूरले बनाउँछ सात तले महल

महलमा सामन्तले गर्छ चहल पहल

---

४१ बम देवान, आगोको खेती ,सङ्कल्प वि.सं.२०३७ वैशाख/जेठ, पृष्ठ ३

मजदूरले बनाउँछ बन्दुकको गोली
मजदूरकै रगतमा मनाइन्छ होली[४२]।

नेपालमा २००७ सालपछि पनि राणाहरूले बनाएको जहानियाँ नियम कानून कायमै रहेको र सर्वसाधारण किसान तथा मजदूर वर्गले दुःख पाई रहेको, मानिसले मात्र हैन प्रकृतिले समेत किसानलाई अन्याय गरेको यथार्थतालाई कवि जनक हुमागाँइले यसरी व्यक्त गरेको पाइन्छ ।

उदाहरण

न्याय र निसाफ पैसाले हेर्छ कानूनले हेर्दैन ।
बाठाकै हुन्छ सम्मान पनि लाटालाई टेर्दैन ।
दैवले पनि किसानलाई सालिन्दा मार्दो छ ।
पर्दैन पानी टायममहाँ अन्याय गर्दो छ [४३]।

समाजमा प्रचलित ठूला ठूला सामाजिक तथा साँस्कृतिक चाडपर्वहरू आउँदा पनि गरीब हुनुको कारणले झोपडी भित्र बस्नेहरूका मनमा झन पीडा, छटपटी, चिन्ता र बाध्यता थपिएर आउँछ । नफाटेका लुगा लगाउने र एक छाक भएपनि मिठो मसिनो खाने रहर भएकाहरूलाई, चाडपर्व भन्नु एउटा ठूलै चुनौतीको विषय हो भन्ने विचार सुदामा पत्नीको अभिव्यक्तिबाट कवि मिश्रले प्रष्ट पारेका छन् । उदाहरण

दारिद्र्य दुःख भयको मनमा पहाड
कर्जा विषाल, छ पुनः गरने दहाड
स्वप्नासरी हुन गए सब चाडवाड
मारे पनि शरीर यो टुट्दैन भार [४४]।

यसैगरी समाजमा भएको चोरी, तस्करी, भ्रष्टाचारी, अन्याय, अत्याचार, शोषणको विरोध गर्ने क्षमता समाजका सर्वसाधारण गरीब, किसान, तथा मजदूरवर्गसँग छैन । समाजका ठूला, ठालु, साहु, महाजनहरूले गरेको अन्याय, अत्याचारका विरोधमा न्याय

---

४२ गोकुलप्रसाद जोशी, नेपालको भविष्य, मलाया नआउ कविता, पूर्ववत्, पृष्ठ ९
४३ जनकप्रसाद हुमागाँई, किसानका समस्या, पूर्ववत्, पृष्ठ ४
४४ युद्ध प्रसाद मिश्र, मुक्तसुदामा खण्डकाव्य, मुक्ति प्रकाशन वाराणसी, वि.सं.२०२९, पृष्ठ ४७

माग्न गए त्यहाँ झन ठूलो सामन्त बसेको छ । गरीब दुःखीको न्याय कहीँ कतैबाट हुँदैन भन्ने अभिप्रायलाई कवि युद्ध प्रसाद मिश्रका कविताले उजागर तुल्याएको पाइन्छ ।उदाहरण

जाउँ फिराद बीच न्याय छ घुसखोर
इन्साफ गर्न बसने महसूर चोर
हाम्रो थिएन बलियो मन भित्र जोर
हाम्रो थियो समय त्यो बहुतै कठोर[४५]॥

कवि मोदनाथ प्रश्रितको 'मजदूर' कविताले संसारका मजदूरहरू विश्वनिर्माणका हातहरू हुन यिनीहरूका मिहनेत र पसिनाले वाटा-घाटा, शहर, नहर, बडाबडा इमारतहरू निर्माण भएका छन् । यिनै संसारका निर्माताहरूको आफ्नो घर छैन, थात, वास र ओतन छैन, भन्ने यथार्थतालाई 'मजदूर कविताले'यसरी व्यक्त गरेको छ । जीवनभर काम गर्दा पनि उचित श्रमको मूल्य नपाउँदा गरीबीको घेराबाट मुक्त हुन नसक्नु पूँजीवादी, सामन्तवादी, सत्ता, शासक र उनीहरूद्वारा सञ्चालित सामाजिक संरचना एवम् शोषण प्रवृत्तिको कारण हो भन्ने देखाउँदै संसारभरीका मजदूरहरूलाई एक भएर समानताको लालपताका फहराउन आव्हान गरेको पाइन्छ । जस्तै :

तपाई बस्ने घर बनाउने हामी हौ मजदूर
तपाइले लाउने कपडा बुन्ने हामी हौ मजदूर
झिलिमिली ठूला शहर बनाउने हामी हौ मजदूर
खानी खन्ने बिजुली झिक्ने हामी हौ मजदूर
तपाई हिड्ने सडक बनाउने हामी हौं मजदूर
तपाई चढ्ने गाडी बनाउने हामी हौं मजदूर
तपाई पढ्ने किताब छाप्ने हामी हौ मजदूर
रेडियो, टि.भी, विमान बनाउने हामी हौ मजदूर

---

४५ युद्धप्रसाद मिश्र,**मुक्तिरामायण**, मुक्तिप्रकाशन, वाराणसी, वि.सं.२०२२, १/३९

हामी बस्ने बास छैन तर हामी नाङ्गै छौ ।
भरपेट खान गाँस छैन, हामी अशिक्षित छौं ।
पसिना भएर बग्दछ हाम्रो जीवन यो अनमोल
तैपनि हामी पाउँदैनौ श्रमको पूरा पूरा मोल [४६]।

कवि कृष्णसेन इच्छुकको "कमैया दुःखीरामलाई प्रश्न" नामक कविताले नेपालका शासक वर्गले मुक्तिका नाममा गरीब कमैयावर्गमाथि देखाएको अदूरदृष्टि पूर्वकको सहानुभूतिले कमैया वर्गमा झन दुःखदायी क्षणको सिर्जना गएको बिचार व्यक्त गरेको छ । सयौं वर्ष देखि अरूको खेती कमाई गरी खाने साहूको कमारो झैं दिनरात उसैको काम गर्ने कमैयाहरूलाई केही नदिई मालिकको खेतीबाट छुटाउनु र सरकारको तर्फबाट पनि उसका गाँस, बासको कुनै व्यवस्था नगरी कमैया मोचनको घोषणा गर्नुले सामन्तवादी सत्ता र सरकारको नग्न नृत्य प्रस्तुत भएको बोध गराएको छ । मानवले मानवलाई दिइएको अपमान, घृणा र उत्पीडनाको उत्कर्षतालाई यस कविताले आफ्नो भावभूमि बनाएको देखिन्छ ।

दुःखीराम ! के यो तिम्रो मुक्ति हो?
रत्नगर्भाका फाँटहरू
के अब पसिना बगाउनेहरूका भए?
अइज्जत जस्तै
जेलिएको शोषणको अवसान भएर
तिम्रो रगतमा
ब्रह्मलुट मच्चाउनेहरू
के अब रसातल गए?
तिमीसँग सोध्न मन लागि रहेछ एउटा प्रश्न
के अब खेत जोत्नेको भयो?
के शोषणका विरूद्ध चेतनाको सङ्घर्ष अन्त्य भयो
या बल्ल सुरू?

४६ मोदनाथ प्रश्रित, मोदनाथ प्रश्रितका संकलित रचना, (भाग २), पूर्ववत्, पृष्ठ ३२१

किन सुखी छैनन सुखीरामहरू
तिमीजस्तै बधुँवा त होइन
तर पनि
किन बल्दैन अझै
तिनका चिसो चुल्होमा आगो
किन फेरिंदैन अझै
तिनका आङ्को फाटेको लगौंटी[४७]।

यसैगरी देशको दोस्रो, तेस्रो दर्जाका नागरिक सरह अवमूल्यन गरिएका किसान, मजदूर गरीब, विपन्न र सर्वहारा वर्गको मुक्ति नभई समाजको रूपान्तरण हुन नसक्ने हुँदा मार्क्सवादी भौतिकवादले सर्वहारा मुक्ति आन्दोलनलाई प्रश्रय दिदैं आएको देखिन्छ । प्रगतिवादी काव्य कविता र कलामा मानवमुक्तिका अनेक सम्भाव्य विन्दुहरू गाँसिएर आएका छन् । किसान मजदूर र गरीबहरूको पनि जीवन हो । उनीहरूका जीवनको पनि मूल्य हुन्छ, अर्थ हुन्छ र अस्तित्व हुन्छ तर पूँजीपति सम्भ्रान्त र शोषक सामन्तवर्गले उनीहरूको जीवनको कुनै मूल्य छ भन्ने ठान्दैनन् । त्यही विन्दुबाट द्वन्द्ववादको सृष्टि भएको हो । त्यही द्वन्द्वात्मक भौतिकवादी विचारको कलात्मक स्वरूप नै प्रगतिवाद भएको र साहित्यको मूल प्रवाह कविता भएकोले मानव जीवनका संवेदनशील सबै क्षणहरूको समुद्घाटन गर्न यो विधा सक्षम र सफल देखिन्छ ।

मानिसले मानिसलाई मानिस झैं व्यवहार गर्नु पर्छ, मानवीयमूल्यको पहिचान गर्नुपर्छ समतामुलक साम्य समाजको निर्माण गर्नुपर्छ । अन्याय, अत्याचार र शोषणको विरोध गर्नुपर्छ भन्ने उच्च आदर्शले भरिएको मर्यादा युक्त भाव प्रवाहको प्रशारण गर्नु प्रगतिवादी कविताको मूल आशय रहेको हुँदा यसको गहिराईबाट मानवीयमूल्य बोधको स्थिति सिर्जना हुन सकेको पाइन्छ ।

मानव-मानव बीच रहेको भेदभावपूर्ण जीवन दृष्टिबाट मुक्त भएर समतामूलक समाजको निर्माण गर्ने दृष्टि विन्दु तयार हुनु प्रगतिवादी कविताको प्राप्ति र उपलब्धी दुबै हो ।

---

४७ कृष्णसेन इच्छुक, **इच्छुक रचनावली** (भाग -२), पूर्ववत्, पृष्ठ १५१/१५२

उदाहरण

उ पनि त जनता हो देशको स्वाभिमानी
उ सँग पनि होलान गर्व लाग्ने कहानी
जब उ पनि तिमी झै हाँस्छ उत्साह भर्छ
भन त उ र तिमीमा भिन्नता नै कहाँ छ[४८]?

शोषण, दमन र उत्पीडन, भोक, रोग र शोकले जीर्ण जिन्दगीहरूका कारूणिक क्रन्दनको इतिहास बनेर नेपाली समाजको दीन-हीन अवस्थालाई प्रस्तुत गराउन प्रगतिवादी कविताले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। उदाहरण

सारो-बाँजो चउरमा ज्यान अर्पी अर्पी
लगाउँछौ तीते फापर, कोदो, आलु, सुर्ती
यस्को पनि सामन्तलाई सेर्मा तिर्नुपर्छ
सेर्मा छैन, छैन भन्दा जग्गै लिलाम गर्छ।
"कुल्लीको जीवन साउने झरी दुःखको धैलो छ।
घोटेर हड्डी हात र मुख जोर्ने सँधैको धौ धौ छ।
भोको छ भेट नाङ्गो छ तन रोएको जीवन
सुस्केरासित निस्कने यहाँ पीरको क्रन्दन[४९]"

## ६.५ प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीयमूल्य :

### ६.५.१ गोपालप्रसाद रिमालका कवितामा व्यक्त मानवीयमूल्य

गोपालप्रसाद रिमाल प्रत्यक्ष रूपमा सर्वहारा मानवतावादी विश्व दृष्टिकोण राख्ने कवि हुन। उनले आफ्ना कवितामा अन्याय, अत्याचार, शोषण, र अधर्मका विरूद्ध आवाज उठाएका छन्। उत्पीडन र असमानताहीन समाजको सिर्जना गर्न चाहने रिमाल गरीब किसान र सर्वहारा मजदूर वर्गको मुक्तिमा मात्र साँचो मानवतावादको उदय हुने र मानवीयमूल्य को संरक्षण हुन सक्ने कुरा बताउँछन्। रिमाल एकातर्फ विश्व सर्वहारा

४८ मुकुन्दशरण उपाध्याय, **पद्य-प्रभा** प्र.जगदीश समशेर राणा, सन् २००९, पृष्ठ ३७
४९ बुद्धकुमार मोक्तान, कुल्लीको गीत (खण्डकाव्य) सन् २००१, पूर्ववत्, पृ.३२

वर्गका नेता लेनिनप्रति श्रद्धाभाव व्यक्त गर्न पुगेका छन् भने अर्कोतर्फ विश्वभरी नै अशान्ति, आक्रोश, हिंसा, हत्या, शोषण दमन र उत्पीडन जन्माउने सामन्तवादी, पूँजीवादी वर्गको विरोध गर्न पुगेका देखिन्छन् । कविले लेनिन र बुद्धलाई क्रान्ति र शान्तिका प्रतीक ठानेका छन् । प्रदूषणयुक्त समाजलाई क्रान्तिद्धारा निर्मलीकरण गरी शान्तिमा रूपान्तरण गर्न दुबैको भूमिका अपरिहार्य रहेको बताउँदै कवि रिमाल आफ्ना कविता मार्फत विश्वबन्धुत्व, मानवतावाद र मानवमूल्य बोधका अनेक विम्ब, प्रतीकहरूका साथ आफ्नो भावात्मक अभिव्यक्ति प्रस्तुत गर्न पुगेका छन् ।

जस्तै

"प्रेममात्र पर्याप्त छैन,
यहाँ स्वस्थ स्पष्ट गर्भाधान हुनुपर्छ,
यहाँ बुद्ध जन्माउनुपर्छ, यहाँ लेनिन जन्माउनुपर्छ [५०]।

प्रस्तुत कवितामा आजको संसार दया र विवेक शुन्यताका अमानवीय सङ्कटग्रस्त अवस्थाबाट गुज्रिरहेको छ । यहाँ न दया छ न विवेक मानव हुनुको श्रेष्ठ गुण नै दयावान हुनु हो र विवेकवान हुनु हो तर आजको यस पूँजीवादी उत्तरआधुनिक युगमा आफूमात्र बाँचे पुग्ने सोचको विकास भएर आउँदा मानवीयमूल्य क्षीण भएको हो । त्यसैले अबको युगमा पुनः बुद्ध र लेनिन जन्माउनुपर्छ । अनिमात्र मानवीयमूल्यको स्थापना हुन सक्छ भन्ने मूल आशय व्यक्त हुन सकेको पाइन्छ ।

यसैगरी कवि रिमाल "सान्त्वना" कवितामा सामान्तवादी पूँजीवादद्वारा मूल्यहीन तुल्याइएका लाखौं गरीब, किसान, सर्वहारा, मजदूर वर्गप्रति सान्त्वना दिन पुगेका देखिन्छन् । आफू मानव भएर बाँच्न पाउने अधिकारलाई युद्धद्वारा वा क्रान्तिद्वारा सुरक्षित गर्नुपर्छ । त्यो क्रान्ति आउँदैछ धैर्य गर भन्ने सान्त्वना यस कवितामा हुन सकेको पाइन्छ । जस्तै

"नडराउ, ! ऊ आउनेछ ,
हाम्रो शिर ठाडो हुन नदिने अत्याचारको विरूद्ध,
हामीलाई बोल्नै नदिने गरीबीको विरूद्ध

---

५० गोपालप्रसाद रिमाल,आमाको सपना, पूर्ववत्, पृ.३८

हामीलाई केही थाहै नदिने अज्ञानताको विरूद्ध
कम्मर कसेर लडिरहेछ
जित उसैको हुनेछ ।
ऊ आउने छ [५२]।"

कवि रिमालको यो के? कवितामा समयको गतिसँग हिड्नुपर्छ, समयले कहिल्यै पर्खंदैन, पोल्टामा सुखका सपनाहरू बोकेर जीवनयात्रामा सबै साथी सँगीलाई बाँड्नुपर्छ भन्ने जीवनवादी मूल्यबोध हुन सकेको पाइन्छ । जस्तै:

समय दगुरीरहेछ पर्खनलाई बेला छैन
घाममा पटेर ओइलाइहाल्ला भन्ने डरले
फूल फुल्ने बित्तिकै टिप्न हतार भइहाल्छ
हरेक हावाको झोकाले उछिनेर लुटिदिहाल्ला
हतपताउँदै फूल बटुल्नु पर्छ भन्ने डरले
पोल्टामा सुखका सपनाहरू हालेर
हरेक पला दौडिरहेछ
गयो कि फर्कन जान्दैन
जीवन वितिरहेछ ।

६.५.२ कृष्णचन्द्र सिंह प्रधानका कवितामा मानवीय मूल्य

नेपाली समाजमा व्याप्त शोषण अन्याय र विषमताका विरूद्ध समतामूलक समाज र सामाजिक सुव्यवस्था निर्माण गर्ने आकांक्षा लिएर प्रगतिकवादी कविताको क्षेत्रमा संलग्न भएका कृष्ण चन्द्र सिंह प्रधानले नयाँ युगको संकेत दिँदै रूढीवाद, अन्धवाद, तथा पुरानु वर्ग विभक्त सामाजिक व्यवस्थालाई बढारन वसन्तको हुरी मानिसका हृदयमा ल्याउने प्रयत्न गरेको देखिन्छ । धनी र सम्पन्न वर्गको युगजीवन प्रति वितृष्णा जगाउने र गरीब सर्वहारा वर्गप्रति स्नेहभाव दर्शाउने कममा कविताले मानवीयमूल्यबोधको सङ्केत गर्न सकेको पाइन्छ । जस्तै

५२ गोपालप्रसाद रिमाल, आमाको सपना, पूर्ववत्, पृ ५५

जबसम्म हुन्छ कुत्सित भाव
परापूर्वी अन्ध विश्वास
संसार-संस्कृति सामन्ती
हुन्न देश नयाँ
उठ्न सक्तैन समाज
नब चेतना संस्कृतिले सिञ्चित
समाज परिपाटीको वायुमण्डल
बदल बदल हे युगपुरूष,
समाज-सेवक मानव-महेश
नव आचार विचार
विधि विधान,
चेतना, संस्कृतिमा गुञ्जित स्थिति
उन्मुक्त परिस्थिति
वर्गहीन समाज[५३]।

यसैगरी कृष्णचन्द्रसिंह प्रधानको 'हा-हू-हा-हू' कवितामा समाजको विषम, परिस्थितिले जन्माएको आर्थिक असमानता र त्यसले सिर्जेको वर्गीय द्वन्द्वबाट मानव जाति आफ्नो अर्थ र अस्तित्वको रक्षागर्न सकिरहेको छैन भन्ने विचार व्यक्त भएर आउँदा मानवीय मूल्यबोधको स्थिति सिर्जना हुन पुगेको देखिन्छ। जस्तै :

अव्यवस्थित दुनियाँका
हामी दुनियाँदारी
विषम स्थितिका
तल्ला श्रेणी
भोका नाङ्गाका सहचरी
भनुँ हिस्सादारी

---

५३ कृष्ण चन्द्रसिंह प्रधान, भञ्ज्यानिरै , कविता संग्रह, पूर्ववत्, पृ ८२

अभाव र सुन्यमा

संघर्षको घर्षणमा

दिनरात रगडिएर हुर्केका हामी सबै भाइ-भाइ [५४]।

यस्तै कवि प्रधानको “टाढा अति टाढा” नामक कविताले मानवीय समवेदनाको विश्लेषण गरेको देखिन्छ ।

जस्तै

मानवता र दानवताको माझ

आज तिनीहरूका आँसु सुके डढे

दया प्रेम, सहानुभूति करुणा

सबसब त्यही निर्ममता र उत्पीडनाको

बलौटे भूमिमा सोचिए ।

नष्ट भ्रष्ट र रिक्त भएर [५५]।

६.५.३ केवलपुरे किसानका कवितामा मानवीय मूल्य

केवलपुरे किसानका कवितामा सामन्तवादी पूँजीवादी शोषक, प्रशाषक वर्गबाट सर्वसाधारण प्रति गरिएको अमानवीय व्यवहार, लुट, अत्याचार, शोषण, दोहन, जस्ता क्रियाकलापको यथार्थ वर्णनमा मानवीय मूल्यबोधको स्थिति सिर्जना हुन सकेको पाइन्छ । श्रमजीबीको शोषणबाट जीवन जिउने परजीवी वर्गलाई लक्षित गरी लेखिएका कवितामा कविले किसान, डोके, भरीया, दाउरे, को नाङ्गो अवस्थालाई चित्रण गरी पाठकहरूको मनलाई मानवीयमूल्यबोधको क्षणतर्फ उन्मुख गराएका छन् । जस्तै

हजारौं हेर गाँठा फरफर कपडा फर्फराएर आज

डोको बोकी हिडेका लुरूलुरू बिचरा आजकै छैन याद

यस्तालाई उखेल्ने कतिपय त्यही छन् सेठ साहु अधर्मी

यस्ताको छैन वास्ता पठित यी जनता खेल्न थाले कपर्दी

५४ कृष्ण चन्द्रसिंह प्रधान, भञ्ज्याङ्निरै, पूर्ववत्, पृ ५३.
५५ कृष्ण चन्द्रसिंह प्रधान, भञ्ज्याङनिरै, पूर्ववत्, पृ. ८७-८८

यसैगरी कवि किसानले मंहगी अभाव र रूग्णताको बीच बाँचेका जनताको जीवन चक्रलाई यथार्थ रूपमा प्रस्तुत गरी मानवीय अस्तित्वको खोजीमा मूल्यबोधको अवस्था सिर्जित गरेका छन् । जस्तैः

महंगी छ यस्तो केही छैन सस्तो
साँच्चै भनौं भने खान्छन् आधा पेट
ढिंडो र रोटो तिहुन् छैन निस्तो
आङमा हेर्दा लुगाको धरो यौटा पनि छैन
झलक्क हेर्दा घामको रापले डढेको शरीर
मान्छे भनि खुट्याउन सक्तै सकिंदैन [५६]॥

६.५.४ गोकुलप्रसाद जोशीका कवितामा व्यक्त मानवीय मूल्य

द्वन्द्वावादको नियम अनुसार कुरूप, जीर्ण, असक्त र रोगी सामाजिक संरचनालाई ध्वंश पारी नयाँ, साश्वत्, निरोगी तथा समृद्ध समाजको निर्माण गर्न सबल क्रान्तिको आवश्यकता पर्दछ भन्ने सन्दर्भमा कविले मानवीय मूल्यको सार्थकता प्रष्ट पारेका छन् । कुरूप वा जीर्ण संरचनालाई ध्वस्त नपारी नयाँ संरचना गर्न सकिँदैन । यहाँ ध्वंशको अर्थ नकरात्मक नभएर रचनात्मक हुनुपर्दछ भन्ने देखिन्छ । कवि जोशी यही रचनात्मक पक्षबाट समृद्ध समाजको निर्माण गर्ने स्वप्न दृष्टाका रूपमा प्रस्तुत हुन पुगेका छन् । यहाँ कवि समाजमा रहेका अनेकथरी विकृति र विसङ्गतिको सल्यक्रिया गर्दै सामाजिक मूल्यसँग मानव मूल्यलाई एकाकर गर्न चाहन्छन् । जस्तैः

खरानीका मैदानमा फूल लगाउँला
नौलो नयाँ मानवको नगर बसाउँला
नरहला मानवको आँशु पिउने दरबार
न रहला छलकपट न रहला चित्कार [५७]।

यसैगरी अभावग्रस्त मानव जीवन जन्मदेखि मृत्यु पर्यन्त अभावै अभावमा गुजार्नु पर्ने

५६ केवलपुरे किसान,बाको खस्यो, पूर्ववत्, पृ. ५
५७ गोकुलप्रसाद जोशी, सीमानाको दीप, पूर्ववत्, पृष्ठ ३३

बाध्यकारी व्यवस्थालाई अन्त्य गरी जीवनको अर्थ र अस्तित्व रक्षा गर्नुपर्ने भाव व्यक्त गर्दा मानवीय मूल्यबोधको स्थिति सिर्जना हुन सकेको पाइन्छ । जस्तैः

जन्मेको दिनदेखि नै पेटको चिन्तामा जल्दछौं।

समस्त जीवन निखारेपछि धुँवामा फल्दछौं [५८]।

'बाँच र बाँच्न देऊ' कविता कृतिभित्रको प्रथम कविता 'शहीदलाई श्रद्धाञ्जली' मा कवि जोशीले देशमा प्रजातन्त्र ल्याउनका लागि जीवन अर्पण गरेका चार शहीदको आकाङ्क्षालाई मूर्तरूप दिने कसम खाँदै तिनीहरू उपर श्रद्धाञ्जली व्यक्त गरेका छन्। सबैका लागि आजादी र प्रगति ल्याउन ती महान देशभक्त शहीदहरूले जीवन बलिदान गरेका हुन्, तर उनीहरूको त्यो पुनीत सपनालाई बिर्सेर स्वार्थका लागि ज्यान बचाउनेहरूले रजाइँ गरेकोमा कवि आक्रोशित हुँदै शहीदहरूको मूल्य खोज्न पुगेका देखिन्छन् । उदाहरण :

१) थालेको तिम्रो उद्देश्य पूरा भएको क्यै छैन
गरीबी हाम्रो उस्तै छ अझै गएको क्यै छैन ।
धनीको लागि आजादी आयो आयश गर्दै छन् ।
पसीना पोखी कमाउने चाहिं भोकले मर्दैछन् ।

-"बाँच र बाँच्न देऊ"कविता कृति (शहीदलाई श्रद्धाञ्जली कविता

'पथिकको मृत्यु' कवितामा बाटोमा सारहीन भएर मृत्युको मुखमा परेको एक पथिकको दुर्दशालाई प्रस्तुत गर्दै कटु दुःख र कष्टलाई बेहोर्दै आउनु परेका र मानव हकबाट बञ्चित हुनुपरेकाहरूले अब मूक रहने बेला छैन भन्ने सङ्केत गरेको पाइन्छ। निम्जो-निमुखो भई जीवनपथमा यात्रा गर्नेहरूले कुन गतिमा त्यो यात्रालाई अघि बढाएका छन् वा बीच बाटैमा टुङ्ग्याएका छन् भन्ने भाव दर्शाउँदा कवितामा संम्वेदनात्मक मूल्यबोधको सिर्जना भएको छ । उदाहरण :

बाटैमा ऱयो आमाको नासो, बाटैमा गयो आशा र हाँसो

---

५८ गोकुलप्रसाद जोशी, सीमानाको दीप, पूर्ववत्, पृष्ठ ५३

खोलाको छेऊ वनको बीच मृत्युले आफ्नो देखायो रिस
यही हो तिम्रो देशको दशा, यही हो जीवन।

-"बाँच र बाँच्न देऊ" पथिकको मृत्यु पेज नं. ४

द्रव्यरुपी पिशाच नै यस संसारका मानवलाई स्वार्थी तुल्याउने मूल जड हो । किनकि द्रव्यकै आडमा उभिएर मात्र व्यक्ति अरु माथि प्रभुत्व जमाउन खोज्छ अनि सुख, चयनको प्रलोभनमा अरुलाई बिर्सी आफू मात्र बाँच्न चाहन्छ भन्दै कवि मानव स्वभावको व्याख्या गर्न पुगेका छन् तर यस्तो प्रवृत्तिले समाजको रूपान्तरण हुँदैन भन्दै कवि भन्छन्- कुनै पनि व्यक्ति द्रव्यमुखी नबनी सम्पूर्ण मानव एकै पङ्क्तिमा आबद्ध बनौं, एकका लागि सबै र सबैका लागि एक हुन सिकौं भन्ने मानव मूल्यबोधक विचार यस कवितामा व्यक्त हुन सकेको पाइन्छ । उदाहरणः

पूँजीको कुँजी खोसेर आफ्नो खल्तीमा नराखौं
समाजसँग प्रभुत्व आफ्नो कसैले नमागौं ।
सुखको लोभ गरेर एक्लै समाज भाँडियो
भावना प्रत्येक व्यक्तिको बेग्लै भएर बाँडियो।

-"बाँच र बाँच्न देऊ" कविता पेज नं. ३४

६.५.५ भूपि शेरचनका कवितामा व्यक्त मानवीय मूल्य

कवि भूपिले नेपाली राजनीतिमा जति परिवर्तन आएपनि नेपाली जनजीवनमा कुनै परिवर्तन नआएको, किसान र मजदूर वर्गको जीवनमा शोषणको डाहाबाहेक अरू कुनै परिवर्तन नआएको विषयलाई आफ्नो 'रातो झण्डा' कविता मार्फत व्यक्त गरेका छन् । उनले निर्झर, अन्धकारको इतिहास नयाँ सरगम र सुनौलो भोली जस्ता कवितामा वर्ग संघर्ष एवं आमूल परिवर्तनकारी चेतना मानव जीवनको भोलिलाई भविष्य द्रष्टाका रूपमा व्यक्त गरेका छन् ।"गलत लाग्छ मलाई मेरो देशको इतिहास"नामक कवितामा रोग, भोक, शोकबाट कुँजीएका, अभावै अभावले थिचिएका शासक-वर्गद्वारा लत्याइएका र हेपिएका मानवहरूको हृदयस्पर्शी कारूणिक चित्र प्रस्तुत भएर आउँदा मानव मूल्य बोधको अवस्था उद्‌बोधित भएर आएको देखिन्छ । जस्तै :

हिमालको सेतो निधारमा

रातो टिका ढल्काउँला,

मनव प्रति मानवताको

सच्चा प्रेम झल्काउँला [५९]।

यस्तै - आशावादी चेतनाको मसाल बोकी नव जागृतिको उज्यालो छर्न उद्ध्यत कवि भूपिका कविताले वेदनाको रात काटी चेतनाको बिहान आउने संकेत गरेका छन् यसै सन्दर्भमा मानव जातिको भविष्यसँग मूल्यबोधको अवस्था गाँसिएर आएको देखिन्छ। जस्तै

डाँडापारी ढल्किदैछ वेदनाको रात कालो

हिम्चुलीमा सल्किदैछ चेतनाको प्रात उज्यालो[६०] ।

आई पल्टन्छ हाम्रो आस्थाको द्वीपमा

हामी छक्क परेर उसलाई हेर्छौं

हामी उसलाई हेरेर छक्क पर्छौं

हामीलाई उसको उचाई देखेर आश्चार्य लाग्छ

हामीलाई आफ्नो पुड्काई देखेर डर लाग्छ

र त हामी आफ्नो हीन भावनाका

सियो जत्रा स-स्याना हतियारहरूको उसमाथि

प्रहार गर्छौं,

पुरानो क्यारामबोर्डका गोटी हौं

एउटा मनोरञ्जक खेलका सामाग्री

एउटा खेलाडीमाथि आश्रित

आफ्नो गति हराएका

एउटा 'स्ट्राइकर'द्वारा सञ्चालित

हो हामी मानिस कम र बर्ता गोटी हौं ।

---

५९ भूपि शेरचन, नयाँ झ्याउरे, पूर्ववत्, पृष्ठ १९

६० भूमि शेरचन,नयाँ संस्करण, निर्झर, पूर्ववत्, वि.सं. २०१५

**हामी बीर छौं**

**तर बुद्धू छौं**

**हामी बुद्धू छौं**

**र त हामी बीर छौं**

**हामी बुद्धू नभइकन बीर कहिले हुन सकेनौं ।**

**हामी महाभारतको कथामा वर्णित एकलव्य छौं ।**

**प्रत्येक पिँडीको द्रोणाचार्यले हामीलाई उपेक्षा गर्छ**

**हामीलाई ज्ञानदान गर्नबाट इनकार गर्छ**

**इन्कार गर्छ मात्र हाम्रो योग्यतालाई**

**शक्तिलाई,**

**र अस्तित्वलाई**

**तर, हामी तिनै द्रोणाचार्यको मूर्ति बनाउँछौं**

**आफ्नो झुप्रोअगाडी**

**त्यसलाई पुज्छौं**

**ढोक्छौं**

**प्रत्येक पिँढीमा द्रोणाचार्य हामीकहाँ आउँछ**

**र गुरू-दक्षिणा माग्छ**

**र हामी सहर्ष उसको इशारामा**

**आफ्नो बूढीऔंला काटेर उसलाई भेटी दिन्छौं,**

**आफ्नो अस्तित्व मेटेर उसलाई समर्पित गर्छौं**

**र मख्ख पर्छौं आफ्नो गुरूभक्तिमाथि**

**आफ्नो आत्मशक्तिमाथि**

**त्यसैले हामी बीर छौं**

**तर, बुद्धू छौं**

### ६.५.६ जनकप्रसाद हुँमागाईंका कवितामा व्यक्त मानवीय मूल्य

जनकप्रसाद हुँमागाई किसानहरूका दयनीय जीवन दृष्टिको यथार्थ चित्रण गर्न पुगेका देखिन्छन् । कृषिप्रधान देश नेपालमा किसानहरूको जीवन नै अकालग्रस्त बनाइनुबाट सामन्तवादी पूँजीवादी व्यवस्थाको गतिशीलता माथि नै एउटा प्रश्न खडा भएर आएको छ। कृषिलाई परम्पराबाट मुक्त नगरी, आधुनिक युग सापेक्ष वैज्ञानिक रूपान्तरण नगरी, गरीबी र शोषणबाट किसानहरू मुक्त हुन सक्तैनन् तर वर्तमान सरकार किसानको पक्षमा छैन । प्रकृतिले पनि किसानलाई ठगेकै छ त्यसैले किसानको सामाजिक, राजनैतिक तथा आर्थिक अर्थ र मानवीय अस्तित्वमा नै प्रश्न चिन्ह खडा भएको देखिन्छ भन्ने सन्दर्भबाट कवि हुँमागाइका कविताले मानवीय मूल्यबोधको अवस्था जागृत व्यक्त गरेका छन् । जस्तै :

न्याय र निसाफ पैसाले हेर्छ कानून हेर्दैन ।
वाठाकै हुन्छ सम्मान पनि लाटालाई टेर्दैन ।
दैवले पनि किसानलाई सालिन्दा मार्दो छ ।
पर्दैन पानी टायममहा अन्याय गर्दो छ [६१]।

यसैगरी नेपालका शोषित तथा उत्पीडित वर्गमाथि भएको उत्पीडनाको एक जुट भएर विरोध गर्नु पर्छ भन्ने विचार "यैटा नारा लाउनु छ अब" नामक कवितामा व्यक्त भएर आउँदा क्रान्तिरागको रूपमा मानवीय मूल्य उन्मुख भएर आएको देखिन्छ । जस्तै

अन्यायमा पर्ने जति दाजुभाइ अब
विरोधको नारा लाउन अघि बढ्दछ सब
संगठन गर्छ कम्मर कसी देश बनी
यैटा नारा ल्याउँछ समान हक देऊ भनी [६२]।

### ६.५.७ आनन्ददेव भट्टका कवितामा व्यक्त मानवीय मूल्य

आनन्ददेव भट्टका कवितामा मानव जीवनका अनेक घात प्रतिघात र आघातका स्वरहरू भित्र मानवीयमूल्य मुखरित भएर आएको पाइन्छ । उनी निम्न वर्गीय नेपाली समाजमा भएको दुःख र पीडाको कारण सामन्तवादी तानाशाही राणाहरूको एकाधिकारवादी

---

६१ जनकप्रसाद हुँमागाई "यैटा नारा लाउनु छ अब", पूर्ववत्, पृष्ठ ९
६२ जनक हुँमागाई, पूर्ववत्, पृ. ६

जहानियाँ शासन हो भन्ने भाव व्यक्त गर्न पुगेका छन् । उनको "९७ साल" खण्डकाव्यमा जहानियाँ राणाहरूले नेपाली जनतालाई मूल्यहीन तुल्याएको र आफूस्वयं अमानवीय कार्य गरी मूल्यहीन भएको घटनालाई मार्मिक ढंगबाट प्रस्तुत गरेका छन् । नेपाली आमाका छोरा वीर शहीद शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा र दशरथचन्द्रको निर्ममता पूर्वक गरिएको हत्याबाट राणाहरूको अमानवीय, बर्बर, दानवी राज्यमा मानवमूल्य नरहेको यथार्थता कवि भट्टका कवितामा व्यक्त हुन सकेको पाइन्छ । उनको "९७ साल" खण्डकाव्यमा एकातर्फ मानवता, करूणा, संवेदनशीलता, सहानुभूति जस्ता मानवीय संवेदनाका भाव प्रवाहहरू प्रवाहीत भएका छन् भने अर्कोतर्फ क्रुरता, अमानवीयता, तानाशाही बर्बरता र विवेकहीनता जस्ता चरित्रको चित्रण गरिएको देखिन्छ । यसरी सकरात्मक र नकरात्मक भाव प्रवाहको द्वन्द्वात्मकतामा घटनाक्रमलाई अघि बढाइएको हुँदा यहा मानवीयमूल्य बोध गराउने अनेक घटना, चरित्र र विम्वहरू अभिमुख भएर आएका पाइन्छन् । जस्तै : धर्मभक्तलाई झुण्ड्याइएको अवस्था

परमेश्वर हे ! तेरा तनमा लाग्ला कलङ्कीटीका
भन्दै रोइन धरती आमा प्रेमाश्रुले भरिए आँखा ।
हल्लियो त्यो रूखको हाँगो हल्ले झै भो धरती सारा
वायु अग्नि जल आकाश हल्ले नभका तारा सारा [६३]।

शुक्रराजशास्त्रीको मृत्युवरणमा

शुक्रराज त्यो गीता पढ्ने बेदव्यास झै साधुलाई
इन्द्रचोकको डबली माथि ज्ञान सुनाई तार्नेलाई
आज यत्रा हाँगामाथि टाँग्यो पापी निष्ठुरीले
परमेश्वर ए ! हेर्छस् कसरी? न्याय बिनाका आँखाले[६४]।

दशरथचन्द्रको मृत्युशोकमा

मनुष्यत्वको गहिरो सागर दानवताको गाँस पर्‍यो

६३ आनन्ददेव भट्ट, "९७ साल" (प्रकाशक अशोक उप्रेती) वि.सं. २०४९, पृ. ९०
६४ आनन्ददेव भट्ट, "९७ साल" (प्रकाशक अशोक उप्रेती) वि.सं. २०४९, पृ. ७१

वीरत्वको बाढीलाई किचड कङ्कण आई भऱ्यो

करूणा रसको शागर गहिरो मानव लिला हेर्नलाई

चेतनाको समुद्रभित्र चाहन्छ मृत्यु राणाशाही [६५]।

गंगालाल श्रेष्ठको अवशानमा

आज लगिस दशरथ गंगा त्यस्तै धर्म र शुक्र

मानिस बस्ने पृथ्वीलाई पार्दै यमपुरी त्रास विचित्र

मानिसलाई मानिसलेनै माऱ्यो पशुसरी प्राण लियो

मानवताको अन्त्य गरायो राणाशाही कायरले ।

कसले भन्छ आकृति तेरो मनुष्यताको अंश भनी

कसले भन्छ जीवन तेरो घातक बाधक हैन भनी

जीवीत राक्षस आज खडा छन् मनुष्यताको आँगनमा

हाड, छाला, रगत मात्रै देख्छन् काँचको प्यालामा

तेरो गर्जन मरूभूमिका बालुवाको सुख्खा हावा

हामी आफ्नो उर्वरबाली सिंच्ने राम्रा निर्मल सरिता [६६]।

### ६.५.८ युद्धप्रसाद मिश्रका कवितामा व्यक्त मानवीय मूल्य

कवि मिश्रका कविताहरूमा पनि शोषण, दमनमा परेका गरीब विपन्न तथा असहाय अनाथ सर्वहारा मजदूर वर्गप्रति स्नेहभाव र पूँजीवादी सामन्तवादी शोषक वर्गप्रति विद्रोह तथा घृणाको भाव दर्शाइएको पाइन्छ भने मानव मूक्तिका लागि गरिने अनेक आन्दोलन वा क्रान्तिले मानवीयमूल्य निर्माणमा सहयोग पुऱ्याउँछ भन्ने भाव व्यक्त हुन सकेको पाइन्छ। जस्तैः

कुर्कुच्चा छ चिरा चिरा जिउ डढेका घामका तापले

मान्छे हौं पशुको छ जीवन दशा दर्वारका श्रापले

खानु पेटभरी भएर सपना हड्डी उठेका मुख

हर्दम शोषकका दुराचरणले कुल्ची दिएको सुख [६७]।

---

६५ आनन्ददेव भट्ट,"९७ साल" पूर्ववत्, पृष्ठ ६९

६६ आनन्ददेव भट्ट,"९७ साल" पूर्ववत्, पृष्ठ ८५

यस्तै दुःखी मावनहरूको सहयोग, सद्भाव र प्यारका साथै आर्थिक सङ्कटबाट मुक्ति दिनुपर्छ भन्ने भाव व्यक्त भएर आउँदा मानवीय मूल्यको अवस्था यसरी व्यक्त हुन पुगेको देखिन्छन् ।

आकांक्षा लिइ निम्नवर्गहरूको आत्मा दुखेको धुने
आर्थिक संकटका अगाध दुःखले पाउ अगाडी हुने ।
स्वाभिमान बचाउने प्रण उठी राखी ठूलो हौसला
झल्केको छ विकासशील मनमा उत्तीर्ण बन्ने कला[६८]।

यस्तैगरी उदाहरणको रूपमा कवि मिश्रको मानवीयमूल्य बोधक जागृति गीतहरूलाई लिन सकिन्छ :

घरको फोहोरमैला फाल
घोर विरोधी किल्ला ढाल
व्यापक छौ तिमी विजय छ तिम्रो
राख भावना तर बलिदानी
न्याय नबोल्नु हो बेइमानी,
पीडितहरूको घाउ दुखेको
पीडालाई आफ्नै ठानी
लड्दै जाऊ बढ्दै जाऊ
गर्नु छ अब के आनाकानी
न्याय नबोल्नु हो बेइमानी          न्याय नबोल्नु हो बेइमानी कविता

यस कवितामा कविले अनेक आँधी, तुफान र प्रचण्ड गर्मी सहेर अन्न उत्पादन गर्ने किसानहरूले सँधै आधा पेट खाएर जीवन बिताउनुपर्ने, उनीहरूको उत्पादनमा ठूलावडा सामन्त शोषकहरूको बक्रदृष्टि सँधै रहिरहने सामाजिक संरचनाको उद्‌घाटन गर्दै मानवीय मूल्य प्रस्तुत गरेका छन् । उदाहरण :

"आँधीपानी प्रचण्ड गर्मी असिना नानाथरी झेलने

---

६७ युद्धप्रसाद मिश्र, युद्धप्रसाद मिश्रका कविताहरू, पूर्ववत्, पृ २१
६८ युद्धप्रसाद मिश्र, युद्धप्रसाद मिश्रका कविताहरू,पूर्ववत्, पृ २८

हाम्रा हात र पाऊ छन् धरतीका माटो बिसे खेलने
खानु पेटभरी भएर सपना हड्डी उठेका मुख
हर्दम शोषकका दुराचरणले कुल्ची दिएका सुख ॥"

-ज्वालामुखीका शिखा' श्लोक नं. १

त्यसरी नै यस धर्तीका लाखौं-लाख गरीब, दुःखी, निर्धा, निमुखा, सुकुम्बासी, मजदूर वर्गहरूले बस्ने छाप्रोसम्म बनाउने भूमि नपाउने र ठूला जमिन्दार, शोषक, सामन्त वर्गहरूको चाहिँ धर्ती, आकाश सबै आफ्नो हुने असमान नीतिका निर्माता र त्यसका सञ्चालक शासकवर्गप्रति कविले आक्रोश व्यक्त गर्दै समतामूलक समाजको लागि समान भूमि वितरणको माग गरेका छन् । यस धर्तीमा एक पाइलो जमिन नहुनेको, आफ्नो शिर ओतमा लुकाउनसम्म नपाउनेहरूको जीवन सँधै असहाय र सँधै गरीब, निमुखो भई सँधै रगतको आँसु पिएर बाँच्न विवश भएका सर्वहारा, गरीब, भूमिहीन किसान र श्रमिकहरूको पनि एक दिन पालो आउने छ भन्ने भाव विचार व्यक्त हुँदा मानवीयमूल्य व्यक्त हुन सकेको पाइन्छ । उदाहरण :

(१) "के हामी जन्म पाई धरतीबीच कहीं गर्न पाइन्न डेरा
छैनौं हामी सुतेका अब निमुख भई दूर जा हे लुटेरा ॥"

-'बहुमतको आवाज' श्लोक नं. १

राज्यको शासकीय स्वरूप र समाजको विकृति तथा विसङ्गतिलाई शुद्धिकरण गर्न देशका बुद्धिजीवीवर्गको अहम् भूमिका रहेको हुन्छ, तर बुद्धिजीवी स्वार्थी, लोभी र विवेकहीन भएमा राष्ट्रको उत्थान कहिल्यै हुन सक्तैन भन्ने भाव-विचारका साथै हाम्रो देशमा बुद्धिजीवी भन्नेहरूको स्वार्थी, अमानवीय, अवसरवादी र चाकरीवादी मनोवृत्तिलाई देखाउने क्रममा बौद्धिक मूल्यको अवस्थालाई देखाइएको छ । त्यस्तै यस कवितामा राष्ट्रिय स्वाभिमानको पक्षमा नरहेका बुद्धिजीवी, कवि, कलाकार र पत्रकारहरूको अवसरवादी नकारात्मक प्रवृत्तिले राष्ट्रोन्नतिमा बाधा पुग्ने गरेको देखिन्छ भन्ने मूल भाव व्यक्त हुँदा मानवीयमूल्यबोधको अवस्था सिर्जित हुन सकेको देखिन्छ । उदाहरण :

(१) "बुद्धिजीवी कहाई महल महलका द्वारमा गै उठेका
दर्वारी बन्न पाए जुनी सफल हुने भ्रष्ट गुठमा जुटेका
भित्री आँखा फुटेका अलिकति धनको पाई हिस्सा लुटेका
सम्झी माथि उठेको अहम बीच चढी तथ्यदेखि छुटेका

.................................................................

(२) बुद्धिबल गिर्न जाँदा चरण कमलमा दासताले भिजेका
गर्ने फोस्रो जमर्को झुपडिसित छुटी बन्न साहित्यकार

-'भित्रका श्री ढलेका' श्लोक नं. १/२/३

क्रान्तिको मूल प्रवाहलाई छोडी शोषणमुक्त समाजको परिकल्पना गर्ने र क्रान्तिको मूल मर्मलाई नै उपहासमा उडाउने देशका नेता र नीतिप्रति व्यङ्ग्य, विद्रोह भाव 'क्रान्तिकारीको नाउँमा एउटा तार' कवितामा अभिव्यक्त हुन सकेको पाइन्छ। नेतृत्वले शहीदका रगतको मर्मलाई सदैव आत्मसात गरी आफूलाई जनताको पक्षमा उभ्याउनु पर्छ अनि मात्र शोषित पीडित जनताको मुक्तिगामी सङ्घर्षले दिशाबोध गर्न सक्छ भन्ने मूल भाव सँग मानवीयमूल्यबोध हुनसकेको पाइन्छ । प्रस्तुत कविताले शोषणमुक्त समाजको सिर्जना गर्न सबै भोका नाङ्गाहरू एक भएर उठ्नु पर्छ भनी नेतालाई सजग गराउन चाहेको देखिन्छ। केही उदाहरणहरू :

(१) सक्ने भै तिमी रक्त क्रान्ति गरने नीति छ नेता उठ
साँच्चै शोषण मुक्त बन्नु छ भने यौटै मियोमा जुट
पोल्ने छाति कुरा घटेर ननिका गाउँ लथालिङ्ग छ
च्यापेको अभिभाराका हृदयको क्रान्ति त्यसै ठीङ्ग छ।

(२) छाप्रो चाहिँ हुँदैछ दिन्दिन खतम दर्वार चाहिँ खडा
बारीका तटबाट बग्दछ कुलो रित्तो छ हाम्रो घडा

-'क्रान्तिकारीको नाउँमा एउटा तार' श्लोक नं. १/४

राष्ट्रलाई दारिद्र्य-दावानलबाट मुक्त गर्नुपर्छ भन्ने मूल सन्देश भएको 'आराधना' कविताले राष्ट्रिय मुक्ति आन्दोलनले मात्र मानवीयमूल्यको स्थापना गर्नसक्छ भन्ने अभिप्रेरणा प्रदान गरेको देखिन्छ। केही उदाहरण :

(१) "आँखा अन्तर खोल पूर्व घडिको सल्किसक्यो झोपडी
वाणीको बलको विवेक मतिको आयो परीक्षा घडी
तोडी सङ्कट दुर्ग घोर भुमरी फोरी अगाडि चढी
धावा बोल निमित्त जन्म थलको डाँडा र काँडा चढी ॥

(२) भै उत्तीर्ण अजेय जन्मभरको झोकेर आफ्नो बल
छातीबाट गराउ दूरजनको दारीद्रय दावानल
के ज्यूँनु छ यहाँ भएर हत श्री निर्वोध निर्गौरव
आऊ पार लगाऊ देश कन यो तीतो पिरो रौरव

-'आराधना' श्लोक नं. १/२

यसैगरी 'प्रवासी आवाज' कवितामा आफ्नो देश छोडी प्रवासमा रगत-पसिना बगाई परिश्रम गर्ने सम्पूर्ण नेपाली जनताले दरिलो सङ्गठन निर्माण गरी विदेशीको शोषण र प्रताडनाबाट नेपाली जातित्वको रक्षा गर्नुपर्छ भन्ने भाव-चैतन्य अभिव्यक्त भएर आउँदा मानवीय मूल्यबोधको अवस्था सिर्जना हुन सकेको देखिन्छ। उदाहरण :

(१) "आफ्नै देशमा जिउन जिविका पाउनु आश मारी
बन्नु हामी कतिदिन अरु देशमा गै भिखारी
माग्दा इन्साफ कसरी सहने? हत्कडी नेल फाँसी
एकै गाँठो हुनु अब पर्‍यो आज हामी प्रवासी" -'प्रवासी आवाज' श्लोक नं. २

प्रस्तुत कवितामा सँधै अरूको ढाक्रे भएर बाँच्नु भन्दा न्याय र अधिकारका लागि आत्म बलिदान गर्नु पुरुषार्थ हो भन्ने विचार व्यक्त भएर आउँदा मानवीयमूल्य बोधको स्थिति सिर्जना हुन पुगेको छ साथै यस कवितामा शोषित, पीडित, भोका,

नाङ्गाहरूलाई एकजुट भएर कर्तव्यको पथ हुँदै जीवन सङ्घर्षतर्फ लाग्न काव्यात्मक आ~वान गरिएको छ। केही उदाहरण :

(१) "खोक्रोपेट अनाज भेट नहुने भोका र नाङ्गा उठ
कोदाला उठ बञ्चरा र हँसिया नाम्ला र डोका उठ
साहूका कारकापको कठिनता भोग्नेहरू हो उठ
ताकेका जमिदारले युवतीका लोग्नेहरू हो उठ

(२) बाँच्ने साधन अन्नपात लुटिएका ए दिवाला उठ
शोषेका अरूले रगत र पसिना हड्डी र छाला उठ
हुर्मत छोप्न परेर केवल भिरेका ती जीर्ण टाला उठ
रित्ता वर्तन जाग जाग चुहुने नाङ्ला र डाला उठ

(३) पासो मस्किन राजनैतिक गई मर्नेहरू हो उठ
आर्थिक सङ्कटले जुनी तल तलै झर्नेहरू हो उठ
गर्नु साग र सिस्नुबाट जिविका पर्नेहरू हो उठ
शत्रुका हितमा शरीर पसिना गर्नेहरू हो उठ
तोडी दुर्ग दिने महाप्रलयको दुर्धर्ष आँधी उठ
व्यक्तिवाद समूल नष्ट गरने व्यधी उपाधी उठ"

-'भोका र नाङ्गा उठ' श्लोक नं. २/३/४

६.५.९ मोदनाथ प्रश्रितका कवितामा व्यक्त मानवीय मूल्य :

कवि प्रश्रितको "फर्केर हेर साथी हो" कवितामा जनशक्ति नै सर्व शक्तिवान ताकत हो यसको अगाडि कसैको केही जोर चल्दैन भन्ने मूल भाव अभिव्यक्त हुन सकेको पाइन्छ। यहाँ अगस्तिलाई जनबलको रूपमा मिथकीय नेतृत्व प्रदान गरी ज्ञान, विज्ञान र चेतनाको प्रकाश भर्दै मातृभूमिको अनुहार परिवर्तन गर्न आग्रह गरिएको अवस्थामा मानवीयमूल्यबोध हुन सकेको पाइन्छ। उदाहरण :

(१) "फर्केर हेर साथी एक्लै अघि नजाऊ
यी दीनबन्धुलाई साथै लिएर जाऊ

विज्ञान ज्योतिबाली जन चेतना जगाऊ

नौलो प्रकाश छर्दै साथै लिएर जाऊ -"फर्केर हेर साथी"कविता श्लोक नं.१/५, पेज नं. २५६

'हाम्रो बलिष्ठ आशा' कवितामा युग परिवर्तन गर्ने अभिलाशाहरू बलिष्ठ भएर आएका छन्। अग्राख झै दरिला र इस्पात झैं बलिया छन् । जसले यस्तो बलिष्ठ आशालाई भाँच्न खोज्छ ऊ आफैं भाँचिएर जान्छ । देशमा परिश्रमी जनतासँग मुलुकलाई मुक्त गर्ने जुन विश्वास छ त्यो अति कठोर बज्र झैं बलवान छ । त्यो जनताको विश्वास कहिल्यै टुट्ने छैन। कहिल्यै फुट्ने छैन। बरु त्यो जनबललाई दबाउन खोज्ने शक्ति आफैं फुटेर चूर-चूर बन्ने छ, संगीन भाँचिने छ, तरबार टुक्रने छ तर प्रजातन्त्र जनजीविका र समतामूलक समाजको निर्माण गर्ने हाम्रा अदम्य आस्था कहिल्यै भाँचिने छैनन्। जनशक्ति भनेको अजेय शक्ति हो। त्यो कहिल्यै मारेर मारिंदैन। मासेर मासिंदैन, जनताका मुक्तिको एउटै लक्ष्य बोकेर हिंडेका संसारभरिका श्रमजीवी जनताहरू अजेय दुर्ग हुन। त्यस्ता अजेय शक्तिको बाटो जो छेक्न चाहन्छ ती आफैं माटोमा हराउने छन् भन्ने मूल भावलाई यस कविताले अभिव्यक्त गरेको पाइन्छ । अत्यन्त सरल गीति भाकामा रचना गरिएको यस कविताले मानवीय चेतनालाई साहस, आँट, वीरता, सौर्यता र पराक्रमतर्फ उन्मुख हुन अभिप्रेरणा प्रदान गर्ने सन्दर्भसँग मानवीयमूल्य जोडिएर आएको देखिन्छ । उदाहरण :

(१) शक्ति अजेय हाम्रो मारेर मारिंदैन  
भाडा तिरी लिएको पाल्तु सिपाही हैन  
तूफान झैं उठेका अरबौं गरीब हामी  
कसको छ शक्ति लड्ने आओन छाती थामी

-"हाम्रो बलिष्ट आशा"श्लोक नं.३, पेज नं.२६५

हाम्रो समाजमा एकथरी मान्छेहरू अत्यन्त सम्भ्रान्त हुनु र अर्कोथरी मान्छेहरू चाहिं एकदमै विपन्न, अशिक्षित र गरीवीको रेखामुनि रहनुले समाजमा असमानता, शोषण र वर्गभेदको नियतिलाई दर्शाएको छ । समाजमा

सामन्तहरूको धाकधम्की, शोषण र उत्पीडनका कारण विपन्न वर्गले सदैव साहुको कमारो भएर बस्नु पर्ने । तिनका छोराहरू बेसाहारा भएर मुग्लान पस्नु पर्ने । आमाले नुन तेल जुटाएर आफ्ना लालाबाला पाल्न आफ्नै अस्मितासम्म बेच्न बाध्य हुनु पर्ने । छोरीचेलीहरू धनवानका खेलौना भएर बेचिनु पर्ने। ठूलावडाहरूका महलमा दास भएर जिउनु पर्ने र उच्चवर्गका सामन्तहरूले गरीबका पसिनाको शोषण गरी बडो उल्लासका साथ चाड मनाउने नेपाली परम्परा माथि प्रस्तुत कविताद्वारा तीक्ष्ण विद्रोहको भाव प्रकट भएर आउँदा मानव हुनुको अर्थ अस्तित्व र मूल्यमाथि नै प्रश्न चिन्ह खडा भएर आएको देखिन्छ । उदाहरणः

बाबुहरू त्यहाँका छन साहुका कमारा
छोराहरू पसेका मौलान बेसहारा
आमा निमेक खोज्छिन भड्केर कर्महारा
छोरी पिएर बस्छिन रोएर आँसुधारा।

"बल्छन् महलहरूमा" कविता श्लोक नं. २, पेज नं. २७४

'क्यै काम गर्न सक्तैन मर्न डराउने लाछीले' कवितामा डराउने लाछी नामर्दले कुनैपनि विजय प्राप्त गर्न सक्तैन भन्ने मूल भाव उद्घाटित हुँदा मानव हुनुको अर्थसँग उसको मूल्य व्यक्त भएर आएको पाइन्छ । उदाहरण :

(१) चम्किलो घाम झुल्कन्न कालो बादल नफाटी
उज्यालो दिन आउँदैन आफैं हामीले नआँटी
क्यै काम गर्न सक्तैन मर्न डराउने लाछीले
हाँक्दछ युग तोपको मुख जो ढाक्छ छातीले

-"क्यै काम गर्न सक्दैन मर्न डराउने लाछीले"कविता श्लोक नं.२/५,पेज नं.२८७

कवि प्रश्रितका कवितामा मानवता, विश्वबन्धुत्वको भावना र शोषण, दमन, उत्पीडनको विरोध, यथार्थवादी जीवन दृष्टि र मानवमूल्य बोधको उद्घाटन हुन सकेको पाइन्छ । जस्तै

(१) यो तेरो इतिहास सत्य छ अघि हे विश्वका मानव
तेरो चाल भने विचित्र अहिले देखिन्छ अर्कै सब

सारा मानव मात्र भाइ सरि नै हुन होइनन् लौ बता
नाता यो सब त्यो खियाल नगरी दौडिरहेछस् कता?

(२) हामी मानव मात्रको घर ठूलो यो विश्व संसार हो
खाली मानवता सबै मनुजको यैटा यही धर्म हो ।
हाम्रो लक्ष्य छ विश्वशान्ति सबमा आलोक बर्षाउने
आएका झगडा अशान्तिहरूका दुष्कार्य तर्काउने [६९]।

यसरी मानवीय जीवन दृष्टिबाट प्रश्रितका कवितालाई हेर्दा/ जस्तै

खपत छैन कत्ति यस फसलको
छिन्न भिन्न छ हैजा, प्लेग, इन्फ्लुएन्जा र औलोको मार्केट पनि
निकासीको प्रतिशत झन घट्दैगयो कालको साम्राज्य बजारमा पनि
जनतन खपत छ कालो बजारमा सोह्रवर्षे पुतलीहरूको
नाम मात्र विक्रि छ युद्धको हाटमा हट्टाकट्टाहरूको
खपत छ केही नपुंसक दास, भाट र गुलामहरूको
खपत छ लुच्चा बेइमान चाप्लुस र चुक्लीखोरहरूको
अचम्मै छ तर !
योग्य र गतिलो माल फालाफाल छ जताततै
बैंश र बेइमानीको विज्ञापनले अन्धा बनेका ग्राहकहरू
इमान्दारी र स्वाभिमान गह्रुङ्गो हुनाले होला अलि थोरै चढ्छ शायद
पन्यालो र पातलो हुनाले चाप्लुसी र आत्महीनता अलि सस्तो पर्छ सायद
त्यसैले जताततै घुइँचो छ बेइमानी र आत्मविक्रयी हाटहरूमा[७०]।

यसैगरी कवि प्रश्रितका कविताले मानवीय अर्थ र अस्तित्वको बोध गराउँदै योग्य संस्कार बिना योग्य मानिस बन्न सक्दैन, संस्कारको बीऊ प्रदुषित बन्दा समग्र मानव जगत नै प्रदुषित भएर मूल्यहीन बन्न पुग्यो भन्ने भाव व्यक्त गर्न पुगेका छन् । जस्तै

---

६९ मोदनाथ प्रश्रित, मोदनाथ प्रश्रितका संकलित रचनाहरू, पूर्ववत्, पृ ३४
७० मोदनाथ प्रश्रित, मोदनाथ प्रश्रितका संकलित रचनाहरू, पूर्ववत् पृ ९५-९६

**जस्तो पायो खेतमा जस्तो पायो बीऊ मिल्काई**

**खेती गर्नाले त यहाँ गिदी (गुदी) नभएको मानिस फल्छ**

**आधासरो कड्कडी उड्ने विक्तै नबिक्ने बाली फल्छ**

**हुन त सारा उब्जा गड्डा हान्न सक्नेहरू पनि यहाँ छन्**

**एटम र हाइड्रोजनको दौलतले सारा बजार उडाउन कस्सिने पनि यहाँ छन् ।**

**तर कसरी बेचौं दुइटा बम लिएर, मानिसको यत्रो उब्जालाई**

**कसरी बेचौं मृत्युको मोल लिएर जीवनको सौदालाई**

**तर कस्तो आश्चर्य**

**सबैभन्दा किमती मानिस**

**आज हरेकथोक भन्दा सस्तो छ ।**

**भोक र अनिकाल भन्दा पनि सस्तो छ ।**

**भोक र अनिकाल त मानिस खाएर बाँच्लान् भनौं**

**तर मानिसको खेतीमा खडेरी पर्ला जस्तो छ ।**

**यहाँ मानिसले खाने खेतीभन्दा**

**मानिस खाने खेती सस्तो छ [७१]।**

६.५.१० कृष्णभूषण बलका कवितामा व्यक्त मानवीय मूल्य:

**बादलहरू च्यातेर घाम निकाले हाम्रा सहिदहरूले**

**तर त्यो घाम उनीहरूका सपनामा कहिल्यै लाग्न सकेन**

**तुवालाहरू फटाएर सिङ्गै आकास दिए हाम्रा सहिदहरूले**

**तर त्यो आकास उनीहरूको भविष्यले कहिल्यै भेट्न सकेन[७२]।**

**प्रस्तुत कवितामा बीर शहिदहरूले आफ्ना जीवनका लागी नभएर समग्र राष्ट्र र राष्ट्रबासीहरूका लागि जीवन उत्सर्ग गरेको यथार्थतालाई दर्शाउँदै वर्तमान युगमा शहिदका जीवनको वा अवशानको केही मूल्य नरहेको विचार व्यक्त हुन सकेको देखिन्छ ।**

---

७१ मोदनाथ प्रश्रित, पूर्ववत्, पृष्ठ ९६-९७

७२ कृष्ण भूषण बल 'बाटो खनी जाने शहीदहरू' समकालीन नेपाली साहित्य काठमाण्डौं वि.सं. २०५६, पृ. ६

६.५.११ भवानी घिमिरेका कवितामा व्यक्त मानवीयमूल्य बोधको अवस्था :

**वर्तमान युगको अमानवीय मानव जगतबाट आत्मविश्वास वीरता, एकता, स्नेह, सद्भाव जस्ता सकरात्मक मानवीय गुणहरूको अवमूल्यन भएर आउँदा मानवीय मूल्यमा ह्रास आएको छ भन्ने भाव कवि घिमिरेका कवितामा व्यक्त हुन सकेको पाइन्छ। जस्तैः**

**सङ्घर्षको हुरी बतासले हुत्याउँदा पनि**
**म सँग**
**अथाह आत्मविश्वासको आकाश थियो**
**त्यही आकास बोकेर म उभिएको थिएँ**
**छातीभरी आत्मविश्वास बोकेर उभिएको थिएँ**
**अहिले म सँग तिमीप्रतिको विश्वास पनि बाँकी छैन**
**आफूसँग भएको एकमात्र खजना**
**आत्मविश्वास पनि बाँकी छैन।**
**तिम्रो विश्वसनीयतामा पहिरो गइसकेको छ**
**यतिबेला तिमीले बारम्बार झुक्याइएको**
**कसरी नसम्झिनु र मैले**
**हराएको मेरो प्रिय वस्तु**
**किन नखोज्नु र मैले** [७३]।

६.५.१२ विकास गोतामेका कवितामा व्यक्त मानवीयमूल्य बोधको अवस्था:

**भारतीय नेपाली कविताको प्रगतिवादी फाँटमा अनास्था पहाडका गीतहरू, 'लड बीरबहादुर ! तिमी लड ! प्रतिवाद, पञ्चमामृत, रगतका रेखाहरू, अस्पतालबाट जस्ता कविता सङ्ग्रहहरू लिएर दार्जिलिङमा उदाएका कवि विकास गोतामेका कविताहरूमा प्रगतिवादी काव्य चेतना अभिमुख भएर आएको पाइन्छ। उनका कवितामा मानवता, स्वतन्त्रता, न्याय र मुक्तिबोध जस्ता कुराहरू सरल सुन्दर तथा भावपूर्ण भएर आएका छन्। मानवीयमूल्यको बोध गराउनु उनका कविताको प्रमुख उदेश्य/लक्ष्य रहेको पाइन्छ। क्रान्तिरागयुक्त काव्यात्मक भावप्रवाहले**

---

७३ भवानी घिमिरे - 'मेरो प्रिय वस्तु नखोज्नु र मैले ?' नवकविता, पृ ४२

भरिएका गोतामेका कविताले भारतीय नेपाली समाजमा एउटा नयाँ तरङ्ग ल्याएको अनुभूत गर्न सकिन्छ। यहाँ उनका मानवमूल्यसँग केही कवितालाई हरू उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

(१) 'कोहिनूरको मूल्य कति होला र ?
तिम्रो निधारबाट चुहेको एक बुद पसीनाभन्दा
ताजमहलको महत्व के होला र
तिम्री सुत्केरी स्वास्नी गाडेको चिहानभन्दा[७४] ।

यस कवितामा कविले मानवीय श्रमलाई अनमोल ठानी कोहिनुर हीराको मूल्य सँग तुलना गरेका छन् । समाजमामा सम्भ्रान्तहरूका लागि हिराको मूल्य उच्च होला तर दिनरात पसिना चुहाउने श्रमजीवी वर्गका लागि हीराभन्दा आफ्ना पसिनाको कमाई कम मूल्यको हुँदैन भन्ने भाव व्यक्त भएर आएको देखिन्छ । यहाँ वर्गीयतावादी दृष्टिले मानवमूल्यको बोध हुन सकेको पाइन्छ । यसैगरी कवि गोतामेले आफ्ना कवितामा समानता, स्वतन्त्रता, सहकारीता र विश्वबन्धुत्वको भावना व्यक्त गरेका छन्। जस्तै

(२) मलाई मान्छे सबै वर्गको
मान्छे सबै धर्मको
मान्छे सबै जातिको
मलाई मान्छे सबै संसारको मनपर्छ [७५]।

(३) बंगाली, बिहारी, गुजराती, सिख र नेपाली
हामी छोराहरू जेठो देखि कान्छोसम्म भएर उभिएका छौं
तामिल, नागा, राजस्थानी, आसामी, अनि काश्मिरी
हामी छोरीहरू जेठीदेखि कान्छी सम्म भएर उभिएका छौं [७६]।

यहाँ राज्यविहीन वर्गविहीन समाजको परिकल्पना गर्ने कविले माटोको साँध लगाएर आफैंलाई सङ्कुचित पार्नु नहुने भाव व्यक्त गर्दा मूल्यबोधको अवस्था सिर्जना हुन सकेको देखिन्छ। जस्तै

(१) वर्ग वर्गको पर्खाल तोड्छौं

---

७४ विकाश गोतामे 'लड बीरबहादुर तिमी लड !' विकल्प प्रकाशन दार्जिलिङ, सन् १९८०-१९८८, पृ ५४
७५ विकास गोतामे,'रगतका रेखाहरू' विकल्प प्रकाशन दार्जिलिङ, सन् १९८८, पृ. ३३
७६ विकास गोतामे,'रगतका रेखाहरू' पूर्ववत्,पृ १०२

जाति जातिको सीमाना मेट्छौं

नयाँ संसारको मानचित्र एउटा

हामी रगत र पसिनाले लेख्छौं

भाषा औ धर्म जाति बीचमा

माटोले सिमाना कहिले लगाउँदैन[७७]।

यसैगरी कवि गोतामेले "क्षितिजको रंग नयाँ विहानीको घाम" कविताबाट भारतीय नेपाली समाजमा एउटा नौलो उमङ्ग र नयाँ तरङ्ग भर्ने काम गरेको देखिन्छ। जस्तै

(२) साँच्चै भन्ने हो भने /अलिकति सुन्न पाउनुपर्छ मान्छेले

अलिकति हाँस्न पाउनपर्छ मान्छेले

अलिकति अघाउन पाउनुपर्छ मान्छेले

अलिकति सुस्ताउन पाउनुपर्छ मान्छेले[७८]।

यसैगरी वर्तमान युगमा आएर विग्रँदो वा खस्कँदो मानवीयमूल्य प्रति कविले चिन्ता व्यक्त गरेका छन् जस्तै :

(३) बुद्ध छ अझै तर बुद्धत्व छैन

खीष्ट अझै छ तर खीष्टत्व छैन

कृष्ण अझै छ तर कृष्णत्व छैन

मनुष्य छँदैछ तर मनुष्यत्व छैन[७९]।

यसैगरी गोतामेका कवितामा व्यक्त मानवमूल्यबोधका क्षणहरू यसरी व्यक्त हुन सकेका पाइन्छन्।

(४) म अक्षरहरू बनाउँदै छु

म शब्दहरू बनाउँदैछु

जीवनको अर्थ लाग्ने

म वाक्य बनाउँदै छु [७०]।

---

७७ विकास गोतामे, रगतका रेखाहरू, पूर्ववत्, पृ.२५
७८ विकास गोतामे, "आस्था पहाडका" नेपाली अकादमी दार्जीलिङ, सन् १९८०, पृ ३०
७९ विकास गोतामे, आस्था पहाडका, पूर्ववत्, पृ.१२
७० विकास गोतामे, कृष्ण चुडा, लालीगुराँस, तालगाछ र धुप्पीका रूखहरू, विकल्प प्रकाशन दार्जीलिङ, सन् १९९३

(५) मान्छे अब घोडा जस्तो नसुतिनसुति सुत्नुपर्छ
मान्छे अब स्वान निद्रा सुत्नुपर्छ
बन्दुकको ट्रिगरमा औंला राखी सुत्नुपर्छ
हेर बेफिक्रि सुतुवाहरूका छातीमा
बन्दुकका व्यारेलहरू तेर्सिएका छन्
क्षेप्यास्त्रहरू बोकेर जहाजहरू, ट्याङ्कहरू
साह्रा शरीरमाथि उड्दैछन्, गुड्दैछन्
फेरी दासत्वको साङ्लो बोकेर
एक हुल मान्छेहरू आइरहेछन् पश्चिमबाट
हेर सिकन्दर फेरी आइरहेछ,
साइकल आइरहेछ,
यसर्थ अहिले मलाई हतार छ
म पूर्वको क्षितिज खनी सूर्य निकाल्न चाहान्छु
पर्ख म हतियार बनाउन चाहान्छु [७१]।

६.५.१३ ईश्वरचन्द्र ज्ञवालीका कवितामा व्यक्त मानवीयमूल्य:

बलात्कारपछि मारेर फ्याँकिएका दिदी बहिनीहरूको नाङ्गो तन
अङ्गभङ्ग पारिएका योद्धाहरूको जीवन
पीडा, चोट,गरीबी र अभावमा पिल्सिएर
कराइरहेका नेपालीहरूका मनमा
अनि आफै प्रतिशोधको ज्वालामुखी जगाउँदै
सम्पूर्ण स्वार्थमुक्त क्रान्तिको सिपाही भएर
त्याग, बलिदानको किरीट-स्तम्भ मानचित्र खडा गर्दै
एउटा अभूर्तपूर्व आलोकमय भव्य संसारको चित्र
आँखामा कोर्दै फायर गर्नुहोस् [७२]।

७१ विकास गोतामे, कृष्ण चुडा, लालीगुराँस, तालगाछ र धुप्पीका रूखहरू, पूर्ववत् ,विकास गोतामे

प्रस्तुत कवितामा बलात्कार पछि मारेर फालिएकी नेपाली दिदी बहिनीहरूको नाङ्गे तन शोषणको जाँतोमा पिसिएका नेपाली दाजुभाईको दयनीय दशा, पीडा, चोट अकाल र गरिबीबाट आक्रान्त नेपालीहरूको जीवन कथाबाट उत्पन्न क्रान्तिराग अभिव्यक्त भएर आउँदा प्रस्तुत कवितामा मानवीय मूल्यबोध उद्बोधित भएर आएको पाइन्छ।

६.५.१४ भवानी थापाका कविताबाट व्यक्त हुन सकेको मानवीयमूल्य :

एउटा आन्दोलित मन लिएर
लाखौं लाख रक्तवीजहरूको हुलभित्र
नारा लगाउँदै
जुलुसमा सामेल भएँ
ती कहालीलाग्दा पर्खालहरू तोड्न,
सहासिलो आवाज लिएर
तर खोइ कहाँ टुटे नारीका बन्धनहरू
खोइ कहाँ फुटे ती दासताका पर्खालहरू
दूषित सामाजिक परिवेशको आडमा
लुकेका क्रुर पञ्जाहरू
एक दिन भाँचिने छन्
नाङ्गिने छन्
म बन्धन मुक्त हुनेछु[७३]।

शासकहरूको शोषण, दमन र उत्पीडनबाट मुक्त हुन बारम्बार नेपाली नारीहरूले गरेको विद्रोह, आन्दोलनबाट भएको परिवर्तनले पनि नेपाली महिला जीवनमा कुनै परिवर्तन नआएको, एकपछि आउने अर्को शासक पनि त्यस्तै क्रुर हिंस्रक भएर आएको र समाजबाट नारी शोषणको कहिल्यै अन्त्य हुन नसकेको अवस्थालाई कलात्मक रूपमा प्रस्तुत गर्दा यस कवितामा मानवीय मूल्यबोधको अवस्था, क्रान्तिकारी तथा परिवर्तनकारी भाव विम्बका साथ व्यक्त हुन सकेको देखिन्छ।

---

७२ ईश्वर चन्द्र ज्ञवाली, फायर रेन्जको छेउबाट "हाम्रो रातो यात्रा" वि.सं. २०६२, पृ.७-८
७३ भवानी थापा, "बन्धन मुक्त हुन चाहन्छु"  सुनामी कविता संग्रह, वि.सं. २०५६, पृ ७-८

६.५.१५ पारिजातका कविताबाट व्यक्त हुन सकेको मानवीयमूल्य :

परिजातका कवितामा व्यक्त मानवीय मूल्यको खोजी गर्दा उनको जीवन एक बेवारिसे मृत्युको मुचुल्का नामक कविताबाट मूल्यबोध हुन सकेको देखिन्छ ।

जस्तै

म सँग मरिदेऊ म्याद नाघेका अस्तित्वहरू
मन्दिरसँगै थोत्रिएका विश्वासहरू
विश्वास सँगै भाँच्चिएका अशक्त देवताहरू
आऊ आऊ स्वागत गरेको छु ।
अन्धकारका खापा खोलेर
बेवारिस छ जीवन बेवारिस मृत्युको मुचुल्का जस्तै
सन्तोष छ मानिस कम से कम मुर्दा खाँदैन
यहाँ चिहान उदाङ्गो पारेर कसैले हेर्नेछैन ।

यसैगरी 'मेरो विश्वास मेरो अभिव्यक्ति र मेरो प्राप्ति' कवितामा पनि पारिजातले मानवीय जीवनदर्शनको सूक्ष्म अभिव्यक्ति सँगै मानवीय मूल्यलाई आस्वाद्य बनाइ प्रस्तुत गरेकी छन् । जस्तैः

कमजोर बनेर आफ्नै कर्मभूमिमा
एकदिन म सर्वाङ्ग चिनिन्छु
हो ! मैले आफैंलाई विश्वास गर्नुपर्छ ।
जुन ठाउँमा जीवनको अन्तिम .......।
म बाँचेकै छु त्यसदेखि यता पनि माइलस्टोन खडा थियो ।
बलि चढाएको भाले
भोक दिएको मान्छे
उफ्रन्छ, भन्छन् गर्दन छिनिए पछि पनि दुइ तीन मिनट
हुन सक्छ विशेष त्यही दुई तीन मिनटको अभिव्यक्ति हो ।
यो चलबलाई
नियन्त्रण चाहिन्छ जीवनमा यो सत्यलाई

मैले कहीं बिर्सेर आइसकें,

अथवा मलाई त्यसमा पनि विश्वास छैन

भो कर नगर

रित्तो मष्तिस्कको उपज

म सम्पूर्ण रित्तो भइसकें

आफैंमा आस्था नभएको मैले

आफैलाई छलि सकें

मैले मेरो अभिव्यक्ति

प्रदर्शन गरिसकें,

कीर्ते कागजमा बेरेर (साझा कविता पृष्ठ,२८९)

६.५.१६ मोहन दुखुनका कवितामा व्यक्त मानवीयमूल्य :

भारतीय नेपाली प्रगतिवादी कविताका क्षेत्रमा मन्दाकिनी र कर्मायणजस्ता महाकाव्य लिएर दार्जिलिङबाट झुल्केका कवि मोहन दुखुनका कवितामा मानवीय जीवन दर्शनका अनेक पक्षहरू उद्‍घाटित भएर आएका देखिन्छन् । कवि दुखुनका कविताले जीवन भोगाइका अनेक रंगहरूमा मानवीयमूल्यका अनेक तरंगहरू सिर्जना गर्न सकेको देखिन्छ । जस्तै

न यहाँ चेली माइतीको पवित्रता

न त्यहाँ आमा छ्यामाको शुद्धता

मात्र यौवनीय रागहरू

भाले पोथी लिङ्गीय

जानवरीय सुरका स्त्री पुरूष

मान्छेका सुकुमार मान्छेत्वको

दाम यहाँ खोज्न बर्जित छ [७४]।

प्रस्तुत कवितामा यौवनका रागभित्र कुनै शुद्धता, पवित्रता वा मातृवत सम्बन्ध पाइँदैन यहाँ केवल भोग

---

७४ मोहन दुखुन, 'कर्मायण' महाकाव्य, पृष्ठ २७७

विलासको रङ्गले रङ्गिएको मानवत्वहीन स्त्री, पुरूषको सम्बन्धमात्र पाइन्छ भन्ने भाव व्यक्त भएर आएको छ।

६.५.१७ गोपीनारायण प्रधानका कवितामा व्यक्त मानवीयमूल्य :

देवता देवी खोज
मन्दिरमात्र नखोज
उज्यालोमा बत्ती नथप
अँध्यारो ठाउँहरू रोज
आदर्श बाँचिरहोस्
मनुष्यत्व बचाई राख
मानिस नै देवता देवी
यस्ता मानिस खोज[७५]।

देवता तथा देवीहरू खोज मन्दिरमात्र नखोज, मान्छे भित्रको मानवत्व खोज मानिस मात्र नखोज, बत्ती हातमा लिनेहरूले सूर्यको प्रकाश होइन अँध्यारो ठाउँ रोज्नुपर्छ भन्ने भाव व्यक्त भएर आउँदा प्रस्तुत कवितामा मानवीय मूल्यबोधको अवस्था सिर्जित हुन सकेको देखिन्छ।

६.५.१८ पी. अर्जूनका कवितामा व्यक्त मानवीयमूल्य :

'क्रमश'नामक खण्डकाव्य लिएर भारतीय नेपाली प्रगतिवादी कविताकाशमा झुल्केका कवि पी अर्जुनका कवितामा मानवमूल्य सम्बन्धी अनेक विम्व र प्रतीकहरू उद्बोधित हुन सकेका देखिन्छन्। जस्तै :

क्रमशः सुखद प्रतिक्षा रहन्छ त्यसैले
असल मान्छेको
क्रमश खोजी हिंडे त्यस्तै मान्छे
त्यो बाटो हिड्न चाहान्छु
जहाँ मान्छे मात्र हिंड्छन्
त्यो घर जहाँ मान्छेमात्र बस्छन्

---

७५ गोपीनारायण प्रधान, 'साइकल आइरहेछ' सन् १९७५, पृ ३१

क्रमश साक्षी त्यै मान्छेको

खोजी त्यसैको[७६]।

६.५.१९ जसयोञ्जन प्यासीका कवितामा व्यक्त मानवीयमूल्य :

जसयोञ्जन प्यासीका कविताले मानवीयमूल्यको जताततै ह्रास भएका अवस्थाको बोध गराउँदै सोझा र इमान्दार जनतालाई शोषण गर्ने चाटुकारहरूको बस्तिमा भ्रष्टाचार, अत्याचार र व्यभिचारका विरूद्ध बन्दुक उठाउनुपर्ने विचार व्यक्त गरेका छन् । जस्तैः

यो जताततै भ्रष्टाचार, अत्याचार र व्यभिचार फैलिएको

हिंसा, अन्याय, अपराध र दुराचारले दुषण भइरहेको,

'हिप्रोक्रेट'हरू बस्ने यही शहरमा शिकार खेलिनुपर्छ[७७]।

प्यासीका कविताले अझ प्रष्ट्र रूपमा मानवीयमूल्यबोध गराउने प्रयत्न गरेको देखिन्छ । जस्तैः

यहाँ बुद्धिजीवी भनिने बाघहरू बस्छन्

यहाँ चिन्तनशील भनिने चितुवाहरू बस्छन्

यहाँ अहिंसावादी भनिने अजिङ्गरहरू बस्छन्

यहाँ गरीब गुर्वाका सेवक भनिने गुर्वेहरू बस्छन्

त्यसैले शिकार त मानवताको खोल लाएका

डाइनोसोरेसहरूको जङ्गलमा खेल्नुपर्छ[७८]।

६.५.२० भक्त राईका कवितामा व्यक्त मानवीयमूल्य :

मान्छेलाई परिधिले नघेरोस्

एउटै आँगन, एउटै मान्छे

एउटै आकाश, एउटै धरती

भोलिका मान्छेको मस्तिष्कमा सजियोस्

मान्छेका मस्तिष्कभित्र अशोक जन्मियोस् ।

अनि त्यो भोलिले नै नव विजयको गीत लिएर आउनेछ, यहाँ

---

७६ पी. अर्जुन, क्रमश खण्डकाव्य को भूमिकाबाट
७७ जस योञ्जन प्यासी 'एउटा देशको खोजमा' सन् १९८५ पृष्ठ ३०
७८ जस योञ्जन, 'एउटा देशको खोजमा' पूर्ववत्, पृष्ठ ३१

आउँदै पारि क्षितिजमा
मानवताले प्रत्येक मान्छेमा बास लिनेछ
अनि त आजको दिन नडगमगाइ बाँच्नुपर्छ
दृढआशा लिएर
उज्यालो त्यो भोलिको प्रतिक्षामा
मान्छे बेचेर सभ्यता किनिन्न
देश र सभ्यता त मान्छेको पसिना र रगत हो[७९]।

६.५.२१ पवन चाम्लिङका कवितामा व्यक्त मानवीयमूल्य :

कवि चाम्लिङका कवितामा मानवतावाद, विश्वबन्धुत्व र मानवीय जीवन दृष्टि मानवमूल्यको स्वरबाट अभिव्यक्त हुन सकेको पाइन्छ।

म मानवको एक सन्तान
विश्व मेरो घर
मान्छे मेरो थर
विश्वका मान्छे मेरो परिवार
मान्छेको साइनु जातले होइन
रगतले बन्दछ,
मान्छेको नाता थरले होइन
विचारले बन्दछ,
अब यस विश्वको आयतनमा
चेतना र मानवताको मूल लाएर
जीवनको खेती लगाउनु पर्छ
मान्छे नामको खेतबारीमा
विप्लबको हलोले जोतेर
जीवनको खेती लगाउनु पर्छ[८०]।

---

७९ भक्तराई, “टापु अनि झुल्किने घाम” कविता संग्रहको “उज्यालो त्यो भोलिको प्रतिक्षामा” कविताबाट

६.५.२२ कृष्णसेन इच्छुकका कवितामा व्यक्त मानवीयमूल्य :

इच्छुकले आफ्ना रचनामा विभिन्न जनवर्ग जात र विभिन्न पेशा तथा उमेरका शोषित पिडित जनसमुदायका आवाजलाई समेट्न र सम्बोधन गर्न प्रयत्न गरेका छन् । उनका रचनामा राष्ट्रवाद, जनवाद, सामाजिक तथा साँस्कृतिक रूपान्तरण र वर्ग सङ्घर्षका भावनाहरू मानवीयमूल्यबोधका रूपमा अभिव्यक्त हुन सकेका देखिन्छन् । कवि इच्छुकका प्राय सबै कविताबाट क्रान्ति रागात्मक स्वरूपले मानवीय समवेदनाका क्षणहरू बोध गर्न सकिने हुँदा मानवीयमूल्यबोधको अवस्थालाई पहिचान गर्न सकिएको पाइन्छ । जस्तैः

रातो-रातो आलो रगतको निस्सासिँदो दुर्गन्धले भरिएर
मध्यपूर्वीय तातो हावा
सारा ब्रह्माण्डभरि बहिरहेछ
बमको विष्फोट
तोपको गर्जन
र बारूदको धुँवाले
सारा बेरूत सहर खण्डहरजस्तै कुरुप र निर्जन हुँदै गइरहेछ
गाउँका गाउँ बस्तीका बस्ती
उजाड मसानघाटझैं भएका छन्
बाँच्नु र मर्नुको दोसाँधमा
लाखौंलाख निरीह जिन्दगीहरू
आक्रमणकारीहरूको घेराभित्र निसास्सिइरहेछन्
लासमाथि लास ढलिरहेछ
रगतमाथि रगत बगिरहेछ
तुँवालो उडेजस्तो यी रक्तरञ्जित दिनहरूमा
मेरा मित्र तिमीहरू
दिउँसोको काम

---

८० पवन चाम्लिङ, चाम्लिङका सङ्कलित कविताहरू, सन् १९९२, पृ. ४४

रातिको निन्द्रा
र भान्साको छाक छोडेर
कि त आत्मसम्मानले लड्न विवश छौं
कि त असङ्ख्य लासहरूको थुप्रोमाथि
अर्को एउटा लास थपिएर मर्न विवश छौं ।
पवित्र शहीदस्थलजस्तो
सुन्दर-सुन्दर तिम्रो जन्मथलोबाट
जबर्जस्ती बर्बरहरूद्वारा
निष्काशित गरिएका मेरा मित्र तिमीहरूले
आफ्नै खोसिएको देश खोज्नु
तिम्रो कुनै अपराध थिएन
प्यारो-प्यारो तिम्रो घर-दैलो र आँगनबाट खेदिएर
बलजफ्ती लुटेराहरूद्वारा
विस्थापित पारिएका मेरा मित्र तिमीहरूले
आफ्नै गुमेको राष्ट्र खोज्नु
तिम्रो कुनै अपराध थिएन
यहाँबाट आकाशमा परेवा उडाउनुको कुनै अर्थ छैन
पहरा दिएजस्तो चारैतिरबाट अत्याचारीहरूले घेरिएर
आत्मनिर्णयका लागि मेरा मित्र तिमीहरू
न्यायपूर्ण युद्धमा शहीद भइरहेका बेला
फूलपाती सेलाएजस्तै
सदा-सदालाई युद्धबाजहरूको अवसान र
युद्धकै विसर्जन नगरिएसम्म
शान्तिका नाममा
फेरी अर्को युद्धविरामको कुनै अर्थ छैन ।

हामी शान्ति चाहान्छौं
त्यसैले यो अशान्तिका विरूद्ध
लड मेरा बहादुर मित्रहरू,निर्भीक भएर लड
हामी न्याय चाहान्छौं
त्यसैले यो अन्यायका विरूद्ध
लड मेरा वीर मित्रहरू, निर्भीक भएर लड
मर्नैपर्ने जिन्दगीमा मर्नु भनेको केही पनि होइन
वीरहरूको आहुतिले धर्ती शून्य हुने छैन
न त धर्ती बाँझो नै हुनेछ
र तिम्रो त्याग-आत्मबलिदानको गौरवपूर्ण गाथाले
तिम्रो लक्ष्यको पवित्रतालाई अझ चम्किलो पार्नेछ
र यो निश्चय छ
अन्तिम बिजय तिम्रै हो
त्यसैले, लड मेरा सङ्ग्रामी योद्धाहरू
अन्तिम घडीसम्म निर्भीक भएर लड
यो अन्यायपूर्ण युद्धको छिनोफानो गरेर
फेरी यहाँ दानवताले लादेको
यो युद्ध नदोहोरिने
यो विध्वंश र संहार नदोहोरिने
शान्ति स्थापनाको व्रत लिएर
मानवताको जीतको घोषणा गर[८२]।

६.५.२३ जगदीशचन्द्र भण्डारीका कवितामा व्यक्त मानवीयमूल्य :

जगदीशचन्द्र भण्डारीका कवितामा समानता स्वतन्त्रता न्याय र मुक्तिका स्वरहरू मुखरित भएर आएका देखिन्छन् । उनका कवितामा शोषण दमन र उत्पीडनको विरोध

८२ कृष्णसेन इच्छुक,इच्छुक रचनावली (भाग २) प्र. प्रगतिशील अध्ययन केन्द्र, काठमाण्डौं, वि.सं.२०६५ पृ. ३१

पाइन्छ । उनी साम्राज्यवाद र सामन्तवादी चरित्रको यथार्थ चित्रण गर्दै आफ्ना कवितामा आशावादी भविष्यको स्वर्णिम कल्पना भित्र मानवमूल्यको निरूपण गर्न चाहन्छन् । जस्तै :

हामी मुक्तिका सपना टाँसिरहेका छौं
हामी स्वतन्त्रताको समना कुँदीरहेका छौं
ओ ! निरङ्कुशताका पिताहरू हो
मान्छेको रगतमा
मान्छेको आँसुमा
निर्लज्जताको आकाश खडा गरिरहेछौं
गल्लीहरूमा, बस्तीहरूमा
गाउँहरूमा, नगरहरूमा
जनमनमा उठेको ज्वारलाई
यस धरतीमा व्यूँझेको सूर्यलाई
हत्केलाको आयतनले छेल्न सक्तैन[८३]।

६.५.२४ खगेन्द्र संग्रौलाका कवितामा व्यक्त मानवीयमूल्य :

खगेन्द्र संग्रौलाका कविताले नेपाली समाजमा विद्यमान, गरीबी, अशिक्षा, शोषण, उत्पीडन, र राजनीतिक चाटुकारीताबाट उत्पन्न सामाजिक विकृति र विसङ्गतिको व्यङ्ग्य विद्रोहका साथ विरोधको भाव व्यक्त गरेको पाइन्छ । कवि संग्रौलाका यिनै व्यङ्ग्य विद्रोहभित्र मानवीयमूल्यको अवस्था व्यञ्जनात्मक भएर ध्वनित हुन पुगेको देखिन्छ । जस्तै :

मानवमुक्तिको दुर्दान्त सन्देश भएर
बीर सहिदको सपना पोखिएका
उदात्त सडकहरूलाई
जङ्गबहादुरका घोडा कुद्ने
सुशोभनपथ मान्न इनकार गरें मैले
र घोषणा गऱ्यो

८३ जगदीशचन्द्र भण्डारी, 'ओ निरङ्कुशताका पिताहरू, कविता आन्दोलन कविता, वि.सं.२०४६, पृ. ३५

जङ्गलको कानुनले मलाई-
तँ अपराधी !
क्रूर र बर्बर
बीभत्स र अन्धकार अन्तहीन सुरूङमाझ
म छु, यो घडी
जीवनको रङ सोचिरहेको ।
आदिम पशु
खडा छ मेरासामु
राइफलको भेषमा
क्रूर बर्बर
बीभत्स र अन्धकार
अन्तहीन सुरूङमाझ
कालोलाई सेतो भन्न इनकार गरेँ मैले
इन्कार गरेँ मैले
जङ्गबहादुरलाई जननायक मान्न,
हातभरी ठेला र आङभरी काम भएकी
सुत्केरी आमाको भोकको आर्तनादलाई,
जङ्गबहादुरका घोडाका टापमुनि किचिएका
असहाय, अबोध बालकको
हृदयबिदारक चित्कारलाई, र
बलात्कृत नारीको अकथनीय क्रन्दनलाई
इन्कार गरें मैले
स्वर्गिक सङ्गीतको परमानन्द मान्न
घोषणा गऱ्यो जङ्गलको कानुनले मलाई
तँ अपराधी !

समाजको स्पन्दन ......

भोको र चिसो

क्रूर र बर्बर

बीभत्स र अन्धकार

अन्तहीन सुरूङमाझ म छु, यो घडी

उल्लासित र उदास एकसाथ

आफ्नो विवेकको रोजाइलाई

सगर्व सकार्दै

मृत्युको अर्थ सोचिरहेको ![८४]

६.५.२५ उपेन्द्र पागलका कवितामा व्यक्त मानवीयमूल्य :

कवि उपेन्द्र पागलका कवितामा मानवीय जीवन पद्धतिका अनेक मूल्यवान क्षणहरू व्यक्त हुन सकेको पाइन्छ। उनका कविताले जीवन भोगाइका अनेक आरोह अवरोहहरूलाई कलात्मकताका साथ व्यक्त गर्दा मानवीयमूल्य बोधका अनेक क्षणहरू सिर्जित हुन पुगेका देखिन्छन्। जस्तै :

(१) जब मान्छेको अस्तित्वबोध फस्टाउन थाल्छ

मान्छेका निकासहरूमा जब बाँध बाँधिन थाल्छ

प्रवाह अवरूद्ध भएपछि जहिले पनि मान्छेले

फोडेर पहाडहरू, भत्काएर पर्खालहरू निकास निकाल्छ

जीवन बाँच्ने चाहना लिएर विकास निकाल्छ [८५]।

(२) केवल जिजीबिषाहरूभित्र बढ्दैछन् सन्त्रासका सम्भावना

हामी अहिले सन्तप्त त्राहीको आगोभित्र बाँच्न बाध्य छौं

घुमिरहेका छन् घुमकेतुहरू मानवले मानवकै निमित्त छाडेका

---

८४ खगेन्द्र संग्रौला, 'जीवनको रङ्ग र मृत्युको अर्थ' असहमतिका स्वरहरू, वि.सं. २०६२ माघ, अङ्क पृ २३/२४
८५ उपेन्द्र पागल, 'अल्मलिएका पाइलाहरू' कविता संग्रह जुही प्रकाशन, वि.सं.२०५५, पृ २९

हामी केवल प्रतीक्षा गरौं ! एउटा दुर्भाग्यपूर्ण क्षणको [८६]।

(३) रङ्गहीन भएका छन् मान्छेहरू स्वार्थको लिसो भएर
पानीबाट उम्केको ठूलो माछा सम्झेर समयको
कसैले पश्चात्ताप सिउरेका छन् जमरा जस्तै [८७]।

(४) जो बिक्न पनि सक्दैन पशुपन्छी झैं बजारमा
जो उत्रिन पनि सक्दैन सङ्घर्ष बोकेर सडकमा
एटमी खुँडा बोक्ने कसाइहरू बीच निर्बल छ
मानव एउटा एसिडको बोतल झैं अमिलिइरहेछ ।

(५) बिना मूल्यको जीवन लिएर बाँच्नुको अर्थ नै
अपाहिज जिन्दगी
घुर्मौला बादलभित्र
आफैमा हराएको अर्को बादलको टुक्रा हो
जिन्दगी
यो महङ्गी ऊर्जाको जतिनै बढेपनि घाटहरूमा
चिता बनाएर चिन्ताहरू डढ्ने छैन
टुक्रा टुक्रामा मानव अवयवको स्वाद भैदिए
मनवमूल्यले पनि बढाबढको भाउ पाउँथ्यो[८८]।

६.५.२६ अजम्बर काङ्बाङका कवितामा व्यक्त मानवीयमूल्य :

भात पस्केर दाजुको भाग नराखिदेऊ आमा
ऊ गोलीको पर्रासँगै मारिइसकेको छ ।
माला गाँसेर भाइलाई तिहारमा नपर्ख बहिनी
ऊ यातनालयभित्रै मारिइसकेको छ ।
प्रत्येक सूर्योदयसँगै दिदीलाई नखोज बुवा

---

८६ उपेन्द्र पागल, 'प्रतिक्षा गरौं', पूर्ववत्, पृष्ठ ४०
८७ उपेन्द्र पागल, पूर्ववत्, पृ. ६२
८८ उपेन्द्र पागल, 'यात्रा अलमलिरहेछ' प्रकाशक वृन्दा बस्नेत, वि.सं. २०४७, पृ. २२

तिनी शान्तिपूर्ण जुलुसबाटै हराएकी थिइन
हत्यारा शैतानहरूले उनलाई
इज्जत लुटेर मारिदिएछन्[८९]।

प्रस्तुत कवितामा नेपालमा भएको दशबर्षे माओवादी जनयुद्धको बेला क्रान्तिकारी र सरकारको तर्फबाट गरिएको अमानवीय जनहत्या, लुट, मार, बलात्कार र त्रासदीपूर्ण जीवनको यथार्थतालाई प्रष्ट्याउने सन्दर्भमा मानवीय मूल्यबोधको अवस्था सिर्जना भएर आएको देखिन्छ।

६.५.२७ हृदयचन्द्र सिंह प्रधानका कवितामा व्यक्त मानवीयमूल्य :

कवि हृदयचन्द्र सिंह प्रधानको तिमी नरोऊ कवितामा मानवीय मूल्यबोधका अनेक लक्षणहरू यसरी मुखरित भएर आएका देखिन्छन्।

आज पनि हिजो जस्तै
अस्ति जस्तै
झन्अस्ति जस्तै
धेरै अघिजस्तै
हाम्रो अगाडी खडा भइरहेको छ
रात आँशुमै बहदैं सुके:
दिन हुरी जस्तै आएर
सारा अँध्यारो बढारी
उज्यालो ओसार्नेछ भन्ने प्रतीक्षामा
दिन बित्दै थियो।
सूर्यलाई हाँस्दै आएको देख्दा
सुदिन आफूतिर आइरहेको देख्थें
तर
मानव-मनमा साम्य भावको प्रेरणा जगाउने,

८९ अजम्बर काङ्बाङ्ग, एउटा श्वेतपत्र आफन्तहरूका नाममा- निष्ठा जनसाँस्कृतिक मञ्च, सुनसरी २०४८ पृ.४९

सेवा पथमा कुतकुत्याएर मानिसलाई दैत्य हुन बचाउने,
समानताको पाठ सिकाएर मनुष्यलाई उच्चस्तरमा लैजान खोज्ने
साम्यवादका आदिगुरू सूर्यले आफ्नो कोटि किरणद्धारा
समान रूपले बाँडिरहेको घाम पनि मैले पाइनँ

६.५.२८ के.पी. ढकालका कवितामा व्यक्त मानवीयमूल्य :

(१) भोका नाङ्गा गरीबजनको मूल्य कैले नआई
मर्नै पर्ने दिन दिन रूखो सम्म केही नखाई
बाठा टाठा चतुर तहका छट्ट सारै सिपालु
खोस्छन् खान्छन् कटुकुटु तिनै दीनका ती विषालु

(२) कोही लुट्छन् तन धन संधै मानको सान पाई
हत्या गर्छन कुटिल रितले दाजु सन्तान भाइ
कोही झुक्छन् चरण तलमा मौनवर्ती बनेर
कोही चुक्छन् अमल तपमा योग बाटो भुलेर [९०]।

नेपाली समाजको दयनीय जीवन दशालाई दर्शाउने सन्दर्भ र दरबारहत्या काण्डको दारूण दृष्यलाई शब्दचित्रद्धारा व्यक्त गर्दा प्रस्तुत कविताबाट मानवीय मूल्यबोध गर्न सकिएको पाइन्छ ।

६.५.२९ मिश्र वैजयन्तीका कवितामा व्यक्त मानवीयमूल्य :

वैजयन्तीका कविताले गरीब जीर्णकन्थेहरूले ठिहिलाई सहेर मृत्युवरण गर्न बाध्य भएको अवस्था चित्रण गर्दै मूल्यबोध गराएकी छिन् । जस्तैः

चिसा रातमा सिरेटालाई
तुषारो र ठिहीलाई
बोकेर आङभरी
मृत्युमा पनि उसरी नै हाँसेर

९० के.पी. ढकाल, 'दुबो' नेपाली साहित्य समाज उर्लाबारी, 'सन्तानहरू कविता', वि.सं.२०५८, पृ.४४

हाँसोमा हाँसे जस्तै
शोकाकुल गोजीहरू
भावविव्हल मदिराहरू
मानव जैविक शुद्धिका
अमानवीय निकासहरू
सबैका डाहलाई सहेर
निर्विकल्पजस्तो उभिएको छ पोष्टर भित्तामा[९१]।

## ६.६ निष्कर्ष :

मानव, मानवता र मानवीयमूल्यलाई प्रगतिवादी कविताले कसरी उजागर गरेका छन् भन्ने सन्दर्भको अध्ययन गर्दा यस अध्यायभित्र प्रगतिवादी नेपाली कवितामा व्यक्त हुन सकेका मानवीयमूल्यको अनुशीलन गर्ने प्रयत्न भएको छ । यहाँ प्रारम्भदेखि हालसम्मका केही प्रगतिवादी सर्जकहरूका प्रतिनिधिमूलक श्रेष्ठतम कविता कृतिको अध्ययन गरी उनीहरूका कविताबाट व्यक्त हुन सकेको मानवीयमूल्य प्रस्तुत गरिएको छ । यसरी उनीहरूका कविता भित्र प्रवेश गरी मानवीयमूल्य खोज्ने सिलसिलामा बहुजातीय, बहुसाँस्कृतिक, बहुभाषिक समाजको भाषा साहित्य र वर्गीयता भित्र रहेका विभिन्न रीति रिवाज, सँस्कार, सँस्कृति, चाड, पर्व, रहनसहन तथा राजनैतिक विविधताबाट सिर्जित अनेक विसङ्गति र सुसभ्य तथा समतामूलक समाजको स्थापना गर्ने आग्रहबाट प्रेरित प्रगतिवादी नेपाली कविताका गर्भमा रहेको मानवता र मानवीयमूल्यको खोजी कार्य भएको छ । कविले समाजलाई हेर्ने र विश्लेषणगर्ने आ-आफ्नै दृष्टिकोण बनाएका हुन्छन् । समाजको सूक्ष्मतम अध्ययन गर्ने सिलसिलामा कवि भावनाभित्र कलात्मक काव्य माधुरीको सम्मिश्रण भएर आउँदा कविताले मूर्तरूप ग्रहण गर्न सकेको हुन्छ । कवितामा कविले आफ्ना धारणाहरूलाई सिधै समावेश नगरी लक्षणा तथा व्यञ्जनाद्वारा समावेश गरेका हुन्छन् । कविताको गुढ भाव चैतन्य वा मूल भाव, व्यङ्ग्य विधान, प्रतीक वा बिम्बका

---

९१ मिश्र वैजयन्ती, “पार्श्व आवाज” विवेक सिर्जनशील प्रकाशन, वि.सं. २०६६, पृ १००

रूपमा उद्भूत भएर मानवीय समवेदनालाई समुद्घाटित गर्दा मानवीयमूल्य बोधको स्थिति सिर्जना भएको मानिन्छ । मानवीयमूल्य मानवको अर्थ वा अस्तित्व हो । त्यसैले कवितामा मानवीयमूल्यबोधका अनेक क्षणहरू मुखरित भएर आएका देखिन्छन् । यस अध्ययनमा प्रगतिवादी काव्य साधकहरूका केही प्रतिनिधिमूलक कविताहरूले कहीँ क्रान्तिराग भित्र मानवमूल्यको बोध गराएका छन् भने कहीँ शोषण, दमन र उत्पीडनका स्वरहरू भित्र मानवीयमूल्य सिर्जना गराएका छन् । कविताको सामाजिक तथा यथार्थवादी स्वरूपलाई नबिगारी स्रष्टाहरूले कहीँ व्यङ्ग्य, प्रतीक, कहीँ ध्वनि, कहीँ प्रेम, रतिरागात्मक भाव एवंम् विम्ब विधानभित्र मानवीयमूल्यलाई बोधगम्य तुल्याएका छन् । यही पत्थरमा आगो लुकेझैं प्रगतिवादी नेपाली कविताका गर्भमा लुकेर रहेको मानवीयमूल्यलाई टिप्ने, खोज्ने र उजागर गर्ने सन्दर्भमा मानवीय मूल्य बोधक कवितालाई उदाहरणको रूपमा प्रस्तुत गरी मूल्यबोधको अवस्था पहिचान गराउने प्रयत्न गरिएको छ ।

(१) मानवीयमूल्यका दृष्टिले प्रगतिवादी नेपाली कवितामा व्यक्त महिला, किसान, मजदूर तथा अछूतप्रतिको सहानुभूति र सद्भाव एवम् सामन्तवर्ग तथा पूँजीवादी वर्गद्वारा गरिएको शोषण, दमन र उत्पीडनको विरोध घृणा र निन्दा आमूल परिवर्तनकारी दृष्टिकोण,राज्य विहीन-वर्गविहीन समाजको परिकल्पना, सर्वहारावादी मानवतावादको विश्वदृष्टिकोण आदिले मानवीयमूल्यबोधको अवस्थालाई निर्देशित गरेको देखिन्छ ।

(२) मानव जातिको अभ्युदय कालमा कुनै छुवाछूत थिएन, जातपात थिएन, धनी गरीबको भेद थिएन, राजा थिएन, दण्डको कुनै नियम थिएन । तेरो मेरोको भावना थिएन सबै आ-आफ्नो कर्तव्यबाट परिचालित थिए यसै पृष्टभूमिबाट मार्क्सका वैज्ञानिक सम्यवादको परिकल्पना उठान हुन सकेको देखिन्छ ।

(३) मानिसलाई मानिस भन्नुको अर्थ र अस्तित्व गुमेको दासयुगमा दासहरूप्रति गरिएको अमानवीय व्यवहार र पितृसत्तात्मक समाजबाट महिलामाथि गरिएको शोषण, सामन्त युगमा आएर किसानहरूमाथि भएको दमन एवम् पूँजीवादी युगमा मजदूरहरूमाथि भएको उत्पीडन र मानवलाई अछूत वनाइएको व्यवहारले मानवीयमूल्यमा पूर्ण रूपले ह्रास आएको देखिन्छ । यस्तो त्रासदीय एवम् अमानवीय व्यवहारबाट समग्र मानव

जातिलाई मुक्त गराउन प्रगतिवादी कविताले जुन चेतनाको वीजारोपण गऱ्यो त्यसैको अङ्कुरबाट पल्लवित र पुष्पित हुँदै मानवीयमूल्य बोधको अवस्था सिर्जित हुन सकेको पाइन्छ ।

# सातौं अध्याय

## ७. उपसंहार तथा निष्कर्ष

### ७.१. उपसंहार

प्रगतिवादी नेपाली कवितामा व्यक्त मानवीय मूल्यबोधको निरूपण शीर्षकमा गरिएको शोधकार्यबाट तयार गरिएको यस शोध प्रबन्धभित्र जम्मा सात अध्याय रहेका छन् । यसको पहिलो अध्यायमा शोध कार्यको परिचय तथा सातौं वा अन्तिम अध्यायमा उपसंहार, तथा निष्कर्षको प्रस्तुतीकरण रहेको छ । यसैगरी शोध समस्या र त्यसको विश्लेषण गर्ने कार्यचाहिँ दोस्रो अध्याय देखि छैटौं अध्याय सम्ममा प्रस्तुत गरिएको छ । यिनै पाँच वटा अध्यायमा गरिएका अध्ययनको सारांश तथा निष्कर्ष नै यस अध्ययनको विषयवस्तु हो ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो अध्याय प्रगतिवादको सैद्धान्तिक परिचय पहिल्याउने समस्यासँग सम्बन्धित रहेको छ । यस समस्याको समाधान पहिल्याउने सन्दर्भमा प्रगतिवादी साहित्य सिद्धान्तबारे विभिन्न माध्यम र स्रोतबाट प्राप्त भएका विचार र मान्यताहरूको

अनुशीलन गर्दै त्यसको रूपगत निष्कर्ष निकाल्ने प्रयत्न गरिएको छ । यस अध्ययनबाट के प्रष्ट हुन आएको छ भने प्रगतिवादको मूल दार्शनिक एवम् सैद्धान्तिक आधार भनेको मार्क्सवादको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको प्रतिस्थापन हो । त्यसैले प्रगतिवादलाई मार्क्सवादको साहित्यिक अवतरण वा मार्क्सवादी साहित्यिक मान्यता भनिन्छ । प्रगतिवादी चिन्तन धाराको खास उठान बिन्दु चाहिँ मार्क्स-एङ्गेल्सबाट प्रस्तुत कला साहित्यसम्बन्धी दृष्टिकोणबाट भएको हो तथापि यसको पृष्ठभूमि चाहिँ यथार्थवादी साहित्यिक मान्यता हो । यस अध्ययनबाट के पनि स्पष्ट भएको छ भने प्रगतिवाद यथार्थवादको उच्च विकसित रूप हो । प्रारम्भिक चरणको यथार्थवाद आलोचनात्मक यथार्थवाद प्रगतिवादका नामले विकासशील हुँदै आएको हो । प्रगतिवादका दृष्टिमा कला एवम् साहित्यको उद्भव सामूहिक श्रमका बीचबाट भएको हो । श्रम सामूहिक प्रयोजनका निमित्त गरिने हुनाले श्रमकै बीचबाट जन्मेको कला साहित्यको सामूहिक प्रयोजन हुनु स्वभाविक हो ।

प्रगतिवादको सैद्धान्तिक आधार पहिल्याउने क्रममा यस अध्यायमा द्वन्द्वात्मक भौतिकवादको विश्व दृष्टिकोण भित्र विकसित र विस्तारित हुँदै आएको प्रगतिवादी साहित्य चिन्तन परम्पराको अनुशीलन गर्दा प्रगतिवादको अर्थ परिभाषा एवम् पृष्ठभूमिको परिधिभित्र रही प्रगतिवादको प्रवृत्तिगत स्वरूप पहिल्याउने प्रयत्न गरिएको छ । प्रगतिवादको दार्शनिक धरातल नै मार्क्सवादको सैद्धान्तिक आधार भएकाले जीवन जगतलाई बुझ्ने, विश्लेषण गर्ने र मानवीय जीवनको उत्कर्षतालाई ग्रहण गरी मानव जीवनको ऐतिहासिक कालक्रम र द्वन्द्ववादी विश्लेषणको आधार पहिल्याउने प्रयत्न गरिएको छ । प्रगतिवादका मूलभूत मान्यताको अनुशीलन गर्दा यसले सामन्तवादी सामाजिक व्यवस्थाको विरोध, साम्राज्यवाद वा पूँजीवादका नकरात्मक प्रवृत्तिहरूको विरोध, समाजमा पूँजीवादद्वारा गरिएको शोषण दमनयुक्त नग्न आचरणको पर्दाफाँस, राष्ट्रविरोधी र जनविरोधी शक्तिप्रति विद्रोह, आमूल परिवर्तनकारी क्रान्ति र शक्ति प्रतिको विश्वास, समाजको वर्गीय चरित्र र वर्ग सङ्घर्षको चित्रण, राष्ट्रिय जागरणको लागि सचेतनापूर्ण स्वरहरू- समतामूलक समाजको सिर्जना र सामाजिक यथार्थतामा जोड दिँदै आएको देखियो ।

अध्ययनको क्रममा अरू के देखियो भने प्रगतिवादले कला साहित्यलाई ललित कलाका दृष्टिले होइन उपयोगी कलाका दृष्टिले हेर्दछ र त्यहाँ वर्गीय उपयोगिताको प्रश्न अगाडि ल्याउँछ साथै कलाको सौन्दर्यात्मक पक्षलाई उपयोगितात्मक पक्षसँग जोडेर वर्गीय पक्षधरतालाई महत्व दिन्छ । यसले विचार वा कार्यको गतिशीलतासँग सामाजिक आर्थिक, भौतिक तथा साँस्कृतिक रूपान्तरणको सूत्र जोडी समाज रूपान्तरणको क्षेत्रमा मार्ग दर्शन गराउँछ । प्रगतिवादका अनुसार साहित्य सिर्जनाको मूल आधार समाजको यथार्थता हो । समाजको उत्थान, पतन र गतिशीलतासँग साहित्यको घनिष्ट सम्बन्ध हुन्छ त्यसैले साहित्यको संरचना सामाजिक उपयोगिताका आधारमा वस्तुनिष्ठ सत्यम्, शिवम्, सुन्दरम्का आधारमा गरिनुपर्दछ । साहित्य मानवका पूर्ण चैतन्यको प्रतीक भएर आउँदा मानवीय समाजको विचार, दृष्टिकोण, सैद्धान्तिक अवधारणा, बानी, व्यहोरा, व्यवहार, रीति, संस्कृति र शिक्षाको समुच्चय रूपको प्रतिनिधित्व गरेको देखियो ।

यस अध्यायभित्र प्रगतिवादको सैद्धान्तिक आधार पत्ता लगाउने समस्याको क्रममा मार्क्सवादको मूल प्रस्थापनामा आधारित मार्क्सका राजनैतिक अर्थशास्त्रको समीक्षात्मक भूमिका, जर्मन विचारधारा र कम्यूनिष्ट पार्टीको घोषणा-पत्र तथा मार्क्सवादी कला साहित्यको मूल प्रस्तावना विन्दुबाट प्रगतिवादको सैद्धान्तिक आधार खडा भएको देखियो । प्रगतिवादले वर्गबाट वर्गीयता, समाजबाट सामाजिक विश्लेषण र सामाजिक यथार्थता, ग्रहण गरी समाज रूपान्तरणको मार्ग अबलम्बन गरेको पाइयो ।

प्रगतिवादी कला साहित्यको सैद्धान्तिक आधार पत्ता लगाउने क्रममा सामान्य यथार्थवाद, आलोचनात्मक यथार्थवाद हुँदै समाजवादी यथार्थवादसम्मको यात्रा पूरा गरी यसको राजनैतिक, दार्शनिक, साहित्यिक र ऐतिहासिक यात्राको अनुशीलन गर्दै प्रगतिवादका सम्बन्धमा राजनैतिक क्षेत्रबाट विकसित चिन्तन परम्परा, साहित्यिक क्षेत्रबाट विकसित चिन्तन धारा दार्शनिक तथा समाजशास्त्रीय क्षेत्रबाट प्राप्त दृष्टिकोण र विभिन्न सङ्घ सङ्गठनहरूद्वारा विस्तारीत मान्यताहरूको समष्ठिगत एकत्वबाट प्रगतिवादी कला साहित्यको सैद्धान्तिक उठान हुन सकेको देखियो । प्रगतिवाद स्वयम् मार्क्सवादको कलात्मक अवतरण भएकोले यसभित्र रहेको अन्तर्भाव चैतन्यद्वारा मानवमूल्यको

संवेदनशीलतालाई बोध गर्ने, मनन् गर्ने र विश्लेषण गर्ने मार्ग प्रसस्त भएको पाइयो । यस सैद्धान्तिक अध्ययन भित्र प्रगतिवादको दार्शनिक आधार केलाउने सन्दर्भमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद का केही सर्वमान्य सिद्धान्तको अनुशीलन गर्ने प्रयत्न भएको छ । यहाँ द्वन्द्ववादका अनुसार कालक्रमिक विकासको प्रक्रियालाई सङ्ख्यात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनमा हुने सङ्क्रमण को रूपमा व्याख्या गरेको पाइयो भने विरोधी पक्षहरूका बीचको सङ्घर्ष नै विकासको गति हो । पुरानु मर्दै जानु र नयाँ देखा पर्दै जानु नै विकासको नियम हो । अर्थात् सूस्त सङ्ख्यात्मक परिवर्तनहरू, द्रुत गुणात्मक परिवर्तनमा फेरिनु नै समाज विकासको ऐतिहासिक श्रृङ्खला हो भन्ने पाइयो ।

यसरी प्रगतिवादको दार्शनिक आधार केलाउँदै जाँदा विरोधी पक्षहरूबीच एकता र सङ्घर्षको नियम, परिमाणात्मकताबाट गुणात्मकता तर्फ परिवर्तनको नियम, निषेधको निषेध नियम, पदार्थ र त्यसको अस्तित्व एवम् मार्क्सवादी जीवन दर्शन जस्ता दार्शनिक चिन्तनहरूले समाज विकासको ऐतिहासिक परम्परालाई क्रमिक परिवर्तनका साथ अघि बढाउँदै ल्याएको देखियो ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्यायमा प्रगतिवादी कवितासम्बन्धी मान्यताको अनुशीलन गर्ने प्रयत्न गरिएको छ । यो अध्ययन खासगरी प्रगतिवादी कविता मान्यताको समस्यासँग सम्बन्धित रहेकोले यहाँ कविता मान्यताका सैद्धान्तिक पक्षहरूको खोजी गर्ने प्रयत्न गरिएको छ । यस अध्यायमा कवितासम्बन्धी मान्यता र परिभाषाहरू, कवितामा झल्कने वैचारिकता, भौतिकवादी धारणा र कवितामा व्यक्त हुन सकेका सामाजिक जीवनको वस्तुनिष्ठ यथार्थता एवम् समाजको आर्थिक झलक र विद्यमान समाजको संस्कार, संस्कृति, रीतिस्थिति र सभ्यताको सम्वाहक नै कविता भएकोले यसलाई समाजको दर्पणका रूपमा सर्वस्वीकृति प्रदान गर्ने पूर्वीय तथा पाश्चात्य साहित्यशास्त्री एवम् विज्ञ समालोचकहरूका परिभाषा तथा विचारहरूलाई अध्ययन गर्दै प्रगतिवादी काव्य चेतनाको पूर्व क्षितिजसम्म पुग्ने प्रयास गरिएको छ । यहाँ मार्क्स, एङ्गेल्स, लेनिन र माओका साहित्यसम्बन्धी मान्यताको अध्ययन गर्ने सन्दर्भमा भौतिक जीवनको उत्पादन पद्धतिले सामाजिक, साँस्कृतिक, राजनैतिक, तथा बौद्धिक जीवनको प्रक्रियालाई निर्धारित

गर्दछ । कला साहित्य जीवनको भावनात्मक, रागात्मक तथा संज्ञानात्मक अभिव्यक्ति हो । यो भौतिक बस्तु कै रूपमा लिनुपर्छ भन्ने मार्क्स तथा एङ्गेल्सको अभिप्राय देखियो भने मानिसमा भएको कलात्मक प्रतिभा भौतिकवादी सौन्दर्य विज्ञानका दृष्टिले जीवन जगतको अध्ययन गर्ने, सौन्दर्यबोध गर्ने प्रतिभा र कलाकृतिको सिर्जना गर्ने योग्यता हो र यो नै आदिमानव समाजका दीर्घकालीन विकासको नतिजा हो भन्ने ठहर हुन सकेको पाइयो ।

यसै सन्दर्भमा लेनिनले साहित्य सम्बन्धी दृष्टिकोणमा आफ्ना केही महत्वपूर्ण टिप्पणीहरू अघि ल्याएका छन् । जसमा "पार्टी सङ्गठन र पार्टी साहित्य, रूसी क्रान्तिको दर्पण, तथा लेवतोल्सतोय" लाई मुख्य ठानिएको छ । उनले वर्गीय समाजमा लेखन कलालाई वर्गीय हितका लागि प्रयोग गरिनु पर्नेमा जोड दिएका छन् ।

यसै प्रसङ्गमा उनी समाजको प्रगतिशील रूपान्तरणका लागि क्रान्तिकारी चैतन्यको विकास गरिनु नितान्त जरूरी ठान्दछन् र त्यसका लागि पार्टी सङ्गगठन र पार्टी साहित्यलाई कार्यरूप प्रदान गर्न तीनवटा कुरामा जोड दिएका छन् जसमा साहित्यमा पार्टी पक्षधरता, साहित्यको क्रान्तिकारी भूमिका र सृजनात्मक स्वतन्त्रता पर्न आउँछन् । साहित्यलाई पार्टीगत पक्षधर बनाउनु भनेको लेखन कार्यलाइ समूहगत एवम् योजनाबद्ध रूपमा सामाजिक, राजनैतिक, आर्थिक, सामाजिक उद्बोधनमा लगाउनु र त्यसको गतिलाई आत्मसात गर्नु हो ।

स्वतन्त्र साहित्यको सम्बन्धमा लेनिनले जुन समाजमा एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्दछ, जुन समाज वर्गीय स्वार्थमा विभाजित छ त्यस समाजको साहित्य कहिले पनि स्वतन्त्र हुन सक्दैन भन्ने धारणा व्यक्त गरेको पाइयो । यसैगरी लेनिनका साहित्यसम्बन्धी अवधारणाको अवलोकन गर्दा उनी साहित्य तथा कलालाई पार्टीगत प्रतिबद्धताको आधारशिला बनाउनुपर्नेमा विशेष जोड दिन पुगेका देखिन्छन् । यसैगरी मार्क्सवादका व्याख्याता चीन गणतन्त्रका संस्थापक नेता माओत्सेतुङले सन् १९४२ मा येनान प्रान्तमा भएको प्रगतिशील लेखकहरूको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दा व्यक्त हुन सकेका साहित्य सम्बन्धी अभिमतले संसारभरी सर्वाहारावर्गका मुक्तिको लागि गरिने आमूल परिवर्तनकारी युद्धमा लेखक तथा कलाकारहरूले वैचारिक हतियारको रूपमा आफ्ना साहित्य सिर्जनालाई अघि ल्याई सङ्घर्षशील जनताको

युद्धलाई सहयोग पुऱ्याउन आव्हान गरेको देखियो ।

यसैगरी कविताको सार्वभौम मान्यता सम्बन्धी समस्यालाई पहिल्याउन पूर्वीय तथा पाश्चात्य काव्यशास्त्रीहरूका विचारलाई अनुशीलन गर्दा कवि भाव र स्वभाव सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र प्रवृत्ति, बैचारिक, बौद्धिक तथा नैसर्गिक अवधारणाहरू कलात्मकरूपमा व्यक्त भएर आएको माधुर्यमय भाषिक संयोगलाई कविता भन्न सकेको पाइयो भने कविताको प्रगतिवादी मान्यता अनुसार चाहिँ गरीब, दुःखी, किसान, मजदूर तथा सर्वहारा श्रमजीवी वर्गको पृष्ठपोषण गर्ने अर्थात् यस्तो वर्गका लागि मार्ग दर्शक बोधगाम्य नेतृत्वदायी, उपयोगी, सरल, साम्राज्यवाद तथा सामन्तवाद विरोधी सहज र सुबोध भाषा शैली भएको हुनुपर्नेमा विशेष जोड दिइएको पाइयो ।

शोधप्रबन्धको चौथो अध्याय प्रगतिवादी नेपाली कविताको ऐतिहासिक परम्परा र पृष्ठभूमि पहिल्याउने समस्यासँग सम्बद्ध रहेको छ । यस अध्ययनबाट नेपाली कविताको आधुनिककालमा आएर एउटा पृथक धाराका रूपमा प्रगतिवादी नेपाली कविताधाराको आरम्भ भएको पाइयो । निश्चित कालखण्डका दृष्टिले हेर्दा नेपाली कविताको सन्दर्भमा वि.सं.२००७ देखि प्रगतिवादी कविताको आरम्भ भएको हो भने सिंगो कृति र कृतिकारकै रूपमा उदय भएको चाहिँ कृष्णचन्द्रसिंह प्रधान र उनको ‘भन्ज्याङनिरै’ कविता सङ्ग्रह (२००८) लाई लिइएको पाइयो ।

प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि चाहिँ २००७ साल अघिको जहाँनिया राणाशासन तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश चिनियाँ नौलो जनवादी क्रान्ति र भारतीय स्वतन्त्रता सङ्ग्रामको प्रभाव तथा विश्वसाम्राज्यवादद्वारा गरिँदै आएको शोषण दमन र उत्पीडन तथा यसद्वारा सिर्जित कठोर निरङ्कुश राजनैतिक अवस्था एवम् विवशतापूर्ण समाजको स्थिति आदि पर्न आउँछन् भने नेपाली समाजमा विकसित हुँदै गरेको सामाजिक, राजनैतिक, आर्थिक तथा नवसाँस्कृतिक चेतना र राणाविरोधी साङ्गठनिक गतिविधि एवम् सङ्घर्षका स्वरहरू आदि सबै प्रगतिवादी नेपाली कविताका पृष्ठभूमिमा रहेका उपजीव्य वस्तु वा सामग्री मानिएका छन् ।

प्रगतिवादी कविताको साहित्यिक पृष्ठभूमिका सम्बन्धमा नेपाली कविता परम्पराको

भक्तिवादी धारामा पाइने सामाजिक चासो र सन्दर्भलाई लिन सकिने स्थिति रहेको देखियो भने प्राक्‌आधुनिक कालको परिष्कारवादी धाराका धरणीधर कोइराला र महानन्द सापकोटाजस्ता जागरणधर्मी कविका कविताद्धारा उत्तरवर्ती प्रगतिवादी कवितालाई अपेक्षाकृत अनुकूल पृष्ठभूमि प्रदान गरिएको पाइयो । यसैगरी स्वच्छन्दतावादी धाराका लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ तथा गोपालप्रसाद रिमालका क्रान्तिधर्मी अर्थात् विद्रोहात्मक क्रान्ति चेतनायुक्त कविताले प्रगतिवादको पृष्ठभूमिमा रही उत्तरवर्ती कविहरूका लागि आधारस्तम्भ खडा गरेको देखियो । त्यसमध्येमा पनि अझ गोपाल प्रसाद रिमाल सशक्त रूपले प्रगतिवादी नेपाली कविताको आधारभूमि बनाउने कार्यमा जुटेका देखिन्छन् । प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि केलाउने सन्दर्भमा वि.सं.२००९मा गठन भएको प्रगतिशील लेखक सङ्घको भूमिकालाई पनि कम मान्न सकिँदैन । यस अवधिका कवितामा गद्य लयात्मक तथा लोक लयात्मक मूल प्रवृत्ति पाइन्छ । त्यसैकारण यस अवधिका कविता जनसामान्यका लागि सम्प्रेषणीय रहेका देखिन्छन् । सहज, सरल र सर्वसंवेद्य ती कवितामा कलात्मक परिष्कारिताको चाहिँ पूर्ण रूपले पालन हुन सकेको पाइएन । प्रगतिवादी नेपाली कविताको ऐतिहासिक परम्परा र पृष्ठभूमि केलाउँदै जाँदा गोपालप्रसाद रिमाल वि.सं. २००० आमाको सपना कविताबाट पूर्वचेष्ठाको रूपमा उठान भएर आएको प्रगतिवादी धारामा विभिन्न कविहरूका श्रेष्ठतम कविता कृतिहरूले प्रगतिवादी काव्य चैतन्यलाई उर्ध्वगामी तुल्याएको पाइन्छ । प्रगतिवादी कविताले सामाजिक चेतनाको उत्कर्षता प्रदान गर्दै यथार्थवादी जीवन दर्शनसँग आर्थिक, नैतिक एवम् साँस्कृतिक उत्कर्षताका स्वरहरू मिलाई त्यसमा सङ्गीतमय वाणी भर्ने कार्य गरेको देखिन्छ ।

प्रगतिवादी नेपाली कविताको पृष्ठभूमिमा दार्जिलिङ्ग, बनारस र काठमाण्डौंको त्रिकोणात्मक भूमिका रहेको पाइन्छ । विभिन्न सामाजिक, साँस्कृतिक र साङ्गठानिक सङ्घ संस्थाहरू, विभिन्न पत्र पत्रिकाहरू र राजनैतिक सङ्गठनहरूको पनि उत्तिकै उल्लेखनीय भूमिका रहेको पाइन्छ ।

प्रगतिवादी नेपाली कविताको ऐतिहासिक परम्परातर्फ दृष्टि घुमाउँदा समग्र नेपाली कविताको अध्ययन गर्नुपर्ने देखिन्छ । सुगौली सन्धिपछि नेपाली कविताको वीर धारा छोडी

भक्तिवादी धारातर्फ नेपाली सामाजिक चेतना रूपान्तरित भएर आउँदा समग्र नेपाली कविताकै क्षेत्रमा नौलो परिवर्तन आएको देखियो । सामाजिक संरचनाको स्वरूप र चेतनामा केही विकास भएर आउँदा लेखोटको युगलाई प्रकाशन वा मुद्रणको युगमा रूपान्तरित गरायो र प्रारम्भिक युगको साहित्यकला माध्यमिक युग चेतनातर्फ उन्मुख भएर आयो ।

यसको समयावधि वि.सं. १९४१ देखि वि.सं. १९७४ सम्मको कालखण्ड रह्यो भने वि.सं. १९७५ भन्दा पछाडिको समयलाई नेपाली कविताको आधुनिक काल मानियो । आधुनिक नेपाली कविताको विकास क्रममा शास्त्रीयतावादी वा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा, प्रयोगवादी धारा र समसामयिक धाराका अनेक मोड र घुम्तीहरूमा कविताका अनेक भेद र उपभेदहरूको सिर्जना हुँदै आएको देखिन्छ ।

प्रगतिवादी नेपाली कविता धाराको आमन्त्रण कर्तामा गोपालप्रसाद रिमाल र त्यस धाराको उत्कर्षतातर्फ श्यामप्रसाद शर्मा, कृष्णचन्द्र सिंह प्रधान, केवलपुरे किसान, गोकुल जोशी, भूपि शेरचन, हृदयचन्द्र सिंह प्रधान, आनन्ददेव भट्ट, जनक प्रसाद हुँमागाई, टी आर विश्वकर्मा, युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित र मोहन विक्रम सिंहलाई अघिल्लो पुस्ताका नेतृत्वदायी कविका रूपमा सम्मान गरिएको पाइन्छ भने त्यसपछिको क्रमिक काव्य श्रृङ्खलामा अनेक कवि तथा कवियत्रीहरूको नाम उल्लेख गरिएको पाइन्छ । यसैगरी भारतीय नेपाली कवितामा प्रगतिवादी चिन्तनको उद्भव र विकास सम्बन्धी समस्याको अध्ययन गर्दा प्रगतिवादी भारतीय नेपाली कविताका पृष्टभूमि, उद्बोधन, विकास र उत्कर्षताको अध्ययन गर्न जरूरी देखियो । प्रगतिवादी नेपाली कविताको उत्कर्षतामा प्रगतिवादी भारतीय नेपाली कविताको भूमिकालाई महत्वपूर्ण उपलब्धिका रूपमा हेर्ने गरिएको पाइयो ।

यसैगरी प्रस्तुत शोधप्रबन्धको पाँचौं अध्याय मानवीय मूल्य सम्बन्धी धारणाको परिचय गराउने समस्यासँग सम्बन्धित रहेको छ । यस अध्यायमा मानवीय मूल्यबोधको निरूपण सम्बन्धी समस्याको सूक्ष्म अध्ययन गरिएको छ । मानवीयमूल्यको खोजी गर्ने सन्दर्भमा मानव जीवन र त्यसको सारभूत तत्वलाई विश्लेषण गर्दा प्रकृति प्रदत्त सिर्जनामा सर्वश्रेष्ठ वस्तुका रूपमा मानवको सिर्जनालाई लिइएको पाइयो । विश्वमा रहेका सबै प्राणी जगतका लागि प्रकृतिले आवश्यक वस्तुहरू प्रदान गर्दै आएको देखिन्छ । त्यसरी प्रकृतिले प्रदान गरेका

वस्तुहरूमा मानवका लागि छुट्टै र अन्य प्राणी जगतका लागि छुट्टै हुँदैनन् । यो विशाल ब्रह्माण्डमा प्रकृतिका लागि सबै समान छन् तर चेतनाको उच्चस्तरीय परिणाम चाहिँ मानव जातिले मात्र प्राप्त गर्न सकेको देखिन्छ । यसको परिणामस्वरूप मानिस संसारको सर्वश्रेष्ठ प्राणी बन्न पुगेको हो । मानिसले आफ्नो उच्च चैतन्यको बलमा आफ्ना भावना, विचार र व्यवहारलाई भाषाद्वारा सञ्चारमा ल्याउँन सफल भयो । त्यसैबाट उसले सामाजिक, धार्मिक, साँस्कृतिक तथा आर्थिक एवम् नैतिक विकासको आधार तयार गरेको हो । संसारमा जति मानिस छन् त्यति नै इच्छा, आकाङ्क्षा, सोच, चिन्तन र विचारहरू रहेको पाइयो । यस्ता मानिसै पिच्छै भिन्न रहेका विचारहरूले वैचारिक मान्यतामा रहेको मूल्यमा पनि फरक ल्याएको देखियो । प्रत्येक जातिका संस्कार तथा संस्कृतिहरू, धर्म, कला, रीतिरिवाज, परम्परा, जीवनशैली, भाषा र चिन्तनमा भिन्नता पाइन्छ । त्यही संस्कार तथा संस्कृतिबाट सिर्जित मानवीय चेतनामा अनेकताको एकताबाट मानवीय समाजको कालक्रमिक इतिहास प्रवाहित हुँदै आएको देखिन्छ । मानिस एउटा सामाजिक प्राणी हो र उसले सामाजिक अस्तित्वका सबै सवालहरूमा अनिवार्य रूपले आफूलाई समाहित गराउनु पर्छ । यसरी समाजमा रहँदा मानिसले सामाजिक नीति नियमहरू, समाजका उच्च आदर्श नियमहरू, लोक व्यवहारहरू, कला संस्कृति र सभ्यताहरू, चाडपर्व सम्बन्धी सामाजिक मान्यताहरू, लोककल्याणकारी विचार र भावनालाई आत्मसात गरेको हुन्छ । व्यक्तिले आफ्नो जीवनका साथै आफ्ना सामाजिक सम्बन्धका क्रममा अनेक नैतिक कर्तव्य, उत्तरदायित्व, अनुशासन र आचारसंहिताहरूको पालना गर्नुपर्छ । तिनै आचार संहिताहरूको समाजमा गरिने यथार्थ र व्यवहारिक प्रयोगबाट मानवीय मूल्य निर्माण हुन सकेको देखियो अर्थात् मानवीयमूल्यको कसी उसको व्यवहार हो भन्ने देखियो ।

समाजमा विद्यमान संस्कृति, धर्म, परम्परा, रीतिस्थिति र सामाजिक मापदण्डहरूको निर्माता पनि स्वयम् मानिस नै हो । मानवसभ्यताको कालक्रमिक इतिहासलाई हेर्दा मानव उत्पत्तिको क्रमदेखि मानव विकासका हरेक चरणहरूमा मानवमूल्य सम्बन्धी अनेक प्रतिमानहरू, आदर्श नियमहरू र सामाजिक मान्यताहरू बनिँदै र युगानुकूल परिवर्तन हुँदै आएका देखिन्छन् । तिनै मान्यताहरूबाट मानवीय समाजको स्वरूप र चेतनाको विकास

हुँदै आएको देखियो । समाजको संरचना अनुसार नै मानवीय समाजमा वर्गीय चेतनाको विस्तार हुँदै आयो र विभिन्न वर्गमा समाज विभक्त हुन पुग्यो । त्यसबाट प्रत्येक वर्गको मूल्य तथा मान्यतामा अनेकताको बीजारोपण भएर आयो । समाजवादी समाजका मूल्यहरू र पूँजीवादी समाजका मूल्यमा प्रष्ट भिन्नता देखियो । मानिसमा रहेको प्राकृतिक तथा नैसर्गिक मूल्यमा आधुनिक युग चेतना र व्यक्तिवादी सोचले पारेको प्रभाव समग्र मानव जीवनका लागि उपयोगि बन्न सकेन । त्यसैकारण विश्वमा अनेक त्रासदीय घटनाहरू र युद्ध विभिषिकाहरू देखा परे । आ-आफ्ना मूल्यको खोजी गर्दा अनेक वर्गद्वन्द्व र सङ्घर्षको स्थिति आयो । यसैबाट मूल्यमा अनेकता र युगसापेक्ष परिवर्तनशीलताको स्थिति स्थापना भएको हो ।

यस शोधप्रबन्धले मानवीय मूल्यको खोजी गर्ने सन्दर्भमा मानवीय मूल्यसम्बन्धी विभिन्न विद्वानहरूका अन्तर्वाता तथा भेटवार्ताको माध्यमबाट प्राप्त विचार र टिपोट हुन सकेका अवधारणाहरूलाई उल्लेख गरेको छ । यस अनुसन्धानको क्रममा प्राप्त हुन सकेका अवधारणाहरूले विभिन्न कोणबाट मानवीयमूल्यको परिभाषा र मूल्यसम्बन्धी दृष्टिकोण प्रस्तुत गरेका छन् । यस अध्ययनको समग्रतामा मानवीयमूल्य भन्नासाथ मानिसको मूल्य वा महत्व वा गरिमा वा अस्तित्व वा स्वत्व वा अहमत्व वा उदात्त चरित्र वा मानिसको अर्थ वा जुनवस्तु झिकिदिँदा समाजमा मानवको अस्तित्व रहँदैन त्यही नै मानवमूल्य हो भन्ने विद्वानहरूको अभिमत पाइयो भने संसारका सबै मानिसहरूमा रहेको प्रेम, सद्भाव, सत्यता, निष्ठा, बलिदान, दया, कर्तव्य, पुरूषार्थ, वीरता, पराक्रम, विद्वता, प्रसन्नता, विश्वबन्धुत्व, न्याय, विवेक आदिलाई नैसर्गिक मूल्य मापक सामाग्रीका रूपमा लिइएको पाइयो ।

समाजमा विद्यमान वर्ग, जाति, संस्कृति र सामाजिक मान्यताका आधारमा मानवीयमूल्यको खोजीगर्दा मानिसका देशीय, क्षेत्रीय, जातीय, वर्गीय, लिङ्गीय, सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक तथा नैतिक मूल्यहरू आ-आफ्नै परिवेशसँग जोडिएर रहेका हुन्छन् । मानव समाज साँस्कृतिक मूल्य मान्यतामा अडेको हुन्छ । संस्कृति भनेको विगतको पहिचान र वर्तमानको जीवनशैली हो । मानव संस्कृति भनेको यस्तो क्रमबद्ध सूचना प्रणाली हो जसले ज्ञान, आस्था, अनुभव, नैतिकता, नियम, सद्भाव र समाजको उदय तथा उन्नतिलाई विश्व मानवसमुदायको व्यवहारमा आत्मिक सम्बन्धका साथ स्थापित गराएको हुन्छ त्यसैले संस्कृति

समाजको उपज हो भने मानवमूल्य चाहिँ संस्कृतिको उपज हो भन्ने पाइयो ।

मानिस सामाजिक प्राणी हो भन्नुको तात्पर्य मानिस साँस्कृतिक प्राणी हो भन्ने बुझिन्छ । समाजमा विद्यमान धनी-गरीब, शिक्षित-अशिक्षित, ग्रामीण-शहरी, सबैको आ-आफ्नो संस्कार र संस्कृति रहेको हुन्छ । त्यही संस्कृतिबाट उसको चेतना तथा स्वभावको निर्माण हुन्छ । त्यही स्वभावले उसको सामाजिक अस्तित्व निर्माण भएको हुन्छ । त्यही नै उसको साँस्कृतिक मूल्य हो । संस्कृति जस्तै धर्म पनि मानिसको मूल्य मापक तत्व मानिन्छ । धर्मको आधारमा मानवीय मूल्यको अवलोकन गर्दा आत्मविश्वास, आत्मशुद्धि र आत्मज्ञान भएको, अज्ञानता, संशय, उदाशीनता, अनिश्चितता, अनैतिक, असक्त, अयोग्य, अकर्मण्य, दीनता, परवशता, असहनशीलता, दुर्व्यसन, अश्रद्धा, एवम् अविश्वास नभएको मानिस नै मूल्यवान मानव हो भन्ने पाइयो ।

नैतिक मान्यताका आधारमा मानवीयमूल्यको अवलोकन गर्दा मानिसको नैतिक मूल्यले व्यक्तिका जीवनमा शुद्धता र परिष्कारयुक्त जीवनशैली यापन गर्न सहयोग पुऱ्याउँदछ । मनुष्यले नैतिक जीवनबाट सद्विवेक, उदारता, विनम्रता सत्यवादिता, मैत्रीभाव, शिष्टता जस्ता सद्गुणहरू प्राप्त गर्न सक्छ । नैतिकता भनेको मानवीय तत्व हो । यसले मानवजातिका लागि सर्वोत्तम आभुषणको काम गरेको हुन्छ । नैतिक आचरणबाट मानवले स्नेह, सहानुभूति, सद्भाव, सच्चाआत्मालोचना, आत्ममूल्याङ्कन, संवेदनशीलता जस्ता अनमोल रत्नहरू प्राप्त गर्न सक्छ । यस्ता मानवीय गुण ग्रहणबाट मानिस नै मानव वा महामानव सम्म बन्न सकेको इतिहास पाइन्छ । मानव समाजमा रहेको नैतिकताले नै मानवलाई पशुबाट भिन्न गराएको हो भन्ने विद्वानहरूको भनाइ रहेको देखिन्छ । मानिसको कर्तव्य र नैतिकताले जीवनमा मर्यादा, गरिमा, उच्च आदर्शता र इमान्दारिता ग्रहण गर्दा ऊ सत्मार्गमा प्रवाहित हुन पुग्छ । त्यसैबाट उसको नैतिक मूल्य निर्धारण हुन पुगेको देखिन्छ । मानिसको वैचारिक स्थिरता, परिपक्वता र व्यवहारिक परिस्कृतताका आधारमा पनि उसको मूल्य मापन गर्न सकिएको देखिन्छ । यस सम्बन्धमा विश्वका विभिन्न विद्वान, चिन्तक तथा स्रष्टा एवम् द्रष्टाका अमूल्य कृतिहरूमा मानवीयमूल्य सम्बन्धी सारभूत विचार व्यक्त हुन सकेको पाइन्छ । मानवीयमूल्य वस्तुमूल्य जस्तै गतिशील वा

परिवर्तनशील हुने भएकाले प्रत्येक युग र युग संवाहक सामाजिक मान्यतामा मूल्यको परिभाषा भिन्न हुने वा विपरीत हुने गरेको पाइयो ।

सामाजिक परिवर्तनको नियम अनुसार आर्थिक स्थितिले पनि मानवीयमूल्य निर्धारणमा फरक पार्न सक्छ । आजको परिवर्तनशील समाजमा हरेक व्यक्तिलाई आफ्नो अस्तित्व, स्वत्व तथा अहमत्व जोगाउन अनेक प्रकारका सङ्घर्ष गर्नुपर्ने देखिन्छ । समाजमा एकले अर्काको अस्तित्व समाप्त गर्न कम्मर कसेर लागिरहेको पाइन्छ । यो द्वन्द्वात्मक भौतिकवादको सर्वमान्य सिद्धान्त हो । यो निषेधको निषेध नियममा आधारित वस्तुवादी सिद्धान्त पनि हो । यसै सिद्धान्तका आधारमा रही जसले आफूलाई समाजमा जस्तो रूपमा स्थापित गर्न सक्छ, त्यही नै उसको मूल्य हो भन्ने देखियो ।

शोधपत्रको छैटौं अध्याय मूल शोध समस्या प्रगतिवादी नेपाली कवितामा पाइने मानवीय मूल्यबोधको निरूपणसँग सम्बन्धित रहेको छ । यस अध्यायमा मानवीय मूल्यबोधको निरूपण गर्ने सन्दर्भ सँगै मानव जीवनमा आइपर्ने अनेक आरोह अवरोहहरूको अध्ययन गर्दै प्रगतिवादी नेपाली कविताका अन्तगर्भबाट मानवीय मूल्य खोज्ने प्रयत्न भएको छ । यहाँ मार्क्सवादी भौतिकवादका विश्व दृष्टिकोण अनुसार मानवले मानवप्रति गरिने व्यवहारको कसीबाट मानवीयमूल्य निर्धारण गर्न सकिन्छ भन्ने देखाइएको छ । अध्यात्मवादीहरूका दृष्टिमा भगवत् गीतालाई मानवीयमूल्यको उत्तम व्याख्या भनिएको पाइन्छ भने भौतिकवादी दृष्टिमा वैज्ञानिक साम्यवादको विचार प्रवाह गर्ने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई मानवीयमूल्य सम्बन्धी विशिष्ट, व्याख्या ठानिएको देखिन्छ ।

प्रगतिवादी कविताको अनुशीलन गर्दा पूँजीवादी समाज सत्ता र संस्कृतिले जन्माएको मानव विद्वेषकारी परम्पराले समाजमा धनी-गरीबको विभेद, सामन्तवादी सत्ता र संस्कृतिको स्थापना, महिला शोषण, सर्वहारा, किसान एवम् मजदूर वर्गको शोषण, दास प्रथाको स्थापना, विभिन्न युद्ध विभिषिकाहरूको त्रासदीय सिर्जना, धार्मिक तथा वैचारिक पूर्वाग्रहद्वारा समाजमा शोषण, दमन र उत्पीडनजस्ता अमानवीय, मानवद्वेषी कार्य गरी विश्वबाट मानवमूल्यको ह्रास गराईरहेको छ भन्ने पाइयो ।

यस अनुसन्धानले मानवीयमूल्यको खोजी गर्ने सिलसिलामा सर्वहारावादी मानवतावादको

विश्वदृष्टिकोण सम्बन्धी समस्याको विश्लेषण गर्ने प्रयत्न गरेको छ भने प्रगतिवादी कवितामा व्यक्त मानवीय जीवन पद्धतिलाई मूल्यबोधक दृष्टिबाट खोज्ने प्रयत्न भएको छ। यसैक्रममा अछूत बनाइएका वर्गप्रतिको दृष्टिकोणलाई काव्यात्मक अनुशीलन गरी निष्कर्षमा पुग्ने प्रयत्न भएको छ।

यस अध्यायमा प्रगतिवादी नेपाली काव्य जगतको प्रारम्भ देखि हाल सम्मका केही श्रेष्ठतम कविताहरूको अनुशीलन गर्दै त्यसका गर्भमा रहेको व्यङ्ग्य, विद्रोह, अलङ्कार, दृष्टान्त, प्रतीक, बिम्ब अन्तर्भावयोजना, क्रान्तिराग आदिको माध्यमबाट व्यक्त हुन सकेका मानवीमूल्यको खोजी गरिएको छ। मानव जगतको यथार्थ प्रस्तुति गर्ने प्रगतिवादी कवितामा विभिन्न कला, कौशल, भाव, बिम्व, जीवन जगतको प्रस्तुति र विद्रोहात्मक व्यङ्ग्य व्यक्त गर्ने सन्दर्भ सँगै मानवीयमूल्य बोधको सिर्जना हुन सकेको देखियो। यसैगरी मानवको अर्थ र अस्तित्व निर्धारण गर्ने सन्दर्भमा प्रगतिवादी कविताहरूको अनुशीलन गर्दा प्रायजसो कवितामा मानवीयमूल्यका क्षयोन्मुख अवस्थाको विश्लेषण पाइयो । प्रगतिवादी कविताको कालक्रमिक इतिहासलाई अध्ययन गर्दा के प्रष्ट हुन आउँछ भने कविता समाज दर्शन तथा जीवन दर्शनको कलात्मक प्रस्तुति हो। यसले मानवीय जीवनका समग्र पक्षमाथि विहङ्गम दृष्टि पुऱ्याएको हुन्छ जसबाट मानवीयमूल्य बोध हुन सकोस्।

यस अध्यायमा प्रगतिवादी नेपाली कवितामा व्यक्त हुन सकेका मानवीयमूल्यको अनुशीलन गर्ने सन्दर्भमा प्रमुख ठानिएका केही श्रेष्ठतम कविता कृतिमा रहेको मानवीयमूल्य बोधको अवस्था पहिल्याउने प्रयत्न गरिएको छ। यस अध्यायमा प्रगतिवादी कविताका पूर्व चेष्टाकार वा आमन्त्रक गोपाल प्रसाद रिमालका कविताबाट मानवीय मूल्य खोज्ने क्रम सुरू गरिएको छ भने कृष्णचन्द्र सिंह प्रधान, हृदयचन्द्रसिंह प्रधान, केवलपुरे किसान, गोकुल जोशी, भूपि शेरचन, जनकप्रसाद हुमागाँई, आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्र, कृष्णभूषण बल, भवानी घिमिरे, विकास गोतामे, ईश्वरचन्द्र ज्ञवाली, भवानी थापा, पारिजात, मोहन दुखुन, गोपी नारायण प्रधान, पी. अर्जुन, जस योञ्जन प्यासी, भक्त राई , पवन चाम्लिङ्ग, कृष्णसेन इच्छुक, जगदीशचन्द्र भण्डारी, खगेन्द्र संग्रौला, उपेन्द्र पागल, अजम्बर काङ्बाङ, के.पी. ढकाल र मिश्र वैजयन्तीका फुटकर कविता वा काव्यात्मक अभिव्यक्ति भित्र रहेको मानवीय जीवन पद्धतिका

विविध पक्ष र स्वरहरूबाट व्यक्त हुन सकेका मानवीय मूल्यबोधका अवस्थालाई कवितात्मक शब्दसंयोजन कै आधारमा प्रस्तुत गरिएको छ। यस शोधप्रबन्धमा प्रगतिवादी नेपाली कवितामा व्यक्त हुन सकेको मानवीयमूल्य बोधको अवस्थालाई पहिचान गरी पूर्णता दिने कार्य भएको छ।

## ७.२. निष्कर्ष

अध्ययनको उपसंहार प्रस्तुत गर्ने क्रममा यस शोधप्रबन्धका मूल प्राप्तिको उल्लेख गरियो। त्यसै क्रममा प्रस्तुत शोधप्रबन्धको मूल शोध समस्या लगायत अन्य उप समस्याका समाधानको प्रस्तुतीकरण समेत भएको छ। यस शोधप्रबन्धको निष्कर्षमा मूल शोध समस्याका ठोस समाधानलाई निष्कर्षमा पुऱ्याउन केही प्रगतिवादी कवितामा व्यक्त मानवीयमूल्यका सारभूत तत्वलाई सूत्रात्मक रूपमा प्रस्तुत गर्नु उपयुक्त देखियो। ती मूल शोध समस्याका ठोस समाधानलाई निम्नअनुसार सूत्रात्मक रूपमा देखाइएको छ।

(१) प्रगतिवादी नेपाली कवितामा युगजीवनको यथार्थतालाई व्यक्त गर्ने सिलसिलासँगै मानवीय मूल्यका अनेक सारतत्वहरू पत्थरमा, काठमा वा फलाममा अग्नि लुके झैं लुकेका हुन्छन्।

(२) मानवीयमूल्य भनेको मानवको अर्थ हो। जसको रक्षाका लागि मानिस जीवनभर सङ्घर्ष गरिरहन्छ।

(३) मानवीयमूल्यहरू इतिहास सापेक्ष, समाज सापेक्ष, युगानुकूल र प्रगतिशील हुन्छन्।

(४) परलोकवादी, रूढिवादी, धार्मिक अन्धवाद तथा पूँजीवाद र साम्राज्यवादी उपनिवेशवादको मानवद्रोही स्वभावका विरूद्ध मानवीयमूल्यका सम्बन्धमा हालसम्मकै सर्वोत्कृष्ट व्याख्या द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा पाइन्छ।

(५) मार्क्सवादी भौतिकवादीको दार्शनिक आधारस्तम्भमा खडा भएर विश्व साहित्यको क्षेत्रमा देखा परेको प्रगतिवादले मानवीयमूल्यको सूक्ष्म विश्लेषण गरेको छ।

(६) मानवीयमूल्य भनेको सामाजिक आदर्श मूल्यहरूको व्यवहारिक प्रयोग हो।

(७) मानवीयमूल्यलाई सापेक्षित अर्थमा बुझिनुपर्छ, मूल्यहरू मानिसको सामाजिक जीवनसँग मात्र जोडिएका हुँदैनन् ती व्यक्ति वा समाजको संस्कृति एवम् साँस्कृतिक परम्परासंग पनि जोडिएका हुन्छन्।

(८) प्रगतिवादभित्र मानिसका सङ्घर्षशील, जुझारू, क्रियाशिल, उद्यमशील,चरित्रको प्रस्तुति हुन आउँदा अन्तर्वस्तुका रूपमा मानवीयमूल्यको प्रस्तुति हुन सकेको पाइन्छ ।

(९) प्रगतिवाद मानवीयमूल्यको प्रस्तोता हो यसले मार्क्सवादको उत्तम गन्तव्य साम्यवादको दिशा निर्देशित गरेको छ । जहाँ मानवीयमूल्यका सबै सम्भावनाहरू समाहित भएर आएका देखिन्छन् ।

(१०) प्रगतिवादी कवितामा द्वन्द्वात्मकता, विद्रोहात्मकता, क्रान्तिरागात्मकता, र यथार्थ जीवनको प्रस्तुतिमा व्यक्त हुन सकेका विम्ब, प्रतीक एवम् व्यञ्जनाको माध्यमबाट मानवीयमूल्यबोध हुन सकेको पाइयो ।

(११) प्रगतिवादी नेपाली कवितामा व्यक्त युगको कठोरता, प्रतिबन्धात्मक प्रतिकूलता, यातना, उत्पीडना, हत्या, बलात्कार, कष्टपूर्ण ग्रामीण जीवनको यथार्थता, महिला, बालबालिका, मजदूर, किसान, दलित, उपेक्षित तथा शोषित जीवनले मानव मानवीय चरित्र र मानवीयताका सम्बन्धमा एउटा गम्भीर प्रश्न खडा गरेको पाइयो ।

(१२) प्रगतिवादी कविताले सरल, सहज र बोधगम्य भावाभिव्यक्तिद्वारा मानवीय जीवन पद्धतिको विश्लेषण गर्नेहुँदा सहज रूपमै मानवीयमूल्यका अनेक पक्षको बोध हुन सकेको पाइन्छ ।

(१३) समग्रतामा हेर्दा मार्क्सवादी दर्शनबाट अभिप्रेरित प्रगतिवादले मानवका संवेदनशील सबै पक्षमाथि सूक्ष्म दृष्टि पुऱ्याएको हुँदा मानव हुनु र मानवीय मूल्यबोध गर्नुपर्ने सबै सवालमा यसले श्रेष्ठतम भूमिका निर्वाह गरेको पाइयो । यसैकारण प्रगतिवादी नेपाली कवितामा मानवीय मूल्यबोधको अनुशीलन हुन सकेको हो ।

# परिशिष्ट

## क) सन्दर्भग्रन्थ विवरण


(१) अर्सट फिसर कलाकी जरूरत, अनुवादक रमेश उपाध्याय राजकमल प्रकाशन नयाँ दिल्ली सन् १९९०

(२) अशोक सुवेदी नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत, (प्रकाशक शारदा सुवेदी) वि.सं.२०६२

(३) अरस्तु-नीतिशास्त्र, विश्वभारती प्रकाशन, नयाँदिल्ली, सन् १९५४

(४) असित राई भारतीय नेपाली साहित्यको इतिहास, साझा प्रकाशन दार्जिलिङ, सन् २००४

(५) आनन्दबर्धन प्रणीत -ध्वन्यालोक

(६) आनन्ददेव भट्ट, ९७ साल, खण्डकाव्य

(७) ईश्वरकुमार श्रेष्ठ, पूर्वीय एवम् पाश्चात्य साहित्य -समालोचना प्रमुख मान्यता वाद र प्रणाली,साझा प्रकाशन, काठमाण्डौं, वि.सं. २०५१

(८) एम सेफर, द साइकोलोजी अफ सोसल नम्स, न्यूवर्क एमिलेसन सेन्चुरेसन, सन् १९३६

(९) ऐतिहासिक भौतिकवाद अनुवादक कृष्णदास श्रेष्ठ जनसाहित्य प्रकाशन, काठमाण्डौं, वि.सं. २०६०

(१०) डा. ऋषिराज बराल, प्रगतिवादी काव्यिक आन्दोलन पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर, वि.सं. २०५२

(११) डा. ऋषिराज बराल, प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति विद्यावारिधि शोधपत्र (अप्रकाशित), त्रिभूवन विश्वविद्यालय

(१२) डा. ऋषिराज बराल मार्क्सवाद र उत्तरआधुनिकतावाद, प्रकाशक सबिता बराल, काठमाण्डौं, वि.सं.२०५२

(१३) कृष्णचन्द्र सिंह प्रधान, भन्ज्याङनिरै कविता संग्रह, वि.सं.२००८

(१४) क्रिष्टोफर कडवेल-विभ्रम और यथार्थ, राजकमल प्रकाशन, नयाँदिल्ली, सन् १९९०

(१५) कार्लमार्क्स, मार्क्सका सङ्कलित रचनाहरू भाग-४ प्रगति प्रकाशन, मास्को, सन् १९५७

(१६) कौटिल्यको अर्थशास्त्र, अरूणेदय प्रकाशन, इनदौर,सन् १९५१

(१७) केवलपुरे किसान 'सङ्घर्षको ठीक गर' पसिना प्रकाशन, वि.सं.२०१६

(१८) कृष्णसेन इच्छुक, इच्छुक रचनावली भाग २ प्रगतिशील अध्ययन केन्द्र, काठमाण्डौं, वि.सं.२०६५

(१९) कृष्ण आचार्य साहित्यकार कृष्णचन्द्र सिंह प्रधानको जीवनी व्यक्तित्व र कृतित्वको विश्लेषण स्नाकोत्तर शोधपत्र (अप्रकाशित), त्रिभूवन विश्वविद्यालय, वि.सं.२०४३

(२०) डा. केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, साझा प्रकाशन, काठमाण्डौं वि.सं.२०४८

(२१) गोकुलप्रसाद जोशी बाँच र बाँच्न देऊ प्रकाशन सिलोङ तरूणलिग, सिलोङ, वि.सं. २०१४

(२२) ग्री.ग्री कोतोब्स्की, प्राचीन मानवसभ्यताको इतिहास, प्रगति प्रकाशन, मास्को, सन् १९७५

(२३) घनश्याम कँडेल, पाश्चात्य यथार्थवादी नाटक प्रकाशन श्रीमती सुभद्रा उपाध्याय, काठमाण्डौ, वि.सं.२०४६

(२४) घटराज भट्टराई माध्यमिक कालीन कवि र कविता, (सम्पादक), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौं,वि.सं.२०३७

(२५) चाणक्यनीति चौखम्बा प्रकाशन वाराणसी, सन् १९७१

(२६) डा.जगदीशचन्द्र भण्डारी प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण, वि.सं. २०५५

(२७) जर्ज लुकाजः जर्ज लुकाजको साहित्यिक सिद्धान्त, अनुवादक लिला प्रसाद शर्मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०३१

(२८) जी.वी. प्लेखानोभ, आर्ट एण्ड सोसियल लाइफ पिपुल्स पब्लिसिङ हाउस, नयाँदिल्ली, सन् १९५३

(२९) जनकप्रसाद हुँमागाई किसानको गीत रत्न पुस्तक भण्डार, काठमाण्डौ, वि.सं.२०१६

(३०) जनकप्रसाद हुँमागाई, मानवता र मुक्तिका कवि गोकुल जोशी, प्रकाशक विवेक सिर्जनशीलन प्रकाशन, वि.सं.२०६२

(३१) जर्ज थम्सन, मानवीय सारतत्व, दिल्ली पिपुल्स लिटरेसी सन् १९८४

(३२) जगदीशचन्द्र भण्डारी, प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास, विद्यावारिधि शोधपत्र (अप्रकाशित), त्रिभूवन विश्वविद्यालय, वि.सं.२०५२

(३३) जुही, मोदनाथ प्रश्रित विशेषाङ्क, सम्पादक चूडामणी रेग्मी, प्रकाशक प्रदीपमणी रेग्मी, वि.सं.२०६८

(३४) तारानाथ शर्मा नेपाली साहित्यको इतिहास दोस्रो संस्करण संकल्प प्रकाशन, काठमाण्डौं, वि.सं.२०३९

(३५) ताराराज पौडेल, गोकुल जोशी जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन स्नातकोत्तर शोधपत्र (अप्रकाशित) त्रिभूवन विश्वविद्यालय वि.सं.२०४१

(३६) ताराकान्त पाण्डे प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ, विद्यावारिधि शोधपत्र, (अप्रकाशित) त्रिभूवन विश्वविद्यालय, वि.सं.२०५५

(३७) देवी प्रसाद गौतम, प्रगतिवाद परम्परा र मान्यता, वि.सं.२०४९

(३८) डा. देवी प्रसाद शर्मा कँडेल आधुनिक चीन र जापानको इतिहास, रत्न पुस्तक भण्डार, काठमाण्डौं, वि.सं.२०५६

(३९) दयाराम श्रेष्ठ तथा मोहनराज शर्मा नेपाली साहित्यको संक्षिप्त इतिहास चौथो संस्करण, साझा प्रकाशन, वि.सं.२०४९

(४०) दयाराम सम्भव प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. काठमाण्डौं, वि.सं.२०३८

(४१) नेपाली बृहद शब्दकोष,(सम्पादक वासुदेव त्रिपाठी एवम् अन्य) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०६०

(४२) निनु चापागाईं, यथार्थवादी रचनादृष्टि र विवेचना, वि.सं.२०५०

(४३) नेपाली साहित्य कोश नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०५६

(४४) नामवर सिंह इतिहास और आलोचना राजकमल प्रकाशन, नयाँदिल्ली, सन् १९५७

(४५) नरेन्द्र चापागाईं, केही सिद्धान्त केही विश्लेषण पूर्वाञ्चल साहित्य प्रकाशन, विराटनगर वि.सं.२०५१

(४६) नीतिशास्त्र, प्रधान सम्पादक, प्रो अ. तितारेन्को प्रगति प्रकाशन मास्को सन् १९८६
(४७) पारिजात, एउटा निमुखा बूढाको भविष्य 'वेदना' पुस २०,२०३७, पृ.२०, २०३७, पृ १-१२
(४८) पशुपतिनाथ तिमल्सेना, जनकवि युद्धप्रसाद मिश्र, प्रकाशिका श्रीमती सत्यदेवी तिमल्सेना, वि.सं.२०५६
(४९) बासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, साझा प्रकाशन, काठमाण्डौं, वि.सं.२०४२
(५०) बासुदेव त्रिपाठी, कविताको विधागत चिनारी कविताको विद्यागत चिनारी नेपाली कविता भाग ४ दोश्रो संस्करण, साझा प्रकाशन, वि.सं.२०५१
(५१) वासुदेव त्रिपाठी नेपाली कविताको सिंहावलोकन, साझा प्रकाशन काठमाण्डौं, वि.सं.२०३२
(५२) वासुदेव त्रिपाठी, कवि युद्धप्रसाद मिश्रको कविता साधना एक चर्चा, 'श्रृङ्खला' पू.१३ २०४१ पृ.८२-१०४
(५३) बलराम आचार्य, मानवशास्त्रीय सिद्धान्तहरूको विश्लेषण, प्रकाशक, नेशनल बुक सेन्टर काठमाण्डौं, वि.सं.२०६३
(५४) भिक्टर आफानास्येय, दर्शनशास्त्रको प्रारम्भिक ज्ञान, प्रगति प्रकाशन, मास्को, सन् १९८५
(५५) डा. भगीरथ मिश्र पाश्चात्य काव्यशास्त्र इतिहास सिद्धान्त और वाद भारतेन्दु प्रकाशन, विकानेर, सन् १९७१
(५६) भी आइ लेनिन, सङ्कलित रचनाएँ भाग १+१० प्रगति प्रकाशन, मास्को, सन् १९७४
(५७) भोजराज ढुङ्गेल तथा दुर्गा प्रसाद दाहाल (सम्पादक) नेपाली कविता र काव्य एम.के पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी काठमाण्डौं, वि.सं.२०६०
(५८) भानुभक्त, भानुभक्तीय रामायण, प्रकाशक, श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, वि.सं.२०४४
(५९) डा. भगवान दास नवीन मनोविज्ञान, प्रकाशक, नन्दकिशोर एण्ड ब्रदर्श वाराणसी सन् १९६०
(६०) भर्तृहरिको नीतिशास्त्र, चौखम्बा प्रकाशन वाराणसी सन् १९४५
(६१) भूपेन्द्रमान शेरचन, नयाँ भ्याउरे, जनयुग प्रकाशन, बनारस, सन् १९५४

(६२) भरतमणी सुवेदी कवि भूमि शेरचनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन स्नातकोत्तर शोधपत्र (अप्रकाशित), त्रिभूवन विश्वविद्यालय, वि.सं.२०३७

(६३) भीम रावल, नेपाली साम्यवादी आन्दोलनको उद्‌भव र विकास, पैरवी प्रकाशन काठमाण्डौ, वि.सं.२०४७

(६४) मार्क्स एङ्गेल्स, लिट्रेचर एण्ड आर्ट, करेन्टबुक हाउस बम्बई, सन् १९५६

(६५) माओत्सेतुङ, मार्क्सवाद समाज र साहित्य अनुवादक शक्ति लम्साल ऐरावती प्रकाशन काठमाण्डौं, वि.सं.२०६३

(६६) माओत्सेतुङ, माओत्सेतुङ सङ्कलित रचनाएँ, भाग १ विदेश भाषा प्रकाशन गृह पेकिङ सन् १९६९

(६७) मार्क्स एङ्गेल्स, साहित्य तथा कला, प्रगति प्रकाशन, मास्को, सन् १९६१

(६८) मार्क्सवादी अध्ययनका लागि केही सन्दर्भसामाग्रीहरू, नेकपा एमाले केन्द्रीय पार्टी स्कूल विभाग काठमाण्डौं, वि.सं. २०५६

(६९) मार्क्सवादी लेनिनवादी दर्शनशास्त्र नेपाली रूपान्तरण, नारायण प्रसाद आचार्य इन्द्रेणी अफसेट प्रेस काठमाण्डौं, वि.सं.२०५५

(७०) मार्क्सवादका विचारधारात्मक स्रोतहरू, अनुवादक कृष्णदास श्रेष्ठ प्रगति प्रकाशन, काठमाण्डौं, वि.सं.२०४५

(७१) मार्क्सवादका आधारभूत सिद्धान्तहरू अनुवादक रमेश सुनुवार प्रगति प्रकाशन, काठमाण्डौं, वि.सं.२०६१

(७२) मोहनराज शर्मा, कविताको भाषा समकालीन सन्दर्भ

(७३) मैनेजर पाण्डेय, लोकप्रिय कविताको स्वरूप, भारतेन्दु प्रकाशन, विकानेर, सन् १९८१

(७४) मोहनराज शर्मा शैली विज्ञान, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.२०४८

(७५) मोदनाथ प्रश्रित, मोदनाथ प्रश्रितका सङ्कलित रचनाहरू खण्ड एक, पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर पुतलीसडक, काठमाण्डौं, वि.सं.२०५८

(७६) मोदनाथ प्रश्रित मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा, किरण पुस्तकालय तम्घास, वि.सं.२०५८

(७७) मोदनाथ प्रश्रित, देवासुर सङ्ग्राम ऐतिहासिक काव्य, पूर्वेली प्रकाशन, वि.सं.२०३९
(७८) मोदनाथ प्रश्रित, मानव महाकाव्य, लुम्बिनी प्रकाशन, वि.सं. २०४७
(७९) मोहन विक्रम सिंह चार दशक, जनसाहित्य प्रकाशन गोरखपुर, वि.सं.२०४९
(८०) माओत्सेतुङको येनान प्रवचन, (अनुवाद तथा सम्पादक रमेश सिन्हा) इण्डिया पब्लिसर्स लखनऊ, सन् १९८४
(८१) मानवअधिकार, (प्रकाशक श्री ५ को सरकार परराष्ट्र मन्त्रालय, शीतलनिवास काठमाण्डौं) सन् १९९८
(८१) मिन्साङ डोल्मा, विद्रोह र क्रान्ति चेतनामूलक नेपाली कविता, स्नातकोत्तर लघुशोध पत्र (अप्रकाशित), उत्तरवङ्ग विश्वविद्यालय, सन् २००१
(८२) युद्धप्रसाद मिश्र, युद्धप्रसाद मिश्रका कविताहरू (सम्पादक वासुदेव अधिकारी) वि.सं. २०४८
(८३) युद्धप्रसाद मिश्र मुक्त सुदामा खण्डकाव्य, मुक्ति प्रकाशन, वाराणसी, वि.सं.२०२२
(८४) युद्धप्रसाद मिश्र मुक्ति रामायण, मुक्ति प्रकाशन, वाराणसी, वि.सं.२०२२
(८५) रत्नध्वज जोशी आधुनिक नेपाली साहित्यको झलक साझा प्रकाशन, काठमाण्डौं, वि.सं.२०२१
(८६) रत्वध्वज जोशी आधुनिक नेपाली साहित्यको झलक, साझा प्रकाशन, काठमाण्डौं, वि.सं.२०२१
(८७) रबिन्द्रनाथ मुखर्जी सामाजिक मानवशास्त्रकी रूपरेखाएँ, विवेक प्रकाशन, दिल्ली, सन् १९८१
(८८) राजेश गौतम युरोपको राजनैतिक इतिहास, रत्न पुस्तक भण्डार, काठमाण्डौं, वि.सं. २०४८
(८९) रविलाल अधिकारी प्रगतिवादी नेपाली कविता विशेषाङ्क, उत्सव, पू.३१,२०४३ पृ १-१०
(९०) रविलाल अधिकारी'प्रगतिवादी नेपाली समालोचनाको प्रवृत्तिगत विश्लेषण' विद्यावारीधि शोधपत्र (अप्रकाशित), त्रिभूवन विश्वविद्यालय
(९१) रूपक शर्मा प्रगतिवादी भारतीय नेपाली कविताको विश्लेषण र मूल्याङ्कन स्नातकोत्तर लघुशोधपत्र (अप्रकाशित), उत्तरवङ्ग विश्वविद्यालय, सन् २००७
(९२) राहुल सांकृत्यायन, दर्शन दिग्दर्शन, किताब महल, इलाहावाद, सन् २००७

(९३) लुना चास्की, समाजवादी यथार्थवाद साहित्य और शौन्दर्यशास्त्र (अनुवादक राधेश्याम द्विवे) रादुग प्रकाशन, मास्को, सन् १९७८

(९४) लेनिन, संस्कृति और साँस्कृतिक क्रान्ति पिपुल्स पब्लिसिङ हाउस, नयाँदिल्ली, सन् १९६७

(९५) ललिता कार्की, प्रगतिवादी नेपाली कविता स्नातकोत्तर लघुशोध पत्र (अप्रकाशित) उत्तरवङ्ग विश्वविद्यालय, सन् २००१

(९६) लख्खीदेवी सुन्दास नेपाली कविता केही टिपोट र टिप्पणी नेपाली साहित्य सम्मेलन दार्जिलिङ सन् १९८३

(९७) वेलिन्स्की तथा रोब्रोल्यूबोव, दर्शन साहित्य और समालोचना, (अनुवादक नरोत्तम नागर) परिकल्पना प्रकाशन, लखनउ, सन् १९७१

(९८) विश्वनाथ प्रणीत साहित्य दर्पण

(९९) विश्वनाथ भण्डारी देवी प्रसाद किसानको व्यक्तित्व र कृतित्वको अध्ययन स्नातकोत्तर शोधपत्र (अप्रकाशित) त्रिभूवन विश्वविद्यालय वि.सं.२०४०

(१००) शिवकुमार मिश्र, मार्क्सवादी साहित्य चिन्तन हिन्दीग्रन्थ अकादमी मध्यप्रदेश भोपाल सन् १९७३

(१०१) स्टालिन, सर्वहारा समाजवाद, (अनुवादक कृष्णदास श्रेष्ठ) प्रकाशक तुलरत्न तुलाधर, काठमाण्डौं, वि.सं.२०४७

(१०२) स्टालिन प्रोब्लेम्स अफ लेनिनिज्म फर्हेन लङ्वेज प्रेस पेकिङ, सन् १९७६

(१०३) स्टालिन-द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद (अनुवादक रूकुश) प्रगति प्रकाशन, काठमाण्डौं, वि.सं.२०४७

(१०४) डा. श्रीरामप्रसाद उपाध्याय, विश्वको इतिहास, प्रकाशक रत्न पुस्तक भण्डार काठमाण्डौं, वि.सं.२०५४

(१०५) सीमोन द बोउवार, महिला, (अनुवादक रमेश सुनुवार) प्रकाशक प्रगति पुस्तक सदन, डिल्लीबजार काठमाण्डौं, वि.सं.२०६३

(१०६) हरिहरशास्त्री समाज विज्ञानकी रूपरेखाएँ, भारतेन्दु प्रकाशन, इनदौर, सन् १९६०

(१०७) हरिहरशास्त्री प्रगतिवादी साहित्यको भूमिकाएँ भारतेन्दु प्रकाशन, इनदौर, सन् १९५१

(१०८) हिरामणी शर्मा पौडेल रचना विवेचना (प्रकाशक इन्दिरा शर्मा पौडेल),वि.सं. २०४६
(१०९) हेमाङ्गराज अधिकारी पूर्वीय समालोचना सिद्धान्त साझा प्रकाशन, काठमाण्डौं,वि.सं. २०५०

(ख). भेटवार्ता

प्रस्तुत शोधकार्य सम्पन्न गर्दा उपर्युक्त पुस्तक, पत्रपत्रिकाका अतिरिक्त निम्नलिखित विद्वानहरूबाट पनि सहयोग लिइएको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरे, वरिष्ठ समालोचक ईन्द्रबहादुर राई, भाषाशास्त्री चुडामणी बन्धु, पटना विश्वविद्यालय हिन्दी विभागका प्रमुख प्राध्यापक डाक्टर बलराम तिवारी, उत्तरवङ्ग विश्वविद्यालयका विभागीय प्रमुख प्रा.डा.घनश्याम नेपाल, प्रा.डा.मोहनप्रसाद दाहाल, प्रगतिवादी कवि मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, प्रगतिवादी बरिष्ठ समालोचक गोबिन्द भट्ट, वामपन्थी राजनीतिज्ञ प्रदीप नेपाल त्रिभूवन विश्वविद्यालय नेपाली विभागका विभागीय प्रमुख श्री राजेन्द्र प्रसाद सुवेदी

(ग) पुस्तकालयको प्रयोग

- उत्तरवङ्ग विश्वविद्यालयको पुस्तकालय
- त्रिभूवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय
- केशर पुस्तकालय काठमाण्डौं
- मदन पुस्तकालय काठमाण्डौं
- पटना विश्वविद्यालयको पुस्तकालय
- दिल्ली विश्वविद्यालय पुस्तकालय
- गुरूनानक विश्वविद्यालय अमृत शहर पुस्तकालय